# गणतन्त्र स्थापनापश्चात् नेपाल-चीन सम्बन्ध

त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत

राजनीतिशास्त्र विषयमा विद्यावारिधि उपाधिका लागि प्रस्तुत

शोधप्रबन्ध

शोधकर्ता

कृष्णबहादुर के.सी.

त्रि वि दर्ता नं.: ४२५५-८८

विद्यावारिधि दर्ता नं.: २/२०७१

२०८१

# सिफारिस

त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजिकशास्त्र सङ्कायअन्तर्गत राजनीतिशास्त्र विषयमा विद्यावारिधि शोधकार्यका निमित्त श्री कृष्णबहादुर के.सी.ले गणतन्त्र स्थापनापश्चात् 'नेपाल-चीन सम्बन्ध' विषयको शोधकार्य हाम्रो निर्देशनमा तयार पार्नुभएको हो । प्रस्तुत शोधकार्यबाट हामी पूर्ण रूपमा सन्तुष्ट छौँ र आवश्यक परीक्षणका लागि शोधपत्र मूल्याङ्कन समितिसमक्ष प्रस्तुत गर्नका लागि सिफारिस गर्दछौँ ।

....................

प्रा. डा. खड्ग के.सी.

निर्देशक

......................

डा. केशव बस्याल

सह-निर्देशक

मितिः

# प्रतिवद्धतापत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजिकशास्त्र सङ्काय डीनको कार्यालयमा विद्यावारिधि उपाधिका निमित्त प्रस्तुत गणतन्त्र स्थापनापश्चात् 'नेपाल-चीन सम्बन्ध' शीर्षकको यो शोधप्रबन्ध मैंले मेरा शोधनिर्देशक आदरणीय गुरु प्रा.डा. खड्ग के.सी. र सह-निर्देशक डा. केशव बस्यालज्यूको निर्देशनमा रही सम्पन्न गरेको मौलिक कार्य हो । मैंले यस शोधप्रबन्धको लेखनका क्रममा विभिन्न स्रोतहरूबाट सामग्री सङ्कलन गरी शोधको उद्देश्य अनुसार विश्लेषण गरेको छु । यस शोधप्रबन्धमा प्रस्तुत निष्कर्षलाई यसभन्दा अघि कुनै उपाधि वा अन्य प्रयोजनका निम्ति प्रस्तुत गरेको छैन । यस शोधप्रबन्धको कुनै पाठ/अंश पुस्तक वा पुस्तकको अंशको रूपमा प्रकाशित गरे/गराएको छैन । मैले यहाँ प्रस्तुत गरेका यी प्रतिबद्धता विरुद्ध कुनै प्रमाण भेटिए म त्यसप्रति जिम्मेवार हुने छु ।

..............................
कृष्ण बहादुर के.सी.
शोधकर्ता

मितिः

## कृतज्ञता ज्ञापन

प्रस्तुत 'गणतन्त्र स्थापनापश्चात् नेपाल-चीन सम्बन्ध' विषयको शोधकार्य मैंले त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत राजनीतिशास्त्र विषयमा विद्यावारिधि उपाधिका निमित्त तयार पारेको हुँ । यस शोधकार्यका लागि स्वीकृति प्रदान गरी अध्ययनको अवसर दिनु हुने सङ्कायका डीन प्रा.डा. कुसुम शाक्य तथा सहायक डिन दुबिनन्दन ढकालप्रति हार्दिक आभार प्रकट गर्दछु । कार्यव्यस्तताकाबिच आफ्नो अमूल्य समय दिएर मलाई प्राज्ञिक सल्लाह, कुशल निर्देशन, उचित मार्गनिर्देशन गरी शोधकार्य सम्पन्न गर्न प्रोत्साहन प्रदान गर्नुहुने श्रद्धेय गुरु मेरा शोधनिर्देशक प्रा.डा. खड्ग के.सी. प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । त्यसै गरी यस शोधकार्यका सिलसिलामा आइपरेका समस्यालाई हल गरी अगाडि बढ्न प्रोत्साहन गर्नुहुने सह शोधनिर्देशक डा. केशव बस्यालप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

मैंले यो शोधकार्य तयार गर्नमा धेरै विज्ञ तथा बौद्धिक व्यक्तित्व, राजनीतिज्ञ, आफन्त, शुभ-चिन्तकहरूबाट विभिन्न प्रकारका सुझाब सल्लाह, प्रेरणा तथा सहयोग प्राप्त गरेको छु । उहाँहरू सबैप्रति हार्दिक आभार व्यक्त गर्दछु । यसकार्यमा मलाई मानसिक रूपमा तयार पार्न तत्कालीन त्रि.वि. अन्तर्राष्ट्रिय सम्बन्ध तथा कूटनीति विभाग कीर्तिपुरका प्रमुख प्रा.डा. खड्ग के.सी.ले शोधका लागि उपयुक्त शीर्षक र विषयवस्तुका बारेमा मलाई विशेष सल्लाह र सुझाव दिनुभएको हो । उहाँले आफ्नो समय अभावका बाबजुद पनि शोधनिर्देशन गर्न स्वीकृत दिनु भएकाले मैले उहाँको सल्लाह र सुझावमा यो शोधकार्यलाई सम्पन्न गर्न संभव भएको हो । त्यसैगरी प्रस्तुत शोधकार्य सम्पन्न गर्न स.प्रा.डा. ईश्वरी कँडेल, प्रा. डा. हेमराज सुवेदी, प्रा. डा. राजकुमार पोखेल, प्रा.डा. रामकृष्ण तिवारी, प्रा.डा. ताराप्रसाद भुसाल, डा. कृपाराम विश्वकर्मा, डा. निलप्रसाद पन्त, सुशील भट्टराई, नारायण अर्याल, हरि थापा 'किरण' र चन्द्रलाल गिरीबाट प्राप्त अमूल्य सहयोग र सुझावका लागि हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । त्रि.वि. मानविकी तथा सामाजिकशास्त्र डिनको कार्यालयका कर्मचारी, त्रि.वि. राजनीतिशास्त्र केन्द्रीय विभागका कर्मचारी, त्रि.वि. केन्द्रीय पुस्तकालयका कर्मचारीहरू, सन्दर्भ अनुसार अन्तरवार्ता दिएर सहयोग गर्नु हुने कूटनीतिक क्षेत्रका विज्ञहरू एवम् भाषा सम्पादनमा प्रा. केशव सुवेदीले पुऱ्याउनु भएको अमूल्य सहयोगप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

प्रस्तुत शोधकार्य सम्पन्न गर्नका लागि पारिवारिक वातावरण, विशेष सहयोग र प्रोत्साहन प्रदान गर्ने परिवारका सदस्यहरू मेरी आमा सरस्वती के.सी., श्रीमती रूपा के.सी. भाइ इन्द्र के.सी, बुहारीहरू, मलिना के.सी., मनिला लामिछाने के.सी., बहिनीहरू पार्वती के.सी., कोपिला केसी, छोरी सृजना के.सी., नमुना के.सी., छोरा राहुल के.सी., इमन के.सी., ज्वाई निरज दाहाल, नाति नेरोन दाहाललगायत सबै आफन्तजनको प्रेमपूर्ण व्यवहार र प्रोत्साहनका कारण यो शोघकार्य सम्भव भएको छ । त्यसका लागि सबैप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । विज्ञहरूबाट सदैब रचनात्मक आलोचनाको अपेक्षा समेत गरेको छु ।

**कृष्णबहादुर के.सी.**
**शोधकर्ता**

# शोधसार

गणतन्त्र स्थापना पश्चात् नेपाल चीन सम्बन्ध नयाँ ढङ्ले अघि बढ्दै छ । एकातिर बुद्ध दर्शनले अन्तरसांस्कृतिक रूपमा सयौं वर्षदेखि जोडेको छ भने अर्कातिर भौगोलिक रूपमा हिमालले दुवै देशलाई आपसमा जोडेको छ तर औपचारिक रूपमा अन्य राष्ट्रहरूसरह नेपाल चीनबीच पनि कूटनीतिक सम्बन्ध स्थापना असम्लग्नता र पञ्चशीलका आधारमा सन् १९५५ बाट संस्थागत हुनपुग्यो । यद्यपि छिमेकी राष्ट्रका नाताले युगौंदेखि आर्थिक, सामाजिक र सांस्कृतिक सम्बन्ध रहेको एकचीत नीतिमा अडिग नेपालले आफ्नो भूमि छिमेकी चीन विरुद्ध प्रयोग हुन नदिने घोषित नीति लिएको छ भने चीनले पनि नेपालको सार्वभौमसत्ता र अखण्डताको सम्मान गर्दै नेपालको विकास र सम्बृद्धिका लागि निरन्तर सहयोग गर्दै आएको छ । भूराजनीतिक रूपमा एकातिर चीनजस्तो विशाल समाजवादी देश र अर्कातिर विशाल प्रजातान्त्रिक देश भारका बिचमा नेपाल रहेकाले अति संवेदनशील अवस्थितिमा रहेको छ । घोषित रूपले भारत चीन उदीयमान् विश्वशक्ति बन्ने होडमा जनसङ्ख्याका हिसाबले पनि प्रतिस्पर्धामा दुवै राष्ट्रमा १ अरबभन्दा बढी जनसङ्ख्या रहेका महाशक्ति राष्ट्रबिच अवस्थित हुनु नेपालका लागि अवसर र चुनौती दुवै हो । यदि नेपालले भारत र चीनबीच सन्तुलन बनाउन सकेको खण्डमा दुई ढुङ्गाबिचको तरुल हैन आर्थिक, सामाजिक, सांस्कृतिक पुल बन्न सक्छ ।

वर्तमान अवस्थामा विशेषतः २१ औँ शताब्दीको पाचौं दशकदेखि राजनीतिक उथलपुथल, भ्रष्टाचार र कमजोर राष्ट्रिय एकताका कारण आर्थिक अवस्था कमजोर रहेको फाइदा उठाउँदै वैदेशिक शक्तिको चलखेल बढ्नजानाले नेपालको शान्ति सुरक्षा, राष्ट्रिय सार्वभौमिकता, भौगोलिक अखण्डता र जातीय सद्भावमा नकारात्मक असर पर्न गएको र आतङ्कवादको हौवा फिजाउँदै तिब्बतको सुरक्षा मामिलामा दखल पार्नसक्ने कुराबाट चीन अत्यन्त चिन्तित देखिन्छ । दक्षिणतिरबाट भौगोलिक अतिक्रमणका साथै सांस्कृतिक, आर्थिक र आन्तरिक विषयमा प्रत्यक्ष अप्रत्यक्ष हस्तक्षेप भइरहेको छ । तिब्बतको सुरक्षा विषयलाई लिएर चीनले पटकपटक नेपाल सरकारसँग चासो व्यक्त गर्दै आएको पाइन्छ । २०३१ सालमा नेपाली भूमि प्रयोग गरेर अमेरिकी तालिम प्राप्त तिब्बतका भगौडा खम्पाहरूले चीन विरुद्ध सशस्त्र विद्रोह सञ्चालन गरेकामा थिए र विद्रोहको नाइके वाङ्दीसहित विद्रोहीहरूलाई असल छिमेकीका नाताले नेपाली सेनाले नियन्त्रणमा लिएर विद्रोह समाप्त पारेको थियो । एकातिर नेपाल भारत खुल्ला सीमाना हुनु भारतीय पक्षबाट नेपालको स्वतन्त्रता, अखण्डता, सार्वभौमिकतामाथि खतरा बनेको छ भने त्यसको चरम दुरुपयोग गर्दै दलाई लामाका समर्थक तिब्बती विद्रोहीहरू भारतबाट नेपाल प्रवेश गर्ने र तिब्बत स्वतन्त्रताका पक्षमा अवैधानिक

गतिविधि गर्न सक्रिय त्यस्ता शरणार्थीहरूको सङ्ख्या बढ्दो छ त्यसैले नेपालको बाटो भएर भारत पस्ने तिब्बतीहरूलाई नेपाली भूमि प्रयोग गर्न नदिन चीनले सुझाब राख्दै आएको छ । तिब्बती शरणार्थीहरूका विषयलाई लिएर भारत, अमेरिका र युरोपेली केही देशहरूमा अनावश्यक बढी चासो देखिन्छ ।

चीनको सीमा पार गर्दै नेपाल पसेको तिब्बती शरणार्थीको पहिलो जानकारी नेपालस्थित अमेरिकी र युरोपेली दूतावासलाई दिनुपर्ने बाध्यता छ । नेपालस्थित अमेरिकी दूतावासमा तिब्बती शरणार्थी हेर्ने छुट्टै अधिकारी रहेको हुन्छ । नेपालमा जति विदेशी चलखेल र अस्थिरता हुन्छ त्यत्ति नै तिब्बत विरोधी गतिविधि बढ्न सक्छ भन्ने बुझाइ चीनको रहेको छ । यस अर्थमा नेपाल चीन सम्बन्धमा सुरक्षा चासो प्रमुख पक्षको रुपमा रहेको देखिन्छ । उदार बजार अर्थतन्त्र अपनाएपछि चीन विश्वको प्रथम शक्तिशाली राष्ट्रका रूपमा विकास भइरहेको वर्तमान अवस्थामा उसले आफ्नो लगानी र सहयोगमार्फत् अन्तर्राष्ट्रिय प्रभाव विस्तार गर्न खोजेको देखिन्छ । नेपालको आर्थिक विकास र सुरक्षा विषयमा विशेष चासो राख्दै चीन नेपालको बाटो भएर दक्षिण एशियामा आफ्नो उपस्थिति जनाउन चाहन्छ भने भारत नेपालमा चीनको बढ्दो सक्रियता र दक्षिण एशियामा उसको बढ्दो प्रभावलाई रोक्न चाहन्छ ।

गणतन्त्र स्थापना पश्चात् चीनको नेपाल नीतिमा सक्रियता आएको देखिन्छ । तत्कालिन राष्ट्रपति देङ् सियाओ पिङ्को भ्रमणको २३ वर्ष पछि सन् २०१९ अक्टुबर १२-१३ का दिन चीनका राष्ट्रपति सि जिनफिङ्ले नेपालको भ्रमण गरे । उक्त भ्रमणका अवसरमा राष्ट्रपति सीले नेपाल र चीन बीच समस्या नरहेको, मित्रता मात्रै रहेको र नेपाल अबदेखि भूपरिवेष्ठितबाट भूजडित राष्ट्र हुनेछ र त्यसमा चीनले पूर्ण सहयोग रहनेछ भन्ने उद्घोष गरे । उक्त भ्रमणका अवसरमा जारी गरिएको संयुक्त विज्ञप्तिमा नेपाल चीनबीचको सम्बन्ध अब उप्रान्त रणनैतिक साझेदारीका रूपमा रूपमा अगाडि बढने छ भन्ने उल्लेख गरिएको छ । जसका कारण नेपाल चीनबीचको सम्बन्धमा जुन निरन्तरता थियो त्यसमा क्रमभङग हुँदै दुवै देशका राष्ट्रिय प्राथमिकताका आधारमा रणनीतिक साझेदारीसहित अगाडि बढिरहेको देखिन्छ । भारतले नेपालविरुद्ध सन् २०१५ मा छ महिना अघोषित आर्थिक नाकावन्दी गर्दा देशको समग्र आर्थिक क्षेत्रमा गम्भीर असर परेपछि आफ्नो आन्तरिक मामलामा बाह्य हस्तक्षेप भएको महसुस गर्दै त्यसको विकल्पमा २०१६ मा चीनसँग व्यापार तथा पारवाहन सन्धि सम्पन्न गऱ्यो । जसले भारतमाथिको परनिर्भरताको अन्त्य गर्दै नेपाललाई तेस्रो मुलुकसम्म पुग्ने बाटो खोलिदिएको छ । यस सन्धिसँगै आपसी प्रतिस्पर्धामा रहेका चीन र भारत तथा आफ्नै स्वार्थका कारण नेपालमाथि विशेष चासो राख्दै आएको अमेरिकाबीच त्रिपक्षीय प्रतिस्पर्धा देखिन थालेको छ । विषेशगरी

हिन्दप्रशान्त क्षेत्रमा चिनियाँ प्रभावलाई रोक्न अमेरिका भारत, जापान, अष्ट्रेलिया, सहितका राष्ट्रहरू (क्वाड नेशन) इण्डोप्यासिफिक रणनीति (आइपिएस) मार्फत सक्रिय छन् । यसै रणनीतिमा चीनसँग सीमा जोडिएको नेपाललाई समेत सामेल गराउन अमेरिकाले जोडबल गरिरहेको छ जसको पछिल्लो कडीको रूपमा अमेरिकाद्वारा प्रस्तावित मिलेनियम च्यालेन्ज कोअपरेशन (एमसिसि) लाई लिन सकिन्छ । नेपाल र चीनबीचको सम्बन्ध सुरक्षा रणनैतिक रूपमा पनि महत्वपूर्ण रहेको छ । रणनीतिक साझेदारीका साथ अगाडि बढ्ने निर्णय भएपछि नेपालमा चीनविरोधी शक्तिकेन्द्रहरूको चलखेल बढने खतराप्रति नेपाल थप चनाखो हुनुपर्ने देखिन्छ ।

सन् २०१३ मा चीनद्वारा अगाडि सारिएको बेल्ट एण्ड रोड इनिसेटिभ (बीआरआइ) परियोजनालाई नेपालले सहर्ष स्वीकार गर्दै सन् २०१७ मा हस्ताक्षर सम्पन्न भएपछि चीनका लगि नेपालको रणनीतिक महत्व अझ बढेर गएको देखिन्छ, । नेपालले चीनको विकासबाट लिनसक्ने फाइदा देखेर खास गरेर भारत, अमेरिकाले नेपाललाई चिनियाँ प्रभावबाट मुक्त राख्न भरमग्दुर प्रयास गर्दै आएका छन् । उनीहरूले नेपालप्रति थप सक्रिय नीति अवलम्बन गरेको देखिन्छ । यी सबै विश्वशक्तिका होडबाजीका बीचबाट नेपाल चीनसम्बन्धलाई दुवै देशको राष्ट्रिय हित र विश्व शान्तिका लागि अगाडि बढाउन जरुरी छ । यस शोधकार्य सम्पन्न गर्न प्राथमिक तथा द्वित्तिय तथ्याङ्क सङ्कलन विधिको प्रयोग गरिएको छ जसमा विषयसम्बद्ध विभिन्न विद्वान्, लेखक, कूटनीतिज्ञ र विषयविज्ञहरूद्वारा लेखिएका पुस्तकहरू, पत्रपत्रिका, जर्नल तथा वेबसाइड आदिमा प्रकाशित लेख रचनाहरू आदि रहेका छन् । यस लेखमा दुई देशबिचका सम्बन्धको महत्त्वबारे चर्चा गर्दा विश्लेषणात्मक विधि प्रयोग गरिएको छ ।

***प्रमुख शब्दावली –*** *गणतन्त्र, कूटनीतिक सम्बन्ध, चिनियाँ सपना, बेल्ट एण्ड रोड इनिसिएटिभ, क्वाड नेशन, मिलेनियम च्यालेञ्ज कर्पोरेशन (एमसीसी) ।*

# विषयसूची


| | |
|---|---|
| स्वीकृतिपत्र | i |
| सिफरिसपत्र | ii |
| प्रतिबद्धतापत्र | iii |
| कृतज्ञतापत्र | iv |
| शोधसार | v-vii |
| विषयसूची | viii–xi |
| तालिकासूची | xii |
| चित्रसूची | xii |
| सङ्क्षेपीकृत शब्दसूची | xiii |


## शोधप्रबन्ध


| | | |
|---|---|---|
| **अध्याय - एक : शोधपरिचय** | | **१-११** |
| १.१. | विषयपरिचय | १ |
| १.१.१ | नेपालमा गणतन्त्रको स्थापना | २ |
| १.२ | समस्या कथन | ९ |
| १.३ | अध्ययनको उद्देश्यहरू | १० |
| १.४ | अध्ययनको महत्त्व | १० |
| १.५ | अध्ययनको सीमा | १० |
| १.६ | शोधपत्रको संरचना | ११ |
| **अध्याय - दुई : पूर्वकार्यको समीक्षा** | | **१२-७०** |
| २.१ | विषयपरिचय | १२ |
| २.२ | सैद्धान्तिक अवधारणा | १२ |
| २.३ | पूर्वकार्यको समीक्षा | १४ |
| २.३.१ | सैद्धान्तिक पूर्वकार्यहरूको समीक्षा | १४ |
| २.३.२ | विद्यावारिधि शोधग्रन्थहरू | ६२ |
| २.४ | अनुसन्धानको अन्तराल | ६७ |
| २.५ | पूर्वअध्ययनको समीक्षाको निष्कर्ष | ६९ |
| **अध्याय - तीन : अध्ययनको विधि** | | **७१-७३** |
| ३.१ | विषयपरिचय | ७१ |

| | | |
|---|---|---|
| ३.२ | अध्ययनको विधि | ७१ |
| ३.३ | अध्ययनको ढाँचा | ७१ |
| ३.४ | अध्ययनको क्षेत्र तथा नमुना | ७१ |
| ३.५ | तथ्यङ्कको प्रकृति तथा स्रोत | ७२ |
| ३.६ | तथ्यङ्क सङ्कलन विधि | ७२ |
| ३.६.१ | प्राथमिक स्रोत | ७२ |
| ३.६.२ | द्वितीय स्रोत | ७२ |
| ३.७ | अध्ययनको सीमा | ७३ |
| ३.८ | गुणस्तरीयता | ७३ |
| **अध्याय - चार : नेपाल-चीन सम्बन्धको ऐतिहासिक अध्ययन** | | **७४-१२७** |
| ४.१ | विषयपरिचय | ७४ |
| ४.२ | नेपाल-चीन सम्बन्धको पूर्वपृष्ठभूमि | ७७ |
| ४.३ | नेपाल-चीन सम्बन्धका आधारहरू | ७७ |
| ४.३.१ | भौगोलिक तत्त्व | ७७ |
| ४.३.२ | ऐतिहासिक तत्त्व | ७९ |
| ४.४ | एकीकरणपूर्वको तिब्बत-नेपाल सम्बन्ध | ७९ |
| ४.४.१ | वैवाहिक सम्बन्ध | ८० |
| ४.५ | नेपाल-तिब्बत केरुङ्ग मार्गको सुरुआत | ८१ |
| ४.५.१ | नेपाल-तिब्बत औपचारिक सम्बन्ध | ८२ |
| ४.५.२ | नेपालबाट चीनलाई सहयोग | ८२ |
| ४.५.३ | नेपालबाट दोस्रो सरकारी दूतमण्डल चीनमा | ८३ |
| ४.५.४ | चिनियाँ भिक्षु र तीर्थयात्रीहरूको नेपाल भ्रमण | ८३ |
| ४.६ | लिच्छवि कालमा नेपाल-चीन सम्बन्धको प्रभाव | ८३ |
| ४.७ | एकीकरणपूर्व नेपाल-चीन (तिब्बत) सम्बन्ध विच्छेद | ८४ |
| ४.७.१ | अरनिको चीन प्रवेश र सम्बन्धमा सुधार | ८४ |
| ४.७.२ | नेपाल र चीनबिच दूत आदान-प्रदान | ८४ |
| ४.७.३ | सौगात आदान-प्रदान | ८५ |
| ४.७.४ | तिब्बतको भूभाग कब्जा | ८५ |
| ४.८ | एकीकरणपश्चात् नेपाल-चीन सम्बन्ध | ८६ |

४.८.१ नेपाल र तिब्बत बिच पहिलो व्यापारिक सम्झौता ८८

४.८.२ ट्रान्स हिमालयन क्षेत्रमा राजनीतिक नेतृत्व परिवर्तन ८९

४.८.३ नेपाल तिब्बत प्रथम युद्ध र केरुङ सन्धि ८९

४.८.४ नेपाल तिब्बत दोस्रो युद्ध ९०

४.८.५ नेपाल-चीनबिच 'बाँच र बाँच्न देऊ'को सम्बन्ध ९१

४.९ राणाकाली नेपाल-चीन (तिब्बत) सम्बन्ध ९२

४.९.१ नेपाल-चीन (तिब्बत) बिच तेस्रो युद्ध र सम्बन्धमा सुधार ९६

४.९.२ नेपाल-चीन सम्बन्धमा परिवर्तनको मोड ९७

४.१० पञ्चायतकालीन नेपाल-चीन सम्बन्ध ९७

४.१०.१ राजा वीरेन्द्रद्वारा शान्ति क्षेत्रको प्रस्ताव १०२

४.११ बहुदलकालीन नेपाल-चीन सम्बन्ध (सन् १९९०-२००६) १०९

४.१२ माओवादी जनयुद्धको शुरुवात ११६

४.१३ माओवादी जनयुद्धको आलोचना १२४

**अध्याय - पाँच : नेपाल चीन सम्बन्धका नयाँ आयामहरू १२८-१८८**

५.१ विषयपरिचय १२८

५.२ नेपालमा गणतन्त्र स्थापनाका पृष्ठभूमि १२८

५.३ गणतन्त्र स्थापनापश्चात् नेपाल चीन सम्बन्ध (सन् २००७ देखि २०२०) १२९

५.४ सुरक्षा सम्बन्ध १४२

५.५ नेपाल चीनबिच राजनीतिक सम्बन्ध १४५

५.६ कूटनीतिक सम्बन्ध १४८

५.७ अन्तर्राष्ट्रिय मञ्चमा नेपाल-चीन सहकार्य १५२

५.८ आर्थिक सम्बन्ध १५४

५.८.१ नेपाल र चीनबिच आर्थिक सहकार्य १५९

५.८.२ उद्योग क्षेत्र १५९

५.८.३ स्वास्थ्य क्षेत्र १६०

५.८.४ जलविद्युत् १६१

५.८.५ नेपाल चीनबिच चालु परियोजना १६२

५.९ नेपालले चीनसँग अपेक्षा गरेका आयोजनाहरू १६२

५.९.१ नेपाल-चीन व्यापारिक मार्ग १६३

५.९.२ व्यापार सम्बन्ध १६६
५.९.३ नेपाल चीनबिच भएका व्यापारिक सम्झौताहरू १६८
५.९.४ नेपाल-चीनबिच व्यापार समस्या १७२
५.१० नेपाल र चीनको रणनीतिक साझेदारी १७४
५.१०.१ नेपाल चीनबिच सैन्य सहकार्य १७९
५.११ सामाजिक तथा सांस्कृतिक सम्बन्ध १८२
५.११.१ सांस्कृतिक सम्झौता १८३
५.११.२ नरम शक्तिका रूपमा संस्कृति १८४
५.११.३ सञ्चार सम्बन्ध १८६
**अध्याय - छ : बेल्ट एण्ड रोड इनिसियटिभ, चीन र नेपाल १८९-२३२**
६.१ विषयपरिचय १८९
६.२ बेल्ट एन्ड रोड इनिसिएसनको परिचय र यसका आधारभूत प्रस्तावना १८९
६.३ बीआरआई र संलग्न संस्थाहरू २००
६.४ बीआरआईका अन्तर्वस्तु २०३
६.५ राष्ट्रसङ्घ र बिआरआई २०६
६.६ बिआरआईको कार्ययोजना २०७
६.७ बिआरआई र दक्षिण एसिया २११
६.८ बिआरआई सम्बन्धी दृष्टिकोणहरू २१५
६.८.१ बीआरआईबारे अमेरिकी दृष्टिकोण २१५
६.८.२ भारतीय अडान तथा दृष्टिकोण २१६
६.८.३ दिल्लीको रेलमार्गमा सुरक्षा चासो २१९
६.८.४ बीआरआईमा युरोपेली सङ्घको दृष्टिकोण २२०
६.९ छिमेकी राष्ट्रको स्वार्थको टकरावमा नेपाल २२१
**अध्याय - सात : सारांश र निष्कर्ष २३३-२५८**
७.१ विषयपरिचय २३३
७.२ सारांश २३३
७.३ निष्कर्ष २४६
**परिशिष्टहरू २५९-२९२**
**सन्दर्भसूचीहरू २९३-३०८**

# तालिकासूची


तालिका ५.१ नेपालमा चिनियाँ लगानीको विवरण १५७

तालिका ५.२ नेपाल र चीनबिच आर्थिक सहकार्य १५९

तालिका ५.३ नेपाल चीनबिच व्यापार घाटा १६८

तालिका ५.४ आयात निर्यातका साधनहरू १७०


# चित्रसूची


चित्र ६.१ विश्व संयन्त्रमा बीआरआई १९५

चित्र ६.२ बीआरआईको कार्य योजना २१०

# सङ्क्षेपीकृत शब्दसूची

| | | |
|---|---|---|
| ACFIC | : | All China Federation for International Cooperation |
| ACJA | : | All China Journalist Association |
| ADBC | : | Asian Development Bank and Cooperation |
| AIIB | : | Asian Infrastructure and Investment Bank |
| APF | : | Armed Police Force |
| BCIM | : | Bangladesh, China, India and Myanmar |
| BOC | : | Bank of China |
| BRI | : | Belt and Road Initiative |
| CCB | : | China Construction Bank |
| CDAC | : | China Civilization Dialogue |
| CDC | : | China Development Council |
| CHEXIMB | : | China Export and Import Bank |
| CIC | : | China Investment Corporation |
| CNIEC | : | China, Nepal, India Economic Cooperation |
| CNS | : | China News Service |
| CPEC | : | China Pakistan Economic Corridor |
| EU | : | European Union |
| FNCCI | : | Federation of Nepalese Chamber of Commerce and Industry |
| ICB | : | International Cooperation Bank |
| MCC | : | Millennium Challenge Corporation |
| MOFA | : | Ministry of Foreign Affairs |
| MOU | : | Memorandum of Understanding |
| NA | : | Nepalese Army |
| NCNGCF | : | Nepal China Non-governmental Cooperation Forum |
| NDB | : | New Development Bank |
| NDRC | : | National Development and Reformation Commission |
| NJA | : | Nepal Journalist Association |
| PLA | : | People's Liberation Army |
| PPP | : | Public Private Partnership |
| SIDCA | : | State International Development and Cooperation Agency |
| SOF | : | State owned Fund |
| SPP | : | State Partnership Project |
| SRF | : | Silk Road Fund |
| TT | : | Trade and Transit |
| UNMIN | : | United Nation's Mission to Nepal |

# शोधप्रबन्ध

## अध्याय - एक : शोधपरिचय

### १.१ विषयपरिचय

नेपाल चीनबिच रहँदै आएको परम्परागत सम्बन्धमा नेपालमा गणतन्त्र स्थापनासँगै दुई देशबिचको सम्बन्धमा बृहत् परिवर्तन आएको छ । सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना सन् २००७ सँगै नेपालले चीनसँगको सम्बन्धमा थप महत्त्व दिँदै आएको छ । नेपालले आफ्नो विदेशनीति अवलम्बन गर्दा मुख्यतः आफ्नो राष्ट्रिय स्वार्थलाई केन्द्रमा राख्दै आएको छ । नेपालको संविधान २०७२ को भाग ४ धारा ५१ (ड) (१) मा उल्लेख भएअनुसार नेपालले आफ्नो सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रहितको रक्षाका लागि संयुक्त राष्ट्र सङ्घको बडापत्र, असंलग्नता, पञ्चशीलको सिद्धान्त, अन्तर्राष्ट्रिय कानुन र विश्व शान्तिको मान्यताका आधारमा स्वतन्त्र परराष्ट्रनीति सञ्चालन गर्ने उल्लेख गरिएको छ । संविधानमा व्यवस्था भएअनुसार नेपालले आफ्नो गतिशील परराष्ट्रनीति अवलम्बन गर्दै चीनलगायतका विश्वका सबै मित्र राष्ट्रहरूसँग समानताका आधारमा सम्बन्ध कायम राख्दै आएको छ ।

नेपाल र चीनबिच प्राचीन कालदेखि नै रहेको धार्मिक, सांस्कृतिक, राजनीतिक र आर्थिक सम्बन्धलाई यी दुई मुलुकहरूले सन् १९५५ अगस्ट १ तारिखका दिन औपचारिक रूपमा कूटनीतिक सम्बन्ध स्थापना गरी अगाडि बढाउँदै आएका छन् । दुई देशबिच औपचारिक रूपमा कूटनीतिक सम्बन्ध स्थापना भएसँगै दुई देशबिचको सम्बन्ध र सहकार्य थप बलियो र विश्वासिलो हुँदै अघि बढिरहेको देखिन्छ । एकअर्काको सार्वभौम सत्ता र भौगोलिक अखण्डताको सम्मान गर्दै आन्तरिक मामिलामा हस्तक्षेप नगरी आपसी हितका आधारमा एक आपसमा सहयोग आदानप्रदान गर्ने नीति लिएका नेपाल र चीनले पञ्चशीलको सिद्धान्त तथा शान्तिपूर्ण सहअस्तित्वका आधारमा आपसी सम्बन्धलाई अगाडि बढाइरहेका छन् । औपचारिक कूटनीतिक सम्बन्ध कायम भएको पाँच वर्षपछि नेपाल चीनबिच १९६० मार्च २१ मा सीमा सन्धि सम्पन्न भयो । दक्षिणी छिमेकी भारतसँग कैयौँ जटिल सीमा विवादहरू कायमै रहेको अवस्थामा चीनसँग सीमा सन्धि गरेर नेपालले सीमा समस्यालाई समाधान गर्न सफल भयो । सन् १९६० अप्रिल २८ मा नेपाल र चीनबिच शान्ति तथा मैत्री सन्धि सम्पन्न भयो । यस सन्धिसँगै दुई देशबिच सुरक्षालगायत शान्तिपूर्ण सहअस्तित्वको संस्थागत प्रक्रियाको थालनी भयो (श्रेष्ठ, २०१५) । नेपालले एक चीन नीति अवलम्बन गरी आफ्नो भूमि चीन विरोधी गतिविधिमा प्रयोग हुन नदिने प्रतिबद्धता जाहेर गऱ्यो । सन् १९७४ मा नेपालको हिमाली जिल्ला मुस्ताङमा भएको

चीन विरोधी खम्पा विद्रोहलाई नेपालले नेपाली सेनाको बल प्रयोग गरी पूर्ण रूपमा निषेध गरी एक चीन नीतिलाई व्यवहारमै कार्यान्वयन गरी चीनसँगको आपसी सम्बन्धलाई थप विश्वासिलो बनाउन पुग्यो । चीनले पनि नेपालको आर्थिक विकासलगायतका नेपालको विभिन्न समस्याहरूमा सहयोग गर्दै जाने नीति अवलम्बन गर्दै आइरहेको छ । दुई देशबिचको आपसी सम्बन्धलाई थप बलियो बनाउन एक-अर्काको राजनीतिक सरोकारलाई सम्मान गर्ने, आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने, आपसी हितका आधारमा आर्थिक सहकार्यलाई विस्तार गर्दै लैजाने, जनस्तरको सम्बन्धलाई बलियो बनाउँदै सांस्कृतिक आदान प्रदान गर्ने, अन्तर्राष्ट्रिय तथा क्षेत्रिय मञ्चहरूमा साझा सहकार्य गर्ने जस्ता नीतिमा दुवै मुलुक प्रतिबद्ध रहेका छन् (भण्डारी, २०६९) ।

### १.१.१ नेपालमा गणतन्त्र स्थापना

#### (क) गणतन्त्रको परिभाषा

गणतन्त्र भन्नाले त्यस्तो राज्य वा राष्ट्रलाई बुझाउँछ जहाँ वंशानुगत राजतन्त्रले शासन गरेको हुँदैन अर्थात् त्यसैलाई गणतन्त्रको रूपमा लिइन्छ । ब्रिटानिका कन्साइन्स इन्साइक्लोपिडियाकाअनुसार गणतन्त्र भन्नाले सरकारको एउटा रूप जसमा जनसाधारणद्वारा निर्वाचित जन प्रतिनिधिले मुलुकको शासन चलाउँछन् । यो शब्द मौलिक रूपमा त्यसप्रकारको सरकारका लागि लागु हुन्छ जसमा प्रमुखहरू आवधिक तवरले संविधानअन्तर्गत नियुक्त हुन्छन् । यो वंशानुगत सरकारभन्दा भिन्न हुन्छन् (http//www.britannica.com/top) ।

क्याम्ब्रिज डिक्सन्रीकाअनुसार गणतन्त्र भन्नाले राजा वा रानीविनाको देश जहाँ सामान्यतया जनताका निर्वाचित प्रतिनिधिहरूले शासन गर्दछन् । यस्तो देश जहाँ जनताका निर्वाचित नेताले शासन गर्दछन् (dictionary.cambridge.org/dictionary/cambridge /republic) । गणतन्त्र भन्नाले जनताद्वारा निर्वाचित बहुमतको सरकार अर्थात् त्यस्तो सरकार जसमा सम्पूर्ण शक्ति जनतामा निहित हुन्छ (merriam-webster.com/dictionary/cambridge/ dictionary/ democracy) । अधिकांश आधुनिक गणतन्त्रमा राष्ट्रपतिलाई राष्ट्रप्रमुखको संज्ञा दिइन्छ । लोकतन्त्रसहितको गणतन्त्रमा निर्वाचनद्वारा राष्ट्रप्रमुखको चयन गरिन्छ । त्यस्तो निर्वाचन प्रत्यक्ष, अप्रत्यक्ष दुवै हुन सक्छ । यसरी निर्वाचित राष्ट्रपतिको म चारदेखि छ वर्ष सम्मको हुने गर्दछ । एउटा व्यक्ति कति पटक राष्ट्रपति हुने भन्ने सम्बन्धमा संविधानले नै सीमा तोकेको हुन्छ । विश्वमा गणतन्त्र एकै प्रकारका हुँदैनन् । गणतन्त्रका विभिन्न रूप र प्रकार रहेका हुन्छन् । जस्तै महासङ्घीय गणतन्त्र अमेरिका, स्विजरल्यान्ड, अरब गणतन्त्रमध्ये इजिप्ट, सिरिया ।

इसलामिक गणतन्त्र अफगानिस्तान, इरान, पाकिस्तान । समाजवादी गणतन्त्र सोभियत सङ्घ, रोमानिया, श्रीलङ्का, लिविया । जनगणतन्त्र चीन, उत्तरकोरिया, लाओस । लोकतान्त्रिक गणतन्त्र जर्मन, पूर्वी टिमोर, कङ्गो (शिखा र सुवेदी रिजाल; पृ. १८-२९) ।

### (ख) गणतन्त्रपछि नेपाल-चीन सम्बन्ध

गणतन्त्रका उपर्युक्त विभिन्न परिभाषाअनुसार नेपाल र चीन दुवै गणतन्त्रात्मक शासन व्यवस्था भएका मुलुक हुन् । तर यी दुई देशले अवलम्बन गरेका गणतन्त्र मुलभूत रूपमा फरक छन् । चीनको जनगणतन्त्र एकदलीय शासन व्यवस्थामा अधारित छ भने नेपालको सङ्घीय लोकतान्त्रिक गणतन्त्र उदारवाद र बहुलवादमा आधारित छ । नेपालको संविधान २०७२ को प्रस्तावनामै सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाका माध्यमबाट दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा पूरा गर्ने कुरा उल्लेख गर्दै संविधानको धारा ७४ मा नेपालको शासकीय स्वरूप बहुलवादमा आधारित सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संसद्वादी शासन प्रणाली भन्ने उल्लेख गरिएको छ जसको सञ्चालन नेपाली जनताद्वारा प्रत्यक्ष निर्वाचित प्रतिनिधिमार्फत हुने उल्लेख गरिएको छ (नेपालको संविधान, २०७२) ।

नेपालमा गणतन्त्र स्थापनासँगै नेपाल-चीन दुवै देशले आपसी सम्बन्धलाई प्रभावकारी बनाउन भ्रमण कूटनीतिलाई जोड दिएको पाइन्छ । भ्रमण कूटनीतिमार्फत दुवै देशले आपसी सहकार्यलाई थप बजबुत बनाउँदै लगेका छन् । सन् २०१९ अक्टोबर १२ र १३ मा चीनका राष्ट्रपति शी जिनपिङले दुई दिने नेपाल भ्रमण गरे । राष्ट्रपति सी को उक्त भ्रमणसँगै नेपाल र चीनबिच रहँदै आएको आपसी सम्बन्धलाई रणनीतिक साझेदारीका रूपमा अगाडि बढाउने निर्णयसहित दुवै मुलुकले संयुक्त वक्तव्य जारी गरे (http://www.mofa.gov.np) । वक्तव्यको पहिलो बुँदामै नेपाल चीन पञ्चशीलको सिद्धान्त, संयुक्त राष्ट्र सङ्घको बडापत्र र सहअस्तित्वका आधारमा रणनीतिक साझेदार रहेको उल्लेख गरेको छ । नेपाल चीनबिचको युगौं लामो सम्बन्धलाई विकास र समृद्धिका लागि रणनीतिक साझेदारीका साथ अगाडि बढाउन दुवै देश सहमत भएकाले दुई देशबिचको आपसी सम्बन्धमा नयाँ आयाम थपिन पुगेको छ । रणनीतिक साझेदारी शब्दावलीलाई गणतन्त्रपश्चात् नेपाल चीन सम्बन्धमा आएको नयाँ अभ्यास र प्रयोग भन्ने व्याख्या र अनुभव गरिँदै छ । दुई देशबिच परापूर्व कालदेखि रहँदै आएको अत्यन्त गहिरो तथा आत्मीय सम्बन्ध पञ्चशीलका सिद्धान्त तथा एक-अर्काको आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने नीतिका आधारमा सञ्चालन हुँदै आएको छ । गणतन्त्र स्थपनासँगै यो सम्बन्ध आर्थिक, राजनीतिक, कूटनीतिक, सामाजिक, सांस्कृतिक तथा सुरक्षा क्षेत्रमा विकसित

नयाँ आयामहरूका कारण थप बलियो बन्दै गइरहेको छ । चीनको नेपाल प्रतीको समग्र नीति मुख्यतः नेपालको समृद्धि र स्थायित्व सुरक्षालगायतका विषयसँग जोडिएको छ । नेपाल र चीनबिचको बहुआयामिक सम्बन्धलाई थप बलियो बनाउँदै दुवै राष्ट्रले क्षेत्रिय तथा अन्तर्राष्ट्रिय मञ्चहरूमा साझा हितका लागि एउटै स्वरमा उपस्थित हुने गरेका छन् । दुई देशबिचको लामो ऐतिहासिक सम्बन्धलाई थप गतिशील बनाउँदै गणतन्त्र स्थापनापश्चात् रणनीतिक साझेदारीका रूपमा अगाडि बढाउने निर्णय समेत गरेका छन् । विश्वका दुई उदाउँदा शक्ति राष्ट्रहरू चीन र भारतकोबिचमा रहेको नेपालले दुवै देशसँगको सम्बन्धलाई सन्तुलित रूपमा अगाडि बढाइरहेको छ भने चीनसँगको सम्बन्धमा थप विकास गर्दै गइरहेको छ । चीनले पनि नेपालसँगको सम्बन्धलाई थप गतिशील र सक्रिय बनाउँदै लगेको देखिन्छ ।

नेपालले चीनसँगको सम्बन्धलाई विगतमा जस्तो सामान्य रूपमा नभएर गणतन्त्र स्थापनासँगै थप गतिशील रूपमा अगाडि बढाउँदै छ भने चीनले पनि नेपालमा आफ्नो भूमिकालाई सक्रिय बनाउँदै लगेको देखिन्छ । यसका लागि दुवै देशको राजनीतिक नेतृत्व, कर्मचारीतन्त्र र सुरक्षा क्षेत्रलगायत जनस्तरबाट हुने गरेका भ्रमण कूटनीतिले दुई देशबिचको परम्परागत सम्बन्धलाई थप गतिशील र सक्रिय बनाउन महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । दुई देशबिचमा सरकारी र गैरसरकारी तहबाट हुने गरेका औपचारिक तथा अनौपचारिक भ्रमण तथा चीनले नेपाललाई गर्दै आएको प्राविधिक र आर्थिक सहयोगमा भएको उल्लेखनीय वृद्धिसँगै गणतन्त्र स्थापनापछि नेपाल चीनबिचको कूटनीतिक सम्बन्धमा थप विकसित हुँदै गइरहेको छ । नेपालमा सन् २०१५ मा सम्पन्न राजनीतिक आन्दोलनले सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना गऱ्यो । यस परिवर्तमा महत्त्वपूर्ण भूमिका खेल्ने दश वर्ष लामो जनयुद्ध (२०५२–२०६२) को सञ्चालक माओवादी र सात राजनीतिक दलबिच भारतको राजधानी नयाँदिल्लीमा भएको १२ बुँदे समझदारी र सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनासँगै मूलधारको शान्तिपूर्ण राजनीतिमा प्रवेश गऱ्यो । दुईसय चालिस वर्ष पुरानो परम्परागत राजतन्त्रको अन्त्य गर्न पहिलो संविधानसभा सफल भयो । २०६२/०६३ को संयुक्त जनआन्दोलन सात राजनीतिक दल र तत्कालीन विद्रोही माओवादीबिच २०६२।८।७ मा भएको १२ बुँदे समझदारीका कारण सम्भव भएको थियो । सात राजनीतिक दल र माओवादीबिच भएको १२ बुँदे समझदारीले नेपालमा राजनीतिक क्रान्ति सम्पन्न गरी नेपाल नयाँ युगमा प्रवेश गऱ्यो । नेपालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई व्यावहारिक रूपमा प्रयोग गर्दै नेपालमा चीनलगायत विश्वका सबै मित्र राष्ट्रहरूसँग शान्तिपूर्ण कूटनीतिक सम्बन्ध कायम राख्दै आइरहेको छ । नेपालको राजनीतिमा २००७ सालदेखि उठ्दै आएको संविधानसभा निर्वाचन र नेपाली जनताद्वारा प्रत्यक्ष

रूपमा निर्वाचित जन प्रतिनिधिहरूमार्फत नयाँ संविधान निर्माण गर्न पाउनुपर्ने जनताको चाहनालाई ०६२/६३ को जनआन्दोलनले सफल पार्न महत्त्वपूर्ण भूमिका खेल्यो । जनताको जन प्रतिनिधिमूलक संस्था संविधानसभामार्फत जारी भएको संविधानलाई नेपालको नजिकको छिमेकी राष्ट्र भारतले अस्वीकार गर्दै नेपालका विरुद्ध २०७२ मा नाकाबन्दी गऱ्यो । छ महिना अवधिसम्म चलेको उक्त नाकाबन्दी विरुद्ध नेपाली जनता र सरकारले संयुक्त रूपमाप्रतिवाद गरे । नेपालले आफ्नो राष्ट्रियता र स्वतन्त्रताको रक्षा गर्दै भारतमाथिको आर्थिक परनिर्भरतालाई अन्त्य गर्न नाकाबन्दीबाट पाठ सिकेर चीनसँग व्यापार तथा पारवहन सन्धि गर्ने कार्यलाई अगाडि बढायो ।

नयाँ संविधानको घोषणासँगै भारतसँग सिर्जना भएका तिक्ततापूर्ण सम्बन्धका कारण नेपालको आन्तरिक राजनीतिमा हुनसक्ने अस्थिरता र नाकाबन्दीबाट नेपाली जनताले भोग्नुपरेका समस्यालाई हल गर्न चीन सरकारले नेपाललाई आर्थिक, भौतिक र नैतिक सहयोग गर्दै आयो जसका कारण नेपाली जनतामा चीन असल छिमेकी मित्रको रूपमा परिचय बनाउन सफल भयो । यसले गर्दा नेपाल र चीनबिच रहेको सम्बन्ध थप मजबुत र विश्वासका साथ अगाडि बढ्न मद्दत पुगेको छ । नेपालको परराष्ट्रनीति मुख्यतः चीन र भारतका बिच समदुरी सम्बन्धको सिद्धान्त अगाडि बढेको पाइन्छ । नेपालको यो कूटनीतिक परम्परा १७ औं शताब्दीको लिच्छिबीकालदेखि सुरुवात भएको पाइन्छ । पृथ्वीनारायण शाह (सन् १७२२-१७७५) ले पनि समदुरीको सिद्धान्तलाई नै लागु गरेको पाइन्छ (दाहाल, २०६१; पृ.३३) । नेपालको राज्यसत्तामा राणाहरूको (१९०३) उदय भएपछि मुख्यतः राणा प्रधानमन्त्री जङ्गबहादुर (कुँवर) राणा भारतस्थित तत्कालीन ब्रिटिस शासकहरूका नजिक रहेर शासन सञ्चालन गर्न थाले । यसकोप्रतिफलस्वरूप नेपाल विश्व मञ्चबाट एक्लिन पुग्यो । राणाशासनको एक्लो विदेशनीतिका कारण ओझेलमा परेको नेपाल २००७ सालको राजनीतिक परिवर्तनपश्चात् विश्वमा परिचित हुने क्रमको सुरुवात भयो । नेपालमा प्रथम जननिर्वाचित प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालाले सन् १९५९-१९६० मा नेपालको विदेशनीतिलाई विविधीकरण गर्दै अगाडि बढाउने कुराको थालनी गरेसँगै नेपाल विश्वमाझ परिचय हुने मौका पायो । पछि राजतन्त्रकालीन नेपालमा समेत यस नीतिलाई निरन्तरता दिइयो ।

नेपालको विदेशनीति कस्तो हुनुपर्दछ भन्ने विषयमा पृथ्वीनारायण शाहको 'नेपाल दुई ढुङ्गाबिचको तरुल हो' भन्ने दिव्य उपदेशबाट पुष्टि हुन्छ । तात्कालिक राजा महेन्द्रको शासनकालमा उनले नेपालको विदेशनीतिलाई यसै सिद्धान्तलाई ध्यान दिई नेपालको परराष्ट्रनीतिलाई विविधीकरण गर्दै विश्वका धेरै देशसँगको सम्बन्धलाई अगाडि बढाए । खासगरी

साना शक्ति राष्ट्र स्वतन्त्र अस्तित्व र पहिचानका लागि असंलग्न परराष्ट्रनीतिलाई राजा महेन्द्रले विशेष महत्त्वका साथ अगाडि बढाए जुन नीतिलाई नेपालले आजपर्यन्त पनि अवलम्बन गरिरहेको पाइन्छ । एसियाका दुई उदाउँदा शक्ति राष्ट्र चीन र भारतकाबिचमा रहेको नेपालका लागि असंलग्न परराष्ट्रनीति भविष्यका लागि समेत व्यावहारिकदेखिन्छ । चीन र भारतबिचको समदुरीको सम्बन्धको सिद्धान्त आगामी दिनमा बढी प्रभावकारी र व्यावहारिक हुनेदेखिन्छ । नेपालले व्यावहारिक रूपमा प्रयोग गर्दै आएको दुई नजिकका छिमेकीसँगको समदुरीको सिद्धान्तलाई व्यवहारमा लागु गर्ने सवालमा बेलाबखत कठिनाइ र उतार चढाव आएको पाइन्छ । कतिपय समयमा नेपाललाई भारत विरुद्ध चिनियाँ कार्ड प्रयोग गरेको आरोप पनि लाग्ने गरेको छ । खासगरी नेपाल भारतबिच उत्पन्न हुने समस्या र त्यसबाट नेपालले भोग्नुपरेको कठिनाइमा अर्को छिमेकी चीनसँग नेपालले सहयोग लिन खोज्यो भने भारत विरुद्ध चिनियाँ कार्डको आरोप लाग्ने गरेको पाइन्छ । नाकाबन्दीको समयमा होस् वा कालापानी, लिम्पियाधुरा र लिपुलेकलाई समेटेर नयाँ नक्सा जारी गर्दा होस् नेपाललाई भारतले यस्तो आरोप लगाउने गरेको पाइन्छ ।

नेपालले आफ्ना मित्र राष्ट्रहरूसँग स्वतन्त्र रूपमा सम्बन्ध अगाडि बढाउने र विश्वमाझ स्वतन्त्र रूपमा उपस्थिति जनाउने कुरा भारतले रुचाएको पाईंदैन । नेपालमाथि भारतको परम्परागत प्रभावलाई कायम राख्नका लागि उसले नेपालसँगको विशेष सम्बन्धको नारा दिने गरेको पाइन्छ भने अर्को छिमेकी चीनले नेपालसँगको आफ्नो सम्बन्धलाई एक असल मित्रराष्ट्रको रूपमा अगाडि बढाउन चाहेको पाइन्छ (भण्डारी, २०६९) । 'जुनसुकै राष्ट्रिय चाहना भनेको राष्ट्रको स्वतन्त्र अस्तित्व, राज्यमा सुशासन र स्थायित्व कायम राख्नु हो । राष्ट्रको राष्ट्रिय एकता, राष्ट्रिय स्वार्थ र राष्ट्रिय सुरक्षा राज्यको उच्च प्राथमिकताको हो' (Morgenthau, 2007, P. 19) । यस कथनका आधारमा नेपालले यथार्थवादी भएर आफ्नो विदेशनीतिलाई व्यावहारिक प्रयोगमा ल्याउनुपर्ने देखिन्छ । यथार्थवादी सिद्धान्तले मुख्यतः आर्थिक उदारीकरणमा विश्वास गर्ने भएकाले नेपालले चीन र भारतको आर्थिक आर्थिक उदारीकरणसँगै उनीहरूले गरेको विकासबाट फाइदा लिने गरी आफ्नो विदेशनीतिमा ध्यान दिन जरुरी छ । चीन र भारतसँग असल सम्बध कायम राखेर नेपालले दुवै छिमेकीबाट आर्थिक सहयोग र पूर्वाधार निर्माणमा महत्त्वपूर्ण सहयोग लिँदै आएको छ ।

गणतन्त्र स्थापनापश्चात् नेपालमा चीन र भारतले आफ्नो प्रभाव कायम राख्न र विस्तार गर्नका लागि नेपाललाई आर्थिक, भौतिक सहयोग गर्ने कुरामा प्रतिस्पर्धा गर्दै आएको पाइन्छ । यी दुवै राष्ट्रले आफ्नो सुरक्षा चासोका कारण नेपाललाई प्रभावमा राखिराख्नका लागि

प्रतिस्पर्धा गरेको प्रस्ट हुन्छ । त्यसका लागि सामाजिक, सांस्कृतिक, धार्मिक, व्यापारिक तथा प्रत्यक्ष लगानीका माध्यमहरूलाई अपनाएको पाइन्छ । यसबाट नेपालले चनाखो भएर अमेरिकीहरूको उचित सुरक्षा चासोलाई सम्बोधन गर्दै उनीहरूको सहयोगलाई नेपालको समृद्धि र विकासका लागि सदुपयोग गर्नुपर्दछ । सुरक्षा चासोका दृष्टिले चीन र भारत दुवै राष्ट्रप्रति नेपाल बढी संवेदनशिल देखिन्छ । नेपाललाई यी दुवै छिमेकी राष्ट्रहरूको विभिन्न खाले सहयोग र सद्भाव तथा विश्वाससहितको मित्रताको खाँचो छ । त्यसैले नेपालले छिमेकीसँगको विश्वास गुमाउने खाले विदेशनीतिप्रति होसियार हुँदै दुवै छिमेकीसँगको सम्बन्धलाई सुमधुर बनाउँदै आफ्नो राष्ट्रिय स्वार्थलाई पूरा गर्न लाग्नुपर्दछ । गणतन्त्र स्थापनापश्चात् नेपालले चीन र भारत दुवै देशसँग रचनात्मक वातावरणमा आफ्नो सम्बन्ध कायम गर्दै आएको छ । तथापि चीन र भारतले आफ्नो रणनीतिक स्वार्थका लागि नेपालमा आफ्नो प्रभाव विस्तार गर्न प्रतिस्पर्धा गर्दै आएका छन् । दक्षिण एसियामा क्षेत्रिय रणनीतिक स्वार्थको प्रतिस्पर्धाका क्रममा शक्तिराष्ट्रहरूको असर नेपालको राजनीतिमा पनि पर्न सक्दछ । यसले छिमेकीसँगको सम्बन्धमा असर ल्याउन सक्दछ भन्ने कुरामा नेपाल सचेत रहनुपर्दछ ।

गणतन्त्र स्थापनापश्चात् नेपालमा शक्ति राष्ट्रहरूको बढ्दो आकर्षण र प्रतिस्पर्धाले सुरक्षा चुनौती थपिएको त होइन ? आशङ्काहरू बढ्दै गइरहेका छन् । नेपालको संवेदनशील भूराजनीतिक अवस्थितिका कारण पनि नेपालमा शक्ति राष्ट्रहरूको चासो बढ्दै जाने र त्यसलाई नेपालले बेलैमा पहिचान गरेर सचेत नहुने हो भने यसले नेपालको स्वतन्त्रता, अखण्डता, स्थायित्व र समृद्धिमा खलल नपुऱ्याउला भन्न सकिँदैन (कार्की, वैयक्तिक कुराकानी, साउन ५, २०७९ काठमाडौँ) । त्यसैले चीन भारतलगायत अन्य राष्ट्रसँग नेपालको कूटनीतिक सम्बन्धको चुनौतीपूर्ण परीक्षण हुँदै छ । यसमा नेपाल राष्ट्रले आफ्नो ऐतिहासिक यथार्थमा टेकेर चीन भारतलगायतका राष्ट्रसँगको सम्बन्ध विस्तार गर्दा भारतको स्वार्थलाई समेत ख्याल गर्दै रणनीतिक सन्तुलन कायम गर्नुपर्दछ । नेपालको भूराजनीतिक अवस्थिति रणनीतिक प्रकारको भएकाले नेपालले आफ्नो स्वतन्त्रता भौगोलिक अखण्डता, सार्वभौमिकताको रक्षाको लागि सन्तुलित परराष्ट्रनीतिमा जोड दिनुपर्नेमा विभिन्न बुद्धिजीवी, कूटनीतिज्ञ, थिङ्क ट्याङ्कहरूले निष्कर्ष निकालेको पाइन्छ । तर वेलाबखत सरकारमा रहेका व्यक्तिहरू र विभिन्न पार्टीका नेताका अभिव्यक्ति र व्यवहारका कारण नेपालको छिमेकीसँगको सम्बन्धमा समस्या उत्पन्न हुने गरेको तथ्यप्रति पनि ध्यान जानु स्वाभाविक हुन्छ । त्यसैले नेपालले चीनलगायत अन्य देशसँगको कूटनीतिक सम्बन्ध ऐतिहासिक, राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक आयामहरूमा जोड दिएर अगाडि बढाउनुपर्दछ । नेपालको चीनसँग बढ्दो घनिष्ठ सम्बन्धलाई

भारतलगायतका अन्य शक्तिराष्ट्रहरूले रुचाएको देखिँदैन । यसका बाबजुद नेपालले आफ्नो राष्ट्रिय स्वार्थ लाई केन्द्रमा राखेर चीनसँग मात्र होइन संसारका जुनसुकै मित्रराष्ट्रसँग पनि सम्बन्ध अगाडि बढाउन स्वतन्त्र रहेको छ । यस सन्दर्भमा सन् २०१९ अक्टोबर १२ र १३ गते चीनका राष्ट्रपति शी जिनपिङले नेपाल भ्रमण गरे । उक्त भ्रमणको अवसरमा दुई देशबिचको सम्बन्धलाई राणनीतिक साझेदारीका रूपमा अगाडि बढाउने निर्णयसहितको संयुक्त वक्तव्य जारी गरे । यसप्रकारको रणनीतिक साझेदारी संयुक्त राष्ट्र सङ्घको बडापत्र, पञ्चशीलको सिद्धान्त र सहअस्तित्वका आधारमा अगाडि बढाउने घोषणा गरिएको छ । चीनसँगको यस साझेदारीलाई विशुद्ध विकास निर्माणका लागि गरिएको तत्कालीन परराष्ट्र मन्त्री प्रदीपकुमार ज्ञवालीको दाबी रहेको छ (अन्तर्वार्ता, १४ अक्टोबर २०१९ कान्तिपुर) । यस निर्णयसँगै नेपालमा चीन र भारत बाहेक अन्य शक्तिराष्ट्रहरूको समेत चासो बढ्दै गइरहेको छ । विगतमा नेपालको आन्तरिक मामिलामा भारतको चासो र प्रभाव बढी देखिन्थ्यो । पछिल्लो चरणमा उत्तरी छिमेकी चीनको उपस्थिति पनि उत्तिकै सक्रिय देखिन्छ । विगतमा नेपालप्रति शान्त कूटनीति अवलम्बन गरेको चीनले पछिल्लो समय नेपाली राजनीतिका कतिपय घटनाहरूमा देखिने र सुनिने गरी प्रकट भएको पाइन्छ । नेपालले लामो समयदेखि कायम रहेको राजनीतिक सङ्घर्ष अर्थात् क्रान्तिलाई सकेर मुलुकमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना गरी नयाँ संविधान निर्माण गरी विकासको नयाँ चरणमा प्रवेश गरेको छ ।

यस शोधकार्यमा चीनसँग नेपालको कूटनीतिक सम्बन्धमा राजतन्त्रकालदेखि सङ्घीय लोकतान्त्रिक गणतन्त्रसम्म आइपुग्दादेखिएका चुनौती र तिनको सामना गर्नुपरेको अवस्थालाई ऐतिहासिक रूपमा विश्लेषण गर्दै चीनसँग नेपालको कूटनीतिक सम्बन्धमा विकास भएका नयाँ आयामका बारेमा विश्लेषण गरिएको छ । सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनासँगै नेपालले राजनीतिक क्रान्ति पूरा गरी स्थायित्व र समृद्धिको दिशामा अगाडि बढेको छ । परिवर्तित राजनीतिक परिस्थितिसँगै नेपालको चीनसँगको कूटनीतिक सम्बन्धमा पनि परिवर्तन आउनु स्वाभाविकै छ । त्यसैले बदलिँदो विश्व परिस्थिति र नेपालको आफ्नो आन्तरिक राजनीतिक परिस्थितिकाबिच चीनसँगको सम्बन्धमा र नेपालले कस्तो नीति अवलम्बन गर्नुपर्ला र त्यस प्रकारको नीतिले नेपालको समग्र राष्ट्रिय स्वार्थलाई कसरी पूरा गर्न सकिन्छ भन्ने बारेमा विश्लेषण गरिएको छ । चीन नेपालको भरपर्दो र पुरानो मित्र शक्ति हो । गणतन्त्र स्थापनासँगै नेपालको समृद्धिको चाहनालाई पूरा गर्न चीनले आफ्नो ठाउँबाट महत्त्वपूर्ण भूमिका खेलिरहेको छ ।

## १.२ समस्या कथन

नेपाल चीनबिचको सम्बन्ध प्राचीन कालदेखि नै रहँदै आएको छ । यो ऐतिहासिक सम्बन्ध विभिन्न कालखण्डमा आएका उतारचढावका बिचबाट गुज्रँदै बदलिएको राजनीतिक परिस्थिति अनुरूप नयाँ ढङ्गले अगाडि बढिरहेको छ । राजतन्त्र कालमा राजालाई नै नेपालको स्थायी र भरपर्दो शक्तिका रूपमा विश्वास गरेको चीनले गणतन्त्र स्थापनासँगै नेपालका मूलधारका राजनीतिक शक्तिहरूसँग सम्बन्ध कायम गरी अगाडि बढ्ने प्रयास गरेको छ । नेपाल र चीनबिचको औपचारिक कूटनीतिक सम्बन्ध कायम भएको ६५ वर्षको इतिहासलाई केलाउँदा नेपाल चीनबिचको सम्बन्ध गणतन्त्र स्थापनापश्चात् रणनीतिक रूपमा नयाँ युगमा प्रवेश गरेको छ । सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापनासँगै संविधान सभाबाट संविधान जारी भई नयाँ निर्वाचन नहुँदासम्म नेपाल राजनीतिक सङ्क्रमणकालबाट गुज्रन पुग्यो । यस अवधिमा पनि चीनले नेपालको शान्ति र स्थायित्वका लागि रचनात्मक सहयोग गर्दै आएको थियो ।

नयाँ संविधान (२०७२ असोज ३) को घोषणासँगै भारतले नेपाल विरुद्ध लगाएको नाकाबन्दी र त्यसबाट उत्पन्न परिस्थितिको सामना गर्दै नेपालले स्थानीय, प्रदेश र सङ्घीय संसद्को निर्वाचन सम्पन्न गऱ्यो । सङ्घीय  संसद्मा नेपाल कम्युनिष्ट पार्टी (नेकपा)ले एक्लै करिब दुई तिहाई नजिकको जनमत प्राप्त गरी सरकार बनाउन सफल भयो । नेपालको निर्वाचनमा कम्युनिष्ट पार्टीको विजयबाट आकर्षित भएको चीनले नेपाललाई आपसी मित्रताका आधारमा सहयोग गर्दै आयो । अर्काको आन्तरिक मामिलामा अहस्तक्षेपको सिद्धान्त अङ्गीकार गरेको चीनले नेपालबाट एक चीन नीतिलाई प्रभावकारी कार्यान्वयनमा जोड दिँदै आयो । भारतले नेपालमाथि पटक पटक नाकाबन्दी गर्दै आएको छ । २०१८ सालमा राजा महेन्द्रले चीनको औपचारिक भ्रमण गरे । उक्त भ्रमणको अवसरमा नेपाल र चीनबिच सीमा सन्धि सम्पन्न भयो । उक्त सन्धिमा राजा महेन्द्र र चीनका राष्ट्रपति ल्यु सियाओ चीले हस्ताक्षर गरेका थिए । यस भ्रमणका अवसरमा चीन र नेपाल जोड्ने कोदारी राजमार्ग निर्माण गर्ने ऐतिहासिक सम्झौता सम्पन्न भयो । नेपाल चीनबिच सम्पन्न यस सम्झौताको भारतले कडा विरोध जनायो । भारतका तत्कालीन प्रधानमन्त्री जवाहरलाल नेहरूले नेपाल चीनबिचको सम्झौताले भारतको सुरक्षामा असर पर्ने भनी आफ्नो विचार अभिव्यक्त गरेका थिए जसका कारण भारतले २०१९ वैशाख ४ गते नेपाल विरुद्ध अघोषित नाकाबन्दी गरेको थियो (श्रेष्ठ, २०७६; पृ. १७३-७९) ।

भूराजनीतिक रूपमा अत्यन्तै संवेदनशील अवस्था रहेको नेपालबाट चीनले तिब्बतको सुरक्षा मामिलामा ठुलो अपेक्षा गर्दै आएको छ । परिवर्तित परिस्थितिमा नेपालले कसरी चीनको सुरक्षा चासोलाई सम्बोधन गर्दै नजिकका दुवै छिमेकीसँग सन्तुलित सम्बन्ध राख्ने भन्ने गम्भीर राष्ट्रिय सरोकारको विषय बनेको छ । त्यसैले होसियारीपूर्वक कूटनीतिक सम्बन्धलाई व्यवस्थापन गर्नु नेपालको ऐतिहासिक जिम्मेवारी हो । यस दृष्टिकोणबाट हेर्दा गणतन्त्र स्थापनापश्चात् नेपाल चीन सम्बन्धमा विकास भएका नयाँ आयामहरूका सम्बन्धमा यस शोधग्रन्थमा निम्न प्रश्नहरूको उत्तर खोजिएको छः

१) नेपाल चीन सम्बन्धको ऐतिहासिक पृष्ठभूमि कस्तो छ ?

२) गणतन्त्र स्थापनापश्चात् नेपाल चीन सम्बन्धका नयाँ आयामहरू के के हुन् ?

३) बदलिँदो परिस्थितिमा नेपाल चीन सम्बन्ध कस्तो हुनुपर्ला ?

## १.३ अध्ययनको उद्देश्यहरू

प्रस्तुत शोधकार्यको प्रमुख उद्देश्य गणतन्त्र स्थापनापश्चात् नेपाल र चीनबिचको ऐतिहासिक सम्बन्ध, नयाँ आयामहरू र बदलिएको परिस्थितिमा दुई देशबिचको सम्बन्धको पहिचान गर्नु हो । परिवर्तित राजनीतिक परिस्थितिसँगै नेपाल चीनबिचको सम्बन्ध रणनीतिक रूपमा कसरी नयाँ दिशामा अगाडि बढिरहेको छ भन्ने प्रश्नहरूको जवाफ यसले अपेक्षा गरेको छ । त्यसैले यस शोधकार्यको प्रमुख उद्देश्यहरू निम्नानुसार रहेका छन् :-

१) नेपाल चीनबिच सम्बन्धको ऐतिहासिक पृष्ठभूमिको अध्ययन गर्नु,
२) गणतन्त्र स्थापनापश्चात् नेपाल चीन सम्बन्धमा विकसित नयाँ आयामहरूको विश्लेषण गर्नु,
३) बदलिँदो परिस्थितिमा नेपाल चीन सम्बन्धको मूल्याङ्कन गर्नु ।

## १.४ अध्ययनको महत्त्व

गणतन्त्र स्थापनापश्चात् नेपाल चीन सम्बन्धमा थपिएका नयाँ आयामहरू बारे अहिलेसम्म अध्ययन अनुसन्धान नभएकाले यसको आवश्यकता र महत्त्व स्पष्ट छ । साथै यस अध्ययनबाट भविष्यमा नेपाल चीन सम्बन्धमा नीति निर्माण गर्नमा र विभिन्न क्षेत्रमा गरिने अध्ययन अनुसन्धानमा सहयोग पुग्ने भएकाले यो अध्ययन निम्न कारणले महत्त्वपूर्ण रहेको छ ।

## १.५ अध्ययनको सीमा

प्रस्तुत शोधप्रबन्धमा मुख्यतः नेपालमा गणतन्त्र स्थापनापश्चात् नेपाल चीन सम्बन्ध (सन् २००७-२०२० सम्म) का दुई पक्षीय आर्थिक, सामाजिक, सांस्कृतिक, कूटनीतिक तथा

रणनीतिक सवालहरूमा सीमित भई अध्ययन गरिएको छ । यसबाहेक अन्य विषयसँग यस शोधको सम्बन्ध रहेको छैन ।

## १.६ शोधपत्रको संरचना

यस शोधप्रबन्धमा तथ्याङ्कहरूको सङ्कलन, प्रशोधन र व्यापक विश्लेषण गरी तपसिलअनुसार व्यवस्थापन गरिएको छ :-

अध्याय - एक : शोधपरिचय

अध्याय - दुई : पूर्व कार्यको समीक्षा

अध्याय - तीन : अध्ययनको विधि

अध्याय - चार : नेपाल चीन सम्बन्धको ऐतिहासिक अध्ययन

अध्याय - पाँच : गणतन्त्र स्थापनापश्चात् नेपाल चीन सम्बन्ध

अध्याय - छ : बेल्ट एन्ड रोड इनिसियटिभ, चीन र नेपाल

अध्याय - सात : सारांश र निष्कर्ष

# अध्याय - दुई

# पूर्वकार्यको समीक्षा

## २.१ विषयपरिचय

अनुसन्धेय कार्यको वास्तविकतालाई बुझ्न पूर्वकार्यले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । पूर्वकार्यको समीक्षाबाट सम्वद्ध विषयमा भएका अध्ययनहरू र आवश्यक पर्ने रणनीतिहरूलाई अवलम्बन गर्न महत्त्वपूर्ण मार्गनिर्देशन प्राप्त हुन्छ । त्यसैले प्रथमतः यस अध्यायमा शोधकार्यसँग सम्बन्धित नेपाल चीनबिचको कूटनीतिक सम्बन्धसँग सरोकार राख्ने पूर्वाध्ययनहरूको समीक्षा गरिएको छ जसका माध्यमबाट यस शोधकार्यलाई सैद्धान्तिक रूपमा व्याख्या विश्लेषण गर्ने प्रमुख आधार प्राप्त भएको छ । दोस्रो, यस पूर्वाध्ययनकाृ समीक्षाबाट नेपाल चीन सम्बन्धको विविध ऐतिहासिक तथ्यहरूलाई उजागर गर्दै छिमेकी केन्द्रित दुई पक्षीय सम्बन्धलाई मजबुत बनाउने विदेशनीतिका विविध आयामहरूबारे जानकारी प्राप्त भएको छ । तेस्रो, नेपाल चीन सम्बन्धमा विभिन्न लेखक तथा बुद्धिजीवीहरूद्वारा लेखिएका पाठ्यपुस्तक, लेख, दुई देशका सरकारका नीतिहरू, संयुक्त विज्ञप्ति, शीर्ष राजनीतिक नेतृत्वका भ्रमण तथा भाषणहरू, प्राथमिक तथा द्वितीयक स्रोतहरू समेतका आधारमा शोधकार्यलाई खँदिलो रूपमा प्रस्तुत गर्न सैद्धान्तिक अवधारणा तयार गरिएको छ ।

## २.२ सैद्धान्तिक अवधारणा

राज्यहरूबिचको सम्बन्ध विस्तार गरी सहकार्यात्मक रूपमा कूटनीतिक सम्बन्धलाई खँदिलो बनाउन तथा शान्तिपूर्ण रूपमा विकासका उच्चतम उपलब्धिहरूले मानव समाजको हित गराउन चीनले अवलम्बन गरेको विदेशनीतिलाई विशेषतः यथार्थवाद, उदारवाद र कन्स्ट्रक्टिभिजमले अभिप्रेरित गर्दछ भने केही हदसम्म मार्क्सवादले समेत प्रतिविम्बन गरेको देखिन्छ । Bilgin & Ling (2017) ले आफ्नो पुस्तकमा चीनको परराष्ट्र मामलामा यथार्थवाद, उदारवाद तथा रचनात्मकतावादको दृष्टिबाट प्रतिविम्बन गर्दछ भन्ने स्पष्ट पारेका छन् । चीनको बढ्दो सामरिक, आर्थिक तथा विश्वव्यापी प्रभावबाट शान्तिपूर्ण रूपमा विकसित विश्वको स्थापना गराउन तथा नरमशक्तिको माध्यमबाट छिमेकी राज्यहरूसँगको कूटनीतिक सम्बन्धको विस्तारले यथार्थवादको प्रतिविम्बन गर्दछ । यथार्थवादी सिद्धान्त अन्तर्राष्ट्रिय सम्बन्ध र राजनीतिको सबैभन्दा पुरानो र स्थापित सिद्धान्त हो । दोस्रो विश्वयुद्धपछि हन्स जे मर्गेन्थाउले थप व्याख्या गर्ने काम गरेकाले यस सिद्धान्तलाई मुलतः मर्गेनथाउको विचार भनिन्छ ।

मर्गेन्थाउलाई शास्त्रीय यथार्थवादका जन्मदाता वा पि तापनि भनिन्छ । उनले राष्ट्रिय स्वार्थ राज्यको पहिलो सरोकार भएकाले यसले शक्तिको प्रयोग गर्न पाउँदछ, राष्ट्रिय स्वार्थ र शक्तिलाई विशेष महत्त्व दिन्छ भन्नेमा जोड दिएका छन् ।

मेइकियाभेली, हब्स, इ एच कार, थुसिडाइडस्, हन्स जे मर्गेन्थस वाल्ज, रुसो यस सिद्धान्तका प्रणेता तथा राष्ट्रिय स्वार्थ र शक्ति राज्यका विदेशनीतिसम्बन्धी मुख्य आधार हुने भएकाले मर्गेन्थाउले सम्पूर्ण राजनीति सङ्घर्ष शक्तिका लागि भएको दाबी गर्दछन् । अन्तर्राष्ट्रिय राजनीति राष्ट्रहरूबिच शक्ति सङ्घर्षसँग केन्द्रित भएको हुन्छ । प्रथम यथार्थवादले राज्यलाई प्रथम पात्रको रूपमा स्वीकार गर्दछ । शक्ति, व्यक्ति वा समूहमा भन्दा राज्यमा केन्द्रित हुन्छ र राज्यले युद्धको बेला राष्ट्रिय स्वार्थसहित एउटै आवाजको प्रतिनिधित्व गर्दछ । नीति निर्माताहरू राष्ट्रका यथार्थवादी पात्र हुन जसले यथार्थवादी निर्णयसहित राष्ट्रिय स्वार्थको प्रतिनिधित्व गर्दछ । हजारौं वर्षको इतिहासमा मानवयुद्ध सामान्य भएका हुन् । राज्यमा हरेक व्यक्तिहरू सङ्गठित हुन्छन् र उनीहरूको चरित्रले राज्यको सुरक्षामा पनि प्रभाव पारेको हुन्छ । मर्गेन्थाउ (१९४८) ले कानुनी शासन मानवीय स्वभावको जरो भए तापनि नैतिकता र विचारले कमजोरीको नेतृत्व गर्दछ र राष्ट्रिय स्वार्थ भनेको नै नैतिकतासँग तुलना गर्न मिल्ने विषय होइन, सम्पूर्ण राजनीति कार्यमा शक्तिको प्रदर्शन हुन्छ भन्दछन् (पृ. १६-१९) । उनले राष्ट्रिय स्वार्थ र शक्तिको बारेमा विश्लेषण गरेका छन् । राज्यको कार्य नैतिकता र उत्तरदायित्वभन्दा माथि कानुनी हुन्छ । राज्यको अन्तर्राष्ट्रिय सम्बन्ध यथार्थवादी दृष्टिकोणका आधारमा सञ्चालनमा हुन्छ र राज्यले जहिले पनि आफ्नो कार्य मानवीय स्वभावका आधारमा गर्दछ ।

यथार्थवादले निरन्तर रूपमा राज्यले आफ्नो राष्ट्रिय स्वार्थको लागि शक्तिको प्रयोग गर्दछ । राजनीतिक अस्तित्व रक्षाका लागि पनि शक्तिको प्रयोगको अनिवार्यतालाई स्वीकार्दै राज्यको स्वार्थ, राज्यको भूमिका, सैनिक शक्ति जस्ता विषयलाई यथार्थवादले जोड दिन्छ । राष्ट्रिय स्वार्थ पूरा गर्न अन्तर्राष्ट्रिय राजनीतिमा शक्तिको प्रयोगलाई महत्त्व दिने एउटा पुरानो स्थापित सिद्धान्त यथार्थवाद हो । यस दृष्टिकोणबाट हेर्दा चीन विश्वको उदाउँदो शक्ति राष्ट्र हो । उसले आफ्नो शक्तिको विस्तार गर्न आर्थिक कूटनीतिलाई पनि प्राथमिकता दिएको छ । छिमेकी राज्यहरूसँगसँगै आर्थिक विकास तथा समृद्धिका क्रियाकलापहरूको प्रवर्द्धनसहित शक्तिशाली राज्यको रूपमा शान्तिपूर्ण उदयबाट चीनले अवलम्बन गरेको बाटो उदारवादको प्रतिविम्बन रहेको स्पष्ट हुन्छ भने सामाजिक मूल्य, मान्यता र पहिचानको अभिवृद्धिसहित सांस्कृतिक आदान-प्रदानका प्रयत्नबाट छिमेकीहरूसँगको सम्बन्धलाई मजबुत बनाउँदै, आफ्नो रणनीति समेत परिवर्तन गरी राष्ट्रिय हितलाई प्रवर्द्धन तथा अन्तर्राष्ट्रिय छविलाई सुदृढ बनाउन

प्रयत्नरत रहनुले चीनको कूटनीतिक सम्बन्धको रचनात्मकतावादले समेत विश्लेषण गर्दछ भन्ने स्पष्ट हुन्छ । चीनको कूटनीतिमा परावर्तन भन्नु नै पुनःनिर्माणको प्रक्रिया हो, अन्तर्राष्ट्रिय सम्बन्धमा पुराना मूल्य, मान्यता तथा कार्यशैलीमा उन्नत, व्यावहारिक तथा महत्त्वपूर्ण नीतिहरूको स्थापना गर्नु हो भन्ने हुन्छ । चीनको नेपालमा सामाजिक तथा आर्थिक विकासमा सहकार्य यस अध्ययनका लागि उत्प्रेरक बनेको छ ।

## २.३ पूर्वकार्यको समीक्षा

आर्थिक विकास र समृद्धिका लागि सहयोग गर्दै विश्वमा शान्ति र स्थिरताका लागि चीनले आफ्नो कूटनीति मार्फत शक्ति विस्तार गरिरहेको छ । स्थापित सिद्धान्तहरूका आधारमा अन्तर्राष्ट्रिय सम्बन्धको विश्वव्यापी मान्यतालाई विश्लेषण गरिन्छ । यस क्षेत्रमा आवश्यक अध्ययन हुन सकेको स्थिति छैन । तथापि उल्लिखित केही महत्त्वपूर्ण सान्दर्भिक कृतिहरूको विश्लेषण तल प्रस्तुत गरिएको छ ।

### २.३.१ सैद्धान्तिक पूर्वकार्यहरूको समीक्षा

अन्तर्राष्ट्रिय राजनीति निश्चित सिद्धान्त र व्यवहारका आधारमा सञ्चालित हुन्छ । राज्यहरूबिचको सम्बन्ध उत्कृष्ट कूटनीतिक सक्षमतामा आधारित हुने हुँदा अन्तर्राष्ट्रिय सम्बन्ध एक संवेदनशील क्षेत्र हो भन्नु पर्छ । लेभी (१९५७) ले 'नेपाल इन वर्ल्ड पलिटिक्स' आलेखमा सन् १९५१ सम्म राणाहरूको अल्गाववादी विदेशनीतिका कारण नेपालको सम्बन्ध छिमेकीहरू खासै राम्रो थिएन र प्रजातन्त्रको स्थापनासँगै नेपालले आफ्नो विदेशनीतिलाई नयाँ ढङ्गले बढाउन थाल्यो र नजिकका दुई छिमेकी चीन (तिब्बत) र भारतसँग सम्बन्ध सुधार हुन पुगेको उल्लेख गरेका छन् । उनले तिब्बतसँगको सम्बन्धलाई सन् १८५६ को सन्धिका आधारमा सञ्चालन गर्ने गरेको थियो जसमा तिब्बतले नेपाललाई वार्षिक दशहजार रुपियाँ तिर्नुपर्थ्यो, नेपाली व्यापारीहरूले कुनै कर नतिर्ने भन्ने थियो । नेपालका कूटनीतिक अधिकारीहरूले ल्हासामा अतिरिक्त अधिकार पाएका र नेपाली सुरक्षा निकायले व्यापारीहरूलाई सुरक्षा दिने र व्यापार प्रवर्द्धन गर्ने समेतका प्रावधानहरू थिए (पृ. २४३) ।

Bhasin (1970) ले 'Documents on Nepal's Relations with India and China 1949-1966' पुस्तकमा नेपाल चीन सम्बन्धका विविध आयामहरूका बारेमा विश्लेषण गरेका छन् । नेपाल तथा छिमेकी देशहरूबिचको पारस्परिक सम्बन्धका विविध आयामहरूका सम्बन्धमा विशेष चर्चा गरिएको यस पुस्तकमा चीन नेपाल भारत सम्बन्धको विदेशनीति पञ्चशीलका पाँच सिद्धान्तहरूद्वारा सञ्चालित हुने गरेको उल्लेख गरिएको छ ।

(क) एक-अर्का मुलुकको भौगोलिक अखण्डता, स्वतन्त्रता र सार्वभौमिकताप्रति पारस्परिक सम्मान

(ख) अनाक्रमण

(ग) अहस्तक्षेप (तटस्थ), आर्थिक, राजनीतिक वा वैचारिक कारणले प्रत्येक मुलुकको आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने नीति

(घ) समानता र पारस्परिक लाभ

(ङ) शान्तिपूर्ण सहअस्तित्व

यिनै सिद्धान्तका आधारमा नेपाल चीनबिच सन् १९५६ सेप्टेम्बर २० र १९६४ मे १९ मा काठमाडौँमा व्यापार सम्झौता भएको थियो । सन् १९५६ अक्टुबर ७ मा चीनको पेकिङमा चीनका लागि नेपाली राजदूत दमनशम्शेर जङ्गबहादुर राणा र जनवादी गणतन्त्र चीनका वैदेशिक व्यापार मन्त्री ये चीचुआङबिच आर्थिक सहायता सम्झौता भएको थियो (पृ. १८५) । सन् १९६० मार्च २१ मा पेकिङमा नेपाल सरकारका प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइराला र चीन सरकारका चाउ अन लाइबिच आर्थिक सहायता सम्झौता भएको थियो । सन् १९६१ सेप्टेम्बर ५ मा काठमाडौँमा नेपाल सरकारका प्रतिनिधि ऋषिकेश शाह र चीन सरकारका प्रतिनिधि चाङशीचिएबिच आर्थिक सहायता सम्बन्धी सन्धिपत्र (प्रोटोकल) मा सम्झौता भएको थियो । सन् १९६१ अक्टुबर १५ मा चीनको पेकिङमा नेपाल सरकारका तर्फबाट तुलसी गिरी र जनवादी चीन सरकारका तर्फबाट चेन यीबिच राजमार्ग निर्माण सम्बन्धी सम्झौता सम्पन्न भएको थियो (पृ. २६४) । यसै सम्झौताको आधारशिलाबाट काठमाडौँ कोदारी राजमार्ग निर्माण कार्यको सुरुवात भएको हो ।

यस विरुद्ध भारतलगायत अमेरिकाले आपत्ति जनाउँदा ऋषिकेश शाहले काठमाडौँमा आयोजना गरेको एक प्रेस सम्मेलनमा सार्वजनिक गरिएको वक्तव्यमा हाम्रा दुई छिमेकी देशहरूसँग सम्बन्ध स्थापित गर्नु भनेको हाम्रो अधिकार क्षेत्र हो । हामी सदैव एक-अर्कामा भौतिक रूपमै जोडिएका छौँ । एकातिर हिन्दुस्थान र अर्कातिर मध्यएसियाबिचको व्यापारका लागि विगत कालदेखि नै नेपाल व्यापारिक केन्द्रविन्दु रहँदै आएको यथार्थता हामीले नबिर्सौं भनी स्पष्ट पारिएको थियो । सन् १९६६ मे २ मा चीनको पेकिङमा नेपाल र चीनको स्वशासित प्रदेश तिब्बतबिच व्यापार तथा आवश्यक विषयहरूमा सम्झौता भएको थियो । सन् १९६६ डिसेम्बर २१ मा काठमाडौँमा नेपाल सरकारका सचिव यादवप्रसाद पन्त र जनवादी गणतन्त्र चीनका राजदूत याङकुङसुबिच आर्थिक सहयोगमा सम्झौता भएको थियो (पृ. २५४-२६४) । प्रस्तुत कृतिले चीन नेपाल भारतको त्रिदेशीय सम्बन्धका घटनाक्रमहरूलाई क्रमबद्ध रूपमा

दस्तावेजीकरण गरेको पाइन्छ । यसले दुई देशीय र त्रिदेशीय सम्बन्ध सुधारका पक्षहरूलाई उजागर गरेको छ ।

Pemble (1971) ले 'The invasion of Nepal' पुस्तकमा ब्रिटिस इष्ट इन्डिया कम्पनी र नेपालबिचको द्वन्द्व, तिब्बतसँग नेपालको सम्बन्ध र आफ्नो स्वतन्त्र हैसियत स्थापना गर्ने कुरामा नेपालको सङ्घर्षबारे अनुसन्धान गरिएको छ । यसले सुरुवातदेखि नेपाल-अङ्ग्रेज युद्ध र त्यसपछिको सुगौली सन्धि (१८१४-१६) सम्मको नेपालको इतिहासको चित्रण गर्दछ । लेखकको विचारमा विविध कालखण्डहरूमा विविध प्रकारको शासकहरू हुँदै जब सन् १७६८ मा काठमाडौंमा राजा पृथ्वीनारायण शाहले विजय हासिल गरे त्यसपछि आजको नेपाल राज्यको जन्म भएको हो भन्ने लेखकको विचार रहेको छ । यसले तत्कालीन शक्तिशाली छिमेकीहरूसँग नेपालको सम्बन्धको गतिशीलतालगायत आज अस्तित्वमा रहेको राज्यको बारेमा प्रकाश पारिएको छ् ।

रोज् (१९७३) ले ‘नेपालः स्ट्राटेजी फर सर्भाइभल’ पुस्तकमा नेपालले अपनाएको विदेशनीतिबारे वर्णन गरेका छन् । उनले राजा महेन्द्रको शासनभन्दा पहिले र त्यसकालमा राज्यको अस्तित्वको रणनीतिबारे उल्लेख गरेका छन् । त्यसमा आक्रामक र शक्तिशाली महाशक्तिका रूपमा रहेका निकटतम छिमेकीहरूसँग नेपाल जस्ता साना राष्ट्रहरूले सामना गर्ने स्थिति र अन्योलताको वर्णन छ । असंलग्नताको सिद्धान्तभित्र विविधताको नीतिलाई अपनाएर विदेशनीति निर्माण सम्बन्धमा कसरी राजा महेन्द्रले नयाँ नीतिको सुरुवात गरे भन्ने कुरा उनले स्पष्ट पारेका छन् । चीन र भारतसँग व्यवहार गर्दा राजा महेन्द्रले आफुलाई आइपर्ने चुनौतीहरू सामना गर्दै आफ्नो स्वार्थ र विचारको विविधीकरण गरेर छिमेकीहरूको स्वार्थ र प्रवृतिलाई नेपाल जस्तो सानो देशले कसरी व्यवस्थापन गर्‍यो होला भन्ने कुरा विस्तृत रूपमा उल्लेख गरेका छन् । लेखकले मध्यवर्ती राज्यका रूपमा छिमेकी देशहरूसँग नेपालको सम्बन्धबारे व्याख्या गरेका छन् र नेपालले आफ्नो राजनीतिक, सांस्कृतिक र भौगोलिक अक्षुण्णता कायम गर्दै आफ्ना वैदेशिक नीतिहरूलाई कार्यान्वयन गर्न खास खास रणनीतिहरू अपनाउनु पर्दछ भन्ने कुरामा जोड दिएका छन् । राजा पृथ्वीनाराण शाहको बेलामा जे जस्तो वैदेशिक नीति अवलम्वन गरिएको थियो, महेन्द्रको बेलामा त्यही थिएन र वीरेन्द्रको समयमा आइपुग्दा त्यो रहेन भन्ने यस पुस्तकको सार हो (पृ. ६५) ।

Rosenau (1976) ले 'World Politics' पुस्तकमा जेम्स एल रोसेनाउ, केनेथ डब्लु, थम्सन्, ग्याभिन बोइडले वैदेशिक नीतिबारे आफ्नो एउटा अध्ययन प्रस्तुत गरेको उल्लेख गरेका

छन् । उनले आगमन र निगमन विधिमा वैदेशिक नीतिको विश्लेषण गर्दछन् र स्थान, समय तथा नियमित अतिक्रमणको सम्बन्धमा योजना तथा व्यवहारको रूपमा वैदेशिक नीतिको प्रमुख स्रोतहरूबारे चर्चा गरेका छन् । राजनीतिकर्मी र कर्मचारीहरू संकिर्ण र स्वार्थी भए पनि विदेशनीति निर्माणमा उनीहरूको ठुलो भूमिका हुन्छ भन्ने कुरा उल्लेख गरेका छन् (पृ.२७३) ।

Kumar (1980) ले 'Nepal year of decision' पुस्तकमा २००७ सालको क्रान्तिमा राजा त्रिभुवनले जनतासँग मिलेर भारतको सहयोगमा राणाहरूको तानाशाही शासनबाट देशलाई मुक्त पारेर त्यही वर्ष (सन् १९५०) नेपालको इतिहासको कोसेढुङ्गा साबित भयो भन्ने तथ्य स्पष्ट पारेका छन् । सन् १९६० मा संसद्वादी व्यवस्थालाई विघटन गर्दै राजा महेन्द्रले राज्यशक्ति आफ्नो हातमा लिएपछि नेपालको वैदेशिक नीतिमा चीन र भारतबिच सन्तुलन कायम गर्नु र भारतको समर्थन पाएका भनिएका र आफूले विश्वास नगरेका लोकतान्त्रिक दलहरूबाट आफ्नो सत्तामाथि खतरा देखेर उनले चीनको समर्थन खोजेको भन्ने कुरा प्रस्तुत पुस्तकमा उल्लेख गरेका छन् (पृ. ७५) । सन् १९६०देखि १९७२ सम्मको आफ्नो शासन अवधिभरि उनलाई चीनको समर्थन रहेको मात्रै नभई विशेषतः सन् १९६२ मा चीन-भारतबिच भएका युद्धपछि नेपाललाई आर्थिकलगायत अन्य कुरामा महत्त्वपूर्ण सहयोग चीनले निरन्त प्रदान गर्दै आएको कुरा उल्लेख गरेका छन् । लेखले नेपाल, भारत र चीनसँगको सम्बन्धमा चीन-भारत युद्धले पारेको प्रभावको विस्तृत विवरण पनि पेस गरेका छन् ।

Khanal (1985) ले 'Nepal non-isolationist foreign Policy' पुस्तकमा विदेशनीतिलाई आन्तरिक नीतिबाट अलग गरेर हेर्न सकिदैन भन्ने बहसलाई अगाडि सारेका छन् । उनले जर्मनीमा भएको भूराजनीतिको उद्भव र विकासको परिवेश धेरै हदसम्म नेपालसँग मिल्ने र नेपालका लागि उपयोगी हुने भएकाले वैदेशिक मामलालाई साँघुरो अर्थमा मात्रै लिइनु हुँदैन भन्ने तर्क दिएका छन् । विदेशनीति विज्ञको रूपमा उनले नेपालको वैदेशिक नीतिको सम्बन्धमा धेरै पुस्तकहरू लेखेका छन् (पृ. ७३) ।

Grovar (1992) ले 'China, Japan and India's Foreign Policy' पुस्तकमा भारतको विदेशनीति तथा चीन र जापानसँग उसको सम्बन्धलाई आलोचनात्मक रूपमा विश्लेषण गरेका छन् । चीन र जापान जस्ता शक्तिशाली छिमेकीहरूसँग भारतको सम्बन्धलगायत नेहरूको असंलग्न नीतिबारे विशेष रूपमा चर्चा गरेका छन् । उनले भारत र जापानबिचको शताब्दीयौ पुरानो ऐतिहासिक सम्बन्धहरू उल्लेख गरेका छन् । पुस्तकले समावेश गरेको एउटा महत्त्वपूर्ण तथ्य भनेको तेस्रो विश्वका देशहरूमा शान्तिपूर्ण सहअस्तित्वको सिद्धान्तमा आधारित

विदेशनीतिको विकासमा चाओ र नेहरू दुवैको योगदानलाइ उल्लेख गरेका छन् । जापान र भारतबिचको सम्बन्ध विशेषतः व्यापारको सम्बन्ध हो तर भारतले आफ्ना निकटतम छिमेकीहरूसँग त्यत्ति राम्रो सम्बन्ध कायम राख्न सकेको छैन भन्ने कुरा उनले उल्लेख गरेका छन् (पृ. ७८) ।

Kodikara (1993) ले 'External compulsion of south Asian politics' पुस्तकमा अन्तर्राष्ट्रिय व्यवस्थाले दक्षिण एसियाली उपव्यवस्थालाई प्रभाव पारेको छ भन्ने कुरा देखाएका छन् र यसले सीमा वारपारका क्षेत्रभित्रका अन्तरक्रियाहरूलाई पारेको प्रभाव पनि उल्लेख गरेका छन् । यस पुस्तकमा उनले दक्षिण एसियाको रणनीति, चीन, सोभियत रुस र सं.रा.अमेरिकासँग यसको सुरक्षा सम्बन्धबारे उल्लेख गरेका छन् (पृ. १९) ।

खन्ना (१९९४) को कृति ‘अन्तर्राष्टिय सम्बन्ध’ मा उदारवादले स्वतन्त्रता, सहकार्य, शान्ति र प्रगतिलाई जोड दिन्छ । व्यक्तिगत स्वतन्त्रता, सम्पत्तिको स्वतन्त्रता र व्यक्तिवादको वकालत गर्ने उदारवादी दर्शनको सुरुवात जोहन लकले १७ औँ शताब्दीमा र इम्यानुअल कान्टले १८ औँ शताब्दीमा गरेको भनिन्छ (पृ. ६) । उदारवादी राज्यमा शक्ति पृथकीकरणको सिद्धान्त अवलम्बन गरिएको हुन्छ, जसले गर्दा सरकारका विभिन्न शाखामा शक्ति विभाजित हुन्छ । संसद्, सरकार र न्यायपालिकामा शक्ति विभाजित हुने भएकाले शक्तिको प्रयोगमा सन्तुलनको सिद्धान्त लागु गरिएको हुन्छ । उदारवादले शान्तिपूर्ण प्रजातान्त्रिक सिद्धान्तमार्फत अन्तर्राष्ट्रिय सम्बन्ध निर्माण गर्दछ । त्यसैले प्रजातान्त्रिक राष्ट्रहरू एक-अर्काका विरुद्धमा युद्ध गर्दैनन् भन्ने मान्यता वर्तमान विश्व उदारवादी विश्व व्यवस्थामा बाँचेको छ । दोस्रो विश्वयुद्धपछि अन्तर्राष्ट्रिय सङ्गठन र संस्थाहरूमार्फत विश्व व्यवस्था कायम राख्ने र घरेलु राजनीतिमा उदारवादी संस्थाहरूमार्फत शक्तिको दुरुपयोग हुन नदिने पद्धतिको विकास भएको छ ।

अन्तर्राष्ट्रिय कानुनले युद्धलाई निषेध गरेको छ, यदि कुनै राष्ट्रले यसको उल्लङ्घन गर्‍यो भने उसलाई संयुक्त राष्ट्र सङ्घमार्फत आर्थिक सहयोग रोक्ने, कूटनीतिक सम्बन्ध विच्छेद गर्ने जस्ता कार्यहरू गरेर नियन्त्रण समेत गर्दछ । उदारवादी विश्व व्यवस्थाका बारेमा १९९९ मा ड्यानियल ड्युड्नी एण्ड जी. जोहन लकेन्बेरीले विश्व अन्तरसम्बन्धित तिन विषयमा प्रष्ट पारेका छन् । प्रथम, अन्तर्राष्ट्रिय कानुनहरू अन्तर्राष्ट्रिय संस्थाहरूमार्फत लागु गर्ने र अन्तर्राष्ट्रिय पद्धतिको निर्माण गर्ने, संयुक्त राष्ट्र सङ्घमार्फत आफ्नो सदस्य राष्ट्रमार्फत एउटै आवाज उठाउने दोस्रो, अन्तर्राष्ट्रिय खुल्ला विश्वबजार व्यवस्था निर्माण गर्न विश्व बैङ्क, अन्तर्राष्ट्रिय मुद्राकोष, विश्व व्यापार सङ्गठन जस्ता संस्थाहरूमार्फत उच्चस्तरीय व्यापार र

आपसी फाइदा जस्ता कुरामा जोड दिँदै शान्तिपूर्ण सम्बन्ध निर्माण गर्न भूमिका खेल्ने हुन् । तेस्रो, उदारवादी अन्तर्राष्ट्रिय मान्यताले अन्तर्राष्ट्रिय सहकार्य, मानवअधिकार, प्रजातन्त्र, कानुनी शासनमा जोड दिन्छ । खुल्ला व्यापार, निजीकरण, न्यूनतम कर जस्ता कुरालाई लागु गराउने गर्दछ । सन् १९९० मा सोभियत सङ्घको विघटनसँगै फ्रान्सिस फुकुयामा (१९९२) ले विश्वमा उदारवादी व्यवस्था निर्विकल्प रूपमा अगाडि बढेको र संसारबाट वैचारिक लडाइँ अन्त्य भएको घोषणा गरे । विश्वव्यापीकरण, निजीकरण, उच्च वैयक्तिक स्वतन्त्रता जस्ता कुराले उदारवादी विश्व व्यवस्था संसारभरि मौलाइरहेको छ ।

खास गरेर सन् १९७० पछि उदारवादी विश्वव्यवस्थाका कारण संसार एक-अर्कोमा भर पर्नुपर्ने अर्थात् अन्तर्सम्बन्धित भएर चल्नुपर्ने जबर्जस्त स्थिति सिर्जना हुँदै गइरहेको छ । उदारवादका कारण आज अन्तर्राष्ट्रिय क्षेत्रमा सैनिक शक्तिभन्दा आर्थिक शक्तिको प्रभाव बढी पेचिलो हुँदै गएको छ । लेनिनकाअनुसार युरोपियन पुँजीवादले लगानीमार्फत उपनिवेश कायम गरी ठुलो नाफा कमाइरहेको हुन्छ । लेनिनकाअनुसार औद्योगिक धनी देशले गरिब देशमाथि औपचारिक वा अनौपचारिक रूपमा उपनिवेश कायम गरेर सस्तो ज्यालामा मजदुरहरूलाई खरिद गरी तेस्रो विश्वमा शोषण कायम गरिरहेको छ । यसलाई वर्गहरूको विश्वव्यापी सम्बन्ध, जसअनुसार विश्वका मजदुरहरूले गरिब र उत्पीडित देशहरूमा क्रान्ति सम्पन्न गर्ने छन् र त्यही क्रान्तिमार्फत आफ्नो श्रम, साधन स्रोत र राज्यको मालिक आफै बन्ने छन् । त्यसैले मार्क्सवादले पुँजीवादले कायम गरेका उपनिवेशवाद नवउपनिवेशवाद विरुद्ध विश्वव्यापी रूपमा वर्गसङ्घर्षलाई जोड दिएको हुन्छ । त्यसैले पुँजीवादको प्रतीक उत्तरी ध्रुव र गरिब देशको प्रतीक दक्षिणी ध्रुवबिच निरन्तर वर्गसङ्घर्ष भइरहेको छ । वर्गसङ्घर्षको यो विश्व स्वरूपलाई अन्तर्राष्ट्रिय सम्बन्धमा विश्व पद्धति पनि भनिन्छ (पृ. ३६) ।

Armostrong (1997) ले 'Revolutionary Diplomacy' पुस्तकमा अन्तर्राष्ट्रिय कूटनीतिमा विचारको प्रभावले धेरै असर गरेको हुन्छ, खासगरी साम्यवादी दर्शन र विचारका आधारमा साम्यवादी मुलुकमा राज्यको रणनीतिक स्वार्थ र आर्थिक विकासका बारेमा सोच्ने र व्याख्या गर्ने गरिन्छ भन्ने कुरा उल्लेख गरेका छन् । माओका पालामा चीनले संयुक्त मोर्चा सम्बन्धी अवधारणामार्फत विश्व राजनीतिमा सम्बन्ध अगाडि बढाउन खोज्यो । विदेशनीति कुनै विचार वा दर्शनका आधारमा नभई यथार्थ व्यवहारका आधारमा हुनुपर्नेमा माओकालीन चिनियाँ कूटनीतिमा विचारको पक्षलाई जोड दिइएको पाइन्छ (पृ. ४-६) । चिनियाँ विदेशनीतिमा विचारको प्रभावका कारण अन्तर्राष्ट्रिय पद्धति र विवादहरूमा प्राथमिक असर परेको देखिन्छ । एकप्रकारले माओवादी विचारधाराका आधारमा विदेशनीतिबारे निर्णय गर्नु चिनियाँ विदेशनीति

निर्माणमा विचारको प्रभावलाई लिन सकिन्छ (पृ. ९) । राष्ट्रिय स्वार्थको सोंच आफैमा क्रान्तिकारी विचारधाराको भाग हो । साम्यवादी राज्यमा राष्ट्रिय स्वार्थ र विचारधाराबिचको सम्बन्ध र अन्तर्राष्ट्रिय कूटनीतिमा सामान्यतया समस्या देखिन्छ ।

स्तालिन कालमा अन्तर्राष्ट्रवादलाइ सोभियत सङ्घको सुरक्षाको रूपमा व्याख्या गरियो भने विश्वक्रान्तिले सोभियत सत्ताको संरक्षण तथा रक्षा गर्ने विचारधारावादका आधारमा अन्तर्राष्ट्रवाद र राष्ट्रिय स्वार्थको रक्षा गर्ने कुरा सोभियत कम्युनिष्टहरूको नीति हो । त्यसैले विचारधारालाई पहिलो स्थान दिएको पाइन्छ (पृ. ७) । माओकालमा चिनियाँ विदेशनीतिमा मुख्यतः संयुक्त मोर्चाको गठबन्धन गर्ने र विदेशबाट हुने सुरक्षा धम्कीको सामना गर्ने नीति अगाडि बढाइयो । यस्तो मोर्चा राष्ट्रिय र अन्तर्राष्ट्रिय तरमा निर्माण गरिएको थियो । लेनिनको यो नीतिलाई माओले आत्मसात् गरे । लेनिनकाअनुसार संक्रमणकालमा अस्थायी रूपमा बुर्जुवा शक्तिसँग सम्झौता गर्नुपर्दछ भन्ने तथ्यलाई माओले फरक परिस्थितिमा लागु गरे । लेनिनले जर्मन हिटलरका विरुद्ध फ्रान्स र बेलायतसँग कार्यगत एकता गरेर साम्राज्यवादीलाई सुरक्षाका लागि रोक्ने काम गरे । विचारधारात्मक सोचकै आधारमा सन् १९४६ पछि विश्व कम्युनिष्ट र पुँजीवादी धारमा विभक्त हुन पुग्यो । संयुक्त मोर्चाको अवधारणा माओ विचारधाराले लियो । संयुक्त मोर्चा भनेका कम्युनिष्ट राज्यहरूबिच, कम्युनिष्ट पार्टीहरूबिच भएको एकता हो जो साझा शत्रुसँग दीर्घकालीन क्रान्तिकारी लक्ष्य पूरा गर्न गरिएको हुन्छ ।

चिनियाँ क्रान्तिको समयमा सोभियत बोल्सेभिक पार्टीसित चिनियाँ कम्युनिष्ट पार्टीको सहकार्य संयुक्त मोर्चाको नीतिकै आधार हो । चीनमा जापानी साम्राज्यवादका विरुद्ध लड्नको लागि चिनियाँ कम्युनिष्ट पार्टीले तत्कालीन चिनियाँ शासक च्याङकाइसेकसँग संयुक्त मोर्चा बनाएको थियो । साझा ठुलो शत्रुका विरुद्ध साझा उद्देश्यका लागि कार्यगत एकता गरी मुख्य शत्रुका विरुद्ध लडाई केन्द्रित गर्नु संयुक्त मोर्चाको उद्देश्य हो । यस प्रकारको कूटनीतिलाई माओकालीन क्रान्तिकारी कूटनीतिको रूपमा विश्लेषण गर्ने गरिन्छ । नेपालमा पनि यस प्रकारको नीतिको यहाँका राजनीतिक दलहरूले प्रयोग गरेको पाइन्छ । राजतन्त्र अन्त्यको लागि तत्कालीन माओवादी र सात राजनीतिक दलबिचमा संयुक्त मोर्चा बनाई दोस्रो जनआन्दोलन सम्पन्न गरी मुलुकमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भई व्यावहारिक अभ्यास भइरहेको छ ।

Parker (1998) ले 'Origins of Geopolitics: Past, present and future' पुस्तकमा पार्करले भूराजनीतिको मौलिकताबारे प्रकाश पार्दै यस नीतिको विकासका सङ्केतहरू उल्लेख

गरेका छन् । यसका भविष्यबारे चर्चा गरेका छन् साथै यस पुस्तकले भूराजनीतिक चीनतनको अवधारणात्मक आधार तथा उपयुक्त प्रविधिको उपयोगबारे व्याख्या गरेका छन् र तिनीहरूका अवधारणको सूचनाको आधार नै दर्शाएका छन् । त्यस्तै Dahal (1998) ले 'The political economy of small states' पुस्तकमा नेपालको भूराजनीतिक अवस्थितिको महत्त्व नै नेपाली वैदेशिक नीतिको आधारभूत तथ्य हो भन्ने कुरा प्रकाश पारेका छन् । यस पुस्तकमा विगत र वर्तमान अवस्थामा नेपाल र यसको भौगोलिक परिवेशबारे उनले निकै गम्भीरतापूर्वक विश्लेषण गर्ने प्रयास गरेका छन् । राजा महेन्द्रको वैदेशिक नीति पनि राष्ट्रिय पहिचान र राष्ट्रिय स्वार्थमा आधारित थियो भन्ने कुरा उनले औँल्याएका छन् (पृ. १६५)।

Potter (1999) ले 'Geographical Development' पुस्तकमा विशेषतः नेपाल चीन सीमा विवाद, नेपाल भारत सीमा विवाद, भारत पाकिस्तान सीमा विवादलगायतका अन्तर्राष्ट्रिय सीमा विवादबारे अन्तर्राष्ट्रिय सीमा अनुगमनसम्बन्धी दृष्टिकोणहरूलाई उल्लेख गरेका छन् । यस पुस्तकमा कालापानी विवाद, ब्रिटिस इष्ट इण्डिया कम्पनी र नेपालबिच सन् १८१६ मा भएको सुगौली सन्धिबारे पनि वर्णन गरेका छन् । यस कार्यपत्रमा उनले स्पष्ट शब्दमा महाकाली नदी नै सीमा नदी हो भन्ने कुरा उल्लेख गरेका छन् । त्यस्तै लिपुलेक होइन, लिम्पियाधुरा नै नेपालको भु-भाग हो भन्ने कुरा उल्लेख गरेका छन् (पृ. १८५) । सार्वजनिक कूटनीतिले राष्ट्रको रणनीतिक स्वार्थलाई सहयोग गर्दछ । अन्तर्राष्ट्रिय समुदायसँगको अन्तरक्रिया र संवादमार्फत विश्वास सिर्जना गरी राष्ट्रिय सुरक्षालाई सुदृढ गर्न सकिन्छ । अन्तर्राष्ट्रिय रूपमा भाइचारा सम्बन्ध कायम गर्ने र विचार आदान प्रदान गर्दै व्यापारलाई प्रवर्द्धन गर्न चीनको सार्वजनिक कूटनीति महत्त्वपूर्ण छ ।

चीनको सार्वजनिक कूटनीति चिनियाँ सरकारबाट निर्देशित छ । यसका लागि सरकारले सम्पूर्ण सहयोग गर्दछ । सम्बन्धका हिसाबले सरकारले यस्ता प्रकारको संयोजन गर्नु पर्दछ भने प्राविधिक रूपमा गैरसरकारी संस्था, बौद्धिक व्यक्तित्वमार्फत प्रचार कार्य गर्दा प्रभावकारी हुने गर्दछ । सार्वजनिक कूटनीतिको प्रमुख उद्देश्य नै विदेशी समुदायलाई आफ्नो देशप्रति सकारात्मक दृष्टिकोण निर्माण गर्ने र उनीहरूमा राष्ट्रिय प्रभाव पार्नु हो । परराष्ट्र मन्त्रालयको भूमिका भने फरक हुन्छ (पृ. ६१) । चीनले सार्वजनिक कूटनीतिको रूपमा नरम शक्ति सांस्कृतिक कूटनीति, मिडिया प्रचार प्रसारलाई जोड दिएको देखिन्छ । सिन्ह्वा न्युज एजेन्सी, टेलिभिजन तथा रेडियो, अङ्ग्रेजी पत्रिका (चाइना डेली), अफ्रिकन साप्ताहिक, एसियन साप्ताहिक, ग्लोबल टाइम्स, बेइजिङ रिभ्यु, चिनियाँ वैदेशिक भाषा प्रकाशन व्युरो, चाइना अन्तर्राष्ट्रिय प्रकाशन ग्रुपलगायत सांस्कृतिक सम्बन्धका लागि शिक्षा मन्त्रालय, संस्कृति

मन्त्रालय, चिनियाँ पिपुल इनिस्टिच्युट, चिनियाँ वैदेशिक जनमैत्री सम्बन्ध सङ्घ, कन्फुसियस इनस्टिच्युटलगायतका संस्थाहरूले चीनको सार्वजनिक कूटनीति (पब्लिक डिप्लोमेसी) विस्तारका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् ।

Manandhar (1999) ले 'Culture and political aspects of Nepal China relations' पुस्तकमा सन् यात्सेनले आफ्नो नेतृत्वमा तत्कालीन चीनका मञ्चु वंशद्वारा राजतन्त्रात्मक शासनका विरुद्ध आन्दोलन गरी अन्त्यमा मञ्चु शासनलाई परास्त गरे पछि १९१३ मा चीनमा गणतान्त्रिक सरकारको स्थापना गरी सन् यात्सेन गणतन्त्र चीनका प्रथम राष्ट्रपति बनेको कुरा उल्लेख गरेका छन् । राष्ट्रपति बने लगत्तै उनले नेपाललाई चीनको पकडमा राख्नका लागि विभिन्न पाँच वर्णहरूको गणतन्त्र (चिनियाँ, तिब्बती, मंगोल, मञ्चु, मुस्लिम) र नेपाललाई पनि नेपाली चाइनाको रूपमा आबद्ध हुन अपिल गरेका थिए । तर नेपालका तत्कालीन प्रधानमन्त्री श्री ३ चन्द्र शम्शेर राणाले सन् १९१३ मार्च १६ मा चिनियाँ सैनिक जनरल चुङ समक्ष नेपाल सरकारका तर्फबाट चीनका राष्ट्रपति सन् यात्सेनको उक्त विचारप्रति असहमति जनाएको छ भनी खण्डन गरे (पृ. ४३) । नेपालले चीनलाई प्रत्येक पाँच वर्षमा एकपटक सौगात वा उपहार बुझाउनु पर्ने प्राब्धान थियो । तर पछि सो समय अवधिलाई बढाएर १२ वर्षमा बुझाए हुने प्राब्धान राखियो । सन् १९३९ मा माओत्सेतुङले अन्तिम पटक नेपालमाथि पुनः दाबी गरेका थिएजुन वर्तमान अन्तर्राष्ट्रिय अवस्थामा सम्भव देखिँदैन ।

सन् १९५५ अक्टुबर १ मा पञ्चशीलका पाँच सिद्धान्तका आधारमा नेपाल चीन कूटनीतिक सम्बन्धले वैधानिक रूपमा बाटो खुलाइदिएपछि सन् १९५६देखि यता नेपाल र चीनबिच भएका विभिन्न सन्धि सम्झौताबाट दुई देशीय सम्बन्ध सुमधुर, विश्वसनीय र सुदृढ हुँदै आएको छ र सन् १९५५ पछि तत्कालीन चीनले नेपालमाथि गरेका कुनै पनि दाबीको कहिल्यै पनि पुनरावृत्ति गरेको छैन (पृ. १४३-४४) । लेखकले आफ्नो पुस्तकमा उल्लेख गरेझैं प्रत्येक राष्ट्रहरूको आ-आफ्नो राष्ट्रिय स्वार्थ हुन्छ, जसमा ठुला र शक्तिशाली कहलिएका राष्ट्रहरूले विकासोन्मुख र आकारमा साना राष्ट्रहरूमाथि हैकम जमाउँदै दबाव र प्रभावमा राख्न पछि हट्दैनन् । तर साना आकारका विकासोन्मुख राष्ट्रले आफ्नो अस्तित्व र स्वाधीनता रक्षाका लागि जस्तोसुकै परिस्थितिमा पनि शक्तिशाली राष्ट्रको हैकम विरुद्ध सैनिक, कूटनीतिक, वैचारिक र जनस्तरीय तहबाटप्रतिवाद गर्ने नै छन् । यो गुण र क्षमताकै कारण नेपालका ठुला छिमेकी राष्ट्र चीन र भारत विदेशी साम्राज्यका अधीनमा रहेको तर नेपाल आजपर्यन्त कुनै पनि विदेशीको अधीनमा नरहेको विषयलाई चीन र भारतले राम्रोसँग बुझेको हुँदा त्रिदेशीय सम्बन्धबाटै मिलेर अगाडि बढ्नुपर्ने लेखकले आफ्नो कृतिमार्फत जोड दिएका छन् ।

श्रेष्ठ (सन् १९९९) ले ‘चीनः एक जानकारी’ पुस्तकमा चीनको योगदानले आज विश्व मानव सभ्यताका लागि प्रशासकीय संरचनाको विकास, मुद्रा प्रणालीको प्रचलन, दैनिक उपभोग्य वस्तु र चलन चल्तीका रूपमा प्रयोग भइरहेको उल्लेख गरेका छन् । जबकि अमेरिकी सभ्यताको विकास धेरैपछि अर्थात् बेलायती उपनिवेशबाट स्वतन्त्र भइसकेपछि मात्र सुरुवात भएको पाइन्छ (पृ. १५) । चिनियाँ जनताले उपभोग गर्ने मानव अधिकार व्यापक र मौलिक रहेको पाइन्छ । यसभित्र जनताको अस्तित्वको अधिकार तथा जनताको उन्नति र संरक्षण गर्ने विकास, मानव अधिकारसहितको व्यक्तिगत मानव अधिकार, सामुदायिक मानव अधिकार, राजनीतिक अधिकार, आर्थिक अधिकार, सांस्कृतिक अधिकार र सामाजिक अधिकारलगायतका मानव अधिकारहरू रहेको पाइन्छ । चीनमा त्यहाँको अदालत, प्रशासन र सुरक्षा निकायहरूले गरेको काम कारवाही तथा गतिविधिहरूका विरुद्ध स्वतन्त्र रूपमा कानुनी सुपरिवेक्षण गर्ने अधिकार सम्पन्न जनअख्तियारवालाको व्यवस्था गरिएको छ । यिनीहरूको चरित्र जनमुखी एवम् समाजमुखी स्वरूपको हुने भएकाले यसलाई चीनको समाजवादी व्यवस्थाको औजार मानिन्छ ( पृ. ७५) ।

Shrestha (2000) ले आफ्नो पुस्तक 'Boarder of Nepal' मा भारतीय पक्षबाट भएको जङ्गे पिलरमाथिको अतिक्रमणकलाई नेपाली भूभागमाथिको अतिक्रमणका रूपमा लिंदै ११,७९,००० रोपनी नेपाली जमिन भारतले मिचेको कुरा औँल्याएका छन् (पृ. ८२) । जङ्गे पिलर नै नेपालका खास सीमा स्तम्भ हुन् तिनलाई हटाएर भारतले कोसी ब्यारेज निर्माण गरेको हो । वास्तविक सीमालाई मिचेर बाँध निर्माण गर्न नमिल्ने कुरा पनि उनले उल्लेख गरेका छन् । नेपाल भारतबिच सीमा समस्यालाई राष्ट्रिय र अन्तर्राष्ट्रिय मञ्चहरूमा उठाउने उनले सन् १९५० देखि नेपालमा धेरै सरकारहरू गठन र विघटन भए पनि समस्या त्यत्तिकै रहेको स्पष्ट पारेका छन् । वैदेशिक मामलासम्बन्धी सङ्घ संस्थाहरूले समस्याको समाधानको लागि भन्दा पनि औपचारिकता पूरा गर्नका लागि मात्रै सेमिनार र बैठकहरू आयोजना गर्ने गर्दछन् । राज्य नागरिकका लागि महत्त्वपूर्ण कुरा हो तर नागरिकले मात्रै राज्य हुँदैन भन्ने कुरा यस पुस्तकको सार रहेको छ। यस पुस्तकमा चीनसँगको सीमा सम्बन्धका बारेमा उल्लेख गरे तापनि खासै विश्लेषण गरिएको देखिँदैन ।

Prakashchandra and Arora (2000) ले 'International relations' पुस्तकमा अर्जेन्टिनाका अर्थशास्त्री राउल प्रेविसले सन् १९५० को दशकमा अन्तरर्निभर सिद्धान्तकोप्रतिपादन गरेको उल्लेख गरेका छन् । उनकाअनुसार यो आर्थिक सोच धनी र गरिब राष्ट्रकाबिच आर्थिक अन्तरनिर्भरतामा आधारित छ । यो सिद्धान्त धनी राष्ट्रहरूले आफ्नो धन गरीब राष्ट्रमा विस्तार

गरी आर्थिक वृद्धि र फाइदा लिएका हुन्छन् । औद्योगिक राष्ट्रहरूकै कारण गरिब देशमा आर्थिक समस्या पैदा भएको र गरिब राष्ट्रले दैनिक उपभोग्य वस्तु धनी राष्ट्रसँग कच्चा पदार्थसँग साट्न परेको कारण धनी र गरिब राष्ट्रकोबिचमा समान आर्थिक विकास हुन सकेको देखिँदैन ( पृ. १४८) । दुईभन्दा बढी अर्थतन्त्र र विश्वव्यापारमा केही देशहरूको सम्बन्ध एउटाले अर्कामाथि प्रभाव जमाएको हुन्छ त्यसको प्रभाव र विस्तारले तत्काल विकासको लागि नकारात्मक र सकारात्मक असर पारिरहेको हुन्छ । विकासोन्मुख देश तथा क्षेत्रिय एकीकरणले अझै दिगो आर्थिक नीति र वातावरण सिर्जना गर्दछ । यसले शक्तिको वृद्धि गर्नुका साथै आन्तरिक बहुराष्ट्रिय व्यापार सहजीकरणमा शक्तिको वृद्धि गर्दछ । यसले अन्य क्षेत्रको व्यापारमा समेत प्रभावकारिता वृद्धि गर्दछ । यसले वैदेशिक लगानीलाई आकर्षण गर्दछ र विकासोन्मुख राष्ट्रलाई फाइदा गर्दछ ।

Manandhar and Mishra (2001) ले ‘नेप्लीज क्विन्कीनायल मिसन टु चाइना (१७९२-१९०६)’ पुस्तकमा नेपालदेखि चीनको पेकिगसम्मको कठिन तथा चुनौतीपूर्ण यात्रालाई मध्यनजर गरी नेपाल र चीनबिच पञ्चवर्षीय मिशन पठाउने कार्यको थालनी भएको र ब्रिटिस फौजले तिब्बत कब्जा गर्न गोरखा फौज परिचालन गरी यो अभियानमा अवरोध गरेको कारण आर्थिक उन्नयन हुन नसकेको उल्लेख गरेका छन् । यस मिशनले नेपालको राष्ट्रिय हित तथा व्यापार प्रवर्द्धनका क्षेत्रमा  पूर्ण भूमिका खेलेको थियो । तर नेपालको परराष्ट्रनीति राणाहरूको स्वेच्छामा सञ्चालित हुने हुँदा शक्तिशाली मिसनलाई सन् १९०६ पछि कमजोर बनाई राणाहरूले पारिवारिक स्वार्थअनुसार प्रयोग गरे । फलतः दुई देशबिचको बढ्दो सुमधुर सम्बन्धमा दरार देखा पर्‍यो र राणाहरू त्रसित समेत भए । साथै बाह्य शक्तिको हस्तक्षेपका कारण नेपालले चीनसँग निरन्तर दुइपक्षीय सम्बन्धलाई तात्कालीन समयमा प्रवर्द्धन गर्न सकेको थिएन भनी उनले प्रष्ट पारेका छन् । नेपालका अधिकारीहरूले व्यापक मात्रामा अफिम बिक्री गर्न र डेलिगेट सुविधाअनुसार कर नतिरी आपूर्ति गर्न पाउनु पर्ने सर्तअनुसार चीनमा अफिमको कारोबार गर्दा कूटनीतिक मर्यादा विपरीत काम गरे । यसले जङ्गबहादुर राणा र उनका भाइहरूलाई उनको निहित स्वार्थ परिपूर्तिका लागि सहज भयो । तर नेपाल र नेपालीहरूको हित हुन सकेन (पृ. १४२) । नेपालको राजनीतिमा राणाहरू हाबी भएदेखि विशेषतः १८५२ को मिशन राष्ट्रिय हित भन्दा पनि राणा प्रधानमन्त्री र उनका नातेदारहरूको व्यापार प्रवर्द्धनका लागि विशेष थियो । १८५२ देखि १९०६ सम्मका सबै छ वटा मिशन अफिमको व्यापार गरी मनग्य नाफा कमाउने गतिविधिमा विशेष केन्द्रित थिए (पृ. २३७) ।

थापा (वि.सं. २०५८) ले 'चीनको राजनीतिक इतिहास' मा समाजवादी अर्थतन्त्रको निर्माण चिनियाँ चरित्रको समाजवाद अन्तर्गत यसले समाजवादी बजार कार्यक्रमको विकास गर्नुलाई व्याख्या गरेका छन् । चिनियाँ कम्युनिष्ट पार्टीको १४ औँ राष्ट्रिय कंग्रेसले सर्वप्रथम यस किसिमको अर्थतन्त्रको लक्ष्य राखेको थियो भने पार्टीले यसको सम्बर्द्धन र विकास गर्ने लक्ष्य राखेको छ । चीनले वैज्ञानिक समाजवादको आधारभूत सिद्धान्त परित्याग गर्नु हुँदैन नत्र यो समाजवाद हुन सक्दैन । चिनियाँ विशेषतासहितको समाजवादले चीनको विकास गर्न सक्दछ । चीनमा हाल अनुसरण गरिएको समाजवादको प्राथमिक चरणको मुल नीति र निर्देशन अन्तर्गत भावी मार्गदर्शन तय गर्दै जाने उल्लेख गरिएको छ (पृ. १२८) ।

विश्वेश्वरमान श्रेष्ठ (वि.सं.२०५९) 'चीनको समाजवादी अर्थतन्त्र' भन्ने कृतिमा सन् १९४९ को अक्टोबर १ मा अध्यक्ष माओत्सेतुङले जनवादी गणतन्त्र चीनको विधिवत् घोषणा गरेपश्चात् आर्थिक पुनरुद्धारका रूपमा चीनले आफ्नो समाजवादी अर्थतन्त्र प्रारम्भ गरेको उल्लेख गर्नु हुन्छ । चीनमा सञ्चालित सांस्कृतिक क्रान्ति (मे १९६६देखि अक्टोबर १९७६ सम्म) सुरु हुनुभन्दा ठिक अगाडि सन् १९७५ देखि १९६६ सम्मको समयावधिभित्र चीनले ठुलो स्तरमा समाजवादी जग निर्माण गरी आधारभूत उद्योग स्थापनामा फड्को मार्‍यो (पृ. २४) । चिनियाँ समाजवादी बजार अर्थतन्त्र सिद्धान्तकाप्रतिपादक तेङ स्याओ पिङको सिद्धान्तबाट विदेशी राष्ट्रहरूले पनि धेरै पाठ सिक्न सक्छन् ।

Ram K. Dahal (2000) ले आफ्नो पुस्तक 'Nepal and international system' मा छिमेकी राष्ट्रहरूसँग कसरी व्यवहार गर्ने र हालका दशकहरूमा देखापरेको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समस्याहरूको कसरी सामना गर्ने सम्बन्धमा चर्चा गरेका छन् । उनले २१ औं शताब्दीमा विदेशनीतिको महत्त्वबारे प्रकाश पार्दै नेपालको विदेशनीति, त्यसका विशेषताहरू, लक्ष्य र उद्देश्य, नेपालको वैदेशिक नीतिको निर्माण र सङ्गठन, नेपालको बाह्य सम्बन्ध, नेपाल र राष्ट्रसङ्घ, नेपालको विदेशनीतिका उपलब्धि र चुनौती, विश्व परिवेशमा यसको निर्माण आदिबारे पनि चर्चा गरेका छन् । उनले छिमेकीसँगको व्यवहारलाई सरकारको सफलताको मूल्याङ्कनको सबैभन्दा महत्त्वपूर्ण आधारका रूपमा प्रस्तुत गरेका छन् (पृ. ६७) ।

Pradhan (2003) ले 'Diplomatic strategy for Nepal' पुस्तकमा नेपालको वैदेशिक नीति र अन्तर्राष्ट्रिय मामिलामा यसको प्रभावकारी भूमिकाबारे व्याख्या गरेका छन् । कुनै राज्यको आन्तरिक मामिला, घरेलु सहयोग तथा अन्तर्राष्ट्रिय सम्बन्धमा वैदेशिक नीतिले प्रभाव पारेको हुन्छ र यसले कूटनीतिज्ञहरूको भूमिकाको महत्त्वलाई पनि दर्शाएको हुन्छ भन्ने स्पष्ट पारेका

छन् । यस पुस्तकमा उनले नेपालको वैदेशिक नीतिका विशेषता र यसका प्रमुख सवालहरू सम्बन्धमा समेत विस्तृत परिचर्चा गरेका छन् (पृ. ६३) । उनले नेपालको वैदेशिक नीति तथा यसका प्राथमिकताका विषयहरूबारे प्रकाश पारेका छन् । वैदेशिक नीति भनेको निरन्तर गतिशील र विकसित हुँदै जाने कुरा हो भन्ने मान्यताको आधारमा, नेपालको विदेशनीतिको निर्माणमा भौगोलिक-रणनीतिक तथ्य तथा घरेलु आर्थिक परिदृश्यलाई लेखकले समेटेका छन् । आफ्नो सुक्ष्म अवलोकन तथा विश्लेषणको आधारमा कूटनीतिको उचित कार्यान्वयनमाथि जोड दिएका छन् ।

राष्ट्र निर्माणको बेलादेखि नै पृथ्वीनारायण शाहले विदेशनीतिमा भू-रणनीतिक स्थितिले महत्त्वपूर्ण कारक तत्त्वका रूपमा काम गर्दछ भन्ने कुरा बुझेका थिए । त्यसैले उनले असंलग्नताको नीति अवलम्बन गरे भन्ने दाबी लेखकको रहेको छ । उनको यस दर्शनले दक्षिणतिर अङ्ग्रेजी साम्राज्यको बाढी र उत्तरतिर चीनको अलौकिक साम्राज्य जस्ता ठुला शक्तिहरूबिच रहनुको कारण सम्भावित जोखिम तथा अतिक्रमणबाट नेपालको स्वतन्त्रता तथा भौगोलिक एकता कायम राख्ने उद्देश्य लिएको पनि देखिन्छ ।

Dikshit (2004) ले 'External affairs' पुस्तक छिमेकीहरूसँग भारतको सम्बन्धका विषयमा लेखिएका विश्लेषणात्मक निवन्धहरूकोसँगालो हो । भारतका छिमेकीहरूमा मात्रै केन्द्रित नभई, सीमा तथा रणनीतिक छिमेकको विषयमा पनि यो कृति केन्द्रित रहेको लेखकको दाबी छ । ऐतिहासिक, सामाजिक-सांस्कृतिक, आर्थिक आयाम जस्ता छिमेकीहरूसँगको सम्बन्धमा बहु-आयामहरूबारे प्रकाश पार्नु लेखकको उद्देश्यदेखिन्छ (पृ. ८४) ।

के.सी. (वि.सं.२०६१) ले 'नेपालको कूटनीतिक इतिहास' नामक कृतिमा तत्कालीन राजा श्री ५ वीरेन्द्रले आफ्नो नयाँ नीतिका रूपमा सन् १९७५ फेब्रुअरी २५ मा नेपाललाई विश्व समुदाय समक्ष शान्तिक्षेत्रको प्रस्तावका लागि आह्वान गरे । यस प्रस्तावको मुल मर्म भनेको नेपाललाई समर्थन गर्ने राष्ट्रले नेपालमाथि सैनिक आक्रमण गर्नुहुँदैन भन्ने थियो । सन् १९८१ मा पेरिसमा आयोजित एक पत्रकार सम्मेलनमा तत्कालीन राजा वीरेन्द्रद्वारा अभिव्यक्त विचारले यस तथ्यलाई उजागर गऱ्यो जसमा भनिएको थियो नेपालको आन्तरिक मामिलामा बाह्य हस्तक्षेपलाई रोक्न नै सो प्रस्ताव अघि सारिएको थियो । यस प्रस्तावलाई चीनले तुरुन्त समर्थन गऱ्यो तर भारतले समर्थन गर्न चाहेन । नेपालको यो प्रस्तावले विश्वव्यापी मान्यताको स्वरूप लिँदै गयो ।

पोखरेल (वि.सं.२०६२) ले आफ्नो पुस्तक 'अन्तर्राष्ट्रिय सम्बन्धको विश्लेषण' मा साना राष्ट्रहरूले अन्तर्राष्ट्रिय राजनीतिमा पार्ने प्रभाव, उनीहरूको भूमिका र महत्त्वका बारेमा प्रष्ट्याउने प्रयत्न गरेका छन् । खास गरेर विश्व राजनीतिमा राष्ट्रहरूको उपस्थितिलाई ठुला, साना, मझौला गरी छुट्टयाउने प्रचलन भए तापनि सार्वभौमसत्ता प्रयोगको दृष्टिले सबै राष्ट्रहरू समान हुन्छन् । अन्तर्राष्ट्रिय राजनीतिमा ठुला शक्ति राष्ट्रहरूको प्रभाव महत्त्वपूर्ण हुने भए पनि साना राष्ट्रहरूको महत्त्व र भूमिकालाई न्यूनीकरण गर्न सम्भव नहुने अन्तर्राष्ट्रिय विद्वान्हरूको कथन रहेको छ ।

उनकाअनुसार जनसङ्ख्या, भूगोल, सैन्यशक्तिका आधारमा मात्र कुनै पनि राष्ट्रलाई सानो र कमजोर ठान्नु गलत हुन्छ । साना र कमजोर राष्ट्रहरूले अन्तर्राष्ट्रिय राजनीतिमा आफ्नो फरक अस्तित्व देखाउनका लागि शक्तिराष्ट्रहरूले भन्दा सम्पूर्ण काम कार्यवाहीमा जोड दिएका हुन्छन् । असंलग्न आन्दोलन यसको ज्वलन्त उदाहरण हो । उनीहरूले आर्थिक हितको पक्षमा आफूलाई निरन्तर उभ्याउने प्रयत्न गर्दछन् । आफूसँग भएको प्राकृतिक स्रोतका कारण साउदीलगायत अरब राष्ट्रले पेट्रोलियम पदार्थ (ओपिइएल)मार्फत शक्ति राष्ट्रहरूको महहत्वपूर्ण सम्बन्ध नीतिमा परिवर्तन ल्याउन सफल भए । संयुक्त राष्ट्र सङ्घ (युएनओ) जस्तो अन्तर्राष्ट्रिय संस्थामार्फत साना राष्ट्रहरूले अन्तर्राष्ट्रिय राजनीतिमा महत्त्वपूर्ण भूमिका खेल्न सफल भएका छन् । नेपाल जस्तो सानो राष्ट्रले संयुक्त राष्ट्र सङ्घमार्फत अन्तर्राष्ट्रिय शान्ति र आतङ्कवाद विरुद्ध तथा मानवअधिकारका पक्षमा खेलेको भूमिका महत्त्वपूर्ण रहेको छ । यस अर्थमा प्रस्तुत पुस्तक यस अध्ययनको लागि निकै सान्दर्भिक बनेको छ ।

Whelpton (2005) ले 'A history of Nepal' पुस्तकमा सन् १९५०-५१ मा राणाशासनको अन्त्यदेखि नेपालको इतिहासमाथि केन्द्रित रहेर आफ्ना धारणा प्रस्तुत गरेका छन् । नेपाल असाधारण विविधतायुक्त देश हो । प्राचीन कालदेखि नै यो भारत र चीनबिच मध्यवर्ती राष्ट्रका रूपमा रहँदै आएको छ भन्ने उनको विश्लेषण छ । त्यस्तै आफ्नो विदेशनीतिमा भारत र चीनको स्वार्थलगायत नेपालसँग भारतको निकटतम सम्बन्धलाई सन्तुलनमा राख्ने कुरामा नेपाललाई कठिन परिरहेको कुरा पनि उनले औँल्याएका छन् । त्यस्तै नेपाली काङ्ग्रेसलगायत नेपालका प्रमुख राजनीतिक दलहरूको इतिहास र तिनको विकाससँग भारतले निकट सम्बन्ध राख्दछ । यो पुस्तक नेपालको इतिहासमा सन् १९९९ देखि २००३ सम्मको सबैभन्दा सङ्कटको अवधिमा केन्द्रित रहेको छ । नेपालको समग्र इतिहासमाथि प्रकाश पार्ने एकमात्र अङ्ग्रेजी पुस्तक हुनु यसको विशेषता हो ।

Sharma (2006) ले 'Nepal struggle for existence' पुस्तकमा चिनियाँ र भारतीय सभ्यताबिच नेपालले खेलेको मध्यस्त भूमिकाबाट एउटा बिम्बिय संस्कृति निर्माण हुँदा त्यसको नेपालमाथि परेको प्रभावलाई सुक्ष्म रूपले विश्लेषण गरेका छन् । लेखकले ऐतिहासिक दृष्टिकोणबाट नेपालको चीन र भारतसँगको सम्बन्धका साथै ती सम्बन्धका विविध आयामहरूको चित्रण गरेका छन् । असंलग्नताको सिद्धान्तलाई सँधै अवलम्बन गर्ने तथा चीन र भारतजस्ता दुई ठुला शक्तिराष्ट्रहरू बिचको द्वन्द्वबाट आफूलाई अलग राख्ने कुरालाई नेपालले अभ्यास गरेको थियो । त्यसै विधिले मात्र नेपालको सार्वभौमिकताको रक्षा हुनसक्छ भन्ने लेखकको तर्क रहेको छ । त्यसैगरी भारतसँग नेपाल निकट रहनै पर्ने केही बाध्यात्मक कारणहरू (सांस्कृतिक, भौगोलिक र राजनीतिक) भए पनि चीनसँग पनि नेपालले मित्रवत् सम्बन्ध बनाउनु पर्दछ भन्ने मान्यता प्रधानमन्त्री वि.पी. कोइरालाले राखेका थिए भन्ने लेखकको तर्क रहेको छ । त्यसैले सन् १९५० को दशकदेखि १९६२ को चीन-भारत युद्धसम्म आइपुग्दा नेपालले असंलग्नताको सिद्धान्तलाई अङ्गीकार गरेको थियो । त्यसै आधारमा राष्ट्रसङ्घमा भएको मतदानमा नेपालले तिब्बतका मामलामा आफुलाई अलग राखेको थियो भन्ने कुरा पनि यस पुस्तकमा उल्लेख गरिएको छ ।

Rai (2006) ले 'Nepal's foreign policy: Historical outline and future prospectives' पुस्तकमा नेपालसँग व्यापक प्राकृतिक स्रोत साधन भएको र यसले नागरिक हितलाई सुनिश्चित गराउन उल्लेखनीय भूमिका खेल्दछ भन्ने स्पष्ट पारेका छन् । दसवटा शीर्षकमा विभाजन गरिएको यस पुस्तकको पहिलो अध्यायमा विश्व राजनीतिलाई पग्लिने भाँडोको रूपमा अत्यन्तै संवेदनशील, फकाउने खालको र आवश्यक परेको खण्डमा धम्की समेतको सहारा लिने संवेदनशील विषयको रूपमा उठान गरिएको छ । दोस्रो अध्यायमा नेपालको एकीकरणपूर्वको अवस्था र पृथ्वीनारायण शाहको दिव्योपदेशको प्रसङ्ग उल्लेख गरिएको छ । ‘जाई कटक नगर्नु झिकी कटक गर्नु’ भन्ने नै वास्तविक नेपालको भूराजनीतिक परिवेश हो । पृथ्वीनारायण शाहले अङ्ग्रेजसँग सिन्धुलीको पौवागढीमा क्याप्टेन किन्लकसँग लडाई लडेको जुन जयप्रकाश मल्लको समयमा अक्टोबर १७, १७६७ नेपाल आएका थिए । पृथ्वीनारायण शाहले बाह्य हस्तक्षेपबाट देशलाई जोगाउन क्रिश्चियन पास्टरहरूलाई सीमा कटाएका थिए । उनले नेपालको बाटो हुँदै ब्रिटिस सामग्रीहरू तिब्बत जान अनुमति दिएका थिएनन । उनको दिव्योपदेशले अर्थतन्त्रलाई मजबुत बनाउने कुरामा विशेष जोड दिएको छ । पृथ्वीनारायण शाह नेपालको परराष्ट्रनीतिका अगुवा हुन भन्नु पर्छ । राज्यलक्ष्मी र बहादुर शाहले एकीकरणको अभियानमा महत्त्वपूर्ण

योगदान गरेका थिए । भीमसेन थापा, अमरसिंह थापा जस्ता योद्धाहरूले इष्ट इण्डिया कम्पनीसँग समेत रणनीतिक युद्ध लडेका थिए ।

पृथ्वीनारायण शाहले थालनी गरेको नेपालको एकीकरण अभियान १८१६ को सुगौली सन्धिमा टुङ्गिन्छ । नेपालका परराष्ट्र मामिला सम्बन्धमा आधिकारिक संस्था जैशीखाना १७६९ मा स्थापना गरियो जसले अन्तराष्टिय नीतिहरू निर्माण गर्दथ्यो । सुगौली सन्धिपछि इष्ट इण्डिया कम्पनी नेपालको राजनीतिमा पहुँच बनाउन सम्पूर्ण शक्ति लगाएर तम्तयार रह्यो । शासकहरूलाई रिझाउन हरेक निर्दयी हत्कण्डाहरूको प्रयोग गरेर ब्रिटिस रेसिडेन्टले अन्तमा नेपालको परराष्ट्रनीतिको समेत निर्देशन गर्न थाल्यो । पृथ्वीनारायण शाहले दिएको दुई ढुङ्गाबिचको तरुलको उपमा आज पर्यन्त सान्दर्भिक छ । नेपालको भौगोलिक अवस्थिति परिवर्तन भएको छैन ।

सोही पुस्तकमा लेखकले ऐतिहासिक घटनाक्रमलाई चारवटा कालखण्डमा वर्गीकरण गरेका छन् । राणाशासन, अन्तरिम शासन व्यवस्था, शाही हस्तक्षेप र जनआन्दोलन (दोस्रो) पश्चात् । जङ्गबहादुर राणाले राणाशासन अवधि (१८४६-१९५१) मा इष्ट इण्डिया कम्पनीसँग एकदमै नजिकको सम्बन्ध राखेर वनारसमा निर्वासन्मा रहेका राजारानीहरूबाट हुन सक्ने जुनसुकै प्रकारका षड्यन्त्रलाई निस्तेज बनाउन सक्रिय थिए । त्यसबेला जङ्गबहादुर राणाले व्रिटेन र अरू युरोपेली राज्यहरूको लामो भ्रमण समेत गरेका थिए । राणाशासनमा खासै स्पष्ट परराष्ट्रनीति नै थिएन । २००७ सालको परिवर्तन भारतको संयोजकत्वमा दिल्लीमा भएकोले नेपालको मन्त्रीमण्डलको बैठकमा भारतीय राजदूत चन्द्रेश्वरप्रसाद समेत उपस्थित हुन पाउने व्यवस्था थियो । प्रधानमन्त्री नेहरूले संसद्मा मन्तव्य दिने क्रममा नेपालको विदेशनीति भारतसँग संयोजन गरिएको हुनेछ भन्ने गर्थे । सन् १८५४ मा मातृकाप्रसाद कोइरालाको नेतृत्वको सरकारको पालामा गरिएको कोसी सम्झौतालाई विशेष सम्बन्धको रूपमा पनि लिइएको थियो । उनको सरकारको विदेशनीतिका निम्न विशेषताहरू थिए:

(क) भारतसँग घनिष्ठ सम्बन्ध कायम गर्ने,

(ख) पक्षधरताको राजनीतिको पछि नलाग्ने,

(ग) संयुक्त राष्ट्र सङ्घको सदस्यताको लागि पहल गर्ने,

सन् १९५१ मा नेपालमा भ्रमण गर्ने नेहरू भारतीय प्रधानमन्त्री थिए जसले राजा त्रिभुवन समक्ष प्रस्तुत गरेको समझदारीपत्रमा (मे १८५४) (क) नेपालले विदेशनीति तथा विदेश मामिला सम्बन्धमा भारतसँग सम्पर्क गर्नुपर्ने, (ख) सिनो नेपालसम्बन्धी विषयमा समेत

भारतसँग सम्पर्क गर्नुपर्ने, (ग) नेपालले आवश्यक ठानेमा भारतले अरू देशसँगको सम्बन्धमा समेत सहयोग गर्न सक्छ । कोसी सम्झौता पछि नेपालको भूगोल र जलस्रोतमा भारतको पकड भएकोमा व्यापक हलचल भएको थियो । त्यस लगत्तै सरकारले त्यस्तै प्रकृतिको गण्डक सम्झौता भारतसँग गरेको थियो । सन् १९५५ मार्च १३ मा नेपाल असंलग्न राष्ट्रहरूको वाङडुङ्ग सम्मेलनमा सहभागी भयो, १४ डिसेम्बर १९५५ मा राष्ट्रसङ्घको सदस्यता पाउन सफल भयो र २१ वटा राज्यहरूसँग कूटनीतिक सम्बन्ध कायम गर्न सफल भयो ।

पंगेनी (सन् २००६) ले आफ्नो कृति 'डा. के आइ सिंह चीन प्रवास' मा नेपालको राजनीतिमा सत्ता सङ्घर्षका कारण ठुलठुला हत्याकाण्ड हुनुका साथै कैयौँ राजनीतिक व्यक्तित्वहरू विदेशमा राजनीतिक शरण लिन बाध्य हुनुपरेको तथ्य इतिहासमा उल्लेख्य पाइन्छ भन्नेमा जोड दिएका छन् । खासगरी तत्कालीन राजा त्रिभुवनले प्रजातन्त्रका लागि भारतमा राजनीतिक शरण लिन बाध्य हुनु परेको तथ्य जसरी उजागर हुन्छ, त्यही रूपमा नेपालका अन्य राजनेताहरूले उत्तरी छिमेकी देश चीनमा पनि शरण लिन बाध्य हुन परेको ऐतिहासिक तथ्य हुँदाहुँदै पनि त्यो त्यति चर्चाको विषय बनेको पाइँदैन ।

यसै सन्दर्भमा पंगेनीले नेपालको राजनीतिमा देखा परेको उतार, चढाव र सत्ता सङ्घर्षका कारण चीनमा शरण लिने पहिलो नेपाली लिच्छवि वंशका राजा उदयदेव हुन । आफ्नो छोरा नरेन्द्रदेवका साथ राजा उदयदेवले तिब्बतमा (भोट) शरण लिएको पहिलो ऐतिहासिक घटना हो । नेपालको निरङ्कुश राणाशासनका विरुद्ध भएको आन्दोलनमा राजा त्रिभुवनको सपरिवार भारतको शरणमा गएपछि मुलुकभरी राणा विरोधी आन्दोलन उत्कर्षमा पुग्यो । त्रिभुवन फिर्ता भएपछि आफै राजगद्दीमा बस्न पाउनु नेपालको राजनीतिक इतिहासको उल्लेखनीय पाटो हो । दिल्ली सम्झौता बमोजिम गठन गरिएको काङ्ग्रेस राणा संयुक्त सरकारले दिल्ली सम्झौताको विरोध गरेका के.आइ.सिंहलाई भारतीय सेना नेपाल बोलाएर गिरफ्तार गरी बन्दी बनाइए तापनि झ्यालखानाबाट बाहिर निस्कन सफल भएपछि आफ्नो सहयोगीसहित शरण लिन तिब्बत (चीन) गएका थिए । दिल्ली सम्झौता धोका हो भन्ने के.आइ. सिंहलाई नेपाली काङ्ग्रेस पार्टीले डाँका घोषित गरी उनलाई गिरफ्तार गर्नेलाई पुरस्कार दिने घोषणा गरेको थियो । उनलाई प्रजातन्त्रको जरो उखेल्ने व्यक्तिको रूपमा चित्रित गरियो (पृ. ७१) । नेपाल र भारतबाट असुरक्षित महसुस गरेपछि के.आइ.सिंह चीनको कम्युनिष्ट सरकार अर्थात् जनवादी सरकारसँग अपरिचित हुँदाहुँदै पनि चीनमा शरण लिन बाध्य भए (पृ.१३८) । नेपाली राजनीतिमा भारतीय प्रभूत्वबाट आशंकित चीनले सिंहमार्फत नेपालमा राजनीतिक प्रभाव फैलाउने चाहना पनि राखेको हुन सक्दछ । नेपालसँग लामो ऐतिहासिक सुसम्बन्ध भएको

चीनले सिंहमार्फत सम्बन्धलाई अझ बलियो बनाउने चाहना राखेको हुन सक्दछ । तर त्यो यथार्थमा परिणत हुन सकेको देखिएन ।

Jacques (2009) ले 'When China rules the World' पुस्तकमा चीनको द्रुत विकासले विश्वमा चीन शक्ति राष्ट्रको रूपमा उदय भइरहेको र वितेको आधा शताब्दीमा चीनले अत्यन्त बलियो आर्थिक वृद्धिलाई निरन्तरता दिइरहेको उल्लेख गरेका छन् । यस दृष्टिबाट हेर्दा चीनले संसारमा प्रभूत्व जमाइरहेको अमेरिकाको समकक्षीमा विकास गरिरहेको छ । आगामी शताब्दीमा चीनले शक्ति राष्ट्र अमेरिकाको ठाउँ लिने छ । चीनको अर्थतन्त्र अमेरिकी अर्थतन्त्र भन्दा पनि ठुलो भएको कुरा बेलायत, फ्रान्स, जर्मनी, रुस र जापानमा गरिएको सर्भेले बताइरहेको उनले स्पष्ट पारेका छन् (पृ. ४९१) । आर्थिक विकाससँगै चीनको समग्र विकासबाट चीन विश्व शक्तिका रूपमा उदय भइरहेको मात्र होइन विश्वव्यापी प्रभाव पार्ने राष्ट्रको रूपमादेखिएको छ । संसारका धेरै जनसङ्ख्या भएका विकासोन्मुख देशहरू भारत, ब्राजिल, इण्डोनेसिया, मेक्सिको, दक्षिण अफ्रिका, टर्कीलगायतका राष्ट्रहरूले आर्थिक र शक्तिमा विकास गर्न खोजे पनि त्यो सबैसँग चीनको सम्बन्ध प्रभूत्ववादी नैदेखिन्छ । चीनको जत्तिकै जनसङ्ख्या भएको भारतले पनि बिस्तारै आर्थिक विकासका लागि चीनको पदचाप पच्छ्याउनुपर्ने स्थिति छ ।

उनका विचारमा विकास समुहका राष्ट्रहरूबिच चिनियाँ आर्थिक प्रभाव बढ्दो छ । विगत एक दशकदेखि चीनले विकास समूहका राष्ट्रहरूलाई समेत नेतृत्व गर्दै आइरहेको छ । सन् १९४५ देखि अहिलेसम्म विश्वमा एकक्षत्र प्रभाव पार्दै आएको शक्तिराष्ट्र अमेरिकाको प्रभावलाई चीनले समानान्तर रूपमा शक्ति र प्रभावबाट चुनौती दिइरहेको छ । आर्थिक, राजनीतिक, सांस्कृतिक, प्राविधिक, सैनिक क्षेत्रमा आएको परिवर्तनसँगै विगतको शक्तिराष्ट्रहरूको स्थान चीनले लिँदै गइरहेको छ । पछिल्लो चरणमा चीनको राजधानी बेइजिङ विश्व अर्थतन्त्रको राजधानीको रूपमा विकास भइरहेको छ । विगतमा न्युयोर्क र लन्डन यसका केन्द्र थिए । विश्वमा प्रभाव बढ्नुका पछाडि चीनको भूराजनीतिक अवस्थिति र चीनको उदाउँदो विश्व आर्थिक शक्ति, विश्वको नेतृत्व गर्न सक्ने शक्तिराष्ट्र, पूर्वी तथा पश्चिमा महत्त्वपूर्ण भूमिका कारण युरोप र अमेरिकाको विगतको प्रभाव अब बिस्तारै कमजोर हुँदै जाने छ । विश्व जनसमुदायले चीनको आर्थिक विकास र प्रभावलाई लिएर बेइजिङतिर आँखा लगाइरहेको छ (पृ. ५०५) ।

लेखकले चीनको नरम कूटनीतिक शैली, रणनीतिक व्यापारिक चातुर्यता, दूरदृष्टि, भौगोलिक अवस्थिति, स्थिर एवम् समाजवादी राजनीतिक अर्थतन्त्र र बढ्दो प्रभाव आदिका

कारण चिनियाँ अर्थतन्त्र सन् २०३० सम्म सबैभन्दा माथि उक्लिने दाबी लेखकले गरेका छन् । सन् २०1० को जनवरी १ मा चीन आसियान खुला व्यापार सम्झौता भएपछि यस क्षेत्रमा चिनियाँ व्यापारको प्रभावले एकाधिकार जमाएको छ (पृ. २३४) । लेखकको यो दाबीका पक्षमा चिनियाँ राष्ट्रपति सि चीनफिङले सन् २००३ मा विश्व समुदायमाझ अघि सारेको बिआरआइ प्रस्तावको खाकालाई पछिल्लो समय विश्वका धेरै देशहरूले सम्झौता गरेको र तदअनुरूप काम अघि बढिरहेको प्रमाणले यो पुष्टि गर्दछ कि यो चिनियाँ योजनाले एसिया, अफ्रिका, युरोपको आर्थिक विकासमा समृद्धि र समुन्नति छाउनेछ र चीनको अर्थतन्त्र पनि उकाशिने छ भन्ने अनुमानलाई प्रमाणित गर्न सकिन्छ । यसरी चीनले विश्वमाझ अघि सारेको 'जित जितको परिस्थति' को प्रस्तावित खाकाका आधारमा चिनियाँ नरम कूटनीतिक प्रक्रियाले यसका साँध, किल्ला जोडिएका नेपाल, भारत, पाकिस्तान, म्यानमार जस्ता धेरै देशहरूको विकासमा ठुलो परिवर्तन आउन सक्ने सम्भावना देखिएको छ ।

Malla (2009) ले 'Democracy, security and National interests' आलेखमा नेपालको सार्वभौमिकता र राष्ट्रिय अखण्डताको रक्षासँग सम्बन्धित प्रमुख मुद्दाहरूको पहिचान गरेकी छिन् । लोकतन्त्रको सार र राष्ट्रिय सुरक्षाको बदलिदो स्वरूपमाथि लेखकको स्पष्ट दृष्टिकोण राखेकी छिन् । लेखिकाले राष्ट्रिय सार्वभौमिकताको रक्षा, स्वतन्त्रता तथा भौगोलिक अखण्डता, राष्ट्रिय एकता कायम राख्नेलगायत अन्य राज्यहरूको विरुद्धमा आफ्नो भूभागको उपयोग हुन नदिने कुराको सुनिश्चितता जस्ता कुराहरू नेपालका राष्ट्रिय स्वार्थका विषयहरू हुन् । विदेशनीतिका प्रमुख विषयहरूमध्ये एक राष्ट्रिय सुरक्षा नीतिको सम्भावना तथा छनोटहरूलाई आत्मसात् गर्नको लागि नीति निर्माताहरूलाई विस्तृत प्रारूप प्रदान गर्नेगरी निकै स्पष्ट र व्यावहारिक रूपमा राष्ट्रिय सुरक्षामाथि आइपर्ने चुनौतीहरूको विश्लेषण गरेकी छन् । लेखिकाले देशको सन्तुलित विदेश तथा सुरक्षा नीति कायम गर्नमा महत्त्वपूर्ण तत्त्वका रूपमा रहेको उन्नत तथा प्राविधिक महाशक्तिहरू चीन र भारतबिचको बढ्दो प्रतिस्पर्धाले नेपालको भूराजनीति प्रतीको बुझाईलाई महत्त्व दिन र बाह्य खतरालगायतका तत्त्वबाट नेपालको राष्ट्रिय सुरक्षामा आइपर्ने जोखिमका विविध आयामहरूबारे पनि यस आलेखमा प्रकाश पारेकी छन् ।

Krapohl and Fink (2009) ले 'Interdependency vs dependency' नामक अनुसन्धान प्रतिवेदनमा निर्भरता भनेको अन्तर्राष्ट्रिय अन्तरनिर्भरता हो । धनी देशले आफ्नो पैसा ऋणमा लगानी गरेर नाफा कमाउँछ र गरिब क्षेत्रले प्रस्तावित ऋण लिन आवश्यक रूपमा बाध्य हुन्छ । यो पद्धति अन्तर्राष्ट्रिय असमानतामा र शक्तिको असन्तुलन हो । अन्तरनिर्भर सिद्धान्त अन्तर्राष्ट्रिय सम्बन्धमा राष्ट्रहरूबिच दमनकारी निर्भरताका रूपमा देखिन्छ (पृ. ४०) । वैदेशिक

लगानी, तेस्रो मुलुकहरूमा मुख्य प्राकृतिक साधन स्रोतको लागि भएको देखिन्छ । यसले राज्यमा राष्ट्रियता समेत पुँजीपति वर्गले नियन्त्रण गर्न सक्ने अवस्था हुन्छ । विदेशी पुँजीको लगानी, उत्पादन र निर्यातले देशभित्रको पुँजीपति वर्गलाई नाफा हुने र त्यसले विदेशी पुँजीपतिलाई पनि फाइदा हुने हुँदा स्वदेशी पुँजीपति वर्गमा राष्ट्रियताको भावना समेत कमजोर हुँदै गएको हुन्छ । विदेशी लगानीले सस्तो ज्यालामा मजदुर कजाउने, सस्तोमा सामान उत्पादन गर्ने र विदेशी बजारमा सामान निर्यात गर्ने धनी देशले ती सामानको प्रयोग गर्ने गर्दछन् । देशभित्रको पुँजीपतिले राज्यको शासक वर्गसँग सहकार्य गर्दछ र उसले विदेशी पुँजीपतिको हैकमलाई प्रोत्साहित गर्छ । खास गरेर दोस्रो विश्व युद्धपछि निर्भरताको सिद्धान्त (Dependency Theory) बढी प्रभावकारी भएको छ । अन्तर्राष्ट्रिय बहुराष्ट्रिय कम्पनीहरूको घुसपैठले राष्ट्रिय पुँजी कमजोर बन्दै गएको देखिन्छ ।

Pokharna (2009) ले 'India China relations: Dimensions and perspectives' पुस्तकमा चीनकै नेतृत्व अन्तर्गत सक्रिय रहने गरी तिब्बत, नेपाल, भुटान र भारतका उत्तर पूर्वी राज्यहरूको हिमाली राज्य महासङ्घको स्थापना गर्ने प्रस्ताव स्वीकार गर्न सन् १९५० मा चीनले काठमाडौँलाई प्रस्ताव गरेदेखि चीन नेपालप्रति गहन रुचि राख्दछ भन्ने तथ्य स्पष्ट पारेका छन् । विशेषतः सन् १९५९ देखि १९६२ को अवधिमा नेपालका राजाले चीनसँग निकट सम्बन्ध राखेको कुरा उल्लेख गरेका छन् । त्यस्तै चीन र भारतसँग समदुरीको नीति अवलम्बन गरिरहेको नेपालले सन् १९६२ पछि बिस्तारै चीनसँग निकटताको सम्बन्ध बढाउँदै गरेको भन्ने लेखकले व्याख्या गरेका छन् ।

वासरस्ट्रोम (सन् २०१०) ले 'चाइना इन द ट्वेन्टी फस्ट सेन्चुरीः ह्वाट इभ्रिवान निड्स टु न्वो ?' पुस्तकमा आर्थिक शक्ति तथा प्रविधिमा केन्द्रित रहँदै कन्फ्युसियसको समयदेखि माओ हुँदै वर्तमान अवस्थासम्मका हरेक तथ्यहरूलाई समेट्दै २१ औं शताब्दीमा चीन कस्तो होला भन्ने विषयमा प्रकाश पारेका छन् । विभिन्न वंशका राजाहरूको कालमा सन् १९४९ सम्म नै कन्फ्युसियसको दर्शन चीनमा व्याप्त रहेको र सन् यात्सेन, देङ्ग सियाओ पिङ्ग र वर्तमान अवस्थामा आएर नयाँ शताब्दीमा बजार तथा प्रविधि उन्मुख नीतिहरूमा आएको परिवर्तनमाथि पनि प्रकाश पारेका छन् । के चीन विश्व प्रभूत्वमा आउँदैछ ? ताईवानसँगको युद्धको संभावना के छ ? के चीन हैकमी राज्य बन्दैछ ? भन्ने महत्त्वपूर्ण प्रश्नहरूको जवाफ दिने जमर्को उनले गरेका छन् । यस पुस्तकले पाठकहरूमा रुचि बढ्ने गरी सूचना प्रस्तुत गर्दै, हरेकका लागि चीन र यसको बढ्दो शक्तिबारे रुचि बढाउन सजिलो हुनेगरी प्रश्नोत्तरको शैलीमा पुरै सामग्रीहरूलाई प्रस्तुत गरिएको छ ।

Fisher (2010) ले China's Military Modernization: Building for regional and global reach' पुस्तकमा विस्तारित रणनीतिक स्वार्थ रक्षा गर्न तयार पारिएको चीनको राजनीतिक तथा सैन्य कारवाही र जनमुक्ति सेनाको भूमिका अझ विशेष गरी चीनको कम्युनिष्ट सरकारको अस्तित्वप्रति संवेदनशील रहेको कुरा वर्णन गर्दछ । चिनियाँ सेना निर्माणबारे खासै वास्ता नराखेको विश्व आज छक्क परेको, विशेष गरी निकै ठुलो सङ्ख्यामा चीनसँग उच्चस्तरको लडाकु विमान रहेको, निकै शक्तिशाली न्युक्लियर र ब्लास्टिक क्षेप्यास्त्र क्षमता रहेको, सैन्य सवारीहरूमा अद्‌भूत विकासलगायत एन्टी स्याटेलाईट तथा बढ्दो अन्तरिक्ष युद्ध सक्षमताका तत्त्वहरूलाई समावेश गरेका छन् । चिनियाँ सरकार, यसको अन्तर्राष्ट्रिय सुरक्षा नीति, सैन्य-प्रविधि रूपान्तरण तथा भावी शक्ति परियोजनाको निर्माण जस्ता कुराको स्तम्भका रूपमा रहेको पार्टीको सेनाको रूपमा रहेको चिनियाँ सेनाको विस्तारलाई लेखकले स्पष्ट पारेका छन् ।

Bhattarai (2010) ले 'Nepal and China: A historical perspectivs' पुस्तकमा नेपाल चीन सम्बन्धमा मुख्य आधार बुद्धधर्म हो, दुई देशबिचको सम्बन्धको दार्शनिक आधार बुद्धधर्म र ज्ञान हो भन्ने स्पष्ट पारेका छन् । उनले सन् १९४९ मा चीनमा जनवादी गणतन्त्र स्थापना भएपछि चीनका प्रधानमन्त्री चाउ एन लाइले चीनका लागि भारतीय राजदूत के.एम. पानिकरसँग बैठक गरी भारत सरकारलाई सीमा समस्या समाधान गर्न भारत, नेपाल र चीन भएर वार्ता गर्ने बताएको पानीकरले आफ्नो पुस्तक 'टु चाइना' मा उल्लेख गरेको विवरण प्रस्तुत गरेका छन् । भारतसँग कूटनीतिक सम्बन्ध भइरहेको अवस्थामा चीनले नेपालसँग कूटनीतिक सम्बन्ध राखी हिमालय क्षेत्रको सीमा समस्या समाधान गर्न चाहन्थ्यो । सन् १९५२ मा राजा त्रिभुवनले दक्षिणतिरको सीमामा नेपालको परम्परागत सम्बन्ध छ, उत्तर तिब्बत क्षेत्रको सीमा समस्या पहिला हल गर्न इच्छुक रहेको चीनको केन्द्रीय सरकारलाई जानकारी गराएका थिए । सन् १९५५ मा इण्डोनेसियाको वाङडुङ सम्मेलनमा नेपाली प्रतिनिधि मण्डललाई चिनियाँ प्रधानमन्त्री चाउ एन लाईले भेट गरी चीन र नेपालबिचको कूटनीतिक सम्बन्धलाई प्रस्ताव गरे, जसलाई नेपालले स्वागत गर्‍यो (पृ. १००) ।

Adhikari (2010) ले 'Ties that bind' पुस्तकमा नेपाल मध्यहिमाल पर्वत श्रृङ्खलाबाट दक्षिणतर्फ भिरालो हुँदै गएको भूपरिवेष्टित तथा परमाणुविक वेष्टित देश हो । नेपालको हिमालय पर्वत श्रृङ्खलाबाट उत्तरतर्फ विशाल तिब्बत पठार झण्डै १५ हजार फिटमा रहेको र त्यसको पछाडि अवस्थित गोवी मरुभूमि जहाँ मध्यचीनको मुख्य जनसङ्ख्या रहेको ठाउँ नेपालबाट धेरै टाढाको दुरीमा रहेको स्पष्ट पारेका छन् । यसले नेपाल चीनको भौगोलिक विकटता र निकटताको सम्बन्ध दर्शाउँछ र नेपाल चीनको प्राचीनतम् सम्बन्ध धेरै पुरानो भए

पनि औपचारिक सम्बन्ध १ अगस्त १९५५ देखि भएको हो । प्रत्येक वर्ष चीनले नेपाललाई आर्थिक तथा अन्य वस्तुहरू उपलब्ध गराई सहयोग गर्दछ, तर नेपालले यस्तो सहयोगबाट पर्याप्त फाइदा लिन सकेको देखिँदैन (पृ. १७९-१८०) ।

नेपाल चीन सम्बन्धका महत्त्वपूर्ण क्रियाकलापहरूका बारेमा लेखकले यसरी चित्रण गरेको पाइन्छ (पृ. १८१-१८५) :

१) सन् १९५१ मा माओको नेतृत्वमा चीनमा सांस्कृतिक क्रान्ति सफल भइसकेपछि माओले तिब्बत हत्केला हो भने नेपाल, सिक्किम, भुटान, लद्दाख र भारतको उत्तरपूर्वी भाग पाँच औलाहरू रहेको विषयलाई सायद राजा महेन्द्रले बिर्सिएका थिएनन् ।

२) आवश्यक परेको बेलाका साथीहरू नै वास्तविक साथीहरू हुने नीतिप्रति चिनियाँहरू विश्वस्त छन् र नेपालले चीनलाई संयुक्त राष्ट्र सङ्घको सदस्य बनाउन सक्रिय भूमिका खेलेको छ ।

३) चीनको राजनीतिक आर्थिक परिवर्तनपछि एसिया र अफ्रिकाका देशहरूसँग विकास तथा सहयोगको नीति लिई दक्षिण एसियासँग घनिष्ट सम्बन्ध स्थापित गर्न सफल भएको छ । विदेशी राष्ट्रहरूप्रति चीनको यो परिवर्तित नीतिका कारण भारतपरिवेष्टित नेपालको विकल्पका रूपमा चीनलाई अङ्गीकार गर्न थालियो ।

४) नेपाल चीन मित्रताको चीनोको रूपमा नेपालभित्र स्थापित चिनियाँ लगानीका अधिकांश कल-कारखानाहरूलाई २०४६ को बहुदलीय प्रजातन्त्रको पुर्नस्थापनापछि निजीकरणका नाममा भारतीय निजी क्षेत्रलाई नेपालमा भित्र्याउने उद्देश्यले चिनियाँ लगानीका कलकारखानाहरूलाई बिक्री वितरण गरियो ।

(५) नेपाल चीनबिचको सम्बन्ध राजनीतिक दलहरूबाट नभई राज्य राज्यबिचको तहबाट भएको थियो ।

(६) तिब्बतको स्वतन्त्रताका नाममा संयुक्त राज्य अमेरिकाले नेपालमा तिब्बती शरणार्थीहरूलाई ठुलो परिणाममा आर्थिक सहयोग तथा अन्य सहयोगहरू उपलब्ध गराई चीन विरुद्ध उक्साइरहेको विषयप्रति या त नेपाली राजनीतिक नेतृत्वहरूलाई थाहा छैन या त थाहा हुँदाहुँदै पनि वेवास्ता गरिरहेको विषयले नेपाल चीन सम्बन्धलाई बाधा पुऱ्याइरहेको देखिन्छ ।

(७) सोभियत सङ्घ विश्व नेतृत्वबाट पछि हट्ने वित्तिकै र शीतयुद्धको अन्त्यसँगै अन्तर्राष्ट्रिय वातावरणमा अचानक परिवर्तन आएपछि चीनले नेतृत्व लिँदै विश्व शक्तिको हिस्सेदार बन्न पुग्यो र एसिया तथा अफ्रिकाका देशहरूको विकासमा समेत साझेदारी बनी चीनले आफ्नो प्रभाव बढाउन थाल्यो ।

(८) चीनले दक्षिण एसियाका देशहरूमा ठुलो सहयोग गरिरहेको छ । नेपाल चीनबिचको पारस्परिक सुरक्षा चासोमा समेत दुई देशीय सम्बन्ध प्रगाढ बनिरहेको छ । नेपाल चीन सम्बन्धमा दुई देशका राष्ट्रप्रमुख, सरकार प्रमुख, अन्य उच्चस्तरीय व्यक्तित्व, सैनिक अधिकारीहरू, व्यापारी, पेसा-व्यवसायी, ट्रेड युनियनहरू, बुद्धिजीवी, विद्यार्थी आदिले दुई देशीय सम्बन्ध आदान प्रदानमा महत्त्वपूर्ण भूमिका खेल्दै आएका छन् ।

नेपालको स्वतन्त्रता, अखण्डता, सार्वभौमिकता, संवेदनशीलता र विशिष्ट प्रकृतिलाई ऐतिहासिक कालदेखि नै नजिकबाट बुझ्दै आइरहेको जनवादी गणतन्त्र चीनले नेपालको निःसर्त विकासका लागि निस्वार्थ भावबाट अभिप्रेरित भई खुलेर सहयोग गर्ने इच्छाशक्तिलाई सार्वजनिक गर्दै आइरहेको अवस्थामा नेपालले चिनियाँ अनुभव र प्रविधिबाट भरमग्दुर फाइदा लिन सक्नुपर्ने धारणा लेखकले इंङ्गित गरेका छन् ।

Kissinger (2011) ले 'Henry Kissinger on China' पुस्तकमा चीनसँगको आधुनिक सम्बन्ध तथा चीनको कूटनीतिक, रणनीति, समन्वय र यसको इतिहासका बारेमा चर्चा गर्दै यसले २१ औं शताब्दीमा विश्वको शक्ति सन्तुलन र प्रभावका बारेमा चर्चा गरेका छन् । चीनको परम्परागत कूटनीति र आधुनिक कूटनीतिको चर्चा गर्दै चीन र सोभियत सङ्घबिचको सम्बन्ध, कोरिया युद्ध, ताइवानबारे चीनको अवधारणा र चीनको चौथो नेतृत्वलगायत माओ र देङ स्याओपिङको फरक दृष्टिकोण तथा नेतृत्वबारे विस्तारमा चर्चा गरिएको छ । किसिङगरले चीन र अमेरिकाबिचको ६० वर्ष पुरानो विवादास्पद सन्धिलाई सुधार गर्दै चीन र अमेरिका आर्थिक साझेदार राष्ट्रका रूपमा अगाडि बढ्दै भविष्यमा दुवै देशले विश्व शान्तिका लागिसँगै काम गर्ने चर्चा समेत गरेका छन् ।

प्रस्तुत पुस्तकले मुख्य रूपमा सन् १९४९ मा जनवादी गणतन्त्र चीनको स्थापनापछि चीन र अमेरिकाका उच्चस्तरीय नेतृत्वबिच आदान-प्रदान भएको अन्तरक्रिया बारेमा उल्लेख गरेको पाइन्छ । आजभन्दा करिब ४० वर्ष अगाडि अमेरिकी राष्ट्रपति रिचार्ड निक्सन्ले किसिङ्गरलाई अमेरिकी कूटनीतिज्ञका रूपमा एसियाको मध्यभागमा रहेको विशाल साम्राज्य चीनसँग अमेरिकाको उच्चस्तरीय सम्बन्ध पुनिर्माणका लागि बेइजिङ पठाएका थिए ।

किसिङ्गरले राष्ट्रपति निक्सन्को अनुरोधलाई स्वीकार गरी आफ्नो जीवनभर अमेरिकी दृष्टिकोणको पक्षबाट चीनसँग शान्ति निर्माणका लागि काम गरे । यिनको लचकता, उदारता र विवेकशील कूटनीतिक कुशलताका कारण अमेरिकी राष्ट्रपति रिचार्ड निक्सन्, चिनियाँ राष्ट्रपति माओत्सेतुङ तथा प्रधानमन्त्री चाउ अन लाइबिच अत्यन्त घनिष्ठ एवम् न्यानो सम्बन्ध स्थापित भएको थियो । पृथ्वीको पूर्व (चीन) र पश्चिम (अमेरिका) कोबिचमा किसिङ्गर पुल बनेर यी दुई विशाल शक्तिशाली साम्राज्यहरूलाई भेटाउन सफल कूटनीतिज्ञको भूमिका निर्वाह गरेको तथ्यलाई आफ्नो पुस्तकमार्फत सार्वजनिक गरेका छन् । प्रस्तुत पुस्तकमा सन् २०११ को जनवरी १९ मा चिनियाँ राष्ट्रपति हु चीन ताओको अमेरिका भ्रमणका समयमा अमेरिकी राष्ट्रपति बाराक ओबामासँग अत्यन्त सौहार्दपूर्ण सम्बन्ध स्थापित भएको उल्लेख गरिएको छ । वासिँगटनमा चिनियाँ राष्ट्रपति हु चिन्ताओलाई अमेरिकी राष्ट्रपति बाराक ओबामाले अहिलेको विश्वमा चीनको सकारात्मक प्रभाव, शक्ति र विकासका पक्षमा हृदय खोलेर चीनको गुणगान गाएका थिए । त्यसैगरी चीनले पनि अमेरिकालाई एसिया प्रशान्त क्षेत्रका राष्ट्रहरूमा शान्ति, स्थिरता र खुशियालीमा अमेरिकाले पुऱ्याएको सहयोगको चिनियाँ राष्ट्रपति हु जिन्ताओले हृदय खोलेर अमेरिकाको प्रशंसा गरेका थिए (पृ. ५३१) ।

अमेरिका र चीनबिच केही विषयमा विवाद बढे पनि त्यसलाई थाँती राख्दै दुवै देशले आपसी रणनीतिक योजना तथा आर्थिक मामिलाका क्षेत्रमा मिलेर सहकार्य गर्ने सम्झौता भएको छ । त्यसैगरी दुवै देशका सेना र आपसी सहकार्यका बारेमा पनि उच्चस्तरीय सहमति भएको, दुई देशबिचको सम्बन्ध र सहकार्यलाई ट्र्याक २ बाट पनि सुदृढ गर्दै लैजाने कुराकानी भएको प्रसङ्गलाई प्रस्तुत पुस्तकले प्राथमिकताका साथ उल्लेख गरेको पाइन्छ । चीन अमेरिका सम्बन्ध एउटाले जित्ने र अर्कोले हार्नेको रूपमा विकास हुनु हुँदैन र शक्तिशाली चीनले अमेरिकी रणनीतिलाई नै पराजित गर्नेछ भन्नेमा पनि अमेरिकाले कुनै शङ्का गर्नुपर्दैन भनेर दुईपक्षीय भेटका क्रममा हु जिन्ताओले ओबामालाई स्पष्ट पारेका थिए भन्ने विषयलाई सो पुस्तकमा उल्लेख गरेको पाइन्छ (पृ. ५३९) । यस पुस्तकले चीन र अमेरिकाको सम्बन्धबिच बेलाबखत आइरहने तिक्तता र दरारप्रति चनाखो हुँदै द्वन्द्वात्मक र तनावपूर्ण भूमिकाबाट नभई शान्तिपूर्ण सहअस्तित्वको मार्गबाट दुई देशीय सम्बन्धलाई अगाडि बढाउनु पर्ने उच्च लक्ष्यलाई आत्मसात् गर्दै त्यसका लागि आफूले पाएको महत्त्वपूर्ण कूटनीतिक जिम्मेवारीबाट पछि नहटेको विषयलाई लेखकले आफ्नो पुस्तकमा प्रकाश पारेका छन् । उनको यो कृतिबाट चीन र अमेरिका केवल विपरीत ध्रुवका दुश्मन राष्ट्रहरू नभई आपसमा मित्रशक्ति राष्ट्रहरू हुन् भन्नेमा अमेरिकी सरकार र जन तापनि विश्वस्त छन् भन्ने तथ्यलाई पुष्टि गरेको छ ।

Hudson and Wei (सन् २०११) ले 'China in next thirty years' पुस्तकमा चीनको इतिहासको अध्ययन गरी चिनियाँ जनता के चाहन्छन् ? चीन के चाहन्छ भन्ने प्रश्नको उत्तर खोजेका छन् । चिनियाँ जनताले आफ्नो देश शक्तिशाली होस्, भौगोलिक अखण्डता तथा सार्वभौमसत्ताको रक्षा जोगाउन चाहेको र यसमा उनीहरू सक्षम रहेको पनि उल्लेख गरेका छन् । चिनियाँहरू संसारको शीर्षतहमा बस्न चाहेको आफ्नो विकास र साम्यवादी शासनलाई अन्य देशमा थोपर्न चाहेको, चीनले आफ्नो आन्तरिक विकासमा केन्द्रित हुन शान्तिपूर्ण बाह्य वातावरण चाहेको, अरू राष्ट्रसँग शत्रुतापूर्ण सम्बन्धको अन्त्य र सबैबाट पारस्परिक लाभ लिन चाहेको उनीहरूको निष्कर्ष छ । यसका लागि विश्व बजारमा चिनियाँ लगानी र व्यापार तथा विशेषज्ञहरूलाई निषेध गर्ने कुराको चीन विरोध गर्न चाहन्छ (पृ. २०४) ।

नरम शक्तिमा समेत चीन अगाडि देखिएको लेखकको दाबी छ । उनकाअनुसार सांस्कृतिक, राजनीतिक, कूटनीतिक, व्यापारिक शक्ति समावेश गरी चीनले आफ्नो नीति विस्तार गरेको छ । कूटनीतिक क्षेत्रमा नरम शक्ति धेरै प्रसंशा र सम्मान अरू देशबाट प्राप्त गर्नु हो । पछिल्लो चरणमा चीनले सफ्ट पावरमा गरेको वृद्धिले उसले उत्कृष्टता हासिल गरेको छ । सन् २००८ को ओलम्पिकमा चीनले गरेको सान्दार विजय र विश्वभरिका जनताले गरेको प्रसंशा यसको उदाहरण हो (पृ. २०४-२०६) । चीन पुरानो सभ्यताको धनी देश हो । ब्रिटिस काउनीसल, एलाइन्स फ्रान्चीज, गोथे इनिस्टच्युट जस्तै चिनियाँ भाषाको लागि कन्फुसियस इनिस्टिच्युटमार्फत आफ्नो भाषाको प्रचार प्रसारमा जोड दिएको छ । हाल कन्फुसियस इनिस्टिच्युट विश्वका विभिन्न विश्वविद्यालयहरूसँग समन्वय गरी सञ्चालन गरिएको छ ।

चिनियाँ विश्वविद्यालयहरू विश्वका उत्कृष्ट विश्वविद्यालयहरूको श्रेणीमा परेका छन् । सन् २००९ मा पेकिङ विश्वविद्यालय विश्वको ५२ औँ स्थानमा पर्न सफल भयो । यसप्रकार चीनले सफ्ट पावर अर्थतन्त्र र कूटनीतिमा विकास गर्दै आइरहेको छ । सफ्ट पावरद्वारा विश्वमा शान्ति र समृद्धिका लागि चीनले प्राथमिकता दिइरहेको छ (पृ. २०५) । आन्तरिक द्वन्द्व र बाह्य शत्रुतापूर्ण वातावरणलाई छाडेर चीनले आफ्नो उत्पादन र वितरण प्रणालीमा ७० प्रतिशतले अभिवृद्धि गर्दै गइरहेको छ । यही अनुपातमा वृद्धि गर्दै जाने हो भने नेपालको छिमेकी राष्ट्र चीनको विकासबाट नेपाल मात्र होइन, भारतलगायत दक्षिण एसियाली ७ वटै राष्ट्रले लाभ लिन सक्नेछन् र नेपाल चीनबिचको सम्बन्ध अझै सुदृढ हुनु आवश्यक देखिन्छ ।

Chakraverty (2012) ले 'China and South Asia' पुस्तकमा चीनले आफ्ना भौगोलिक, सामुद्रिक, आर्थिक, राजनीतिक तथा समग्र रणनीतिक स्वार्थ निकट्तम रूपमा जोडिएका भन्ने

महसुस गरेका स-साना दक्षिण एसियाली देशहरूसँग सम्बन्ध विस्तार गर्न उपयोग हुँदै आएको उपकरणहरूलाई दक्षिण एसियामा चीनको नरम शक्तिको रूपमा व्याख्या गरिएको स्पष्ट पारेका छन् । आधुनिक युगको सुरुवातसँगै औपनिवेशिक शक्तिहरूले अरूहरूलाई दमन गर्नको लागि यसतै नरमशक्तिको उपयोग गर्दै आएका थिए । सांस्कृतिक आदान-प्रदान, चिकित्सक, शिक्षक तथा विद्यार्थीहरू पठाउने, विद्यार्थी तथा विद्वान्हरू आमन्त्रण गर्ने, चिनियाँ भाषा कार्यक्रमको लागि लगानी गर्ने जस्ता कुराहरूबाट चीनको नरमशक्तिको अभिव्यक्ति हुँदै आएको छ । दक्षिण एसियामा भारतले चीनको नरम शक्ति र चीनको विदेश रणनीतिको सामना गरिरहेको कुरालाई ज्वलन्त उदाहरणको रूपमा प्रस्तुत गर्दै, स्पष्ट देशीय अर्थमा नरम र कडा रणनीतिबिच न्यायिक सन्तुलन सम्बन्धमा स्पष्ट पारेका छन् (पृ. २३२) ।

भण्डारी (वि.सं.२०६९) ले उनको कृति 'भूराजनीतिक दाउपेच' मा नेपाल एउटा भूपरिवेष्टित देश हो र यसको दुईतिर एसियाका दुई ठुला राष्ट्रहरू चीन र भारत रहेका छन् । नेपाल दक्षिण एसियाको अत्यन्त संवेदनशील भूभाग हो । नेपालमा चिनियाँ चासो चीनको सुरक्षा सवालसँग जोडिएको छ र स्वतन्त्र तिब्बतको सवालमा दलाइ लामालाई साथ दिएर चीनमा हुने अन्तर्राष्ट्रिय दाउपेचहरूको सरोकार नेपालमा पनि परेको भन्ने बुझाई चीनले लिँदै आएको छ । नेपालमा अन्तर्राष्ट्रिय दाउपेचहरूको तीव्रतामा वृद्धि हुँदा त्यसको असर चीनमा पनि पर्ने भएकाले त्यस्ता क्रियाकलाप नेपालमा हुन नदिन चीन सतर्क रहेको छ । दलाइ लामाको स्वतन्त्र तिब्बत आन्दोलनमा लाग्नेहरू नेपाल र चीन सीमाक्षेत्रमा मात्र नभई नेपालको अन्य भागमा पनि तालिमरत रहेको चिनियाँहरूको पछिल्लो ठम्याइ छ । पछिल्लो चरणमा चीनले लगातार नेपाल सरकारलाई यस विषयमा सचेत गराउँदै आएको छ । उनीहरूको मुख्य चासो नेपालको अस्थिर राजनीतिलाई आधार बनाएर नेपाली भूमिमा चीन विरोधी गतिविधि वृद्धि भयो भन्ने हो (पृ. ३७१) ।

नेपाली राजनीतिमा जनवादी गणतन्त्र चीनको भूमिका घुमाउरो पाराले प्रस्तु भइरहेको छ । समग्र रूपमा राम्रोदेखिए पनि रणनीतिक हिसाबले चीन नेपालप्रति दाउपेचपूर्ण राजनीतिमा अभ्यसत छ । यसो हुनुमा उसको सुरक्षा तथा सामरिक सवाल पनि जोडिएको हुन सक्दछ किनभने नेपाल चीन र भारतकोबिचमा रहेको एउटा बफर राज्य हो । नेपालले ऐतिहासिक कालदेखि नै तटस्थताको परराष्ट्रनीति अवलम्बन गर्दै आइरहेको छ । भारतसँग टाँसिएर चीनको विरोधमा लाग्ने र चीनसँग साँठगाँठ गरेर भारतका विरुद्ध लाग्ने दुस्प्रयास नेपालले कहिल्यै गरेन । नेपालप्रति चीनको मुल चासो भनेकै नेपाली भूमि कहिल्यै पनि विदेशी गठबन्धन (अमेरिका, भारत, बेलायत) मा पसेर चीनको विरुद्ध प्रयोग नहोस् ।

चीनले नेपालमा हुने गरेका राजनीतिक चलखेललाई नजिकबाट हेर्ने गरेको छ तर नेपालको राजनीतिबाट राजतन्त्रको अवसान भएपछि चिनियाँ रणनीतिक दाउपेच बदलिएको देखिन्छ । चिनियाँहरूको लागि साम्राज्यवादी गुटहरूबाट घेराबन्दीको जुन खतरा छ झन् तीव्र बन्दै गएको बेलामा नेपालको फेरिएको राजनीतिक संरचनाले चीनलाई धेरै गम्भीर बनाएको छ । जब विद्रोही माओवादी र अन्य राजनीतिक दलहरूबिच सम्झौता भई आन्दोलन भयो र राजतन्त्रलाई किनारा लगाउँदै संविधानसभाको चुनाव हुने भयो चीन बाध्य भएर संविधानसभाको निर्वाचनलाई सहयोग गर्न करोडौंको स्टेशनरी र व्यागहरू दिएर नेपाल प्रतीको नीतिमा पुनःविचार गरेको देखिन्छ (पृ. ४३७) ।

सरोजराज अधिकारी (वि.सं.२०६९) ले 'चक्रव्युहमा चन्द्रसुर्यः राष्ट्रिय सुरक्षा र स्वाधीनताको चुनौती' पुस्तकमा नेपाल एक चीन नीतिमाप्रतिबद्ध छ, यस विपरीत हुने गरी नेपाल सरहदभित्र हुने कुनै पनि आन्तरिक वा विदेशी चलखेल र गतिविधि विरुद्ध नेपालले कानुनी, वैधानिक एवम् कूटनीतिक रूपमा कार्वाही तथा सशक्त प्रतीकार गर्दछ । यो नीति विरुद्ध नेपालमा हुने जुनसुकै गतिविधि नेपालको राष्ट्रिय हित विपरीत हुन गई राष्ट्रको भलो गर्दैन । त्यसैगरी दलाइ लामा आफ्नो केही अनुयायीका साथमा तिब्बत छाडेर भागेर भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरूकहाँ शरण लिन पुगे । अति संवेदनशील तथा संवेदनशील मानिएकामध्ये काठमाडौँको केही गुम्बाहरूलाई स्वतन्त्र तिब्बत पक्षधरहरूले नेपाललाई तिब्बत विरुद्ध रणनीतिक स्थल बनाउँदै आएको जनाइएको छ । त्यस्ता गुम्बाहरूमा हितयार भण्डारण गरी राखिएको नेपाल सरकार राष्ट्रिय अनुसन्धान विभागले जनाएको छ (पृ. १३८) । नेपालमा शक्ति राष्ट्रहरूको चासोको टकराव हुन नदिन नेपालले घरेलुमैत्री कूटनीतिक एवंप्रतिरक्षात्मक सुरक्षा रणनीति अवलम्बन गर्न र नेपालको कूटनीतिक सामर्थ्य पनि बलियो हुनुपर्ने देखिन्छ ।

Wuthnow (2013) ले 'China diplomacy and security council' पुस्तकमा संयुक्त राष्ट्र सङ्घ सुरक्षा परिषद् एकाइसौं शताब्दीको एक महत्त्वपूर्ण जिम्मेवारी बोकेको संस्था हो, सन् १९७१ देखि चीन संयुक्त राष्ट्र सङ्घ सुरक्षा परिषद्को सदस्य रहँदै आएको भिटो पावरप्राप्त देश हो भन्ने उल्लेख गरेका छन् । संयुक्त राष्ट्र सङ्घको सुरक्षा परिषद्मा पाँचवटा भिटो पावर राष्ट्र स्थायी सदस्य रहने व्यवस्थाअनुसार अमेरिका, बेलायत, फ्रान्स, रुस र चीन यस्ता सदस्य हुन । दोस्रो विश्वयुद्धपछि संयुक्त राष्ट्र सङ्घको वडापत्रले यस्तो व्यवस्था गरेको हो । शितयुद्ध काल ( सन् १९४६-१९८९) मा संयुक्त राष्ट्र सङ्घ सुरक्षा परिषद्को भूमिका त्यति प्रभावकारी नभएको टिप्पणी गरिएको छ । यस अवधिमा अमेरिका र यसको नेतृत्वमा रहेको शक्ति तथा रुस-चीन नेतृत्वको शक्तिबिच निरन्तर प्रतिस्पर्धा भइरह्यो । सुरक्षा परिषद्को प्रमुख भूमिका अन्तर्राष्ट्रिय

शान्ति र सुरक्षा कायम गर्नु हो । शितयुद्धपछि जब सोभियत सङ्घको विघटन भयो त्यसले संयुक्त राष्ट्र सङ्घको सुरक्षा परिषद्को राजनीतिमा कुनै परिवर्तन ल्याएन । जापान, ब्राजिल र भारतले संयुक्त राष्ट्र सङ्घको सुरक्षा परिषद्को संरचनामा परिवर्तन हुनुपर्ने माग गर्दै आइरहेका छन् (पृ. ५) ।

चीन र रुस दुवै आपसी सहयोगी भिटोप्राप्त शक्ति राष्ट्र हुन् । यि दुवै राष्ट्रको सहमतिविना सुरक्षा परिषद्बाट संयुक्त रूपमा कुनै पनि समस्याको समाधान निस्कन सक्दैन । चीन आफैले अमेरिकी राजनीतिक उद्देश्यलाई अवरोध गर्न सक्ने क्षमता राख्दछ । सन् १९७० सम्म चीनले असंलग्न आन्दोलनको प्रस्तावलाई समर्थन र सहयोग गर्दै आएको छ । सन् १९७२ मा सुडान र सोमालियाको हस्तक्षेप विरुद्ध पनि चीनले असंलग्न नीतिलाई ऐक्यबद्धता जनायो र सन् १९७१ मा चीन संयुक्त राष्ट्र सङ्घको सदस्य बन्यो । पछि उसको नीतिमा परिवर्तन आयो (पृ. १८) । चीनले सन् १९८० देखि १९९९ सम्म नरम नीति अख्तियार गऱ्यो । उसले संयुक्त राष्ट्र सङ्घको सिद्धान्त अनुरूप राष्ट्रको सार्वभौम सत्ताको रक्षा र सम्मानमा शक्ति प्रयोग नगर्ने कुरामा सहमति जनायो । अमेरिकासँगको राजनीतिक सम्बन्धलाई महत्त्व दिँदै शान्ति स्थापनार्थ शक्तिको प्रयोग र नाकाबन्दीलाई सहमति जनायो । बोसनिया हर्जगोभिना र रुवाण्डामा शान्ति स्थापनार्थ अन्तर्राष्ट्रिय हस्तक्षेपको लागि चीन सहमत भयो र चीनले सुरक्षा परिषद् अन्तर्गत रहेर विश्व शान्तिका लागि नेतृत्वदायी भूमिका निर्वाह गर्दै आइरहेको छ (पृ. २४) । एक्काइसौँ शताब्दीमा चीनले सुरक्षा परिषद्को स्थायी सदस्यको रूपमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आइरहेको छ । चीनले संयुक्त राष्ट्र सङ्घको शान्ति स्थापनार्थ बजेटमा वृद्धि पनि गरिरहेको छ ।

शान्ति स्थापनाको लागि गरिने संयुक्त राष्ट्र सङ्घको कारवाहीमा चीनले सक्रिय रूपमा सहभागिता जनाइरहेको छ । चीन आफैले औषधि, खाद्यान्न, बन्दोवस्त र इन्जिनियरिङसहित शान्तिका लागि आफ्नै सैनिक उपस्थितिप्रति पनि चीन इच्छुक रहेको देखिन्छ । चीनको सक्रिय सहभागिता र नेतृत्वले अन्तर्राष्ट्रिय रूपमा शान्तिको लागि सकारात्मक सन्देश प्रवाह गरिरहेको छ । चीन आफै पनि महाशक्तिको रूपमा उदाइरहेको राष्ट्र भएको हुनाले विश्वका साझा चुनौतीहरूको सामना गर्न चीनले भूमिका निर्वाह गर्दै आइरहेको छ । चीन अन्तर्राष्ट्रिय, क्षेत्रिय मुद्दाहरूमा सक्रिय रूपमा सहभागी बनेर अन्तर्राष्ट्रिय दायित्वलाई पूरा गर्दैछ । ठूलो सैन्य शक्ति भएको राष्ट्र भएको कारण चीनले अन्तर्राष्ट्रिय शान्तिको लागि आफ्नो भूमिकालाई थप वृद्धि गर्दै आफ्नो राष्ट्रको महत्त्वपूर्ण परिचय दिइरहेको छ । एक्काइसौँ शताब्दीमा चीनको सुरक्षा परिषद्मा सक्रिय सहभागिता र उसको उदाउँदो शक्तिका कारण विश्व शान्ति स्थापनार्थ उसले उल्लेखनीय भूमिका निर्वाह गरेको छ । उसले खराब राष्ट्रहरूसितका विवादहरूलाई हल गर्न

पनि भूमिका निर्वाह गर्नुपर्दछ । चीनले अन्य शक्ति राष्ट्रसँग पनि सकारात्मक सम्बन्ध राख्नु पर्दछ (पृ. ३६) ।

Shimomuura And Ohasi (2013) ले 'A study of China's foreign aid: An Asian perspective' पुस्तकमा चीन विश्वको उदाउँदो आर्थिक सहयोगी राष्ट्र हो । चीनको अर्थतन्त्रमा भएको तीव्र आर्थिक विकाससँगै उसले विश्वका विभिन्न देशमा गर्दै आएको आर्थिक सहयोग र लगानीमा पनि वृद्धि भइरहेको छ र वर्तमान विश्वमा चीन उदाउँदो र नेतृत्वदायी सहयोगी राष्ट्र हो भन्नेका छन् (पृ. ६-७) । नेपालका लागि चीनको आर्थिक सहयोग मुख्यतः उसको वैदेशिक नीतिको प्रतिविम्ब हो । चिनियाँ सहयोग नीति व्यक्तिगत नभएर राज्यलाई हुने गरेको छ । विश्व अर्थतन्त्रमा उदाउँदो चीनको आर्थिक सहयोग मुख्यतः आर्थिक वृद्धि र पूर्वाधार निर्माणका लागि हुने गर्छ । यस्तो सहयोग गर्दा चीनले कुनै दर्शन सिद्धान्तलाई भन्दा पनि व्यवहारलाई केन्द्रमा राखेर सहयोग गरेको पाइन्छ । आर्थिक सहयोग आर्थिक कूटनीतिको महत्त्वपूर्ण पाटो हो । आर्थिक कूटनीतिमार्फत व्यापार तथा शक्तिको प्रभाव दुवै सँगसँगै हुने गर्दछ । सन् १९४९ मा जनवादी गणतन्त्र चीन स्थापना भएको केही वर्षपछि १९५० देखि चीनले वैदेशिक सहयोगको नीति लिएको पाइन्छ । सन् १९१६ देखि १९७६ सम्मको सांस्कृतिक क्रान्तिले थपेको राष्ट्रिय अन्तर्राष्ट्रिय चुनौतीको सामना गर्दै चीनले आफ्नो घरेलु नीतिमा १९७०देखि व्यापक परिवर्तन गऱ्यो । जसले  गर्दा चीन अहिले विश्वको प्रमुख शक्ति बन्न पुगेको छ ।

चिनियाँ आर्थिक सहयोग नीतिलाई चार चरणमा विभाजन गरेर हेर्ने गरिएको छ । जसमा (१) १९५०-१९६० (२) १९६०-१९७० (३) १९७०देखि १९९० को मध्यसम्म (४) १९९० को मध्यदेखि वर्तमानसम्म । पछिल्लो चरणमा चीनले आफ्नो सहयोगलाई मानव स्रोतमा आधारित रहेको देखिन्छ । १९५० को उत्तरार्धमा चीन सोभियत धुरीमा संलग्न भएर समाजवादी मोडेल सोभियत रुसको पद्धतिलाई अङ्गाल्न पुग्यो । जसले गर्दा कम्युनिष्ट सिद्धान्तका आधारमा चलेका छिमेकी राज्यलाई सहयोग गर्दै आयो जसमा भियतनाम, उत्तर कोरिया, उपनिवेशवाद विरोधी राज्यहरू १९६० देखि १९७० सम्म आउँदा चीनले वैदेशिक सहयोग नीतिमा परिवर्तन गरी १९६४ मा ८ वटा सिद्धान्त तय गर्दै यसैको आधारमा आर्थिक सहयोग गर्ने नीति अवलम्बन गऱ्यो । यस अवधिमा चिनियाँ सहयोगमा वृद्धि हुन गयो जसका कारण चीनको प्रभाव एसिया र अफ्रिकामा बढ्न गयो । १९७१ मा चीन संयुक्त राष्ट्र सङ्घको सदस्य बन्यो । १९७१ बाट उसले आफ्नो सहयोग नीतिमा परिवर्तन ल्यायो । १९७८ मा चीनको कम्युनिष्ट पार्टीको केन्द्रीय समितिले आफ्नो आर्थिक सहयोग नीतिमा परिवर्तन गऱ्यो । चीनको आन्तरिक

आर्थिक विकासमा जोड दिँदै उसको विदेशमा आर्थिक सहयोग गर्ने नीति विभिन्न आयामका बारेमा नीति तय गऱ्यो । उसले आफ्नो नजिकका छिमेकी र अतिकम विकसित राज्यलाई सहयोग गर्ने नीतिलाई प्राथमिकतामा राख्दै अफ्रिका, दक्षिण अमेरिका, दक्षिण सामुद्रिक देशहरूमा गर्दै आएको सहयोगमा परिवर्तन गऱ्यो । चीनले यसबिचमा विकासोन्मुख राष्ट्रलाई आर्थिक, भौतिक, प्राविधिक सहयोग गर्ने नीति मुख्यतः संयुक्त राष्ट्र सङ्घमार्फत बहुराष्ट्रिय आर्थिक सहयोग नीतिलाई अवलम्बन गऱ्यो ।

यसै गरी सन् १९९० देखि चीनले आफ्नो आर्थिक नीतिमा व्यापक परिवर्तन गरेको छ । चिनियाँ कम्युनिष्ट पार्टीको १४ औँ काङ्ग्रेसले सन् १९९३ मा समाजवादी बजार अर्थनीति अवलम्बन गर्ने निर्णय गऱ्यो जसका कारण चीनको वैदेशिक सहयोग बजार सिद्धान्तका आधारमा हुने भयो । चीनले आयात, निर्यात बैङ्कको स्थापना गऱ्यो । वैदेशिक लगानीका साथ आर्थिक, भौतिक सहयोग गर्ने र त्यहाँ चिनियाँ इन्जिनियरहरूलाई रोजगार दिलाउने नीति तय गऱ्यो । संयुक्त लगानीको अवधारणालाई अगाडि बढायो । चीनले विभिन्न आयोजना र क्षेत्रमा विश्वभरी स्वयमसेवक तथा तालिम दिने व्यक्तिहरू खटाउने मानवीय सहायता सहयोगलाई अगाडि बढाउने संयुक्त राष्ट्र सङ्घमार्फत विश्वभरी शिक्षा, स्वास्थ्य, विज्ञान प्रविधि तथा सांस्कृतिका क्षेत्रमा सहयोग गर्ने नीति अवलम्बन गर्न थाल्यो । सन् १९५० को दशकको नीतिमा आधारभूत परिवर्तन गर्दै चीन अहिले व्यवहारवादी नीतिका आधारमा आफ्नो शक्तिको विस्तारको लागि आर्थिक सहयोगलाई बढावा दिएको छ (पृ. ५८-७२) । चिनियाँ सहयोगका ६ दशक मुख्य चीनको विदेशनीति र राष्ट्रिय स्वार्थलाई केन्द्रमा राखेर अगाडि बढाएको देखिन्छ । विश्वभरी बढ्दो चिनियाँ आर्थिक सहयोग र प्रभावले कैयौँ चुनौतीहरू पनि थपिएको कुरा आलोचकहरू बताइरहेका छन् । चिनियाँ वैदेशिक सहयोग कसैका विरुद्ध लक्षित नभएर पञ्चशीलका आधारमा सञ्चालित भएको चिनियाँहरूको दाबी छ (पृ. २६९) ।

Singh (2014) ले 'Nepal in China's Foreign Policy' पुस्तकमा चीन र नेपालबिचका विविध ऐतिहासिक पक्षहरूलाई विश्लेषण गरी दुई देशले आपसमा आवश्यक भएमा सहयोग गर्ने सम्झौत भएको उल्लेख गरेका छन् । उनले प्रताप मल्ले १६९८ मा आफ्नो पिता लक्ष्मीनरसिंह मल्ललाई कैद गरी उनी आफै राजा भएपछि गरिएको तिब्बत (केरुङ, कुती) युद्धबाट नेपाल विजयी भएको थियो र तत्कालीन गोरखाका राजा पृथ्वीनारायण शाहले १७४९ मा आफ्नै प्रचलित चाँदीको रूपैया र पातलो दुई तोला असर्फी छापी तिब्बतसँग मुद्रा व्यापार सन्धि समेत गरेको उल्लेख गरेका छन् (पृ. ११९) । जङ्गबहादुर राणा र तिब्बत सरकारबिच २४ मार्च १८५६ मा भएको सम्झौतामा तिब्बत सरकारले नेपाललाई प्रतिवर्ष १० हजार

रूपियाँका दरले कर तिर्नु पर्ने उल्लेख थियो । १७७५ सालमा नेपाल तिब्बतबिच बाणिज्य सन्धि भयो । उक्त सन्धिअनुसार तिब्बतमा कसैले आक्रमण गरेमा नेपालले चीन (तिब्बत) लाई सक्दो सहयोग गर्नुपर्ने, तिब्बत सरकारले नेपाली व्यापारीसँग भन्सार वा अन्य कुनै पनि किसिमका महसुल नलिनेलगायतका विषय समेटिएको थापाथली सन्धिमा हस्ताक्षर भएको थियो (पृ. २८९) ।

Griffin (2014) ले 'Pingpong Policy' पुस्तकमा सन् १९७२ मा चीन र संयुक्त राज्य अमेरिकाबिच सम्बन्धमा परिवर्तन आएको जुन राजनीतिबाट नभई पिङपङ (टेबुलटेनिस) खेलमार्फत आएको थियो । सन् १९१७ मा विश्व च्याम्पियनसिप खेलको आयोजना ब्रिटेनमा जन्मिएका रसियन जासुस आइभर मन्टेगुले जापानमा गरेका थिए भन्ने कुरा उल्लेख गरेका छन् । आफ्नो बाबुको इच्छाविपरीत तत्कालीन सोभियत सङ्घको साम्यवादी दलको सदस्य बनेका बेलायती धनाढ्यका छोरा आइभर मन्टेगुले टेबुल टेनिस खेलमार्फत विश्वभर साम्यवाद फैलिने आशा गरेका थिए । उनले बेलायतमा पनि साम्यवादी दलको स्थापना गरेका थिए । विश्व टेबुलटेनिस महासङ्घका अध्यक्ष समेत रहेका मन्टेमगुको सहयोगमा टेबुल टेनिस खेल चीनको राष्ट्रिय खेलको रूपमा स्थापित पनि हुन गयो । यसलाई माओत्सेतुङले विदेशनीतिको कुशल औजारको रूपमा अङ्गीकार गरे । यो खेल चीन र अमेरिकाबिच सम्पन्न हुँदा अमेरिकी हिप्पी खेलाडीसँग चिनियाँ खेलाडीहरूले पराजय भोग्न पर्‍यो । तर चिनियाँ खेलाडीहरूले आफू हारे पनि अमेरिकी खेलाडीलाई खुसीका साथ बधाई दिएका थिए । यो खेलका कारण दुई देशबिच स्थापना भएको सम्बन्धलाई पिङपङ कूटनीति भनिन्छ ।

मन्टेगुका कारण अमेरिका र चीनबिचको सम्बन्धमा सुधार आयो । सन् १९७२ मा अमेरिकी राष्ट्रपति निक्सन् चीनको भ्रमणमा गएका थिए । चीनका अध्यक्ष माओत्से तुङ प्रधानमन्त्री चाओ अन लाई,  अमेरिकी राष्ट्रपति निक्सन र विदेश सचिव हेनरी किसिङगरबिच सुमधुर सम्बन्ध स्थापित भई चीन र अमेरिका एक असल मित्रका रूपमा परिणत भएका थिए । पिङपङ खेलमार्फत अमेरिका र चीनबिचको सम्बन्ध स्थापित नभएको भए दुई देशबिचको कूटनीतिक कटुता बढेर जान पनि सक्दथ्यो (पृ. ८४) । विशेष गरेर शक्ति प्राप्तिका लागि पश्चिमा देशहरूले पूर्वीय देश र अफ्रिकन देशमा दबाव दिने गर्दछन् । दबावको बदला चीनले आफ्नै मौलिक प्रकारको शान्तिपूर्ण कूटनीतिक प्रयासबाट हासिल गरेका उपलब्धिबाट पाठ सिक्नुपर्ने लेखकहरूको दाबी छ । खेलमार्फत चीनले सफ्ट कूटनीतिको उपयोग गरिरहेको छ ।

Muni (2015) ले 'India's Nepal Policy' भन्ने आलेखमा विशेषतः भारत स्वतन्त्र भएपछि, जब सन् १९४९ मा चीन कम्युनिष्ट राज्यको रूपमा उदय भयो त्यहाँको सेनाले तिब्बतमाथि आधिपत्य जमायो र त्यस लगत्तै नेपालमाथि भारतको सुरक्षा चासो ह्वात्तै बढेको कुरा उल्लेख गरेका छन् । नेपालमा भारतको सुरक्षा चासोको कारण नेहरूले नेपालसँगको विशेष सम्बन्ध भनिने भौगोलिक संवेदनशीलता निर्माण भएको छ । यी दुई देशबिच 'अनन्त शान्ति र मित्रता' लाई महत्त्व दिने भारत र नेपालबिच सन् १९५० को शान्ति तथा मैत्री सन्धि यसै पृष्ठभूमिमा निर्माण भएको कुरा उल्लेख गरेका छन् भने H. L. Shrestha (2015) ले 'Sixty years of dynamic partnership' पुस्तकमा सन् १९५५ मा कूटनीतिक सम्बन्ध स्थापना भइसकेपछिका विगत साठी वर्षको अवधिमा नेपाल-चीन सम्बन्धका विविध आयामहरूमाथि प्रकाश पारेका छन् । उनले माओत्से तुङदेखि सी जिनपिङसम्म चीनका प्रमुख नेताहरूका कार्यकालसम्म नेपाल-चीन सम्बन्धका विविध विकासहरूलगायत क्षेत्रिय र विश्वव्यापी रूपमा नेपाल र चीनबिचको सांस्कृतिक र आर्थिक सम्बन्ध तथा सहयोगबारे व्याख्या गरेका छन् । त्यसमा पनि नेपालमा चीनविरोधी क्रियाकलाप, सीमा वारपार हुने तस्करीलगायत मानव बेचविखन जस्ता कुराहरूमाथिको नियन्त्रणमा योगदान पुऱ्याउन सकियोस भनी चीनले नेपाली सुरक्षा निकायहरूसँगको सम्बन्ध विस्तार र क्षमता अभिवृद्धि गराउन चाहन्छ । उनले 'एक चीन नीति' अँगाल्दै नेपाल त्यसैमा अडिग रहँदै आएको कुराको विशेष परिचर्चा गरेका छन्  (पृ. १३२) ।

Sangraula (2015) ले Geo-Strategic Challenges to Nepal's foreign policy and way forward' पुस्तकमा चीन नेपाल सम्बन्धका विविध आयामहरूको बारेमा उल्लेख गरेका र मुख्य नेपाल चीन सम्बन्धमा अन्तर्राष्ट्रिय शक्तिकेन्द्र कसरी बाधक बनेका छन् भन्ने तथ्यलाई सविस्तार चर्चा गरेका छन् । चिनियाँ समाज भनेको लामो ऐतिहासिक दर्शनमा आधारित एक-अर्कासँग अन्तरसम्बन्धित समाज हो । कन्फुसियस दर्शनको मुख्य आधार राजा वा नेपाल काम गर्दा समाज र जनतालाई केन्द्र विन्दुमा राखेर गर्नुपर्दछ भन्ने साझा पद्धति र नेतृत्वमा विश्वास गर्ने दर्शन हो पश्चिमा दर्शन जुन चिनियाँ दर्शनको ठिक विपरीत छ । पश्चिमा दर्शनले दुई तत्त्वकाबिचमा विभाजन ल्याउने गर्दछ । चीन र दक्षिण एसियाली दर्शनमा यस्तो पाइँदैन । चीनले यही सामुहिकताको दर्शनका आधारमा स्थायित्वसहितको राज्य सञ्चालन गर्दै आइरहेको छ । नेपाल भारतले पश्चिमा प्रधानमन्त्रीय बहुमतीय शासन पद्धति अपनाउँदा लामो समयसम्म अस्थिरताका कारण विकास हुन सकिरहेको छैन । यसको कारण असफल भएको पश्चिमा शैलीको बहुलवादी शासन प्रणाली नै हो । नेपालले लामो समयसम्म आर्थिक विकास गर्न

नसक्नुका कारण राजनीतिक अस्थिरता नै हो । नेपालले चीनको आर्थिक विकास र राजनीतिक स्थायित्वबाट सिक्न सक्नुपर्दछ (पृ. २१८) ।

यसै सन्दर्भमा लेखकले चीन आर्थिक रूपमा शक्तिशाली राष्ट्र हो भन्दै नेपालले अर्को नजिकको छिमेकीलाई वेवास्ता नगरी चीनसँगको सहकार्यलाई जोड दिँदै आर्थिक विकास गर्नुपर्दछ । नेपालको स्थायित्व र विकासका लागि आर्थिक विकास प्रमुख लक्ष्य हो । पश्चिमा शक्तिहरूले विभिन्न वहानामा नेपालमा राजनीतिक अस्थिरता सिर्जना गरिरहेका छन् जसका कारण नेपाल आर्थिक रूपमा धेरै पछि पर्न गएको छ । चीनका विदेशमन्त्री वाङ उइले भनेका छन्: 'चीनले विश्वमा शान्तिपूर्ण विकास चाहन्छ । चीन विश्वको अर्थतन्त्रलाई नेतृत्व गर्ने इन्जिन हो ।' चीनको उदाउँदो शक्ति र विकासको परिप्रेक्ष्यमा अमेरिकाले भारतसँग आणविक सन्धि गरेर त्यस सम्बन्धी प्रविधिलाई भारतमा लैजाने र भारत चीन क्षेत्रमा अमेरिकी प्रभाव पार्ने अमेरिकी योजना अनुरूप भारतलाई अमेरिकी सैनिक पद्धतिमा सामेल गर्ने उद्देश्य देखिन्छ । यसबाट दक्षिण एसियाको नेपाललगायत साना राष्ट्रहरूलाई असर पर्ने देखिन्छ । नेपाल जस्तो देशमा चीन विरोधी पश्चिमा शक्ति र अमेरिकी दबाव बढ्ने खतरादेखिदैछ । खासगरी चीनको स्वशासित क्षेत्र तिब्बत विरोधी शक्ति समूह नेपालमा सक्रिय हुन खोजेको देखिन्छ । जसले नेपालको एक चीन नीति प्रतीको प्रतिबद्धतामा असर पुऱ्याउन सक्दछ । नेपालको राजनीतिक अस्थिरताका कारण चीन र भारत दुवैसँगको सन्तुलित नीतिमा समस्या आउन सक्दछ । त्यसैले नेपालले आफ्नो भूमि कुनै पनि छिमेकी विरुद्ध प्रयोग हुन सक्ने खतराप्रति सचेत हुन आवश्यक छ । नेपालले यसलाई व्यवस्थापन गर्नका लागि आफ्नो कूटनीति प्रयोग गर्न सक्नु पर्दछ । त्यसका लागि आर्थिक रूपमा समृद्ध राजनीतिक स्थायित्व भएको नेपालले मात्र सार्वभौमसत्ताको रक्षा राष्ट्रिय सुरक्षाको संरक्षण गर्न सक्दछ । चीन र भारत दुवै छिमेकीको सुरक्षा चासो र चिन्तालाई आर्थिक रूपमा विकसित नेपालले मात्र पूरा गर्न सक्दछ । नेपालको भूराजनीतिक अवस्था र समस्याका कारण पनि नेपालमा चीन विरोधी गतिविधि हुन सक्ने खतरादेखिन्छ । कतिपय चीनविरोधी शक्तिहरू नेपालको विकास र समृद्धिको नारामा क्रियाशील भएको देखिन्छ (पृ. २५४) । नेपालको लामो राजनीतिक अस्थिरताका कारण पनि यस्तो समस्या सिर्जना हुन गएको छ । त्यस्ता तत्त्वका कारण अस्थिर असफल राष्ट्र हुने खतरा देखिन्छ ।

सन् १९७४ मा नेपालमा चीन विरोधी खम्पा विद्रोह बाह्य शक्तिकै कारण भएको थियो । तर राजनीतिक स्थिरताका कारण तत्कालीन सरकारले त्यसलाई नियन्त्रण गर्न सफल भयो । अहिले नेपालमा एनजीओ र आइएनजीओका नाममा विदेशी संस्थाहरू खुल्ला रूपमा नेपालको आन्तरिक मामिलामा सक्रिय देखिन्छन् । त्यसमा कमै शक्तिराष्ट्रहरू सहभागी रहेको

देखिन्छ । जसले नेपालको विकास र समृद्धिको नाममा नेपालमा अस्थिरता सिर्जना गर्ने र द्वन्द्वको विउ रोप्ने काम गर्दै छन् । नेपाल आफैँमा बलियो र विकसित भए मात्र नेपालले यस प्रकारका गतिविधि नियन्त्रण गर्न सक्दछ । चीनले नेपालको आर्थिक विकासमा जोड दिनु र लगानीलाई वृद्धि गर्नुका पछाडि स्थिर र बलियो नेपालबाट मात्र आफ्नो सुरक्षा चाहना पूरा हुन सक्ने उद्देश्य देखिन्छ (पृ. २६२) । नेपालमा पश्चिमा शक्ति केन्द्रका एनजीओको गतिविधि विभिन्न समस्या समाधान गर्ने नाममा थप समस्या पैदा गर्न केन्द्रित देखिन्छन् । अर्थमन्त्रालयकाअनुसार २०१६-२०१७ मा एनजीओमार्फत ८८.८९ विलियन रूपैयामा वैदेशिक पैसा आएको देखिन्छ । यस्ता पैसा कतिपय एनजीओले नेपालको सार्वभौम सत्ता विरुद्ध प्रयोग गरेको पाइन्छ । उदाहरणको रूपमा नेपालमा स्वतन्त्र मधेस आन्दोलनलाई पूर्ण रूपमा एनजीओ र दाताहरूले सहयोग गरेको देखिन्छ । सन् २०११ नोभेम्बर १४-१५ मा काठमाडौँमा गैरआवासीय मधे सङ्घको आयोजनामा विचार गोष्ठी भयो । सीके राउत अध्यक्ष भएको उक्त संस्थाले आयोजना गरेको कार्यक्रममा परराष्ट्र विज्ञ राजीव उपाध्याय, विश्व बैङ्कको तर्फबाट रोवेट पियर, नेपालका लागि संयुक्त राष्ट्र सङ्घ आवासीय मानवीय संयोजक जोहन टुक्नोट, नेपालका लागि बेलायती राजदूत अलेक्जण्डर स्याचिस, युरोपियन युनियनका राजदूत, भारतीय दूतावास मिसन प्रमुख जयदीप मजुमदारसहित करिब २० एनजीओका कार्यकर्ता मधेसका प्रतिनिधिहरू, बुद्धिजीवी यस गोष्ठीमा सहभागी थिए ।

यो संस्था अमेरिकामा स्थापना भएको, जसको उद्देश्य विश्वभरि छरिएर रहेका मधेसीलाई सँगठित गर्ने र मधेसी पहिचानको बारेमा सचेतना कार्यक्रम चलाउने भन्ने छ । यो सङ्गठनको अध्यक्ष सिके राउतले मधेस नेपाल होइन भन्दैछन् । उनीसँग युरोपियन युनियन, बेलायत, युएनडीपी, विश्व बैङ्क जस्ता शक्ति संस्था नेपाल सरकारको आधिकारिक संरचनामा बसेर काम गरेका छन् उनीहरूको उक्त संस्थालाई सहयोगको अर्थ के हुन्छ ? स्वतन्त्र मधेसका अगुवा तिनै सिके राउत जसले २०३० सम्म नेपालबाट मधेस अलग गर्नेसँग ओली सरकारले विवादास्पद सम्झौता गरेको छ । नेपाल सरकारले राउतको सङ्गठनको र यसलाई सहयोग गर्ने कूटनीतिक मिसनका बारेमा आधिकारिक धारणा सार्वजनिक गरेको छैन (पृ. २३६) । नेपालको आन्तरिक मामिलामा वैदेशिक शक्ति मुख्यतः पश्चिमा शक्तिले विभिन्न संस्थामार्फत सहयोग गर्ने नाममा दबाव दिने र आफ्नो कुरा लागु गराउन खोजेको पाइन्छ । जसले गर्दा नेपालको राजनीतिमा गम्भीर असर देखा पर्ने गर्दछ । सन् २०१७ को आम निर्वाचनबाट नेपालमा स्थायी सरकार बनेर अस्थिरताको अन्त्य हुने आधार तयार भएको छ ।

Mikael Weissmann (२०१५) ले Chinese foreign policy in a global perspective' शीर्षकको आलेखमा चीनको विदेशनीति (मुख्यतः असल छिमेकीको कूटनीति, ठुलो सामरिक शक्तिको कूटनीति, उर्जा सम्बन्धी कूटनीति, नागरिक कूटनीति) को उद्देश्य २१ औं शताब्दीमा चीनलाई राजनीतिक, आर्थिक, सांस्कृतिक र सैनिक शक्ति प्राप्त गर्ने रहेको छ भन्ने उल्लेख गरेका छन् । चीनको विदेशनीतिका सिद्धान्तहरू पञ्चशीलतामा आधारित सहअस्तित्व, शान्तिपूर्ण उदय र विकास तथा मेलमिलापयुक्त विश्व समाज निर्माणमा जोड दिएको पाइन्छ । उनले असल छिमेकीको नीतिका आधारमा चीनको आन्तरिक मामिलामा (तिब्बत, ताइवान) वैदेशिक अहस्तक्षेपको नीतिमा जोड दिएको स्पष्ट गरेका छन् (पृ. १५४) ।

Malhotra (2016) ले Theory of international relations' पुस्तकमा अन्तर्राष्ट्रिय सम्बन्ध विचारहरूको विम्ब वा सेट हो, जसले अन्तर्राष्ट्रिय सम्बन्धमा कसरी काम गर्दछ भनी व्याख्या गर्दछन् (पृ. ९) ।' उल्लिखित भनाइहरूका आधारमा हेर्दा अन्तर्राष्ट्रिय सम्बन्धका सिद्धान्त भन्नाले आधारभूत रूपमा अन्तर्राष्ट्रिय सम्बन्धका बारेमा व्याख्या विश्लेषण गर्ने र समस्याको समाधान गर्ने एउटा निश्चित दृष्टिकोण भनेर बुझ्न सकिन्छ । आधारभूत रूपमा विचारधाराले कुनै निश्चित घटनाको व्याख्या गर्ने र त्यसलाई हेर्ने स्पष्ट दृष्टिकोणको निर्धारण गर्दछ । त्यसैगरी, हारटिङ (सन् २०१६) ले 'चाइना पब्लिक डिप्लोमेसीः द राईज अफ द इन्स्टिच्युट' पुस्तकमा कुनै पनि देशको सार्वजनिक कूटनीतिक त्यो देशको सम्पूर्ण कूटनीतिलाई प्रभाव पार्ने गर्दछ र चीनको कूटनीतिक क्षेत्रमा सार्वजनिक कूटनीतिलाई त्यही रूपमा हेरिन्छ । चिनियाँ कन्फुसियस इनिस्टिच्युटले अन्तर्राष्ट्रिय रूपमा चिनियाँ प्रभावलाई विस्तार गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ भन्ने कुराको वर्णन गरेका छन् । ब्रिटिस काउनसिल, जर्मन गोथे इन्स्च्युिटले झैं यि संस्थाहरूले निरन्तर रूपमा स्वतन्त्र रूपले सरकारको वैदेशिक नीतिको उद्देश्य अनुरूप काम गरिरहेका छन् । सन् २०१२ मा सम्पन्न चिनियाँ कम्युनिष्ट पार्टीको १८ औं काङ्ग्रेसमा पार्टीका पूर्व महासचिव हु जिन्ताओले सार्वजनिक कूटनीति र सांस्कृतिक आदानप्रदान कार्यक्रमलाई प्रवर्द्धन गराउने घोषणा गरे । सन् २०१३ अक्टोबरबाट वर्तमान राष्ट्रपति सि जिनपिङले पार्टी र राष्ट्रप्रमुख भएपछि छिमेकी देशसँगको सार्वजनिक कूटनीति डिप्लोमेसीमा जोड दिए ।

उनले पार्टी पोलिटव्युरो, स्थायी कमिटीलगायत चिनियाँ नेताहरूले पब्लिक डिप्लोमेसीमा जोड दिनुपर्ने बताए । यो चिनियाँ नरम शक्ति हो जो पश्चिमा मान्यताभन्दा फरक हुन्छ । चीनले पब्लिक डिप्लोमेसी, जनतादेखि जनतासम्मको कूटनीति तथा गैरसरकारी कूटनीतिलाईसँगै लैजान चाहन्छ । त्यसैले पब्लिक डिप्लोमेसी र नरम शक्तिकाबिच समन्वय

गरी संस्कृति, कूटनीति, सांस्कृतिक सम्बन्धमार्फत चीनले आफ्नो कूटनीतिलाई विस्तार गर्न सक्नुपर्दछ (पृ. ५६) । विश्वशक्तिको रूपमा उदय हुँदै गरेको चीन अन्तर्राष्ट्रिय समुदायसँग अन्तरसम्बन्धित रहँदै आएको छ । चीनको विकासको लागि अन्तर्राष्ट्रिय समुदायको चीनप्रति सकारात्मक दृष्टिकोण हुन जरुरी छ । चीनको कूटनीतिको सम्पूर्ण पाटो पब्लिक डिप्लोमेसी हो । खास गरेर चीनका बारेमा पश्चिमा मिडियाहरूले गलत दृष्टिकोण राख्दछन् र चिनियाँ विशेषताको समाजवादलाइ प्रजातन्त्रको अभावको ठान्दछन् ।

अफ्रिकामा चिनियाँ उपस्थितिलाई नवउपनिवेशवाद भन्दै अपव्याख्या गरिएको छ । पश्चिमा राजनीतिक नेतृत्वले वैचारिक विभाजनका कारण चीनका बारेमा गलत प्रचार गरेका छन् । त्यसको तुलनामा चिनियाँ मिडिया अन्तर्राष्ट्रिय क्षेत्रमा अहिले पनि कमजोर छ र सन् २०१३ मा वीवीसीले गरेको एउटा मतसर्वेक्षणमा चीनको राष्ट्रिय छबी सन् २००५ को भन्दा कमजोर देखाइएको छ । यसबाट चीनको पब्लिक डिप्लोमेसीमा शक्तिको प्रभावको चुनौती सामना गर्नु परिरहेको छ र चिनियाँ पब्लिक डिप्लोमेसीले चीनको राष्ट्रिय छबी राम्रो बनाउन सक्रिय हुनुको विकल्प छैन, चीनको राष्ट्रिय छवि र अन्तर्राष्ट्रिय स्तर राम्रो बनाउनु चीनको सम्पूर्ण कूटनीतिको सार हो भन्ने पुष्टि हुन्छ (पृ. ६०) ।

Copper (2016) ले 'China's foreign aid and investment diplomacy' पुस्तकमा चिनियाँ आर्थिक सहयोगको सुरुवात सन् १९४९ मा जनवादी गणतन्त्र चीनको स्थापनासँग हुन गएको र मुख्य गरी गरिब तथा विकासोन्मुख राष्ट्रलाई विनासर्त आर्थिक सहयोग गर्दै आएको चीनको विश्वका धेरै देशहरूमा कूटनीतिक सम्बन्ध र आर्थिक लगानीदेखिन्छ भन्ने कुरा उल्लेख गरेका छन् । आर्थिक विकाससँग चीन विश्वको शक्ति राष्ट्र मात्र होइन कि विश्वको सबैभन्दा बढी विदेशी मुद्रा सञ्चित भएको राष्ट्रमा पनि पर्दछ । चीनले सन् २०१५ मा विकासोन्मुख देशमा करिब ६०० विलियन डलर आर्थिक सहयोग गरेको उल्लेख गरिएको छ । जसमा एशियन देश ( दक्षिण पूर्वी एसिया, दक्षिण एसिया, मध्य) हरूमा २३५देखि ३२५ विलियन डलर दोस्रो ठुलो लगानी अफ्रिका १२० विलियन डलरदेखि १४० विलियन डलर रहेको छ । दक्षिणी अमेरिका ११० विलियन डलरदेखि २०० विलियन डलरदेखिन्छ । उत्तर कोरिया, भेनेजुयला, भियतनाम, काजकिस्तान, ब्राजिल, अर्जेन्टिनामा धेरै ठुलो परिमाणमा चिनियाँ लगानी भित्र्याउने राष्ट्रहरू हुन (पृ. १४४-४५) ।

पूर्वाधार निर्माण र विकासका लागि आफ्नो सहयोग हुने बताए पनि चीनले उत्तर कोरिया, पाकिस्तान, इरान जस्ता राष्ट्रहरूलाई हितयार निर्माण गर्न आर्थिक तथा प्राविधिक

लगानी गरेको भनी आलोचना समेत गरिन्छ (पृ. १४७) । नकारात्मक आलोचना भन्दा पनि चीनले कैयौँ अन्तर्राष्ट्रिय र क्षेत्रिय सङ्गठनहरूलाई आर्थिक सहयोग गर्दै आइरहेको छ । संयुक्त राष्ट्र सङ्घ, विश्व बैङ्क, एसियाली विकास बैङ्क, विश्व शान्ति स्थापनाका लागि संयुक्त राष्ट्र सङ्घमार्फत खेलेको आर्थिक भूमिकामा चीनले अरबौँ डलर लगानी गरिरहेको छ । संयुक्त राष्ट्र सङ्घ र अन्तर्राष्ट्रिय सङ्घ संस्थामार्फत चीनको लगानी र सहयोग विश्वभरि प्रभावकारी रहेको छ ( पृ. १४९) । चीनले अपनाएको समाजवादी अर्थतन्त्रले छोटो समयमै आश्चर्यजनक रूपमा आर्थिक विकास गर्न सफल भएको छ । चीन विश्वको शक्ति राष्ट्रमा विकास भइरहेको वर्तमान अवस्थामा विश्वको आकर्षण र अन्तर्राष्ट्रिय प्रभावलाई चीनले आफ्नो लगानी र सहयोगमार्फत कायम राख्ने देखिन्छ । चीनको विदेशी सहायता र वैदेशिक लगानी कूटनीतिका कारण उसको आर्थिक विकास र विश्वशक्ति हुने चाहनालाई उसको कूटनीतिले पनि निरन्तरता दिएको पाइन्छ । खासगरी पश्चिमा मोडेलको बजार अर्थतन्त्रलाई अपनाएपछि चीनले आर्थिक विकास गर्न सम्भव भएको हुनाले माओकालीन चिनियाँ अर्थतन्त्र असफल भएको देखिन्छ ।

यसै सन्दर्भमा धनी राष्ट्र नै शक्तिशाली राष्ट्र हुन्छ भन्ने चिनियाँ मान्यता देखिन्छ । चीनको ठुलो जनशक्ति उसको बजारका लागि फाइदाजन कदेखिएको छ । चिनियाँ प्रविधिले चिनियाँ बजारमा प्रभाव परेको देखिन्छ । चीनको गतिशील उत्पादन क्षेत्र र ठुलो सङ्ख्यामा निर्यातका कारण चीन विदेशी विनिमयको सञ्चिति केन्द्र बन्दै गएको छ भनिएको छ (पृ. १९६-१९९) । चीनको ठुलो सङ्ख्यामा विदेशमा भएको लगानी र सहायता चीन विश्व शक्ति हुने महत्त्वाकांक्षाको प्रमाण हो । सन् २०१४ मा चीनले एसियाली पूर्वाधार तथा लगानी बैङ्क खोली विश्व बैङ्क र एसियाली विकास बैङ्कको विकल्पको रूपमा हेरिएको छ । १०० विलियन डलर कुल पुँजी भएको एआइआइ बैङ्कमार्फत चीनले विश्वलाई जोड्ने बीआरआई जस्ता महत्त्वाकाङ्क्षी योजना अगाडि सारेको छ । १५ देखि १८ ट्रिलियन डलर बैङ्क डिपोजिट र ४ ट्रिलियन डलर वैदेशिक विनिमय सञ्चितिले गर्दा चीनको वैदेशिक लगानी र सहयोगमा विशेष योजना हुने देखिन्छ । चिनियाँ महत्त्वाकाङ्क्षी सपना अन्तर्राष्ट्रिय राजनीतिमा मुख्य भूमिकाको रूपमा भविष्यमा देखा पर्ने छ (पृ. २०५) ।

Kochhar and Jaiswal (2016) ले 'Unique Asian Triangle: India-China - Nepal' पुस्तकमा चीन र भारतले एसियाको महत्त्वपूर्ण भूभाग ओगटेका छन्, यि दुई राष्ट्रकोबिचमा भौगोलिक र ऐतिहासिक सम्बन्ध रहेको छ र यी दुई विशाल देशसँगकोबिचमा रहेको नेपालको सम्बन्ध दुवै देशसँग सन्तुलित राख्न सक्नु पर्दछ भन्ने उल्लेख गरका छन् । चीन र भारतसँगको सम्बन्धमा नेपाल धेरै कारणले महत्त्वपूर्ण देश मानिन्छ । यी दुई विशाल देशकाबिचमा हुनु

नेपालको लागि चुनौती र अवसर दुवै छन् । दक्षिण एसिया धेरै विवाद र झगडा हुने क्षेत्र हो । नेपालको सबैभन्दा राम्रो भूमिका भनेको चीन र भारतको सम्बन्धमा यसले महत्त्वपूर्ण भूमिका खेल्न र विगार्न सक्ने भूराजनीतिक अवस्थितिमा छ । नेपालले यी दुई विशाल छिमेकीसँगको सम्बन्ध व्यवहारवादी सिद्धान्तका आधारमा गर्नु पर्दछ (पृ. ७०) ।

मुख्यतः भूराजनीतिक दृष्टिकोणबाट नेपाल चीन सम्बन्ध र नेपाल भारत सम्बन्ध महत्त्वपूर्ण छ । चीनको स्वशासित क्षेत्र तिब्बतसँग सीमाना जोडिएका कारणले पनि चीनले राष्ट्रिय अन्तर्राष्ट्रिय रूपमा नेपाललाई महत्त्व दिइरहेको छ । भारत र चीनबिचका परम्परागत विवादलाइ सहमतिमा ल्याउन महत्त्वपूर्ण भूमिका खेल्न सक्दछ । दक्षिण एसियामा चिनियाँ प्रभावलाई रोक्ने भारतीय चिन्ता र चासो तथा नेपालमा भारतको परम्परागत प्रभावलाई न्यूनीकरण गर्ने चिनियाँ महत्त्वाकांक्षाका कारण पनि दुवै छिमेकीले नेपाललाई महत्त्व दिएका छन् । दक्षिण एसियामा प्रवेश गर्ने गेट नेपाल भएको हुनाले चीनले नेपालमा आफ्नो सक्रियता देखाउँदै छ (पृ. ७९) ।

Karam (2016) ले 'The China factor' पुस्तकमा चीनले उपभोक्ताको चाहनालाई आधार बनाएर उनीहरूको समस्या र सन्तुष्टिलाई सम्बोधन गर्ने गरी उत्पादन गर्ने गरेको पाइन्छ र श्री ५ को योजना र राजनीतिक संस्कार जस्ता कुरालाई मुख्य आधार बनाइएको कुरा उल्लेख गरेका छन् । यसरी उत्पादन गरेको माल वा वस्तुलाई लक्षित उपभोक्ता, बजारको अध्ययन गरी उनीहरूको रुचिअनुसार मूल्य निर्धारण गरी विक्री गरिन्छ र चीनले बजार व्यवस्थापन गर्न स्थानीय साझेदार निकायसँग सुमधुर सम्बन्ध राखी आफ्नो उत्पादनलाई बजारको मनोविज्ञानअनुसार नियम कानुनको पालना गर्दै आफ्नो वस्तु उपभोक्तासामु प्रस्तुत गर्दछ । बजार प्रवर्द्धन अपनाउँदा उपभोक्तासँगको सम्बन्ध, संस्कृति, र संस्कार निर्माणमा पहिलो प्राथमिकता दिन्छ ।

चीन सरकारले उत्पादित वस्तुहरूको प्रसार प्रचार तथा विक्री वितरण गर्न सिधै विदेशी सरकार र निजी क्षेत्रसँग वार्ता तथा छलफल गर्दछ जसका कारण विचौलियाहरूको कुनै स्थान हुँदैन । विदेशमा रहेका चिनियाँ राजदूतहरूमार्फत बजार प्रवर्द्धन गर्ने गरिन्छ । निजी क्षेत्रले सरकारको मातहत र निर्देशनमा काम गर्दा सुरक्षित र सन्तुष्टि भएको पाइन्छ । निजीक्षेत्र सरकारसँग मिलेर साझेदारीमा काम गर्ने गर्दछन् । बजार अर्थतन्त्र अङ्गालेको चीनले बजार निर्माणमा सरकारको निर्णय अन्तिम हुन्छ । चाँडै नाफा कमाउने र त्यसका लागि श्रम शोषण

तथा एकाधिकार जस्ता विषयमा सरकारको नियन्त्रण रहन्छ जसका कारण उत्पादक र वितरण मूल्य र नाफाबिच सन्तुलन कायम रहन सम्भव भएको छ (पृ. ४१-४५) ।

Bhattarai (2016) ले 'Durga Bahadur Shrestha in promotion of commerce between Nepal and China' पुस्तकमा भगवान् गौतम बुद्धको देहवसान भइसकेपछि करिब ४५० वर्षपछि महामञ्जुश्री चीनबाट आफ्नो दुई जना सहयोगीसहित काठमाडौँ (नेपाल) आउँदा काठमाडौँ उपत्यकामा त्यतिबेला विशाल जलाशय (ताल) भएको कुरा उल्लेख गरेका छन् । उक्त पानीलाई दक्षिण चोभारको पहाड काटेर बाहिर पठाई काठमाडौँ उपत्यकालाई बस्ती बस्नयोग्य बनाएर उनले बुद्धको चम्किलो स्वयम्भुको दर्शन गरे । तत्कालीन समयमा स्वयम्भुदेखि गुहेश्वरीसम्म मानव बस्ती बसाल्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेको कुरा स्वयम्भु पूराणमा उल्लेख गरिएको छ । मञ्जुश्रीको यो अतुलनीय ऐतिहासिक योगदानका कारण नेपाल चीन सम्बन्धको सुरुवात भएको पाइन्छ । सन् ३९९ मा दुईजना चिनियाँ बौद्ध भिक्षुहरूको समूहले नेपाल भारतको भ्रमण गरी बुद्धधर्मको अध्ययन गरे । ती दुई टोलीमध्य एक टोलीका प्रमुख फा. स्यानले गौतम बुद्धको जन्मस्थल लुम्बिनी रामग्रामको भ्रमण गरे ।

उनले दशवर्षसम्म नेपाल, भारत, श्रीलङ्कालगायत देशहरूमा बौद्ध धर्मको गहिरो अध्ययन गरी बौद्ध धर्मसम्बन्धी विभिन्न प्रमाण सङ्कलन गरेर इ.सं. ४१२ मा बुद्धभद्रसँगै चीनको नानसिङमा फर्किएर बुद्ध संस्कृति र समाजको आदर्शको बारेमा नेपाल चीनबिच दुवै संधीयार राष्ट्रमा उक्त संस्कृतिले पारेको प्रभावका बारेमा उल्लेखनीय भूमिका निर्वाह गरे (पृ. ५१) । लेखकले नेपाल जस्तो दुई विशाल देशकोबिचमा रहेको मध्यवर्ती राष्ट्रलेबिचमा बसेर दुवैतिर शान्ति निर्माण गर्दै आफ्नो राष्ट्रिय हित रक्षा गर्नुपर्नेमा जोड दिन्छन् । बुद्धधर्मको आधारभूत मर्म, शान्ति र अहिंसा हो । बुद्ध र कार्ल मार्क्सको लक्ष्य एउटै थिए तर साधनहरू फरक फरक थिए । कार्ल मार्क्स राजनीति अर्थतन्त्रको शक्तिमा विश्वास गर्थे भने बुद्धले मित्रता र स्वीकार्यतामा विश्वास गर्दथे । कार्लमार्क्सको समानता, स्वतन्त्रता र मातृत्व बौद्ध धर्मको केन्द्रीय भाव रहेको तथ्य लेखकले उल्लेख गरेका छन् । पञ्चशीलको सिद्धान्त नेपाल चीन भारतका विदेशनीतिका मुल आदर्श रहेका छन् जुन बौद्ध धर्म र दर्शनको प्रेरणा र प्रमाण हो । चिनियाँ कूटनीति बौद्ध कूटनीति भएकाले यसलाई नरम शक्तिका रूपमा लिन सकिन्छ (पृ. १९१) ।

नेपाल (वि.सं.२०७३) ले 'नेपाल र चीन तिब्बत सम्बन्धः समीक्षात्मक इतिहास' पुस्तकमा राजा अंशुवर्माको मृत्युपछि नेपालमा पुनः अहीर गुप्तहरू सक्रिय हुँदा राजनीतिक

हिंसाले गम्भीर मोड लिएको थियो । यस्तो अवस्थामा राजा उदयदेव र छोरा नरेन्द्रदेव तिब्बतमा शरण लिन पुगे । उदयदेवको मृत्युपछि तिब्बतको तीव्र दबावमा नरेन्द्रदेवलाई नेपालको राजा बनाउन तत्कालीन नेपालका राजा भीमार्जुनलाई पदच्युत गरियो ।

वि.सं. ७०५ मा चिनियाँ राजदूत वाङयुन्चेको नेतृत्वमा चिनियाँ प्रतिनिधि मण्डल तत्कालीन भारतका शक्तिशाली राजा हर्षवर्द्धनको दरबार जान नेपालको बाटो भई आएका थिए । त्यस समयमा राजा हर्षवर्द्धनका मन्त्री अरूणाश्वरले चिनियाँ राजदूत वाङयुन्चेमाथि आक्रमण गरे (पृ. ७२) । भीम मल्लको पालादेखि भोटका दलाइ लामाले कोसेलीको रूपमा नेपालका राजालाई घोडा, कस्तुरी र बाज बुझाउँदै आएको इतिहास उल्लेख छ । तत्कालीन समयमा शीतलाको प्रकोपले तिब्बतका टसीलामा पाल्देन येशेको १८३७ मा परलोकपश्चात् यिनका भाइ श्यामर्पा लामाले तिब्बत स्थित गुठी (मठ) को सुन, चाँदी, जुहारत हिनामिना गरेपछि उनलाई दोषी ठहराई नजरबन्द गरियो । तर उनी नजरबन्दबाट भाग्न सफल भई नेपाल आए । नेपाल आएका श्यामर्पाले यहाँको जनपद स्वीकार गरेर बहादुर शाहले उनलाई शरण दिई बौद्ध क्षेत्रमा गास बासको व्यवस्था मिलाई राखेबाट नेपाल भोट सम्बन्ध ऐतिहासिक कालदेखि नै सुमधुर थियो भन्ने बुझ्न सकिन्छ ।

यद्यपि यस समयमा तिब्बतमा नेपालद्वारा निर्मित शुद्ध चाँदीको महंगो मूल्यको टकलाई नाक्टाङको भाउको तुलनामा बढी मूल्य दिनुको सट्टा तिब्बतले नेपालका ती सबै टकलाई समान मूल्य दिई नेपालमाथि अन्याय गरेको निहुँमा नेपाल र भोट (तिब्बत)बिच मनमुटाव भई सम्बन्ध बिग्रिएको उल्लेख गरेको पाइन्छ । ऐतिहासिक कालदेखि नै चीन, नेपाल र भारत सम्बन्धमा हुँदै आएको विभिन्न उतार चढावबाट आधुनिक नेपाल वर्तमान अवस्थासम्म आइपुगेको वास्तविकतालाई नियाल्न सकिन्छ । प्रस्तुत कृतिमा उल्लेखित राजनीतिक इतिहासको मार्ग दर्शनले वास्तवमा नेपाल-चीन सम्बन्धमा मात्र नभई त्रिदेशीय सम्बन्धलाई नै सुदृढ बनाउनका लागि पथप्रदर्शन गरेको छ ।

शिवाकोटी (वि.सं. २०७३) ले 'त्रिदेशीय साझेदारीमा नेपाल चीन सम्बन्ध' पुस्तकमा नेपालमा गणतन्त्र स्थापनापश्चात् नेपालको राजनीतिमा आधारभूत रूपमा परिवर्तन आएको र नेपालमा भारतलगायत विदेशी शक्तिकेन्द्रको उपस्थिति तथा त्यसबाट चीनमाथि हुन सक्ने खतरालाई निस्तेज पार्न चीनले पनि अन्य शक्ति केन्द्रले जस्तै नेपालमा आफ्नो सबल उपस्थिति देखाउने अपेक्षासँगै नेपाल प्रतीको उसको नीतिमा बदलाव आएको पाइन्छ । नेपालको बदलिंदो राजनीतिक परिस्थितिमा चीनले नेपाल प्रतीको आफ्नो विगतको नीतिमा परिवर्तन गर्दै आफ्नो

प्रभावलाई अझ सशक्त बनाउँदै लगेको छ जसका कारण विगतमा सशक्त भारतीय प्रभावलाई कमजोर बनाउँदै चिनियाँ प्रभाव विस्तार भएको देखिन्छ । यस पुस्तकमा उनले चिनियाँ नीति र नेपालसँगको उसको सम्बन्धका बारेमा व्यापक चर्चा गरेका छन् (पृ. ७७) ।

बस्न्यात (वि.सं. २०७३) ले 'नेपाल-चीन वाद विवाद र संवाद' कृतिमा नेपाल र चीन ( तिब्बत)बिच भएका युद्ध तथा सन्धिहरूका सन्दर्भमा सुक्ष्म विश्लेषण गरेका छन् । १८४८ मा नेपाल र चीनबिच भएको सन्धिमा 'अब उप्रान्त नेपाल तथा तिब्बत दुवै देशको चीन पिताको रूपमा रहने छ । नेपाल तथा तिब्बत दुवैले आफूहरूलाई भाइ भाइको नाताले व्यवहार गर्ने छन् भनी उल्लेख गरिएको विषय उठाएका छन् ।' सन्धिको अर्को बुँदामा यदि नेपाललाई कुनै विदेशी शक्तिले चढाई गऱ्यो भने चीन नेपाललाई अवश्य मद्दत गर्नेछ भनी उल्लेख गरेको पाइन्छ । नेपालको राजनीतिक इतिहासको समीक्षा गर्दा ऐतिहासिक कालखण्डदेखि नै नेपाल दुवै देशको कूटनीतिक एवम् रणनीतिक महत्त्वको चेपूवामा पर्दै आइरहेको र नेपालले यी दुवै मित्र राष्ट्रप्रति सन्तुलित तथा समदुरीको सम्बन्ध राख्दै आइरहेको विषयलाई उल्लेख गरेका छन् (पृ. २९) ।

फङ (वि.सं. २०७३) ले 'चिनियाँ सपना' पुस्तकमा चिनियाँ राष्ट्रपति सि चीनफिङले २०१२ नोभेम्बर २९ मा राष्ट्रिय जन काङ्ग्रेसको पहिलो सम्मेलनमा पहिलो पटक चिनियाँ सपनाको अवधारणा प्रस्तुत गरी चिनियाँ सपना बुझ्ने पहिलो सर्त भनेको चिनियाँ विशेषता भएको समाजवादमा अडिग रहनु हो र यसको अर्थ सिको कार्यकालमा राष्ट्रवाद र देशभक्ति नै चिनियाँ कूटनीतिको प्रेरणाको प्रमुख कारण हुने छ भनी स्पष्ट उल्लेख गरिएको छ (पृ.५७) ।

२१ औँ शताब्दीको दक्षिण एसिया, अफ्रिका र युरोपसँगको आर्थिक सम्बन्धलाई सुदृढ बनाउन चीनको लागि श्रीलङ्काको सहयोगको ठुलो स्थान छ । चीन (तिब्बत) को केरुङबाट लुम्बिनीसम्म विद्युतीय रेल सञ्चालनका लागि स्थलगत अध्ययन कार्य सम्पन्न भइसकेको छ भने चीनले केरुङ-रसुवागढी-त्रिशूली राजमार्गलाई अन्तर्राष्ट्रिय घोषणा गरिसकेको छ । यो राजमार्ग भएर नेपाल चीन विद्युतीय प्रसारण लाइन प्रसारणका लागि पहिलो चरणको अध्ययन गरिसकेको छ । चिनियाँ सपनाको रूपमा राष्ट्रपति सीले अगाडि सारेको ओविओआर परियोजनामार्फत नेपाल चीन सम्बन्धलाई जोड्ने लक्ष्य राखी तदारुकताका साथ कार्यहरू अगाडि बढाएको पाइन्छ । नेपाल चीन सम्बन्धलाई सुदृढ पार्न पूर्व सम्झौता बमोजिम चीनले नेपालका लागि अप्टिकल फाइबर नेटवर्क जडान गरी नेपालको सञ्चार क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएको छ (पृ. ९३) ।

Stefano and Anna (2016) ले 'Constructivism and international relations' पुस्तकमा सन् १९०८ को अन्त्यमा ल्हासास्थित चिनियाँ आवासीय प्रतिनिधि चाङले नेपालका प्रधानमन्त्री चन्द्र शम्शेर जबरालाई नेपाल र तिब्बत परस्परमा न्यानो सम्बन्ध राखी दाजुभाइ जस्तै मिलेर बस्नुपर्छ भन्दै चीन, तिब्बत, नेपाल, सिक्किम र भुटान पाँच रंगका मिश्रण हुन जसमध्ये नेपाल, भुटान र सिक्किम एउटै मुखभित्र मिलेर बसेका दाँतका बंगाराहरू हुन भनेको विषयलाई उल्लेख गरेका छन् । चीनले पञ्चशीलका पाँच सिद्धान्तका आधारमा आफ्नो छिमेकीहरूसँग कूटनीतिक एकताको भावनाले नजिक राखेर हेर्ने गर्थ्यो । यदि उसले वरपरका यी राष्ट्रहरूलाई आफ्नो मातृभूमिमा विलय गराउन चाहेको भए सैनिक बल प्रयोग गरी सजिलै आक्रमण गर्न सक्थ्यो तर त्यसो गर्न चाहेन । भारतले नेपालको शान्तिक्षेत्रको प्रस्तावमा हालसम्म पनि मान्यता दिएको छैन तर चीनले त्यतिबेलै समर्थन गरी मान्यता प्रदान गरिसकेको छ । बरु, यसका विपरीत भारतले सिक्किमलाई आफ्नो मातृभूमिभित्र विलय गरायो जबकि तिब्बत प्राचीन कालदेखि नै चिनियाँ मातृभूमि भित्रैको एउटा अभिन्न अङ्ग रह्यो । तर चीनलाई यसरी बुझ्ने र हेर्ने दृष्टिकोणका विरुद्ध चीन विरोधी बाह्य युरोपेली एवम् अमेरिकी गलत प्रचारबाजी (चीन विरोधी प्रपोगान्डा) नीतिले अनौठा कामहरू गर्दै आइरहेको पाइन्छ ।

चीनले कुनै पनि राष्ट्र सानो होस् या ठुलो सबैलाई हामीले सँधै समान व्यवहार र उच्च सम्मान गर्दछौँ, कुनै पनि राष्ट्र र जनताको स्वतन्त्रता, सार्वभौमिक अखण्डता र समृद्धिका विरुद्ध हामी धावा बोल्ने छैनौँ भन्ने नारा अघि सार्दै बेलाबेलामा अन्तर्राष्ट्रिय जगत्मा आफ्नो कूटनीतिक सिद्धान्तको व्याख्या गर्दै आइरहेको लेखकले उल्लेख गरेका छन् । नेपाल चीन सीमानाकोबिचमा अवस्थित सगरमाथालाई बाह्य जगत्को व्यवहारले कारणवश चीनको हो भनी दाबी गर्न बाध्य तुल्याए पनि नेपाली पक्षको एकै अनुरोधमा चीनले उक्त दाबी फिर्ता लिई नेपालपट्टिको सगरमाथाको भाग नेपालकै र चीनपट्टिको सगरमाथाको भाग चीनकै हो भन्दै अन्तर्राष्ट्रिय कानुन तथा सन्धि सम्झौताको पालना गर्दै नेपालसँग भ्रातृत्व सम्बन्ध कायम राखेको थियो । उल्टै नेपाल चीनको संयुक्त रोहवरमा सगरमाथालाई नेपाल चीन मित्रताको चुचुरोको नामबाट सम्बोधन गर्न थालियो । यदि चीनले आफ्नो दाबी र अडानबाट पछि हटन नचाहेको भए चीन विरुद्ध नेपाललगायत अन्य अन्तर्राष्ट्रिय जगत्ले पनि केही गर्न नसक्ने अवस्था थियो भन्ने विषयलाई तत्कालीन नेपाली उच्च अधिकारीहरूले नै भनेको विषयलाई लेखकले स्पष्ट पारेका छन् । यदि चीनले नेपाललाई जोड्ने राजमार्ग निर्माण गर्‍यो भने नेपालको त्यो राजमार्ग भएर सजिलै चिनियाँ सशस्त्र सेनाहरू भारततिर आउँछन्, उसले नेपाललाई पनि दबाव र प्रभावमा राख्छ र गंगाको मैदान हुँदै दक्षिण एसियालाई पनि कब्जा

गर्छ भन्ने भारतको कच्चा सोचका विरुद्ध नेपालको कोदारी राजमार्ग निर्माणको विषयलाई लिएर तत्कालीन राजा महेन्द्रले मैले कहिल्यै पनि कल्पना गरेको छैन कि राजा र कम्युनिष्टसँगसँगै हिड्छन् भनेर भन्ने कूटनीतिक जवाफले भारतको मुख टाल्दै नेपालको विकासलाई उत्थान गरेका थिए (पृ. ४८) ।

Shakya and Shrestha (2017) ले Nepal China Relations: New Avenues and possibilities' पुस्तकमा नेपाल भारत सम्बन्धका विभिन्न आयामबारे चर्चा गरिएको भए पनि नेपाल र भारतको सम्बन्धमा चीन कसरीसँगसँगै उपस्थित भएको छ भनी मधुकर शम्शेर जबरा राणाले आफ्नो विचार व्यक्त गरेको कुरा उल्लेख गरेका छन् । पूर्व अर्थमन्त्री समेत रहेका राना दक्षिण एसियाली व्यवस्थापनका प्राध्यापक समेत हुन् । खास गरेर सन् २००६ बाट नेपालमा राजनीतिक परिवर्तनसँगै नेपालको कूटनीतिक क्षेत्रमा परिवर्तन आएको छ । सुगौली सन्धि पछि मुख्यतःया सन् १९५० को भारतसित भएको शान्ति तथा मैत्री सन्धि (जसलाई असमान सन्धि भनी चर्चा गरिन्छ) पछि नेपाल भारतवेष्टित राज्यको रूपमा रहन गयो (पृ. १६४) । खास गरेर सन् १९६५ मा जब नेपाल संयुक्त राष्ट्र सङ्घको सदस्य भयो त्यतिबेला एसियाली कम्युनिष्ट र माओ विचारको प्रभाव बढ्दै थियो । त्यतिबेला राजा महेन्द्रले सन् १९६१ मा भारतसँग व्यापार सन्धि गरेर व्यापार प्रवर्द्धन गरे । सन् १९६२ को भारत चीन युद्धमा नेपालले तटस्थ नीति अवलम्बन गऱ्यो । राजा वीरेन्द्रद्वारा प्रस्तावित शान्तिक्षेत्रको प्रस्तावलाई भारतले अस्वीकार गऱ्यो । चीन र पाकिस्तानले सक्रिय समर्थन गरे । नेपालको शान्तिक्षेत्रको प्रस्तावलाई अन्तर्राष्ट्रिय समुदायले अनुमोदन गरेको पाइन्छ । नेपालको अन्तर्राष्ट्रिय रूपमा स्वतन्त्र भूमिकालाई भारतले रुचाएकोदेखिदैन । गणतन्त्र स्थापनापश्चात् भारत गणतन्त्र संस्थागत गर्ने कुरामा सकारात्मकदेखिए पनि मधेस क्षेत्रलाई समातेर निरन्तर समस्यामा पारेको देखिन्छ (पृ. १७८) ।

भारत र चीनको नेपालमा समान स्वार्थ भएका क्षेत्रहरू भनेको व्यापार लगानीको क्षेत्र मुख्य हो । कृषि, निर्माणको क्षेत्र, जलस्रोत, यातायात, सञ्चारमा लगानी गर्न प्रतिस्पर्धा देखिन्छ । खास गरी उर्जाक्षेत्र मुख्यदेखिन्छ र दुवै देश आतङ्कवादको खतराबाट त्रसित पनि छन् । दुवै देशले ‘पिपुल टु पिपुल’ कूटनीतिलाई प्राथमिकतामा राखेका छन् । पर्यटन प्रवर्द्धनमा दुवैको जोड चीन नेपाल भारतको त्रिदेशीय साझेदारीको प्रस्तावलाई चीनले स्वागत गरेको छ । भारत सकारात्मक नभए तापनि विरुद्धमा गएको छैन । माओवादी अध्यक्ष पुष्पकमल दाहालले चीन भ्रमण गर्दा चीनका राष्ट्रपति सी जिनपिङलाई भेटेर त्रिदेशीय साझेदारीको कुरालाई अगाडि बढाएका थिए (पृ. १८२) ।

नेपाल भारतको सम्बन्धमा चीनको उपस्थिति महत्त्वपूर्ण देखिन्छ । नेपालसँग चीनको सम्बन्ध पञ्चशीलका आधारमा रहेको छ । मानवअधिकारको स्वतन्त्रताको नाममा पश्चिमा शक्तिको नेपालमा चलखेलप्रति चीन सचेतदेखिन्छ । भारतद्वारा कालापानीको नेपाली भूमि कब्जा गरिएकोमा चीन त्रिदेशीय वार्ता सहमति खोज्नुपर्ने बताउँछ । भारत दक्षिण एसियाको शक्ति राष्ट्र भएकाले छिमेकीसँगको उसको सम्बन्ध तनावपूर्ण छ । चीनले दक्षिण एसियाली राष्ट्रसँग सहानुभूतिपूर्वक सम्बन्धलाई अगाडि बढाउँदै गर्दा भारतले चीनको प्रभाव रोक्न अमेरिका, जापान जस्ता राष्ट्रसँग साझेदारीलाई अगाडि बढाएको देखिन्छ । सन् २००५ मा तत्कालीन राजा ज्ञानेन्द्रले सार्कमा चीन पर्यवेक्षक सदस्यको रूपमा उपस्थिति हुनुपर्ने प्रस्तावलाई भारतले अस्वीकार गऱ्यो । भारत दक्षिण एसियामा चीनको सक्रिय उपस्थितिबारे सचेत छ । चीनको 'पिपुल टु पिपुल' कूटनीति र शान्तिपूर्ण उदयसँगै नेपालमा बुद्धको जन्मस्थान लुम्बिनीलगायतका आयोजनामा अरबौं डलर लगानी गर्ने घोषणा चीनको दक्षिण एसियामा प्रत्यक्ष उपस्थितिले भारतको भूमिका कमजोर हुने हो कि भन्नेमा चिन्तित छ (पृ. १८८) ।

Sarren (2018) ले 'China diplomacy in South Asia: Quest for power hunt' पुस्तकमा दक्षिण एसियाली क्षेत्रमा शक्ति राष्ट्रको रूपमा रहेको भारतसँग सन् १९६२ मा चीनको सीमा विवादका कारण युद्ध भयो र चीन र भारतको युद्धका कारण चीन र पाकिस्तानबिच सीमा सम्झौता भयो भन्ने उल्लेख गरेका छन् । चीनले पाकिस्तानलाई आर्थिक भौतिक, सैनिक सहयोग गर्न थाल्यो । चीनले पछिल्लो चरणमा श्रीलङ्का, बंगलादेश र नेपालसँगको सम्बन्धलाई थप बलियो बनाउँदै लगेको छ (पृ. ४२) । चीनले आफ्नो व्यावहारिक कूटनीतिलाई अझ बढी प्रभावकारी बनाउँदै भारतसँगको सम्बन्धलाई व्यापारमार्फत पनि बलियो बनाउँदैछ । चीन दक्षिण एसियामा सैनिक हस्तक्षेप वा धम्कीको विरुद्धमादेखिन्छ । उसले शान्तिपूर्ण सहअस्तित्वका आधारमा यस क्षेत्रका समग्र विकासका लागि आफ्नो व्यापार कूटनीतिलाई अगाडि बढाउँदै छ ।

पन्त (वि.सं.२०७४) ले 'नेपाल-भारत व्यापार पारवहन सम्बन्ध र नाकाबन्दी' पुस्तकमा सन् १९४९ मा जनवादी गणतन्त्र चीनको स्थापनापश्चात् बुद्धका उपदेश र बुद्धधर्मको सारलाई आधार मानेर चीनले पञ्चशीलका पाँच सिद्धान्तहरूप्रतिपादन गरी विश्वशान्तिका क्षेत्रमा अभूतपूर्व काम गरिरहेको देखिन्छ र यसै सिद्धान्तका आधारमा नेपाल चीन दीपक्षीय सम्बन्ध स्थापित भएको छ स्पष्ट पारेका छन् । पञ्चशीलका यी सैद्धान्तिक आधारहरूबाट व्यावहारिक रूपमा नेपाल चीन र भारतको विदेशनीति तयार भएको छ । नेपाली तथा तिब्बती बुद्ध धर्मावलम्बिहरूले अवलम्बन गर्ने मुलमन्त्र ओम मणि पद्मे ह्यु (म पोखरीकोबिचमा फुल्ने फुलझैं पवित्र शोभायमान रत्न हुँ) हो र यो मन्त्रलाई तिब्बतको रञ्जना लिपिमा राखिएको छ (

पृ. २५३-२५७) । यस मन्त्रका सम्बन्धका आधारमा नेपाल चीन (तिब्बत) का नेपाली र चिनियाँहरूको (तिब्बती) भावना परस्परमा बाँधिएको छ ।

सन् ७५० मा गुरु पद्मसम्भवद्वारा व्याख्या भएअनुसार निङमा पा सम्प्रदायका लामाहरूले रातो बस्त्र र टोपी लगाउँछन् । नेपालमा यिनै निङमा पाका तिब्बती बौद्धमार्गीहरूको बहुसंख्यक नेपाली अनुयायीहरू छन् । उत्तरी नेपालका नेपाली बौद्धमार्गीहरूले तिब्बती भाषाबाट आफ्नो धर्म वाचन गर्ने, पुजापाठ गर्ने र कर्मकाण्ड गर्ने गर्दछन् । तत्कालीन समयमा विवाहका जन्तिहरू मिलेर निर्माण गरिएको काठमाडौं-ल्हासा- छाङआन सडक नेपाल चीन जोड्ने छोटो रुट थियो जुन पछि बौद्धभिक्षु, व्यापारी र कूटनीतिज्ञहरूले प्रयोग गरेका थिए । यो रुटभन्दा अगाडि नेपालले मध्यएसिया भएर रेसमी बाटोको लामो रुट प्रयोग गरी चीनको यात्रा गर्नुपर्ने हुन्थ्यो ।

नेपाली कलाकारहरूले १८ औं शताब्दीमा चीनको तुनह्वाङ गुफामा भित्तेचित्रहरू कुँदेका थिए । करिब एक हजार वर्षसम्म चीनको तत्कालीन राजधानी छाङआन (सियान)सँग नेपालको निकटतम सम्बन्ध थियो । दोस्रो सहस्राब्दीमा नेपाल चीन बौद्ध सम्बन्ध अत्यन्त बलियो रूपमा फस्टाएको पाइन्छ (पृ. २६५-२६७) । इतिहासकालीन समयदेखि हालसम्म नेपाल चीन बौद्ध सम्बन्धको विस्तृत सर्भेक्षणले दुई देशीय धार्मिक तथा सांस्कृतिक सम्बन्ध अत्यन्त प्रगाढ रहेको स्पष्ट पार्दै दुई देशीय बौद्धभिक्षु पर्यटकहरू तथा नेपाल चीन बौद्ध सम्बन्धले दुई देशीय पारस्पारिक सद्भाव र सहकार्यलाई एकताको सुत्रमा उनेको पाइन्छ ।

आचार्य (वि.सं. २०७४) ले 'चीन तिब्बत र नेपाल' पुस्तकमा चीनमाथि भारतस्थित ब्रिटिस शासकहरूले चीनको स्वशासित क्षेत्र तिब्बतलाई एउटा स्वतन्त्र राष्ट्रको रूपमा स्थापित गरी नेपाललाई उत्तर क्षेत्रबाट घेराबन्दी गर्ने तानाबाना बुनिरहेका थिए । १९०४ मा कर्णेल यङ हजवैण्डको नेतृत्वमा एउटा भारतस्थित ब्रिटिस सैनिक दलले सिक्किम तर्फबाट छुम्बीको बाटो हुँदै बलपूर्वक तिब्बतमाथि प्रवेश गर्न प्रयास गर्दा तिब्बती पदाधिकारीहरूले कडा प्रतिरोध गरेका थिए भन्ने उल्लेख गरेका छन् । अङ्ग्रेज बाहेक रसियनहरूले पनि तिब्बतमाथि आँखा लगाएका थिए । तिब्बतको सम्बन्धमा रुस र बेलायत दुवै देशले तिब्बतमाथि चीन साम्राज्यकै सम्प्रभूता रहेको स्वीकार गर्न बाध्य थिए । सन् १९०७ सम्म तिब्बतमा ब्रिटिस भारतीयहरूले वाणिज्य दूतावास खोली आफ्नो प्रभाव विस्तार गरिरहेका थिए (पृ. ३१४) ।

चीनको उर्वरभूमिमाथि कब्जा जमाउन जापानलगायत पश्चिमा शक्ति राष्ट्रहरूको होड चलिरहेको थियो । औद्योगिकरणसँगै जापानलाई आफ्नो भूमि अपुग हुँदै थियो जसका कारण

जापान चीनलाई कब्जा गर्न आइरहेको थियो । चीन ति साम्राज्यवादी शक्तिसँग निरीह जस्तै थियो । चीनलाई बाँडीचुँडी खाने लुछाचुडीमा रुस पनि सहभागि हुँदै आएको थियो । सन् १९१७ मा रुसमा बोल्सेभिक जनवादी क्रान्ति सम्पन्न भएपछि साम्यवादी रुस चिनियाँ नागरिकका लागि उदार र हितैषी भएर निस्कियो, जसका कारण अन्य साम्राज्यवादी शक्ति सोभियत रुससँग क्रुद्ध हुन गए (पृ. ३६१) । दुई देशबिचमा कूटनीतिक सम्बन्ध स्थापना भएपछि सन् १९५६ मा नेपालबाट पहिलो पल्ट प्रधानमन्त्री टंकप्रसाद आचार्यले चीनको भ्रमण गरेका थिए, जसका कारण सीमा क्षेत्रमा रहेका टिंकर, चाङरु, लिमी, नारा, रसुवा, खासा, रालुङ, किमाथाङका, पादुमलगायतका स्थानमा सीमा विवादलगायत सगरमाथाको विवाद पनि सदाको लागि हल भए । नेपाल चीन सम्बन्धको परम्परागत सम्बन्धलाई पुनःस्थापना गरी नयाँ उचाइमा पुऱ्याउने काम नेपालमा प्रजातन्त्रको स्थापना पछि मात्र सम्भव भएको हो (पृ. ३३३) ।

पाण्डे (वि.सं. २०७४) ले 'कूटनीति र राजनीति' पुस्तकमा खासगरी राजा ज्ञानेन्द्रले सत्ता आफ्नो हातमा लिएपछि परराष्ट्र मन्त्री बनेका लेखक पाण्डे राजाले सत्ता लिएपछि जटिल बन्दै गरेको नेपालको राजनीतिक परिस्थितिका बारेमा विश्वभरि चर्चा परिचर्चा हुने र विभिन्न देशहरूले आफ्नो धारणा बनाउने नेपाल प्रतीको नीति तय गर्ने गरेका थिए । यसै क्रममा चीनले राजा ज्ञानेन्द्रको शाही कदम र त्यसबाट उत्पन्न राजनीतिक परिस्थितिलाई नेपालको आन्तरिक मामिला भनेको थियो भने भारतलगायतका अन्य प्रजातान्त्रिक राष्ट्रले राजाको उक्त कदम प्रजातन्त्र विरोधी भएको घोषणा गरेका थिए । यसै क्रममा परराष्ट्र मन्त्रीको हैसियतले मन्त्री पाण्डेले चीनसँगको तत्कालीन सम्बन्धलाई लिएर गरेको चर्चा उल्लेखनीय छ । तत्कालीन समयमा चीनले नेपाललाई सहयोग नगर्न तत्कालीन भारतीय विदेश सचिव श्याम शरणले बेइजिङमा एसिया मामिलासम्बन्धी महानिर्देशक लुआओ हुइलाई गरेको अनुरोधलाई नेपालका लागि चिनियाँ राजदूतले नेपाललाई जानकारी गराएको कुरा नेपालको लागि गम्भीर भएको । नेपालले चीन र भारतसँगको सम्बन्धलाई सुमधुर बनाउन खोजेको अवस्थामा भारतको उक्त चरित्रले भारतीय मनसाय र त्यसमा पश्चिमा शक्ति जोडिएको हुन सक्ने चीनको आशङ्का थियो । भारतको उक्त चरित्रका कारण चीनका विदेश मन्त्री सिधै काठमाडौँ आउने निर्णयले भारतलाई झस्काएको थियो । भारतको मनसाय नेपाल चीन सम्बन्धलाई भाँडन खोजेको अनुभुति हुन्थ्यो ।

चीनका परराष्ट्रमन्त्री ली जाओको नेपाल भ्रमणको बेला लीले नेपालका माओवादीले अध्यक्ष माओको नाम बदनाम गरेको, राज्यको सबै शक्ति प्रयोग गरेर यथाशिघ्र आतङ्ककारीको बललाई नष्ट गरी वार्तामा ल्याउनुपर्नेमा सेनाले सफलता हासिल गर्न नसकेको र चीन विरुद्ध

केही नेपालमा सामरिक जाल बुन्न तम्सिएका छन् । त्यसमा नेपाल चनाखो हुनुपर्ने कुरा बताएका थिए । नेपालका माओवादीबारे चिनियाँ परराष्ट्र मन्त्रालयका प्रवक्ता कङ कुआनले बेइजिङमा पत्रकार सम्मेलन गर्दै नेपालमा माओवादीले महान नेता माओको नाम चोरेका छन्, नेपाल चीन सम्बन्ध र दक्षिण एसियाको अवस्था तथा चीन र भारतको विकासबाट दक्षिण एसियाली सबै राष्ट्रले फाइदा लिन सक्नुपर्ने चिनियाँ राष्ट्रपतिको अभिव्यक्ति रहेको र नेपाल जस्ता साना राष्ट्रको लागि जोखिमपूर्ण हुने भएकाले नेपाल गम्भीर हुन आवश्यक रहेको चीन भ्रमणको क्रममा चिनियाँ राष्ट्रपतिको अभिव्यक्ति थियो (पृ. ६३०) । नेपालमा भइरहेको हिंसात्मक गतिविधिलाई आधार मान्दै बाहिरी शक्तिको संलग्नता हुन्छ कि भन्ने चीनको आशङ्का रहेको चीनको चाहना नेपालको शान्ति र स्थायित्व हो । राष्ट्र सङ्घ सुरक्षा परिषद्को अस्थायी सदस्यमा नेपालको उम्मेदवारीलाई चीनले समर्थन गर्ने राष्ट्रपतिले उद्घोष गरे (पृ. ३३१) । Sangraula (2018) ले 'South Asia China Geo-economics' पुस्तकमा नेपालको भूराजनीतिक अवस्था दुई विशाल छिमेकीकोबिचमा रहेको र नेपालको विदेशनीतिको महत्त्वपूर्ण पक्ष भनेको भ्रातृत्व शान्तिपूर्ण सहअस्तित्वका आधारमा सबै देशहरूसँग असंलग्न नीतिका आधारमा हुने गरेको छ स्पष्ट पारेका छन् । नेपाल चीन र भारत दुवै देशसँग सीमाना जोडिएको देश भएका हुनाले दुवै देशको सुरक्षा चासो नेपालसँग हुने गरेको छ । खासगरी उत्तरी छिमेकी चीनले नेपालसँग रणनीतिक सुरक्षा चासो राख्दै आइरहेको छ । चीन नेपाल सम्बन्धलाई हेर्दा चीन असली छिमेकी र साझेदारी राष्ट्रको रूपमा रहँदै आएको छ । नेपाल र चीनले आफ्नो सम्बन्धलाई संवेदनशील र सुमधुर रूपमा सञ्चालन गर्दै आइरहेका छन् । चीन र नेपालले दुवै सरकारबिचको सम्बन्धलाई पहिलो प्राथमिकता दिँदै आइरहेका छन् भने दोस्रोमा, व्यापारिक आर्थिक सम्बन्ध, चिनियाँ सहयोग र प्रविधिको नेपालमा निर्यात, प्रत्यक्ष वैदेशिक लगानीका लागि सम्पूर्ण संयन्त्र, तेस्रो, शिक्षा, संस्कृति विज्ञान प्रविधिको आदान प्रदान, र चौथो यसको तिब्बतसँगको परम्परागत सम्बन्धले नेपाल चीनबिचको सम्बन्धलाई समृद्ध बनाएका छन् । चीनको स्वशासित क्षेत्र तिब्बतको सुरक्षाको सवाल गम्भीर रूपमा जोडिएको नेपालमा तिब्बती शरणार्थीहरूको वृद्धि हुँदै जानुले चीन बढी सतर्क भइरहेको छ । तिब्बतको सुरक्षा चिन्ताका कारण चीनले नेपालसँगको सीमानामा कडाई गर्दै उच्चस्तरीय सुरक्षा बैठक समेत गर्दै आइरहेको छ । (पृ. ३०५-३०६) । चीनको पाकिस्तानसँग नजिकको रणनीतिक सम्बन्ध हुनु र जम्मु कश्मिरसँगको विवादका कारण पनि भारत चीनसँग सन्तुष्ट देखिदैन । चीनको आन्तरिक राजनीतिक चुनौती भनेको तिब्बतको प्रश्न हो, त्यसैले चीनले नेपालसँगको सुरक्षा संयन्त्रलाई बलियो बनाउन चाहन्छ जसका कारण चीनले नेपालको सुरक्षा निकायलाई बलियो

बनाउन विभिन्न आर्थिक तथा भौतिक सहयोग गर्दै आइरहेको छ । नेपालले स्वतन्त्र तिब्बतको गतिविधि रोक्नका लागि प्रभावकारी कानुन निर्माण गर्ने र लागु गर्न चीनले दबाव दिइरहेको छ । तिब्बतको शरणार्थीको विषयमा नेपाललाई विदेशी शक्ति केन्द्रहरू जसले नेपालमा ठुलो आर्थिक सहयोग गर्दै आइरहेका छन्, तिनीहरू अमेरिका, युरोपियन युनियन आदिमार्फत विभिन्न दबाव दिँदै आइरहेका छन् भने चीनले पनि नेपाल सरकारलाई चिनियाँ शरणार्थीलाई आफ्नो सीमानामार्फत चीन फर्काइदिन दबाव दिइरहेको देखिन्छ । नेपाल र भारतमा हुने तिब्बती शरणार्थीहरूको आन्दोलन भनेको एक चीन नीति विरोधी आन्दोलन हो । त्यसैले, एक चीन नीतिका आधारमा तिब्बत विरोधी गतिविधि रोक्न नेपाललाई चीनले दबाव दिइरहेको हुन्छ (पृ. ३०९) ।

नेपालमा सङ्घीयता कस्तो बनाउने जातीय आधारमा वा बहुपहिचानका आधारमा भन्ने छलफल चलिरहँदा चीन निरन्तर रूपमा जातीय पहिचानसहितको सङ्घीयताको विरुद्धमा उभिएको पाइन्छ । चीनले नेपाल बहुभाषी, बहुसांस्कृतिक देश भएकाले साझा पहिचानका आधारमा सङ्घीयता बनाउन नेपाललाई सुझाव दिएको पाइन्छ । यसको मुख्य उद्देश्य नेपालमा जातीय पहिचानको सङ्घीयताले भविष्यमा द्वन्द्व हुन गयो भने त्यसको प्रत्यक्ष असर चीन ( तिब्बत) मा पर्न जाने भएकाले उसले माओवादीलगायत विभिन्न जनजातिहरूको जातीय पहिचानसहितको सङ्घीयताको मागसँग निरन्तर असहमति जनाएको पाइन्छ । भारतलगायत केही राष्ट्रहरू नेपालमा जातीय पहिचानको आधारमा सङ्घीयताको पक्षमा उभिए । सन् २००६ (गणतन्त्र स्थापना) पछि नेपालको आन्तरिक मामिलामा चीनले खासै चासो दिएको छैन । राजतन्त्र अन्त्यपछि नेपालमा सङ्घीय गणतनत्र स्थापना भएको छ । तिब्बतको सुरक्षा चिन्ता चीनको प्रमुख चासोदेखिन्छ । चीन र भारतबिच नेपालले रणनीतिक सन्तुलन कायम गर्न सक्नु पर्दछ । हनुमानढोका परिसरको नौतले दरबारलगायत चारवटा टावरहरू जीर्णोद्धार तथा पुनः निर्माण कार्य गर्न नेपाल सरकार र चीन सरकारबिच सम्झौता भई प्रारम्भिक अध्ययन सुरु भएको छ । त्रिशुली-स्याफ्रुवेशी-रसुवागढी सडकअन्तर्गत हालसम्म ३७५ कि.मी. ट्र्याक खोल्ने कार्य भएको छ । कर्णाली कोरिडर अन्तर्गत हालसम्म १६ कि.मी. ट्र्याक खोल्ने कार्य सम्पन्न भएको छ । यसरी नेपाल चीन सम्बन्ध सुदृढीकरण र द्विदेशीय विकासका लागि प्रधानमन्त्री प्रचण्डको पालनामा पनि निकै महत्त्वपूर्ण कार्यहरू भएको पाइन्छ जसलाई नेपाल चीन सम्बन्धमा कोसेढुङ्गा मानिएको छ ।

प्रधानमन्त्री प्रचण्डको पालामा नेपालमा चौबीस वर्षयताकै उच्च ६.२प्रतिशत आर्थिक वृद्धि हासिल गर्न सरकार सफल भई (उर्जामन्त्री जनार्दन शर्मा र विद्युत् प्राधिकरणका कार्यकारी

निर्देशक कुलमान घिसिङको कार्यशक्तिका कारण) देशमा लोडसेडिङ अन्त्य भएको उल्लेख छ ( पृ. ६७) । लामो समयको राजनीतिक अस्थिरतापछि भर्खरै बनेको स्थिर सरकारका तर्फबाट चीन भ्रमण गर्दा सह-अस्तित्व, समानता, विश्वास र साझेदारीको वातावरण निर्माण गर्ने अवसर प्राप्त भएको छ । यदि यी सवालमा ध्यान दिन सकिएमा नेपालको दीर्घकालीन स्वाधीनतामा ऐतिहासिक योगदान पुग्नेछ । हिमालय क्षेत्रको विशिष्ठ विश्वपहिचान र यस क्षेत्रको स्वावलम्वनलाई छिमेकी देशहरूसँगको सहकार्यको प्रमुख विषय बनाउनु पर्दछ । नेपालको स्वावलम्बन र ऐतिहासिक सार्वभौमिकता हिमालयको विशिष्टता, मौलिकता र विश्वव्यापी महत्त्वसँग जोडिएको छ । हिमालयको यो विशिष्टताको नेतृत्व नेपालले गर्नु पर्दछ जुन नेपालको स्वावलम्बी समृद्धिको पथप्रर्दशक रणनीति हुनु पर्दछ । आफ्नो मौलिकता र विशिष्टताविना सार्वभौमिकता कमजोर हुन्छ र समाज पराधीनतातर्फ उन्मुख हुन्छ । नेपालको समृद्धिको खाका भारत वा चीनको नक्कल गरेर अथवा उनीहरूको कलकारखाना नेपालमा खोलेर तयार हुँदैन । हाम्रो समृद्धिको खाका हिमालयको विशिष्टता, मौलिकता र आवश्यकताको आधारमा तयार गर्नु पर्दछ ।

Meiser (2018) ले 'International relations theory in EIR Relation Text book' पुस्तकमा उदारवादले आधुनिक लोकतन्त्रको स्वरूपका बारेमा जोड दिन्छ, यस लोकतन्त्रले स्वतन्त्र, निस्पक्ष निर्वाचन, विधिको शासन, मानव अधिकारको संरक्षणका सम्बन्धमा राज्यको बाटो तय गर्दछ भन्ने उल्लेख गरेका छन् । अन्तर्राष्ट्रिय सम्बन्ध यथार्थवादको असफलतासँगै उदारवादको अगाडि आएको विश्वको समसामयिक विचार हो (पृ.२२) । व्यक्तिको वैयक्तिक स्वतन्त्रता र सम्पत्तिको रक्षा गर्ने सरकारको मुख्य उद्देश्य हो । राजतन्त्र वा तानाशाहीले नागरिकको जीवन र स्वतन्त्रताको रक्षा गर्न सक्दैन । त्यसैले उदारवादको मुख्य उद्देश्य व्यक्तिको व्यक्तिगत स्वतन्त्रताको रक्षा सीमित राजनीतिक शक्तिद्वारा संरक्षित हुनुपर्दछ । राज्यको आन्तरिक गतिविधिले अन्तर्राष्ट्रिय रूपमा प्रभाव पारेको हुन्छ । उदारवादले सैनिक कूटनीतिको विरोध गर्ने भएकाले राज्यले सैनिक शक्ति वृद्धि गर्ने र अन्य राज्यसँग युद्ध गर्ने र त्यस्ता युद्धमा नागरिकको प्रयोग गर्ने कुराको विरोध गर्दै राज्यसँग सीमित सैनिक शक्ति हुनुपर्ने र त्यहाँ जनताको नियन्त्रण हुने कुरामा जोड दिन्छ (पृ. ३२) । अतः यस अध्ययनका लागि यो पूर्वाध्ययन सान्दर्भिक रहन गएको छ ।

### २.३.२ विद्यावारिधि शोधग्रन्थहरू

नेपाल-चीन सम्बन्धमा हालसम्म अनुसन्धान गर्नुहुने नेपाली विद्वान्हरूको सङ्ख्या न्यून रहेको छ । सो सम्बन्धमा त्रिभुवन विश्वविद्यालय तथा भारतस्थित वनारस हिन्दु विश्वविद्यालय,

वाराणसी र वेस्टर्न युनिभर्सिटी सिड्नी, अष्ट्रेलियाबाट नेपालमा वैदेशिक लगानीको प्रभावकारितासहित विभिन्न समयमा विद्यावारिधि अनुसन्धान गरेका नेपाली विद्वान्हरूका शोधग्रन्थहरूको समीक्षा पनि सान्दर्भिक देखिन्छ ।

Mangalsiddhi Manandhar (1988) ले कन्सास विश्वविद्यालयमा बुझाएको विद्यावारिधि शोधपत्र 'Geo-politicals existence of Nepal' मा नेपालको भूराजनीतिक यथार्थ तथा चीन र भारत जस्ता ठुला छिमेकीहरूकाबिच यसको महत्त्वपूर्ण भूमिकाबारे उल्लेख गरेका छन् । यसमा लेखकले हिमाली राज्यमा चासो राख्ने केन्द्रमुखी र विकेन्द्रमुखी शक्तिहरूबारे प्रकाश पारेका छन् । पुस्तकले नेपालको भूभागलाई केन्द्र र परिधि गरी विभाजन गरेको छ र जनजातीय दृष्टिकोणबाट समेत उनले राष्ट्र र राष्ट्रियताबारे परिचर्चा गरेका छन् (पृ. ३७) ।

गोपाल शिवाकोटी (वि.सं.२०५६) ले 'नेपालको परराष्ट्रनीतिमा वामशक्तिको भूमिका (१९९१-१९९४)' शीर्षकको शोधग्रन्थमा नेपाल चीन सम्बन्धमा वामपन्थी पार्टीहरूबाट नेपालको परराष्ट्रनीति असंलग्न सिद्धान्तमा आधारित भए पनि व्यवहारमा भारत तथा पश्चिमा मुलुकतर्फ झुकाव राख्ने नीतिको वाम पक्षबाट सधैं आलोचना हुँदै आएको छ । यसप्रति व्यापक जनदबाब पनि सिर्जना भएको छ । वामपार्टीहरूबाट अघि सारिएको विदेशनीति सम्बन्धमा नेपालको राष्ट्रिय अडानलाई पृ.पोषण गरेको, राष्ट्रहितलाई जगेर्ना गरी नेपालको साधनस्रोत उपयोग गर्ने बारे जनमत निर्माण गरेको, नेपालमा विदेश घुसपैठको विरोध गरी राष्ट्रिय अक्षुण्यतामाथि हुने अतिक्रमणको प्रतिरोध गरेको, नेपाली युवालाई गोर्खा भर्तीकेन्द्रमार्फत विदेशी सेनामा भर्ती गराई साम्राज्यवादीहरूको स्वार्थमा प्रयोग गर्ने कार्यको विरुद्धमा गतिविधि सञ्चालन गरी जनमत तयार गर्ने काम गरेको पाइन्छ । नेपालको परराष्ट्रनीति निर्माणमा प्रत्यक्ष प्रभाव पारेको देखिन्छ (पृ. २७०) ।

Pushparaj Adhikari (2004) ले 'Nepal China relation: A changed global context 1990 – 2002' शोधग्रन्थमा नेपाल चीन राजनीतिक आर्थिक सम्बन्धका विविध आयामहरूका सम्बन्धमा प्रकाश पारेका छन् । नेपाल चीन सम्बन्धको आधारभूत कारक तत्त्वहरूको उजागर गर्ने, नेपाल र चीनको सुरक्षा स्वार्थको परीक्षण गर्ने र नेपाल चीन सम्बन्धमा बाह्य वातावरण र यसको प्रभावको विश्लेषण गर्ने उद्देश्यबाट अघि बढाइएको उक्त अध्ययनमा नेपाल चीन सम्बन्धका आधारभूत कारक तत्त्वहरू अन्तर्गत भौगोलिक तत्त्वलाई दिगो र स्थायी तत्त्व मान्दै नेपाल र चीनबिच साँधियार छिमेकीको सम्बन्ध रहेको स्पष्ट पारिएको छ । यसबिचमा उच्च हिमाल तथा पहाडी पर्वतहरूले नेपाल र चीन तिब्बत) लाई छुट्टाइ यसबिचका १८ द्वारहरूमध्ये १४ द्वारहरूबाट नेपाल र चीन (तिब्बत) का नागरिकहरूको दैनिक जीवनयापनका

लागि आवतजावत हुने गरेको उल्लेख छ । शोधग्रन्थकारकाअनुसार यो क्षेत्र प्राचीन कालदेखि नै सनातन हिन्दु धर्म तथा बौद्ध धर्मको सँगमस्थल रहँदै आएको स्पष्ट हुन्छ । यो क्षेत्रमा दुई देशीय सुरक्षा निकायका अङ्गहरूको समन्वयात्मक सम्बन्ध मजबुत रहेको जनाइएको छ । त्यसैगरी उनले आफ्नो शोधग्रन्थमा ऐतिहासिक तत्त्व, सामाजिक सांस्कृतिक तत्त्व, आर्थिक तत्त्व, राजनीतिक तत्त्व, मनोवैज्ञानिक तत्व, राजसंस्थाको भूमिका आदि पक्षमा बढी जोड दिएका छन् । उनले राजा महेन्द्र र राजा वीरेन्द्रको भूमिका, सुरक्षा तत्त्व र अन्तर्राष्ट्रिय वातावरणले नेपाल चीन सम्बन्धमा प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव पारिरहेको विषयलाई सुक्ष्म रूपमा केलाएका छन् । नेपाल र चीनको सुरक्षा स्वार्थ अन्तर्गत दुई देशीय सुरक्षा बजेट, दुई देशीय साझा विशेषता, सुरक्षा सवाल, नेपाललाई चीनले गरेको सहयोग र समर्थन, दुई देशीय व्यापारिक मार्गहरू र चीनको सुरक्षामा यसको प्रभाव तथा नेपालमा प्रजातन्त्रको पुर्नस्थापनाका बारेमा उनले सुक्ष्म रूपमा उल्लेख गरेका छन् (पृ. ७८-१५३) ।

उनको शोधग्रन्ध करिब १५/१६ वर्ष अघि तयार पारिएको, त्यसबेला नेपाल चीन सम्बन्धका शोधार्थीहरू न्यून सङ्ख्यामा रहेको, अध्ययन सामग्रीहरूको दुर्लभता र जटिल तापनि उत्तिकै रहेको, चीनको तुलनामा नेपालको भारतसँगको खुला र स्वतन्त्र व्यवहारमा बढोत्तरी रही आएको आदि कारणहरूले नेपाल चीन सम्बन्धका अग्रज शोधकर्ता अधिकारीले ठुलो मेहनत र चुनौतीका साथ आफ्नो शोधकार्य सम्पन्न गरेको सन्दर्भलाई प्रस्तुत शोधग्रन्थले जीवन्त उदाहरण पेश गरेको देखिन्छ । आजको परिस्थितिमा नेपाल चीन सम्बन्धमा शोधकार्य गरिरहेका शोधार्थीहरूको अवस्था फरक र विगतको तुलनामा धेरै सहज छ । विगतमा नेपाल चीन सम्बन्धका अग्रज शोधकर्ताहरूले आफ्नो शोधग्रन्थमा उल्लेख नगरेका र नसमेटेका कतिपय विषयवस्तुहरू जस्तै रक्त मिश्रण सम्बन्ध (रोटीबेटी र भाइभाइको सम्बन्ध), सांस्कृतिक धार्मिक (ल्होसार/लामा गुरु/मानसरोवर आदि) सम्बन्ध, भाषिक (चिनियाँ मेण्डरिन-नेपाली भाषा) सम्बन्ध, कानुनी तथा वैधानिक सम्बन्ध, दुई देशीय सरकारी (सार्वजनिक) तथा जनस्तरीय सम्बन्ध, दुई देशीय सीमा नाकाहरू सम्बन्धी बृहत् सम्बन्ध, दुई देशीय हवाई जहाज, मोटरेबल र रेल सम्बन्ध, एक चीन नीति, दुई देशीय नदी प्रणाली, एक पेटी एक मार्ग योजना, रणनीतिक एवम् सामरिक सम्बन्ध, बृहत् राजनीतिक र आर्थिक (गणतन्त्रात्मक राज्य व्यवस्था र समाजवादी राजनीतिक अर्थव्यवस्था) सम्बन्धलगायतका विविध नवीनतम समसामयिक मुद्दाहरूलाई नेपाल चीन राजनीतिक आर्थिक सम्बन्ध (वि.सं. २०६३-२०७३) समेत समावेश गर्ने प्रयत्न गरिएको छ ।

Bhattarai (2005) ले 'The effectiveness of foreign aid: A case study of Nepal' शोधग्रन्थमा विकासोन्मुख राष्ट्रको लागि वैदेशिक सहयोग त्यसको आर्थिक विकासका लागि महत्त्वपूर्ण रहँदै आएको र वैदेशिक सहयोग दुई प्रकारका हुने स्पष्ट पारेका छन् । यो सहयोग र ऋणको स्वरूपमा रहेको हुन्छ । नेपालले १९५० देखि नै आफ्नो पूर्वाधार विकासका लागि विदेशी ऋण लिँदै आएको छ । १९५६ देखि १९६० सम्म आइपुग्दा नेपालका विकासका धेरै आयोजनाहरू वैदेशिक सहयोगमा पूर्ण रूपमा भर परेको देखिन्छ । जस्तै भारतीय सहयोगमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल निर्माण, कोसी बाँध निर्माण भएकोमा सोभियत सङ्घको सहयोगमा जनकपुर चुरोट कारखाना, चीनी कारखाना, जलविद्युत् आयोजना र पूर्वपश्चिम बाटोको केही भाग निर्माण भयो । यसैगरी चीनले अरनिको र पृथ्वी राजमार्ग, बाटो, ट्रली बस निर्माण, छालाजुत्ता, कारखाना, इटा कारखाना, अमेरिकाले ग्रामिण विकास, शिक्षा, कृषि, र स्वास्थ्यको क्षेत्रमा सहयोग गरेको पाइन्छ । नेपालले १९५०-१९६० सम्म पूर्वाधार निर्माणमा वैदेशिक सहयोग लगानी गरेको पाइन्छ । नेपालले दुई पक्ष र बहुपक्षीय क्षेत्रबाट वैदेशिक सहयोग लिँदै आइरहेको छ । सन् १९७० देखि २००२ सम्म आइपुग्दा नेपालले दक्षिण एसियामा सबैभन्दा बढी आर्थिक सहयोग लिएको उल्लेख छ ।

नेपालको वैदेशिक सहयोगको इतिहास राणाकालमा सुरु भएको हो । सन् १९५१ मा अमेरिकाले २००० डलर आर्थिक सहयोग गरेको थियो । राणाशासनको अन्त्यपछि १९५२ मा भारतले नेपाललाई आर्थिक सहयोग गर्ने दोस्रो राष्ट्रको रूपमा देखिन्छ भने १९५६ मा चीनले नेपाललाई आर्थिक सहयोग सुरु गऱ्यो र सन् १९७० सम्म नेपाललाई आर्थिक सहयोग गर्ने राष्ट्रहरूमा चीन र भारत जस्ता क्षेत्रिय शक्तिहरूबिच होडबाजी चल्यो भने विश्व शक्तिका रूपमा रहेका अमेरिका र सोभियत रुसबिच पनि प्रतिस्पर्धा देखियो । नेपालले चीन र भारतबाट निरन्तर परम्परागत सहयोग लिँदै आयो भने अन्य सहयोगी राष्ट्रसँग पनि कूटनीतिक सम्बन्ध विस्तार गर्दै अगाडि बढ्न थाल्यो । सन् १९८० सम्म आइपुग्दा नेपालमा संयुक्त राष्ट्र सङ्घ बहुराष्ट्रिय नेतृत्वदायी संस्था विश्व बैङ्क, निजी क्षेत्रलगायतले आर्थिक सहयोग गरेको पाइन्छ । सन् १९८० को दशकमा अमेरिका, जर्मन, बेलायतभन्दा जापानले नेपाललाई सबैभन्दा ठुलो आर्थिक सहयोग गर्ने राष्ट्रको रूपमा देखा परेको छ । नेपाललाई सहयोग गर्ने बहुराष्ट्रिय संस्थाहरूमा विश्व बैङ्क, एसियाली विकास बैङ्क, अन्तर्राष्ट्रिय विकास एजेन्सी, संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रम, विश्व खाद्य कार्यक्रम, संयुक्त राष्ट्र सङ्घ बाल कोष, संयुक्त राष्ट्र सङ्घ प्राविधिक सङ्घ, संयुक्त राष्ट्र सङ्घ, शरणार्थी उच्च आयोगलगायत संयुक्त राष्ट्र सङ्घीय विभिन्न संस्थाहरू मुलुकको आर्थिक क्षेत्रमा क्रियाशील रहेको उल्लेख गरिएको छ ।

सन् १९९० सम्म आइपुग्दा नेपाल सरकारको ७० प्रतिशत खर्च वैदेशिक सहयोगमा आधारितदेखिन्छ । एसियाली देशहरूमा नेपालमा सरकारको खर्च वैदेशिक सहयोगमा दक्षिण एसियामै उच्च रहेको उल्लेख गरेको पाइन्छ (पृ. १३२) । सन् १९९१ बाट नेपाल सरकारले आर्थिक सुधारको कार्यक्रम लागु गर्दै बजार निर्देशित अर्थतन्त्र लागु गर्‍यो । यो सुधार निजीक्षेत्र र सार्वजनिक क्षेत्रको साझेदारीको रूपमा अगाडि बढ्यो । सार्वजनिक यातायात र जलविद्युत्का क्षेत्रमा निजी क्षेत्रलाई आकर्षण गरियो । नेपालको अविकसित पूर्वाधार, अदक्ष मानवस्रोत, भौतिक निर्माणका लागि कमजोर संस्थागत क्षमता, राष्ट्रिय आय कमजोर राजनीतिक अस्थिरता, माओवादी हिंसाका कारण तत्कालीन अवस्थाको सुधारका बारेमा पनि विवाद सिर्जना हुन गएको उल्लेख गरिएको छ (पृ. १३३) ।

Karki (2011) ले 'Geo - Politics and Neplese foreign Policy' नेपाल भूपरिवेष्टित देश हो, तिनतिरबाट भारतले घेरिएको नेपालबाट कलकत्ता बन्दरगाहा ६०० माइल टाढा पर्दछ भने भारतसँग खुल्ला सीमाना रहेको तथा भारत नियन्त्रित ट्रान्जिट र खुल्ला सीमानाका कारण नेपालले विश्वका अन्य देशसँग सम्पर्क गर्न कठिन भएको उल्लेख गरेका छन् । नेपालले वैदेशिक सहयोग र लगानीलाई खुल्ला गरेको छ जुन अर्थतन्त्रका लागि सकारात्मक पाइला हो । कलकतासम्मको टाढाको दुरी, अदक्ष कामदार, साधनस्रोत, कच्चा पदार्थको कमी, आधुनिक सञ्चार र प्रविधिको अभाव जस्ता कारणले व्यापार प्रवर्द्धनमा समस्या पैदा भइरहेको उनले उल्लेख गरेका छन् । नेपालको अर्थतन्त्र करिब वैदेशिक सहयोगमै आधारित छ ।

विदेशबाट आउने सहयोग राज्यको आवश्यकताभन्दा दाताको इच्छा तथा चाहनामा ६० प्रतिशत रकम खर्च हुने गर्दछ । राज्यको आवश्यकताअनुसार पूर्वाधार निर्माण, स्वास्थ्य, शिक्षा, ग्रामीण विकासमा खर्च हुनुपर्नेमा त्यसो हुन सकिरहेको छैन । भ्रष्टाचारका कारण आएको सहयोग लक्षित ठाउँसम्म पुग्न सकेको छैन, उच्च तहका भ्रष्टाचारीलाई अनुसन्धान गरी कार्वाही हुँदैन । व्यापक भ्रष्टाचारका कारण वैदेशिक सहयोगमा पारदर्शीता छैन । नेपाल अहिले पनि वैदेशिक सहयोगमा निर्भर छ । तर अधिकतम फाइदा लिन सक्ने गरी प्राथमिकता तोक्न नसक्नु र व्यावहारिक कानुनको अभावका कारण दाताले मनोमानी गर्ने गरेको देखिन्छ । त्यो सबै रोक्नका लागि राष्ट्रिय वैदेशिक सहयोग नीति निर्माण गरिनु पर्दछ । उनकाअनुसार नेपालको भूराजनीतिक परराष्ट्रनीति पूर्णतः असफल छ किनभने वाणिज्यदूत वा राजदूतहरूको नियुक्ति सक्षमताका आधारमा भन्दा नातावाद तथा कृपावादका आधारमा हुने, अन्तर्राष्ट्रिय सम्बन्धका बारेमा शुन्य ज्ञान राख्ने व्यक्तिहरू नियुक्त गरिने गरिएको छ भन्ने स्पष्ट पारेका छन् ।

विदेशी सहयोगले विकासोन्मुख देशको द्रुत आर्थिक विकास र गरिबी नियन्त्रणमा सहयोग पुग्दछ । नेपालको आर्थिक विकासको आधार कृषि हो, अधिकांश गरिब जनता गाउँमा बस्दछन् । गरिबी नियन्त्रण गरी चाँडो आर्थिक विकास गर्ने हो भने सम्पूर्ण जनतालाई कृषिमा सहभागी बनाउन सक्नुपर्दछ । आर्थिक सहयोगसँगै नयाँ प्रविधिलाई पनि भित्र्याउनु पर्दछ । नेपालमा दाताराष्ट्रहरू मात्र होइन विभिन्न आइएनजीओमार्फत पनि सहयोग आइरहेको छ । नेपालले वैदेशिक सहयोगमार्फत धेरै काम गर्न सक्दछ । तर वैदेशिक सहयोगमा भर नपरी आफ्नो आन्तरिक स्रोत परिचालन गर्दै बिस्तारै विदेशी सहयोगलाई कटाउने नीति लिनुपर्दछ भन्ने निष्कर्ष शोधकर्ताको रहेको छ (पृ.३१२-३१३) ।

## २.४ अनुसन्धानको अन्तराल

राजनीतिक परिस्थितिमा आउने परिवर्तनले राज्यहरूको व्यवहारमा समेत परिवर्तन ल्याएको हुन्छ । नेपालमा गणतन्त्र स्थापनासँगै नेपाल चीनबिचको कूटनीतिक सम्बन्धमा आएको परिवर्तनले राजनीतिक, आर्थिक र सुरक्षालगायतका क्षेत्रमा नयाँ आयामहरू थपिएका छन् । दुई देशबिचको कूटनीतिक सम्बन्धमा विकसित नयाँ आयामका बारेमा विगतमा यस विषयमा औपचारिक रूपमा अनुसन्धान भएको नदेखिएकाले यस बारेमा नयाँ खोज कार्यको खाँचो महसुस गरी यस शोधकार्यलाई अगाडि बढाइएको हो । शक्ति राष्ट्रकोबिचमा रहेको सानो र कमजोर मुलुकमाथि ती राष्ट्रहरूले प्रभूत्व कायम गर्न बेलाबखत धम्कीपूर्ण व्यवहार गर्ने गरेको पाइन्छ । त्यसका लागि साना तथा कमजोर राष्ट्रले आफ्नो अस्तित्व रक्षामा शक्ति राष्ट्रसँगको सम्बन्धलाई समदुरीको सिद्धान्तको आधारमा आपसी विश्वास जित्न सक्नुपर्दछ । नेपालले चीन र भारत जस्ता उदीयमान शक्ति राष्ट्रहरूकाबिचमा रहेको कारण असङ्गलग्नताका आधारमा कूटनीतिक सम्बन्ध कायम राखी आफ्नो अस्तित्व रक्षा गर्न सक्दछ भन्ने तथ्य नेपालको कूटनीतिक इतिहासले पुष्टि गर्दछ । नेपालको भूराजनीतिक अवस्था र दुई भिन्न विचार दर्शनका आधारमा राज्य व्यवस्थाको अभ्यास गर्दै आएका शक्तिशाली छिमेकीहरूकाबिचमा रहेर नेपालले उनीहरूसँगको सम्बन्धलाई यथार्थवाद र उदारवादकै आधारमा सन्तुलन कायम गर्नु पर्छ भन्ने देखिन्छ ।

दक्षिणी छिमेकी विशाल प्रजातान्त्रिक मुलुक भारत यथार्थवाद र उदारवादका आधारमा स्थापित राष्ट्र हो भने उत्तरी छिमेकी सामाजिक यथार्थवाद र आंशिक उदारवादका आधारमा चिनियाँ विशेषतासहितको समाजवादको बाटोबाट अगाडि बढेको राष्ट्र हो । यस्तो अवस्थामा नेपालले दुवै छिमकीसहित विश्वका अन्य मित्रराष्ट्रसँग यथार्थवाद र उदारवादकै आधारमा

सम्बन्ध विकास गर्नुपर्दछ । नेपाल र चीनबिचको सम्बन्ध ऐतिहासिक, राजनीतिक, सामाजिक, सांस्कृतिक र आर्थिक रूपमा बलियो रहँदै आएको छ । हाल गणतन्त्र स्थापनापश्चात् चीनसँग नेपालको सम्बन्ध थप उचाइमा पुगेको छ । पूर्वकार्यको समीक्षाका आधारमा के निष्कर्षमा पुग्न सकिन्छ भने चीन वर्तमान वैश्विक प्रतिस्पर्धामा प्रथम महाशक्ति बन्ने होडमा रहेको उदीयमान शक्ति राष्ट्र हो । चीनले नेपालको सन्दर्भमा अहस्तक्षेपकारी नीति अवलम्बन गरेको र नेपालले एक चीन नीतिलाई व्यावहारिक रूपमा नै अवलम्बन गरोस भन्ने चाहना राखेको देखिन्छ । नेपाल पनि एक चीन नीतिमा प्रतिबद्ध रहँदै आएको छ ।

गणतन्त्रपश्चात् चीनले नेपाल नीतिमा परिवर्तन ल्याएको छ । बदलिँदो परिस्थितिसँगै नेपाल चीन सम्बन्धका बारेमा दुवै देशले अनुसरण गरेका नीति र त्यसका आयामबारे प्रयाप्त बौद्धिक खोज भएको छैन । गणतन्त्र स्थापनाभन्दा पहिला जे जति अनुसन्धानहरू भएका छन् ती सबै खोज अनुसन्धानहरूले बदलिएको परिस्थिति, राष्टहरूबिचको सम्बन्ध र विकसित घटनाक्रमलाई सम्बोधन गर्ने तहमा पर्याप्त देखिँदैन । नेपाल चीन सम्बन्धमा विकसित नयाँ आयामहरूका विविध पक्षहरूको खोज गर्ने हेतुले यो शोधकार्य सुरु गरेको हो । यथार्थवादी सिद्धान्तअनुसार अन्तर्राष्ट्रिय सम्बन्ध भनेको शक्तिको खेल हो र कूटनीति भनेको हितयार विनाको लडाई वा शितयुद्ध हो । त्यसैले बदलिएको परिस्थितिसँगै नेपालले आफ्नो राष्ट्रिय स्वार्थका बारेमा सोच्दा आफ्नो परराष्ट्रनीतिका प्राथमिकता र नयाँ आयामबारे सोच्नु आवश्यक हुन्छ । माथि उल्लिखित पूर्वाध्ययनसँग सम्वद्ध कृतिका लेखकहरूले दुई देशबिचका सामाजिक, सांस्कृतिक, आर्थिक तथा ऐतिहासिकलगायत राजतन्त्र कालीन नेपाल चीन सम्बन्धका विविध सवालहरूमा अध्ययन गरेका छन् । तथापि राजनीतिक परिस्थितिमा आएको बदलाव र त्यसले राज्यहरूबिचको कूटनीतिक सम्बन्धमा पार्न सक्ने प्रभावको सन्दर्भमा लेखकहरूले स्पष्ट पार्न सकेका छैनन । तिनीहरू नेपालको चीनसँगको सम्बन्धका सवालमा केन्द्रित रहेर विषयवस्तुको व्याख्या गरे तर ती व्याख्याहरू नगरिकहरूको जीवनसँग कतिहदसम्म सम्बन्धित छन् र त्यसले खेल्ने भूमिका कति प्रभावकारी रहन्छ भन्ने कुरामा मौन रहन पुगेका छन् । तिनीहरूले विभिन्ना समयमा चीनसँगको सम्बन्धका बारेमा उल्लेख गरेका तथ्यहरूले गणतन्त्र स्थापना पछिको विकसित नेपाल चीन सम्बन्धको आयामबारे प्रष्टयाएका छैनन । चीनको विदेशनीति (मुख्यतः असल छिमेकीको कूटनीति, ठुलो सामरिक शक्तिको कूटनीति, उर्जा सम्बन्धी कूटनीति, नागरिक कूटनीति) को उद्देश्य २१ औं शताब्दीमा चीनलाई राजनीतिक, आर्थिक, सांस्कृतिक र सैनिक शक्ति प्राप्त गर्ने रहेको छ । चीनका विदेशनीतिका सिद्धान्तहरू पञ्चशीलतामा आधारित सहअस्तित्व, शान्तिपूर्ण उदय र विकास तथा

मेलमिलापयुक्त विश्व समाज निर्माणमा केन्द्रित रहेको छ र असल छमेकी नीतिमा विशेष जोड दिइएको छ । यो अनुसन्धान दुवै देशका सम्बन्धमा विकसित घटनाक्रमहरूलाई विश्लेषण गरी प्राप्त सन्दर्भका आधारमा परिवर्तित सन्दर्भमा नेपाल चीनबिचको राजनीतिक तथा कूटनीतिक सम्बन्ध कस्तो हुनुपर्छ भन्ने तथ्य पत्ता लगाउने तर्फ केन्द्रित रहेको छ ।

## २.५ पूर्वाध्ययनको समीक्षाको निष्कर्ष

प्रस्तुत समीक्षाबाट नेपालले  आधारभूत रूपमा आफ्नो वैदेशिक सम्बन्धलाई सन्तुलनकै आधारमा सञ्चालन गर्नुपर्दछ र नेपालले आफ्नो राष्ट्रिय स्वार्थका लागि आफ्नो सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय स्वतन्त्रता र स्वाधीनताको रक्षाका लागि सक्रिय विदेशनीति अवलम्बन गर्नुपर्दछ भन्ने स्पष्ट हुन्छ । नेपालको चीनसँगको सम्बन्ध निम्न आधारमा अभिवृद्धि गर्नुपर्ने देखिन्छः

(१) नेपालले संयुक्त राष्ट्र सङ्घको बडापत्र, असंलग्नताका सिद्धान्त, पञ्चशील, अन्तर्राष्ट्रिय कानुन तथा विश्वशान्तिको मूल्य मान्यताको आधारमा आफ्नो स्वतन्त्र परराष्ट्रनीति अवलम्बन गर्नुपर्दछ ।

(२) नेपाल र चीनबिचको सम्बन्ध, आपसी हित र विश्वासका आधारमा अगाडि बढाउनु जरुरी छ ।

(३) दुवै देशले एक-अर्काको सार्वभौमसत्ता र अखण्डताको सम्मान गर्दै समानताका आधारमा सम्बन्ध कायम राख्नुपर्दछ । दुवै देशले एक-अर्काको आन्तरिक मामिलामा अहस्तक्षेपको नीति अवलम्बन गर्नुपर्दछ ।

नेपालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएपछि नेपाल र चीनबिचको सम्बन्धमा नयाँ आयामहरू थपिए तापनि चीनको आर्थिक विकासबाट नेपालले आफ्नो विकास र समृद्धिका लागि जति फाइदा लिनुपर्ने हो त्यति लिन सकेको देखिदैन । चीनले नेपालसँगको सम्बन्धलाई बढी विश्वासिलो र भरपर्दो बनाउँदै नेपाललाई एक असल मित्रका रूपमा व्यवहार गर्दै आएको छ । एक चीन नीतिलाई समर्थन गरेको नेपालले चीनको तिब्बतलगायत ताइवान र हङकङमा हुने चीनविरोधी कुनै पनि गतिविधिलाई विरोध गर्दै आफ्नो भूमिलाई चीन विरुद्ध प्रयोग हुन नदिने  प्रतिबद्धता जाहेर गरेको छ । तिब्बतको सुरक्षा मामलामा नेपाल संवेदनशिल स्थानमा रहेको सन्दर्भमा नेपालमा शान्ति र स्थायित्व, विकास र समृद्धिको लागि चीनले निरन्तर सहयोग गर्दै आइरहेको छ । सन् १९५५ मा औपचारिक कूटनीतिक सम्बन्ध स्थापना भएसँगै १९५६ मा नेपाल र चीनबिच दुईपक्षीय सहकार्य सम्झौता सम्पन्न भयो । उक्त

सम्झौतासँगै चीनले नेपालको समग्र आर्थिक, भौतिक तथा सामाजिक विकासका क्रियाकलापहरूमा निरन्तर सहयोग गर्दै आइरहेको छ । नेपालको विकासको प्रमुख साझेदार चीनको सहयोगबाट नेपालले पूर्वाधार विकास, उद्योग, शिक्षा, स्वास्थ्य र खेलकुदलगायतका क्षेत्रमा उन्नति गरेको देखिन्छ (श्रेष्ठ, २०१५; पृ. १७६) । छिमेकीहरूसँगको समदुरी तथा समानताका आधारमा गरिने हरेक सम्बन्धले नेपालको विभिन्ना मित्रराष्ट्रहरूसँग असल तथा सुमधुर सम्बन्ध प्रगाढ हुन सक्छ । नेपालको बृहत् राष्ट्रिय स्वार्थ तथा नागरिक हितलाई अभिवृद्धि गर्नका लागि नेपालले मित्र राष्ट्रहरूसँग समानता र समताका आधारमा सम्बन्धको विस्तार गर्नुपर्छ ।

# अध्याय - तीन

# अध्ययनको विधि

## ३.१ विषयपरिचय

अनुसन्धान नयाँ तथ्यहरूको खोजीमात्र होइन, ज्ञानका स्रोतहरूको व्यवस्थित प्रस्तुति पनि हो । अनुसन्धान विधि शोधकार्यको समग्र कार्ययोजना हो जसले सोधग्रन्थको रूपरेखा, तथ्यहरूको सङ्कलन विधि तथा स्रोतका बारेमा स्पष्ट मार्गनिर्देशन दिएको हुन्छ । पूर्वाग्रहवाट मुक्त रहेर सङ्कलन गरिएका प्राप्त वस्तुगत तथ्यहरूको आधारमा समस्या पहिचान गर्ने, विश्लेषण गरी तथ्यका आधारमा सत्यको खोजी गर्ने कार्य नै यस शोधकार्यमा अपनाइएको विधि हो । 'गुणस्तरीय अनुसन्धान विधिमा आधारित भई अध्ययन गर्ने अनुसन्धानकर्ताहरूले अनुसन्धानको क्रममा उत्पन्न हुने विविध आचरणगत सवालहरूको सम्बन्धमा अनुमान गरी प्रस्ताव गर्ने योजना समेत बनाउनुपर्छ' (Creshwell & Poth, 2018, p. 94) । यस अध्ययनका लागि तथ्याङ्क सङ्कलन गरी विश्लेषण गर्न उल्लिखित विधिको अवलम्बन गरिएको छ ।

## ३.२ अध्ययनको विधि

प्रस्तुत शोधकार्य गुणात्मक र विश्लेषणात्मक विधिमा आधारित छ, जसले तथ्याङ्कहरूलाई विश्लेषण गरी विवेचनात्मक रूपमा निष्कर्षहरूलाई प्रस्तुत गरेको छ ।

## ३.३ अध्ययनको ढाँचा

प्रस्तुत शोधकार्य गुणात्मक ढाँचामा आधारित छ । यस अनुसन्धानमा मुख्यतः नेपाल चीनबिचको कूटनीतिक सम्बन्धका बारेमा प्राप्त सरकारी र अन्य सामग्रीहरू तथा तथ्याङ्कका आधारमा गुणात्मक र निष्पक्ष विश्लेषण गरिएको छ ।

## ३.४ अध्ययनको क्षेत्र तथा नमुना

तथ्यलाई वर्णन गर्ने, विश्लेषण गर्ने र मूल्याङ्कन गर्ने विधिलाई नै मुख्य रूपमा अपनाइएको छ । संकलित तथ्यहरूले नेपाल चीनबिचको ऐतिहासिक सम्बन्ध र विकसित नयाँ आयामहरू आर्थिक, राजनीतिक, कूटनीतिक तथा रणनीतिक साँझेदारीका बारेमा निष्कर्षमा पुग्न आधार तयार गरेका छन् । नेपालमा आधारित भई मुख्यतः नेपाल चीनबिचको कूटनीतिक सम्बन्धमा ऐतिहासिक, राजनीतिक, आर्थिक, सांस्कृतिक तथा सुरक्षा स म्बन्धका आयामहरूको विश्लेषण गर्दै नेपालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनापश्चात् नेपालको चीनसँगको समग्र कूटनीतिक सम्बन्ध र विकसित नयाँ आयामका बारेमा विश्लेषण गरिएको छ । अभिलेख

अध्ययनमा आधारित यस शोधकार्यले नेपाल चीनबिच विकसित नयाँ आयाम तथा नेपालको कूटनीतिक अभ्यासमा चीनसँगको नेपालको विगत र वर्तमानको सम्बन्ध तथा विकसित नयाँ अवस्थाका बारेमा प्राप्त तथ्याङ्कसहित विश्लेषण गरिएको छ र सङ्ख्यात्मक मापदण्डलाई खासै महत्त्व दिइएको छैन ।

### ३.५ तथ्याङ्कको प्रकृति तथा स्रोत

यो शोधकार्य प्राथमिक र द्वितीयक सामग्रीमा आधारित रहेको छ । यस कार्यमा तथ्याङ्कहरूको सङ्कलन गर्दा मुख्यतः अनुसन्धानको विषय तथा क्षेत्रमा केन्द्रित रहेर गरिएको छ । नेपाल चीन सम्बन्धमा प्रकाशित समकालीन साहित्य, विभिन्न अध्येताहरूका लेख रचना र दुई देशबिच सरकारी तहमा भए गरेका सम्झौताहरू, सम्बन्धित विषयका सरोकारवाला तथा विज्ञहरूका विचारहरू समेत समावेश गरिएका छन् ।

### ३.६ तथ्याङ्क सङ्कलन विधि

यस अनुसन्धान कार्यलाई उद्देश्य अनुरूप सम्पन्न गर्नको लागि स्रोत सामग्रीहरूको छनोट, सङ्कलन, सङ्कलित सामग्रीहरूको प्रस्तुतीकरण, विश्लेषण र सामान्यीकरण गर्नु आवश्यक हुन्छ । त्यसैले प्रस्तुत अध्ययन अनुसन्धानको लागि स्रोत सङ्कलन गर्दा यही विषयसँग सम्बन्धित सामग्रीहरू मात्र सङ्कलन गरिएको छ । प्रस्तुत सोध कार्यका लागि तथ्याङ्क सङ्कलन गर्दा प्रथम र द्वितीय स्रोतहरू, पुस्तकालयीय विधि, कूटनीतिक क्षेत्रका दशजना प्रमुख सूचनादाताहरूसँगको संवाद तथा छलफल विधि प्राथमिक स्रोत सोद्देश्य विधिमा आधारित छ ।

#### ३.६.१ प्राथमिक स्रोत

प्रथमिक स्रोतअर्न्तगत अध्येताले सङ्कलन गरेका तथ्याङ्क, अगुवाहरूका भनाई र अन्तर्वार्ता, कूटनीतिज्ञहरूसँगका संवाद, सरकारी दस्तावेज, नेपाल चीनबिच सरकारी तहमा भए गरेका सन्धि सम्झौता, सरकारका बक्तव्य तथा नीतिहरू आदि रहेका छन् ।

#### ३.६.२ द्वितीय स्रोत

द्वितीय स्रोतअर्न्तगत तथ्याङ्क सङ्कलन गर्दा विभिन्न लेखकहरूका नेपाल चीन विषयक पुस्तकहरू, गैरसरकारी प्रतिवेदन, विभिन्न राजनीतिक दलका घोषणापत्र रहेका छन्, जसमा नेपाल चीन सम्बन्धका बारेमा राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक र कूटनीतिक

सम्बन्धको विश्लेषण गरिएको छ । त्यसैगरी विज्ञहरूका लेख रचना, सेमिनार गोष्ठीपत्र, अनुसन्धान पत्र र विभिन्न लेखकहरूका अनलाइन आलेखहरू मुख्य रहेका छन् ।

## ३.७ तथ्याङ्कको विश्लेषण तथा प्रस्तुति

प्राथमिक तथा द्वितीयक स्रोतका आधारमा प्राप्त सामग्रीहरूलाई आवश्यकताका आधारमा केलाई, उद्धरण राखी आवश्यकताअनुसार विश्लेषण गरिएको छ । यसो गर्दा परस्पर सम्बन्धको मूल्याङ्कन समेत गरिएको छ । शोधका सन्दर्भमा यस शोधपत्रलाई अध्ययन सामग्री वा स्रोतका रूपमा प्रयोग गर्न चाहने व्यक्तिहरूका लागि विषयवस्त सुस्पष्ट होस् भन्नका निमित्त सन्दर्भअनुसार व्याख्या गरिएको छ । तथ्याङ्कहरूलाई व्यवस्थित रूपमा प्रस्तुत गरिएको छ भने आवश्यकताअनुसार तालिकाहरू समेतमा प्रस्तुत पनि गरिएको छ ।

## ३.८ अध्ययनको सीमा

गणतन्त्र स्थापनापश्चात् २०६५ देखि वि.सं. २०७७ सम्म नेपाल र चीनबिचको सम्बन्ध कसरी अगाडि बढिरहेको छ भन्ने अति महत्त्वपूर्ण सवालमा सीमित रहेर शोधकार्यलाई अगाडि बढाइएको छ । यसवाहेक अन्य विषयलाई यस शोधकार्यको क्षेत्रभित्र समावेश गरिएको छैन ।

## ३.९ गुणस्तरीयता

यस अध्ययनलाई तथ्यपरक तथा विश्वस्नीय बनाउनका लागि आधिकारिक सूचनाका स्रोतहरूको उपयोग गरिएको छ । सुचना प्रस्तुतिमा उच्च गुणस्तर कायम गरिएको छ ।

# अध्याय - चार

# नेपाल-चीन सम्बन्धको ऐतिहासिक अध्ययन

## ४.१ विषयपरिचय

प्रस्तुत अध्यायमा नेपाल चीन  सम्बन्धको ऐतिहासिक परम्पराबारे चर्चा गरिएको छ । यस क्रममा नेपाल चीन सम्बन्धको पूर्वपृष्ठभूमि, नेपाल चीन सम्बन्धका आधारहरू, एकीकरणपूर्वको नेपाल चीन सम्बन्ध, एकीकरणपश्चात्को नेपाल चीन सम्बन्ध, राणाकालीन नेपाल चीन सम्बन्ध, पञ्चायतकालमा नेपाल चीन सम्बन्ध, बहुदलकालीन नेपाल चीन सम्बन्धबारे विवेचना गरिएको छ ।

## ४.२ नेपाल चीन सम्बन्धको पूर्वपृष्ठभूमि

नेपाल चीनबिच प्राचीन कालदेखि नै विभिन्न रूपमा सम्बन्ध रहँदै आएको पाइन्छ । प्राचीन कालमा नेपाल चीन (भोट) बिचको सम्बन्ध कस्तो थियो, हिमालका घाटीबाट ओहोर दोहोर गर्ने बाटा कस्ता थिए यिनबाट दुई देशका जनतामा आदान प्रदान कस्तो थियो भन्नेबारे ठोस प्रमाण छैन । विक्रमको सातौं शताब्दीमा राजा स्रङचङ गम्पोद्वारा भोट एकीकरण भएपछि भोटमा बुद्धधर्मको प्रचार-प्रसार तीव्र गतिले अगाडि बढेको र उत्तर भारत र नेपालमा चलेको लिपिमा भारतीय बौद्ध साहित्य भोट भाषामा अनुवाद हुन लागेको बौद्ध भिक्षुहरूको आवत-जावत बढेको प्रमाणित हुन्छ । धर्मप्रचारक भिक्षुहरू नेपालबाटै गएको अनुमान गर्न सकिन्छ । नेपालको उत्तरी हिमाली भेकका जातिसँग भोटवासीको सम्पर्क मात्र होइन जातिगत एकरूपता छ भने धर्म, संस्कृति, रीतिरिवाज, भाषा पनि एकै रूपको पाइन्छ । वर्तमान तिब्बत (भोट) भित्र पर्ने प्रसिद्ध मानसरोवर र महादेव आश्रयभूमि कैलाश पर्वत भारतवासीका लागि पवित्र भूमि पर्दथे । यसै मानसरोवरबाट निस्केर भारततर्फ बहने सतलज र नेपालतर्फ बहने कर्णाली नदी पनि आर्यहरूले पवित्र तिर्थस्थलका रूपमा पहिचान गरेका थिए । ब्रम्हपुत्रको शीर मान सरोवर हो र अरूणको उत्पत्ति पनि भोटबाटै भएको छ ।  नदीहरूको किनारै किनार भएर भोटतिर आवत-जावत गर्ने परिपाटी पुरानो हो दुई देशबिच घोडा, च्याङ्ग्रा, भेडा, बाख्रा, नुन, सुन गलैंचा, राडीपाखीको व्यापार हुँदै आएको पाइन्छ । यो व्यापार तथा सम्बन्ध नेपालका राजा अंशुवर्मा र भोटका राजा स्रङचङ गम्पोका पालासम्म आउँदा सुव्यवस्थित हुँदै गएको पाइन्छ ( नेपाल २०७३, पृ. २४-२९) ।

छैटौँ शताब्दीको अर्थात् लिच्छविकालीन राजा अंशुवर्माकी छोरी राजकुमारी भृकुटीको विवाह तत्कालीन भोट राज्यका जन्मदाता स्रङचङ गम्पोसँग भएको थियो । यो विवाहले नेपाल र तत्कालीन (भोट) चीनबिचको सम्बन्ध सुदृढ बनाउन महत्त्वपूर्ण भूमिका खेलोको पाइन्छ । भृकुटीको नाम तिब्बती वंशावलीलगायत प्राचीन इतिहासका पुस्ताहरूमा पनि लिच्छविकालीन राजा अंशुवर्माकी छोरीको रूपमा उल्लेख गरेको पाइन्छ । अंशुवर्माको मृत्युपश्चात् सन् ६२१ मा कमजोर प्रवृतिका उदयदेव सत्तामा पुगे । उनलाई सत्तामा हटाइएपछि सपरिवार तिब्बत लखेटिएका थिए । तिब्बत निर्वासनमा रहेका उदयदेवका मृत्युको कारण नेपालमा नरेन्द्र देवलाई सत्तामा पुऱ्याएर भृकुटीले सहयोग गरी नेपालको राजनीतिक स्थिरता कायम राख्न सहयोग गरेकी थिइन् । भृकुटीले बुद्धधर्मको प्रचारप्रसार गर्न केही विद्वान् धर्मप्रचारक, कलाकार अक्षोम्य, मौत्रेय, तारा, उर्ती र महत्त्वपूर्ण बौद्ध ग्रन्थ भोट लगेको र यसले धर्म संस्कृतिमार्फत नेपाल भोटबिचको सम्बन्ध सुदृढ बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ । बुद्धधर्मबाट प्रमाणित भई राजा स्रङचङ गम्पोले बुद्धधर्मलाई त्यहाँको राष्ट्रिय धर्मको मान्यता दिएका थिए ( अधिकारी, २०७६; पृ. ७६-७८) । यस बाहेक भृकुटीले तिब्बतको ल्हासामा जोखडा गुम्बा निर्माण गर्न लगाई नेपालबाट लगेको बुद्धको मूर्ति स्थापना गर्न लगाइयो जुन गुम्बा नेपाल चीन सम्बन्धको प्रतीक मानिन्छ (नेपाल, २०७३; पृ. १०६) ।

भोटको सहयोगमा सत्तामा पुग्न सफल नरेन्द्रदेवको पालामा चीनका सम्राट् चीन ताइचङ पली वसी मीनले जनरल इपीओको नेतृत्वमा राजनीतिक मिसन पठाए जुन मिसनले भारतका तत्कालीन राजा शिलादित्य हर्सवर्द्धनलाई समेत भेटेको थियो । यो मिसनलाई नेपालको दरबारमा भव्य स्वागत गरिएको थियो । सन् ६४६ मा नेपालका राजा नरेन्द्रदेवले चीनसँग सम्बन्ध कायम गर्न एक आफ्ना छोरालाई मिसनमा पठाएका थिए । यो नेपाल चीनबिचको पहिलो सरकारी मिनको रूपमा रहेको पाइन्छ । (भट्टराई २०१०; पृ. २२-२३) । नेपाल चीनबिचको सम्बन्धको ऐतिहासिक सुरुवात अर्थात् सम्बन्धको मुख्य आधार बुद्धधर्म, संस्कृति रहेको देखिन्छ । प्राचीन कालदेखि नै दुई देशबिचको जनस्तरको सम्बन्ध बढी प्रभावकारी देखिन्छ । जनस्तरबाट सुरु भएको सम्बन्धले समयक्रममा राज्यस्तरको औपचारिक सम्बन्धमा विकास हुन पुगेको छ । १३ औं शताब्दीमा (१३१७-१३५१) भोटमा कुब्ला खाँ अधिपति बने । उनको समयमा नेपालबाट अरनिकोको नेतृत्वमा ८० जना कलाकाहरूको टोली तिब्बत हुँदै चीन पुगेको थियो । अरनिकोले चीनमा बनाएका अनेकौं मूर्तिकला मन्दिर, स्तुपा, चीत्रकलाले नेपालको नाम चीनमा चम्काएको थियो । उनले पेइचिङमा बनाएको सेतो पेगोडा जो आजपर्यन्त पनि नेपाल चीन सम्बन्धको प्रतीक मानिन्छ । बुद्धधर्म सम्बन्धी विभिन्न कला,

सांस्कृतिको प्रचारमा अरनिकोको महत्त्वपूर्ण योगदान रहेकाले तिब्बतका वादसाहबाट उनलाई मानपदवी र ठुलो सम्मान गरेका थिए जसबाट अरनिको मात्र नभएर नेपालको प्रतिष्ठा बढाएको थियो । संवत् १३०६ मा अरनिकोको चीनमा नै मृत्यु भयो (ज्ञानमणि नेपाल; पृ. १११-११२) ।

१४ औँ शताब्दीमा नेपाल र चीनबिचको राजनीतिक सम्बन्ध थप विकसित हुँदै गएको पाइन्छ । चीनका सम्राट् पुङ लोले ई.सं. १४१४ मा आफ्ना दूतमण्डलसाथ नेपालका राजालाई उपहारहरू पठाएका थिए । त्यसको सम्मान गर्दै नेपालका राजाले पनि आफ्ना दूतमण्डलमार्फत चीनका सम्राट् पुङ लोलाई उपहार पठाएका थिए । चीनका सम्राट् पुङ लोको मृत्युपछि उनका उत्तराधिकारी सम्राट् हु एन तोले पनि ई.सं. १४२६ मा परम्परादेखि चलिआएको चलनलाई अनसरण गर्दै नेपालमा दूतमण्डल पठाएका थिए । नेपालले पनि आफ्नो दूतमण्डल चीन पठाएको थियो । चीनको आन्तरिक राजनीतिमा आएको उथलपुथलका कारण उक्त दूतमण्डल आदानप्रदान गर्ने काम रोकिन पुगेको थियो । यो अवस्था करिब २०० वर्ष कायम रहन गयो ( आचार्य, २०७४; पृ. १००-१०१) ।

सन् १६६१ काठमाडौँका राजा प्रताप मल्ल भए । उनका पालामा काजी भीम मल्ल प्रभावशाली भारदार थिए । काठमाडौँ राज्यको तिब्बतसँगको व्यापार विस्तारमा प्रभावकारी भूमिका खेलेका थिए । त्यस समयमा तिब्बत राज्य कमजोर र अस्तव्यस्त भएकाले त्यही मौका छोपी भीम मल्लले कुती केरुङ र ल्हासालगायत तिब्बतका महत्त्वपूर्ण भूभागमा काठमाडौँ राज्यको अधिकार स्थापित गर्न सफल भएका थिए । भीम मल्लकै प्रयासले गर्दा तिब्बत वर काठमाडौँ राज्यबिच एक सम्झौतापत्रमा हस्ताक्षर भएको थियो । यस सम्झौतापत्रअनुसार तिब्बत सरकारले नेपाली नागरिकलाई निर्वाध रूपमा व्यापार व्यवसाय गर्न र कोठी सञ्चालन गर्न दिनुपर्ने भयो । तिब्बत सरकारले काठमाडौँ राज्यको सिक्का प्रचलनमा ल्याउनुपर्ने र भारतमा व्यापार गर्दा तिब्बत काठमाडौँको बाटो भएर गर्नुपर्ने सन्धिमा व्यवस्था भएको यस सन्धिका कारण तत्कालीन नेपाल राज्य समृद्ध बन्न पुगेको थियो (आचार्य; पृ. १११-११२) । सन् १६०६ मा गोर्खा राज्यमा राम शाह राजा थिए । गोर्खाली राज्य गरिब र कमजोर भएकाले भोटसँग व्यापार सञ्चालन गर्ने उद्देश्यका साथ भवानी पाण्डे र विहवर रानाको नेतृत्वको गोर्खाली सेनाले भोट र केरुङ सजिलै कब्जा गऱ्यो । भोट जाने बाटो खुलाउने उद्देश्यले गरिएको भोटमाथिको आक्रमणमा सफलता हासिल गरी कुकुरघाटमा भो र गोर्खाराज्यबिच सन्धि भयो । पछि सन्धिअनुसार १८३२ मा प्रताप शाहका पालामा समेत अर्को सन्धि भएको पाइन्छ ।

रणबहादुर शाहका पालमा समेत यिनै सन्धिका आधारमा भोटका अम्बासँग कुरा गर्न बार्ताटोली पठाएको पाइन्छ (नेपाल, २०७४; पृ. १४०-४१) ।

नेपालको इतिहासमा प्रचीनकाल र मध्यकाललाई इतिहासका पर्याप्त स्रोतहरूका अभावका कारण दुवै युगलाई अन्धकार युग मानिन्छ । त्यतिबेलाको इतिहासको खोजि प्रमाणिक रूपमा राज्यको तर्फबाट अहिलेसम्म गरिएको छैन । सार्वभौमसत्ता सम्पन्न नेपालको प्राचीन र मध्यकालीन इतिहास तथ्यपरक रूपमा प्रकाशमा आउन नसक्नु दुःखद छ (अधिकारी, २०७६ पृ. २) । यसरी हेर्दा इतिहासका तथ्यपरक स्रोतका अभावका कारण तत्कालीन नेपाल (तिब्बत) चीनबिचको सम्बन्ध राज्यस्तरबाट भएका कतिपय गतिविधि इतिहासको गर्भमै रहेका छन् । तथापि प्राचीन कालदेखि नै नेपाल चीन सम्बन्ध रहँदै आएको देखिन्छ । यस सम्बन्धलाई भौगोलिक, सामाजिक, सांस्कृतिक, राजनीति, आर्थिक तत्वहरूले निर्देशित गरेको देखिन्छ । नेपाल-चीनबिचको सम्बन्धको पृष्ठभूमिको रूपमा रहेका यी तत्वहरूको आधारमा नेपाल-चीन सम्बन्धमा पृष्ठभूमिको चर्चा गर्ने प्रयास यस अध्यायमा गरिएको छ । राजनीतिक, सांस्कृतिक र भौगोलिक अक्षुण्णता कायम गर्दै आफ्ना वैदेशिक नीतिहरूलाई कार्यान्वयन गर्न नेपालले खास खास रणनीतिहरू अपनाउनु पर्दछ ।

## ४.३ नेपाल-चीन सम्बन्धका आधारहरू

नेपाल र यसको उत्तरमा अवस्थित चीन दुई सीमाना जोडिएका मुलुकहरू हुन् । नेपाल र चीनको स्वशासित प्रदेश तिब्बतकोबिचमा १११९.४७ कि.मि. सीमाना जोडिएको छ । यसकोबिचमा विश्वकै सर्वोच्च हिमशिखर सगरमाथालगायत विभिन्न हिमशृङ्खाला, पहाड, मञ्ज्याङ, खोच, देउराली र चरन क्षेत्रले सीमा रेखा निर्धारण गरेको छ । राजनीतिक, सांस्कृतिक र भौगोलिक अक्षुण्णता कायम गर्दै आफ्ना वैदेशिक नीतिहरूलाई कार्यान्वयन गर्न नेपालले खास खास रणनीतिहरू अपनाउनु पर्दछ (Rose, 1972) ।

### ४.३.१ भौगोलिक तत्त्व

भूगोल भनेको स्थिर र निरन्तर कायम रहने तत्व हो । नेपालको उत्तरतर्फ पूर्वदेखि पश्चिमतर्फ खडा भएका उच्च र लामो हिमशृङ्खलाले एसियाका दुई मुलुक नेपाल र चीनबिचमा भौगोलिक कठिनाइ सिर्जना गरेको मात्र होइन कि सीमानाको काम पनि गरेको छ । यसले गर्दा नेपाललाई उत्तरतर्फबाट भूपरिवेष्टित मुलुक बनाएको छ । नेपाल र चीनबिचको १११९.४६ किलोमिटर सीमाना जमिनमा परेको छ । यसमा पूर्व-पश्चिम फैलिएको हिमशृङ्खला

र विश्वकै सर्वोच्च शिखर माउन्ट एभरेष्ट महत्त्वपूर्ण तत्व बनेर रहेको छ । यीलगायत विभिन्न पहाड, भन्ज्याङ, खोंच, देउराली र चरन क्षेत्रले सीमा निर्धारण गरेको छ (श्रेष्ठ, २०५७; पृ. २) । नेपालको दक्षिण, पूर्व र पश्चिमतर्फको ११७८ कि.मि. सीमाना भारतसँग भूमिमा जोडिएको छ । नेपालको सीमाना भारतको पश्चिम बङ्गाल, विहार, उत्तर प्रदेश र उत्तराखण्डसँग जोडिएको छ । यसले गर्दा नेपाल पूर्णतया एउटा भूपरिवेष्टित राष्ट्र बन्न पुगेको छ ।

नेपाल एसियाका दुई विशाल मुलुक चीन र भारतकोबिचमा 'स्यान्ड्बिच्' को रूपमा रहेको छ । यसको भौगोलिक अवस्थिति ८०°०४' देखि ८८°१२' पूर्वी देशान्तर र २६°२२'देखि ३०°२७' उत्तरी आक्षांसको रेखाभित्र पूर्व-पश्चिम ८८५ किलोमिटर लामो र उत्तर दक्षिण १९३ कि.मि. चौडा भएर अवस्थित छ । यसको लिपुलेक र लिम्पियाधुराबिचको भूभाग बाहेकको क्षेत्रफल १,४७,१८१ वर्ग किलोमिटर छ (श्रेष्ठ, २०५७; पृ. २) ।  नेपालको तुलनामा उत्तरतर्फको चीन क्षेत्रफलमा ७५ गुणा ठुलो छ भने दक्षिणतर्फको भारत २२ गुणा ठुलो छ । जनसङ्ख्याको तुलनामा पनि नेपालमा भन्दा चीनमा ६० गुणा बढी जनसङ्ख्या रहेको छ भने भारतमा ५० गुणा बढी जनसंख्या छ । नेपाल एसियाका दुई विशाल र भिन्न किसिमका राजनीतिक व्यवस्था अपनाउँदै आएका चीन र भारतबिचमा विश्वकै सर्वोच्च शिखर माउण्ट एभरेष्टको काखमा स्वतन्त्र, सार्वभौमसत्ता सम्पन्न मुलुकको रूपमा दुवैसँग समदुरीको सिद्धान्तको आधारमा सम्बन्ध कायम गर्दै असंलग्न परराष्ट्रनीति अँगालेर अगाडि बढि रहेको छ । उत्तरमा रहेका विश्वकै सर्वोच्च हिमशिखरले नेपालको सान बढाएका मात्रै छैनन्, यिनीहरू नेपालका पर्यटनका गन्तव्यस्थल र अपार जलस्रोत भएर रहेका छन् । दक्षिण रहेको समतल तराई अन्न भण्डारको रूपमा रहेको छ ।

नेपाल र चीनको सीमाना अनौठो किसिमले बनेको छ । सीमानामा ८,८४८ मिटरको सर्वोच्च शिखर माउण्ट एभरेष्टदेखि लिएर अन्य अग्ला हिमशृङ्खलाहरू छन् । प्रायः हिमशृङ्खलाकाबिचमा केही होचा गल्छीहरू पनि छन् । यस्ता गल्छीहरूमा व्यापारिक र मानव आवत-जावतका भन्ज्याङहरू (Pass) छन् र यी १५ वटा भन्ज्याङ भएर शताब्दीऔँदेखि वसन्त, गृष्म र वर्षा ऋतुमा व्यापार तथा आवात-जावत भैरहेको पाइन्छ (श्रेष्ठ, १९८८; पृ. ४७) । यी भन्ज्याङ भएर नेपालका सनातन धर्मावलम्बी हिन्दु, महात्माहरू, बुद्ध भिक्षुहरू, व्यापारीहरू एक अर्को मुलुकमा जान्छन् । अरनिको राजमार्ग र वेत्रावति रसुवागढी सडक मार्गले नेपाल र चीनबिच यातायातलाई सुगम बनाएको छ । हाल नेपाल चीनबिच ओलाङचुङगोला,

किमाथाङ्का, लामाबगर, गोर्खाको लार्के, हुम्लाको हिल्सा र मुगुको नाग्चा सीमा नाकाहरू सञ्चालनमा रहेका छन् (भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, २०१६) ।

### ४.३.२ ऐतिहासिक तत्त्व

नेपाल र तिब्बत-चीनबिच ऐतिहासिक कालदेखि नै सम्बन्ध कायम रहँदै आएको पाइन्छ । दुई मुलुकबिचको जनस्तरको सम्बन्धलाई जोड्नमा तीर्थयात्री र यात्रुहरूले महत्त्वपूर्ण कडीको कार्य गरेका छन् । नेपाल र (भोट) चीनबिच सातौं शताब्दीमा भोटका राजा श्रङचङ गम्पोको शासनकालदेखि औपचारिक सम्बन्ध विस्तार हुँदै आएको पाइन्छ । यद्यपि यसभन्दा पहिलादेखि नै दुई देशबिचको सम्बन्ध भए पनि नेपालका राजा अंशुवर्मा र भोटका राजा स्रङचङ गम्पोका पालादेखि दुई देशबिच राजनीतिक, सामाजिक, आर्थिक, संस्कृति सम्बन्धहरू विस्तार हुँदै गएको पाइन्छ (ज्ञानमणि, २०७३; पृ. १३) । नेपाल र चीन (भोट) बिच सातौँ शताब्दीदेखि सम्बन्ध विस्तार भएको पाइन्छ । तत्कालीन भोटका राजा तिब्बतको एकीकरणकर्ता स्रङचोङ गम्पोको शासनकालदेखि दुई देशबिचको सम्बन्ध प्रगाढ बन्दै गएको पाइन्छ ।

## ४.४ एकीकरणपूर्वको तिब्बत-नेपाल सम्बन्ध

नेपाल र चीनबिचको सम्बन्ध नेपाल-तिब्बत सम्बन्धबाट सुरु हुन्छ । नेपाली वंशावलीअनुसार क्रिश्चियन सम्वत् सुरु हुनुभन्दा कैयौँ शताब्दी पहिले मञ्जुश्री नामका एकजना धार्मिक व्यक्तित्व महाचीनबाट काठमाडौँ उपत्यकामा आएका थिए र उनले तालको रूपमा रहेको काठमाडौँ उपत्यकालाई चोभारमा काटेर पानी बाहिर पठाई वस्ती बस्न योग्य बनाई दिएका थिए (मानन्धर, ई. २००४; पृ. १७-१८) । यद्यपि मञ्जुश्रीबाट भएको यो कार्यलाई एउटा मिथकको रूपमा लिइएको पाइन्छ । घटना पछि लामो समयसम्म नेपाल-तिब्बत चीनबिचमा कुनै सम्बन्ध कायम भएकोदेखिँदैन । यसबिचमा नेपाल-चीनबिचको सम्बन्धलाई जोड्ने कार्य चीनको सिन राजवंश (ई.सं.२६५-४२०) का एकजना विद्वान् शेङ्ग साइले गरेका थिए । उनले नेपालको कपिलवस्तु र लुम्बिनीको भ्रमण गरी भौगोलिक अवस्थितिको वर्णन गरेको पाइन्छ । अर्का प्रमुख बुद्ध भिक्षु फाइयानले ई.सं. ३९९ तिर भारतको र ४०५ मा नेपालको कपिलवस्तु र लुम्बिनीको यात्रा गरी चीन फर्केका थिए । ई.सं. ४०४ तिर नै चीनको च्याङ्गयानबाट चि मेङ्ग नाम गरेको भिक्षु आफ्नो १४ जना साथीहरूका साथ भारततर्फको यात्रामा लागेका थिए र बाटोको कठिनाइ झेल्दै ई.सं. ४१४ तिर बुद्धको जन्मस्थल लुम्बिनी कपिलवस्तुको दर्शन गर्न आएको देखिन्छ ।

तिब्बती बुद्ध भिक्षुबाहेक नेपाली भिक्षु-बुद्धभद्र शाक्य पाँचौं शताब्दीमा चीनको यात्रामा गएका थिए । उनी ई. ४०९ मा चीन पुगेका थिए । उनले चीनमा बुद्धधर्मको शिक्षण गर्ने र नानकिङ्मा मुख्य भाषा अनुवादकको रूपमा काम गरेका थिए । उनले संस्कृत भाषामा लेखिएका महापरिनिर्वाण सुत्रलगायत निकै बुद्धधर्मको ग्रन्थको चिनियाँ भाषामा अनुवाद गरेका थिए । अन्ततः उनको चिङ्काङ्मा ई. ४२९ मा मृत्यु भएको थियो (श्रेष्ठ, ने.सं. ११०६; पृ. ७७) । यसरी बुद्धभद्रको कार्य नेपाल-चीन सम्बन्धमा गौरवमय रूपमा रहेको छ । बुद्ध भद्रको मावली घर नेपालको कपिलवस्तुमा रहे तापनि व्यापारको सिलसिलामा उनका बाबु, हजुरबुवासँग अफगानस्थान जाँदा जलालावादमा इ.सं.३५९ मा बुद्ध भद्रको जन्म भएको थियो । हजुरबुबाले बुद्ध भद्र तिनसालका हुँदा नेपाल लिएर आएका थिए । उनी भारतको बौद्ध विहारमा घुम्न जाँदा चिनियाँ बौद्ध भिक्षु फायोयुनसँग भेट भयो । फायोयुनले बुद्ध भद्रलाई पुनः चीन लैजाने निर्णय गरे । त्यहाँका राजा र जनताको ठुलो सम्मान पाएका बुद्ध भद्रले इ.सं. ४१२ मा चिनियाँ बौद्ध भिक्षु फा स्यानसँग मिलेर बौद्ध धर्मग्रन्थ बुद्धवाद/बुद्धिजम चिनियाँ भाषामा अनुवाद गरी चीनमा बुद्धधर्मको प्रचार प्रसार गरे र नेपाल-चीन सम्बन्ध जोड्ने काम गरे ।

चीनमा ताङ राजवंशको राज्यकालमा (ई. ६१८- ९०७) चीन र नेपाल दुई मुलुकमा यात्राको क्रम निकै बढेको थियो । चीनको काउसी प्रान्तको चीनलु गाउँको हुई परिवारमा ६५७ मा जन्मेका ह्वेनशाङ्ग ई.सं. ६२९ मा आफ्नो घरबाट यात्राको लागि निस्के । यिनले कलिलै उमेरमा चिनियाँ शास्त्रीय ग्रन्थको राम्रो शिक्षण प्राप्त गरेका थिए । यिनको भारत भ्रमणको मुख्य उद्देश्य बुद्ध दर्शनको अध्ययन, बुद्धका पवित्र स्थलको भ्रमण, र बुद्धधर्मका विभिन्न ग्रन्थहरू सङ्कलन गरेर चीन लैजानु थियो । उनले ई. ६३०-६४३ सम्म भारतमा रहेका बुद्धधर्मसँग सम्बन्धित सबै स्थानहरूको भ्रमण गरेका थिए र नेपालको लुम्बिनी तथा कपिलवस्तुको पनि भ्रमण गरेका थिए । उनले आफ्नो यात्रा वृत्तान्तमा गरेको कपिलवस्तु, लुम्बिनी र नेपाल तथा नेपालीको वर्णन अन्य यात्रीको तुलनामा बढी महत्त्वपूर्ण र विश्वसनीय मानिन्छ (वाटर्स, १९०५; पृ. ८१) ।

### ४.४.१ वैवाहिक सम्बन्ध

तिब्बती वंशावली र रेकर्डअनुसार ई.सं. सातौं शताब्दी नेपाल-तिब्बत चीन सम्बन्ध एउटा पानीढलो मानिदै आएको छ । तत्कालीन एकीकृत तिब्बतका सम्राट् स्रङ्-चङ्-गम्पोले (ई. ६२०- ६५०) नेपालकी राजकुमारी भृकुटीसँग विवाह गरेका थिए र भृकुटीले नेपालबाट बुद्धका मूर्तिहरू लगेर तिब्बतमा बुद्धधर्मको उत्थानमा महत्त्वपूर्ण भूमिका खेलेकी थिइन् । यसको साथै

उत्तरको बलियो राज्यसँग सम्बन्ध जोडेर नेपालले आफुलाई शक्तिशाली बनाएको थियो (रोज, १९७३; पृ. १०-११) ।

अंशुवर्माले नेपालको स्वतन्त्रता सार्वभौम सत्ता अखण्डता जोगाउनका लागि तिब्बतक एकीकरणकर्ता भोट राज्यका सम्राट् स्रङचोङ गम्पोसँग आफ्नी छोरी भृकुटीको विवाह गरिदिएका थिए । भृकुटीको विवाहपश्चात् नेपाल र भोटबिचको सम्बन्ध थप सुदृढ हुँदै गयो । नेपाल र तिब्बतबिच आवत-जावत गर्न बाटाहरू खुल्न थाले । भृकुटीले आफ्नो माइती देशबाट धर्म प्रचरक एवम् कलाकार महत्त्वपूर्ण बौद्धग्रन्थ अक्षोम्मे, मैत्रेय तारामूर्ति तिब्बत लगेर आफ्नो पतिलाई दिई खुसी तुल्याउँदै नेपाली संस्कृति र सभ्यतालाई अन्तर्राष्ट्रिय रूपमा चीनाउँदै बौद्ध धर्मको प्रचार गर्न महत्त्वपूर्ण भूमिका खेलेकी थिइन् जसका कारण तिब्बतमा उनको प्रभाव अत्यधिक विस्तार हुन गयो । अहिले पनि तिब्बतमा भृकुटीलाई देवीको रूपमा पुजा गरिन्छ ( अधिकारी, २०७६; पृ. ७७-७८ । यसका साथै भृकुटीले नेपालमा सत्ताच्युत भएका राजा उदयदेवको सपरिवारलाई तिब्बतमा शरण दिएकी थिइन । आफ्ना दाजु नरेन्द्रदेवलाई गुमेको सत्तामा स्थापित गर्न सम्पूर्ण आर्थिक र सैनिक सहयोग गरी २० वर्ष तिब्बतमा शरण लिएर बसेका नरेन्द्रदेवलाई सत्तामा स्थापित गर्न सफल भइन जसले गर्दा तत्कालीन नेपालमा स्थायित्त्व कायम हुन गएको थियो (अधिकारी, २०७६; पृ. ७७) ।

काठमाडौँको ओम बहाल र मञ्जुश्री टोलकोबिचमा जन्मिएको भृकुटीको सन् ६३३ मा तिब्बतका राजा स्रङचोङ गम्पोसँग विवाह भएको थियो । उनले चीन जाँदा बुद्धधर्मका ग्रन्थहरू, शाक्यमूनिको मूर्ति, बोधि सत्व, मैत्रेय, अक्षम्य र ताराका मूर्तिहरूसँगै लिएर गएकी थिइन् । भृकुटीले तिब्बतको ल्हासामा जोखाडा गुम्बा निर्माण गर्न लगाई नेपालबाट लगेको बुद्धको शालिकलाई स्थापना गर्न लगाइन् । जुन गुम्बा नेपाल चीन सम्बन्धको प्रतीक मानिन्छ । विश्वप्रसिद्ध पोताला दरबार निर्माण कार्यमा सहयोग गर्दै भृकुटीले तिब्बतमा शाक्यमुनि बुद्धधर्मको प्रचारमा जोड दिइन् । उनलाई आज पनि तिब्बतमा चिनियाँ जनताले हरिततारको रूपमा मान्दछन् (शाक्य र श्रेष्ठ, २०१७; पृ. १३२/नेपाल, २०७३) ।

## ४.५ नेपाल-तिब्बत केरुङ मार्गको सुरुवात

कतिपय इतिहासकारहरू भृकुटी र स्रङ्-चङ्-गम्पोबिचको विवाहले नेपाल-तिब्बत जाने र आउने केरुङ मार्ग खुलेको तथ्य प्रस्तुत गर्दछन् । जे होस् ई. सं. सातौँ शताब्दीको सुरुमा केरुङमार्ग खोलेर त्यसको बाटो हुँदै काठमाडौँ र ल्हासालाई जोड्ने महत्त्वपूर्ण कार्य भएको थियो । यसको लगत्तै केरुङ मार्ग केवल ल्हासा र काठमाडौँ उपत्यकाबिचको मार्गमा मात्र

सीमित नरहेर ट्रान्स हिमालयन यातायातको मार्ग बन्न पुगेको कुरामा दुई मत छैन । यहि बाटो भएर नेपाली नेवार महाजनहरूले आफ्नो व्यापारिक मालसामानहरू तिब्बतमा लगेर बेच्दथे भने तिब्बतबाट पनि विभिन्न वस्तुहरू नेपाल आयात गरिन्थ्यो ।

### ४.५.१ नेपाल-तिब्बत औपचारिक सम्बन्ध

लिच्छवि राजा उदयदेवलाई उनकै भाइ ध्रुवदेवले गद्दीच्युत गरि दिएपछि उदयदेवले छोरा नरेन्द्रदेवसहित सपरिवार तिब्बतमा राजनीतिक शरण लिन पुगेका थिए । उदयदेवको त तिब्बतमा नै मृत्यु भयो । उनका छोरा नरेन्द्रदेवलाई तिब्बतले सहयोग गरी आफ्नो पुख्यौली राजसिंहासन्मा पुनःस्थापित गरिदिएको थियो (रेग्मी, ई. १९६९; पृ. १७७) । यद्यपि नरेन्द्रदेवको पुनः गद्दी आरोहण बारेमा पनि चिनियाँ बृत्तान्त मौन छ जबकी अन्य कुरामा विस्तृत प्रकाश पारिएको छ । जे होस् नरेन्द्रदेवको शासनकालले नेपाल तिब्बत-चीन सम्बन्धमा एउटा नयाँ युगको सुरुआत गरेको थियो । नरेन्द्रदेवको राज्यकालदेखि नै नेपाल र चीनबिच राजनीतिक दूतमण्डलको आदान-प्रदान गरी सम्बन्धलाई औपचारिकता प्रदान गरिएको थियो (रोज, ई. १९७१; पृ. १०-११) । नरेन्द्रदेवले पुनः नेपालको राजगद्दी प्राप्त गरेपछि तिब्बत र नेपालबिच राज्य स्तरमा दूतहरू ई.सं. ६४४ मा नेपालमा र नेपालबाट ई. ६४८ तिर चीनमा दूतमण्डलहरू पठाइएको पाइएको छ जसले गर्दा करिव ७०० वर्षसम्म नेपाल-चीन सम्बन्ध सौहार्दपूर्ण बनेको थियो (रोज, १९७३; पृ. ११-१२) ।

### ४.५.२ नेपालबाट चीनलाई सहयोग

चीनले भारतसँग सम्बन्ध कायम गर्ने उद्देश्य साथ ई.सं. ६४८ मा वाङ हुत्सेनलाई दूत बनाएर पठाएका थिए । उनी भारत जाने क्रममा नेपालको काठमाडौँको बाटो भएर आउँदा उनलाई आतित्थ्य प्रदान गरिएको थियो । यो कुरा चीनको ताङ राजवंशको पुरानो इतिहास र ताङ वंशको नयाँ इतिहासमा वर्णन गरिएको कुरा इतिहासकारहरूले उल्लेख गरेका छन् ( मानन्धर, २००४; पृ. ३६) । राजदूत वाङ हुत्सेन भारत पुग्दा त्यहाँका हर्ष बर्दनको मृत्यु भइसकेको थियो । हर्ष वर्दनका सामन्त अरूणास्वले राजदूत वाङयुचेलाई अपमानजनक व्यवहार गरे जसका कारण राजदूत वाङयुचे त्यहाँबाट भागेर नेपाल आई सहयोग मागे । नेपालले उनलाई सात हजार घोडाघोडी सहयोग गऱ्यो । चीनबाट आएका बाह्र सय सैनिक र नेपाली सेनाको संयुक्त टोली भारतको अरूणाञ्चलमा आक्रमण गरी राजदूत वाङयुचेलाई अपमान गर्ने अरूणास्वलाई गिरफ्तार गरी चीन पठाइयो । यसबाट नेपाल र चीन(तिब्बत)बिच सहयोगात्मक सम्बन्ध विस्तार हुन गयो (नेपाल; पृ. ७१) । अरूणास्वलाई गिरफ्तार गरी चीन लैजाने क्रममा

राजा नरेन्द्रदेवले आफ्नो छोरासहितको दूतमण्डल चीन पठाएका थिए । नेपालले गरेको सहयोग र गुनका कारण नेपाली दूतमण्डललाई तिब्बतमा भव्य स्वागत गरिएको थियो (आचार्य, २०७४; पृ. ३६-३७) ।

### ४.५.३ नेपालबाट दोस्रो सरकारी दूतमण्डल चीनमा

राजा नरेन्द्रदेवले चीनबाट लगाइएको गुणको पारख गर्दै ई.सं. ६५१ मा आफ्नै छोराको नेतृत्वमा विभिन्न नेपाली वस्तुसहितको एउटा उपहार मण्डल चीन पठाएका थिए । यसबाट नेपाल-चीन सम्बन्ध मजबुत बनाउन ठोस योगदान पुगेको थियो (सुलेसर, १९८२; पृ. ३७) ।

### ४.५.४ चिनियाँ भिक्षु र तीर्थयात्रीहरूको नेपाल भ्रमण

चिनियाँ स्रोतमा उल्लेख भएअनुसार नयाँ स्थलमार्गको प्रयोग गरी ई.सं. ६५४ मा नेपाल आउने पहिलो चिनियाँ बौद्ध भिक्षु हुयन चाओ थिए । सेनसी प्रान्तका निवासी तओ फाङ ई. ६५० देखि ५५ बिचमा नेपाल आएका र यहाँबाट भारत गएका थिए । उनी भारतबाट पुनः नेपाल फर्केर काठमाडौं उपत्यकामा नै बसोबास गरेका र त्यहाँ नै ई. ६९० मा मृत्यु भएको थियो (लेभि, मिति उल्लेख नभएको; पृ. २५-३२) । त्यसैगरी ई. ६५० मा ताओ सेङ, मतिसिम्ह, ह्वेन हुइ, हुइ चाओ, उ कुङ्ग, आदि चिनियाँ बौद्ध भिक्षुहरूले विभिन्न समयमा नेपालको भ्रमण गरे (मानन्धर, २००४; पृ. ४२-४६) । सन् छैटौं र आठौं शताब्दीमा नेपालबाट विभोकससेन, सुभाकर सिंह चीन गएर बौद्ध धर्मग्रन्थको चिनियाँ भाषामा अनुवाद गरेका थिए ।

## ४.६ लिच्छवि कालमा नेपाल-चीन सम्बन्धको प्रभाव

लिच्छविवंशको राज्यकालमा नेपाल र चीनबिच सौहार्दपूर्ण सम्बन्ध रहेको थियो । मध्यकालमा नेपाल विखण्डन भएर स-साना बाइसी चौबिसी राज्यहरूमा विभक्त भएको कारण लिच्छविकालीन सम्बन्धको स्वरूपमा परिवर्तन आएको कुरामा शङ्का छैन । लिच्छवि शासकहरूले उत्तरमा तिब्बती चिनियाँ शासकहरू र दक्षिण भारतको मगधका शासक हर्षवर्धनको शक्तिको अनुमान गरेर उत्तरको चीनबाट नै आड भरोसा हुने महसुस गरी तिब्बत चीनसँग नै सम्बन्ध प्रगाढ बनाएका थिए । यसले गर्दा लिच्छवि वंशको उत्तराधिकार क्रममा देखा परेको क्रम भङ्गता समेत टरेर उत्तराधिकार रोलक्रमले निरन्तरता पाएको थियो । यो नै उनीहरूका लागि ठुलो उपलब्धी थियो । भौगालिक तथा प्राकृतिक विकटताका कारणले मात्र नेपाललाई स्वाधीन र सार्वभौम राख्न सम्भव थिएन । भृकुटीको विवाहले नेपालको स्वाधीनताको रक्षामा महत्त्वपूर्ण योगदान गऱ्यो । तिब्बतसँगको सम्बन्ध विस्तारमा भृकुटीले महत्त्वपूर्ण योगदान गरिन् । चिनियाँ राजदूत वाङयुचे भारत जाँदा नेपालले सैनिक सहयोग गरेकाले पनि

चीनसँग सम्बन्ध बलियो हुनुका साथै भारतमा समेत नेपालको प्रभाव विस्तार हुन गएको थियो । भृकुटी कै कारण नेपाली राजनीतिमा असंलग्नताको सुरुवात हुन गयो ।

## ४.७ एकीकरणपूर्व नेपाल-चीन (तिब्बत) सम्बन्ध विच्छेद

नेपालमा ई. सं. ८७९ मा लिच्छवि राजवंशको शासनको अन्त्य भई अर्को राजवंशको शासन सुरु भएको छ । त्यसपछि नेपालको सरहद भित्र विभिन्न बाइसी चौबिसी राज्य अस्तित्वमा आएका थिए । ई.सं. १४८१ मा नेपाल मण्डलका राजा यक्ष मल्लको मृत्युपछि काठमाडौँ उपत्यकाको विशाल मल्ल राज्य वा नेपाल मण्डल पनि विभाजन भई भादगाउँ, कान्तिपुर र ललितपुर आदि राज्यहरू बन्न पुगे । यसले गर्दा नेपाल पक्षबाट तिब्बत-चीनसँगको सम्बन्ध विच्छेद हुन गएको थियो । त्यसैगरी चीनमा १० औं शताब्दीको सुरुतिर ताङ् वंशको पतनपश्चात्  सम्भवतः तिब्बतीहरूमा उत्पन्न शङ्काको कारण करिब २५० वर्षसम्म चीनतर्फबाट नेपालसँगको सम्बन्ध विच्छेद भएको पाइन्छ (लेभि, मिति उल्लेख नभएको; पृ. ६८) ।

### ४.७.१ अरनिको चीन प्रवेश र सम्बन्धमा सुधार

नेपाल चीनबिचको सम्बन्ध एकदमै पुरानो छ । नेपालका कलाकारहरू चीन जाने र चिनियाँ यात्रीहरू नेपालमा आवत-जावत गर्ने काम अति प्रचीन सम्बन्धको एक विशेष पाटो हो । चीनमा युआन राजवंशको स्थापनाको पहिलो वर्ष मङ्गोल सम्राट् कुवलाइ खान (ई. १२६०-१२९४) को दरबारमा नेपालको सांस्कृतिक दूतको रूपमा कलाकार तथा वास्तुकार अरनिको पुगे । अरनिकोले चीनको पेकिङ्गमा श्वेत चैत्य निर्माण गरे यो बाहेक अन्य थुप्रै कलाकृतिहरूको पनि निर्माण गरे । पिता लक्ष्मण र माता सुमारबाट सन् १२४४ मा जन्मेका कलाकार अरनिको सुप्रसिद्ध नेपाली वास्तुकलाकार थिए । इ.सं. १२६२ मा नेपालका राजा जयभीमदेव मल्लले यिनै अरनिकोको नेतृत्वमा २४-८० जनासम्मको नेपाली वास्तु कलाकारहरूको समूह तिब्बत पठाए । त्यस समूहले दुई वर्षमा तिब्बतमा स्तुप, सत्तल बनाउन सफल भए । १२७१ मा अरनिकोले पेइचिङमा सेतो पेगोडा निर्माण गरे । जसलाई नेपाल चीन सम्बन्धको प्रतीक मानिन्छ । अरनिकोको माध्यमबाट चीनमा बौद्ध धर्मसँग सम्बन्धित ऐतिहासिक वास्तुकलासहितका सांस्कृतिक सम्बन्ध निर्माणमा महत्त्वपूर्ण आधार निर्माण भएको पाइन्छ । उनको ६३ वर्षको उमेरमा १३०६ मा चीनमा मृत्यु भयो (रोज, १९७३; पृ. २५५-२६६) ।

### ४.७.२ नेपाल र चीनबिच दूत आदान-प्रदान

नेपाल र चीनबिच सुङ्ग र युआन राजवंशको राज्यकालमा प्रत्यक्ष सम्बन्ध कायम हुन सकेको थिएन । यी दुई मुलुकबिचमा पहिलो पटक मिङ्ग राजवंश (१३६८-१६४४) को समयमा

कूटनीतिक सम्बन्धको सुरुआत भएको थियो । नेपालको काठमाडौँका शासक वर्धन परिवारको एक समूहका रामवर्धन र चीनको मिङ्ग शासकबिच सम्पर्क कायम हुन गएको थियो (रोज, १९७३; पृ. १२) ।

### ४.७.३ सौगात आदान-प्रदान

चौधौं शताब्दीको सुरुमा नेपाल र चीन दुई देशले आफूबिचको राजनीतिक सम्बन्धलाई पुनः सुदृढ र सुमधुर बनाउने प्रयास गरे । ई.सं. १३८४ मा चीनका सम्राट्ले नेपालका राजालाई मान्यता प्रदान गर्न राजकीय मुद्रा पठाएका थिए । यसको बदलामा ने्पालका राजाले सौगात स्वरूप स्तुपकोप्रतिरूप, र बुद्ध कलाकृति र असल जातका घोडाहरू पठाएका थिए । यस्तो उपहार पठाउने कार्य ई.सं. १४१४ मा पनि भएको थियो (शर्मा, २०२२; पृ. १३४) ।

### ४.७.४ तिब्बतको भूभाग कब्जा

सन् १६ औँ र १७ औँ शताब्दीमा तिब्बतका रातो टोपी र पहेंलो टोपी लगाउने लामा समूहबिच भएको सङ्घर्षले नेपाल-चीन सम्बन्धमा महत्त्वपूर्ण प्रभाव पाऱ्यो । यो सङ्घर्षमा पाँचौं दलाइ लामाले तिब्बतका दुई प्रमुख शक्तिकेन्द्र ल्हासा र सिगात्से कब्जा गर्ने प्रयास गरे । यसै मौका पारेर गोरखाका राजा रामशाहले ई.सं. १६२९-३०बिचमा केरुङ घाटीको बाटो गरी तिब्बतमा आक्रमण गरी कुकुरघाटसम्मका भूभाग कब्जा गरे । उनले तिब्बतका लामासँग एउटा सम्झौता गरी कुकुरघाटसम्मका भूभाग गोर्खाको अधीनमा ल्याए । त्यसैगरी कान्तिपुरका राजा प्रताप मल्लले पनि आफ्नो सेना तिब्बतमा पठाई कुती इलाका कब्जा गरी लामासँग ई.सं. १६४५ - १६५०बिचमा एउटा सम्झौता गरे । यो सम्झौताबाट कान्तिपुरका राजाले तिब्बतमा थुप्रै अधिकार प्राप्त गरे । जसमा कान्तिपुर राज्यको तिब्बतका कुती र केरुङमा अधिकार रहने भयो । काठमाडों उपत्यकाका नेवार समुदायलाई तिब्बतको ल्हासामा ३२ वटा व्यापारिक कोठी स्थापना गर्न दिइने भयो ।

प्राचीनकालमा काठमाडौँ केन्द्र भएको लिच्छविकालीन विशाल नेपाल मध्यकालमा आइपुग्दा विभिन्न राज्यहरूमा विभाजित भइसकेको थियो । तर काठमाडौँको मल्ल राज्य भने विकसित र बलियो थियो । वैदेशिक व्यापारका दृष्टिले मल्ल राज्य निकै महत्त्वपूर्ण थियो । मल्ल राज्य र तिब्बतकाबिच व्यापारिक सम्बन्ध दरिलो थियो (पुडासैनी; पृ. १६७) । राजा प्रताप मल्लले काजी भिम मल्लको नेतृत्त्वमा तिब्बतमा फौज पठाई आक्रमण गरी तिब्बतलाई व्यापारिक सन्धि गर्न बाध्य पारे । जुन सन्धिका सर्तहरू निम्नानुसार रहेका छन्:

१) काठमाडौँका नेवार व्यापारीहरूले तिब्बतको ल्हासामा ३२ वटा कोठीहरू खोल्न पाउने र ती व्यापारीहरूको हकहित र व्यापार रेखदेख गर्न नेपाली प्रतिनिधिको नाममा वकिल राख्ने ।

२) तिब्बतमा माल समान आयात निर्यात र बिक्री गर्दा तिब्बत सरकारले नेपालीव्यापारीसँग भन्सार महशुल नलिने र कुती र केरुङ नामक व्यापारिक केन्द्रमा काठमाडौँको अधिकार रहने ।

३) तिब्बतले नेपालवाहेक अन्य राष्ट्रसँग व्यापार चलाउँदा भुटान र सिक्किमको बाटो प्रयोग नगरी कुती र केरुङको बाटो भएर गर्ने ।

४) तिब्बतकालागि नेपालले चाँदीको मुद्रा ढाल्ने र तिब्बतमा पठाएका मुद्राको सट्टामा नेपाललाई शुद्ध सुनचाँदी पठाउने ।

५) तिब्बतस्थित मृत नेपाली व्यापारीहरूको सम्पती सुरक्षाका साथ तिब्बत सरकारले नेपाल सरकालाई बुझाउने (अधिकारी; पृ. ५७५) ।

काठमाडौँ दरबारले तिब्बतमा आफ्नो दूत 'नायो' राख्न पाउने कान्तिपुरका राजाले बनाएर पठाएका चाँदीका सिक्का तिब्बतमा चल्ने र त्यसको बदला तिब्बतले कान्तिपुरलाई चाँदी र बुकी सुन दिने, तिब्बतमा रहेका नेपाली व्यापारीको व्यापारमा कुनै भन्सार महसुल नलगाउने, तिब्बतले दक्षिण एसियासँग गर्ने सम्पूर्ण व्यापार काठमाडों उपत्यकाको बाटो भएर गर्ने आदि व्यवस्था गरिएको थियो (रोज, १९७३; पृ. १३-१४; उप्रेती, १९८०; पृ. २०-२१) । यसले गर्दा तिब्बत कान्तिपुर राज्य र चीनको चेपूवामा पर्‍यो । तिब्बतको वाह्य संसारसँगको सम्बन्ध, कान्तिपुर, गोरखा वा चीन भएर मात्र हुन सक्ने भयो । यसैबिच तिब्बतमा बिस्तारै चीनको प्रभूत्व बढ्दै गयो । यता अठारौँ शताब्दीको मध्यदेखि गोरखा राज्यका राजा पृथ्वीनारायण शाहको नेतृत्वमा नेपालको एकीकरणको. सुरुवात भयो । ई.सं. १७६९ मा काठमाडौँ उपत्यका विजय गरी विशाल नेपालको शिलान्यास भएपछि गोरखा र तिब्बतबिचको सम्बन्ध नेपाल र तिब्बतबिचको सम्बन्धमा रूपान्तरण भयो ।

## ४.८ एकीकरणपश्चात् नेपाल-चीन सम्बन्ध

ई.सं. १७६९ मा गोरखाका राजा पृथ्वीनारायण शाहले काठमाडौँ उपत्यका विजय गरी त्यसलाई नेपालको राजधानी बनाएपछि नेपाल-तिब्बत-चीन सम्बन्धमा नयाँ आयामको सुरुआत भएको थियो । पृथ्वीनारायण शाहको छोटो राज्यकालमा चीन-तिब्बतसँग खासै नयाँ सम्बन्धको

सुरुआत हुन सकेन । उनले तिब्बतसँग मल्लकालमा तिब्बतमा पठाइएका खोटा सिक्काको समस्या समाधान गर्ने प्रयास गरेका थिए तापनि पुराना खोटा मुद्रा र पृथ्वीनारायण शाहले बनाएका नयाँ चाँदीका सिक्काबिचको सटही दर निर्धारणमा सहमति हुन नसक्दा मुद्रा विवाद यथावत् रह्यो र यसले सम्बन्धका अरू पक्षलाई पनि यथास्थितिमा सीमित गरायो । ई.सं. १७७५ को सुरुमा पृथ्वीनारायण शाहको मृत्यु भयो । पृथ्वीनारायण शाहको उत्तराधिकार प्रतापसिंह शाहको अढाई वर्ष मात्रको छोटो राज्यकालमा तिब्बतसँगको सम्बन्ध सुधार गर्ने प्रयास गरियो । प्रतापसिंह शाहले आफ्नो दूत पठाई तिब्बतसँगको मुद्रा समस्या र व्यापारिक समस्या समाधान गर्ने प्रयास गरे । बाबुराम नरभुपाल शाह र आमा कौशाल्यावतीको कोखबाट १ जनवरी १७२३ सन्मा जन्मेका पृथ्वीनारायण शाह २० वर्षको उमेरमा सन् १७४३ मा गोर्खाको राजा सिंहासन्मा विराजमान भए । राजाको जेठो छोरा राजा हुने राजकीय परम्परा बंशानुगत रितीथितीअनुसार बि.सं. १७९९ चैत्र २५ गते गोर्खाका राजा भएका थिए । नेपाल एकीकरण प्रक्रिया, १७४२-१८४६ तीन चरणमा सम्पन्न भएको पाइन्छ । पहिलो श्री ५ पृथ्वीनारायण शाह तेस्रो भीमसेन थापा । यो अभियान १८१४ को नेपाल अङ्ग्रेज युद्ध र अघि सम्पन्न १८१६ को सगौली सन्धिसँगै रोकिन पुग्यो । यस सन्धिले नेपालले आफ्नो महत्त्वपूर्ण भूभाग दार्जिलिङ, कुमाउ गढवाल गुमाउन पुग्यो (अधिकारी, २०७६ पृ. ३४६-३४८) ।

एकीकरण अभियासँगै नेपाल दुई ढुङ्गाबिचको तरुल हो भनेर श्री ५ पृथ्वीनारायण शाहले नेपालको भौगोलिक अवस्थाको पहिचान मात्र गरेनन् । उनले नेपालका दुई ठुला छिमेकीकाबिच तटस्थ परराष्ट्रनीतिबारेमा दिशाबोध गराए । एकीकरण पूर्व प्राचीन काल, मध्यकालका बारेमा माथि चर्चा गरिएकाले यहाँ पृथ्वीनारायण शाहको एकीकरण अभियानसँगै जङ्गबहादुरको उदयसम्मको अवधिमा तिब्बत चीनसँगको सम्बन्धका बारेमा यहाँ चर्चा गरिएको छ (भट्टराई; पृ. १२-१३) । एकीकरणपश्चात् श्री ५ पृथ्वीनारायण शाहले नेपाल र तिब्बतबिच सम्बन्ध राम्रो बनाउन एक मिसन कूटनीति सम्बन्धमा श्री ५ पृथ्वीनारायण शाहले निर्धारण गरेको सबैभन्दा महत्त्वपूर्ण र स्मरणीय कुरा अन्तिम अवस्थामा भारदार छेउ भनेको उपदेशमा नै परेको छः

> दक्षिणको समुद्रको वादशाहसित घाहा त राख्नु तर त्यो महाचतुर छ, हिन्दुस्थान दवाई राखेछ सरजिमिमा परिरहेछ । हिन्दुस्थाना जाग्यो भन्या कठिन पर्ला भनी किल्ला खोज्न आउन्या छ । सन्धिसर्पन हेरी गढि तुल्याई राख्नु र रस्ता रस्तामा भाजा हाली राख्नु र एक काटिन्या छ, पाँच पुस्तालाई खजाना पनि मिल्ने छ । श्रीगंगाजीको साँध पनि लाग्नेछ, लडाइँमा पुकेन भन्या लोलोपोतो अनेक कलछल

गरीकन पनि यो नेपालको तखत किल्ला हो, यो किल्ला पायो भन्या चारै वादशाहलाई बहाला लाउनै छ । ईश्वरले रचना गऱ्याको किल्ला रहेछ स्वधनुपऱ्या रहेनछ ।

पृथ्वीनारायण शाहले निर्धारित गरेको परराष्ट्रनीति आज दुई सय वर्षपछि पनि नेपालको लागि उत्तिकै सार्थक उत्तिकै उपयोगी भइरहेको छ । दुई ढुङ्गाबिचको तरुल जसरी बचेर बढ्न सक्छ त्यसरी नै दुई ठुलाबडा शक्तिशाली राष्ट्रबाट आफूलाई बचाएर नेपालले पूर्व पश्चिमतर्फ बढ्नुपर्दछ भन्ने उनको आशय थियो । उनले भने बमोजिम बढ्दै जाँदा नेपाललाई आशातीत सफल तापनि मिलेको थियो । चीन वादशाहसित कुनै हालतमा विग्रह नगर्नु भन्ने उनको उक्ति कति सार्थक थियो, अङ्ग्रेजसँग पनि सलुक नै राख्नु, तर उसले सन्धि पालना गर्ने कुरामा चाहिँ शङ्का गर्दै उनले कथम्कदाचित् जोरी खोजेर लड्न आएछ भने आँफै जाइकटक नगर्नु झिकी कटक गर्नु भनेका थिए । पछि दैवसंयोग भोटको जरियाबाट चीनसित जुद्धा पनि नेपाललाई केही हानि नै भयो । सो त सामान्य भयो, उक्त नीति छोडी अङ्ग्रेजसँग जाईकटक गर्दा त नेपालको सत्यानाशै भयो । सुरुदेखि  नै भोटसँग सम्बन्ध सुधारेर व्यापार बढाउने नीति पृथ्वीनारायण शाहको भए तापनि यस दिशातर्फ उनलाई सफलता मिल्न सकेको थिएन । एक त उनले आफ्नो लडाइँ गर्ने, षाडगुण्य खेल्ने काममा नै सम्पूर्ण समय लाउनुपरेको थियो । दोस्रो, उनकै आँखाका साम् उदीयमान इस्ट इण्डिया कम्पनीको जाग्रत राजनीतिसँग जुधेर बचेर आफ्नो योजना सफल पार्नुपरेको थियो । अलिकति चुक्नेबित्तिकै वा अलिकति असावधानी हुने साथै यो अभियानमा ठक्कर लाग्ने सम्भव थियो । उत्तरतर्फबाट उनलाई कुनै खतराको सङ्केत थिएन ( नेपाल; पृ., १८९) ।

### ४.८.१ नेपाल र तिब्बतबिच पहिलो व्यापारिक सम्झौता

नेपालका राजा प्रतापसिंह शाहले आफ्नो एक प्रतिनिधि मण्डल तिब्बतको कुतीतर्फ पठाए । नेपालका प्रतिनिधि र भोटे लामाबिच १ सेप्टेम्बर, १७७५ मा एउटा घाचा पत्र वा सम्झौतामा हस्ताक्षर गरिएको थियो । यो घाचापत्रमा हिमालय वारि-पारिका मुलुकसँग तिब्बतले गर्ने व्यापार नेपालको बाटो भएर गर्ने, तिब्बतले पठाएको चास्नीअनुसारको मुद्रा बनाएर तिब्बतमा पठाउने, यो सन्धि उल्लङ्घन गर्ने राष्ट्रले अर्कोलाई ५० धानी सुन तिर्नु पर्ने आदि सर्तहरू राखिएको थियो । तर यो सन्धिले पनि नेपाल र तिब्बतबिच चलन चल्तीमा रहेका पुराना मुद्राको समस्या समाधान गर्न सकेन, यसले गर्दा नेपाल तिब्बत सम्बन्ध यथास्थितिमा रह्यो (मानन्धर, २००४; पृ. ७३) ।

### ४.८.२ ट्रान्स हिमालयन क्षेत्रमा राजनीतिक नेतृत्व परिवर्तन

ई.सं. १७८० देखि ८८बिचमा ट्रान्स हिमालयन क्षेत्रका मुलुकमा राजनीतिक नेतृत्व परिवर्तन भयो । तिब्बतमा पञ्चेन लामाको मृत्यु भई नाबालक लामा पञ्चेन लामा बने । ल्हासामा दलाइ लामा वालिग भए । नेपालमा सक्रिय र महत्त्वाकाङ्क्षी व्यक्तित्वको रूपमा बहादुर शाह नावालक राजा रणबहादुर शाहको नायव भए र उनको नीति पृथ्वीनारायण शाहसँग ज्यादै निकट थियो । त्यसबेला बहादुर शाह पश्चिमी नेपालको विजय अभियानमा दिलोज्यान दिएर लागेका थिए । यस्तो अवस्थामा उनलाई धनको आवश्यकता थियो तर तिब्बतबाट नेपाली व्यापारमा क्षति पुऱ्याएको कुरा उनलाई मन परेको थिएन ।

त्यसैगरी भारतमा आक्रमक नीतिका गभर्नर जनरल हेस्टिङ्गसलाई फिर्ता बोलाई नरम र उदार नीतिका लर्ड कर्नवालिसलाई गभर्नर जनरल बनाइएको थियो र उनको तिब्बतप्रति त्यति चासो थिएन । यसतै अवस्थामा १७८८ को वसन्त ऋतुमा तिब्बतका एकजना प्रमुख लामा श्यामर्पा लामा आफ्नो दाजुसँग मठको सम्पत्ति बाँडफाँडको विषयमा विवाद भई १४ जना सहयोगी र मठको सम्पत्ति लिएर काठमाडौँ आए । उनले बहादुर शाहसँग शरण मागेअनुसार नेपालमा शरण दिइएको थियो । यसलाई तिब्बतले स्वीकार गरेन र उनलाई तिब्बतमा फिर्ता पठाइदिन आग्रह गऱ्यो । तर नेपालले फिर्ता पठाएन । यसका विरुद्ध तिब्बतले नेपालसँगको व्यापार गर्ने नाका बन्द गरिदियो । आक्रोशित नेपालले ई.सं. १७८८ को वर्षा ऋतुमा तिब्बत विरुद्ध युद्धको घोषणा गरी सेना तिब्बतमा पठायो (Manandhar, 2004; p. 36) ।

### ४.८.३ नेपाल तिब्बत प्रथम युद्ध र केरुङ सन्धि

नेपालले १७८८ वर्षा ऋतुमा सेना पठाएर तिब्बतमा आक्रमण गरी विभिन्न जिल्लाहरू कब्जा गऱ्यो । तिब्बती सेनाले आफ्नो भूभाग रक्षा गर्न सकेन । अन्ततः नेपाल सरकारका प्रतिनिधि र तिब्बती लामाका  प्रतिनिधिबिच ई.सं. १७८९ जुलाइमा केरुङमा शान्ति तथा युद्ध अन्त्य सम्झौता भयो । यो केरुङ सन्धिअनुसार तिब्बतले नेपाललाई वार्षिक रु. ५०,००१ बुझाउने भयो । यसपछि नेपालले तिब्बतमा आक्रमण नगर्ने भयो । पहिलो वर्षको किस्ता बुझाएपछि नेपाली सेना तिब्बतबाट नेपाल फर्कने भयो । नेपालले आफ्नो व्यापारिक रक्षार्थ एकजना वकिल ल्हासामा राख्ने व्यवस्था गरियो (मानन्धर, २०४२; पृ. ३) । सन् १७८९ जुन २ मा नेपाल र तिब्बतबिच भएका सन्धिका धाराहरू निम्नअनुसार रहेका छन्:

१) नेपाललाई तिब्बतले प्रतिवर्ष पचास हजार एक रूपियाँ बुझाउनु पर्ने ।

२) तिब्बतले नेपालबाट पठाएको मुद्रा प्रचलनमा ल्याउनु पर्ने र नेपालबाट पठाएको नयाँ मुद्रा मल्लकालका खोटा दुई टक बराबर हुने ।

३) नेपालले आफ्नो व्यापार विस्तारको निम्ति ल्हासामा वकिल राख्न पाउने ।

४) तिब्बतले नेपालमा शुद्ध नुन पठाउनुपर्ने ।

५) तिब्बतले छुम्मी उपत्यकाको बाटो बन्द गरी नेपालको बाटो भएर भारतसँग व्यापार गर्नुपर्ने ।

६) प्रत्येक वर्ष तिब्बतबाट एक लामा आशीर्वाद लिन नेपाल आउनुपर्ने ।

७) तिब्बतले पहिलो सालको किस्ताको रकम बुझाएमा नेपाली फौज आफूले जितेको भूभागबाट हट्नुपर्ने ।

उपर्युक्त सन्धिले नेपाली स्वाभिमानलाई उच्च पारेको थियो भने तिब्बतका लागि अपमान थियो । केरुङ सन्धिअनुसार तिब्बतले नेपाललाई बुझाउनुपर्ने किस्ता रकम बिना सूचना नबुझाएकाले नेपालले अपमान भएको महसुस गरी नेपालले तिब्बतमाथि पुनः आक्रमण गर्ने योजना बनाउन थाले । तिब्बतमा रहेका चिनियाँ अम्बानहरूले तिब्बत र नेपालबिचको खटपटलाई नजिकबाट हेर्दै आएका थिए । नेपाल र तिब्बतबिच भएको सन्धि चिनियाँ अम्बातहरूले चीनका वादशाहहरूलाई जानकारी गराएकाले चीनका वादशाहले तिब्बतमाथि नेपालको आदिपत्य भन्दै उक्त सन्धि कार्यान्वयन नगर्न तिब्बतलाई खबर पठाए । जसले गर्दा सन्धि कार्यान्वयनमा समस्या पैदा भयो जो नेपालले कल्पना पनि गरेको थिएन (पुडासैनी, २०७६; पृ. १७६-१७७) ।

### ४.८.४ नेपाल तिब्बत दोस्रो युद्ध

केरुङ सन्धिमा हस्ताक्षरसँगै तिब्बती लामाहरूले नेपाललाई पहिलो वर्षको रु. ५०,००१/- तत्कालै तिरे तर अर्को वर्षको रकम तिरेनन् र केरुङ सन्धिमा उल्लेखित रकम बढी भएको जनाउँदै त्यसका लागि वार्ताको माग गरे । वार्ता तिब्बतको कुतीमा गर्ने निश्चित गरियो । वार्ताको लागि तिब्बततर्फ गएका समर्पा लामासहितको प्रतिनिधिहरूलाई तिब्बतले छलकपटपूर्ण तरिकाले पक्राउ गर्ने प्रयास गरेकाले नेपाली प्रतिनिधिले उल्टै तिब्बतका काजीलाई पक्राउ गरी नेपालतर्फ पठाए र नेपाली सेना युद्ध गर्दै अगाडि बढे । तिब्बतले नेपालीहरूलाई रोक्न नसकेकाले चीनसँग सहयोग माग गऱ्यो । चिनियाँ सेनापति फु काङ आन को नेतृत्वमा तिब्बतीको सहयोगका लागि सेना आयो ।

चिनियाँ सेनाले नेपाली सेनालाई हराउँदै नेपालको सीमानाभित्र प्रवेश गरी नुवाकोटको वेत्रावती भन्ने स्थानसम्म आइपुग्यो । नेपाल सरकार बाध्य भएर तिब्बतसँग १७९२ सेप्टेम्बरमा वेत्रावती सन्धि गर्नुपर्‍यो । वेत्रावती सन्धिअनुसार नेपालले केरुङ सन्धिबाट पाएको रकमसहित सम्पूर्ण सुविधा गुमाउनुपर्‍यो (मानान्धर, २०४२; पृ. ४-५) वेत्रावती सन्धिअनुसार नेपालका राजाले प्रत्येक पाँच पाँच वर्षमा नेपालमा उत्पन्न हुने वस्तुहरूसहित पञ्चवर्षी सौगात मण्डल चीनका वादशाहको सम्मानमा पठाउनुपर्ने भयो । ई. १७९२ मा सुरु भएको यो सौगात मिसनको परम्परा १८ औँ मिसन ई.सं. १९०६ मा पठाएर अन्त्य भएको देखिन्छ (मानन्धर र मिश्र, सन् १९८६; पृ. १९- ३१) । नेपाल-तिब्बत दोस्रो युद्धपछि तिब्बतमा चिनियाँ प्रभाव बढ्यो र तिब्बतको सुरक्षाको भूमिका चीनले निभाउन थाल्यो । यसरी नेपाल र चीनबिच प्रत्यक्ष सम्बन्ध जोडिन पुग्यो । सन् १७९२ सेम्टेम्बर ३० मा वेत्रावती नदी किनारमा गरिएको नेपाल तिब्बतबिच भएको सन्धि निम्नानुसार रहेको छ (पुडासैनी, २०७६; पृ. १८२ - १८३) :

१) नेपाल र तिब्बतका बिचमा सदा मैत्री र भ्रातृत्व कायम रहने कुनै मतभेद पैदा भएमा त्यसको समाधान ल्हासास्थित चिनियाँ अम्बानको माध्यमबाट गर्ने ।

२) चीनका सम्राट्प्रति आदरभाव राख्न नेपालले प्रत्येक पाँच वर्षमा उपहार पठाउने र त्यसरी उपहार लिएर जाने सम्पूर्ण प्रतिनिधि मण्डलको यातायात, खाना बस्ने प्रबन्ध चिनियाँ सरकारले गर्ने । नेपालमा पनि त्यस्तै उपहार पठाउने ।

३) नेपाल र तिब्बतबिचको सीमाना चिनियाँ अधिकारीले गर्ने ।

४) नेपालमा तेस्रो देशबाट आक्रमण भएमा चीनले सहयोग गर्ने ।

५) समार्पा लामा अवशेष, उनको परिवार र सहयोगी सदस्यलाई तिब्बत फिर्ता गर्ने ।

६) नेपालले १७८९ को सन्धिबाट प्राप्त मुद्रा सम्बन्धी विशेषाधिकारको दाबी नगर्ने ।

७) नेपालको भूमिबाट चीनले आफ्ना सेना फिर्ता गर्ने र नेपालीहरूको ल्हासामा लुटिएको सम्पत्ति चीनले फिर्ता गर्ने ।

८) सैनिकबाहेक जुनसुकै व्यापारीले तिब्बतमा आफ्नो ईच्छाअनुसार व्यापार गर्न, कारखाना खोल्न, यात्रा गर्न पाउने ।

### ४.८.५ नेपाल-चीनबिच 'बाँच र बाँच्न देऊ'को सम्बन्ध

सन् १७९३ देखि १८५३ सम्मको ६० वर्षलाई नेपाल-चीन सम्बन्धको इतिहासमा 'बाँच र बाँच्न देऊ'को सम्बन्धको रूपमा लिइन्छ । यो अवधिमा चीन र नेपाल दुवैले एक-अर्काको

आन्तरिक तथा बाह्य मामिलामा अहस्तक्षेपको नीति अपनाउन चाहेको देखिन्छ । तिब्बतमा रहेका चिनियाँ प्रतिनिधिले नेपालका राजालाई पत्र पठाई अङ्ग्रेजसँग सम्बन्ध सौहार्दपूर्ण बनाउन सुझाव दिएका थिए । त्यसैगरी ई.सं. १८३० मा नेपालकी जेठी महारानीले आफ्नै श्रीमान् राजा विरुद्ध चिनियाँ सहयोगको याचना गर्दा पनि चिनियाँ सम्राट्ले रानीको सिकायत सुनेका थिएनन् (उप्रेती, १९८०; पृ. ४५-४६) ।

### ४.९ राणाकाली नेपाल-चीन (तिब्बत) सम्बन्ध

सन् १८४३ सेप्टेम्बर १४ गते राति १० बजे आफ्नो प्रिय पात्र गगन शाहको हत्याको खबर कान्छी महारानीले पाएपछि उनी स्तब्ध आक्रोशित भइन् । त्यसको बदला लिन उनले कोतमा जङ्गबहादुरका आदेशअनुसार भाइ भारदारहरू जम्मा गर्न लगाइन् । कोतको पटांगिना जाँदा जङ्गबहादुरले आदेश बिना आफ्ना ३ पल्टन सेना भित्र लगेका थिए । गगन सिंहको हत्यारा पत्ता लगाउन कोतमा जम्मा भएका भाइ भारदारले बुद्धि नपुऱ्याएका कारण ठुलो हताहत हुन पुग्यो । कोत हत्याकाण्डमा ३२ जना मारिए, २६ जना भारत निर्वासन्मा  गए र १८ जना देश निकाला गरिए । २ जना मुछिए । यस हत्याकाण्डमा जंगवहादुरले आफ्ना विरोधीहरूको ठुलो सङ्ख्यामा हत्यागरी सत्ताको बागडोर आफ्नो हातमा लिन सफल भए । महारानी लक्ष्मीदेवीले १५ सेप्टेम्बरमा जङ्गबहादुरलाई नेपालको प्रधानमन्त्री तथा कमाण्ड इन चीफमा नियुक्त गरिन् । कोतपर्व हत्याकाण्डको विषय परिस्थितिलाई समालेर जङ्गबहादुरले नेपाली राजनीतिमा राणाहरूको एक वंशीय श्री ३ परम्पराको सुरुवात गरेका थिए जसका कारण नेपालको इतिहासमा १०४ वर्षसम्म एकतन्त्रीय हुकुमी शासनको सुरुवात हुन पुग्यो (अधिकारी २०७६; पृ., ४७५-४७८) ।

वि.सं. १९०३ मा राणाहरूका उदयपश्चात् चीनप्रति उनीहरूको नीति सकारात्मक थिएन । उनीहरू भारतस्थित अङ्ग्रेज शासकहरूसँग नजिक थिए । सन् १९०४ मा अङ्ग्रेजहरूले तिब्बतमाथि आक्रमण गरे । त्यतिबेला तिब्बतले नेपालसँग सहयोग माग्यो तर उनीहरूले तिब्बतलाई सहयोग गर्न इन्कार गरे (उपाध्याय, २०५५; पृ. २९१) । चीनसँग भएको थापाथली सन्धिको धारा २ को व्यवस्था विपरीत राणाहरूले अङ्ग्रेजलाई सहयोग गरेका थिए, जसका कारण नेपाल चीनबिच सम्बन्ध बिग्रन पुग्यो (वाङ्गचुङ्ग, २००५; पृ. १०९) । इतिहासका यी घटनाहरूबाट शिक्षा लिँदै दुवै देशले आपसी सम्बन्धलाई निरन्तरता दिँदै आइरहेका छन् । वि.सं. १९०३ मा नेपालमा जङ्गबहादुर राणाले सत्ता आफ्नो हातमा लिएर पारिवारिक राणाशासन सुरुवात गरे । उनी सत्तामा आएसँगै नेपाल तिब्बतबिचको सम्बन्धमा परिवर्तन आउन थाल्यो ।

सन् १८१४ नोभेम्बरमा भारतस्थित अङ्ग्रेज शासकहरूले नेपालमाथि आक्रमण गरी युद्ध घोषणा गरे । डेढ वर्षसम्म चलेको यस युद्धमा नेपालले हार बेहोर्नुपऱ्यो जसको परिणाम नेपालले झन्डै आफ्नो एक तिहाई भूभाग गुमाएर अङ्ग्रेजसँग सन् १८१६ मा सन्धि गर्न बाध्य भयो जसलाई सुगौली सन्धि भनेर चिनिन्छ । यस युद्धका अनेकौं कारणहरूमध्ये पश्चिममा महाकाली नदीको किनारै किनार तिब्बतको ताक्लाखारमा र पूर्वको टिष्टा नदीको किनारै किनार तिब्बतको छम्मीमा पुग्ने नयाँ व्यापारिक मार्गका लागि अङ्ग्रेजहरूले नेपालमाथि युद्ध लादेका थिए । यस युद्धमा नेपालले चीनसँग सहयोग मागेको थियो । नेपाल र चीनबिचको सन्धिअनुसार नेपालमा वाह्य आक्रमण भएमा चीनले नेपाललाई सहयोग गर्ने सहमतिलाई चीनले पालना गरेन । त्यति बेला चीनले अङ्ग्रेजहरू बलिया हुँदै गएको देखेकाले नेपाललाई सहयोग गर्न नचाहेको देखिन्छ । नेपालको भूमि कब्जा गरेको अङ्ग्रेजहरूले पनि तिब्बत जाने नयाँ व्यापारिक मार्गबाट खासै फाइदा लिन सकेका थिएनन् । अङ्ग्रेजसँग पराजय भएपछिपनि निरन्तर २३ वर्षसम्म सत्तामा रहेका प्रधानमन्त्री भीमसेन थापा आन्तरिक राजनीतिक खिचातानी र सङ्घर्षका कारण आत्महत्या गर्न बाध्य भए । नयाँ राजा राजेन्द्र विक्रम शाह काँसी पलायन भए । मुलुकको यही जटिल र विसम् राजनीतिक परिस्थतिकाबिच जङ्गबहादुर राणाले सत्ता हातमा लिई आफूलाई श्री ३ महाराज घोषणा समेत गर्न पुगे (आचार्य, २०७४; पृ. २५५-२५७) ।

सत्तामा आएपछि जङ्गबहादुरले चीनसँग भन्दा भारतस्थित अङ्ग्रेजहरूसँग नजिक भएर उनीहरूलाई खुसी तुल्याई सत्तामा टिकिरहने सोचकासाथ अगाडि बढे जसका कारण चीनसँगको सम्बन्धमा उतारचढावहरू आउनुका साथै सम्बन्ध कम्जोर बन्न थाल्यो । सन् १७९२ मा नेपाल चीनसँगको युद्धमा पराजित भएपछिको सन्धिअनुसार नेपालले चीनका वादशाहलाई प्रत्येक पाँच पाँच वर्षमा खलितापत्र र उपहारहरू पठाउनु पर्ने सर्तअनुसार सन् १८४८ मा काजी सुरज सिंहको नेतृत्वमा नेपाली दूतमण्डल पेकिङ पुगी स्वदेश फर्केर आउँदा काजी सुरज सिंह बाटोमै दिवंगत भए । सन् १८६२ मा अर्को दूतमण्डल जङ्गबहादुरका विश्वास पात्र गम्भीर सिंह अधिकारीको नेतृत्वमा चीन प्रस्थान गरे । त्यति बेला तिब्बतमा चीन सरकारको राजनीतिक प्रभाव कमजोर भएकाले चिनियाँ अम्बाहरूले प्रचलित परम्परा र मर्यादा विपरीत नेपाली दूतमण्डललाई आदरभाव प्रकट गर्न सकेनन् जसका कारण नेपाली दूतमण्डल पेकिङ पुगी फर्किंदा बाटोमा अनेकौं दुःख कष्ट बेहोर्न बाध्य भए । चिनियाँ पक्षले नेपाली दूतमण्डललाई खान बस्न र औषधी उपचारको व्यवस्था नगरेकाले नेपाली दूतमण्डलका प्रमुख उपप्रमुखको बाटो मै मृत्यु हुन पुग्यो । दूतमण्डलका बाँकी १५ जना सदस्य स्वदेस फिर्ता भइसक्नु पर्नेमा ९ महिना ढिला गरेर झण्डै दुई वर्षमा नेपाल फर्केका थिए । बाँचेर फर्केका दूतमण्डलका

सदस्यहरूले प्रधानमन्त्री जङ्गबहादुर राणालाई चिनियाँहरूले गरेको अपमान र दुर्व्यवहार र बाटोमा बेहोर्नु परेको दुःख कष्ट बारे सुनाएका थिए । यही समयमा तिब्बती नागरिकले त्यहाँ भएका नेपाली व्यापारीहरूमाथि आतङ्क मच्चाएको कैयौँ नेपाली व्यापारीहरूको तिब्बती नागरिकहरूद्वारा हत्या गरिएको समाचारहरू आउन थालेका थिए । यस्ता कार्यहरू सन् १७९२ को सन्धि विपरीत थियो । नेपाल सरकारले यसबारेमा चीन सरकारलाई विरोधपत्र पठायो । नेपाल र तिब्बतबिच खटपट सुरु हुन थालपछि प्रत्येक पाँच वर्षमा नेपाली दूतमण्डल चीन जाने कार्य रोकियो । सन् १८६६ मा नेपालले पुनः दूतमण्डल चीन पठाउन थाल्यो । चीन आन्तरिक राजनीतिक जटिलतामा फसेको र तिब्बती अधिकारीहरूका असहयोगका कारण नेपाली दूतमण्डल पेइचिङ नपुगी तीन वर्ष लगाएरबिच बाटो बाटै सन् १८७० मा नेपाल फिर्ता भयो । राणासरकारको अङ्ग्रेजसँगको निकटताका कारणले पनि चीनसँगको सन्धिअनुसार नेपालको दूतमण्डल चीन जान सकेको थिएन । चीनको राजनीतिक व्यवस्थामा आएको नवीन परिवर्तन र प्रधानमन्त्री जङ्गबहादुरको इच्छा तथा नेपाली दूतमण्डलमाथि चिनियाँहरूको दुर्व्यवहारका कारण दूतमण्डल पठाउने परम्परा सदाका लागि अन्त्य भयो (आचार्य, २०७४; पृ. २४४-२४७) । चीनसँगको खटपटसँगै जङ्गबहादुरले चीनमाथि आक्रमण गर्ने योजना बनाएका थिए । ताइपिङ विद्रोहका कारण चीन गृहयुद्धमा फसिरहेको अवस्था र अङ्ग्रेजहरूले आफूलाई सहयोग गरे भने चीनमाथि विजय प्राप्त गर्न सकिने योजनाकासाथ जङ्गबहादुर राणाले तिब्बतमाथि आक्रमण गर्न सेना पठाएका थिए परन्तु अङ्ग्रेजले जङ्गबहादुरलाई सहयोग गरेनन् ।

सत्तामा पुगेका जङ्गबहादुरले भारतस्थित ब्रिटिस इसट इण्डिया कम्पनीसँग विशेष सम्बन्ध कायम गरी अगाडि बढ्न थाले । आफ्नो पारिवारिक शासनलाई सुदृढ बनाउन ब्रिटिसहरूसँगको विशेष सम्बन्धका कारण चीनसँगको सम्बन्ध बिस्तारै ओझेलमा पर्न गएको देखिन्छ । सन् १७१२ मा नेपाल चीनबिच भएको सन्धिअनुसार नेपालले चीनलाई प्रत्येक पाँचवर्षमा एकपटक सौगात पठाउने सर्तअनुसार सौगात मिसन जो १९०८ सम्म कायम रह्यो (Manandhar & Mishra, 1986) । यो सन्धिअनुसार मिसनमा सहभागी सदस्यहरूलाई चीनले राजकीय सम्मानका साथ स्वागत गर्दथ्यो । यस मिसनका सदस्यहरूलाई नेपाल चीनबिचको सीमानादेखि पेकिङसम्म लाने र ल्याउने काम पनि चीन सरकारले गर्ने परम्परा दियो । यो मिसन तिब्बतसँगको बिग्रेको सम्बन्धलाई चीनमार्फत सुधार गरी आफ्नो व्यापारलाई प्रवर्द्धन गर्न चाहन्थ्यो । यसका लागि चीनसँगको सम्बन्धलाई नेपालले सुदृढ गर्न चाहान्थ्यो । सौगात मिसनले उपहारहरू लैजाने खासगरी नेपालको कला संस्कृति झल्कने वस्तुहरू तथा एकपटक हात्ती समेत पठाएको पाइन्छ । चीनले नेपाल पनि सोहीअनुसारको उपहार पठाउने गर्दथ्यो ।

यस्ता वस्तुमा भन्सार छुटको व्यवस्था गरिएको थियो । १८५२ मा प्रधानमन्त्री जङ्गबहादुर राणाका पालामा काजी गम्भीर सिंह अधिकारीको नेतृत्वमा सौगात मिसनको दूतमण्डल चीन प्रस्थान गरेको थियो । उक्त दूतमण्डलमा (सहभागी प्रमुख उपप्रमुखको नेपाल फर्कने क्रममा बाटोमा नै मृत्यु हुन गयो भने बाँचेका अन्य सदस्यहरू २ वर्ष लगाएर नेपाल फर्किएका थिए ( आचार्य, २०७४; पृ. २४१-२४८) ।

जङ्गबहादुरले चीनसँगको १७१२ को सन्धि र यसले व्यवस्था गरेको सौगात मिसनसँग सन्तुष्ट थिएनन् । उनको दृष्टिमा यस प्रकारको सन्धि नेपालको पक्षमा थिएन जसका कारण १९४७ मा उक्त मिसन जङ्गबहादुरले बन्द गरिदिए । सन् १९५७ मा जङ्गबहादुरले बिभिन्न कारण देखाई चीन तिब्बत विरुद्ध युद्धको घोषणा गरे । करिब एकवर्ष सम्म चलेको उक्त युद्धमा तिब्बत पराजित भयो । सन् १९५६ मा नेपाल र तिब्बत चीनबिच सन्धि हुन गयो । उक्त सन्धिको प्रावधानअनुसार तिब्बतले नेपाललाई वार्षिक १०,०००/- चाँदीका मोहर तिर्नपर्ने भयो (उप्रेती, १९८०; पृ. ७१-७८) । नेपालले पुनः सन् १९४६ मा सद्भाव मिसन चीन पठायो । चीनले पनि नेपालमा सोहीअनुसारको मिसन पठायो । दुई देशबिच मिसनहरूको आदान-प्रदानबाट बिग्रेको सम्बन्धमा सुधारको पहल गरिए पनि कुनै कूटनीतिक सम्बन्धको विकास भने भएन । सन् १९४७ मा भारतबाट ब्रिटिस शासकहरूको उपनिवेशबाट मुक्त भइ त्यहाँ प्रजातन्त्रको लहर चल्यो । त्यसको प्रभाव नेपालमा पनि पर्न गयो । नेपालमा राणाहरूको एकतन्त्रीय हुकुमी शासनका विरुद्ध आन्दोलन भई १९५० मा नेपालबाट राणाशासनको अन्त्य हुन गयो । राणाशासनको अन्त्यसँगै नेपालको कूटनीतिक सम्बन्धमा पनि परिवर्तन हुन थाल्यो । नेपालले चीन तिब्बतसँगको सम्बन्धमा नयाँ मोड लिन पुग्यो (Ray, 1983, pp. 3-4)।

राणाशासनको अन्त्यसँगै नेपालको राजनीति र कूटनीतिक क्षेत्रमा व्यापक परिवर्तन आउन थाल्यो । चीनसँगको सम्बन्ध विस्तारको सुरुवात भयो । तर राणाशासनको अन्त्यसँगै नेपालको राजनीतिमा औपचारिक रूपमा भारतीय प्रभावको सुरुवात हुन गयो । राजा त्रिभुवन र उनका मन्त्रीहरूको सल्लाहकारको रूपमा भारतीय नागरिक गोविन्द नारायण सिंह नारायणहिटी दरबारमा रहन थाले । यो क्रम केही वर्ष महेन्द्रका पालासम्म रहन गयो । नेपालको राजनीतिको संक्रमणकालीन अवस्थाको फाइदा उठाउँदै भारतले नेपालको आन्तरिक मामिलामा प्रत्यक्ष निर्देशन गर्न थाल्यो । खासगरी सन् १९५० को शान्ति तथा मैत्री सन्धिलाई आधार बनाएर भारतले नेपालसँग विशेष सम्बन्धको सुरुवात गर्न थाल्यो । राजा त्रिभुवन (१९५१-१९५६) को शासन अवधि भारतसँगको विशेष सम्बन्धको रूपमा देखिन्छ ।

### ४.९.१ नेपाल-चीन (तिब्बत) बिच तेस्रो युद्ध र सम्बन्धमा सुधार

नेपालमा १९०३ मा जङ्गबहादुर राणाद्वारा राणाहरूको पारिवारिक शासन स्थापना गरेपछि तिब्बत-चीनसँग पुरानो पराजयको बदला लिने अवसर आएको ठान्यो । सन् १८५५ मा विभिन्न कारण र परिस्थितिवश नेपालले तिब्बत-चीन विरुद्ध युद्धको घोषणा गऱ्यो । करिव १ वर्ष सम्मको यो युद्धमा नेपालले तिब्बत-चीनलाई पराजित गरी ई.सं. १७९२ को हारको बदला लियो । ई.सं. १८५६ मार्चमा काठमाडौँको थापाथली दरबारमा भएको सन्धिअनुसार तिब्बतले नेपाललाई प्रत्येक वर्ष सलामी वापत रु. १०,००० बुझाउने भयो । यो सन्धिबाट गरिएका व्यवस्थाहरू चीनमा कम्युनिष्ट शासन स्थापना भएपछिसम्म अर्थात् १९५६ सम्म १०० वर्ष कायम रह्यो (उप्रेती, १९८०; पृ. ६१-७८) । यसपछि नेपाल र तिब्बत-चीनबिच ई. १८८३ मा तिब्बतमा रहेका व्यापारिको लुट र १९२८ मा ग्याल्वु सेर्पालगायत विवाद केही साना-तिना विवाद सिर्जना भए पनि युद्ध र ठुलो विवाद भने सिर्जना भएकोदेखिदैन । सन् १८५६ मार्च २४ मा नेपाल र तिब्बत (चीन)बिच भएको थापाथली सन्धि निम्नअनुसार रहेको छः

१) तिब्बतले नेपाललाई प्रतिवर्ष रु. दश हजार बुझाउनु पर्ने ।

२) कुनै मुलुकले तिब्बतमाथि आक्रमण गरेमा नेपालले तिब्बतलाई सहयोग गर्ने ।

३) तिब्बत सरकारले नेपाली व्यापारीमाथि कुनै प्रकारको कर लगाउन नपाउने ।

४) युद्धको समयमा नेपालको कैदमा रहेका तिब्बती कैदी र जनावरहरू तिब्बतलाई नै फिर्ता गर्ने र सन् १८४१ मा तिब्बत डोग्रा-युद्धको समयमा समातिएका जम्मु कास्मिरका सिक कैदीलाई तिब्बतले छाड्ने ।

५) नेपालले तिब्बतमा आफ्ना व्यापारीहरूको हितको रक्षाका लागि वकिल राख्न पाउने ।

६) नेपालले तिब्बतका विभिन्न ठाउँहरूमा व्यापारिक कोठीहरू खोल्नुका साथै विना रोकतोक हिरामोती जस्ता बहुमूल्य वस्तुको व्यापार गर्न पाउने ।

७) तिब्बतमा तिब्बतीहरूको झगडामा नेपाली अधिकारीहरूले हस्तक्षेप गर्न नपाउने । नेपाली व्यापारीबिचको झगडामा पनि तिब्बती अधिकारीहरूले हस्तक्षेप गर्न नपाउने र यस्ता मुद्दा सम्बन्धित देशका अधिकारीले हेर्ने ।

८) तिब्बती र नेपाली व्यापारीबिच भएको झगडाको निर्णय दुवै देशका अधिकारीहरू बसेर गर्ने ।

९) तिब्बतमा तिब्बती नागरिकहरूबाहेक अन्य देशका नागरिकहरूसँग नेपाली व्यापारीहरूको झगडा भएमा त्यसको फैसला नेपाली अधिकारीहरूले गर्ने । तिब्बतीहरूले तिरेको दण्डको रकम तिब्बतमै रहने र त्यसबाहेक अन्य देशका नागरिकले तिरेको दण्ड रकम नेपालले पाउने ।

१०) दुवै देशले एकअर्काको देशबाट भागेर गएको सम्बन्धित् देशमा बुझाउने ।

११) तिब्बतमा रहेका नेपाली व्यापारीहरूको सुरक्षा तिब्बतले र नेपालमा रहेको तिब्बती व्यापारीको सुरक्षा नेपालले गर्ने ।

१२) युद्धको समयमा शत्रु देशलाई सहयोग गर्ने व्यक्तिलाई दुवै देशले दण्ड गर्न नपाइने ( पुडासैनी, २०७६; पृ. १९०-१९१) ।

### ४.९.२ नेपाल-चीन सम्बन्धमा परिवर्तनको मोड

नेपाल र चीनबिच सम्बन्धका विविध अनुभुतिहरू विद्यमान रहेको बेला चीनमा सामन्तवादको अन्त्यका लागि व्यापक स्तरमा आन्दोलन सुरु भयो । चीनमा साम्यवादी शासन व्यवस्थाको स्थापना भए लगतै तिब्बतमा पनि कम्युनिष्ट सरकारको स्थापना पछि सन् १८५६ को थापाथली सन्धिमा परिवर्तन गर्नुपर्ने स्थिति सिर्जना भयो । चीन सरकारले पुराना सन्धिहरूलाई समय सापेक्ष परिवर्तन गर्न चाह्यो । यसैअनुरूप नेपाल र चीनबिच १८५६ को सन्धिलाई नयाँ सन्धिले विस्थापन गर्ने सन्दर्भमा व्यापक छलफलपश्चात् सहमति भयो । यसैअनुसार सन् १९५६ सेप्टेम्वर २० मा नेपाल र जनगणतन्त्र चीनबिच पञ्चशीलको सिद्धान्तको शान्तिपूर्ण सहअस्तित्वका आधारमा नयाँ सन्धि भई मैत्री सम्बन्ध कायम भएको देखिन्छ (रोज, सन् १९७३; पृ. २१०) ।

### ४.१० पञ्चायतकालीन नेपाल-चीन सम्बन्ध

कैयौं पुस्ता पहिलेदेखि नेपाल र भारतबिचमा व्यापारका माध्यमबाट सम्बन्ध चल्दै आएको थियो । यस्तो सम्बन्धलाई राणाशासनको अन्तिम चरणमा आएर नव स्वतन्त्र भारत ई.सं. १९५० मा हस्ताक्षर गरिएको शान्ति र मैत्री सन्धि तथा व्यापार र वाणिज्य सन्धिले नयाँ उचाइमा पुऱ्याएको थियो । नेपालमा भारतको सुरक्षा चासोको कारण नेहरूले नेपालसँगको विशेष सम्बन्ध भौगोलिक संवेदनशीलतामा निर्माण भएको छ । यी दुई देशबिच 'अनन्त शान्ति र मित्रता'लाई महत्त्वदिंदै नेपाल र भारतबिच सन् १९५० को शान्ति तथा मित्रता सन्धि यसै पृष्ठभूमिमा भएको थियो (Muni, 2015) । यो सन्धिले दुई मुलुकलाई एक आपसमा अन्तर

सम्बन्धित बनाएको थियो । सन्धि भएको एक दशकपछि पुनः ई.सं. १९६० मा नवीकरण गरी व्यापार तथा पारवहन सन्धि नाम दिएर नयाँ सन्धि गरिएको थियो (पन्त, २०७४, पृ. ३५-३६) । यो सन्धिले नेपाल र भारतबिच साझा बजारको अवधारणा अगाडि बढाएको थियो । यो सन्धिको लगत्तै राजा महेन्द्रले सन् १९६० डिसेम्बरमा सैनिकको आडमा राजकीय सत्ता आफ्नो हातमा लिई पार्टीका नेतालाई गिरफ्तार गरी दलमाथि प्रतिबन्ध लगाएका थिए ।

राजा महेन्द्रको सन् १९६० देखि सन् १९७२ सम्मको शासनकालमा चीन समर्थन रहेको मात्रै हैन कि सन् १९६२ को चीन-भारत युद्धपछि नेपाललाई आर्थिक रूपमा सहयोग साथै महत्त्वपूर्ण सहयोग प्रदान गरेर मैत्री सम्बन्धलाई निरन्तरता दिएको थियो (कुमार, १९८०; पृ. ४०) । यसपछि सन् १९६० को व्यापार तथा पारवहन सन्धि विवादको घेरामा परेको थियो । यसपछि राजा महेन्द्रले नेपालको व्यापार विविधीकरणको नीति अपनाई चीन र अन्य मुलुकसँग पनि व्यापार विस्तार गर्न विभिन्न व्यापार सम्झौताहरू गर्दै गए । कतिपय विद्वान्हरूबाट राजा महेन्द्रले सन्धि सम्झौताको दुरुपयोग गर्दै नेपाली र भारतीय व्यापारीलाई प्रयोग गरी भारतीय बन्दरगाहको बाटो हुँदै गैह्रकानुनी रूपमा विलासिताका वस्तुहरू नेपाल ल्याएको दोषारोपण पनि गरिएको पाइन्छ (अधिकारी, २००२; पृ. ३८) । नेपालले भारतसँगको सन् १९५० को व्यापार तथा वाणिज्य सन्धिलाई दोस्रो पटक संशोधन र नवीकरण गर्ने क्रममा सन् १९७१ मा नयाँ सन्धि गर्दा व्यापार सन्धि र पारवहन सन्धि अलग-अलग गर्न चाहेर त्यसै अनुरूप प्रस्ताव राखेको थियो । नेपालले भारतसँग व्यापार गर्ने/नगर्ने आफ्नो इच्छाको कुरा भएको र नेपालले अन्तर्राष्ट्रिय मान्यताअनुसार भूपरिवेष्टित मुलुकले निर्वाध समुद्रसम्म जान पाउने पारवहनको अधिकार पाउनु पर्ने मान्यता अनुरूप अलग पारवहन सन्धि गर्नुपर्ने प्रस्ताव राखेको थियो । तर भारतले असहमति जनाउँदा पुनः सन् १९७१ अगष्ट १३ को दिन नेपाल-भारत व्यापार पारवहन सन्धि गरियो र दुवै विषयलाई एउटै सन्धिमा राखियो (पन्त, २०७४; पृ. ५४) ।

सन् १९७१ को सन्धि पुनः नवीकरणको समय आएपछि सन् १९७८ मा नेपालले भारतसँग व्यापार तथा पारवहन अलग सन्धिको प्रस्ताव राख्यो । सन् १९७८ मा भारतमा राजनीतिक सत्ता परिवर्तन भई मुरारजी देसाईको प्रधानमन्त्रित्वको भारतीय जनता मोर्चाको नेतृत्वको संयुक्त सरकार थियो । यस्तो परिस्थितिमा देशाई सरकारले नेपालद्वारा प्रस्तुत अलग दुई सन्धिको प्रस्तावलाई स्वीकार गऱ्यो र सन् १९७८ मार्च १७ को दिन नेपाल-भारत व्यापार सन्धि र नेपाल-भारत पारवहन सन्धि गरी दुई अलग सन्धिमा हस्ताक्षर भएको थियो । विशेषतः सन् १९५९ देखि १९६२ सम्म नेपालका राजाले चीनसँग निकट सम्बन्ध राखेको र भारतलाई

लज्जित पार्दै बेला वेलामा चाइना कार्ड देखाउने गरेकाले दक्षिण एसियाली उपमहादीपमा तनाव सृजना गरेको कुरा उल्लेख गरेछन् (Pokharna, 2009)। यसप्रकार ई. १९७८ मार्चमा गरिएको व्यापार सन्धि र पारवहन सन्धि पनि १० वर्षपछि पुन नविकरण गर्ने प्रावधान राखिएको थियो। तर भारतमा राजनीति सत्ता परिवर्तन भई पुनः काङ्ग्रेस सत्तामा आयो। भारत सरकारले आफ्नो अनुकुलताअनुसार सन्धिको नवीकरण गर्न थाल्यो। वाणिज्य सन्धिलाई पाँचवर्ष पुगेपछि ई. १९८३ मा पुनः ५ वर्षका लागि नविकरण गरी १९८८ मार्चसम्मको लागि कायम गरियो। तर पारवहन सन्धि भने ७ वर्ष पुगेपछि सन् १९८५ मा पहिलो पटक नविकरण गरी सन् १९८८ मार्चमा नै अन्त्य हुने व्यवस्था मिलायो।

पञ्चायती व्यवस्थाको सुरुवातसँगै राजा महेन्द्रले नेपालको विदेशनीतिलाई विविधीकरण गर्न थाले। आफ्ना बाबु राजा त्रिभुवनको भारत केन्द्रित विदेशनीतिलाई परिवर्तन गरी उत्तरी छिमेकी चीनलगायत विश्वका अन्य मुलुकहरूसँगको सम्बन्धलाई जोड दिए। १९६१ सेप्टेम्बर २८ मा जनवादी गणतन्त्र चीनका प्रधानमन्त्री चाउ एन लाईको निमन्त्रणामा राजा महेन्द्रले १८ दिने चीनको भ्रमण गरे (आचार्य, पृ. ३२८)। यस भ्रमणको अवसरमा नेपाल र चीनबिच काठमाडौं कोदारी राजमार्ग चीन सरकारले निर्माण गरिदिने महत्त्वपूर्ण सम्झौता भयो। यसका साथै चीन सरकारले नेपालको पूर्वाधार विकासमा चीनले सहयोग गर्ने सहमति भयो।

चीनको सहयोगमा काठमाडौं कोदारी राजमार्ग निर्माण गर्ने नेपालको निर्णयबारे भारतको प्रेसमा व्यापक चर्चा परिचर्चा भएको थियो। बौद्धिक राजनीतिक वृत्तमा पनि यसबारे व्यापक वादविवाद भएको थियो। भारतीय लोकसभामा समेत केही सांसदले यसबारे गम्भीर प्रश्न उठाए। तर प्रधानमन्त्री जवारलाल नेहरूले अब यसबारेमा चर्चा नगरौं जे हुनु भइसक्यो भनेकाले लोकसभामा त्यसबारे कुरा उठ्न छाड्यो। कोदारी राजमार्ग कति संवेदनशील थियो भन्ने कुरा अमेरिकी राजनीति शास्त्री प्रोपलियो रोजले आफ्नो किताबमा चर्चा गरेका छन्। भारतका गृहमन्त्री लाल बहादुर शास्त्रीले १९६३ मार्च २-६ मा नेपालको भ्रमण गरे। जसले गर्दा नेपाल भारतबिच बरालिएको सम्बन्धलाई मार्गमा ल्याउन सफल भयो (आचार्य र खनाल; पृ. ७८)। नेपालको भूराजनीतिक संवेदनशीलतालाई ध्यानमा राखेर राजा महेन्द्रले चीन र भारत दुवै छिमेकीसित सन्तुलित सम्बन्ध कायम गर्न खोजेको देखिन्छ। कोदारी राजमार्ग चीनले निर्माण गरिदिने विषयमा तर्सेको भारतलाई सन् १९६३ अगस्त २६-३० मा राजा महेन्द्रले भारतको ४ दिने औपचारिक भ्रमण गरे। उक्त भ्रमणका क्रममा सुनौली पोखरा राजमार्ग भारतले निर्माण गरिदिन भारत राजी भएको कुरा प्रधानमन्त्री नेहरूले राजा महेन्द्रलाई सुनाएका थिए। उक्त राजमार्ग भारत सरकारको सहयोगमा निर्माण सम्पन्न भयो।

सन् १९६४ मा राजा महेन्द्रले भारतका प्रधानमन्त्री नेहरूको उपस्थितिमा गण्डक बाँधको सिलान्यास गरेका थिए । २०२२ सालमा राजा महेन्द्रले कोसी बाँधको उद्घाटन भारतका प्रधानमन्त्री लालबहादुर शास्त्रीको उपस्थितिमा गरेका थिए (आचार्य, पृ. ८३) । यसरी राजा महेन्द्रले चीन र भारतसँग सन्तुलीत सम्बन्ध राख्ने नाममा भारतसँग गण्डक र कोसी जस्ता विभिन्न क्षेत्रबाट आलोचना गरिएका बाँधहरूको सिलान्यास र उद्घाटन भारतीय प्रधानमन्त्रीहरूकै उपस्थितिमा गर्नुले उनको राष्ट्रवाद प्रतीको अडानबारे जनतामा सन्देह हुने गर्दछ । सन् १९६२ मा चीन र भारतबिचको युद्धमा राजा महेन्द्रले तटस्थताको नीति अवलम्बन गरे । १९६२ मा भारतले चीनसँग जोडिएको उत्तरी सीमामा भारतीय गोर्खाली सेनालाई तैनाथ गरेको थियो । यसको चीन पक्षबाट नेपालसँग गरिएको अनुरोध चासोलाई नेपालले कूटनीतिक रूपमा हल गर्न सफल भएको थियो (जयसवाल, पृ. २४) । सन् १९६२ मा मुस्ताङको खम्पाका लागि केही पहिचान खुल्न नसकेका जहाजहरूले हितयार खसालेको कुरा नेपालको परराष्ट्र मन्त्रालयले जानकारी दियो । खम्पा विद्रोहीहरूलाई नेपालले दबाउन नसक्ने यसका लागि चीनसँग सैनिक सहयोग माग गर्नसक्ने कुरा समेत आशङ्का हुन थाले । नेपालको चीनसँगको सम्बन्धलाई विशेष महत्त्व दिएकाले १९६२ सेप्टेम्बरमा भारतले नेपाल विरुद्ध आर्थिक नाकाबन्दी गऱ्यो । सीमानामा भएका सानातिना घट्नाहरूलाई लिएर अनौपचारिक रूपमा भारतले नेपाल विरुद्ध प्रतिवन्ध लगायो । सीमामा भारतीय सैनिक गतिविधि समेत बढ्न थालेको थियो ।

सन् १९६२ मा राजा महेन्द्रले भारतको भ्रमण गरी भारतीय नेताहरूलाई आश्वस्त पार्ने प्रयास गरे । तत्कालीन परराष्ट्रमन्त्री ऋषिकेश साहले भारत भ्रमण गरी बढ्दो नेपाल विरुद्धको गतिविधिबारे छलफल गरे तर भारतले रक्सौल नाकाबाट नेपाल आउने सामानहरू पूर्ण रूपमा बन्द गऱ्यो । भारतीय नाकाबन्दीले जनताको जीवनमा परेको गम्भीर असरका कारण पदर्शनहरू हुन थाले । नाकाबन्दीमार्फत भारतले राजा महेन्द्रलाई दवाब दिएर भारतलाई विशेष सुविधा प्रदान गर्न बाध्य पार्ने सृजना गर्दै थियो जसका कारण राजा महेन्द्र चीनसँग बढी निकट हुँदै गए । ५ अक्टोबर १९६२ मा चीनका प्रधानमन्त्री चेन वीले नेपाललाई आश्वस्त पार्दै घोषणा गरे । उक्त घोषणामा 'कुनै पनि विदेशी फौजले नेपालमाथि हमला गर्ने दुस्प्रयास गऱ्यो भने नेपाली जनताले उनीहरूलाई अवश्य हराउने छन् । श्री ५ महाराजाधिराज र श्री ५ को सरकार र नेपाली जनतालाई म विश्वास दिलाउन चाहन्छु की कुनै विदेशी फौजले हमला गरेमा हामी चिनियाँ जनता नेपालको पक्षमा हुने छौँ ।' चीनको यो घोषणासँगै चीन पहिलोचोटी खुल्ला रूपमा नेपालको पक्षमा उभिएर नेपाल चीन सम्बन्धको परिचय दियो । नेपाल र चीनबिचको घनिष्ठ सम्बन्धबाट भारतले नेपालमा जथाभावी गर्न नसक्ने अवस्था सिर्जना हुन गयो ।

परिस्थितिसँगै नेपाल र चीनको सीमानामा रहेका (उत्तरी चेक पोस्ट) भारतीय सेनालाई हटाउने तथा नेपाली सेना चीनविरुद्ध प्रयोग हुन नदिने माग बढ्न थाल्यो । नेपाललाई बढी दवाब दिदा चीनको काखमा पुगेको निस्कर्षसहित भारतले नेपाललाई आफ्नो प्रभावशाली नीति अनुसरण गर्न नरम नीति अवलम्बन गर्न थाल्यो ।

बिस्तारै पञ्चायती शासन व्यवस्थाले चीनसँगको औपचारिक सम्बन्ध कायम राख्दै आफ्नो परम्परागत परराष्ट्रनीतिमा खासै ठुलो परिवर्तन गर्न सकेको पाईंदैन । सन् १९६३ जनवरीमा राजा महेन्द्रले भारतको औपचारिक भ्रमण गरे । केही दिनपछि भारतका गृहमन्त्री लालबहादुर शास्त्रीले नेपालको भ्रमण गरे । यस भ्रमणमा नेपालले सैनिक पुनःगठनको प्रस्ताव गऱ्यो । भारतले उक्त प्रस्तावमा चासो देखायो । परम्परागत सम्बन्ध भएको नेपालको सुरक्षा स्वतन्त्रतालाई सुदृढ गर्न भारतले सक्दो सहयोग गर्ने उत्सुकता देखायो । फलस्वरूप सैनिक सम्झौता भयो । जसअनुसार नेपाललाई चाहिँ हातहितयार भारतबाट खरिद गर्ने र अन्य चाहिने हितयार भारतको सल्लाहले अन्य देशबाट खरिद गर्न सकिने व्यवस्थामा नेपाल राजी भयो ( सिवाकोटी, २०५६-६२; पृ. ६६) । नेपालको सुरक्षा निकाय नेपाली सेनाका लागि तालिम पुनःगठन तथा हितयार आपुर्तीको जिम्मा छिमेकी भारतलाई दिएर राजा महेन्द्रले भारतसँग बिग्रेको सम्बन्धलाई सुधार गरी भारतलाई विश्वासमा लिएर अगाडि बढ्न खोजेको देखिन्छ । राजा महेन्द्रको भारतसँग निकट भएर अगाडि बढ्ने प्रयत्नको परिणाम १९६५ मा भारतले नेपालको विकासमा दिने सहयोग राशिमा वृद्धि गऱ्यो । सन् १९६९ मा भारतले नेपाली भूमि सुस्तामाथि अतिक्रण गऱ्यो । यसको चौतर्फी विरोध भयो । सन् १९६९ मा नेपालको उत्तरी सीमामा १९५२ देखि रहँदै आएका भारतीय सैनिकहरूलाई हटाउने काम भयो ।

सन् १९७० मा भारतसँग भएको व्यापार तथा पारवहन सन्धिको म्याद समाप्त भयो । नेपाल भारतसँग व्यापार तथा पारवहन सन्धि छुट्टाछुट्टै गर्ने पक्षमा रह्यो । अन्तर्राष्ट्रिय महासन्धिअनुसार नेपालले स्वतन्त्र पारवहन सुविधा पाउनुपर्ने नेपालको अडान थियो जसका कारण एकवर्षसम्म सन्धि नवीकरण हुन नसक्दा भारतले नेपाल विरुद्ध पेट्रोललगायत उपभोग्य वस्तुहरूमाथि अघोषित नाकाबन्दी गर्दा नेपालमा गम्भीर समस्या उत्पन्न हुन गयो जसका कारण नेपाल बाध्य भएर पहिलाको भन्दा कम सुविधासहितको सन्धिमा सन् १९७१ अगस्ट १५ मा हस्ताक्षर गऱ्यो (तामाङ, २०२१;) । भारतले नेपाल विरुद्ध पटक-पटक नाकाबन्दी लगाउने र नेपालमा गम्भीर सङ्कट सृजना गरी नेपाललाई झुक्न बाध्य पारी आफ्नो स्वार्थसिद्ध गर्ने प्रवृत्तिले नेपाल र भारतबिचको सम्बन्धमा निरन्तर आशङ्काहरू रहिरहेका छन् । तथापि राजा महेन्द्रले आफ्नो शासनकालमा चीनको सहायता लिएर भारतलाई सन्तुलन गर्ने प्रयत्न गरे ।

भारतसँगको विशेष सम्बन्धको नीतिलाई उल्ट्याएर उनले सन्तुलित नीतिको अनुसरण गरे । उत्तरी छिमेकी चीनका शक्तिशाली नेता माओत्सेतुङ र भारतका प्रधानमन्त्री जवारलाल नेहरूसँगको निकट सम्बन्ध राख्दै अन्तर्राष्ट्रिय समुदायहरूमा समेत नेपालको सम्बन्धलाई विस्तार गर्न प्रयत्न गरे । उनका बाबुले भारत केन्द्रित विदेशनीति गरेकोमा त्यसलाई सन्तुलित गर्न भारत विरुद्ध चिनियाँ कार्डको प्रयोग गरे । राजा महेन्द्रकै शासनकालमा नेपाल असंलग्न परराष्ट्रनीति अवलम्बन गर्दै विश्वका सबै मित्र राष्ट्रसँग नेपालको सम्बन्धलाई विस्तार गर्दै राजा महेन्द्रले चीन र भारतबिच सन्तुलित सम्बन्ध कायम गर्ने नीति अवलम्बन गरे । पञ्चायती शासन व्यवस्था सुरु गरेसँगै राजा महेन्द्रले नेपालको अलगाववादी विदेशनीतिलाई नेपालको राष्ट्रिय हित र आवश्यकताअनुरूप यथार्थवादी धरातलबाट अगाडि बढाउँदै गएको पाइन्छ । सन् १९७२ जनवरी ३१ मा राजा महेन्द्रको मृत्यु हुन गयो उनको मृत्युसँगै पञ्चायती व्यवस्थाको परराष्ट्रनीतिको पहिलो अध्यायमा विराम लाग्न पुग्यो ।

### ४.१०.१ राजा वीरेन्द्रद्वारा शान्तिक्षेत्रको प्रस्ताव

राजा महेन्द्रको मृत्युपछि तत्कालीन युवराज श्री ५ वीरेन्द्र नेपालको राजा बने । राजा वीरेन्द्रले आफ्ना बाबाले लिएको सन्तुलित पराराष्ट्र नीतिलाई निरन्तरता दिने काम गरे । २०२८ साल फागुन ७ गते राष्ट्रिय प्रजातन्त्र दिवसको अवसर पारेर भाषण दिँदै भनेको छन्:

'हाम्रो कसैसँग वैरभाव छैन् । हाम्रा सबै मित्र हुन् भन्ने हामीले ठानेका छौं मित्रहरूको मित्रता र सहयोगको गाँठो अझ बलियो पार्न हामी सँधै प्रयत्नशील रहने छौं । मित्रताको नाताले हाम्रो सबै मित्रराष्ट्रहरूले आफू बाँच्न र अरूलाई बाँच्न दिने नेपालको आकाङ्क्षालाई बुझ्ने नै छन् भन्ने हामीलाई लागेको छ ।' यसै अनुरूप नेपालले अपनाउँदै आएको परराष्ट्रनीतिलाई हामीले कायम राख्ने छौं (सिवाकोटी, २०७६; पृ. ७०) । राजा वीरेन्द्रको उक्त भाषणले के सन्देश दिन्छ भने नेपालले सहअस्तित्व र असंलग्नतालाई मुख्य आधार कायम राखेको देखिन्छ । राजा वीरेन्द्रले शासन सत्ता समालेपछि चीनका प्रधानमन्त्री चाउ एनलाई ले सन् १९७२ फेब्रुअरी १७ मा बधाई सन्देश पठाउँदै नेपाल शान्ति र असंलग्न नीतिमा अडिग नेपाल वैदेशिक हस्तक्षेपका विरुद्ध सङ्घर्ष गरिरहेको छ । नेपाल र चीनबिचको मित्रतापूर्ण सम्बन्ध थप विकास र बलियो बनाउने प्रतिबद्धता व्यक्त गरे । सन् १९७३ अक्टोबरमा राजा वीरेन्द्रले भारतको राजकीय भ्रमण गरे । त्यसको लगत्तै डिसेम्बरमा चीनको भ्रमण गरे । भारत भ्रमणका क्रममा परम्परागत सम्बन्ध र व्यापार तथा आर्थिक सहयोगको आवश्यकतामाथि जोड दिएको र चीन भ्रमणमा चीनसँगको मित्रता र छिमेकीपन अरू बलियो भएको कुरा भ्रमणपछि

देशवासीका नाममा दिएको सन्देशमा उल्लेख गरिएको थियो । यसबाट राजा वीरेन्द्रबाट दुवै छिमेकी चीन र भारतबिच सन्तुलित सम्बन्ध बनाइराख्ने नीतिमा जोड दिएको पाइन्छ (सिवाकोटी, २०७६; पृ. ७०-७१) ।

राजा वीरेन्द्रले नेपालको असंलग्न परराष्ट्रनीतिलाई व्यवहारमै कार्यान्वयन गर्न सुरु गरेका थिए । कूटनीतिज्ञ यदुनाथ खनाल भन्छन्, नेपालको परराष्ट्रनीतिको उद्देश्य आफ्नो आन्तरिक राष्ट्रिय सुरक्षा हो । यो नीति भारत चीनको जायज सुरक्षा चासोप्रति पनि संवेदनशील भइदियो भने सफल हुन सक्दछ । यसकारण नेपालले आफ्नो राष्ट्रिय सुरक्षा अरूसित अलग रहेर होइन् क्षेत्रिय सन्दर्भमा व्याख्या गरेको छ । नेपालको जुन भूराजनीतिक अवस्था छ, यसले गर्दा देशको परराष्ट्रनीतिलाई छिमेकीले अलग रूपमा बुझिदिने खतरा रहन्छ । आज पनि हिमालयको रणनीतिक महत्त्व छ । नेपाल जस्तो भूपरिवेष्टित देशहरूले सदैव वाहिरी दबाबमा पर्दछ । यसकारण नेपालले गरेको असंलग्नताको व्याख्या र व्यवहारलाई अन्तर्राष्ट्रिय समुदायले स्वीकार गरेको छ । नेपालको परराष्ट्रनीति भारत र चीन दुवैको जायज भूराजनीतिक सन्तुलनमा निहित हितका लागि उपयुक्त छ भन्ने देखिएको छ (आचार्य, २०७४ पृ. ५८-५९) । सन् १९७३ फेब्रुअरीमा भारतीय प्रधानमन्त्री इन्दिरा गान्धीले नेपालको भ्रमण गरिन् । उक्त भ्रमणको अवसरमा उनले नेपाल र भारतबिचको विशेष सम्बन्धलाई अवगत गराउने प्रयास गरिन् तर राजा वीरेन्द्रले भारत र चीनसँग नेपालको समान मित्रता र तटस्थ नीति स्वीकार गराउने प्रयत्न गरे । भारत नेपालमा आफ्नो प्रभाव कायम राख्न चीनसँगको नेपालको सम्बन्धलाई कम गर्न चाहन्थ्यो । यस सन्दर्भमा राजा वीरेन्द्रले नर्वेका पत्रकारलाई अन्तर्वार्ता दिँदै नेपाल भारत र चीनसँग समान मित्रता चाहन्छ । नेपाल एउटा छिमेकीको विरुद्ध अर्को छिमकीको पक्ष लिन चाहँदैन, पक्ष लिनुको कुनै मूल्य पनि छैन । यदि एउटाको पक्ष लिएर अर्को विरोधी हुन्छ भने त्यसले नेपाललाई फाइदा पुग्दैन । त्यसैले हामी भारत र चीन निकट सम्बन्ध राखी तटस्थको नीति अवलम्बन गर्न चाहन्छौँ । समान मैत्री सम्बन्धको नीतिले मुलुकको सर्वभौमसत्ता र स्वतन्त्रताको संरक्षण गर्न सहयोग गर्ने छ । साथै विभिन्न ठाउँमा नेपालले असंलग्न नीतिलाई परराष्ट्रनीतिको आधार मान्ने सम्बन्धमा प्रचार र विस्तार गर्दै आएको छ (सिवाकोटी, २०७४; पृ. ७२) ।

राजा वीरेन्द्रको शासनकालमा असंलग्न विदेशनीतिमा प्राथमिकता राखे पनि बिस्तारै राष्ट्रिय सुरक्षालाई बढी जोड दिन थालेको देखिन्छ । पाकिस्तान फुटेर बंगलादेशको निर्माण तथा दक्षिण एसियामा देखिएको नयाँ शक्ति सन्तुलनले गर्दा नेपालको सुरक्षामा खतरा महसुस गरिएको थियो । सन् १९७४ मा नेपालमा चिनियाँ प्रतिनिधि मण्डल आयो । त्यस लगत्तै

नेपाललाई चीन सीमानामा चीनविरोधी गतिविधि गरिरहेका खम्पा विरुद्ध नेपालले सशस्त्र कार्यवाही गरी निस्तेज बनायो । यसबाट चीनले नेपाललाई वधाई दियो । सन् १९७४ अगस्टमा सिक्किमलाई भारतले आफूमा विलय गराएको घट्नाले नेपाल मर्माहत बन्यो । नेपालले यसको विरोध गऱ्यो । नेपालको विधायक राष्ट्रिय पञ्चायतमा समेत विरोध भयो । नेपालका तत्कालीन विदेशमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले सिक्किमका बारेमा त्यहीँका जनताले निर्णय गर्न पाउनुपर्ने भन्दै भारतीय कदमको विरोध गरे । भारतले सिक्किमलाई आफूमा विलय गराएपछि नेपाललाई पनि भारतले खाने होकि भन्ने भय नेपालीमा उत्पन्न हुन गयो । तर भारतीय दवाब पछि नेपालले आफ्नो अडान छाडि सिक्किम मामिला भन्दा नेपाल भारत सम्बन्ध ठुलो हो भन्दै भारत समक्ष नेपाल झुक्न पुग्यो । सिक्किम मामिलामा चीनले भारतको विस्तारवादी आकाङ्क्षाको नेपाल अर्को लक्ष्य हुन सक्ने बतायो । सिक्किम भारतमा विलय भएपछि चीनमा समेत सुरक्षा खतरा पैदा हुनेदेखि चीनले नेपालसँगको सम्बन्धलाई सुदृढ बनाउने प्रयास गऱ्यो । सिक्किम विलयले नेपालमाथिदेखिएको सुरक्षा खतरालाई मध्यनजर गरी राजा वीरेन्द्रले सन् २५ जनवरी १९७५ मा आफ्नो राज्यभिषेकको अवसर पारी नेपाललाई शान्तिक्षेत्र घोषणा गरियोस् भनी प्रस्ताव राखे ।

राजा वीरेन्द्रबाट शान्तिक्षेत्रको प्रस्ताव राखेपछि पञ्चायतकालभरी नेपालको परराष्ट्रनीतिको मुल नारा शान्तिक्षेत्रको प्रस्तावलाई मान्यता दिलाउने अभियानमा केन्द्रित हुन गयो । शान्तिक्षेत्रलाई संविधानमै व्यवस्था गरी अगाडि बढाउनको लागि नेपाल अधिराज्यको संविधान २०१९ को तेस्रो संशोधन गरी शान्तिक्षेत्रको प्रस्तावलाई संविधानमै व्यवस्था गरियो । शान्तिक्षेत्रको मुल उद्देश्य क्षेत्रिय विवादमा नपरी तटस्थता कायम राख्नु थियो । यस प्रस्तावलाई चीनले समर्थन गऱ्यो भने भारतले समर्थन गरेन । पञ्चायती व्यवस्थाको अन्त्य हुने समयसम्म शान्तिक्षेत्रको प्रस्तावलाई विश्वका ११४ राष्ट्रहरूले समर्थन जनाइसकेका थिए ( सिवाकोटी, पृ. ७२-७८) । राजा वीरेन्द्रले आफ्नो राज्याभिशेकका अवसरमा विश्वभरीबाट आमन्त्रित पाहुनाहरूकाबिचमा २०३१ साल फगुन १३ गते नेपाललाई शान्ति घोषणा गरियोस् भन्ने प्रस्ताव गरेका थिए । राजाको यो प्रस्तावलाई अमेरिका, बेलायत, चीन, फ्रान्स, पाकिस्तानलगायत विश्वका ११६ देशहरूले समर्थन गरेका थिए । भारतले उक्त प्रस्तावमा हस्ताक्षर गर्न अस्वीकार गरेको थियो । विश्वका बहुसङ्ख्यक देशहरूले नेपालको शान्तिक्षेत्रको प्रस्तावलाई समर्थन गर्दा नेपालको नजिकको छिमेकी राष्ट्र भारतले शान्तिक्षेत्रको प्रस्तावलाई समर्थन नगर्नुले गम्भीर आशङ्काहरू उब्जिन थालेका थिए । यसका पछाडि मुख्यतः शान्तिक्षेत्रको प्रस्तावलाई समर्थन गर्दा नेपालको प्रभाव विश्वस्तरमा विस्तार हुन्छ भन्ने

आशङ्का भारतको रहेको दखिन्छ । यद्यपि बहुदलीय व्यवस्था स्थापनापछि शान्तिक्षेत्रको प्रस्तावलाई नेपालले नै महत्त्व नदिएका कारण ओभ्रेलमा परेको छ (श्रेष्ठ, २०७६; पृ. १९३) ।

शान्तिक्षेत्रको प्रस्तावसँगै सन् १९८० को दशकमा आइपुग्दा नेपालले दक्षिण एसियाली क्षेत्रिय सहयोगलाई प्रवर्द्धन गर्ने उद्देश्यले स्थापित सार्कलाई प्रमुख लक्ष्य बनाएको देखिन्छ । १९८० को दशकसम्म आइपुग्दा नेपालको क्षेत्रिय तथा अन्तर्राष्ट्रिय मञ्चहरूमा सम्मानजनक उपस्थिति भएको देखिन्छ । सन् १९८७ मा संयुक्त राष्ट्र सङ्घको साधारण सभाले दक्षिण एसियामा क्षेत्रिय शान्ति र निशस्त्रीकरण केन्द्र स्थापना गर्ने र त्यसको मुख्यालय काठमाडौँमा रहने निर्णय गऱ्यो । यसैगरी सन् १९८८ मा संयुक्त राष्ट्र सङ्घको स्थायी समितिको अस्थायी सदस्यमा २ वर्षका लागि निर्वाचित भयो । निर्वाचित भएसँगै अफगानिस्तानबाट रुसी सेना फिर्तागर्ने महत्त्वपूर्ण भूमिका निर्वाह गऱ्यो (थापा, पृ. १२) । राजा वीरेन्द्रले सन् १९८७ मा चीन भ्रमणमा जाँदा गरेको सहमतिअनुसार नेपाल एक स्वतन्त्र सार्वभौमसत्ता सम्पन्न मुलुक भएकाले आफ्नो मुलुकको राष्ट्रिय सुरक्षाका लागि उसले सन् १९८८ मे मा चीनबाट सस्तो मूल्यमा नेपाली सुरक्षा निकायका लागि हितयार खरिद गर्ने निर्णय गऱ्यो । एके ४७, एन्टी एयरक्राफ्ट गन, मिडियम मिसाइललगायतका हितयार कोदारीको बाटो हुँदै काठमाडौँ ल्याइएको थियो । नेपालले किनेको हितयारले भारतको सुरक्षामा असर पर्ने र नेपालको उक्त कार्य सन् १९५० को शान्ति र मैत्री सन्धिको विरुद्ध भएको भन्दै भारतले विरोध जनायो । नेपाल र भारतबिच मतभेद सुरु हुन गई दुई देशबिच गतिरोधको अवस्था सिर्जना हुन गयो ।

सन् १९८९ मार्चमा व्यापार तथा पारवहन सन्धिको म्याद समाप्त भएपछि यसैलाई निहुँ बनाएर भारतले नेपाल विरुद्ध नाकाबन्दी सुरु गऱ्यो । भारतसँग जोडिएका १७ नाका मध्ये रक्सौल र जोगबनी नाकाबाहेक अन्य सबै नाका बन्द गरेर नेपालमा सङ्कट सिर्जना गर्ने काम गऱ्यो । राजा वीरेन्द्र र उनको सरकारले जनतालाई धैर्य गर्न आह्वान गरे । पञ्चायतीकालभरि भारतले निरन्तर रूपमा १९५० को सन्धिको बहाना बनाएर नेपाल विरुद्ध समस्या खडा गर्ने काम गरेको देखिन्छ । भारतको नाकाबन्दीबाट सिर्जित परिस्थितिकाबिच नेपालमा पञ्चायत विरोधी आन्दोलनको सुरुवात हुन थाल्यो । विश्व बैङ्क जस्तो प्रमुख दातृ निकालयले राजनीतिक दलहरूको मागलाई सम्बोधन नगरे सबै सहयोग बन्द गर्ने चेतावनी राजा वीरेन्द्रलाई दियो । पञ्चायतविरोधी आन्दोलन चर्किँदै जाँदा राजा वीरेन्द्रले दमन गर्न सैन्य शक्तिको प्रयोग गरेनन् । सन् १९९० फेब्रुअरीबाट सुरु भएको पञ्चायत विरोधी आन्दोलन अप्रिल १९९० सम्म चलेको थियो । नेपाली काङ्ग्रेस र संयुक्त बाममोर्चाले संयुक्त आन्दोलनको नेतृत्व गरेका थिए । सन् १९९० अप्रिल ८-९ मा नेपालमा राजा वीरेन्द्रले बहुदलीय व्यवस्थाको

पुनःस्थापना गरे । यससँगै भारतसँगको सम्बन्धमा पनि सुधार आउने विश्वास गर्न थालियो । राजदरबारमा राजा काङ्ग्रेस र कम्युनिष्ट पार्टीका नेताहरूबिच वार्ता गरी नेपाली काङ्ग्रेसका नेता कृष्णप्रसाद भट्टराईलाई प्रधानमन्त्रीको रूपमा राजाले नियुक्ति गरी उनलाई १९९० अप्रिल १८ मा राजदरबारमा शपथग्रहण गराइएको थियो (अधिकारी, २००५; पृ. ४१-४३) । बहुदलीय व्यवस्थाको स्थापनासँगै नेपालमा राजा नेतृत्वको ३० वर्षे निर्दलीय पञ्चायती व्यवस्था सदाका लागि अन्त्य भई जनताको हातमा आधिकार पुग्न सफल भयो । राजा वीरेन्द्रले आफ्नो शासनकालमा नेपालको विदेशनीतिलाई असंलग्नता र तटस्थताका आधारमा अगाडि बढाएका थिए ।

शान्तिक्षेत्रको प्रस्ताव केवल राजा वीरेन्द्रको महत्त्वकाङ्क्षा मात्र थिएन यो नेपालको सार्वभौम सत्ता, अखण्डताको रक्षासँग गम्भीर रूपमा जाडिएको विषय थियो । खासगरी ई.सं. १९७२ तिर दक्षिण एसियाली क्षेत्रिय राजनीतिमा गम्भीर प्रकारका बदलावहरू आइरहेका थिए । पाकिस्तान विभाजित भएर बङ्गलादेश हुन, सिक्किम भारतमा विलय गर्न सिक्किमको संसद्ले निणर्य गर्नु र सिक्किम भारतमा विलय हुनु जस्ता घटनाले नेपाल जस्तो सानो देशका लागि गम्भीर बनाएको थियो । यस परिस्थितिलाई मध्यनजर गर्दै राजा वीरेन्द्रले नेपालको आन्तरिक मामिलामा बाह्य हस्तक्षेप नहुने सुनिस्चितताका लागि यो प्रस्तावलाई अगाडि बढाएका थिए । यसै सन्दर्भमा राजा वीरेन्द्रले १९७३ सेप्टेम्बर १० मा न्युजविक (Newsweek) पत्रिकामा अन्तर्वार्ता दिँदै नेपाल स्वतन्त्र राष्ट्र भएकाले यसले विश्वका ५० भन्दा बढी मुलुकहरूसँग सम्बन्ध राख्दै आएको छ । नेपाल भारतको पार्ट नभएर एसियाको पार्ट हो । यसले चीन र भारत दुवै देशलाई छोएको छ (Tamang, 2021; P. 69) ।

शान्तिक्षेत्रको प्रस्ताव राजा वीरेन्द्रले नेपालको स्वतन्त्रता सार्वभौम सत्ता र राजनीतिक स्थायित्वको रक्षाका लागि अगाडि सारेका थिए । उनले आफ्ना बाबा राजा महेन्द्रले अवलम्वन गरेको असंलग्न तथा सन्तुलित परराष्ट्रनीतिलाई निरन्तरता दिएका थिए । यसका साथै आफ्नो परराष्ट्रनीतिमा शान्तिक्षेत्रको प्रस्तावलाई एक अङ्गको रूपमा अगाडि बढाउँदै तत्कालीन संविधानको धारा १९ (६) को अङ्ग बनाई तत्कालीन पञ्चायती व्यवस्थाको विदेशनीतिका रूपमा अगाडि बढाएका थिए । शान्तिक्षेत्रको प्रस्ताव संयुक्त राष्ट्र सङ्घको बडापत्र तथा असंलग्न आन्दोलनको सिद्धान्तमा आधारित रहेको थियो । नेपालको स्वतन्त्रता, सार्वभौम सत्ताको रक्षा तथा विकास र स्थायित्वका लागि शान्ति पहिलो सर्त भएकाले नेपालले यो प्रस्ताव गरेको थियो । नेपालको आन्तरिक मामिलामा बाह्य हस्तक्षेप नहोस् भन्ने उद्देश्य अन्तरनिहित रहेको यस प्रस्तावलाई चीन र भारत दुवै राष्ट्र समर्थन गरुन भन्ने चाहना राखे पनि भारत मूकदर्शक

भएर बस्यो । शीतयुद्धकालमा रणनीतिक साझेदारी गरेर रुस र भारतले नेपालको प्रस्तावलाई समर्थन जनाएका थिएनन् (Duquesne, 2011, p. 31)।

वीरेन्द्रद्वारा प्रस्तावित शान्तिक्षेत्रको प्रस्ताव अहिले पनि नेपालको वृहत्तर हितका लागि उत्तिकै सान्दर्भिक देखिन्छ । चीन र भारत जस्ता एसियाका शक्ति राष्ट्रहरूका बिचमा रहेको नेपालको भूराजनीतिक अवस्थिति अत्यन्तै संवेदनशील छ । पछिल्लो चरणमा खास गरी गणतन्त्र स्थापनापश्चात् नेपालमा विभिन्न शक्ति राष्ट्रहरूको स्वार्थ र चलखेलहरू बढिरहेको सन्दर्भमा नेपाललाई बाह्य हस्तक्षेपबाट बचाइराख्न र नेपालको आन्तरिक शान्तिका लागि शान्तिक्षेत्रका प्रस्तावमा रहेका उद्देश्यहरू अहिले पनि सान्दर्भिक छन् । पञ्चायतकालमा राजा वीरेन्द्रले नेपालको विदेशनीतिको एक आधारका रूपमा अगाडि बढाएको यस प्रस्तावलाई पुनः व्युँताउन अगाडि बढाउनुपर्ने देखिन्छ । शान्तिक्षेत्र प्रस्तावका प्रमुख बुँदाहरू उल्लिखितअनुसार छन् ( Tamang, 2021; P. 72) ।

१) नेपाल शान्ति र असंलग्नतामा विश्वास गर्दछ । शान्तिपूर्ण सहअस्तित्वका आधारमा विश्वका सबै देशहरूसँग सम्बन्ध विस्तार गर्ने, मुख्यतः छिमेकीसँगको सम्बन्धलाई समानताका आधारमा एकअर्काका सार्वभौम सत्ता र स्वतन्त्रताको सम्मान गर्ने नीति अख्तियार गर्ने छ ।

२) नेपालले अर्काको देशको शान्ति सुरक्षामा खलल पार्ने कुनै पनि शक्तिलाई स्थान दिने छैन ।

३) नेपाल राज्यहरूबिचको विवादलाइ शान्तिपूर्ण समाधान चाहन्छ ।

४) नेपालले अर्काको आन्तरिक मामिलामा हस्तक्षेप गर्ने छैन ।

५) नेपालले कुनै पनि देश विरुद्ध हुने शत्रुतापूर्ण गतिविधिहरूमा आफ्नो भूमि प्रयोग हुन दिने छैन ।

६) नेपालले अर्को देशसँग भएका सबैप्रकारका सन्धि-सम्झौताहरू जो वैध र अस्तित्वमा छन् तिनीहरूलाई उचित सम्मान गर्ने छ ।

७) नेपाल असंलग्न सिद्धान्तमा विश्वास राख्दछ । कुनै पनि सैनिक गठबन्धनमा सहभागी हुने छैन आफ्नो भूमिमा विदेशी सेनाको उपस्थितिलाई अनुमति दिने छैन । यो प्रस्तावलाई स्वीकार गर्ने राज्यहरूले नेपाल विरुद्ध कुनैपनि सैनिक गठबन्धनमा सहभागी

हुने छैनन्  र नेपालविरुद्ध आफ्नो भूमिमा कुनै पनि सैनिक शक्ति स्थापना गर्न दिने छैन ।

नेपालले पूर्ववत् नवीकरण गर्ने माग राख्दा राख्दै पनि पुनः ६ महिनाको लागि मात्र म्याद थपेर मार्च २३, १९८९ मा दुवै सन्धिको अवधि एकै दिन समाप्त हुने स्थितिदेखियो । यसबिच केही अनपेक्षित विषयहरू नेपाल र भारतबिचमा विवादमा आए । सन् १९८८ जुलाईमा नेपालले चीनबाट ठुलो मात्रामा हातहितयार र सैनिक प्रयोग सामान खदि र गरी भित्र्यायो । नेपालले यो कार्य एक स्वतन्त्र मुलुकको हित अनुकुल भएको बतायो भने भारतले सन् १९५० को शान्ति तथा मैत्री सन्धि विपरीत भएको र यसले भारतीय सुरक्षा अवधारणामा गम्भीर समस्या उत्पन्न गराएको जनायो (पन्त, २०७४; पृ. ८७) । यसले नेपाल र भारतबिचको व्यापार र पारवहन सन्धिमा अवरोध उत्पन्न भयो । यसैलाई निहुँ बनाएर भारतले नेपालसँग व्यापार सन्धि र पारवहन सन्धि गर्न आलटाल गरी सन् १९८९ मार्च २३ मा दुवै सन्धिको म्याद समाप्त भएको जनाउँदै नेपाल विरुद्ध नाकाबन्दी गऱ्यो । भारतले नेपालमाथि पटक-पटक नाकाबन्दी गर्दै आएको छ । २०१८ सालमा राजा महेन्द्रले चीनको औपचारिक भ्रमण गरे उक्त भ्रमणको अवसरमा नेपाल र चीनबिच सीमा सन्धि सम्पन्न भयो । उक्त सन्धिमा राजा महेन्द्र र चीनका राष्ट्रपति ल्यु सियाओ चीले हस्ताक्षर गरेका थिए । यस भ्रमणका अवसरमा चीन र नेपाल जोड्ने कोदारी राजमार्ग निर्माण गर्ने ऐतिहासिक सम्झौता सम्पन्न भयो । यस सम्झौताको भारतले कडा विरोध जनायो । भारतका तत्कालीन प्रधानमन्त्री जवाहरलाल नेहरूले नेपाल चीनबिचको सम्झौताले भारतको सुरक्षामा असर पर्ने भनि आफ्नो विचार अभिव्यक्त गरेका थिए जसका कारण भारतले २०१९ वैशाख ४ गते नेपाल विरुद्ध अघोषित नाकाबन्दी गऱ्यो । २०२७ सालमा दोस्रो पटक नाकाबन्दी गऱ्यो, २००८ साल असार २२ गतेदेखि नेपालको उत्तरी सीमानामा राखिएका भारतीय सैनिक चेक पोष्टलाई २०२७ साल असार ४ गते तत्कालीन प्रधानमन्त्री कीर्तिनिधि विष्ट नेतृत्वको सरकारले हटाएको थियो । यसैलाई निहुँ बनाएर नेपाल भारतबिचको व्यापार तथा पारवहन सन्धिको म्याद २०२७ कार्तिकमा समाप्त हुने हुँदा उक्त सन्धिलाई व्यापार र पारवहन गरी छुट्टाछुट्टै सम्झौता गर्ने प्रस्ताव नेपालले भारतसमक्ष राख्यो । तर नेपालको प्रस्तावलाई भारतले अस्वीकार गरी २०२७ पौष १२ मा नेपालविरुद्ध दोस्रो पटक नाकाबन्दी गऱ्यो ।

२०४५ सालमा तत्कालीन पञ्चायती सरकारले चीन सरकारसँग नेपाली सेनाका लागि आवश्यक आधुनिक हितयारहरू खरीद गरेको थियो । नेपालको उक्त कदमलाई भारतले नेपाल र भारतबिच सम्पन्न १९५० को शान्ति र मैत्री सन्धि विपरीत भन्दै नेपालले भारतलाई

जानकारी नदिई चीनबाट हितयार खरिद गरेको आरोप लगाई नेपाल विरुद्ध तेस्रो पटक नाकाबन्दी गऱ्यो । यो नाकाबन्दी नेपालमा पञ्चायत व्यवस्थाको अन्त्य भएर वहुदलीय व्यवस्थाको स्थापना हुँदा पनि अन्त्य भएन । भारतीय नाकाबन्दीबिच नेपालका प्रतिबन्धित राजनीतिक दलहरूले पञ्चायत व्यवस्थाको अन्त्यको लागि सन् १९९० फेब्रुअरी १८ देखि सुरु गरेको जनआन्दोलनले ५० दिन पार गरी सन् १९९० अप्रिल ८ को दिन बहुदलीय व्यवस्थाको पुनर्स्थापनापछि सन् १९९१ जुन १८ सम्म लगातार १५ महिना कायम रह्यो । अन्ततः १८ जुन १९९० को दिन मात्र नाकाबन्दी अन्त्य गरिएको थियो (पन्त, २०७४; पृ. ९६) । यसैगरी नेपालमा १० वर्षे माओवादी जनयुद्ध र १९ दिने जनआन्दोलनको माध्यमबाट सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना गरी २०७२ साल असोज ३ गते नेपालले संविधान सभाबाट नयाँ संविधान जारी गऱ्यो । उक्त संविधान जारी गर्न केही साता गर्नुपर्ने भारतको प्रस्तावलाई नेपालले अस्वीकार गरी संविधान जारी गरेका कारण नेपालविरुद्ध २०७२ असोज ७ गतेदेखि चौथो पटक नाकाबन्दी गरेको थियो । जुन अन्तर्राष्ट्रिय कानुन र कूटनीतिक मर्यादा विपरीत थियो । यस प्रकारको नाकाबन्दी भारतले नेपाललाई आफ्नो सुरक्षा छाताभित्र राखिराख्ने र नेपालमा आफ्नो आधिपत्य कायम राख्ने नियत रहेको दखिन्छ (श्रेष्ठ, २०७६; पृ. १७३-७९) ।

## ४.११ बहुदलकालीन नेपाल-चीन सम्बन्ध (सन् १९९०-२००६)

सन् १९९० मा बहुदलीय व्यवस्थाको पुनःस्थापनासँगै नेपालले आफ्नो कूटनीतिक सम्बन्धलाई विश्वका १ सय भन्दा बढी देशसँग विस्तार गरेको पाइन्छ । विश्वव्यवस्थाको मान्यताअनुसार आफ्नो राष्ट्रिय हितलाई केन्द्रमा राखेर नेपालले बहुदलीय कालमा आफ्नो कूटनीतिक सम्बन्धलाई अगाडि बढाउँदै लगेको पाइन्छ । यस अवधिमा नेपालले अन्तर्राष्ट्रिय रूपमा संयुक्त राष्ट्र सङ्घका विभिन्न निकायमा रहेर नेतृत्वदायी भूमिका निर्वाह गर्दै विश्वमा आफ्नोप्रतिष्ठालाई अगाडि बढाएर संयुक्त राष्ट्र सङ्घमार्फत नेपालले नेपाली सेनालाई शान्ति सेनामा पठाएर अन्तर्राष्ट्रिय शान्ति कायम गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ । दक्षिण एसियाली क्षेत्रिय सङ्गठन (सार्क) को संस्थापक सदस्य भएर यसको गठनमा महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । यसैगरी नेपाल कयौं अन्तर्राष्ट्रिय स्तरका बहुपक्षीय र दुई पक्षीय आर्थिक, राजनीतिक, सांस्कृतिक, प्राविधिक क्षेत्रमा समन्वयकारी भूमिका निर्वाह गर्न सफल भएको पाइन्छ । बहुदलीय व्यवस्थामा नेपालले विश्वको शक्ति राष्ट्र अमेरिका, चीन, युरोपियन युनियन, सोभियत सङ्घलगायतका राष्ट्रहरूसँग सन्तुलित सम्बन्ध कायम गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ । आफ्नो राष्ट्रिय स्वाधीनता र स्वतन्त्रतालाई अक्षुण राख्नका लागि आफ्ना निकट छिमेकी राष्ट्र चीन र भारत जस्ता एसियाका उदीयमान शक्ति राष्ट्रहरूसँगको सम्बन्धलाई

निरन्तर रूपमा सन्तुलित राख्ने प्रयत्न गरेको पाइन्छ ।  जसको परिणाम १९९० मा नेपालमा बहुदलीय व्यवस्था स्थापना भएसँगै चीनले नेपालको विकास र समृद्धिका लागि निरन्तर आर्थिक सहयोग गरिरहेको छ । चीनले निरन्तर रूपमा नेपालका राजनीतिक दलहरूसँगको सम्बन्धलाई विस्तार र बलियो बनाउन कोसिस गर्दै आएको छ । सन् १९९० को परिवर्तलाई नेपालका लागि चिनियाँ राजदूत ज्याङ सोङले हरेक राष्ट्र आफ्नो आन्तरिक मामिलामा त्यहाँको राजनीतिक तथा सामाजिक व्यवस्थाबारे निर्णय गर्न स्वतन्त्र रहन्छन् । चीनलाई विश्वास छ कसैको आन्तरिक मामिलामा उसले हस्तक्षेप गर्दैन । त्यसैले चीनले नेपाली जनताको निर्णयलाई सदा सम्मान गर्दछ (Bhasin, P... 2005)।

नेपालको वैदेशिक सम्बन्ध सन् १९९० पछि विश्वका विभिन्न मुलुकहरूसँग विस्तार हुँदै गएको पाइन्छ । पञ्चायतकालमा मुख्य चीन र भारतलगायत केही मुलुकहरूसँग रहेको सम्बन्ध बहुदलीय व्यवस्थाको स्थापनासँगै धेरै देशहरूसँग विस्तार हुन पुग्यो । खासगरी सोभियत सङ्घको विघटनसँगै विश्वबाट शीतयुद्धको अन्त्यसँगै विश्व दुई ध्रुवीय पद्दतीबाट एक ध्रुवीय खासगरी अमेरिकी विश्व व्यवस्थाअनुसार अगाडि बढ्न थाल्यो । यसको प्रभाव नेपालमा पनि पर्न गयो । विश्व व्यापारीकरण, आर्थिक उदारीकरण, लोकतन्त्र, मानव अधिकार जस्ता आधारभूत विश्वव्यापी मान्यतालाई नेपालले व्यवहारमा नै अपनाउन थाल्यो । सन् १९९० फेब्रुअरीबाट बहुदलीय व्यवस्था स्थापनाका लागि भएको संयुक्त जनआन्दोलन र अप्रिल १९९० मा सफल भएपछि मुलुकबाट ३० वर्षे निर्दलीय पञ्चायती व्यवस्थाको अन्त्य भयो । नेपालमा १८ फेब्रुअरी १९९० मा सुरु गरिने संयुक्त जनआन्दोलनको तयारीको सन्दर्भमा नेपाली काङ्ग्रेसको महाधिवेशनमा प्रमुख अतिथि बनेर आएका चन्द्रशेखर लगायतका भारतीय नेताहरूले तत्कालीन पञ्चायत व्यवस्था र राजाको शासन शैलीप्रति तीव्र आलोचना गरी जनआन्दोलनकारीको आत्मगत स्थिति उँचो बनाउन ठुलो भूमिका खेलेका थिए । नेपालले अर्कोतर्फ भारतबाट गरिएको आर्थिक नाकाबन्दीबाट मुलुकलाई बचाउन चीन र अन्य राष्ट्रहरूसँग वार्ता गर्ने विभिन्न किसिमको तयारी गरेको थियो । सरकारले नेपाली जनताको दैनिक आवश्यकता पूरा गर्न विभिन्न मुलुकसँग हात बढाएको थियो । त्यसक्रममा नेपालले चीनको तिब्बत हुँदै नयाँ व्यापारिक मार्ग खोल्ने कूटनीति पनि सक्रिय रूपमा अगाडि बढाएको थियो । सन् १९९० फेब्रुअरी १८ बाट सुरु भएको संयुक्त राष्ट्रिय जनआन्दोलनको क्रममा मुलुकभर पञ्चायतले गरेको दमनमा कयौँ मानिसको मृत्यु भएको थियो । यो दमनको अन्तर्राष्ट्रिय जगत्बाट पनि आलोचना भएको थियो (गोरखापत्र, १७ माघ २०४६) ।

यस क्रममा विश्व बैङ्कले राजा वीरेन्द्रलाई एउटा पत्र पठाई दमन अझै बढ्दै गएमा वैदेशिक सहयोग प्रदान गर्ने राष्ट्र र दाता संस्थाले नेपाललाई दिने सहयोग रोक्न बाध्य हुनु पर्ने तर्फ ध्यानाकर्षण गराएको थियो (अधिकारी, २००२; पृ. ३३) । परिणामस्वरूप ५० दिनको आन्दोलनपश्चात् राजा वीरेन्द्रले बाध्य भएर अप्रिल ८, १९९० का दिन बहुदलीय व्यवस्थाको पुनर्स्थापना गरेका थिए । बहुदलीय व्यवस्थाको पुनःर्स्थापनापछि बनेका सरकारहरू पुनः भारतको प्रभावमा परेको ऐतिहासिक तथ्य छ । राजा वीरेन्द्र पनि स्व. महेन्द्रले जस्तै गरी उत्तरको चीनसँग निकट सम्बन्ध स्थापना गर्न सधै प्रयत्नशील रहेका थिए । त्यसैगरी पञ्चायती सरकारहरूले पनि भारतको दबाबलाई कम गर्न आवश्यक परेको बेलामा चिनियाँ कार्ड प्रयोग गरेको पाइन्थ्यो । पञ्चायतकालमा शासनको विरुद्ध विद्रोह गर्ने नेपालको प्रतिबन्धित राजनीति र दलका कार्यकर्ताहरूलाई भारतले आफ्नो भूमिमा आश्रय दिई, हितयार उपलब्ध हुने स्थिति तयार गरी नेपालमा विद्रोह मच्चाउन सहयोग गरेको थियो भने राजा महेन्द्र र वीरेन्द्रले चीनको सत्ताको विरुद्ध विद्रोह गर्ने हज्जारौं चिनियाँ शरणार्थीलाई नेपालमा शरण दिई उनीहरूलाई चीन विरुद्ध पश्चिमीहरूको बहकाउमा पर्नबाट बचाएका थिए । नेपालले अपनाएको यो नीतिलाई चीनले स्वागत गरेको थियो (अधिकारी, २००२; पृ. ४३-४४) । बहुदलीय व्यवस्थाको स्थापनासँगै नजिकका दुई छिमेकी चीन र भारतसँगको सम्बन्धमा पनि परिवर्तन आयो । बहुदलीय व्यवस्थाको स्थापनासँगै गठन भएको पहिलो नेपाली काङ्ग्रेस र बाममोर्चाबिचको संयुक्त अन्तरिम सरकारले असंलग्न र शान्तिपूर्ण मित्रताको विदेशनीति अवलम्बन गर्ने ६ वटा प्रतिबद्धता सार्वजनिक गऱ्यो (श्रेष्ठ, २०४७; पृ. ५७ - ५८) ।

अन्तरिम सरकारका प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले ९-१० जुन, १९९० मा भारतको भ्रमण गरे । यस भ्रमणले नेपाल भारत सम्बन्धमा सुधार गर्ने तथा पञ्चशीलताका आधारमा दुई देशबिचको सम्बन्धलाई अगाडि बढाउनुपर्नेमा जोड दिँदै भारतसँगको व्यापार तथा पारवहन सम्बन्धमा आएको गतिरोध अन्त्य गर्न प्राथमिकता दिइयो । अगस्ट ५-६, १९९० मा भारतका प्रधानमन्त्री इन्द्र कुमार गुजरालले नेपालको भ्रमण गरे । भ्रमणपछि भारत नेपाल सम्बन्ध विश्वकै असाधारण रहेको र नेपालमा स्थायित्व र प्रगति भएमात्र भारतलाई फाइदा हुने विचार व्यक्त गरे (गोरखापत्र, २०७० असोज १७) । अन्तरिम सरकार गठन भएसँगै चीन सरकारले दुई देशबिचको परम्परागत सम्बन्धलाई थप बलियो बनाउन चीन सरकार प्रतिबद्ध रहेको चाहना व्यक्त गऱ्यो (गोरखापत्र, ८ वैशाख २०४७) ।

प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले आफ्नो भारत भ्रमणको क्रममा चीनसँग पञ्चायतले खरिद गरेका हितयारका कारण नेपाल भारतबिच समस्या पैदा भएकाले चीनबाट नेपाल आउन

बाँकी हितयार ल्याउने कार्य रोकेको अभिव्यक्ति दिँदै भारतसँग नजिकको सम्बन्ध कायम गर्ने प्रयत्न गरे । बहुदलीय व्यवस्था स्थापनासँगै गठित पहिलो अन्तरिम सरकारका प्रधानमन्त्रीले चीनसँगको सम्बन्धलाई निरन्तरता दिने सैद्धान्तिक प्रतिबद्धता जाहेर गरे तापनि भारतलाई बढी महत्त्व दिन खोजेको देखिन्छ (गोरखापत्र, ९ वैशाख २०४७) । यसैगरी २ जुन १९९० मा अमेरिकी प्रतिनिधि सभाका एसिया प्यासिफिक समितिका अध्यक्ष स्टेफेन सोलार्जले नेपाल भ्रमण गरी अमेरिकाले नेपालसँग मिलेर काम गर्न चाहेको र अमेरिकाले नेपालमा प्रजातान्त्रिक संस्थाको विकासलाई सहयोग पुऱ्याउने र प्रजातान्त्रिक सरकारलाई सहयोग गर्ने विचार व्यक्त गरे (गोरखापत्र, २० जेठ २०४७) । यसरी बहुदलीय व्यवस्था स्थापनासँगै गठित अन्तरिम सरकार चीन, भारत र अमेरिकालगायतका देशहरूसँगको सम्बन्धमा विस्तार भएको पाइन्छ । बहुदलीय व्यवस्था स्थापनासँगै गठन भएको अन्तरिम सरकारको मुख्य कार्य संविधान निर्माण गरी गर्नु थियो । नेपाल अधिराज्यको संविधान २०४७ सालमा स्पष्ट रूपमा मुलुकको सार्वभौमसत्ता, अखण्डता र स्वतन्त्रतालाई कायम राखी अन्तर्राष्ट्रिय जगत्मा राष्ट्रिय सम्मानको अभिवृद्धि गर्ने उल्लेख गर्दै संयुक्त राष्ट्र सङ्घको बडापत्र, असंलग्नता, पञ्चशीलताको सिद्धान्त, अन्तर्राष्ट्रिय कानुन, विश्व शान्तिको मान्यताका आधारमा नेपालको परराष्ट्रनीति सञ्चालन हुने र छिमेकी राष्ट्रहरू र संसारका अन्य मुलुकसित आर्थिक, सामाजिक अन्य समानताका आधारमा सहयोगात्मक सम्बन्ध कायम गरी नेपालमा शान्तिलाई अन्तर्राष्ट्रिय मान्यताका आधारमा संस्थागत गर्दै जाने नीति राज्यले अवलम्बन गर्ने छ भन्ने नीति संविधानमा उल्लेख गरी मुलुकको विदेशनीति र सम्बन्धको आधार तय गरियो (नेपाल अधिराज्यको संविधान २०४७ को धारा २५(५) र धारा २६ (१ र २) ।

नेपालमा नयाँ जारी भएको नेपाल अधिराज्यको संविधान २०४७ को आधारमा २०४८ जेष्ठ १० गते संसद्वादी आम निर्वाचन सम्पन्न भयो । नेपाली काङ्ग्रेसले बहुमत प्राप्त गर्न सफल भएकाले नेपाली काङ्ग्रेस संसद्वादी दलका नेता गिरिजाप्रसाद कोइरालालाई श्री ५ वीरेन्द्रबाट नयाँ प्रधानमन्त्रीमा नियुक्त गरियो । २०४८ जेष्ठ १४ मा गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा नयाँ सरकार गठन भयो । तर यो सरकार पूर्ण अवधि सञ्चालन हुन सकेन । प्रधानमन्त्री कोइरालाले बहुमतको सरकार विघटन गरी दुई तिहाई बहुमत ल्याउने संकल्पसहित मध्यावधी निर्वाचनको घोषणा गरे । निर्वाचनपश्चात् नेकपा एमालेले संसद्मा सबै भन्दा ठुलो दलको हैसियतले पार्टी अध्यक्ष मनमोहन अधिकारीको नेतृत्वमा अल्पमतको सरकार गठन गऱ्यो । यो सरकारलाई पनि अगाडि बढ्न विभिन्न बाधा अड्चन खडा गरिए । २०५६ जेष्ठ १६ गते कृष्णप्रसाद भट्टराईको नेतृत्वमा पुनः नयाँ सरकार गठन भयो । यो सरकार पनि सहज

ढङ्गबाट सञ्चालन हुन सकेन । मुलुकमा थप राजनीतिक विकृति र विसँगतीहरू सृजना हुँदै गए । काङ्ग्रेसभित्रको अन्तरकलहले भट्टराई नेतृत्वको सरकार विस्थापित भई पुनः गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री बने । यसले मुलुकमा थप राजनीतिक अन्योल मात्र सृजना भयो । दलहरूबिच तिक्ततापूर्ण सम्बन्धका कारण संसद्वादी दलहरूमा विभाजन र विग्रह सुरु भयो । राजनीतिक दल र व्यवस्थाप्रति वितृष्णा पैदा हुन थाल्यो । नेपाल सरकारले भारत सरकारसँग यसबारेमा गम्भीर आपत्ति जनाउँदै आयो । ज्ञानेन्द्रले सत्ता हातमा लिएपछि त्यसका विरुद्धको आन्दोलन गर्न सात राजनीतिक दलहरू सक्रिय रहे । यस आन्दोलनमा माओवादी हिंसात्मक आन्दोलनलाई समेत समाधान गर्नेगरी माओवादीलाई शान्तिपूर्ण आन्दोलनमा सहभागी गराउनको लागि माओवादी र सात राजनीतिक दलहरूबिच भारतको दिल्लीमा १२ बुँदे समझदारी भई सम्झौतामा हस्ताक्षर भयो (Sharma, 2019) । संसद्वादी दलहरूबिचको आपसी खिचातानी पार्टीभित्रको गुटउपगुटको झगडा तथा माओवादी सशस्त्र विद्रोह जस्ता परिस्थितिको फाइदा दरबारले लिन खोज्यो (अधिकारी, २०७६, पृ. ५८७-८८) । नेपालमा बहुदलीय व्यवस्था स्थापनासँगै राजनीतिक प्रणालीमा आएको परिवर्तन कूटनीतिक क्षेत्रमा पनि आउन थाल्यो । पञ्चायती व्यवस्थाले अङगीकार गरेको शान्तिक्षेत्रको प्रस्तावलाई परित्याग गरी नेपालले असंलग्न विदेशनीतिलाई छाडी तटस्थ विदेशनीति अङगीकार गर्न खोजेको होकि जस्तो दोधारे नीति देखिन्थ्यो । सन् १९९८ अगस्ट १८ गते इन्डोनेसियाको बालीमा आयोजित असंलग्न आन्दोलनको दशौं शिखर सम्मेलनमा भाग लिन जाने तय भएपछि प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले नेपालले असंलग्नतामा आफ्नो विदेशनीतिको प्रमुख आधार भएको संसद्लाई जानकारी गराएका थिए (गोरखापत्र २०५५ भाद्र १५) ।

बहुदलीय व्यवस्थाको स्थापनासँगै नेपालले आर्थिक उदारीकरणको नीतिलाई अवलम्बन गर्न थाल्यो जसका कारण विदेशी लगानी प्रवर्द्धन नीतिलाई कार्यान्वयन गर्न १९९२ को डिसेम्बर १-५ मा नेपाल लगानी प्रवर्द्धन बैठक काठमाडौँमा बस्यो । मुलुकमा वैदेशिक लगानी भित्र्याउने उद्देश्यले विभिन्न आद्योगिक राष्ट्रहरूको प्रतिनिधि, नेपाल सरकार, संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रम, संयुक्त राष्ट्र सङ्घीय आद्योगिक विकास सङ्गठनको संयुक्त आयोजनामा उक्त बैठक बसेको थियो । उक्त बैठकमा विश्व बैङ्क अन्तर्राष्ट्रिय मुद्राकोष समेतको सहभागिता थियो । ( गोरखापत्र ९ वैशाख २०५०) । सन् १९९३ जुन १४ मा भियनामा आयोजित अधिकार सम्बन्धी विश्व सम्मेलनमा भाग लिन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला गए । उनले सहभागी दाता राष्ट्रसँग नेपाललाई आर्थिक सहायता र लगानी बारेमा छलफल गरेका थिए (गोरखापत्र २०५० असार ३०) ।

नेपालको आर्थिक विकासमा मुख्यतः चीन र भारतसँगका सम्बन्धसहित विश्वका विभिन्न दाता राष्ट्रहरूको महत्त्वपूर्ण योगदान रहँदै आएको परिप्रेक्ष्यमा बहुदलीय कालमा पनि यसलाई निरन्तरता दिँदै यसको दायरालाई फराकिलो बनाउने कोसिस गरेको पाइन्छ । संयुक्त राष्ट्र सङ्घको ४८ औं अधिवेशनमा भाग लिन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला १९९३ अक्टोबर ८ मा प्रस्थान गरे । सो सम्मेलनलाई सम्बोधन गर्दै प्रधानमन्त्रीले विश्वबाट सितयुद्धको अन्त्य भइसकेको वर प्रतिस्पर्धाबाट सहयोगमा परिवर्तन भएकाले संयुक्त राष्ट्र सङ्घले आफ्नो लक्ष्य प्राप्तिका लागि गरिबी उन्मूलनका लागि अन्तर्राष्ट्रिय शान्ति सुरक्षाको लागि आफ्नो भूमिकालाई प्रभावकारी बनाउने, आम संहारका हितयार कटौती गर्नुपर्ने जस्ता कुरालाई जोड दिँदै संयुक्त राष्ट्र सङ्घले साना ठुला गरिब धनी सबै राष्ट्रको सामुहिक भलाईका लागि योगदान गर्नुपर्ने कुरामा जोड दिँदै नेपालको दृष्टिकोण स्पष्ट पारेका थिए (गोरखापत्र २१ असोज २०५०) ।

नेपालले अन्तर्राष्ट्रिय मञ्चलगायत आफ्ना छिमेकीसँगको सम्बन्धलाई विशेष जोड दिँदै आएको छ । बहुदलीय व्यवस्था स्थापनासँगै चीनसँगको सम्बन्धलाई सुदृढ बनाउन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले १९९२ मार्च १६-२२ मा चीनको भ्रमण गर्दै तिब्बतलाई चीनको अभिन्न अङ्ग भएको स्पष्ट पारेका थिए । जुन २२ मा संयुक्त विज्ञप्ति जारी गदैं दुई देशबिचको सम्बन्धलाई थप बलियो बनाउँदै आर्थिक, व्यापार, संस्कृति आदान-प्रदानमा जोड दिइएको थियो । चीनका राष्ट्रपति च्याङ जमिनको निमन्त्रणामा सन् १९९३ सेप्टेम्बरमा २० बाट राजा वीरेन्द्रले चीनको एक साता लामो भ्रमण गरे । उक्त अवसरमा राजा वीरेन्द्रले अन्तर्राष्ट्रिय सम्बन्धमा परिवर्तन आए पनि समानता आपसी सद्भाव एवम् असल छिमेकीपनको सिद्धान्तमा आधारित नेपाल चीन सम्बन्ध अटल रही आएको र आगामी दिनमा पनि यो सम्बन्धलाई आपसी हितका लागि निरन्तर विकास गर्दै लैजाने हाम्रो प्रयास हुने विचार व्यक्त गरेका थिए । शान्ति र स्थायित्व यस क्षेत्रका मुलुकहरूलगायत सबै राष्ट्रहरूको साझा चिन्ता को विषय हो । तेस्रो विश्वको मुलुक भएकाले आर्थिक विकास पनि हाम्रो चाहना हो । यस विषयमा यस क्षेत्रका राष्ट्रहरू एकजुट भएर लागिपर्नुपर्ने र यसमा चीनको भूमिका महत्त्वपूर्ण रहने विचार राजाबाट व्यक्त भएको थियो (गोरखापत्र, ६ असोज २०५०) ।

१९९४ मा नेपालका प्रधानमन्त्री मनमोहन अधिकारीले चीनसँगको सम्बन्धलाई जोड दिँदै भारत नेपालबिचको १९५० मा सम्पन्न शान्ति मैत्री सन्धिलाई खारेजी गरी नयाँ आधारमा सन्धि गर्नुपर्ने प्रस्ताव गरे । प्रधानमन्त्रीले नेपालले भारतको सुरक्षाको सम्मान गर्दै नेपालको भूमि भारत विरुद्धमा प्रयोग हुन नदिने प्रतिबद्धता जाहेर गरे । तर भारतले नेपालको उक्त प्रस्तावलाई अस्वीकार गऱ्यो । नेपालले आफ्नो देशको सार्वभौमसत्ता र अखण्डताको रक्षाका

लागि दुवै छिमेकीसँगको सम्बन्धलाई उच्च प्राथमिकता दिँदै दुवै देशको उचित चासो र चिन्तालाई सम्बोधन गर्दै आइरहेको छ । भारतसित नेपालको पुरानो परम्परागत सम्बन्ध रहँदै आइरहेको भएतापनि भारतले नेपालबिच १९५० मा सम्पन्न शान्ति मैत्री सन्धिलाई पुनरावलोकन गर्नुपर्ने नेपालको मागलाई उसले अस्वीकार गर्दै आइरहेको छ । गणतन्त्र स्थापनापछि गठित नेपाल भारत प्रबुद्ध समूहले समेत १९५० को सन्धिलाई खारेज गर्नुपर्ने प्रस्ताव गरिरहेको अवस्थामा भारतले उक्त प्रबुद्ध समूहको बैठकको प्रतिवेदन समेत बुझ्न अस्वीकार गरिरहेको छ (5 Augst 2018, www.bbc.com/nepalinews)।

नेपालमा बहुदलीय व्यवस्था स्थापनासँगै नेपालले आफ्ना दुई छिमेकी चीन र भारतसँग सन्तुलित सम्बन्ध कायम राख्न प्रयत्न गरेको देखिन्छ । तथापि राजनीतिक दलहरूको स्वार्थका कारण बेला बखत यो सम्बन्धमा चिसोपना आउने गरेको पनि पाइन्छ । मुख्यतः दुई छिमेकीहरूको जायज सुरक्षा चासोलाई नेपालले ध्यान दिँदै विश्वका अन्य देशहरूसँगको सम्बन्धलाई अगाडि बढाउन बढाउने प्रयत्न बहुदलीय कालमा सरकारहरूले प्रयत्न गरेको पाइन्छ । बहुदलीय व्यवस्था छोटो समयमादेखिएको विकृति र विसँगतिका कारण यस व्यवस्था विरुद्ध विभिन्नखाले षड्यन्त्रहरू हुन थाले । राजा वीरेन्द्रले २०४६ सालको बहुदलवादी आन्दोलनप्रति देखाएको उदारताप्रति उनका भाइ ज्ञानेन्द्र शाह खुसी थिएनन् । २०५८ जेष्ठ १९ गते नारायणहिटी दरबार हत्याकाण्डबाट राजा वीरेन्द्रको बंश विनाश भएपछि दोस्रोपटक नेपालको राजगद्दीमा तिनै अनुदारवादी ज्ञानेन्द्र शाह दोस्रोपटक नेपालको राजा हुन पुगे । २०५२ सालदेखि सशस्त्र द्वन्द्वको नेतृत्व गरेको माओवादी त्यो दरबार हत्याकाण्डलाई जोडेर राजा ज्ञानेन्द्रसँग जोडेर प्रचार गर्न थाल्यो । २०५९ जेष्ठ ८ गते प्रधानमन्त्री शेरबहादुर देउवाले प्रतिनिधि सभा विघटन गरेर २०५९ कार्तिक २६ गते नयाँ निर्वाचनको लागि मिति तोकी राजाकोमा सिफारिस गरेका थिए । तर राजाले प्रधानमन्त्री देउवालाई २०५९ आश्विन १८ गते असक्षमको पगरी गुथाई पदच्युत गरी देशको शासन सत्ता आफ्नो हातमा लिए । राजाले तत्कालीन संविधानको धारा १२७ को प्रयोग गरी २०५९ असोजमा लोकेन्द्र बहादुर चन्द, २०६० जेष्ठ २१ मा सुर्य बहादुर थापा र पुनः शेर बहादुर देउवालाई प्रधानमन्त्री बनाए । २०६१ माघ १९ गते राजा ज्ञानेन्द्रले देउवालाई अपदस्त गरी सम्पूर्ण सत्ता आफ्नो हातमा लिएर प्रत्यक्ष शासन गर्न सुरु गरे ।

यसप्रकार नेपाल र भारत बिच भूपरिवेष्टित अवस्थितिको कारण व्यापार तथा पारवहन सम्बन्धको विषयलाई लिएर विभिन्न खटपट भएको देखिन्छ  तर उत्तरतर्फको चीनसँग त्यस्तो खटपट भएको पाइँदैन र सौहार्दपूर्ण सम्बन्ध रहेको पाइन्छ । २०४६ सालको राजनीतिक

परिवर्तन र बहुदलीय व्यवस्थाको पुनर्स्थापनापश्चात् नेपाल चीनबिचको सम्बन्ध छायँमा पर्न गयो । उक्त समयमा अधिकांश सरकार नेपाली काङ्ग्रेसको नेतृत्वमा बनेका हुनाले उनीहरूको झुकाव भारततर्फ नै रह्यो । राजाको नेतृत्वका शासन सत्ताको अन्त्य संसद् पुनर्स्थापना भएपछि संविधानसभाको चुनाव र नयाँ संविधान निर्माणको मार्ग हुँदै नेपाल अगाडि बढ्यो । यस समयमा चीनको नेपालसँगको सम्बन्धलाई अझ प्रगाढ बनाएर अगाडि बढ्ने नीति रहेको देखिन्छ । पञ्चायतकालमा शाह राजवंशले अन्तर्राष्ट्रिय जगत्मा असंलग्न आन्दोलनको नीति अख्तियार गरी पुँजिवादी र साम्यवादी गुटबाट अलग रहँदै तटस्थ नीति अपनायो । त्यसै अनुरूप नेपालले आफ्नो दुई छिमेकीसँग समदुरीको सिद्धान्त अपनाएको थियो । यद्यपि चीनसँग पञ्चशीलका सिद्धान्तमा शान्तिपूर्ण सहअस्तित्वमा आधारित सम्बन्ध स्थापना भएको थियो । सन् १९९० को परिवर्तनपछिको एक दशकको अवधिमा नेपाल-चीन सम्बन्धमा ठुलो परिवर्तन देखा पर्‍यो । नेपालमा नेपाली काङ्ग्रेस सत्तामा रह्यो । स्वाभाविक रूपमा काङ्ग्रेस सरकारहरू भारतसँग नै ढल्किए यसले गर्दा नेपालको चीनसँगको सम्बन्ध छायाँमा पर्न गएको थियो । त्यस्तै नेपाली काङ्ग्रेसलगायत नेपालका केही प्रमुख दलहरूको स्थापना र विकास भारतसँग गाँसिएको पनि पाइन्छ (Whelpton, 2005) ।

## ४.१२ माओवादी जनयुद्धको सुरुवात

माओवादीले संवैधानिक राजतन्त्रसहितको बहुदलीय व्यवस्थाका विरुद्ध हिंसात्मक विद्रोह (जनयुद्ध सुरु) गर्दा मुलुकमा तत्कालीनमा व्यवस्था राजनीतिक शक्ति दरबार, काङ्ग्रेस, एमाले, एकअर्काको खुट्टा तानातानमा व्यस्त थिए । दरबारले २०४७ सालको परिवर्तनलाई स्वीकार गर्न सकेको थिएन । एमालेले २०४७ सालको संविधानप्रति २७ कुँदे असहमति जाहेर गरेको थियो । काङ्ग्रेसले भने उक्त संविधानलाई विश्वको उत्कृष्ट भन्दै दीपावली गरेको थियो । राष्ट्रिय राजनीतिमा काङ्ग्रेस विरुद्ध एमाले र एमाले विरुद्ध काङ्ग्रेस थिए । दरबार भने दुवै शक्तिका विरुद्ध थियो । दरबार प्रजातान्त्रिक शक्तिकाबिच झगडा चर्काएर सत्ता हटाउने दाउमा थियो । काङ्ग्रेस, एमालेहरूको नेतृत्वको सरकारलाई माओवादीले तारो बनाउँदा दरबारिया वृत्त खुच्चिङ मान्दै थियो (शर्मा, २०७०; पृ. ३७) । हिंसा चर्किए सत्ता हात पार्न सकिने ठानी जनयुद्धप्रति दरबारले आँखा चिम्लिएको थियो । मुलुकको तत्कालीन राजनीतिक शक्ति सङ्घर्ष र त्यसले उत्पन्न गरेको निराशाजनक परिस्थितिलाई उपयोग गर्दै माओवादीले जनयुद्धको सुरुवात गर्‍यो । अर्को तर्फ ३० वर्षसम्म एकदलीय पञ्चायती व्यवस्थाका विरुद्ध सङ्घर्ष गरेर प्राप्त २०४६ सालको बहुदलीय व्यवस्था र नयाँ बनेको नेपाल अधिराज्यको संविधान २०४७ ले जनताका अधारभूत प्रजातान्त्रिक हक अधिकारहरूको सुनिश्चित गरे तापनि त्यस संविधानले पिछडिएका

समुदायहरू दलित, महिला, जनजाति, मधेसी तथा अल्प सङ्ख्यक समूहलाई राज्यको मूलधारमा ल्याउने सवालमा मौन देखियो ।

संविधानले संवैधानिक राजतन्त्र र हिन्दु अधिराज्य बहुदलीय व्यवस्थालाई मुख्य आधार माने तापनि समावेसी र सहभागितामूलक शासन प्रणालीको व्यवस्था गर्न सकेको थिएन । यसले पिछडिएको समुदायमा एक प्रकारको निरासा पैदा हुँदै गएको थियो । बहुदलीय शासन प्रणाली स्थापना भएसँगै जनता र राष्ट्रमा देखा परेका जनजीवीका र राजनीतिक अधिकारका समस्यालाई समातेर तत्कालीन नेकपा माओवादीले राजनीतिक, आर्थिक, सामाजिक र राष्ट्रियतासँग सम्बन्धित मुद्दाहरूलाई समेटेर बाबुराम भट्टराई नेतृत्वको संयुक्त जनमोर्चामार्फत ४० बुँदे मागपत्र तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको सरकारसँग २०५२ माघ २१ गतेका दिन प्रस्तुत गरेको थियो । यी मागहरू मध्ये मुख्यतः राष्ट्रियतासँग सम्बन्धित भारतसँग जोडिएका मागहरू जस्तै भारतसँग भएका १९५० लगायतका सम्पूर्ण असमान सन्धि सम्झौताहरू खारेज गर्नुपर्ने, टनकपुर सन्धि खारेजी, महाकाली सन्धि खारेजी, गोर्खा भर्ती खारेजी, भारतसँगको सीमाना व्यवस्थित गर्नुपर्ने, नेपालमा भारतीय मजदुरहरूलाई वर्क परमिटको व्यवस्था गर्नुपर्ने भारतीय नं. प्लेटका गाडीहरू बन्द गर्नुपर्ने, हिन्दी सिनेमा तथा पत्रिका बन्द गर्नुपर्ने जस्ता मागहरू प्रमुख थिए । २०५२ सालमा माओवादीले सशस्त्र युद्ध सुरु गर्नुअघि यी यी माग पूरा गर भनेर संयुक्त जनमोर्चाले तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवालाई ४० सुत्रीय माग बुझाएका थिए । माग पूरा नगरेको भन्दै माओवादीले फागुन १ गतेदेखि सशस्त्र युद्ध सुरु गरेको थियो ( Tamang, 2021; P. 88) ।

आफ्ना मागहरूलाई सरकारले सम्वोधन नगरेकाले मओवादीले तत्कालीन राज्यसत्ताका विरुद्ध २०५२ फागुन १ गतेबाट जनयुद्धको नाममा सशस्त्र सङ्घर्षको सुरुवात गर्‍यो । सुरुमा रोल्पा, रुकुम, सिन्धुली, गोर्खा जिल्लाका केही प्रहरी चौकी र कृषि विकास बैङ्कहरू कब्जा गरी जनयुद्ध सुरु भएको घोषणा गर्‍यो । विभिन्न उतार चढावकाबिच माओवादी जनयुद्ध निरन्तर अघि बढीरह्यो । ०६२/०६३ को जनआन्दोलनको उच्चतम रूप माओवादी जनयुद्धकै आधार थियो । जसले २५० वर्ष पुरानो इतिहास बोकेको राजतन्त्रको अन्त्य गर्‍यो र देश गणतन्त्रमा प्रवेश गर्‍यो (तामाङ, २०७८; पृ. १०७) ।

माओवादी जनयुद्ध चर्किंदै जाँदा दरबारले यसलाई २००७ सालको नेपाली काङ्गेसको विदोह र २०२८ सालको झापा विद्रोह जस्तै माओवादी जनयुद्धलाई पनि सखाप पार्न चाहन्थ्यो । यही चाहनाअनुरूप २०५४ सालमा दरबारको इसारामा सरकारले आतङ्ककारी विधेयक

तत्कालीन गृहमन्त्री वामदेव गौतममार्फत संसद्मा पेश गऱ्यो । यो विधेयक पास गर्न एमाले स्थायी कमिटीले निर्णय गरेको थियो २०५४ साल फागुन २८ गते सरकारले माओवादीलाई आतङ्ककारी घोषणा गर्दै संसद्बाट आतङ्ककारी विधेयक पारित गऱ्यो । २०५४ साल चैत ३१ गते सरकारले माओवादी विरुद्ध सेना परिचालन गर्ने निर्णय गऱ्यो । यो निर्णय लागु नहुँदै सुर्यबहादुर थापा नेतृत्वको सरकार ढल्यो र पुनः गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री बने । प्रधानमन्त्री बनेसँगै उनले पुरानो सरकारको सेना परिचालन गर्ने नीतिलाई रोकिदिए (शर्मा; २०५८; पृ. ४०-४१) ।

२०५६ को आम निर्वाचनमा नेपाली काङ्ग्रेसले बहुमत ल्याएकाले कृष्णप्रसाद भट्टराई प्रधानमन्त्री बनेसँगै उनले माओवादीसँग वार्ताका लागि २०५६ असोज १० गते गृहमन्त्रालयमार्फत पत्र लेखी प्रक्रिया अघि बढाए । तर गोर्खामा माओवादी नेता सुरेश वाग्लेको प्रहरीले हत्या गरेकाले वार्ताको वातावरण बिग्रियो । गिरिजाप्रसाद कोइरालाले आफ्नै पार्टी नेतृत्वको सरकार विरुद्ध अविश्वासको प्रस्ताव राखेकाले भट्टराईले त्यसको सामना नगरी प्रधानमन्त्री पदबाट राजिनामा दिए र पुनः गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री बने । प्रधानमन्त्री बनेसँगै गिरिजाप्रसाद कोइरालाले माओवादीसँग वार्ताको प्रस्ताव अगाडि सारे । त्यसका लागि माओवादीले हितयार त्याग्नुपर्ने सर्त अगाडि सारे । माओवादीले भट्टराई सरकारको वहिरगमनलाई वार्ता विरोधी षड्यन्त्र भएको भन्दै वार्तालाई अस्वीकार गरेको थियो । २०५७ मा माओवादीले डोल्पाको सदरमुकाम दुनैमा आक्रमण गरे । सरकारले २०५७ माघ ९ गते सशस्त्र प्रहरी बल गठन गरी माओवादी विरुद्ध प्रतीकार गर्ने नीति लियो । माओवादी विरुद्ध सरकारले चर्को दमन गरेकाले माओवादीहरू बिस्तारै दरबारसँग नजिकिन थाले । तत्कालीन अधिराजकुमार धीरेन्द्र शाहमार्फत माओवादीसँग दरबारले वार्ताको प्रस्ताव पठाएको थियो । माओवादीहरू पनि दरबारका सैनिक सचिव विवेक शाह, राजसभा स्थायी समितिका अध्यक्ष केशरजंग रायमाझी, जाजरकोटका तेजविक्रम शाह र रुकुमका ध्रुवविक्रम शाहमार्फत दरबारसँग सम्बन्ध अगाडि बढाएका थिए । २०५७ सालमा भारतको पंजावमा माओवादीको दोस्रो सम्मेलन भयो । उक्त सम्मेलनले गोलमेच सम्मेलन गर्ने र त्यहीबाट संविधान सभाको निर्वाचन गर्ने नीति लियो । माओवादीले भारतमा बसेर गरेको यो निर्णयलाई राजा वीरेन्द्रले शङ्काको दृष्टिले हेरेका थिए । यसका बावजुद धीरेन्द्र शाहमार्फत (अन्य कुनै व्यक्ति)सँग दरबारले माओवादीलाई ९ बुँदे पत्र पठाएको थियो । दरबार र माओवादीबिच बार्ताका लागि धीरेन्द्र, दीपेन्द्र, ज्ञानेन्द्रलगायत सबै राजी थिए । तर माओवादी र राजा वीरेन्द्रको भेट हुन नपाउँदै २०५९ जेष्ठ १९ गते दरबार हत्याकाण्ड हुन गयो । जुन हत्याकाण्डमा वीरेन्द्रको वंश

विनास भएको थियो । यो हत्याकाण्डलाई माओवादीले नयाँ कोतपर्वको संज्ञा दिँदै नेपालबाट परम्परागत राजतन्त्रको अन्त्य भएको र नेपालमा गणतन्त्र जन्मेको घोषण गरे । राजा वीरेन्द्रलाई माओवादीले कम्बोडियाको राजा नरोद्दम सिंहानुकको जस्तै भूमिका दिन चाहन्थे । राजा वीरेन्द्र माओवादी विद्रोहलाई शान्तिपूर्ण समाधान खोज्नुपर्दछ भन्ने पक्षमा थिए । दरबार हत्याकाण्ड पछि माओवादीले राजा वीरेन्द्रलाई देशभक्त भनेर प्रशंसा गरेको पाइन्छ (शर्मा, २०५८; पृ. ९१) ।

वि.सं. २०५८ सालमा शेरबहादुर देउवा पुनः प्रधानमन्त्री बने । माओवादीप्रति केही लचक देउवासँग माओवादी संवादमै थिए । देउवाले प्रधानमन्त्रीको शपथ नलिँदै २०५८ श्रावण ८ गते माओवादीले युद्धविराम गर्‍यो । भारतको सिलिगुडीमा पार्टी केन्द्रको बैठक बसी कृष्णबहादुर महराको नेतृत्वमा टोपबहादुर रायमाझी र अग्नि सापकोटा रहेको वार्ता टोली गठन गरे । सरकारले पनि भौतिक योजना तथा निर्माण मन्त्री चिरञ्जीवी वाग्लेको नेतृत्वमा पाँच सदस्यीय वार्ता टोली गठन गर्‍यो । जसमा चक्र बास्तोला, नरहरि आचार्य, महेश आचार्य र विजयकुमार गच्छेदार थिए । सरकार र माओवादीबिच पहिलोपल्ट औपचारिक वार्ता ललितपुरको गोदावरी रिसोर्टमा शुरु भयो तर वार्ता असफल भयो । माओवादी रोल्पा फर्केर जनमुक्ति सेना गठन गरे । बाबुराम भट्टराईको नेतृत्वमा केन्द्रीय जनसरकार गठन गरेको घोषणा गरे । वार्तामा माओवादीले पुरानो संविधानको खारेजी, संविधान सभाको निर्वाचन, गणतन्त्रको स्थापनालगायत विकासका माग राखे जुन देउवाले पूरा गर्न सक्ने अवस्था थिएन जसका कारण वार्ता भङ्ग भएको थियो (सुधिर, २०५८; पृ. १०२-१०३) । २०६० वैशाख ३ गते राजा ज्ञानेन्द्रले उपप्रधानमन्त्री बद्रीप्रसाद मण्डलको नेतृत्वमा वार्ता टोली गठन गरे । जसमा नारायणसिंह पुन, उपेन्द्र देवकोटा, कमल चौलागाईं र अनुराधा कोइराला थिए भने माओवादी वार्ता टोलीको नेतृत्वमा बाबुराम भट्टराईलगायत रामबहादुर थापा, कष्णबहादुर महरा, देव गुरुङ र मातृका यादव थिए । माओवादीले गोलमेच सम्मेलन र संविधान सभा निर्वाचनको माग अगाडि सार्‍यो । वार्तामा सेनालाई ५ किलोमिटर भित्र सीमित गर्नुपर्ने माओवादीको मागमा सहमति जुट्न नसकेपछि वार्ता दोस्रो पटक भङ्ग हुन पुग्यो । सेनालाई ५ किलोमिटर भित्र सीमित गर्ने विवादका कारण राजाले लोकेन्द्रबहादुर चन्दलाइ प्रधानमन्त्री पदबाट हटाएर सुर्यबहादुर थापालाई प्रधानमन्त्री बनाए । सुर्यबहादुर थापाले प्रकाशचन्द्र लोहनीको नेतृत्वमा कमल थापासहितको वार्ता टोली गठन गरे । यो वार्ता टोली माओवादीसँग वार्ता गर्न दाङको हापुरेमा पुगे । त्यही रात रामेछापको दोरम्बामा माओवादी जिल्ला जनसरकार प्रमुखसहित १९ जना निःशस्त्र माओवादी कार्यकर्ताको शाही सेनाले हत्या गर्‍यो जसका कारण माओवादीले युद्धविराम

र वार्ता भङ्ग भएको घोषणा गर्‍यो । माओवादीले सरकारको व्यवहारका कारण वार्ता भङ्ग गर्न बाध्य भएको सन्देश दिए (शर्मा, २०५८; पृ. १४९-१५६) ।

सरकार र विभिन्न राजनीतिक दलहरूसँग पटक पटक भएका वार्ता असफल भएपछि माओवादीले सरकार र दलहरूलाई नोकरको संज्ञा दिँदै अबको वार्ता मालिक अर्थात् राजासँग हुने घोषणा गर्न पुगे (उही, १७७ पृ.) । राजा ज्ञानेन्द्रले सत्ता आफ्नो हातमा लिएपछि (२०५९ माघ १९ पछि) काङ्ग्रेसका सभापति गिरिजाप्रसाद कोइराला माओवादीसँग मिलेर अगाडि जाने निर्णयमा पुगे । राजा ज्ञानेन्द्र शाहको सत्ता कब्जासँगै राजासँग निर्णायक सङ्घर्षको मोडमा पुगेका गिरिजाप्रसाद कोइरालाले २०६२ वैशाख २५ गते ७ राजनीतिक दलहरूको संयुक्त बैठक पूर्ण प्रजातन्त्र र शान्ति स्थापनाका निम्ति प्रतिनिधि सभा पुनःर्स्थापना, सर्वदलीय सरकार माओवादीसँग वार्ता गरी संविधान सभामा जान सकिने सार्वजनिक प्रतिबद्धता व्यक्त गरे । दलहरूलाई बाहिर राखेर सत्ता चलाउने राजा ज्ञानेन्द्रको महत्त्वकाङ्क्षाका कारण माओवादीको संविधान सभा र गणतन्त्रको नारालाई ७ राजनीतिक दलहरूले स्वीकार गर्न बाध्य भएका थिए । २०६२ साल जेठ २२ गते गिरिजाप्रसाद कोइराला भारत भ्रमणमा निस्के । १० दिने भारत बसाईमा कोइरालाले भारतका उच्चस्तरीय राजनीतिक नेता तथा पदाधिकारीहरूलाई भेटेका थिए । यसै क्रममा कोइरालाले माओवादी अध्यक्ष प्रचण्डलाई दिल्लीमा भेटेका थिए । त्यस समयमा ७ राजनीतिक दलका थुप्रै नेता दिल्ली पुगिसकेका थिए ।

दिल्लीमा आन्दोलनका लागि छलफल भएपछि २०६२ साल साउनमा नेपाली काङ्ग्रेसको केन्द्रीय समितिले २०४७ सालको संविधान संसोधन वा जनमत सँग्रह संविधान सभाको विकल्प खुल्ला राख्ने निर्णय गर्‍यो । २०६२ साल साउन-भदौको बैठकमा एमालेको केन्द्रीय समितिको बैठकले पनि संविधान सभाको निर्वाचनलाई तत्कालीन माग बनाउँदै बहुदलीय प्रजातन्त्रलाई लोकतान्त्रिक गणतन्त्रमार्फत पूर्णता दिने निर्णय गर्‍यो । यसरी मूलधारका दल गणतन्त्र तर्फ उन्मुख भए (उही, पृ. २१५-२१७) । सात राजनीतिक दलसँगको वार्तासँगै माओवादीले कालीकोटको पिलीमा सफल आक्रमण गरी ३ महिने युद्धविराम घोषणा गरे । जसलाई सात राजनीतिक दल, भारत, युरोपियन युनियन र संयुक्त राष्ट्र सङ्घले स्वागत गरे । माओवादी युद्धविरामले राजा थप चेपूवामा पर्दै गए । जनतामा शान्तिको आशा पलाउन थाल्यो । तर राजाले युद्धविरामलाई षड्यन्त्र भन्दै स्थानीय निर्वाचन घोषणा गरे जसलाई दलहरूले बहिष्कार गरे । माओवादीले रुकुमको चुनवाङमा २०६२ साल असोजमा केन्द्रीय समितिको बैठक बसी संविधान सभा र लोकतान्त्रिक गणतन्त्रको कार्यनीति पास गरे । माओवादी राजतन्त्रका विरुद्ध संसदिय शक्तिसँग मिलेर संयुक्त आन्दोलन थाल्ने र जनमुक्ति सेनाको सातवटा डिभिजन

बनाउने निर्णय गरे । संयुक्त जनआन्दोलनका लागि माओवादी र सात राजनीतिक दलहरूकाबिच भारतको नयाँ दिल्लीमा वार्ता सम्पन्न भयो ।

वार्ताले निरङ्कुश राजतन्त्रको अन्त्य र संविधानसभाको निर्वाचन र पूर्ण लोकतन्त्रको स्थापनाको अग्रगामी राजनीतिक निकासद्वारा देशमा विद्यमान सशस्त्र द्वन्द्वको अन्त्य गरी स्थायी शान्ति स्थापना गर्न दृढ सङ्कल्पित छौँ भन्दै २०६२ साल मङ्सिर ७ गते बाह्रबुँदे समझदारी घोषणा गरियो (उही; पृ. १२५-२६) । सात राजनीतिक दल र नेपाल कम्युनिष्ट पार्टी ( माओवादी) बिच भएको बाह्र बुँदे समझदारीपत्रमा निम्नानुसारका बाह्र बुँदा समेटिएका थिए:

(१) आज देशमा लोकतन्त्र, शान्ति, समृद्धि, सामाजिक अग्रगमन तथा स्वतन्त्र सार्वभौम नेपाल आम नेपाली जनताको प्रमुख चाहना हो । त्यसका निमित्त प्रमुख बाधक निरङ्कुश राजतन्त्र हो भन्ने कुरामा हामी पूर्ण सहमत छौँ । निरङ्कुश राजतन्त्र अन्त्य गरेर पूर्ण लोकतन्त्र स्थापना नगरेसम्म देशमा शान्ति, प्रगति र समृद्धि सम्भव छैन भन्ने हाम्रो स्पष्ट धारणा छ । त्यसैले निरङ्कुश राजतन्त्रविरोधी सम्पूर्ण शक्तिहरूले निरङ्कुश राजतन्त्रका विरुद्ध आ-आफ्ना ठाउँबाट प्रहार केन्द्रित गर्दै देशव्यापी लोकतान्त्रिक आन्दोलनको आँधीबेहरी निर्माण गरेर निरङ्कुश राजतन्त्रलाई अन्त्य गरी पूर्ण लोकतन्त्र स्थापना गर्ने समझदारी भएको छ ।

(२) आन्दोलनको शक्तिले संसद्को पुनर्स्थापन गर्ने र त्यसको निर्णयले अधिकार सम्पन्न सर्वदलीय सरकार, माओवादीसँग वार्ता र सहमतिका आधारमा संविधान सभाको निर्वाचन गरी पूर्ण लोकतन्त्र स्थापना गरेर नै देशमा विद्यमान द्वन्द्वको समाधान गर्न सकिन्छ र सार्वभौमसत्ता र राजकीय सत्ता पूर्णरूपले जनतामा स्थापित गर्न सकिन्छ भन्ने कुरामा आन्दोलनरत सात राजनीतिक दलहरू पूर्ण प्रतिबद्ध छन् । आन्दोलनरत लोकतान्त्रिक शक्तिहरूको राष्ट्रिय राजनीतिक सम्मेलन गर्ने र त्यसको निर्णयले अन्तरिम सरकार बनाई संविधान सभाको निर्वाचन गरेर उल्लिखित लक्ष्य हासिल गर्न सकिन्छ भन्ने ने.क.पा. (माओवादी) को धारणा र प्रतिबद्धता रहेको छ । यो प्रक्रियागत कार्यसूचीको विषयमा आन्दोलनरत सात राजनीतिक दल र ने.क.पा. (माओवादी) बिचमा संवाद चलाउँदै जाने र साझा सहमतिको खोजी गर्ने समझदारी बनेको छ । उक्त लक्ष्य हासिल गर्न जनआन्दोलनको शक्ति नै एक मात्र विकल्प हो भन्ने कुरामा समझदारी भएको छ ।

(३) देशले आज सशस्त्र द्वन्द्वको सकारात्मक समाधानका साथ स्थायी शान्ति स्थापनाको माग गरेको छ । त्यसैले हामी निरङ्कुश राजतन्त्रको अन्त्य र उक्त प्रक्रियागत आधारमा आउने संविधानसभाको निर्वाचन र पूर्ण लोकतन्त्र स्थापनाको अग्रगामी राजनीतिक निकासद्वारा देशमा विद्यमान सशस्त्र द्वन्द्वको अन्त्य गरी स्थायी शान्ति स्थापना गर्न दृढ सङ्कल्पित छौं । यस प्रक्रियाद्वारा शान्तिपूर्ण नयाँ राजनीतिक धारमा अघि बढ्न ने.क.पा.(माओवादी) प्रतिबद्धता व्यक्त गर्दछ । यसै सन्दर्भमा निरङ्कुश राजतन्त्रको अन्त्य पछि हुने संविधान सभाको निर्वाचनको क्रममा माओवादी सशस्त्र शक्ति र शाही सेनालाई संयुक्त राष्ट्र सङ्घ वा भरपर्दो अन्तर्राष्ट्रिय सुपरिवेक्षणमा राख्ने, निर्वाचनलाई स्वतन्त्र र निष्पक्ष ढङ्गले सम्पन्न गर्ने र निर्वाचनको परिणामलाई स्वीकार्ने समझदारी भएको छ । वार्ता प्रक्रियामा समेत भरपर्दो अन्तर्राष्ट्रिय समुदायको संलग्नतालाई हामी अपेक्षा गर्दछौं ।

(४) प्रतिस्पर्धात्मक बहुदलीय शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक हक, मानव अधिकार, कानुनी राज्यको अवधारणा आदि लोकतान्त्रिक मूल्य मान्यताप्रति ने.क.पा. (माओवादी) ले आफ्नो प्रतिबद्धता प्रष्टताका साथ संस्थागत ढङ्गले सार्वजनिक गर्दै तदनुरूप आफ्ना गतिविधिहरू अघि बढाउने प्रतिबद्धता व्यक्त गरेको छ ।

(५) ने.क.पा. (माओवादी)ले सशस्त्र द्वन्द्वको क्रममा विस्थापित हुन पुगेका अन्य लोकतान्त्रिक पार्टीका नेता, कार्यकर्ता र जनतालाई यथास्थानमा फर्केर ससम्मान बसोबास गर्ने, उनीहरूको अन्यायपूर्ण तरिकाबाट कब्जा गरिएका घरजग्गा सम्पत्ति फिर्ता गर्ने र उनीहरूलाई निर्बाध ढङ्गले राजनीतिक गतिविधि गर्न पाउने वातावरण तयार गर्ने प्रतिबद्धता व्यक्त गरेको छ ।

(६) विगतका गल्ती कमजोरीहरूको आत्मसमीक्षा र आत्म आलोचना गर्दै भविष्यमा गल्ती कमजोरी हुन नदिन ने.क.पा. (माओवादी)ले प्रतिबद्धता व्यक्त गरेको छ ।

(७) सात राजनीतिक दलहरूले विगतमा संसद् र सरकारमा छँदा भएका गल्ती कमजोरीप्रति आत्मसमीक्षा गर्दै अब त्यस्ता गल्ती कमजोरी नदोहोऱ्याउने प्रतिबद्धता व्यक्त भएको छ ।

(८) शान्ति प्रक्रियालाई अघि बढाउने सन्दर्भमा मानव अधिकारका मूल्य मान्यताहरूलाई पूर्ण सम्मान गर्ने र तिनका आधारमा अघि बढ्ने तथा प्रेस स्वतन्त्रताको सम्मान गर्ने कुरा प्रतिबद्धता गरिएको छ ।

(९) जनता र अन्तर्राष्ट्रिय समुदायलाई भ्रम दिने तथा राजाको निरङ्कुश र अवैधानिक शासनलाई वैधानिकता प्रदान गर्ने कुतीसत उद्देश्यका लागि अघि सारिएको नगरपालिकाको निर्वाचनको घोषणा र संसद्को निर्वाचनको चर्चा एउटा कपटपूर्ण चाल भएकाले त्यसलाई आ-आफ्नो ढङ्गले सक्रिय बहिष्कार गर्ने घोषणा गर्दै त्यस्तो निर्वाचनलाई असफल बनाउन आम जनतालाई आह्वान गरिएको छ ।

(१०) जनता र तिनका प्रतिनिधि राजनीतिक दलहरू नै राष्ट्रियताका वास्तविक पहरेदार हुन् । त्यसैले देशको स्वाधीनता, सार्वभौमिकता र भौगोलिक अखण्डताको रक्षा र राष्ट्रिय एकताप्रति हामीहरू पूर्ण रूपले प्रतिबद्ध छौँ । शान्तिपूर्ण सहअस्तित्वका सिद्धान्तका आधारमा संसारका सबै मुलुकहरूसँग मैत्री सम्बन्ध र छिमेकी मुलुकहरू खासगरी भारत र चीनसँग असल छिमेकीको सम्बन्ध कायम राख्नु हामी सबैको साझा कर्तव्य हो । परन्तु आफ्नो निरङ्कुश र अवैधानिक शासन टिकाउन देशभक्त जनतालाई भ्रम दिन राजा र राजावादीहरूले मण्डले राष्ट्रवादको हौवा खडा गर्ने र राजनीतिक दलहरूको देशभक्तिमाथि प्रश्नचीनह खडा गर्ने जुन मिथ्या प्रयास गरिरहेका छन् त्यसबाट सतर्क रहन हामी सम्पूर्ण देशभक्त जनसमुदायलाई आग्रह गर्दछौँ र अन्तर्राष्ट्रिय शक्तिहरू र जनसमुदायलाई नेपालको निरङ्कुश राजतन्त्रविरोधी लोकतान्त्रिक आन्दोलनलाई हरतरहले साथ दिन अपिल गर्दछौँ ।

(११) लोकतन्त्र, शान्ति, समृद्धि, अग्रगामी सामाजिक परिवर्तन तथा देशको स्वतन्त्रता, सार्वभौमिकता र स्वाभिमानलाई केन्द्रमा राखेर भएका हाम्रा यी समझदारीका आधारमा सञ्चालित हुने शान्तिपूर्ण जनआन्दोलनमा सक्रिय सहभागिता जनाई आन्दोलनलाई सफल बनाउन हामी नागरिक समाज, पेसागत समुदाय, जनवर्गीय सङ्घ-सङ्गठनहरू सबै जाति र क्षेत्रका जनता, पत्रकार जगत्, बुद्धिजीवीहरू र आम नेपाली जनसमुदायमा हार्दिक आव्हान गर्दछौँ ।

(१२) विगतमा दलहरूबिच भएका अनुपयुक्त व्यवहारको सन्दर्भमा दलविशेषले आपत्ति जनाएका र छानबिनको माग गरेका घटनाहरूका सम्बन्धमा छानबिन गर्ने र दोषी पाइएमा दोषीलाई कारवाही गरी सार्वजनिक रूपमा जानकारी गराउने साझा प्रतिबद्धता व्यक्त भएको छ । अब उप्रान्त दलहरूबिच समस्या उत्पन्न भए सम्बन्धित तह वा नेतृत्व तहमा छलफल गरेर संवादको माध्यमबाट समस्याको समाधान गर्ने समझदारी भएको छ (शान्ति तथा पुनःनिर्माण मन्त्रालय, २०६६) ।

बाह्रबुँदे समझदारीसँगै संयुक्त आन्दोलन सफल हुने आशा गरेका दलहरूले यो समझदारी गर्न बाध्य थिए । माओवादीले यो समझदारीअनुसार आफूलाई दलहरूको वैधानिकता र अन्तर्राष्ट्रिय समर्थनको कभरमा सहरमा प्रभाव जमाउनु थियो भने दलहरू पनि राजाका विरुद्ध एक्लै आन्दोलन गर्न सक्ने अवस्थामा थिएनन् । जसले गर्दा माओवादीको साथ आवश्यक थियो । द्वन्द्वका अवस्थामा दलहरूको सरकारले माओवादीमाथि भीषण दमन र प्रहार गरेको थियो भने माओवादीले पनि दलहरूका कार्यकार्तालाई हत्या गर्ने गरेका थिए । यस्तो पृष्ठभूमिमा दुई शक्तिबिचको सहकार्य हुनु नेपाली राजनीतिको नयाँ आयाम थियो । यसै सहकार्यका आधारमा दिल्लीमा भएको बाह्रबुँदे समझदारीलाई संयुक्त राष्ट्र सङ्घलगायत अन्तर्राष्ट्रिय समुदायले स्वागत गरेको थियो । युद्धरत माओवादीसँग दलहरूको सहकार्यले हिंसात्मक पाटोलाई स्वीकार गरेको थियो अर्थात् हिंसात्मक सङ्घर्ष र शान्तिपूर्ण आन्दोलनको समायोजनमार्फत दोस्रो जनआन्दोलन सफल हुन गएको थियो जसका कारण मुलुकमा २५० वर्ष पुरानो इतिहास बोकेको राजतन्त्रको अन्त्य भई मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था स्थापना हुन सम्भव भयो ।

## ४.१३ माओवादी जनयुद्धको आलोचना

नेकपा माओवादीले जनयुद्ध सुरुगर्नु पूर्व शेर बहादुर देउवा नेतृत्वको तत्कालीन सरकारलाई आफ्नो वैधानिक मोर्चा संयुक्त जनमोर्चा नेपालमार्फत ४० सुत्रीय मागहरू पेश गर्दै उक्त माग नभएमा सरकार सत्ताका विरुद्ध हिंसात्मक युद्ध सुरु गर्ने चेतावनी दिएका थिए । जनमोर्चाका अधिकांश मागहरू राष्ट्रियतासँग सम्बन्धित मुख्यतः भारतसँग सरोकार राख्ने प्रकारका थिए । उक्त मागहरूलाई सरकारले पूरा गर्न सक्ने हैसियत राख्दैनथ्यो । ती मागहरूमध्ये मुख्यतः १९५० को नेपाल भारतबिचको सन्धिलगायत भारतसँग भएका सम्पूर्ण असमान सन्धि खारेज गर्नुपर्ने, महाकाली सन्धि खारेज गर्नुपर्ने, नेपाल भारत खुला सीमाना बन्द गर्नुपर्ने, नेपालमा भारतीय नम्बर प्लेटका गाडीहरू रोक लगाउनु पर्ने, गोर्खा भर्ती खारेज गर्नुपर्ने, भारतीय सिनेमा तथा पत्रपत्रिका, भिडियोहरू आयातमा रोक लगाउनुपर्ने, नेपालमा काम गर्ने विदेशी कामदारलाई वर्क पर्मिटको व्यवस्था गर्नुपर्ने आदि मागहरू थिए ( Tamang, 2021; P. 44) ।

उल्लेखित मागहरूका आधारमा माओवादीलाई राष्ट्रवादी र भारतवादी शक्तिको रूपमा हेर्न सकिन्छ । तर जनयुद्ध कालको अधिकांश समय माओवादीका मुख्य नेतृत्वसहितका प्रमुख नेताहरूले भारतीय भूमिको उपयोग गरे । २०५५ सालबाट गिरिजाप्रसाद कोइराला नेतृत्वको

सरकारले मओवादी विरुद्ध 'किलोसेराटु' अभियान चलाएपछि प्रचण्ड बाबुरामलगायतका नेताहरूले स्वदेशमा भन्दा भारतीय भूमिमा सुरक्षित महसुस गरी भारतमै बसोबास गर्दै आए । जनयुद्ध सुरु गरेपछि पार्टीको पहिलो केन्द्रीय समितिको बैठक २०५३ असारमा भारतको सिलगुडीमा बसेको थियो । २०५५ सालको दोस्रो विस्तारित बैठक होस् वा २०५७ सालमा भारतको पन्जाबमा सम्पन्न दोस्रो राष्ट्रिय सम्मेलन भारत मै सम्पन्न भएका थिए । जनयुद्धका पक्षमा खुल्लासभा र जुलुसहरू भारतको दिल्लीलगायतका मुख्य सहरहरूमा हुने गर्थे । यसका अतिरिक्त काङ्ग्रेस एमालेका नेताहरूले समेत माओवादी नेताहरूलाई भारतीय भूमिमै भेट्ने र वार्ता गर्ने गर्दथे । माओवादीका यसप्रकारका गतिविधिले उनीहरू भारतबाट सञ्चालित हुन कि भन्ने आशङ्का पनि थियो (शर्मा, २०७५; पृ. ११०-११) ।

भारतमा माओवादी नेताहरू मोहन वैद्य, सी.पी. गजुरेललगायतका नेताहरूको गिरफ्तारी, दोस्रो राष्ट्रिय सम्मेलनले सत्ता सम्बन्धी अघि सारेका अवधारणा वार्ताका लागि प्रस्ताव गरिएका गोलमेच सम्मेलन, अन्तरिम सरकार, संविधानसभाको नारा चुनबाङ बैठकले अघि सारेको लोतान्त्रिक गणतन्त्रको नारा भारतीय विस्तारवाद र साम्राज्यवादसँग माओवादी नेतृत्वले गरेको अघोषित सम्झौता थियो । यसैका वरिपरि रहेर संसद्वादी पार्टीहरूसँग गरिएको बाह्रबुँदे सहमति र त्यसैको जगमा टेकेर गरिएको १९ दिने जनआन्दोलन २०६३ साल वैशाख ११ गतेको युद्धविरामलगायत जनयुद्ध विसर्जन गर्न माओवादी नेतृत्वले गरेको विभिन्न सहमति र सम्झौताहरू सबैका सामु छर्लङ्ग छन् । माओवादी पार्टी शान्ति-प्रक्रियामा आएपछि हिजो जनयुद्धलाई सहयोग गरेका रिम, कम्पोसा लगायतका विभिन्न भाइचारा पार्टीहरूले माओवादीप्रति गम्भीर असहमति जनाइरहेका छन् (बराल, २०६९ पृ. १०५-६) । यसरी माओवादी जनयुद्धका बारेमा त्यही पार्टीमा रहेर युद्ध गरेका व्यक्तिहरूलगायतका विभिन्न लेखक बुद्धिजीवीहरूले समेत आलोचनात्मक टिप्पणी गरेका छन् । यसै सन्दर्भमा उत्तरी छिमेकी चीनले नेपाल सरकारले आतङ्ककारी घोषित गरेको माओवादी पार्टी र यससँग सम्बन्धित व्यक्तिहरूलाई चीन प्रवेशमा रोक लगाउँदै आएको थियो । चीनको भूमिमा पक्राउ परेका सोनाम साङ्बो शेर्पालाई ३ वर्ष ८ महिना कारावासपछि २०६५ साल असार ११ गते रिहा गरेको थियो । माओवादी जनयुद्धलाई नेपालको आन्तरिक मामिला भन्दै आएको चीनले युद्ध चर्किदै गएपछि आतङ्ककारी देख्न पुग्यो (रावल, २०७० साल श्रावण ६ पृ. १६) ।

भारतीय भूमिमा गरिएको १२ कुँदे समझदारीसँगै माओवादीलाई शान्तिपूर्ण राजनीतिमा प्रवेश गर्ने ढोका खुल्यो । २०६३ साल मङ्सिर ५ गते नेपाल सरकार विद्रोही माओवादीबिच विस्तृत शान्ति सम्झौता सम्पन्न भयो । यस सम्झौतासँगै माओवादी जनयुद्ध औपचारिक रूपमा

अन्त्य भएको घोषणा गरियो । जनयुद्ध शान्तिपूर्ण बाटोमा रूपान्तरण गरेको माओवादीको दाबी रहँदै आएको छ । जनवादी क्रान्तिमार्फत् सर्वहारा वर्गको एकलौटी राज्यसत्ता स्थापना गर्ने सपनासहित १० वर्षसम्म हिंसात्मक युद्ध सञ्चालन गरेको माओवादीले संसद्वादी पुँजीवादी व्यवस्थामा विश्राम लिन पुग्यो । माओवादी नेतृत्वले वर्तमान सङ्घीय लोकतान्त्रिक गणतन्त्र जनयुद्धको उपलब्धि रहेको दाबी गरे पनि नेतृत्वको यस निर्णयका विरुद्ध माओवादी पार्टी भित्रैका विभिन्न नेताहरूले क्रान्तिलाई निरन्तरता दिने भन्दै विभिन्न समूहमा विभाजित हुन गएको देखिन्छ । २०६४ सालको पहिलो संविधानसभाको निर्वाचनमार्फत सबैभन्दा ठुलो दलको रूपमा उदाएको माओवादी अन्ततः पार्टीभित्रको वैचारिक विवाद र शान्ति प्रक्रियाप्रतिको बुझाईमा एकरूपता नहुँदा विभिन्न समूहमा विभाजन हुन गई कमजोर अवस्थामा रहन पुगेको छ । राजा ज्ञानेन्द्रले सत्ता हातमा लिएपछि र संविधान सभाको निर्वाचन पछि पुनः नेपाल-चीनबिचको सम्बन्धमा नयाँ आयामको सुरुआत भएको थियो । नेपालको आर्थिक विकासमा प्रमुख सहयोगीको रूपमा चीनले विभिन्न सहयोग गरेको देखिन्छ । चीनले बेल्ट एन्ड रोड इनिसिएटिभ नीतिलाई अगाडि बढाउँदै प्राचीन कालमा सञ्चालनमा आएर विशेष कारणले बन्द हुन पुगेको रेसममार्गलाई पुनः सञ्चालनमा ल्याई एसियाका मुलुकहरूको आर्थिक संवृद्धिमा सहयोग पुऱ्याउने बेल्ट एण्ड रोड इनिसिएटिभको योजना अगाडि ल्याएको छ । चीनबाट प्रस्तुत यो सडक सञ्जालले दक्षिण-पूर्व एसिया, दक्षिण एसिया, मध्यपूर्व र युरोपका राष्ट्रहरूलाई जोड्ने महत्त्वाकाङ्क्षी योजना अगाडि सारेको देखिन्छ । यो योजनाबाट चीनले आफ्नो मात्र होइन एसिया, युरोपका राष्ट्रहरूको समेत आर्थिक प्रवर्द्धन गर्न चाहेको देखिन्छ ।

चिनियाँ कूटनीतिज्ञकाअनुसार चीन नेपालको मार्ग हुँदै दक्षिण एसियासँग भौतिक रूपमा मात्रै जोडिन चाहँदैन संस्थागत अन्तर्राष्ट्रिय र जनस्तरको कूटनीति पनि चाहन्छ । यसका लागि नेपाल पुल बन्न सक्दछ तर नेपालको अवस्था सुध्रिनुको सट्टा झनै बिग्रँदै गएकोमा चीन चिन्तित छ (हुसिसेङ, कान्तिपुर, २०७२ असोज २५) । चीनले तिब्बतको सिगात्सेसम्म रेलमार्गको विस्तार गरिसकेको छ र त्यसलाई नेपालको उत्तरी सीमासम्म विस्तार गर्ने योजनाअनुसार कार्य भइरहेको छ । यसका लागि नेपाल पनि तैयार हुनुपर्दछ (मास्के, २०७९ साउन २३/घिमिरे, २०७९ श्रावण ४) । नेपाल-चीन रेलमार्ग सञ्जालको ठुलो सम्भावना छ, जसले पहिले चीन-नेपालसँग जोडिने छ । त्यसपछि चीनले भारतसँगको विकल्प खोज्ने छ । यसबाट नेपाल मात्रै होइन कि विश्वका ६० वटा मुलुकहरू जोडिने र नयाँ बजारहरू विस्तार हुने र उत्पादनका नयाँ आधारहरू तयार हुनेछन् । यो योजनाबाट भारतमा मध्यमवर्ग विकसित हुनेछन् र उनीहरूको आय-वृद्धि भई आर्थिक क्षमता वृद्धि हुने र उनीहरू पर्यटनका लागि

हिमालय पदयात्रामा आउने छन्, जसबाट यस क्षेत्रले नै फाइदा लिन सक्ने छ भन्ने ठम्याई चीनको रहेको धारणा कूटनीतिज्ञले व्यक्त गरेका थिए (हुसिसेङ, कान्तिपुर, २०७२ असोज २५) । हुसिसेङको विचारमा संविधानसभाको निर्वाचनपछि नेपालमा  जातीय र साम्प्रदायिक द्वन्द्वको बीजारोपण भएको छ र यसमा प्रमुख राजनीतिक दलहरूले सहमति जुटाएर द्वन्द्वको अन्त्य गर्नुपर्दछ । चीन राजनीतिक रूपले स्थिर र एकताबद्ध नेपाल देख्न चाहन्छ । भारत र चीनबिच लिपुलेक र लिम्पियाधुरा भएर जाने व्यापारिक मार्गको सम्झौता गर्दा उक्त क्षेत्रबारे चीन पहिले जानकार थिएन । चीनले लिपुलेकको घटनाले यस्तोप्रतिक्रिया आउला भन्ने सोचेको थिएन । चीनले नेपाली जनताको भावनामाथि जानाजान खेलवाड गर्न चाहँदैन भन्ने विचार व्यक्त गरेका थिए (हुसिसेङ, कान्तिपुर, २०७२ असोज २५) ।

# अध्याय - पाँच

# नेपाल चीन सम्बन्धका नयाँ आयामहरू

## ५.१ विषयपरिचय

प्रस्तुत अध्यायमा गणतन्त्रपश्चात् नेपाल-चीन सम्बन्धमा देखापरेका नयाँ आयामहरूबारे विवेचना गरिएको छ । यस क्रममा नेपालमा गणतन्त्र स्थापनापछिका विभिन्न अवधिमा नेपाल चीन सम्बन्धमा देखापरेका सुरक्षा सम्बन्ध, नेपाल चीनबिचका राजनीतिक सम्बन्ध, कूटनीतिक सम्बन्ध आन्तर्राष्ट्रिय मञ्चमा भएका सहकार्य, आर्थिक सम्बन्ध र सहकार्यउद्योग तथा जलविद्युत् क्षेत्र एवम् नेपालले चीनसँग अपेक्षा गरेका आयोजनाहरू, नेपाल र चीनका रणनीतिक साझेदारी सैन्य सहकार्य सामाजिक-सांस्कृतिक सम्बन्ध लगायतका विविध पक्षहरूको विवेचना गर्दै गणतन्त्रपश्चातको नेपाल चीन सम्बन्धका नयाँ आयामहरूको निरूपण गर्ने प्रयास गरिएको छ ।

## ५.२ नेपालमा गणतन्त्र स्थापनाका पृष्ठभूमि

२०६२ साल चैत्र २४ बाट नेपालमा संयुक्त जनआन्दोलनको सुरुवात भयो हितयारसहितको शक्ति माओवादीको साथ पाएपछि २०६२/०६३ सालको आन्दोलनले उच्च गति प्राप्त गऱ्यो । नेपाली काङ्ग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा सात राजनीतिक दल र माओवादीले संयुक्त आन्दोलनलाई अगाडि बढाए । १९ दिनसम्म चलेको यस आन्दोलनले नेपालबाट २०० वर्ष पुरानो राजतन्त्रलाई सदाका लागि अन्त्य गरी सन् २००६ साल अप्रिल २४ मा मुलुकमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्न सफल भयो ( अधिकारी, २०७४; पृ. ५९०-९१) । निरङ्कुस राजतन्त्रको अन्त्यसँगै माओवादी र सात राजनीतिक दलहरूबिच नेपाली सेना र माओवादी जनमूक्ति सेनालाई संयुक्त राष्ट्र सङ्घको अनुगमनमा समायोजन गर्ने सहमति हुन गयो । जसअनुसार अनमिन नेपालमा आयो । सात राजनीतिक दलहरूका तर्फबाट गिरिजाप्रसाद कोइराला र विद्रोही माओवादीका तर्फबाट अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले बृहत् शान्ति सम्झौतामा २१ नोभेम्बर २००६ मा हस्ताक्षर गरे । जुन नेपालको शान्ति प्रक्रियाका लागि महत्त्वपूर्ण पाइला मानिन्छ । बृहत् शान्ति सम्झौताका लागि चीन र भारत लगायतका छिमेकी राष्ट्रहरूले स्वागत गरे । नेपालमा शान्ति र स्थिरता कायम गर्दै बहुदलीय व्यवस्थालाई संस्थागत गर्न तथा लामो सशस्त्र हिंसालाई अन्त्य गर्नका लागि संविधान सभाको निर्वाचनमार्फत नयाँ संविधान निर्माण गर्ने माओवादी र सात

राजनीतिक दलबिच सहमति भयो । संविधान सभाको पहिलो निर्वाचन २०६४ साल चैत्र २८ गते सम्पन्न भयो । उक्त निर्वाचनमार्फत विद्रोही माओवादी सबैभन्दा ठुलो दलको रूपमा उदय भयो । १८ अगस्टमा माओवादी पार्टीका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' गणतन्त्र नेपालका पहिलो प्रधानमन्त्री बने ।

बदलिँदो परिस्थिति अनुरूप नेपालले चीन, भारतलगायत विश्वका सबै देशहरूसँग मित्रतापूर्ण सम्बन्ध कायम राख्दै आएको छ । यसै क्रममा नेपालले चीनसँगको सम्बन्धलाई पनि मजबुत र विश्वासिलो बनाउँदै चीनको विकास र समृद्धिबाट फाइदा लिने उद्देश्य राख्दै आएको छ ।

## ५.३ गणतन्त्र स्थापनापश्चात् नेपाल चीन सम्बन्ध (सन् २००७ देखि २०२०)

नेकपा (माओवादी) र संसद्वादी पार्टीहरूबिच सन् २००६ साल अप्रिलमा भारतको राजधानी दिल्लीमा १२ बुँदे समझदारी भएपछि संयुक्त जनआन्दोलनको सुरुवात भयो । यो आन्दोलनको सफलतासँगै अन्तरीम संसद्ले २००८ मे २८ तारिखका दिन नेपालबाट राजतन्त्रको अन्त्य गरी गणतन्त्रको घोषणा गऱ्यो । गणतन्त्रको घोषणासँगै नेपालको राजनीति नयाँ युगमा प्रवेश गऱ्यो । बदलिएको राजनीति परिवर्तसँगै नेपालको कूटनीति क्षेत्रमा समेत नयाँ परिवर्तन आउन थाल्यो । नेपालको राजनीतिमा आएको परिवर्तनसँगै नेपालका दुई छिमेकी चीन र भारतलगायत विश्वका अन्य मित्र राष्ट्रहरूसँगको नेपालको सम्बन्ध र उनीहरूको नेपालमाथिको चासो र स्वार्थमा समेत परिवर्तन आउन थाल्यो । नेपालको राजतन्त्रसँग परम्परागत सम्बन्ध रहेको चीनले राजतन्त्रको अन्त्यसँगै आफ्नो नेपाल नीतिमा समेत परिवर्तन गरी नेपालको परिवर्तित राजनीतिक व्यवस्था नेपाली जनताको चाहना र निर्णयअनुसार भएकाले चीनले त्यलाई स्वीकार गर्दै नेपालसँगको सम्बन्धलाई निरन्तरता दिँदै आएको छ । नेपालको सशस्त्र द्वन्द्वप्रति चुपचाप हेरिराखेको चीनले जनआन्दोलनको सफलतासँगै नेपालमाथि धेरै चासो राख्न थाल्यो । उसको यो चासो नेपालमा सक्रिय रहेका अन्य अन्तर्राष्ट्रिय खेलाडी भन्दा भिन्न थियो । सार्वजनिक रूपमा चुपचाप जस्तो देखिए पनि आन्तरिक रूपमा चीनको नेपाल नीति बढी सक्रिय रहन थाल्यो (उप्रेती, सन् २०१०; पृ. २५५) ।

१० अप्रिल २००८ मा नेपालमा संविधानसभाको प्रथम निर्वाचन सम्पन्न भयो । यस निर्वाचनमा विद्रोही नेकपा (माओवादी) सबैभन्दा ठुलो राजनीतिक दलको रूपमा निर्वाचित भयो । संविधान सभामा सबैभन्दा ठुलो निर्वाचित राजनीतिक दलको हैसियतले माओवादीले प्रथम गणतान्त्रिक सरकारको नेतृत्व गर्न पाउनुपर्ने दाबी गऱ्यो । संविधान सभाको निर्वाचनमा

प्रत्यक्षमा जम्मा २४० सिटमध्ये २२० सिटमा बिजय हासिल गरेको नेकपा (माओवादी) सहित संविधान सभाकाको कुल ५६४ सिटमध्ये ५६० जनाको अत्यधिक बहुमतसहित संविधान सभाबाट नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्र भएको घोषणा गरे । चीनले नेपाल र नेपाली जनताको निर्णयलाई स्वागत गर्दै नेपालसँगको सहकार्यलाई अगाडि बढाउँदै लग्यो (अधिकारी, २००९; डिसेम्बर २१, अ रेडकार्पेट वेलकम फर नेपाल पोलीसी) ।

नेपालमा गणतन्त्र स्थापनासँगै चीनले परपरादेखि विश्वास गर्दै आएको शक्ति राजतन्त्रलाई गुमाउन पुग्यो । राजतन्त्रको अन्त्यसँगै बदरिएको नेपालको राजनीतिक परिस्थिति अनुरूप नेपालका सबै राजनीतिक दलहरूसँगको सम्बन्धलाई जोड दिँदै आएको पाइन्छ । अर्काको आन्तरिक मामिलामा अहस्तक्षमको नीति लिएको चीनले नेपालसँगको सम्बन्धलाई सानो ठुलो देशका रूपमा नलिएर समान सार्वभौमिक राष्ट्रका रूपमा व्यवहार गर्दै आएको पाइन्छ ।

संविधान सभामा सबैभन्दा ठुलो दलको हैसियतले सरकारको नेतृत्व गर्न पाउनुपर्ने दाबी गर्दै आएको माओवादीले १५ अगस्ट २००८ मा आफ्नो नेतृत्वमा सरकार बनायो । सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको पहिलो जननिर्वाचित सरकारको प्रधानमन्त्रीमा नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' बने । माओवादी नेतृत्वको सरकारलाई चीन र भारत दुवै ठुला छिमेकीले स्वागत गरे । भारतका प्रधानमन्त्री मनमोहन सिँहले लिखित रूपमा सन्देश पठाउँदै भारत भ्रमणको निम्ता दिएका थिए । यसैगरी चीनले पनि लिखित शुभकामना सन्देश पठायो । नेपालका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड २००८ मा बेइजिङमा आयोजित ओलम्पिक यामको अन्तिम उद्‌घाटन सत्रको कार्यक्रममा भाग लिन २३ अगस्ट २००८ मा प्रस्थान गरे । बेइजिङ ओलम्पिकका विरुद्ध नेपाल स्थित तिब्बती शरणार्थीहरूले काठमाडौँमा विरोध प्रदर्शनको आयोजना गरेका थिए । माओवादी नेतृत्वको सरकारले चीन विरुद्ध भएको उक्त विरोध पदर्शनबाट हजारौं तिब्बतीयन शरणार्थीहरूलाई गिरफ्तार गऱ्यो (द राइजिङ नेपाल, ७ अगस्ट २००८) ।

नेपालको भूमि प्रयोग गरेर चीन विरोधी गतिविधि नहोस् भन्ने चाहना राख्दै आएको चीन र एक चीन नीतिमा अडिग नेपाल सरकारको नीतिका कारण पनि बेइजिङ ओलम्पिकका सन्दर्भमा नेपालमा तिब्बती शरणार्थीहरूले गरेको पदर्शनलाई सरकारले पूर्णरूपमा असफल बनाएको थियो । माओवादी पार्टीको नेतृत्वमा सरकार बन्दासाथ चीनको रुचि माओवादी पार्टीसँग सम्बन्ध बलियो बनाउने र सरकारसँगको सम्बन्धलाई थप प्रभावकारी बनाउने तर्फ

लक्षित भयो । राजतन्त्रलाई आफ्नो स्थायी र भरपर्दो मित्रशक्ति ठान्दै आएको चीनले नेपालमा गणतन्त्र स्थापनापश्चात् आफ्नो स्थायी मित्रको खोजीमा रहेको थियो । यसै प्रसङ्गमा नेपालको संविधान सभाको निर्वाचनमा सबैभन्दा ठुलो दलको रूपमा निर्वाचित माओवादी पार्टी र उसको नेतृत्वको सरकारसँग चीनले सम्बन्ध विस्तार गर्न थाल्यो । नेपालको बद्लिएको राजनीतिक परिस्थितिमा माओवादी पार्टीलाई बेवास्ता गरेर आफ्नो हितको रक्षा हुन नसक्ने देखेपछि चीनले चिनियाँ कम्युनिष्ट पार्टी र नेपाल कम्युनिष्ट माओवादीकाबिच भाइचारा सम्बन्धलाई बलियो बनाउन थाल्यो । माओवादी अध्यक्ष प्रचण्डको नेतृत्वको सरकारका पालमा चिनियाँ प्रतिनिधिमण्डलहरूको नेपाल भ्रमण वृद्धि हुन थाल्यो नेपालमा बढ्दो चिनियाँ सक्रियताबाट दक्षिणी छिमेकी भारतलगायत कतिपय अन्य शक्तिराष्ट्रहरू नेपालप्रति सशकित बन्न पुगे । सन् २००८ डिसेम्बर १देखि ४ सम्म नेपाल भ्रमणमा आएका चिनियाँ विदेशमन्त्री याङ चेइचीले नेपालको सार्वभौम सत्ता र अखण्डता जोगाउन चीनले हरतरहले सघाउने प्रतिबद्धता व्यक्त गर्दै प्रधानमन्त्री पुष्पकमल दाहाललाई चीन भ्रमणको निम्तो दिए । उनले नेपालको फेरिएको राजनीतिक परिस्थिति र शक्ति सन्तुलनलाई ध्यानमा राखेर चीनले नेपालसँगको शान्ति तथा मैत्री सन्धि पुनरावलोकनको प्रस्ताव समेत राखेका थिए । तर नेपालले यस बारेमा कुनै प्रतिक्रिया दिएन (अधिकारी, २०६९; पृ. २३३) ।

सन् २००८ को बेइजिङ ओलम्पिकको उद्घाटन सत्रमा भाग लिनेगरी २००८ अगस्ट २३-२७ सम्म चीनको भ्रमण गरेका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले चीनका उच्चस्तरीय नेताहरू, राष्ट्रपति हु जिन्ताओ, प्रधानमन्त्री वेन जियावाओलगायतका नेताहरूलाई भेट गरेपछि अर्को छिमेकी भारत झस्किन थाल्यो जसका कारण प्रचण्डले चीनको भ्रमण औपचारिक नभएको र आफ्नो पहिलो राजनीतिक भ्रमण भारतबाटै हुने बताउन बाध्य भए । प्रचण्डको यो अभिव्यक्तिबाट चीनसमेत प्रचण्डप्रति सशङ्कित हुन पुगेको थियो (अधिकारी, सरोजराज, ऐ.ऐ.)। गणतन्त्र स्थापनासँगै परिवर्तित नेपालको राजनीतिक परिस्थिति र यहाँको आर्थिक निकासका लागि प्रचण्डले चीनसँग नजिक रहेर अगाडि बढ्न खोजेको सङ्केत गरेका थिए । यसका लागि नेपालमा जोसुकै प्रधानमन्त्री बने पनि भारतबाटै पहिलो राजनीतिक भ्रमण गर्दै आएको परम्परालाई तोड्दै उनले चीन भ्रमण गरेका थिए । गणतन्त्र स्थापनासँगै चीनले नेपालसँगको सम्बन्धलाई  जोड दिँदै चीनले नेपाललाई दिँदै आएको वार्षिक आर्थिक सहयोगलाई वृद्धि गर्दै लग्यो । खासगरी सुरक्षा क्षेत्रमा चीनको सहयोग आकर्षित हुन पुग्यो । सन् २००८ सेप्टेम्बरमा नेपालका रक्षामन्त्री रामबहादुर थापा बादलले चीनको भ्रमण गरे । बादलको चीनको भ्रमणको अवसरमा चीनले नेपाललाई ६२.५ मिलियन अमेरिकन डलर सैन्य सहयोग प्रदान गर्ने निर्णय

गऱ्यो । सन् २००८ डिसेम्बर ६ मा चिनियाँ जनमूक्ति सेनाका प्रमुख सियाओतियानको नेतृत्वमा १० सदस्यीय प्रतिनिधिमण्डलले नेपाल भ्रमण गऱ्यो । यस अवसरमा चीनले नेपाललाई २.६१ मिलियन अमेरिकन डलर सहयोग गर्ने घोषणा गऱ्यो । माओवादी सरकारमा आएपछि चीनले नेपाल नीतिमा ठुलो परिवर्तन गरेको अनुभुति हुन थाल्यो । उसले सुरक्षा क्षेत्रमा बढी चासो दिएर आर्थिक सहयोग गर्न थालेको अनुभुति हुन थाल्यो (जैसवाल, कट इन द इन्डिया चाइना प्राइमरी पोलिसी अप्सन् फर नेपाल) ।

नेपालमा गणतन्त्रको स्थापनासँगै नेपाल नीतिमा व्यापक परिवर्तन गर्दै चीनले नेपालको आन्तरिक राजनीतिमा कायम रहेको भारतीय प्रभावलाई कम गर्ने उद्देश्यले आर्थिक सहयोग तथा पूर्वाधार विकासका सहयोगलाई तीव्रता दिन थाल्यो । नेपालमा चिनियाँ सक्रियताबाट भारत त्यति सन्तुष्ट हुन सकिरहेको थिएन । यसै सन्दर्भमा १४ सेप्टेम्बर २००८ मा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले भारतको २ दिने औपचारिक भ्रमण गरे । भारतका प्रधानमन्त्री मनमोहन सिँहको निमन्त्रणमा भएको यस भ्रमणमा १९५० का सन्धिसहित अन्य दुईपक्षीय सम्झौताहरूलाई पुनरावलोकन गर्ने सहमतिसहित दुवै देशले संयुक्त प्रेस विज्ञप्ति जारी गरे ( हमाल, २०१४) । नेपालको भूराजनीतिक अवस्थितितिर छिमेकीहरूको नेपालमाथिको स्वार्थ र प्रतिस्पर्धाका कारण नेपालको आन्तरिक राजनीति प्रभावित बन्न थाल्यो । माओवादी नेतृत्वमा रहेको सरकारको चीनसँगको निकटता र चीनको नेपालमा बढ्दो प्रभावको अर्थ लगाउँदै भारतीय कूटनीतिज्ञहरूले भारत नेपालमा आफ्नो प्रभाव कायम राख्न सक्रिय हुनुपर्ने निश्कर्ष निकाल्दै नेपालमा माओवादी नेतृत्वको सरकारका विरुद्ध विभिन्न प्रकारका षड्यन्त्रहरू सुरु हुन थाले जसको परिणाम सरकारको आदेश र निर्देशनको अवज्ञा गर्ने तत्कालीन नेपाली सेनाका प्रमुख रुक्माङ्गत कटुवाललाई प्रचण्ड नेतृत्वको सरकारले कारवाही गऱ्यो । उनका ठाउँमा कुलबहादुर खड्कालाई सेनापति नियुक्ति गऱ्यो । सरकारको यो निर्णयलाई कार्यान्वयन गर्न तत्कालीन राष्ट्रपति रामवरण यादव तयार नभएपछि प्रधानमन्त्री प्रचण्ड नैतिक सङ्कटमा परे जसका कारण प्रचण्डले नागरिक सर्वोच्चताको अपमान भएको भन्दै त्यसको वहालीका लागि सङ्घर्ष गर्ने घोषणासहित सन् २००९ मे ४ मा प्रधानमन्त्री पदबाट राजीनामा दिए । प्रचण्ड सरकारले सेनापतिलाई कारवाही गर्ने निर्णय कार्यान्वयन नगर्नका लागि भारतले महत्त्वपूर्ण भूमिका खेलेको र चीन प्रतिक्रिया विहीन अवस्थामा रहेको तथ्य एस.डी. मुनिले स्वीकार छन् (Muni, 2012) ।

गणतन्त्र स्थापनासँगै सुरुका वर्षहरू सन् २००८-२००९ सालको अवधिमा चीनले नेपालको पूर्वाधार विकास, सुरक्षालगायत धेरै क्षेत्रमा ठुलो आर्थिक सहयोग गरेको थियो ।

यसका साथै चीनले नरम शक्तिको रूपमा संस्कृति आदानप्रदान, चिनियाँ भाषाको कक्षा सञ्चालन, विभिन्न क्षेत्रका भ्रमणहरूलाई समेत जोड दिएको पाइन्छ । खासगरी व्यापार तथा लगानीको क्षेत्रमा समेत उल्लेखनीय वृद्धि भएको पाइन्छ । नेपालमा बढ्दो राजनीतिक अस्थिरताको मुख्य कारण भारतीय प्रभावलाई ठान्दै आएको चीनले गणतन्त्र स्थापनासँगै नेपालको आन्तरिक तथा बाह्य गतिविधिमा गहिरो चासो राख्न थाल्यो । यसो गर्नु चीनको राष्ट्रिय स्वार्थसँग जोडिएको थियो (निहार पी नायक) । प्रचण्डले प्रधानसेनापति काण्डमा नैतिकताको कारण देखाई राजीनामा दिएपछि सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको दोस्रो प्रधानमन्त्रीमा २०६६ साल जेष्ठ ३ गते नेकपा एमालेका नेता माधवकुमार नेपाल नियुक्त भए । प्रत्यक्ष निर्वाचनमा दुई-दुई ठाउँबाट हारेका तर संविधान सभामा मनोनीत सभासद्को रूपमा रहेका माधवकुमार नेपाललाई संविधान सभाको ६०१ जना सभासद् मध्ये ३०१ जनाले समर्थन गरेका थिए (अधिकारी, २०७६, पृ. ६०३) ।

प्रधानमन्त्रीबाट राजीनामा दिएर नागरिक सर्वोच्चताको बहालीको विषयलाई लिएर सडक आन्दोलनमा लागेको माओवादी निरन्तर रूपमा माधवकुमार नेपालको राजीनामा र बर्खास्तीको माग उठायो । माओवादीको सडक आन्दोलनको सामना गर्दै सरकारको नेतृत्व गरेका माधवकुमार नेपालले १८ अगस्ट २००९ मा भारतको ५ दिने औपचारिक भ्रमण गरे । यसैगरी २६-३१ डिसेम्बर २००९ मा प्रधानमन्त्री नेपालले चीनको भ्रमण गरे । चीन भ्रमणको क्रममा दुवै देशबिच एकअर्काको सार्वभौमसत्ता अखण्डताको सम्मान गर्दै एकअर्काका उपयुक्त चासोहरूलाई सम्बोधन गर्ने तथा नेपालमा उत्पादित सामानहरूमा सुन्य भन्सार दरको सुविधा दिने सहमति भयो (श्रेष्ठ, २०१५; पृ. २) । पार्टीभित्रको आन्तरिक विवाद र माओवादी सडक आन्दोलनको दवाबका कारण ३० जुन २०१० मा प्रधानमन्त्री पदबाट नेपालले राजीनामा दिए । तर तत्काल सरकार बन्ने स्थिति नभएपछि राजीनामा दिएका माधवकुमार नेपालले कामचलाउ प्रधानमन्त्रीको रूपमा करिब ९ महिना सरकार सञ्चालन गरे ।

माधवकुमार नेपालले राजीनामा दिएको करिब ९ महिनापछि ६ फेब्रुअरी २०११ सालमा नेकपा एमालेका अध्यक्ष झलनाथ खनाल सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको तेस्रो प्रधानमन्त्री बने । नेकपा एमाले र नेकपा माओवादीबिच ६ बुँदे सहमति गरी माओवादीकै समर्थनमा झलनाथ खनाल प्रधानमन्त्री बनेका थिए । माओवादीसँगको अविश्वासका कारण झलनाथ खनालले करिब १ महिनापछि माओवादीलाई सहभागी बनाएर सरकार बनाएका थिए । पार्टी भित्र बाहिरको विवादका कारण संविधान निर्माण र शान्ति प्रक्रियाका कार्यहरू अगाडि बढ्न सकेनन् । मुलुकको कूटनीतिक क्षेत्रमा मुख्य दुई छिमेकी चीन र भारतको औपचारिक

भ्रमण गर्न समेत नपाएका खनालले २०६८ साल श्रावण २९ गते प्रधानमन्त्री पदबाट राजीनामा दिए । झलनाथ खनालको राजीनामापश्चात् मुलुकमा सहमतिको सरकार निर्माणको कसरत सुरु भयो तर त्यस्तो सम्भावना नभएपछि संसद्मा मतदान प्रक्रियाबाट प्रधानमन्त्रीको निर्वाचन गर्ने सहमति भयो । प्रधानमन्त्रीको निर्वाचनमा नेपाली काङ्ग्रेसका नेता रामचन्द्र पौडेललाई १५० मतले पराजित गरी ३४० मतका साथ २९ अगस्ट २०११ मा माओवादी नेता डा. बाबुराम भट्टराई सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको चौथो प्रधानमन्त्रीको रूपमा निर्वाचित भए । ( अधिकारी, पृ.-६०९) । २९ अगस्ट २०११ सालमा प्रधानमन्त्री भएपछि बाबुराम भट्टराईले २२-२३ अक्टोबर २०११ सालमा भारतको भ्रमण गरे । भारत भ्रमणको अवसरमा उनले भारतसित विप्पा (दुईपक्षीय लगानी पवर्द्धन तथा सुरक्षा सम्बन्धी सन्धि) गरेर फर्किए । यो सन्धि गर्दा उनले नेपाल सरकार र आफ्नो पार्टीभित्र कुनै पनि छलफल र सल्लाह नगरी आफ्नो निर्णयमा गरेका कारण उनी आफ्नो पार्टीभित्र र बाहिर आलोचनाको पात्र बन्न पुगे । भारतसँग गरेको बिप्पा सम्झौता जस्तै वा यसतै प्रकृतिका सन्धि नेपालसँग गर्न चिनियाँ पक्षले चाहना व्यक्त गरेको र उक्त सन्धि चीनका प्रधानमन्त्री बेन जियाबाओको नेपाल भ्रमणको अवसरमा गर्ने चिनियाँ प्रस्तावलाई प्रधानमन्त्री बाबुराम भट्टराईले वास्ता गरेनन् । चीनका प्रधानमन्त्री बेन जीयाबाओ २०११ डिसेम्बर २० मा नेपालको भ्रमणमा आउन चाहेको कुरा नेपाल सरकारलाई जानकारी गराएका थिए तर नेपाल सरकारले सुरक्षाको प्रत्यभुति दिन नसक्ने आसय चीन सरकारलाई पठाएपछि चिनियाँ प्रधानमन्त्रीको नेपाल भ्रमण रोकिन पुग्यो । चीनका प्रधानमन्त्रीको भ्रमण रद्द भएसँगै भट्टराई नेतृत्वको सरकारसँग चीनको सम्बन्धमा केही चिसोपन आउन थाल्यो ।

चीनसँगको सम्बन्ध सुधार गर्न भट्टराईले तत्कालीन विदेशमन्त्री नारायणकाजी श्रेष्ठलाई चीन भ्रमणमा पठाए । चिनियाँ प्रधानमन्त्रीको नेपाल भ्रमण गराउन र त्यसका लागि सुरक्षा व्यवस्था मिलाउने ग्यारेन्टी गर्ने विश्वास चिनियाँ पक्षलाई दिलाउन गृहमन्त्री विजय गच्छेदारलाई भट्टराईले चीन पठाए । प्रधानमन्त्री बेन जियावाओको भ्रमणको अवसर पारेर नेपाल स्थिति चिनियाँ शरणार्थीहरूले कालो झण्डासहित विरोध प्रदर्शन गर्ने र आत्मदाह समेत गर्ने तयारी गरेको कुरा नेपालस्थित चिनियाँ गुप्तचरहरूले चीन सरकारलाई रिपोर्टलाई बेइजिङले विश्वासमा लिएको थियो (निहार नायक) जसका कारण चीनका प्रधानमन्त्रीको भ्रमण तय हुन गाह्रो भएको थियो । नेपालसँगको सम्बन्धलाई सुधार गर्न चीनकी उपविदेशमन्त्री फु पिङ २०११ अगस्ट १२ मा नेपाल भ्रमणमा आइन् । उनले प्रधानमन्त्री बाबुराम भट्टराईलाई भेटी चीनका प्रधानमन्त्री आगामी जनवरीमा नेपाल भ्रमणमा आउन चाहेको जानकारी गराउँदै चीनसँग गरिने विप्पा सम्झौताको मस्यौदालाई अन्तिम रूप दिन आग्रह गरिन् । तर भट्टराईले त्यसमा खासै

रुचि देखाएनन् । चीनका प्रधानमन्त्रीको नेपाल भ्रमणको अवसरमा सुरक्षा चुनौती रहेको आसयको अभिव्यक्ति सरकारका मन्त्रीहरूले नै दिन थालेका थिए जसका कारण नेपाल चीन सम्बन्धले गति लिन सकेन । चीनसँगको सम्बन्ध सुधार गर्न प्रयत्न गर्दै आएका प्रधानमन्त्री बाबुराम भट्टराईले सन् २०१२ जुन १३-२२ सम्म ब्राजिलको रियो दि जेनेरियोमा आयोजना भएको दिगो विकासका लागि संयुक्त राष्ट्र सङ्घीय सम्मेलनमा भाग लिन गएको अवसर पारी चीनका प्रधानमन्त्रीलाई भेट्ने कोसिस गरे । तर सफल हुन सकेन । यसैबिच बाबुरामले प्रधानमन्त्रीको रूपमा चीनको भ्रमणको निम्ताको लागि निकै कोसिस गरे । तर चीनबाट त्यस्तो औपचारिक निम्ता पनि प्राप्त हुन सकेन । सन् २०१२ जुलाई ३० मा नेपाल भ्रमणमा आएका दक्षिण एसिया हेर्ने चिनियाँ उप-विदेशमन्त्रीले नेपाल जातीय सङ्घीयतामा जान नहुने भन्दै विभिन्न राजनीतिक दलका नेताहरूलाई भेटेर सुझाव दिएका थिए । तर उनले प्रधानमन्त्री भट्टराईलाई नभेटी चीन फर्केका थिए (अधिकारी, २०७६, पृ. ६१५) ।

नेपाल चीनबिच बिग्रँदै गरेको सम्बन्ध सुधार गर्न प्रधानमन्त्री भट्टराईले विभिन्न माध्यमबाट कोसिस जारी राखे । यसैबिच उनको निमन्त्रणामा चीनका प्रधानमन्त्री बेन जीयावाओ २०१२ जनवरी १४ मा नेपालको भ्रमणमा आए । जम्मा ४ घण्टा नेपाल बिताएका चिनियाँ प्रधानमन्त्रीले राष्ट्रपति रामवरण यादवलगायत प्रमुख दलका शीर्ष नेताहरूलाई भेट गरेका थिए । यस भ्रमणको अवसरमा नेपालको भौतिक पूर्वाधार र शान्ति प्रक्रियाको लागि आर्थिक सहयोग गर्न चीन तयारदेखिएकाले दुई देशबिच सहयोगमा  हस्ताक्षर भयो । दुई पक्षीय वार्तामा बिप्पा सम्झौता बारे पनि छलफल भएको थियो । तर छलफलले सार्थकता पाउन सकेन (खनाल, पृ. २५३) । भट्टराई नेतृत्वको सरकारका पालामा नेपाल र चीनबिचको आपसी सम्बन्धमा केही उतारचढाव आएका कारण चीनले सयौं माओवादी नेता कार्यकर्ताहरूलाई आतिथ्य प्रदान गर्दै चीन भमण गराइरहेको अवस्थामा बाबुराम भट्टराईले प्रधानमन्त्री हुँदा चीन भ्रमणको निम्ता पाउन सकेनन् । यसैबिच बाबुराम भट्टराईले २०६९ जेठ १४ गते संविधान सभाको विघटन गरे । सन् २०१३ मार्च १३ मा प्रधानमन्त्री पदबाट राजीनामा दिए । बाबुरामको राजीनामापश्चात् नेपालमा पहिलोपल्ट राजनीतिक दलभन्दा बाहिर सर्वोच्च अदालतको बाहालवाला प्रधानन्यायाधीश खिलराज रेग्मीको अध्यक्षतामा मन्त्रीमण्डल गठन गर्न राजनीतिक दलहरू सहमत भए (अधिकारी, २०७६; पृ. ६१३) ।

राजनीतिक दलहरूबिचको चरम अविश्वासका बिच प्रधानन्यायाधीश खिलराज रेग्मीको नेतृत्वमा सरकार बन्न पुग्यो । पहिलो संविधान सभाको विघटन भएको जटील राजनीतिक परिस्थितिमा खिलराज रेग्मीले दोस्रो संविधान सभाको निर्वाचन गराउने चुनौतीपूर्ण जिम्मेवारी

बहन गर्नुपर्ने दायीत्व एकातिर थियो भने अर्कोतर्फ बहालवाला न्यायाधीशलाई सरकार प्रमुख बनाउनु शक्ति पृथकीकरणको सिद्धान्त विपरीत भएको र सरकार निर्दलीय ढाँचाबाट अगाडि बढेको भनी चौतर्फी आलोचना हुन थाल्यो । आलोचना र जटिल राजनीतिक परिस्थितिका बिच २०७० साल मंसिर ४ गते खिलराज रेग्मी नेतृत्वको सरकारले दोस्रो संविधान सभाको निर्वाचन सम्पन्न गरी दलहरूलाई नयाँ संविधान निर्माण गरी जारी गर्ने जिम्मेवारी सुम्पिन सफल भयो । आफूलाई दिएको जिम्मेवारी कुशलतापूर्वक पूरा गरी खिलराज रेग्मीले २०७० साल पौष २८ गते मन्त्रीपरिषद्को अध्यक्षबाट राजीनामा दिए (अधिकारी, २०७६; पृ. ६१४) । खिलराज रेग्मीको राजीनामासँगै संविधान सभा तथा व्यवस्थापिका संसद्बाट नेपाली काङ्ग्रेसका सभापति सुशील कोइराला २०१४, फेब्रुअरी १२ मा प्रधानमन्त्रीमा निर्वाचित भए । संसद्मा सबैभन्दा ठुलो पार्टी भएको नेपाली काङ्ग्रेसलाई दोस्रो ठुलो दल नेकपा एमालेको सहयोग र समर्थनमा उनी प्रधानमन्त्री भएका थिए । प्रधानमन्त्री भएसँगै उनले समयमै संविधान जारी गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए (अधिकारी, २०७६; पृ. ६१५) ।

प्रधानमन्त्री भएसँगै सुशील कोइरालालले मे २०१४ मा काठमाडौं स्थित विभिन्न कूटनीतिज्ञहरूसँग बैठक गरे । उनले नेपालको आफ्नो सरकारको विदेशनीति आफ्नो नजिकका छिमेकी चीन र भारतसँको सम्बन्धलाई सुदृढ बनाउन महत्त्व दिने कुरामा जोड दिए (श्रेष्ठ, सन् २०१५, पृ. १२४) । सन् २०१४ मा चीनले नेपाल सरकारलाई बिना सर्त आपसी हितका आधारमा ठुलो आर्थिक सहयोग गऱ्यो । चीन सरकारले यस्तो सहयोगमा प्रतिवर्ष २०० देखि २५० मिलियन आरएमबी वृद्धि गर्दै लग्यो । सन् २०१५ मा नेपाल चीनबिच औपचारिक रूपमा सम्बन्ध स्थापना भएको ६० औं वर्षगाँठ दुवै देशका सरकारले भव्यताका साथ मनाए । सन् २०१४ मा चिनियाँ कम्युनिष्ट पार्टीका अन्तर्राष्ट्रिय विभागका उपमन्त्री चेन फेङ सियानले नेपाल नेपाल भ्रमण गरे । भ्रमण गरी प्रधानमन्त्री सुशील कोइराला सहित शीर्ष नेताहरूलाई भेट गर्दै दुई देशबिचको सम्बन्धका बारेमा छलफल गरेका थिए । सन् २०१५ अप्रिल २५ मा नेपालमा विध्वंशकारी भूकम्प गयो । यस भूकम्पबाट नेपालमा ठुलो जनधनको क्षति हुन पुग्यो । यस भूकम्पमा जनताको उद्दार गर्नका लागि २०१५ अप्रिल २६ गते चीनले उद्दार टोली नेपाल पठायो । २०१५  मई २१-२२ गते चीनका विदेश सहायक मन्त्री लिउ ज्यान्चोले नेपाल भ्रमण गरे । नेपाललाई परेको विपतमा चीनले औषधि, खाद्य पदार्थ, उद्दार उपकरण, उद्दार टोली र विशेषज्ञहरूको टिम नेपाल पठाई उद्दारमा सहभागी बन्यो । यसका लागि चीनले नेपाललाई ३ बिलियन आरएमबी अनुदान सहयोग गरेको थियो । नेपालले सन् २०१५ जुन २५ मा भूकम्पले पुऱ्याएको क्षतिलाई पुनःनिर्माण गर्न काठमाडौंमा दाता सम्मेलन गऱ्यो । उक्त सम्मेलनमा

चीनका विदेश मन्त्री वाङ यी सहभागी हुन नेपाल आएका थिए (नेपाल सरकार परराष्ट्र मन्त्रालयको प्रतिवेदन, २०१६ जुन)।

नेपाल र चीनबिचको कूटनीतिक सम्बन्धको ६० वर्ष लामो इतिहासमा चीन निरन्तर रूपमा असल छिमेकी र दु:ख सुखका साथीका रूपमा नेपाललाई सहयोग गर्दै आइरहेको देखिन्छ। २०१५ सेप्टेम्बर २० मा नेपालले नेपालको संविधान २०७२ लाई संविधान सभाबाट जारी गऱ्यो। नेपालले जारी गरेको संविधानलाई चीन सरकारले स्वागत गऱ्यो। यसका साथै अन्तर्राष्ट्रिय समुदायले समेत नेपालको नयाँ संविधानलाई स्वागत गरेका थिए। तर नेपालको लामो राजनीतिक सङ्घर्षको उपलब्धिलाई संस्थागत गर्दै आएको नेपालको संविधान २०७२ लाई भारतले आफ्नो असन्तुष्टि व्यक्त गर्दै नेपाल विरुद्ध आर्थिक नाकाबन्दी लगाउन पुग्यो। प्रधानमन्त्री सुशील कोइरालाको निमन्त्रणामा नेपाल भ्रमण गरेका भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले नेपालको संसद्मा गरेको बाचा विपरीत नेपाल नेपाली जनता विरुद्ध आर्थिक नाकाबन्दी गर्न पुग्यो। भारतले खासगरी भारतीय जनता पार्टीको चाहना हिन्दुराज्य बनाउनुपर्ने आन्तरिक चाहना थियो। तर नेपाल धर्मनिरपेक्ष राष्ट्र घोषणा भएपछि भारतले मधेसी जनताको मागलाई सम्बोधन गर्न नसकेको भनेर निउँ खोज्दै तराईका क्षेत्रहरू र भारतीय सीमाहरूमा मधेसी जनतालाई आन्दोलनमा उत्रन सहयोग गर्दै सीमावारीका मधेसी नेपालीले सीमापारी गएर नेपालतिर प्रहार गर्ने कार्यमा भारत प्रत्यक्ष संलग्न हुन थाल्यो जसले गर्दा केही समय नेपालको तराई क्षेत्रमा अशान्ति हुन गई कयौँ जनधनको क्षति हुन गयो (जयराज अहिराजसँगको अन्तर्वार्ता, इमेज टेलिभिजन, कात्तिक २५)।

भारतले नेपाल विरुद्ध विभिन्न समयमा नकाबन्दी गर्दै आफ्नो प्रभूत्व कायम राख्न कोसिस गर्दै आइरहेको छ। यसका लागि उसले नेपाल विरुद्ध मधेसी कार्ड नेपालमा भारतीय नागरिकको सुरक्षाको कार्ड, सन् १९५० को सन्धि तथा व्यापार पारवहन सन्धिलगायतका विभिन्न कार्डहरू प्रयोग गर्दै आइरहेको छ तथापि नेपालमाथि गरिने यसप्रकारका व्यवहार भारतको बेलायतकालीन औपनिवेशिक चेतनाको उपज हो भन्न सकिन्छ। नेपाल भारतबिचको सम्बन्ध ऐतिहासिक सांस्कृतिक आधारमा अगाडि बढ्दै आइरहेको छ। नेपाल जस्तो सानो भु-परिवेष्टित राष्ट्रले आफ्ना दुवै छिमेकीसँग राम्रो सम्बन्ध राख्न चाहन्छ। भारत जस्तो नजिकको छिमेकीले नेपाल माथि मात्र उसका अन्य छिमेकीसँग गर्ने व्यवहारले समेत भारत दक्षिण एसियामा बढी आलोचित बन्दै गइरहेको देखिन्छ। त्यसैले भारतले आफ्नो प्रभूत्ववादी व्यवहारमा सुधार ल्याउन जरुरी देखिन्छ। नेपालले नयाँ संविधान जारी गरेसँगै उत्पन्न परिस्थितिकाबिच प्रधानमन्त्री सुशील कोइरालाले प्रधानमन्त्री पदबाट राजीनामा दिए। उनको

राजीनामा पछि ११ अक्टोबर २०१५ मा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली नेपालको प्रधानमन्त्री बने । संसद्मा नेपाली काङ्ग्रेसका सभापति सुशील कोइरालालाई पराजित गर्दै उनले मधेसवादी दल र राष्ट्रिय प्रजातन्त्र पार्टीको सहयोगमा संयुक्त सरकारको नेतृत्व गरेका थिए । उनले २०१६ अगस्टसम्म जम्मा १० महिना सरकार सञ्चालन गरेका थिए । नाकाबन्दीबाट सृजित विषम परिस्थितिमा सरकार सञ्चालन गर्नुपरेका कारण उनले भारतमाथि नेपालको परनिर्भरताको विकल्प खोज्न सुरु गरे । झण्डै ६ महिनासम्म भारतीय नाकाबन्दीको सामना गर्दै मुलुकमा सृजना भएको अभाव र समस्यालाई हल गर्न चीनसँग सहयोगका लागि अनुरोध गरे । यसै परिस्थितिमा ओली नेतृत्वको सरकारले चीनसंग व्यापार तथा पारवहन सन्धि गर्ने तयारी गर्न थाल्यो । प्रधानमन्त्री केपी शर्मा ओलीले २०१६ मार्च २०-२६ सम्म चीनको औपचारिक भ्रमण गरे । उक्त भ्रमणको अवसरमा नेपाल र चीनबिच व्यापार तथा पारवहन सन्धि सम्पन्न भयो । चीनले पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका लागि ऋण सहयोग गर्ने सहमति भयो । यसका साथै दुवै देश एक-अर्काको सार्वभौमसत्ता भौगोलिक अखण्डता, स्वतन्त्रताको सम्मान गर्ने चीन विरुद्ध नेपाली भूमिको प्रयोग गर्न नदिने सहमति भयो । ( परराष्ट्र मन्त्रालयको प्रतिवेदन, २०१६) ।

प्रधानमन्त्री केपी शर्मा ओलीले चीन भ्रमणको अवसरमा चीनमा आयोजित बोआओ सम्मेलनलाई सम्बोधन गरेका थिए । नेपाल सांघाई सहयोग सङ्गठनमा प्रवेश गर्नेबारे दस्ताबेजमा हस्ताक्षर गरेका थिए । केपी शर्मा ओली नेतृत्वको सरकारले चीनसँग गरेका व्यापार पारवहन सन्धिलगायत अन्य सहमतिहरूले नेपाल र चीनबिचको सम्बन्धमा नयाँ युगको सुरुवात गरेको पाइन्छ । यस सन्धिसँगै नेपालमा बढ्दो भारतीय हस्तक्षेप र दबाबलाई कम गर्दै दुवै देशबिच सन्तुलनकारी सम्बन्ध कायम राख्न महत्त्वपूर्ण भूमिका खेलेको छ । कालापानी र लिपुलेक समेतलाई समेटेर सर्वसम्मतीबाट संसद्बाट नेपालको चुच्चे नक्सा जारी गरेर केपी शर्मा ओली नेतृत्वको सरकारले आफ्नो देशको भौगोलिक अखण्डताको रक्षामा महत्त्वपूर्ण ऐतिहासिक कदम चालेको थियो । उनले ३ अगस्ट २०१६ मा पदबाट राजीनामा दिए । नेपालको प्रधानमन्त्रीमा माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड दोस्रो कार्यकालको रूपमा प्रधानमन्त्रीको रूपमा नियुक्त भए । उनी प्रधानमन्त्रीमा नियुक्त भएसँगै भारतसँगको सम्बन्धलाई सुधार गर्नमा जोड दिए । त्यसका लागि उनले चीन र भारत दुवै देशमा प्रधानमन्त्रीका विशेष दूतका रूपमा दुईजना व्यक्तिहरू क्रमशः उपप्रधानमन्त्री तथा अर्थमन्त्री कृष्णबहादुर महरालाई चीन र नेपाली काङ्ग्रेसका नेता उपप्रधान तथा गृहमन्त्री विमलेन्द्र निधिलाई भारत पठाएका थिए । दुवै नेताहरूले दुई छिमेकीसँगको सम्बन्धलाई थप विश्वासिलो बनाउने र खास गरी

भारतसँगको अनावश्यक समस्यालाई हल गरी अगाडि बढ्न नयाँ सरकारको चाहना रहेको निधिले बताएका थिए (द हिमालयन टाइम्स, २०१६, अगस्ट २०) ।

भारतका लागि विशेष दूतका रूपमा उपप्रधान तथा गृहमन्त्री विमलेन्द्र निधिले भारतका विदेशमन्त्री सुस्मा स्वराज, गृहमन्त्री राजनाथ शाह, राष्ट्रपति प्रणव मुखर्जीलगायतका नेताहरूलाई भेट गरी दुई देशबिचको उत्पन्न समस्या समाधानका लागि वार्ता गरेका थिए । ( कान्तिपुर, २०१६, अगस्ट २०) । २०१६ सेप्टेम्बरमा प्रधानमन्त्री प्रचण्डले भारतको औपचारिक भ्रमण गरे । भारतका राष्ट्रपति प्रणव मुखर्जीले २०१६ नोभेम्बरमा नेपाल भ्रमण गरे भने नेपालका राष्ट्रपति विद्यादेवी भण्डारीले २०१७ अप्रिल १७-२१ भारतको भ्रमण गरिन् । भारत भ्रमणमा राष्ट्रपतिलगायत राजनीतिक दलका शीर्ष नेताहरूसित सिष्टाचार भेटवार्ता गरेकी थिइन (हिमालय टाइम्स, २०१७ अप्रिल १९) ।

प्रचण्ड नेतृत्वको सरकारले भारतसँगको सम्बन्धलाई केही सुधार गर्दै प्रधानमन्त्री प्रचण्डले सन् २०१७ मार्च २३ देखि २९ सम्म चीनको औपचारिक भ्रमण गरे । स्थानीय निकायको निर्वाचन सम्पन्न गरी नेपाली काङ्ग्रेससँगको सत्ता साझेदारीको सहमतिअनुसार प्रधानमन्ती पदबाट राजीनामा दिई शेरबहादुर देउवालाई सत्ता हस्तान्तरण गरे । प्रचण्डले राजीनामा गरेपछि ६ जुन २०१७ मा प्रधानमन्त्रीमा शेरबहादुर देउवा नियुक्त भए । प्रधानमन्त्रीमा नियुक्त भएसँगै शेरबहादुर देउवाले भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको निमन्त्रणामा भारतको ५ दिने भ्रमण गरे । २०१७ अगस्ट २३-२७ सम्म भएको भ्रमणसँगै नेपालमा आसन्न संसदीय र प्रदेश स्तरको निर्वाचनको तयारीमा सरकार रहेकाले छिमेकीको सकारात्मक सहयोगका लागि आग्रह गरे । मुख्यतः आमनिर्वाचन सम्पन्न गर्ने जिम्मेवारी पाएका देउवा नेतृत्वको सरकारले २०१७ नोभेम्बर २६ र २०१७ डिसेम्बर ७ गरी दुई पटकमा आमनिर्वाचन सम्पन्न गरेको थियो । आफ्नै सरकारमा रहेको माओवादी पार्टी विपक्षी नेकपा एमालेसँग बाम गठबन्धन बनाएर निर्वाचनमा सहभागी बन्यो जसका कारण देउवा आफैले बनाएको निर्वाचनमा नेपाली काङ्ग्रेसले पराजय भोग्न पऱ्यो । वाम तालमेल गरेर निर्वाचनमा सहभागी भएका नेकपा एमाले र नेकपा माओवादी केन्द्रले झण्डै दुई तिहाई नजिकको मतभारले निर्वाचनमा विजय हासिल गरेको र त्यसमध्ये एमाले सबैभन्दा ठुलो पार्टी भएकाले नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा वामपन्थी गठबन्धनको सरकार भएपछि शेरबहादुर देउवाले प्रधानमन्त्री पदबाट राजीनामा दिए । उनले राजीनामा दिएसँगै २०१८ फेब्रुअरी १५ मा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा नयाँ निर्वाचित बाम सरकार बन्यो । केपी शर्मा ओली दोस्रो पटक नेपालको प्रधानमन्त्री बन्न पुगे । आफ्नो अघिल्लो

कार्यकालमा भारतले लगाएको नाकाबन्दीको डटेर समाना गर्दै चीनसँगको सम्बन्धलाई सुमधुर बनाएका ओलीले आफू दोस्रो पटक प्रधानमन्त्री हुँदा विगतमा भारतसँग चिसिएको सम्बन्धलाई सुधार गर्ने आफ्नो पहिलो औपचारिक राजनीतिक भ्रमण भारतबाट सुरु गरे (अधिकारी, पृ. २६८) ।

२०१८ जुन १९ का दिन प्रधानमन्त्री केपी शर्मा ओली ६ दिने औपचारिक चीन भ्रमणमा प्रस्थान गरे । भ्रमणको क्रममा ओलीले चिनियाँ समकक्षी प्रधानमन्त्री ली क्वाङसँग दुईपक्षीय वार्ता गरेका थिए । वार्तामा दुई पक्षीय सहकार्य कनेक्टीभीटी, व्यापार, पर्यटन तथा लगानी प्रवर्द्धन बीआरआईको कार्यान्वयनलगायत १४ वटा सहमति पत्रमा २१ जुन २०१८ मा हस्ताक्षर भई संयुक्त विज्ञप्ति जारी भएको थियो (परराष्ट्र मन्त्रालय, प्रेस विज्ञप्ति) । यसैगरी सन् २०१९ अक्टोबर १२-१३ गते चीनका राष्ट्रपति सी जिनपिङले नेपालको २ दिने भ्रमण गरे । चिनियाँ राष्ट्रपतिको यो भ्रमण २३ वर्षपछि नेपालमा भएको उच्च स्तरीय भ्रमण हो । राष्ट्रपति सीले नेपालका राष्ट्रपति विद्यादेवी भण्डारी, प्रधानमन्त्री केपी शर्मा ओलीलगायत प्रमुख राजनीतिक दलका शीर्ष नेतासँग भेटवार्ता गरेका थिए । भ्रमणको अवसरमा राष्ट्रपति सीले नेपालको भूपरिवेष्टित मुलुकबाट भुजडित मुलुक बन्ने चाहनालाई चीनले सहयोग गर्ने प्रतिबद्धता जनाउँदै उत्तरी नाकाहरू खोली चीन नेपाल बहुउद्देश्यीय हिमालय सीमापार रेलमार्गको योजना, केरुङ-काठमाडौँ-लुम्बिनी रेलमार्ग निर्माण, अरनिको राजमार्ग सञ्चालनको प्रतिबद्धता व्यक्त गरेका थिए (अधिकारी, २०७६; पृ.१३३) । भ्रमणको अन्तिम दिन १४ बुँदे संयुक्त घोषणापत्र जारी गर्दै नेपाल चीन सम्बन्धलाई रणनीतिक साझेदारीको रूपमा अगाडि बढाउन दुवै देश सहमत भएको उल्लेख गरिएको छ (परराष्ट्र मन्त्रालय, संयुक्त घोषणापत्र, २०१९) ।

केपी शर्मा ओली नेतृत्वको सरकारले खासगरी नेपालको भूराजनीतिक अवस्था र यसको महत्त्वलाई ख्याल गर्दै भारतमाथिको निर्भरतालाई हटाउन उत्तरी चीनसँगको सहकार्यलाई जोड दिएको थियो । यसैबिच भारतले नेपालको कालापानी, लिपुलेक, लिम्पियाधुरालाई आफ्नो सीमाभित्र गाभी नक्सा सार्वजनिक गरेपछि नेपाल सरकारको तर्फबाट नेपालको परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीले सरकारको तर्फबाट कूटनीतिक नोट नेपाल स्थित भारतीय राजदूत विजय मेहता क्वात्रालाई हस्तान्तरण गरेका थिए । भारतले नेपालसँगको सीमा विवादबारे विदेश मन्त्रालयको सचिव स्तरीय तहमा वार्ता गर्ने तर त्यस्तो वार्ता कोभिड-१९ को समस्या समाधानपछि मात्र गर्ने उत्तर पठायो । यसको प्रतिउत्तरमा नेपालले छिट्टै वार्ता हुनुपर्ने र कोभिड-१९ को समस्या समाधान हुने बेलासम्म कुर्न नसक्ने बताएको कुरा परराष्ट्रमन्त्री

प्रदिपकुमार ज्ञवालीले नेपालको संसद्को अन्तर्राष्ट्रिय सम्बन्ध समितिलाई जानकारी गराएका थिए (काठमाडौँ पोस्ट, २० मे २०२०) ।

भारतले नेपालको कुरा नसुनेर वार्ताका लागि आलटाल गर्न सुरु गरेपछि नेपाल सरकारले आफ्नो भूमिलाई समेटेर सन् २०२० जुन १३ तारिखका दिन सङ्घीय संसद्बाट नयाँ नक्सा पास गरेको थियो । यस नक्सालाई नेपालको निसान छापमा संलग्न गर्नका लागि संविधानको संशोधनसमेत गरिएको थियो । जसलाई राष्ट्रपति विद्यादेवी भण्डारीले १८ जुन २०२२ मा प्रमाणीकरण गरेकी थिइन् । संसद्बाट पारित गरिएको नक्सालाई २० जुन २०२२ मा भूमि सुधार मन्त्री पद्मा अर्यालले सार्वजनिक गरेकी थिइन् । (कन्स्टिच्युसन् अफ नेपाल सेकेन्ड अमेन्डमेन्ट २०७७ बिल) । ओली नेतृत्वको सरकारले राष्ट्रियताको सवालमा लिएका अडान, भूकम्पले बिगारेका संरचनाको पुनःनिर्माण, कोभिड महामारीको समयमै नियन्त्रण जस्ता महत्त्वपूर्ण कार्यले लोकप्रिय हुँदै थियो । ओलीको यस लोकप्रियतासँगै पार्टीभित्र विवादहरू सृजना हुँदै गए देशको विकास र समृद्धिको पक्षमा रहँदा रहँदै पनि पार्टी एकता भित्र प्रचण्डसँगको शक्ति बाँडफाँटमा किचलो सुरु भयो भने आफ्नै पार्टीभित्रका सहकर्मी झलनाथ खनाल माधवकुमार नेपालले समेत उनलाई साथ दिएनन् जसका कारण नेकपा भित्र अध्यक्ष ओलीलाई पार्टी सचिवालय र स्थायी कमिटिमा अल्पमतमा पारी पार्टी अध्यक्ष र संसदीय दलबाट समेत निस्काशन गरेको माधव प्रचण्ड समूहले घोषणा गऱ्यो । पार्टी भित्रको यही विवाद थेग्न नसकेर ओलीले करिब दुई तिहाई नजिकको आफ्नै नेतृत्वको संसद्लाई भंग गरेर नयाँ जनादेशकालागि निर्वाचनमा जाने घोषणा गरे । उनको यो घोषणालाई सर्वोच्च अदालतले गैर संवैधानिक भनी संसद्बाट सरकार बनाउन आदेश दियो । तर संसद्ले विभिन्न उपाय गर्दा पनि बहुमतको सरकार दिन नसकेपछि सर्वोच्च अदालतले परमादेशबाट प्रमुख प्रतिपक्षी दलका नेता नेपाली काङ्ग्रेसका सभापति शेरबहादुर देउवाको नेतृत्वमा सरकार गठन गर्ने आदेश दिएपछि देउवाको नेतृत्वमा प्रचण्ड, माधव नेपाल, जनता समाजवादी पार्टी, राष्ट्रिय जनमोर्चा सम्मिलित नयाँ सरकार बन्यो जसका कारण केपी शर्मा ओलीले सरकारबाट बाहिरिन पऱ्यो ।

सरकारबाट बाहिरिएसँगै नेकपा फुटेर पूर्व माओवादी र एमाले अलग-अलग भए भने एमालेबाट पनि माधव-झलनाथ समूह बाहिरिएर नेकपा (एकीकृत समाजवादी) बन्यो । यसरी केपी शर्मा ओलीको नेतृत्वको सरकार र पार्टीको नेतृत्वलाई असफल बनाउन र मुलुकमा स्थायी प्रकारको अस्थिरता सृजना गर्न विभिन्न शक्ति केन्द्रहरू समेत निरन्तर लागिरहे । त्यसको प्रभाव तत्कालीन ओली-प्रचण्ड नेतृत्वको नेकपामा पनि पर्न गयो । नेकपा विभाजनसँगै केपी शर्मा ओलीको सरकारलाई विस्थापित गरी काङ्ग्रेस सभापति शेरबहादुर देउवाको नेतृत्वमा

गठबन्धन सरकार बन्यो । यही गठबन्धन संसद्, प्रदेश र स्थानीय तहको निर्वाचनमा कायम रहन गयो निर्वाचनपछि गठबन्धनमा खटपट सुरु भयो । खासगरी काङ्ग्रेस र माओवादीबिच प्रधानमन्त्री कसले पहिले लिने भन्नेबारे विवाद भएपछि प्रचण्डले सहमतिअनुसार प्रधानमन्त्री पहिला आफूले पाउनुपर्ने दाबी गर्दै गठबन्धन त्यागेर नेकपा एमालेसहितको ५ पार्टीको संयुक्त सरकारको नेतृत्व गर्न पुगे । गठबन्धन फुटाएर एमालेसहितको सहयोगमा मिति २०७९ पुस १० गते प्रचण्ड तेस्रोपटक प्रधानमन्त्री बन्न सफल भए ।

## ५.४ सुरक्षा सम्बन्ध

मुख्यतः नेपाल चीनबिच सुरक्षा सहकार्यका बारेमा चर्चा गर्दा राष्ट्रको समग्र कूटनीतिको महत्त्वपुर्ण प्रमुख पार्टीको रूपमा सुरक्षा सहकार्य रहेको देखिन्छ । खास गरी गणतन्त्र स्थापनापश्चात् नेपाल चीनबिचको सुरक्षा सहकार्य विगतमा भन्दा बढेर गएको छ । “आर्थिक र सुरक्षा शक्ति आन्तरिक राजनीतिको महत्त्वपूर्ण पार्टी हो जसको अभावमा घरेलु राजनीति अस्थिरता तिर जाने र त्यसले राष्ट्रलाई नै कमजोर बनाउने सम्भावना रहन्छ । नेपालको नीतिको मुख्य आधार राष्ट्रको सुरक्षा, स्वतन्त्रता, समृद्धि र राष्ट्रिय स्वतन्त्र अस्तित्वको रक्षा हो” (लोहनी, सन् २००१) । नेपाल र चीनबिचको सुरक्षा सहकार्य पनि यसै आधारमा राष्ट्रहितको रक्षालाई केन्द्रमा राखेर अगाडि बढेको छ । नेपाल चीन दुवै देशले एक-अर्काको सार्वभौम सत्ता र अखण्डता तथा स्वतन्त्रताको सम्मान गर्दै आइरहेका छन् । नेपालले आफ्नो भूमि चीनका विरुद्ध प्रयोग हुन नदिने प्रतिबद्धता जनाउँदै आइरहेको छ । चीनले पनि नेपालले तिब्बतको सुरक्षा मामिलामा खेलेको सकारात्मक योगदानको निरन्तर अपेक्षा गरेको छ । नेपालका लागि चिनियाँ राजदूत ज्वाङ जिङ (Zhuang Jinhung) ले नेपाल चीनबिचको सम्बन्ध आपसी सम्मान, विश्वास र मित्रतापूर्ण सहकार्यमा अगाडि बढेको छ । दुवै देशले एक अर्कोलाई समानताका आधारमा व्यवहार गर्दै आइरहेका छन् (Bhasin, 2005) ।

तर चीनले नेपालबारे त्यस्तो कुनै छुट्टै सुरक्षा नीति वा सन्धिको वहानामा दबाब दिने काम गरेको थाहा छैन । तर उसको चिन्ता नेपाली भूमि चीन विरुद्ध प्रयोग नहोस भन्नेमा नै केन्द्रितदेखिन्छ (दाहाल, सन् २०००; पृ. १८) । नेपालको भौगोलिक अवस्था उदाउँदो शक्ति राष्ट्र चीन र त्यसको प्रतिस्पर्धी राष्ट्र भारतका बिचमा भएका हुनाले विश्वशक्तिमा उदाउँदो चीन र क्षेत्रिय शक्तिको रूपमा रहेको भारतका कारण पनि नेपालले आफ्नो तटस्थ नीतिमा अडिग रहँदै दुवै राष्ट्रसँग समान व्यवहार र सहकार्य गर्न सक्नुपर्दछ । चीनसँगको सुरक्षा सहकार्यको नेपाल र चीनबिच सन् १९६० मा सम्पन्न शान्ति र मैत्री सन्धि पनि एक आधार हो । यस सन्धिले

एक-अर्काको स्वतन्त्रता, सार्वभौम सत्ता भौगोलिक अखण्डताको रक्षा र शान्तिपूर्ण मित्रतामा जोड दिँदै सबै विवाद शान्तिपूर्ण मध्यसथताका आधारमा हल गर्ने भनी जोड दिएको छ । यस सन्धिले शान्तिपूर्ण मित्रतापूर्ण सम्बन्ध तथा आर्थिक सांस्कृतिक कूटनीतिक सहकार्य तथा समान्ताको सिद्धान्तका आधारमा आपसी हितको रक्षा, आन्तरिक मामिलामा अहस्तक्षेपको नीतिलाई जोड दिएको छ (Jain, 1981) । शान्ति तथा मैत्री सन्धि कै आधारमा नेपाल र चीनबिच सुरक्षा सहकार्य अगाडि बढेको पाइन्छ । जसअनुसार नेपाल र चीनबिच उच्च स्तरीय सुरक्षा निकायका व्यक्तिहरूको भ्रमण, सुरक्षा निकायकाद्दत्रलागि आवश्यक सामग्रीहरू, नेपाली सरक्षाकर्मीहरूका लागि आवश्यक तालिम र अनुभव आदान-प्रदान जस्ता कुराहरू सुरक्षा सहकार्यमा रहेको पाइन्छ ।

नेपाल र चीनकाबिच जारी सुरक्षा सहकार्यबाट नेपालका सुरक्षा निकायहरू मुख्यतः सेना रहँदै आएको छ । आधुनिक प्रविधियुक्त चीनको सुरक्षा निकायसँगको सहकार्यले नेपाललाई आफ्नो सुरक्षा निकायलाई आधुनिकीकरण गर्नमा सहयोग पुगेको देखिन्छ । दुई देशबिचका सुरक्षा निकायहरूबिचका सहकार्यबाट दुई देशबिचको सुरक्षा सहकार्यका कारण सेनाहरूबिचको सम्बन्धमा सुधार ल्याउन महत्त्वपूर्ण भूमिका रहेको छ । दुई देशबिच हुने गरेको सुरक्षा निकायहरूको उच्चस्तरीय भ्रमण तथा संयुक्त प्रशिक्षण तालिम तथा कोर्ष आदान प्रदान हुने गरेका छन् । सन् २०१३ जुलाईमा नेपाली सेनाका प्रमुख गौरवशमशेर राणाले चीनको भ्रमण गरे भने रक्षासचिव आत्माराम पाण्डेको नेतृत्वमा चीनको अध्ययन भ्रमण गरेरका थिए । त्यसै गरी सन् २०१७ मार्च २३-२५ सम्म चीनका रक्षामन्त्री तथा स्टेट काउनसिलर जनरल चाङ वाङ (Chang Wangquan) को नेतृत्वमा १९ सदस्यीय चिनियाँ सैनिक प्रतिनिधि मण्डलले नेपालको भ्रमण गरेको थियो । भ्रमणको अवसरमा उनले राष्ट्रपति विद्यादेवी भण्डारी, प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’, उपप्रधान मन्त्री तथा गृहमन्त्री विमलेन्द्र निधि, रक्षा मन्त्री बालकृण खाण तथा आर्मी चिफ राजेन्द्र क्षेत्रीलगायतलाई भेट गरेका थिए । भेटका अवसरमा दुई देशबिचको सैनिक सहकार्य नेपाली सेनालाई सहयोग, सेनाको ट्रेनिङ तथा विपत व्यवस्थापन तथा अभिवृद्धि आदान-प्रदानलगायतका बिषयमा छलफल भएको थियो । यसरी सुरक्षा निकायबिच भएका उच्चस्तरीय भ्रमण दुई देशबिचको सुरक्षा कूटनीतिमा मात्र होइन मुलुकको समग्र कूटनीतिमा प्रभाव पारेको हुन्छ । नेपाल चीनबिचको सुरक्षा सहकार्यका कारण चीनले नेपालको सुरक्षा निकायका लागि सैन्य सहयोग बन्दोबस्तीका सामानलगायत अन्य विभिन्न सेवामा सहयोग गर्दै आइरहेको छ । खास गरी गणतन्त्र स्थापनापश्चात् चीनले नेपालको सुरक्षा क्षेत्रको सहयोगमा व्यापक अभिवृद्धि गरिरहेको छ । सन् २००८ मा चीनले नेपालमा १.३

मिलियन अमेरिकी डलर सैनिक सहयोग गरेको थियो । सन् २००९ मा चीनले नेपाली सेनालाई गैह्र प्राविधिक सामानहरूः मुख्यतः तालिम तथा बन्दोबस्तीका सामानहरू सहयोग गरेको थियो ।

चीनले सन् २००१ देखि सेनालाई दिँदै आएको सहयोगमा सन् २०१३ मा थप वृद्धि गऱ्यो । उसले सन् २०१३ मा सेनालाई घुम्ती अस्पताल लगायतका क्षेत्रमा ९१ मिलियन-चिनियाँ मुद्रा) सहयोग गऱ्यो । सन् २०१७ मा चीनका सुरक्षामन्त्री चाङ वाङको नेपाल भ्रमणको क्रममा ३२.३ मिलियन अमेरिकी डलर नेपाली सेनाको क्षमता अभिवृद्धि गर्नका लागि सहयोग गऱ्यो र गणतन्त्रपछि चीनले नेपाली सेनालाई गरेको यो सहयोग विगतको भन्दा १० गुणा ठुलो सहयोग राशि हो (थापा, २०१९; पृ. १७८-१८९) । गणतन्त्र स्थापनासँगै नेपालका रक्षामन्त्री रामबहादुर थापा (बादल) ले सन् २००८ मा चीनको भ्रमण गरे । भ्रमणका अवसरमा चीनले नेपाली सेनालाई २०६ मिलियन डलर सहयोग गर्ने प्रतिबद्धता पत्रमा हस्ताक्षर गरे । सन् २००९ डिसेम्ब ४-७ सम्म चिनिया जनसेनाका लेफ्टिनेन्ट जनरल, तिब्बत स्वायत्त प्रदेशका सैन्य प्रमुख शु मुताई नेपाल भ्रमणमा आए । २००९ डिसेम्बरमै चिनियाँ जनमुक्ति सेनाका मेजर जनरल जिया जियाओनिङको नेतृत्वमा उच्च स्तरीय सैनिक प्रतिनिधि मण्डल नेपाल आयो । उक्त टोलीले नेपाली सेनाका उच्च ओहोदाका अधिकारीसँग भेट गरी तिब्बतको सीमानामा रहेको नेपाली भूमिमा सैनिक मैत्री भवन बनाउने र उक्त भवन निर्माणको लागि ८ करोड रूपियाँ सहयोग गर्ने प्रस्ताव गरेको थियो । तर सीमा सुरक्षाको जिम्मा नेपाली सेनाको नभई सशस्त्र प्रहरी बलको भएकोले नेपाली सेनाले उक्त भवन निर्माण गर्ने प्रस्ताव अस्वीकार गरेको थियो । सन् २०११ मार्चमा चिनियाँ सेना प्रमुख चेन विङदे नेपाल भ्रमणमा आए । उनले नेपालका उच्च पदस्थ व्यक्तिहरूलाई भेट गरी नेपाली सेनालाई १ अर्ब ३० करोड -नेपाली रूपैंया) सहयोग गर्ने प्रस्ताव गरेका थिए । नेपाली सेनाको मुख्यालयमा नेपाली सेनाका प्रमुख छत्रमान सिंह गुरुङ र चिनियाँ सेनाका प्रमुख चेन विङदेले उक्त प्रस्तावमा हस्ताक्षर गरेका थिए (थापा, २०१९; पृ. ६४) ।

यसै गरी नेपाली सेनाका प्रमुख छत्रमान सिंह गुरुङले सन् २०११ नोभेम्बरमा चीनको भ्रमण गरे । भ्रमणको अवसरमा बेइजिङमा चिनियाँ सेनाबाट नेपाली सेनालाई गरिने ७७ मिलियन डलर सहयोग सम्झौतामा हस्ताक्षर भयो । उक्त सहयोग वीरेन्द्र सैनिक अस्पतालको स्तरोन्नतिका लागि खर्च गरिने सहमति भएको थियो । चीनले नेपालको सुरक्षा निकाय मुख्यतः नेपाली सेनासँगको सहकार्यलाई बढी सघन र विश्वासिलो सम्बन्धमा कायम गरिरहेको छ । नेपाली सेनासँगको विश्वास र भरोसाकै कारण चीनले उत्तरी सीमामा नेपाली सेना नै सुरक्षामा खटियोस् भन्ने चाहना व्यक्त गर्दै आइरहेको छ । नेपालको कानुनअनुसार सीमा सुरक्षा बलमा

सशस्त्र प्रहरी बल (Armed Police Force) को क्षमतामाथि चीन विश्वस्त हुन सकेको छैन । नेपालमा चीनबिचको सीमाक्षेत्रको सुरक्षार्थ आवश्यक भौतिक पूर्वाधार निर्माणका लागि चीन सधैँ तयार रहेको बताउँदै आएको छ । सन् २०१३ जुनमा चिनियाँ राज्य परिषद्का सदस्य वाङ जाइचीले नेपाल भ्रमण गरे । उक्त भ्रमणको अवसरमा सशस्त्र प्रहरी बलको मातातीर्थमा ट्रेनिङ हल निर्माणका लागि ३.६ मिलियन नेपाली रूपियाँ सहयोग उपलब्ध गराउने घोषणा गरे । त्यसै गरी चीनले आफ्नो सैनिक कलेजमा अध्ययन गराउनका लागि नेपाली सेनाका विभिन्न तहका अफिसरहरूलाई अपलब्ध गराउँदै आएको सिट सङ्ख्यालाई वृद्धि गरिरहेको छ । औपचारिक रूपमा नेपाल र चीनबिच सैन्य सम्झौता नभए तापनि नेपालको सुरक्षा निकाय, मुख्यतः नेपाली सेनासहितको सुरक्षा निकायलाई सक्षम र सुविधा सम्पन्न गराउन महत्त्वपूर्ण सहयोग गर्दै आएको छ । पछिल्लो चरणमा चीनले नेपालले भारतीय सेनाका प्रमुखलाई प्रदान गर्दै आएको मानार्थ सेना प्रमुखको हैसियत आफूले पनि पाउनुपर्ने मनसाय राख्दै आएको छ । चीनले गणतन्त्रपश्चात् नेपालमा स्थायी प्रकारको संस्था नेपाली सेना नै हो भन्ने कुरामा विश्वास गरिरहेको छ (पुडासैनी, २०७६; पृ. २७९) ।

### ५.५ नेपाल-चीनबिच राजनीतिक सम्बन्ध

नेपालको भौगोलिक अवस्था भनेको दुई भिन्न राजनीतिक व्यवस्था अङ्गीकार गरेका उदाँउदा विश्वशक्ति राष्ट्र-चीन र भारतकोबिचमा रहनु हो । यस हिमालय अधिराज्यमा केन्द्रमुखी र विकेन्द्रमुखी शक्तिहरूबारे प्रकाश पार्छ । नेपालको भूभागलाई केन्द्र र परिधि गरी विभाजन गरिएको छ (मानन्धर, सन् १९८८) । नेपालको यो भौगोलिक अवस्था मानवजातिले परिवर्तन गर्न नसक्ने भएकाले नेपालका छिमेकी चीन र भारत नै हुन् भन्ने कुरा भूगोले नै निर्धारण गरेको छ । यी दुवै देशको रणनीतिक चासो नेपालमाथि छ । त्यसैले नेपालले चीन र भारत दुवै देशसँग यथार्थ धरातलमा उभिएर सन्तुलित सम्बन्ध कायम गर्न सक्नुपर्दछ । नेपालले आफ्नो छिमेकीसँग रचनात्मक उत्पादनशील र पारस्परिक लाभका आधारमा सम्बन्ध स्थापित गर्न सक्नुपर्दछ । यद्यपि छिमेकी भारतले बेलाबेलामा नेपालविरुद्ध गर्ने आर्थिक नाकाबन्दी, राजनीतिक हस्तक्षेप, सीमा-अतिक्रमणलगायतका अन्तर्राष्ट्रिय कूटनीतिक मर्यादा विपरीतका व्यवहारले नेपालमाथि दबाब र हस्तक्षेप सृजना गरेर उसको सार्वभौमिकता नै सङ्कुचन गर्ने जस्ता कार्यको नेपालले प्रतिवाद गर्दै आइरहेको छ । भारतसँगको अति निर्भरतालाई अन्त्य गरी, एक स्वतन्त्र राष्ट्रको रूपमा संसारभरी आवत-जावत गर्न पाउनेगरी नेपालले चीनसँग पारवहन सन्धि गरी रणनीतिक साझेदारीको रूपमा अगाडि बढ्ने निर्णय गरिसकेको छ । नेपालको

बदलिएको इतिहास र राजनीतिक परिवर्तनसँगै नेपालले आफ्नो छिमेकीसँगैका परम्परागत सम्बन्धमा र कूटनीतिक व्यवहारमा ठुलो परिवर्तन ल्याएको छ ।

शक्तिशाली राज्य तथा व्यक्तिले जे मन लाग्यो त्यही गर्ने र कमजोर र सानाले बाध्य भएर सहनपर्ने परिस्थितिको अन्त्य गरी एउटा सार्वभौम सत्ता सम्पन्न राष्ट्रको हैसियतमा नेपाल अगाडि बढ्न चीनसँगको सम्बन्धमा विशेष जोड दिइरहेको छ । मानवशास्त्रीय तथा समाजशास्त्रीय दृष्टिकोणले नेपाल र चीनबिच शताब्दीऔँ लामो सम्बन्ध रहँदै आएको छ । ऐतिहासिक तथ्यले के देखाउँछ भने, नेपाल चीनबिच पाँचौ शताब्दीदेखि नै धार्मिक सांस्कृतिक सम्बन्ध रहँदै आएको छ । यतिलामो सम्बन्ध रहेका यी दुई मुलुकबिच राजनीतिक सम्बन्ध भने अठारौँ शताब्दीको उत्तरार्द्धबाट मात्रै सुरु हुन पुगेको देखिन्छ । सन् १७९१ मा नेपाल तिब्बत (चीन)बिच भएको युद्ध र सन् १७९२ मा गरिएको बेत्रावती सन्धिपछि मात्र नेपाल चीन राजनीतिक सम्बन्ध स्थापित हुन गएको देखिन्छ (पुडासैनी, २०७६; पृ. १) । त्यसैगरी नेपाली कलाकार अरनिकोलाई चीनको दरबारमा उच्च सम्मान गरिनु र उनले चीनमा नेपाली कला-सांस्कृतिको प्रचार-प्रसार गर्नु, नेपाली राजकुमारी भृकुटीको तिब्बती सम्राट् स्रङचङ गम्पोसँग विवाह हुनु जस्ता धार्मिक र सांस्कृतिक पक्ष नेपाल-चीन सम्बन्धका आधारशिला हुन् । यहि परम्परागत सम्बन्धलाई सन् २०५५ अगष्ट १देखि नेपाल चीनले कूटनीतिक सम्बन्धको रूपमा औपचारिकता प्रदान गरे । औपचारिक सम्बन्ध स्थापनासँगै नेपाल र चीन असल छिमेकीको रूपमा अगाडि बढिरहेका छन् र आपसी हित तथा सहकार्यका विभिन्ना पक्षहरूमा विचार गरी कार्य सम्पादन समेत गरिरहेका छन् । यसले दुई देशबिचका साझा समस्याहरूको समाधानका लागि उपयुक्त बाटो समेत तय गरेको छ ।

चीनले नेपालसँगको सम्बन्धलाई थप मजबुत बनाउनका लागि राजनीतिक दलहरूबिचको सम्बन्ध र सहकार्यलाई पनि विस्तार गर्न थालेको छ । खासगरी गणतन्त्र स्थापनापश्चात् पार्टीहरूसँगको सम्बन्धलाई विशेष जोड दिँदै आएको छ । गणतन्त्र स्थापनाभन्दा पहिला नेपालको राजनीतिमा स्थायी र भरपर्दो शक्तिको रूपमा चीनले राजतन्त्रलाई विश्वास गरी विशेष महत्त्व दिँदै आएको देखिन्छ । राजतन्त्रको अन्त्यसँगै चीन भरपर्दो शक्तिको खोजीमा रहेको र राजतन्त्रजस्तै एकलशक्ति नपाएपछि उसले राजनीतिक दलहरूसँगको सम्बन्धमा जोड दिँदै आएको छ (भण्डारी, २०६९; पृ. ४३६-४३७) । सन् १९५० देखि नै चीनको दलहरूसँग सम्बन्धको सुरुवात भएको पाइन्छ । खासगरी चीनमा एकदलीय कम्युनिष्ट शासन भएको हुनाले चीनको कम्युनिष्ट पार्टीसँग नेपालको कम्युनिष्ट पार्टीले सम्बन्ध स्थापना गर्नका लागि सन् २०५१ मा गौरीभक्त प्रधानलाई चीन पठाउने निर्णय गरेको थियो । यसै निर्णयसँगै चिनियाँ

कम्युनिष्ट पार्टी र नेपाल कम्युनिष्ट पार्टीबिच औपचारिक सम्बन्ध सुरु भएको हो (पुष्पलाल स्मृति प्रतिष्ठान, २०५३; पृ. ५४-६६) । सन् १९५१ मा नेपालमा बहुदलीय व्यवस्थाको स्थापनासँगै नेपालका दलहरूले चीनसँगको कूटनीतिक सम्बन्धमा विशेष जोड दिएको पाइन्छ । (सन् १९६० मा नेपाली काङ्ग्रेसको नेतृत्वमा निर्वाचित सरकारको गठन भयो । यसका संस्थापक नेता वि.पी. कोइराला पहिलो जननिर्वाचित प्रधानमन्त्री बनी चीनको औपचारिक भ्रमण गरे । उनले चिनियाँ कम्युनिष्ट पार्टीका अध्यक्ष माओत्सेतुङ्ग र प्रधानमन्त्री चाओ अनलाईसँग भेट गरी चिनियाँ कम्युनिष्ट पार्टी र नेपाली काङ्ग्रेसबिचको सम्बन्धलाई पनि विस्तार गर्ने काम गरे) । सन् १९४९ को कम्युनिष्ट क्रान्ति पछि, बीसभन्दा धेरै वर्षसम्म, चीन र अधिकांश पश्चिमी संसारमात्रै नभई चीन वरिपरिकै राज्यहरूबिच पनि कुनै कूटनीतिज्ञको आदान-प्रदान वा प्रत्यक्ष सञ्चार नै नभएकाअवस्थामा माओत्सेतुङ, चाओ अनलाई र देङ सियाओपिङ जस्ता प्रभावशाली नेताकै अवधिमा चीनले विदेश सम्बन्ध र संवाद विस्तारमा ध्यान दिएर अघि बढ्न थाल्यो (Kissinger, 1994, p. 250) ।

नेपालका कम्युनिष्ट पार्टीहरू चीनसँगको सम्बन्ध पार्टीगत मात्रै नभएर वैचारिक पनि रहँदै आएको छ । तत्कालीन सोभियत सङ्घको कम्युनिष्ट पार्टीको नेतृत्वमा खुश्चेभ सत्तामा आएपछि, सोभियत सङ्घ र चीनबिच वैचारिक विवाद सुरुभयो । त्यसको असर नेपालका कम्युनिष्ट पार्टीमा पनि पर्न गयो र नेपालका कम्युनिष्ट पाटीहरू रुसी पक्ष र चिनियाँ पक्षगरी विभाजित हुन गए । चीनपक्षधर कम्युनिष्ट पार्टीले माओ विचारधारा र सांस्कृतिक क्रान्तिलाई आफ्नो मार्गनिर्देशक सिद्धान्त बनाए । तर यिनै कम्युनिष्ट पार्टीहरूले खुल्ला बजारका पक्षधर देङसियाओ पिङ सत्तामा आएपछि चीनमा प्रतिक्रान्ति भएको निष्कर्ष निकाल्दै क्रान्तिको लागि अगाडि बढे । यो बाटो अवलम्बन गर्ने कम्युनिष्ट पार्टी नेकपा माओवादी अग्रस्थानमा देखियो । नेकपा (माओवादी) को नेतृत्वमा दशक लामो हिंसात्मक आन्दोलन सुरु भयो । अन्ततः माओवादी पनि हिंसात्मक सङ्घर्षको अन्त्य गरी शान्ति प्रक्रियामार्फत मूलधारको राजनीतिमा प्रवेश गऱ्यो । गणतन्त्र स्थापनासँगै माओवादी पार्टीको नेतृत्वको पटक-पटक सरकार सञ्चालन भयो । यसबिच सशस्त्र द्वन्द्वकालमा बिग्रिएको चीनसँगको सम्बन्धलाई सुधार पनि गऱ्यो (श्रेष्ठ, २०१५; पृ. १२२) । सन् १९९० बहुदलीय व्यवस्थाको पुनःस्थापनासँगै नेपालमा नेपाली काङ्ग्रेस र नेकपा एमाले राजनीतिक रङ्गमञ्चमा मुख्य दलको रूपमा देखा परे । यी दुवै दलहरूले चीनसँगको सम्बन्धमा विशेष जोड दिए । सन् १९५९ मा तत्कालीन प्रधानमन्त्री तथा नेपाली काङ्ग्रेसका नेता वि.पी. कोइरालाले राष्ट्रसङ्घको साधारण सभामा चीनलाई राष्ट्रसङ्घलाई

उचित स्थान दिनुपर्ने माग गरेका थिए (श्रेष्ठ, २०१५; पृ. १२५) जसका कारण चीनको वि.पी. र नेपाली काङ्ग्रेससँग निकटको सम्बन्ध रहन गयो ।

नेकपा (एमाले) नेतृत्वको सरकारको समयमा पनि चिनियाँ कम्युनिष्ट पार्टीसँग दुईपक्षीय सम्बन्धमा विस्तार हुनगयो । यस पार्टीका शीर्ष नेताहरूः मदन भण्डारी, मनमोहन अधिकारी, माधवकुमार नेपाल, झलनाथ खनाल, के.पी. शर्मा ओली चिनियाँ कम्युनिष्ट पार्टीसँगको सम्बन्धमा जोड दिँदै चिनियाँ कम्युनिष्ट पार्टीको निमन्त्रणमा चीनको भ्रमण पनि गरे (श्रेष्ठ, २०१५; पृ. १२८) । नेकपा (माओवादी) शान्तिप्रक्रियामा आएपछि, निर्वाचनमार्फत सबैभन्दा ठुलो दल बनेर गणतन्त्रपछिको पहिलो सरकारको नेतृत्व गरेको हुनाले चीनले माओवादीसँग एकताको हात अगाडि बढाएको देखिन्छ । माओवादीको पहिलो सरकार चीन परस्त भएको आरोप लागिरहेको बेला सेनापति प्रकरणमा सरकारबाट हटाउने खेल भयो । संविधानसभाको दोस्रो निर्वाचनपछि नेकपा (माओवादी) को अवस्था कमजोर देखिएकाले नेकपा एमाले र माओवादीबिचको सहकार्य र पार्टी एकता प्रक्रियामा चीनको भूमिका पनि सकारात्मक नै रह्यो (कँडेल, २०७६; पृ. ११८) । परिणामतः यी दुई ठुला कम्युनिष्ट पार्टीबिच एकता भई दुई तिहाइ बहुमत नजिकको सरकार बन्न गयो । नेकपा नेतृत्वको यो सरकार सत्तामा आएपछि, नेपालको राजनीतिक परिस्थिति बदलिएको छ । के.पी ओली नेतृत्वको सरकारले चीनसँग पारवहन तथा व्यापार सन्धि गरेर नेपालको व्यापार विविधीकरणमा उल्लेखनीय योगदान गरेको छ । यो सरकार गठनसँगै नेपालमा चिनियाँ प्रभाव बढ्दै गएको भन्ने आरोप लागिरहेका बेला, नेपाल र चीन दुवैदेश रणनीतिक साझेदारीसहित अगाडि बढ्ने निर्णय गरेका छन् । नेपालले छिमेकीसँगको व्यवहारलाई सरकारका सफलताको मूल्याङ्कनको सबैभन्दा महत्त्वपूर्ण माध्यमका रूपमा लिएका छन् (दाहाल, २००२; पृ. ६७) । नेपाल र चीनबिचको सम्बन्धमा नेपाली काङ्ग्रेस र नेपाल कम्युनिष्ट पार्टीको महत्त्वपूर्ण भूमिका रहेको छ । चिनियाँ कम्युनिष्ट पार्टीले नेपालको राजनीतिक परिवर्तनलाई आत्मसात गरेर नेपालका राजनीतिक दलहरूसँग विविध विषयमा सहकार्य गरेको छ ।

### ५.६ कूटनीतिक सम्बन्ध

सन् १९१२ मा चीनमा सन्यात्सेनको नेतृत्वमा राजतन्त्रको अन्त्य६भई पुँजीवादी गणतन्त्रको स्थापना भएपछि नेपाल चीनबिच सम्बन्ध विच्छेद हुन पुग्यो । तर चीन अधीनस्थ तिब्बतसँग भने नेपालको राजनीतिक, आर्थिक, सांस्कृतिक सम्बन्ध कायमै रह्यो । चीनमा गणतन्त्रको स्थापनासँगै चीनको आन्तरिक राजनीति र बाह्य सम्बन्ध राम्रो हुन नसकेको अवस्थामा प्रथम

विश्वयुद्ध सुरु भयो । यस युद्धमा चीन र नेपाल दुवै बेलायतको नेतृत्वमा युद्धमा सहभागी भए । दोस्रो विश्वयुद्धमा पनि नेपाल र चीन दुवै बेलायतकै गुटमा सामेल भए । सन् १९४९ मा चिनियाँ कम्युनिष्ट पार्टीको नेतृत्वमा चीनमा जनवादी क्रान्ति सम्पन्न भई कम्युनिष्ट सरकार स्थापना भयो । अर्कोतिर सन् १९५० मा नेपालमा १०४ वर्षीय राणाशासनको अन्त्य भयो र नेपाल बहुदलीय संसद्वादी व्यवस्थामा प्रवेश गऱ्यो । राणाशासनको अन्त्यपछि गठन भएको सरकारले चीनसँग भन्दा भारतसँगको सम्बन्धलाई जोड दिन थाल्यो । उता संयुक्त राष्ट्रसङ्घले पनि चिनियाँ क्रान्तिलाई मान्यता नदिएकाले चीन राष्ट्रसङ्घको सदस्य हुनबाट वञ्चित रही अन्तर्राष्ट्रिय रूपमा एक्लिँदै गयो । अमेरिकाको नेतृत्वमा चीनलाई विश्वभरीबाट एक्ल्याउने काम भयो, त्यसका बाबजुत पनि चिनियाँ कम्युनिष्ट पार्टी नेतृत्वको सरकारले चीनको भौगोलिक अखण्डता र राष्ट्रिय स्वाधीनताको रक्षागर्दै अगाडि बढ्यो ।

विश्व राजनीतिमा चीनको महत्त्व, प्रभाव र आवश्यकता बढ्दै गर्दा नेपालको जननिर्वाचित सरकारको नेतृत्वमा सन् १९५५ अगष्ट १ तारिखको दिन नेपाल र चीनबिच औपचारिक रूपमा कूटनीतिक सम्बन्ध स्थापना भयो । नेपालसँग औपचारिक रूपमा कूटनीतिक सम्बन्ध स्थापना भएसँगै चीनले नेपालको सार्वभौमसत्ताको सम्मान गर्दै आइरहेको छ । सन् १९५५ को डिसेम्बर १५ मा नेपाल संयुक्त राष्ट्रसङ्घको सदस्य बन्यो । संयुक्त राष्ट्रसङ्घको घोषणापत्रलाई आत्मासात गर्दै असङ्लग्न परराष्ट्रनीति अँगालेको नेपालले चीनसँग कूटनीतिक सम्बन्ध स्थापना गरेसँगै, नेपाल 'एक चीन नीतिमा' अडिग रहँदै आएको छ । नेपालले निरन्तर रूपमा चीन जस्तो विशाल देशलाई संयुक्त राष्ट्रसङ्घको सदस्य हुनबाट वञ्चित गर्दा संयुक्त राष्ट्रसङ्घको महत्त्व कम हुने भन्दै चीनलाई राष्ट्रसङ्घको सदस्यता दिलाउन निरन्तर रूपमा विशेष भूमिका खेलेको छ । नेपालको योगदानको उच्च कदर गर्दै चीनले नेपाललाई निरन्तर सहयोग गरेको छ । राष्ट्रिय सार्वभौमिकताको रक्षा, स्वतन्त्रता तथा भौगोलिक अखण्डता, राष्ट्रिय एकता कायम राख्नेलगायत अन्य राज्यहरूको विरुद्धमा आफ्नो भूभागको उपयोग हुन नदिनेमा प्रतिबद्धता गरी राष्ट्रिय स्वार्थसँग जोडेको छ (मल्ल, २००९; पृ. १९६) ।

अठारौँ शताब्दीमा तत्कालीन राजा पृथ्वीनारायण शाहले नेपाललाई दुई ढुङ्गाबिचको तरुलको रूपमा चित्रण गर्दै छिमेकीबाट सतर्क र सजग रहन भनेका थिए । उनको उक्त भनाइ नेपालको वर्तमान र भविष्यमा समेत उपयोग हुने देखिन्छ । राजा महेन्द्रले पृथ्वीनारायण शाहको यो नीतिलाई अनुसरण गर्दै अगाडि बढ्न खोजे । चीनले तिब्बत र भारतले काश्मिरमाथि नियन्त्रण गरेको अवस्थामा नेपाललाई त्यो खतराबाट बचाइराख्नका लागि, राजा महेन्द्रले चीन र भारत दुवै देशसँग समदुरीको सम्बन्ध कायम राख्न प्रयत्न गरे । नेपालको असंलग्न

परराष्ट्रनीतिलाई नेपालका सबै शासनकालमा अवलम्बन गरेको पाइन्छ । नेपालको चीनसँगको सम्बन्ध एक असल छिमेकीको रूपमा रहँदै आएको छ । चीन नेपालको एक विश्वासिलो र भरपर्दो मित्रराष्ट्र भएकाले उसले नेपालको सार्वभौमिकताको सम्मान गर्दै, निरन्तर रूपमा नेपालको आर्थिक विकासका लागि सहयोगी भूमिका खेल्दै आइरहेको छ (श्रेष्ठ, २०१५) ।

नेपालमा गणतन्त्र स्थापनापछि चीनले नेपाललाई उच्च प्राथमिकतामा राखी उच्चस्तरीय राजनीतिक भ्रमणमा जोड दिँदै आएको छ । प्रधानमन्त्री के.पी. शर्मा ओलीले चीनका प्रधानमन्त्रीको निमन्त्रणामा १९-२४ जुन २०१८ मा चीनको औपचारिक भ्रमण गरेका छन् । यस भ्रमणमा दुई देशबिच रेल आयोजनासहित चौधबुँदे समझदारीपत्रमा हस्ताक्षर भयो ।

सन् २०१६ मार्चमा प्रधानमन्त्री के.पी.ओलीको दोस्रो चीन भ्रमणको अवसरमा दुई देशबिच पारवहन सन्धिमा हस्ताक्षर भयो (शाक्य, २०१७; पृ. २२३) । यसैगरी पूर्व प्रधानमन्त्री पुष्प कमल दाहाल प्रचण्डले २०१७ मार्च २३-२९ मा चीनको औपचारिक भ्रमणगरी बिआरआइ आयोजनामा नेपालको सहमति जनाएका थिए । यसैगरी २०१६ मार्चमा भारतको गोवामा भएको बिमिस्टेक सम्मेलनमा प्रधानमन्त्री पुष्पकमल दाहालले चीन र भारतका प्रधानमन्त्रीलाई साइडलाइनमा संयुक्त भेटगरी त्रिदेशीय साझेदारीको कुरा गरेको खुलासा गरेका छन् । यसैगरी तत्कालीन सभामुख कृष्णबहादुर महराले ७-११ सेप्टेम्बर २०१८ मा तिब्बतको औपचारिक भ्रमण गरे भने, १६-२१ अप्रिल २०१८ मा चीनका विदेशमन्त्री वाङ्ग वि (Wang Yi) को निमन्त्रणामा नेपालका परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीले चीनको भ्रमण गरे । तत्कालीन उपप्रधान तथा परराष्ट्रमन्त्री कृष्णबहादुर महराले १४-१५ मे २०१७ मा बेइजिङमा सम्पन्न बीआरआईको अन्तर्राष्ट्रिय सम्मेलनमा भाग लिए भने २०१६ मा महराले नेपाल सरकारको दूतको रूपमा चीन भ्रमण गरेका थिए । तत्कालीन उपप्रधान तथा स्थानीय विकासमन्त्री विजय कुमार गच्छेदारको निमन्त्रणामा चीनका विदेशमन्त्री वाङ्ग यी (Wang Yi) ले नेपालको भ्रमण गरे । तत्कालीन चीनका प्रधानमन्त्री वेन जिया वाओ लगायतका चीनका उच्च स्तरीय नेताहरूले २०१३ जुनमा नेपालको भ्रमण गरे । चीनका पूर्व प्रधानमन्त्री वाङ्ग यीले २०१५ जुनमा नेपाल भ्रमण गरे । २०१७ मा चीनका रक्षामन्त्री जनरल वाङक्वाङले नेपाल भ्रमण गरेका थिए । यसरी गणतन्त्र स्थापनापछि नेपाल र चीनबिच उच्चस्तरीय राजनीतिक भ्रमणमा वृद्धि भइरहेको छ । यसले दुई देशबिचको सम्बन्धलाई थप मजबुत बनाउन महत्त्वपूर्ण भूमिका खेलेको छ (www.mofa.gov.np) ।

नेपाल एक चीन नीतिमा अडिग रहँदै आएकोले यसले आफ्नो भु-भागमा चीन विरोधी गतिविधि हुन नदिने प्रतिबद्धता जनाउँदै आएको छ । चीन र नेपाल निरन्तर रूपमा आर्थिक विकास र वाणिज्य व्यापारलगायत जनस्तरमा समेत सम्बन्धलाई क्रियाशील बनाउँदै आएका छन् । यी दुवै देशले आर्थिक विकासका लागि लगानी प्रवर्द्धन गर्ने र उत्पादन वृद्धि गर्नेगरी सहमति पत्रमा हस्ताक्षर गरिसकेका छन् । चिनियाँ राष्ट्रपतिद्वारा प्रस्तावित चिनियाँ सपनाको रूपमा अगाडि बढाइएको आयोजना बेल्ट एण्ड रोड इनिसियटिभ जस्तो महत्त्वाकाङ्क्षी तथा प्रभावकारी कार्यक्रममा नेपालले लिखित सहमति जनाइसकेको छ । बीआरआई आयोजना विश्वको सबैभन्दा ठुलो आयोजना भएकोले यसले विश्वका धेरै देशहरूलाई आकर्षित गरिरहेको छ । नेपाल यस आयोजनाको सदस्य राष्ट्र भएकोले नेपालको समग्र विकासमा यसले बहुआयामिक अवसरहरू सृजना गर्ने र आपसी हितलाई खँदिलो बनाउनेमा योगदान गर्ने विश्वास गरिएको छ । नेपाल-चीनबिच सन् २०१९ अक्टुबर १२-१३ मा सम्पन्न भ्रमणका अवसरमा दुई देशबिच रणनीतिक साझेदारी गरी अगाडि बढ्ने सम्झौताले नेपालको कूटनीतिक इतिहासमा नयाँ अध्याय थपेको छ (बिबिसी, ४ अगस्त, २०१९, दाहाल) । नेपाल र चीनबिच यति राम्रो सम्बन्ध हुँदा पनि, नेपालले चीनबाट प्राप्त हुनसक्ने ठुलो अवसरको सदुपयोग गर्न सकिरहेको छैन । यसका पछाडि नेपाली राजनीतिक नेतृत्वको असक्षमता तथा नेपालमा हुने राजनीतिक अस्थिरता र राज्यको संस्थागत संरचनाको अभाव नै हो । तथापि नेपालमा गणतन्त्र स्थापनासँगै चीनले नेपालमा आर्थिक लगानी वृद्धि गरिरहेको छ ।

विश्व राजनीतिमा आर्थिक र राजनीतिक कूटनीतिक रूपमा अत्यन्त प्रभावकारी ढङ्गबाट अगाडि बढेको चीन आगामी केही वर्षभित्रै विश्व महाशक्ति बन्ने दौडमा रहेको छ । अर्कोतिर कमजोर आर्थिक अवस्था र गरिबीले पिल्सिएको नेपाललाई आर्थिक र प्राविधिक सहयोग गर्ने नाममा चीनविरोधी पश्चिमा शक्तिहरू नेपाललाई केन्द्र बनाएर चीनलाई घेरा हाल्ने दाउँमा देखिन्छन् । चिनियाँ र भारतीय सभ्यताबिच नेपालले खेलेको सेतुको भूमिकालगायत एउटा विम्बीय संस्कृति निर्माण हुनुमा नेपाल माथि बाह्यशक्तिको प्रभावलाई लिन सकिन्छ (शर्मा, २००६) । यस स्थितिमा चीनले स्थिर र शान्त अनि समृद्ध नेपालको चाहनासहित विभिन्न सहयोग गर्दै आइरहेको छ किनभने शान्त स्थिर र समृद्ध नेपालले मात्र चीनको सुरक्षालगायतका चासोहरूलाई नेपालले सम्बोधन गर्न सक्छ भन्ने तथ्य बुझेर नै चीनले नेपालमा सक्रीय उपस्थिति देखाउँदै आएको छ । विगतमा नेपालका शासकहरूले बेला बखत चीनसँगको सामीप्यताको दुरुपयोग गर्दै आफ्नो राजनीतिक अभिष्ट पूरागर्ने प्रवृत्ति गणतन्त्रपछि खासैदेखिदैन । चीन नेपालमा जहिले पनि, शान्ति र स्थायित्व चाहन्छ । नेपालमा

हुने अस्थिरता र कचिङ्गलले चीनको सुरक्षामा असर पर्नसक्ने संभावनाप्रति चीन अत्यन्तै सचेत भएको पाइन्छ । यसकारण चीनले नेपालमा निरन्तर रूपमा स्थायित्वलाई जोडदिँदै आएको छ । चीन र नेपालबिच औपचारिक सम्बन्ध कायम हुँदा नेपालमा स्थायी शक्तिको रूपमा रहेका राजतन्त्रलाई चीनले अन्तिम समयसम्म पनि समर्थन गर्दै आएको छ (भण्डारी, २०६९; पृ. ४३७) ।

सन् २००६ सालमा तत्कालीन विद्रोही माओवादी र सात राजनीतिक दलहरूकाबिच २०६२ मार्ग ७ गते दिल्लीमा १२ बुँदे सहमति हुनगयो (हिमाल खबर, २०६९) । सहकार्यमा भएको संयुक्त जनआन्दोलनले नेपालमा राजतन्त्रको अन्त्यगरी सङ्घीय गणतन्त्रको स्थापना गऱ्यो । बदलिएको राजनीतिक परिस्थितिलाई आत्मसात् गर्दै, चीनले आफ्नो पुरानो मान्यतामा परिवर्तन गरी नेपालका राजनीतिक दलहरूसँग मिलेर अगाडि बढ्दै आएको छ । संविधान निर्माणको अवधिमा होओस् वा आम निर्वाचनमा होओस्, चीनले नेपालको परिवर्तित राजनीतिक व्यवस्थालाई संस्थागत गर्न निरन्तर रूपमा सहयोग गर्दै आइरहेको छ । गणतन्त्र स्थापनासँगै, नेपालमा चिनियाँ चासो र सक्रियता पनि बढ्दै गएको र चीनलाई नेपालले उच्च प्राथमिकतामा राखेको अनुभूति हुन्छ । चीनको नेपाल नीति र नेपालमा उसको सक्रिय उपस्थितिप्रति दक्षिणी छिमेकी भारत बढी सशङ्कित देखिन्छ । नेपालमा चीनको उपस्थिति बलियो हुँदा, भारतीय पक्षले उत्पन्न गर्न सक्ने अस्थिरताप्रति चीनले नेपालको उच्च राजनीतिक नेतृत्वलाई सचेत गराउँदै, भारतसँगको सम्बन्धलाई पनि प्राथमिकतामा राख्न सुझाउँदै आएको छ । नेपालका तत्कालीन प्रधानमन्त्रीहरू टङ्कप्रसाद आचार्य र विश्वेश्वरप्रसाद कोइरालालाई चीनले उक्त कुरा सुझाएको थियो भनेर विश्वेश्वरप्रसाद कोइरालाले आफ्नो आत्मवृत्तान्तमा उल्लेख गरेका छन् ( सिवाकोटी, २०७३; पृ. १-३) । नेपालमा गणतन्त्र स्थापनासँगै दुई देशबिचको सम्बन्धलाई थप बलियो र विश्वासिलो बनाउन दुवै देशले भ्रमण कूटनीतिलाई पनि महत्त्व दिएको देखिन्छ (नेपाल चीनबिच उच्चस्तरीय भ्रमण, अनुसूची ११ मा हेर्नुहोस्) ।

### ५.७ अन्तर्राष्ट्रिय मञ्चमा नेपाल-चीन सहकार्य

नेपाल र चीन संयुक्त राष्ट्रलगायत अन्तर्राष्ट्रिय मञ्चहरूमा एक-अर्काका साझा हित र अन्तर्राष्ट्रिय शान्तिका लागि सहकार्य गर्दै आइरहेका छन् । अन्तर्राष्ट्रिय व्यवस्थाले दक्षिण एसियाली उपव्यवस्थालाई प्रभाव पारेको छ र यसले सीमा वारपारका क्षेत्रभित्रका अन्तर्क्रियाहरूलाई प्रभाव पारेको छ । दक्षिण एसियाली रणनीतिमा चीन, सोभियत रुस र अमेरिकासँग यसको सुरक्षा मुखरित भएको पाइन्छ (कोडिकारा, १९९३; पृ. १९) । सन् १९४५

मा राष्ट्रसङ्घको स्थापनासँगै यसको प्रमुख उद्देश्य अन्तर्राष्ट्रिय रूपमा शान्ति सुरक्षा कायम राख्नु हो । चीन संयुक्त राष्ट्र सङ्घ सुरक्षा परिषद्को स्थायी सदस्य राष्ट्र भएको कारण विश्वशान्ति र समृद्धिका लागि चीनले राष्ट्रसङ्घमार्फत महत्त्वपूर्ण भूमिका खेल्दै आइरहेको छ । सन् १९५५ मा नेपाल संयुक्त राष्ट्र सङ्घको सदस्य बनेदेखि हालसम्म, संयुक्त राष्ट्र सङ्घमार्फत विश्वशान्तिका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ । सन् १९६५ देखि राष्ट्रसङ्घमा नेपालले आफ्नो प्रतिनिधि राख्दै आइरहेको छ । राष्ट्रसङ्घीय मानव अधिकारको सदस्य रहेको नेपालले विश्वभरि मानवअधिकार बहालीका लागि महत्त्वपूर्ण आवाज उठाउँदै आइरहेको छ । सन् १९६९-७०, १९८८-८९ गरी दुईपटक नेपाल सुरक्षा परिषदको अस्थाई सदस्य निर्वाचित भएर विश्वमा शान्ति स्थापना गर्नका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आइरहेको छ ।

सन् १९६० देखि नेपालले शान्ति सेनामार्फत विश्व शान्तिका लागि खेलेको भूमिकाको लागि विश्वले प्रशंसा गरिरहेको छ । नेपालले हाल विश्वका ४० भन्दा बढी युद्धग्रस्त क्षेत्रमा शान्ति स्थापनाका लागि आफ्ना सेनाहरूलाई खटाएको छ । हालसम्म १ लाख ३ सय ३५ जना नेपाली सेनाले शान्ति स्थापनाका लागि राष्ट्र सङ्घीय मिसनमा काम गरिसकेका छन् ( गोरखापत्र, १६ माघ २०७०) । नेपालले संयुक्त राष्ट्र सङ्घमार्फत विश्वशान्तिका लागि निशस्त्रीकरण, हातहितयारको होडवाजीको अन्त्य, जातीय तथा रङ्गभेद नीतिको विरोध, हस्तक्षेप, आक्रमण, प्रभूत्ववाद, विस्तारवाद, साम्राज्यवादलगायत सबैप्रकारका विभेदहरूको विरुद्ध आवाज उठाउँदै आएको छ । सन् १९४९ मा चिनियाँ कम्युनिष्ट पार्टीको नेतृत्वमा चीनमा जनवादी क्रान्ति सम्पन्न भएपछि, चीनमा साम्यवादी व्यवस्थाको सुरुवात भयो । क्रान्तिपूर्वका सरकार प्रमुख च्याङकाइ सेक ताइवान पलायन भए । ताइवानकै विषयलाई लिएर चीनका विरुद्धमा विश्व व्यापी रूपमा आवाज उठन थाल्यो । चीनलाई संयुक्त राष्ट्र सङ्घको सदस्यतावाट वञ्चित गरियो । तिब्बत र ताइवानको सार्वभौम सत्ताको विषयलाई लिएर, चीन विरुद्ध गरिएका विवादमा नेपाल निरन्तर चीनको पक्षमा उभिँदै आयो । ताइवानलाई चीनबाट अलग गरेर मात्र चीनलाई राष्ट्रसङ्घमा प्रवेश दिने जस्ता कुराहरूका विरुद्धमा नेपाल उभिँदै आयो । नेपालले चीनको वैधानिक सरकारलाई मान्यता दिएको छ । अरबौं जनसङ्ख्या भएको देश चीनलाई राष्ट्रसङ्घको गतिविधिबाट वञ्चित गर्नु नहुने भनी नेपालले बाह्रौं महासभामा आवाज उठाएको थियो । चीनसँग पञ्चशीलताका आधारमा सम्बन्ध स्थापित गरेको हुनाले, चीनलाई सदस्यता दिनलाई वर्षैपिच्छे स्थगित गर्नु दुःखद कुरा हो भनी नेपालले सन् १९६० सेप्टेम्बर १९ को पन्ध्रौं साधारण सभामा चीनलाई संयुक्त राष्ट्र सङ्घमा प्रवेश गराउनु पर्ने प्रस्ताव नेपालका प्रधानमन्त्री वि.पी. कोइरालाले उठाएका थिए । यदि यसो गरिएन भने संयुक्त

राष्ट्र सङ्घ आफ्ना काम कारवाही र उद्देश्य पूरा गर्न असफल हुनेछ (देवकोटा, १९८०; पृ. ३८०-८७) ।

सन् १९७१ अक्टुबर २६ मा चीन संयुक्त राष्ट्र सङ्घको औपचारिक सदस्य बन्यो । यसका लागि नेपालले गरेको निरन्तर प्रयत्नका लागि चीनले उच्च मूल्याङ्कन गर्दै आइरहेको छ । चीनको संयुक्त राष्ट्र सङ्घमा प्रवेशसँगै, तिब्बत र ताइवान मामलामा गरिने विवादका विरुद्धमा नेपाल निरन्तर चीनको पक्षमा उभिँदै आएको छ । एक चीन नीतिको पक्षधर नेपाल ताइवान चीनको अभिन्न रहेको भनी चीनको समर्थन गर्दै आइरहको छ । मानव अधिकार बाहालीका नाममा तिब्बतका सम्बन्धमा गरिने विभिन्न टीकाटिप्पणीलाई चीनको आन्तरिक मामला भन्दै नेपालले चीनलाई साथ दिँदै आएको छ । यसैगरी चीन र नेपाल क्षेत्रिय सहकार्यमा पनि अगाडि बढिरहेका छन् । बाओ फोरम फर एसियामा नेपाल र चीन दुवै राष्ट्रले क्षेत्रिय विकासका लागि आर्थिक सहकार्यमा जोड दिँदै आएका छन् । बाओ फोरममार्फत नेपालले चीनको विकास र अनुभवबाट फाइदा लिने अपेक्षा गरेको छ । नेपाल र चीन दक्षिण एसियाली क्षेत्रिय सहयोगसङ्गठनमा पनिसँगै उभिएका छन् । भौगोलिक सीमा जोडिएको दक्षिण एसियासँग प्राचीन कालदेखि नै सांस्कृतिक र धार्मिक रूपमा  चीनको निकट सम्बन्ध रहँदै आएको छ । यसका कारण, सार्क राष्ट्रहरूको आर्थिक विकासमा चीनको महत्त्वपूर्ण भूमिका रहने यथार्थ महसुस गरी नेपालले चीनलाई सार्कमा पर्यवेक्षक राष्ट्रको रूपमा सहभागी बनाउन जोड दिँदै आएको थियो । सन् २००७ मा सार्कको चौधौँ सम्मेलनमा चीनका अर्थमन्त्री लि झाओसिङले सहभागिता जनाएका थिए । उक्त सम्मेलनमा दक्षिण एसियाको विकास र स्थायित्वको लागि चीनले योगदान गर्न चाहेको बताएका थिए (वैद्य र बज्राचार्य, १९९६; पृ. ११२) । यसरी नेपाल र चीन अन्तर्राष्ट्रिय मञ्चहरूमा साथ साथै उभिएका छन् र यी दुई देशबिचको सम्बन्ध उदाहरणीय बनिरहेको छ ।

## ५.८ आर्थिक सम्बन्ध

नेपालको चीनसँगको कूटनीतिक सम्बन्धको एउटा महत्त्वपूर्ण पाटो आर्थिक कूटनीति पनि हो । आर्थिक कूटनीतिले मुलुकको समग्र कूटनीतिमा प्रभाव पार्ने गर्दछ । नेपालको भूराजनीतिक अवस्थाका कारण पनि चीनसँगको आर्थिक सम्बन्ध नेपालका लागि महत्त्वपूर्ण रहँदै आएको छ । दुई देशबिच हुँदै आएको आर्थिक गतिविधि जस्तै व्यापार आर्थिक सहयोग, वैदेशिक प्रत्यक्ष लगानी जस्ता कुराले दुई देशबिच कूटनीतिक सम्बन्धमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ । गणतन्त्र स्थापनासँगै नेपालमा चिनियाँ लगानी उल्लेख्य रूपमा वृद्धि हुँदै आएको छ ।

सन् २०१४ मा नेपाल र चीनबिच समझदारी पत्रमा हस्ताक्षर गरी १.४५ मिलियन डलर नेपालका हिमाली जिल्लाको विकासका लागि सन् २०१४ देखि सन् २०१८ सम्ममा खर्च गरिसक्नु पर्ने सहमति भएको थियो । सन् २०१५ मा चीनका विदेशमन्त्रीले भूकम्प पुनःनिर्माणका लागि चारसय असी मिलियन डलर सहयोग गर्ने प्रतिबद्धता जनाएका थिए (Maske, 2017, p.20) । वैदेशिक सहायतामा भर परेको नेपालको अर्थतन्त्रको विकास खर्चमध्ये करिब ५० प्रतिशत बजेट यसै सहायताबाट पूर्तिहुने गरेको छ । वैदेशिक लगानीले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा समाजमा बृहत् प्रभाव पारेको हुन्छ । यसले व्यक्तिको बचत र आम्दानीमा समेत प्रभाव पार्ने गरेको हुन्छ । वैदेशिक सहयोग मुख्यतः आर्थिक सहयोग तथा निजी लगानीका रूपमा आउने गर्दछ (गुप्ता, १९७५; पृ. २०) ।

यसरी हेर्दा नेपालमा चीन, भारत, अमेरिका, जापान, जर्मनी, बेलायत, युरोपेली मुलुकरूलगायत विश्वबैङ्क एसियाली विकास बैंक, अन्तर्राष्ट्रिय विकास नियोग, संयुक्त राष्ट्रसङ्घीय विकास आयोजना, विश्व खाद्य कार्यक्रम, राष्ट्रसङ्घीय बालबालिका कोष, राष्ट्रसङ्घीय प्राविधिक सहयोग राष्ट्रसङ्घीय उच्चस्तरीय शरणार्थी आयोगलगायत अन्तर्राष्ट्रिय समुदाय र संस्थाहरूले नेपालको विकासका लागि धेरै क्षेत्रमा लगानी गर्दै आइरहेका छन् । सन् १९६७ मा विश्व बैंकको सहयोगमा नेपाल आर्थिक समूह गठन भयो र सन् १९८७ मा १६ देश र ६ वटा अन्तर्राष्ट्रिय संस्थाहरू सहभागी भएका थिए । वैदेशिक सहायताको दृष्टिकोणले नेपालमा वैदेशिक सहायता सन् ९० को दशकदेखि सुरु भएको पाइन्छ । करिब ७० प्रतिशत सरकारको खर्च (विकास र गैर विकास) वैदेशिक लगानीमा भरपर्नु पर्ने भएकाले नेपाल दक्षिण एसियामा सबैभन्दा बढी वैदेशिक सहायता र ऋणमा भर पर्नुपर्ने राष्ट्रको रूपमा रहेको छ । सन् १९७२ देखि सन् १९९३ सम्म पाकिस्तानमा गरिएको सर्वेक्षण र त्यसबाट प्राप्त तथ्यका आधारमा वैदेशिक सहयोगले आर्थिक वृद्धिमा नकारात्मक असर पारेको देखिएको छ । वैदशिक सहयोगका नकारात्मक प्रभावले ऋण लिने राष्ट्र र दाता राष्ट्रबिच सहकार्यमा समेत समस्या देखिएको बताइन्छ (खान, १९९९) । ऐतिहासिक रूपमा नेपालको अर्थतन्त्रमा भारतीय प्रभाव रहँदै आएको छ । भारतसँगको व्यापार निर्भरता र सबैभन्दा धेरै व्यापार घाटा भारतसँग नै हुने भएकाले यसले नेपालको अर्थतन्त्रमा प्रत्यक्ष प्रभाव पारेको छ ।

यस्तो स्थितिमा नेपालले भारतमाथिको परनिर्भरतालाई कम गर्नका लागि चीनलगायतका देशहरूसँग व्यापार विविधीकरण गर्न वादता भइसकेको छ । सन् २०१६ मा चीनसँग नेपालले पारवहन तथा व्यापार सन्धि गरेर यो दिशामा अगाडि बढ्ने कोसिस गरेको देखिन्छ । चीनसँग नेपालको आर्थिक सहकार्य, नेपालमा चिनियाँ लगानीका बारेमा यहाँ चर्चा

गरिएको छ । खासगरी दोस्रो विश्वयुद्धपछि विकासोन्मुख देशहरूको आर्थिक विकासका लागि वैदेशिक सहायता महत्त्वपूर्ण स्रोतको रूपमा रहँदै आएको छ । सन् १९६० को दशकसम्म नेपालका दुई छिमेकी चीन र भारत पनि वैदेशिक सहायतामा निर्भर थिए । नेपाल अहिले त्यसरी नै वैदेशिक सहायतामा भर परिरहेकोले यसको महत्त्व पनि दिन प्रतिदिन बढिरहेको छ । नेपालको कमजोर पूर्वाधार विकास, अर्धदक्ष कामदार, कमजोर क्षमतायुक्त राजकीय संस्थाहरू, कानुनी शासनको प्रत्याभूतिको अभाव जस्ता कारणहरूले नेपालको आर्थिक क्षेत्रमा यसको प्रत्यक्ष प्रभाव पर्न गएको देखिन्छ । यसका कारण नेपालमा गरिबी र बेरोजगारी समस्या दिनप्रतिदिन बढ्दै छ । राष्ट्रिय आम्दानीको असमान वितरण हुने र धनी जमिनदार र टाठाबाठाहरूमा राजनीतिक प्रभावका आधारमा राष्ट्रिय साधन स्रोतमा पहुँच हुने हुँदा जनसङ्ख्याको ठुलो हिस्सा राष्ट्रिय साधनस्रोतको पहुँचबाट वञ्चित हुन पुगेको छ । विशाल ग्रामीण इलाकाका जनताहरू, राज्यबाट वञ्चित हुनुपरेको अवस्था विद्यमान छ । सहरी र ग्रामीण  दुवै क्षेत्रमा बेरोजगारी समस्या बिकराल बन्दै गएको बर्तमान परिस्थितिमा वैदेशिक रोजगार एकमात्र आधार हुँदै छ । आर्थिक विकासका लागि वैदेशिक सहयोगले सकारात्मक भूमिका खेलेको छ । सन् १९६८-१९६९ मा ५२ वटा विकासोन्मुख देशहरूमा गरिएको सर्वेक्षणका आधारमा उक्त निष्कर्ष निकालिएको हो । वैदेशिक सहयोगको प्रभावकारिता सम्बन्धित देशको नीति तथा वातावरणले पनि उत्तिकै प्रभाव पारेको हुन्छ । विश्वको गरिब देश भनेर चिनिएको नेपालमा गरिबी नियन्त्रणका लागि अवलम्बन गरिने उपायहरूमा सरकारले वैदेशिक सहयोग र ऋणलाई प्रमुख आधार मानेको छ (डलिङ र हिमेन्ज, १९८३) ।

नेपालमा वैदेशिक सहायताको सुरुवात सन् १९५१ बाट सुरु भएको हो । राणाशासनको समयमा अमेरिकाले पहिलोपल्ट सन् १९५१ मा अमेरिकी डलर २००० सहयोग गरेको पाइन्छ । सन् १९५६ मा चीनले पहिलोपल्ट आर्थिक सहयोग गरेको थियो । सोभियत सङ्घले पनि त्यसैबेलादेखि आर्थिक सहयोग गर्न सुरु गरेको थियो । विश्वका तत्कालीन दुई शक्ति राष्ट्र रुस र अमेरिकाले रणनीतिक उद्देश्यसहित नेपाललाई आर्थिक सहयोग गर्न पुगेको देखिन्छ भने दुई छिमेकी मुलुक चीन र भारतले पनि आर्थिक सहयोगको सुरुवात गरेको पाइन्छ (खड्का, १९९७; पृ. २१) । नेपालले आफ्ना दुई छिमेकी चीन र भारत जस्ता देशबाट परम्परागत रूपमा आर्थिक सहयोग लिदै आएको छ भने अर्कोतर्फ नेपालले आफ्नो कूटनीतिक सम्बन्ध विस्तारमार्फत दाता राष्ट्रहरूसँग आर्थिक सम्बन्ध विस्तार गर्दै गएको छ जसका कारण नेपालमा वैदेशिक सहायतालाई महत्त्व दिँदै त्यस्तो सहायता भित्राउनको लागि नेपालले सन् १९८० मा ३५ भन्दा

बढी देशहरूलाई र राष्ट्रसङ्घलगायत विश्व बैङ्क, बहुराष्ट्रिय एजेन्सीलगायत ११ वटा अन्तर्राष्ट्रिय एजेन्सीहरूलाई सहयोगका लागि सहभागी बनाएको थियो (उही, १९९७; पृ. १८)।

चीन नेपालको विकासको वास्तविक साझेदारी राष्ट्र हो । नेपालको समग्र विकास र समृद्धिमा चीनले महत्त्वपूर्ण भूमिका खेल्दै आइरहेको छ । सन् १९५६ र १९६० मा नेपाल र चीनबिच आर्थिक सहकार्यका लागि सम्झौता सम्पन्न भयो । यो सम्झौतासँगै चीनले पहिलो पटक पाँचवर्षे आयोजना तोकी १२.६ मिलियन डलर आर्थिक सहयोग गरेको थियो । चीनले मुख्य गरेर यातायात, जलविद्युत्, उद्योग, सिँचाइ, स्वास्थ्य, शिक्षा, खेलकुदलगायतका पूर्वाधार निर्माणमा प्राथमिकतामा राखेर लगानी गर्दै आइरहेको छ । चीनले नेपालको आर्थिक विकासमा निस्वार्थ रूपमा निरन्तर सहयोग गर्दै आइरहेको छ । नेपालमा आउने वैदेशिक लगानीमध्ये चीनबाट सबैभन्दा बढी आएको देखिन्छ । सन् १९५६ को सेप्टेम्बरमा नेपाल र चीनबिच अन्तरसरकारी आर्थिक तथा व्यापारिक समिति (IGETC) को स्थापना भयो र सन् १९८२ अक्टोबरमा नेपाल चीन दुईपक्षीय आर्थिक तथा प्राविधिक सहकार्यको स्थापना भयो । यस सम्झौतासँगै नेपालमा चीनले लगानी बढाउँदै लगेको देखिन्छ । चीनले नेपालमा गरेको लगानी प्रत्येक वर्ष बढ्दै गइरहेको तथ्यहरूले बताउँदै आएका छन् । नेपालमा प्रतिवर्ष चिनियाँ लगानीमा वृद्धि हुँदै आइरहेको तथ्यलाई सन् २०१८ को नेपाल सरकार अर्थ मन्त्रालयको प्रतिवेदनले पुष्टि गरेको छ । आर्थिक वर्ष सन् २०१० देखि २०१९ सम्म नेपालमा चिनियाँ आर्थिक सहयोगलाई हेर्दा प्रतिवर्ष वृद्धि हुँदै आएको सन्दर्भलाई निम्न तथ्याङ्कमा प्रस्तुत गरिएको छ ।

**तालिका ५.१: नेपालमा चिनियाँ लगानीको विवरण**

| क्र.स. | आर्थिक वर्ष (इ.सं.) | जम्मा रकम (डलरमा) | कैफियत |
|---|---|---|---|
| १ | २०१०/०११ | १८,८४३,९८८/- | |
| २ | २०११/०१२ | २८,३४४,९२३/- | |
| ३ | २०१२/०१३ | ३४,१२०,०३३/- | |
| ४ | २०१३/०१४ | ४१,३८१,५२२/- | |
| ५ | २०१४/०१५ | ३९,२३९,०७३/- | |
| ६ | २०१५/०१६ | ५४,३९९,२९४/- | |
| ७ | २०१६/०१७ | ५५,५९२,९१६/- | |
| ८ | २०१७/०१८ | ५८,७२७,०७८/- | |
| ९ | २०१८/०१९ | १५०,३८५,३७९/- | |

(स्रोतः Devlopment co-operation report 2018, www.mofa. gov.np)

नेपालमा आर्थिक लगानी गर्ने राष्ट्रहरूमा चीन पहिलो, भारत दोस्रो, अमेरिका तेस्रो, दक्षिण कोरिया चौथो रहेका छन् भने अन्य राष्ट्रमा जापान, बेलायत, जर्मनी, फ्रान्स, नेदरल्याण्ड, अष्ट्रेलिया मुख्य रहेका छन् । उद्योग विभागकाअनुसार, सन् २०१३/१४ मा चीनले ११९, भारतले २२, दक्षिण कोरियाले २२, अमेरिकाले २८, बेलायतले १२, जापानले १५, मलेशियाले ८, फ्रान्सले ७, पाकिस्तानले ३ वटा अन्तर्राष्ट्रिय उद्योगहरू दर्ता गरिसेका छन् । उद्योग विभागकाअनुसार दर्ता गरिएका उद्योगहरूमध्ये २४२ वटा ठुला उद्योग, ३२२ वटा मध्यम उद्योग र २,३९५ साना उद्योगहरू रहेका छन् । नेपालमा आउने विभिन्न वैदेशिक लगानीमध्ये चीनको लगानी अग्रस्थानमा रहेको छ । चीनलगायत अन्य देशहरूबाट वैदेशिक लगानीलाई थप आकर्षित गर्नका लागि नेपालले आफ्नो आन्तरिक स्थितिमा गम्भीर सुधार ल्याउन आवश्यकदेखिन्छ । त्यस्ता सुधार गर्ने क्षेत्रहरूमा राजनीतिक खिचातानी, झण्झटिलो कानुनी प्रक्रिया, प्रभावकारी प्रशासन, लगानीकर्तासँग समन्वयन गर्ने प्रभावकारी संयन्त्र, युवा श्रमशक्तिको विदेश पलायन जस्ता विविध कारण कामदारको अभाव जस्ता समस्याका कारण, वैदेशिक लगानीमा समस्या देखिने गरेको छ ।

नेपालमा चिनियाँ लागनी बढी आकर्षित हुनका पछाडि चीनद्वारा अगाडि सारिएको विश्वको मेघा परियोजनाको रूपमा चिनिएको बीआरआईमा नेपाल सहभागी हुनु हो । सन् १९१७ मा नेपालमा बीआरआई को समझदारी पत्र (MOU) मा हस्ताक्षर गऱ्यो जसका कारण बीआरआई अन्तर्गत नेपालले चीनसँग आफ्नो व्यापारलाई विविधीकरण गर्न सुरु गरेको छ । सन् २०१८ मा, नेपालका प्रधानमन्त्री, चीनको औपचारिक भ्रमण गरेपछि बीआरआई कार्यक्रमलाई लागु गर्न ट्रान्स हिमालयन मल्टी डायमेन्सन् कनेक्टिभिटी नेटवर्क अन्तर्गत विभिन्न आयोजनाहरू जस्तै, सडक, रेल, हवाई सेवा, पर्यटन, यातायात, सञ्चारलगायतका पूर्वाधार निर्माण गर्ने गरी दुई देशबिच सहमति भई संयुक्त वक्तव्य जारी गरिएको थियो । नेपाल र चीनबिच सीमावारपार सडक रेल ट्रान्समिसनलाइन लगायत कनेक्टिभिटीका आयोजनालाई नेपाल र चीनले प्राथमिकतामा राखेका छन् । नेपाल चीनसँगको व्यापारमा प्रत्येक वर्ष २५ प्रतिशतले वृद्धि भइरहेको छ । चीनले नेपालमा उत्पादित ८००० प्रकारका सामानहरूमा भन्सार छुट दिने व्यवस्था गरेको छ । व्यापार घाटा न्यूनीकरण गर्नलाई यसबाट महत्त्वपूर्ण सहयोग पुग्ने देखिन्छ । नेपालमा आउने कुल वैदेशिक लगानीको ८४ प्रतिशत हिस्सा चीनले ओगट्ने गरेको छ र चीनले मुख्यतः सिमेन्ट, पूर्वाधार निर्माण, यातायात, जलविद्युत् परियोजनामा लगानी गरेको छ (सिन्ह्वानेट, सन् २०१८) ।

### ५.८.१ नेपाल र चीनबिच आर्थिक सहकार्य

नेपाल र चीनबिचको आर्थिक विकासमा मुख्यतः यातायात, उद्योग, जलविद्युत्, सिँचाई, स्वास्थ्य, शिक्षा, खेलकुदलगायत पूर्वाधार निर्माणमा सहकार्य भएको पाइन्छ । चीनद्वारा नेपालमा निर्माण गरिएका आयोजनाहरूको विवरण तालिका नं. २ मा दिइएको छः

**तालिका २ः नेपाल र चीनबिच आर्थिक सहकार्य**

| आयोजनाको नाम | लम्बाई किमीमा | निर्माण वर्ष |
|---|---|---|
| १. अरनिको राजमार्ग | १०४ | १९६३-६७ |
| २. अरनिको राजमार्ग मर्मत | १३ | १९६८-७० |
| ३. पृथ्वी राजमार्ग (काठमाडौँ-पोखरा) | १७४ | १९६५-६७ |
| ४.काठमाडौँ-भक्तपुर सडक | १३ | १९६९-७१ |
| ५. गोरखा-नारायणघाट | ६० | १९६७-८२ |
| ६. काठमाडौँ-भक्तपुर ट्रलीवस | १४ | १९७३-७५ |
| ७. पोखरा-बाग्लुङ्ग | ७३ | १९८७-९० |
| ८. मुग्लिङ्ग-नारायणघाट | | |
| ९. पोखरा-सेतीपुल | | |

स्रोतः पुडासैनी, २०७६; पृ. ३२२ - ३२३

### ५.८.२ उद्योग क्षेत्र

यातायातबाहेक चीन सरकारले आफ्नै लगानीमा नेपालका आर्थिक तथा उद्योग विकासका लागि औद्योगिक क्षेत्रमा लगानी गरेको छ । छिमेकी राज्यले प्रगति गरेर उसका नागरिकहरूलाई आत्मनिर्भर बनाओस् भन्ने उद्देश्यले चीनले यस्ता सहयोग विभिन्न क्षेत्रमा गरेको छ । यसले राष्टहरूबिचको सद्भाव तथा आपसी समझदारीलाई विशेष रूपमा खँदिलो बनाउने गर्दछ । जस्तैः बाँसबारी छालाजुत्ता कारखाना, हेटौँडा कपडा उद्योग, भृकुटी कागज कारखाना, गैँडाकोट, लुम्बिनी चीनी कारखाना, भक्तपुर इट्टाटायल कारखाना, गोरखकाली रबर उद्योग मुख्य रहेका छन् (पुडासैनी, २०७६; पृ. ३२० - ३२१) । राज्य सञ्चालकहरूमा जिम्मेवारी, जवाफदेहिताको कमी र निजी क्षेत्रलाई प्रोत्साहन गर्ने राज्यको उदारवादी अर्थनीतिको कारण देशमा सञ्चालन भएका उद्योगधन्दाहरू व्यवस्थित सञ्चालन हुन सकेनन ।

### ५.८.३ स्वास्थ्य क्षेत्र

स्वास्थ्य क्षेत्रमा पनि चीनको महत्त्वपूर्ण योगदान रहेको छ । कोभिड १९ ले दोस्रो विश्व युद्धपछि मानव जातिमाथि आइपरेको सबैभन्दा चुनौतीपूर्ण सङ्कट थियो । यो सङ्कटलाई उदारवादी विश्व व्यवस्थाको सङ्कटका रूपमा पनि विश्लेषण गरियो । यसप्रकारको महामारीलाई थेग्न सक्ने हैसियत नेपाल जस्तो गरिब र विकासोन्मुख राष्ट्रसँग पर्याप्त साधन स्रोत र तयारी नहुनु स्वाभाविकै हो । १३ जनवरी २०२० बाट नेपालमा कोरोना महामारी फैलिन सुरु भयो । यसलाई रोक्न सरकारले २४ मार्च २०२० बाट लकडाउन घोषणा गऱ्यो । यो कलडाउन ३ महिनासम्म निरन्तर कायम रह्यो । जसले गर्दा नेपाल आर्थिक र सामाजिक रूपमा कमजोर बन्न पुग्यो । महामारीलाई नियन्त्रण गर्न नेपालले परराष्ट्र मन्त्रालयमार्फत आफ्ना निकट छिमेकी भारत र चीनलाई आधारभूत औषधी तथा स्वास्थ्य सामग्रीहरू दिन अनुरोध गर्दै विश्वभरि रहेको आफ्ना राजदूतावास मिसन तथा विभिन्न सङ्घ संस्थालाई अनुरोध गरेको थियो । १ जुलाई २०२० मा प्रधानमन्त्री केपी शर्मा ओलीले करीब ६० देश सहभागी भएको कोभिड सम्बन्धी अन्तर्राष्ट्रिय भर्चुअल सम्मेलनलाई सम्बोधन गरेका थिए । नेपाल सहभागी रहेको २०२० सेप्टेम्बरमा चीनद्वारा आयोजित उच्चस्तरीय बीआरआई भिडियो सम्मेलनमा चीनले सिल्क रोड हेल्थ कार्यक्रम अन्तर्गत कोरोनाविरुद्धको स्वास्थ्यसामग्री तथा खोपहरू उपलब्ध गराउने योजना रहेको जनाएको थियो (IFA 2020 P. 25 Covid-19 Multidisciplinary Narratives)।

नेपाललाई चीन र भारतले खोप तथा स्वास्थ्यसामग्री उपलब्ध गराउने प्रतिबद्धता जनाए पनि दक्षिण एसियामा चीन र भारतले आफ्नो खोप कूटनीतिमा प्रतिस्पर्धा गर्दै थिए । चीनले दक्षिण एसियाली राष्ट्रहरू नेपाल, पाकिस्तान, श्रीलङ्का, बङ्लादेशलगायतका देशहरूलाई खोप प्रस्ताव गरेपछि भारतले पनि आफ्ना छिमेकी राष्ट्रहरूलाई खोप दिने निर्णय गऱ्यो । जसअनुसार भारतले १५ जनवरी २०२१ मा १० लाख डोज खोप सहयोग स्वरूप उपलब्ध गरायो । यस अतिरिक्त भारतले थप १० लाख डोज खोप उपलब्ध गराउने प्रतिबद्धता जनायो । २९ मार्च २०२१ मा चीनले नेपाललाई ८ लाख डोज मेशेसिल खोप उपलब्ध गरायो । यसै गरी चीनले २५ मे २०२१ मा थप १० लाख डोज खोप उपलब्ध गरायो । नेपालकालागि आवश्यक ४४ मिलियन डोज खोप सरकारले भारत, चीन, रुस, अमेरिका, बेलायतलगायतका खोप उत्पादन गर्ने देशहरूबाट खरीद गर्ने निर्णय गऱ्यो । खोप उत्पादक राष्ट्रहरूले आफू पहिलो र अरू दोस्रो भन्ने व्यवहार देखाउन थालेका थिए जसले गर्दा नेपाल जस्ता गरीब राष्ट्र मानवीय क्षति हुँदै थियो । सरकारले भारतबाट ५ लाख डोज खोप खरीद गर्न अग्रिम रकम भुक्तानी गऱ्यो तर खोप

उपलब्ध हुन सकेन । चीनले नेपाललाई कोरोना महामारी नियन्त्रणकालागि विभिन्न आधारभूत स्वास्थ्य सामग्रीहरू तथा अक्सिजन र भेन्टिलेटर मेसिनहरू उपलब्ध गरायो । २८ मे २०२१ मा नेपालका राष्ट्रपति विद्या भण्डारीले चीनका राष्ट्रपति सी जिनपिङसँग टेलिफोन संवाद गरी खोप उपलब्ध गराउन अनुरोध गरिन् र चीनले १० लाख डोज खोप सहयोग स्वरूप उपलब्ध गरायो । महामारी नियन्त्रणका लागि नेपालस्थित चिनियाँ दूतावास र चीनस्थित नेपाली दूतावासको पहलमा नेपाल सरकारले चीनसँग खोप किन्ने निर्णय गऱ्यो । जसअनुसार नेपालले चीनबाट ४० लाख खोप खरीद गऱ्यो । चीनले थप ६० लाख डोज खोप नेपाललाई उपलब्ध गराउने निर्णय गऱ्यो (Maske & Pandey 2021 P. 5-23 Covid-19 Pandemic Vaccine Diplomacy & the Recommended Course of action for the government of Nepal)।

कोरोना महामारीको सङ्कटको बेलामा नेपाली जनताको जीवनरक्षाका लागि चीनले गरेको यो सहयोग अत्यन्तै महत्त्वपूर्ण रहेको छ । नेपाललाई सङ्कटका बेलामा चीनले निस्वार्थ रूपमा सहयोग गर्दै आएको छ । यसका अतिरिक्त वि.पी. कोइराला क्यान्सर अस्पताल भरतपुर चितवन, सिभिल अस्पताल काठमाडौँ, राष्ट्रिय आयुर्वैदिक अनुसन्धान केन्द्र, कीर्तिपुरमा समेत चिनियाँ सहयोग उल्लेख्य रहेको छ ।

### ५.८.४ जलविद्युत्

जलस्रोतका दृष्टिले विश्वमै दोस्रो स्थानमा रहेको नेपाल यसको उपयोग गर्नसके मात्र नेपालको समग्र आर्थिक विकासले गुणात्मक फड्को मार्ने निश्चित छ । तर राज्यको साधनस्रोत एवम् दक्ष प्राविधिकको अभावले गर्दा राज्यले जलस्रोतको उपयोगमा वैदशिक लगानी भित्र्याउने नीति लिएको छ जसले गर्दा विदेशी लगानीकर्ता तथा दातृनिकाय आकर्षित हुँदै गएका छन् । यसरी आकर्षित भएर नेपालको जलविद्युत्मा लगानी गर्ने राष्ट्रमध्ये चीन पनि प्रमुख रहेको छ । चिनियाँ लगानी रहेका आयोजनाहरूरू निम्नानुसार रहेका छन्:

(१) माथिल्लो मर्स्याङ्दी जलविद्युत् आयोजना, (२) माथिल्लो मोदि जलविद्युत् आयोजना, (३) सुनकोसी काठमाडौँ प्रसारण लाइन परियोजना, (४) जलसंरक्षण तथा बहुउद्देश्यीय सिँचाइ परियोजना, पोखरा (५) पश्चिम सेती जलविद्युत् आयोजना, (६) बुढी गण्डकी जलविद्युत् आयोजना ।

**सिमेन्ट उद्योगहरू :** होन्सी सिमेन्ट, हुवासिन् सिमेन्ट उद्योग ।

**खेलकुद :** खेल रङ्गशाला काठमाडौँ, ललितपुर, आठौ एसियाली खेलकुदका लागि पूर्वाधार निर्माणमा सहयोग । खेल मैदान र भवनमा लाईट जडान र मर्मत ।

**अन्य क्षेत्रहरू :** काठमाडौँ भक्तपुर ट्रलीबस सेवा, राष्ट्रिय सभागृह, अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, पोखराको सेतीनदी माथिको पुल, वीरगञ्ज सुक्खा बन्दरगाहा, नेपाल पोली टेक्निकल इन्स्टिच्युट बनेपा, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा कार्गो निरिक्षण पद्धति, खासा काठमाडौँ अप्टिकल फाइबर परियोजना, काठमाडौँ सरसफाई सामग्री हस्तान्तरण, निर्वाचन सामग्री, नेपाल टेलिभिजनको मेट्रो च्यानलको निर्माण र विस्तार, संसद्वादी व्यवस्था सचिवालयको संसाधनको वितरण, पोखरा खानेपानी तथा सिँचाइ आयोजना, नेसनल ट्रेनिङ्ग लिमिटेडको भवन निर्माण, काठमाडौँ वीरगन्ज गोदाम घर निर्माण ।

## ५.८.५ नेपाल-चीनबिच चालु परियोजना

चीनले नेपालको विकास निर्माणका कार्यमा विशेष सहायता गरिरहेको छ । महाभूकम्पले क्षतिग्रस्त गराएका संरचनाको निर्माण, माथिल्लो त्रिशैली थ्री ए जलविद्युत् आयोजनाको पावर हाउस र प्रसारण लाइन निर्माण, पोखरा अन्तर्राष्ट्रिय क्षेत्रिय विमानस्थल निर्माण, पश्चिम सेती जलविद्युत् आयोजना, सिंहदरबार सडकबत्ती जडान, सशस्त्र प्रहरी बलको राष्ट्रिय प्रतिष्ठानको निर्माण, नेपाल वायुसेवालाई हवाईजहाज प्रदान, काठमाडौँ चक्रपथ निर्माण, तातोपानी सिन्धुपाल्चोकको सीमानामा निरीक्षण चौकी निर्माण आदि चालु परियोजनाहरू हुन् (नेपाल सरकार, परराष्ट्र मन्त्रालय, २०२२) ।

## ५.९ नेपालले चीनसँग अपेक्षा गरेका आयोजनाहरू

नेपालले चीनको विकास र समृद्धिबाट विविध क्रियाकलापहरूको अपेक्षा गरेको छ (सिंह, २०१४) । अरनिको राजमार्ग अन्तर्गत धुलिखेल, बाह्रबिसे, कोदारी खण्डको स्तरोन्नति, टिमुरे सीमाचौकी निर्माण, धनकुटा खाँदबारी किमाथन्का सडक निर्माण, नेपाल-चीन कृषि सहकार्य आयोजना, गल्छी रसुवागढी, केरुङ ४०० के.बी. प्रसारण लाइन । अरूण किमाथन्का ४३४ मेगावाट विद्युत् निर्माण, मदन भण्डारी विश्वविद्यालय निर्माण, काठमाडौँ रिङ्गरोडको स्तरोन्नति, केरुङ-रसुवागढी-काठमाडौँ-पोखरा-लुम्बिनी रेलसेवा निर्माणका डीपीआर, रसुवाको चिलिमे जलविद्युत् आयोजना अन्तर्गत, रसुवागढी-केरुङ प्रसारण लाइनको निर्माण । नेपाल आयल निगमको पेट्रोलियम पदार्थ भण्डारण स्थलको निर्माण, ७६२ मेघावाट तमोर जलविद्युत् आयोजनाको निर्माण, ४२६ मेघावाटको फुकोट कर्णाली नदी जलविद्युत् आयोजनाको निर्माण, धनकुटाको हिलेदेखि किमाथान्कासम्मको सडक र औद्योगिक पार्कको निर्माण (शाक्य, २०१७; पृ. २४७) ।

### ५.९.१ नेपाल-चीन व्यापारिक मार्ग

नेपाल र चीनबिच प्राचीन कालदेखि नै धार्मिक तथा व्यापारिक सम्बन्धका कारण हिमालय क्षेत्रवारपार गर्न ससाना पैदलमार्गहरू बन्ने गरेका थिए । नेपाल र तिब्बतबिच स्थानीय जनताहरू ओहोरदोहोर गर्ने त्यस्ता पैदालमार्गलाई शाखा रेसममार्ग पनि भन्ने गरिन्छ । यिनै रेसममार्गमार्फत घोडा खच्चड, भेडा च्याङ्ग्रा, चौरी-याकमार्फत जीविकोपार्जनका लागि मानिसहरू मालसामान ओहोर दोहोर गराउँदथे । बिस्तारै यिनै पैदलमार्गहरू व्यापारिक मार्गमा रूपान्तरित हुँदै गए । समयक्रमसँगै, यी पैदलमार्गहरू ट्रान्स हिमालयन वारपारको रूपमा अस्तित्वमा आए । परम्परागत पैदलमार्गहरू ट्रान्सहिमालयन व्यापारमा महत्त्वपूर्ण भूमिका खेल्दै आइरहेका छन् । यी पैदलमार्गमार्फत नेपाल चीनबिचको सम्बन्ध विकासमा महत्त्वपूर्ण भूमिका रहेको छ । स्थानीय पैदलमार्गमार्फत हिमालय क्षेत्रका विभिन्न स्थानीय मालसामान ढुवानी तथा आवागमन गर्ने गरिन्थ्यो (मिश्र, २०००; पृ. २२) । नेपाल र तिब्बतबिचको व्यापार उच्च हिमाली भेगबाट हुने गर्दथ्यो । यस्ता स्थानीय पैदल रेसममार्गहरू हिमालय क्षेत्रमा अठार वटा थिए, जसलाई व्यापारिक उद्देश्यले उपयोग गर्ने गरिन्थ्यो । ती मार्गहरू क्रमशः, कुती, केरुङ, ओलाङचुङ, खम्बु, टुकुचे र कर्णाली मुख्य व्यापारिक नाकाहरू थिए (मिश्र, २०००; पृ. २७) ।

यी व्यापारिक मार्गहरूमध्ये सबैभन्दा कम उचाइमा अवस्थित नाका कुती हो । यसबाट काठमाडौं आउन जानको लागि सहज र सरल थियो । कुती नुनका लागि पनि सहज मार्ग भएको हुनाले, त्यहाँबाट आवतजावत बढी हुने गर्दथ्यो । तिब्बतसँग जोडिएको हिमाली भेगको सबैभन्दा छोटो बाटो कुती थियो र केरुङ दोस्रो मुख्य बाटो थियो । यो बाटो सातौ शताब्दीदेखि नै प्रयोगमा आएको पाइन्छ । तिब्बत जानका लागि कास्मिर भएर भन्दा यो बाटो छोटो हुने भएकाले पनि बढी प्रचलनमा थियो । पूर्वी पहाडी भेगको तमोर भ्याली भएर ओलाङ्गचुङ्गगोलामार्फत तिब्बतको तिप्ताला पुग्न नजिक पर्ने भएको हुनाले भारतको पटनासम्म पनि यही बाटो भएर सामान जाने गर्दथ्यो । भारत र नेपालका लागि छोटो, छिटो र बढी प्रयोगमा आउने ओलाङ्गचुङ्गगोला मार्ग, चिम्बु उपत्यका जानको लागि पूर्वी नेपालको व्यापारका लागि यो मार्ग प्रचलित छ । खुम्लु तिब्बतको टिङ्ग्रीसँग जोडिएको छ । खुम्लु सहजरूपबाट तिब्बत आउन जान सकिने तथा जनावरहरू पनि ओहोरदोहोर गर्ने बाटो भएकाले दक्षिण भारतसम्म यस मार्गमार्फत व्यापार हुने गर्दथ्यो । कर्णाली मार्ग मुख्यगरी हुम्ला र मुगु गरी दुई भागमा विभाजित थियो । यी दुवै मार्गमार्फत तिब्बतको ताक्लाखारसँग व्यापार हुने गर्दथ्यो । यो नै पश्चिमको लागि प्रमुख व्यापारिक मार्ग थियो । नेपाल र तिब्बतबिच परिचित र बढी प्रयोगमा आउने हुम्ला र मुगुका पैदलमार्ग हिमाल वारपार गर्न प्रमुख मार्ग मानिन्थे । यी

मार्गमार्फत, जुम्लाको दुल्लुसँग सिधा सम्पर्क हुन्थ्यो । हुम्लाको यारी, तिब्बत जाने प्रमुख तथा सहज नाकाको रूपमा रहेको छ । यीलगायत तिब्बतसँग जोडिएका अन्य मार्गहरूमा धुदाम, चेकुवा, लामा बगर, तोप्केगोला, टिङ्कर पास रहेका छन्, जहाँबाट दुवै देशका जनताहरूले स्थानीय रूपमा व्यापार गरिरहेका छन् ।

उल्लेखित परम्परागत व्यापारिक मार्गहरू लामो समयसम्म तिब्बत र नेपालबिच प्रयोगमा आउन सकेनन् । यी मार्गमार्फत ओहोर दोहोर गर्दा स्थानीय बासिन्दाबिच कहिले काहीँ अप्रिय घटना पनि हुने गर्दथे । उच्च हिमाली भेगका दुवै देशतर्फका स्थानीय जनताहरूमा यी चुनौती र आवश्यकताबिच प्रयोगमा आएको पाइन्छ । नेपाल र चीनबिच सन् १९९८ अप्रिल १५-१७ मा सम्पन्न नेपाल चीन अन्तरसरकारी आर्थिक तथा व्यापारिक समितिको काठमाडौंमा सम्पन्न सातौँ बैठकले दुई देशबिचको व्यापारलाई पुनःर्मूल्याङ्कन  गर्ने निर्णय गऱ्यो । यस बैठकले नेपालले चीनसँग काठमाडौँ, टिङ्री र मुस्ताङको लिफ्री नाका खोल्न प्रस्ताव गऱ्यो ( Nepal-China 1998 April, 15-17) । समयसँगै नेपाल-चीनबिच व्यापारिक मार्गहरूको विकास र विस्तार हुँदै आएको छ । सन् २००२ मा नेपाल र चीनबिच केरुङ-रसुवा नाका सञ्चालन गर्ने निर्णय भयो । यो व्यापारिक नाकालाई चीन सरकारले उच्च प्राथमिकतामा राखेको पाइन्छ । महाभूकम्पका कारण साविक सञ्चालनमा रहेको तातोपानी नाका अबरुद्ध भएपछि चीन सरकारले त्यो नाकालाई बन्द गरेर त्यसको विकल्पमा केरुङ नाकालाई सञ्चालनमा ल्याउने निर्णय गऱ्यो । त्यसका लागि केरुङ भन्सारको पूर्वाधार निर्माण तथा त्यहाँ सम्म पुग्ने सडक निर्माणमा दुवै देशले उच्च प्राथमिकता दिएर काम गरिरहेका छन् ।

चीनसँगको व्यापारमा नेपालको प्रमुख समस्या भनेको यातायातको समस्या हो । उच्च पहाडी र हिमाली भूभाग भएर तिब्बत जोडिने बाटाहरू हिउँ र पहिरोको कारण बेला बेला अवरुद्ध हुने गर्दछन् । चीनतर्फका भौतिक पूर्वाधारहरूः भन्सार सडक आदि राम्रो भए पनि नेपाल तर्फका पूर्वाधारहरू अत्यन्तै कमजोर भएकाले चीन आफैले भन्सार नाकासम्म पुग्ने बाटो र भन्सारका पूर्वाधारहरू निर्माण गरिदिने गरेको छ । अर्कोतर्फ नेपाली व्यापारीहरूमा चिनियाँ भाषिक ज्ञानको अभावमा चीनमा उत्पादित सामान र त्यसको गुणस्तर बारेमा जानकारी नहुनु र सामान आयात-निर्यात सम्बन्ध कानुनी ज्ञान नहुनाले पनि समस्या पैदा भएको छ । यसका बाबजुद, बल्लतल्ल सामान ल्याउने काम सुरुभए पनि बाटोका कारण समयमा सामान सुरक्षित ढङ्गले ठाउँमा पुग्ने कुरा अनिश्चित हुने गर्दछ । खासगरी तातोपानी भन्सार नाकाको विकल्पमा केरुङ भन्सार नाकालाई चीनले प्राथमिकतामा राखेर त्यहाँको भन्सार पूर्वाधार तथा बाटोको निर्माण सम्बन्धमा सहयोग गर्ने प्रतिबद्धता जनाएको छ । नेपालतर्फको कमजोर

संरचनाको कारण केरुङ नाकामा ठुलठुला समस्याहरू देखिँदै आएका छन् । हाल नेपाल र चीनबिचको व्यापारिक कारोबार यही नाका हुँदै भइरहेको छ । यसैगरी चीनले सञ्चालन गर्न खोजेको अर्को महत्त्वपूर्ण नाका मुस्ताङको कोरोला नाका हो । कोरोला नाकालाई सञ्चालनमा ल्याउनका लागि नेपाल र चीन सरकार दुवैले तयारी गरिरहेका छन् । कोरोला नाकामा चीनतर्फका सम्पूर्ण पूर्वाधारहरू सम्पन्न भए पनि नेपालतर्फको अवस्था भने प्रारम्भिक चरणमै रहेको छ । कोरोला नाका जोड्ने कालिगण्डकी कोरिडोरको ट्र्याक खोल्ने काम नेपाल सरकारले नेपाली सेनामार्फत भर्खर सम्पन्न गरेको छ ।

कोरोला नाकालाई प्रयोग गर्न सकियो भने यो नै चीनलाई भारतसँग जोड्ने सबैभन्दा छोटो दुरीको व्यापारिक मार्ग बन्ने छ । त्यसैले चीनले कोरोला हुँदे कालीगण्डकी करिडोरलाई सञ्चालनमा ल्याउनका लागि नेपाल सरकारलाई सुझाव दिँदै आएको पाइन्छ । प्राचीन कालमा कालिगण्डकीको तीर हुँदै कोरोला भएर तिब्बतको मानसरोबर जाने सबैभन्दा छोटो रेसममार्ग पनि यही मार्ग थियो, जसलाई अहिले प्रयोगमा ल्याउने तयारी भइरहेको छ । यो नाका सञ्चालनका लागि दुवै देशले तीव्र तयारी गरिरहेका छन् । चीन सरकारले कोरोला नाकामा सम्पूर्ण भौतिक पूर्वाधार र बाटोको काम सन् १९९९ मा नै सम्पन्न गरिसकेको थियो । हाल नेपाल सरकार र चीन सरकारबिच कोरोलालगायतका नाकाहरू सञ्चालनका लागि सहमति भइसकेको छ (सिवाकोटी, २०७३; पृ. ९६-९७) । नेपाल र चीनबिच यातायात र कनेक्टिभिटीका क्षेत्रमा भएको विकाससँगै, दुई देशबिचको सम्पर्क  सम्बन्ध धेरै सहज हुँदै गएको छ । सबैभन्दा पहिला अरनिको राजमार्ग खुलेसँगै काठमाडौँ कोदारीको पहुँच सहज हुँदै गयो । केरुङ-स्याफ्रुबेसी-गल्छी राजमार्ग निकट भविष्यमै सम्पन्न हुँदैछ । कोरोला कालीगण्डकी कोरिडोर सञ्चालनको तयारीमा छ । काठमाडौँबाट ल्हासा-साङ्घाई-बेइजिङको हवाई सेवा ल्हासा काठमाडौँ बस सेवा आदिले काठमाडौँ र चीनलाई नजिक बनाइदिएको छ । चीनले तिब्बतको ल्हासाबाट सिगात्सेसम्म रेल पुऱ्याउने तयारी गरिरहेको छ । सिगात्से-केरुङ-काठमाडौँ रेलमार्ग निर्माणका लागि दुईदेशबिच सहमति भई त्यसको विस्तृत परियोजनाप्रतिवेदन (डीपीआर) बनाउन नेपाल सरकारले चीन सरकारलाई अनुरोध गरिसकेको छ । र चीन सरकारले डीपीआरको जिम्मा लिइसकेकाले निकट भविष्यमै रेल मार्गका कामहरू सञ्चालन हुने छन् ।

ल्हासादेखि काठमाडौं सम्मको ९०० कि.मी. सडकमार्ग तीनवर्षमा सम्पन्न गर्नेगरी काम सुरु भएको छ । नेपाल चीनबिच यातायात तथा हवाई सेवा विस्तारसँगै दुई देशबिचको जनताबिच व्यापार, आर्थिक, सांस्कृतिक सम्बन्धमा थप विस्तार हुँदै गएको छ । सन् १९६४ मा, दुई देशबिच, सम्पन्न भएको, व्यापार सम्झौतासँगै निरन्तर रूपमा व्यापार गतिविधि अगाडि

बढिरहेका छन् । व्यापार अभिवृद्धि गर्नका लागि, विकसित कनेक्टिभिटीले थप सुगमता प्रदान गरेको छ । चीनसँग सम्पन्न व्यापार तथा पारवहन सन्धिसँगै नेपाल र चीनबिचको कनेक्टिभिटी तथा आर्थिक क्षेत्रमा आमुल परिवर्तन आउने देखिन्छ (भट्टराई, २०१०; पृ. १३२) । दुई देशबिच खुलेका पुराना र नयाँ सडकमार्ग तथा हवाईमार्गका कारण व्यापारमा आधारभूत परिवर्तन आइरहेको छ । विगतमा कनेक्टिभिटीको अभावमा दुई देशबिच सञ्चालित गुजारमुखी व्यापार तथा यातायातको विकाससँगै नेपालको अन्तर्राष्ट्रिय व्यापार चीनसँग दिनप्रतिदिन वृद्धिहुँदै गइरहेको छ । चीनसँगको व्यापार वृद्धिसँगै, भारतसँगको व्यापार निर्भरता बिस्तारै विविधीकरणतिर अगाडि बढिरहेको छ । सन् २०१९ मा चीनका राष्ट्रपति सी जिनपिङको नेपाल भ्रमणका क्रममा दुई देशबिच भएको सम्झौतासँगै नेपाल भूपरिवेष्टित राष्ट्रबाट भु-जडित राष्ट्र बन्ने उद्घोष भएको थियो । राष्ट्रपति सी को यो उद्घोषसँगै नेपाल चीनको भूभाग हुँदै तेस्रो मुलुकसम्म पुग्नका लागि चीनले आफ्नो भूमि बेरोकटोक प्रयोग गर्न दिने सम्झौता पनि भएको छ । नेपाल चीनको यातायात तथा सञ्चारको विकासले आपसी सम्बन्धलाई प्रगाढ बनाउनुका साथै व्यापार प्रवर्द्धनमा महत्त्वपूर्ण भूमिका खेलेको छ ।

### ५.९.२ व्यापार सम्बन्ध

नेपालको अर्थतन्त्रमा वैदेशिक व्यापारको महत्त्वपूर्ण स्थान रहेको छ । स्वदेशी वस्तुलाई विदेशी बजारमा निर्यात गर्ने र नेपाललाई आवश्यक पर्ने तर स्वदेशमा उत्पादन नहुने वस्तुहरूको आयात गरी सरकारको राजस्व वृद्धि गर्न नेपालको वैदेशिक व्यापारको महत्त्वपूर्ण भूमिका रहने गरेको छ । नेपाल सरकारले वाणिज्य क्षेत्रको विकास र विस्तार गर्ने उद्देश्यले वाणिज्य नीति ऐन २०७२, नेपाल व्यापार एकीकृत रणनीति ऐन २०७३ लाई कार्यान्वयनमा ल्याएको छ । विश्व व्यापार सङ्गठन, एसियाली स्वतन्त्र व्यापार सम्झौता, बहुक्षेत्रिय प्राविधिक तथा आर्थिक सहायता सहायतासम्बन्धी बङ्गालको खाडीको प्रयत्नसँगको आबद्धताबाट नेपालले आफ्नो आन्तरिक तथा अन्तर्राष्ट्रिय व्यापार प्रवर्द्धनका लागि प्रशस्त अवसरहरू प्राप्त गरेको छ ( भन्सार स्मारिका, २०७५) । दुःखको कुरा, प्रशस्त सम्भावना हुँदाहुँदै पनि नेपालले अन्तर्राष्ट्रिय व्यापारमा सफलता हासिल गर्न सकेको छैन । आयात प्रति

स्थापन गर्ने आन्तरिक वस्तुहरूको उत्पादनमा कमी तथा विदेशबाट आयात गरिने वस्तुहरूको वृद्धिका कारण नेपाल प्रतिवर्ष व्यापार घाटा बेहोर्न बाध्य भएको छ । नेपालले निरन्तर रूपमा चीनसँगको व्यापार घाटा बेहोर्दै आइरहेको छ । चीन र भारतलगायत विश्वका करिब सय भन्दा बढी देशसँग व्यापार सम्बन्ध भएको नेपालले आफ्ना दुई छिमेकी भारत र चीनसँग ठुलो व्यापार घाटा बेहोर्दै आइरहेको छ । यो व्यापार घाटालाई कम गर्न नेपालले आफ्ना दुवै छिमेकीसँग विभिन्न उपायहरू अवलम्बन गर्दै आइरहेको छ । चीनसँगको व्यापार घाटा कम गर्न नेपालले आफ्ना उत्पादनहरूमा भन्सार छुटसहित विशेष सहुलियतको माग गर्दै आइरहेको छ ।

नेपालको मागअनुसार चीनले नेपालमा उत्पादित निर्यातयोग्य विभिन्न सामग्रीहरूमा छुट दिएको छ । २९ अप्रिल २०१९ मा नेपाल र चीन दुवै राष्ट्रले व्यापार तथा पारवहन सन्धि कार्यान्वयनमा हस्ताक्षर गरेका छन् । चीनसँगको व्यापार पारवहन सन्धि कार्यान्वयनमा नआउँदा नेपालले समग्र अर्थतन्त्रमा थुप्रै चुनौतीहरूको सामना गरिरहेको छ । अर्को तर्फ चीनसँगको व्यापार घाटा वृद्धि हुनुमा नेपालले आफ्नो उत्पादित सामान निर्यात गर्न नसक्नु र उत्पादित वस्तुहरू पनि कमजोर गुणस्तर हुनाका कारण निर्यातमा समस्या पैदा भएको छ । अत्यन्तै प्राविधिक र परम्परागत शैलीका कतिपय गुणस्तरहीन सामान निर्यात गर्ने नेपालले चिनियाँ ठुला कम्पनीहरूसँग प्रतिस्पर्धा गर्न नसक्नु, कृषि क्षेत्रका परम्परागत उत्पादन ढाँचा, रुग्ण औद्योगिक क्षेत्र एवम् दक्ष जनशक्तिको अभावले गर्दा मुलुकको ग्रार्हस्थ्य उत्पादनमा ह्रास आएको छ ।

चीनसँगको व्यापार घाटा कम गर्न नेपालले आफ्ना निर्यातयोग्य वस्तुहरू गुणस्तरीय बनाउने तथा दुवै देशका क्वारेन्टाइन, यातायातलगायतका आधारभूत पूर्वाधारमा सुधार गर्न जरुरी छ । नेपालबाट निर्यात हुने भन्दा विदेशबाट आयात हुने वस्तुहरूको आकार ठुलो भएकाले प्रतिवर्ष व्यापार घाटा निरन्तर बढिरहेको छ । विगत पाँच वर्षको अवधिमा निर्यात ०.५ प्रतिशत र आयात वृद्धि १७ प्रतिशत रहेको छ । आ.व. ०७३/०७४ को तुलनामा आ.व. ०७४/०७५ मा वैदेशिक व्यापार २८ प्रतिशतले वृद्धि भएको छ । आ.व. ०७४/०७५ मा निर्यात ६.१३ प्रतिशत आयात ९३.८७ प्रतिशत रहन गएको छ ।

### तालिका ५.३ नेपाल चीनबिच व्यापार घाटा

| आर्थिक वर्ष | चीनबाट आयात ने.रु. मिलियनमा | नेपालबाट चीन निर्यात ने.रु. मिलियनमा |
|---|---|---|
| २०१२/१३ | ६२,४५१.२ | २,०८५.८ |
| २०१३/१४ | ७३३,१८६ | २,८४०.७ |
| २०१४/१५ | १००,१६६.४ | २,२२९.९ |
| २०१५/१६ | ११५,६९४.३ | १,६८१.५ |
| २०१६/१७ | १२७,२४५.० | १,७०१.५ |
| २०१७/१८ | १५९,६३६.३ | २,४३७.८ |

(स्रोतः नेपाल राष्ट्र बैङ्क, २०१८)

### ५.९.३ नेपाल चीनबिच भएका व्यापारिक सम्झौताहरू

वैदेशिक व्यापारको घाटा बेहोरीरहेको नेपालले विश्वको दोस्रो ठुलो अर्थतन्त्र भएको देश चीनसँगको व्यापारमा पनि व्यापार घाटा सहँदै आएको छ । भारतपछि दोस्रो व्यापारिक साझेदारीको रूपमा रहेको चीनसँगको व्यापार प्राचीन कालदेखि नै हुँदै आएको हो । चीनसँगको परम्परागत व्यापार आधुनिक कालसँगै विकसित र विविधकृत हुँदै गइरहेको छ । चीनसँग नेपालले आयात निर्यात गर्नका लागि, विभिन्न समयमा व्यापारिक सम्झौताहरू गरेको छ, जो निम्नानुसार रहेका छन् :

(१) सन् १९५६ मा नेपाल चीनबिच आर्थिक सहयोग सम्झौता,

(२) नेपाल-चीन व्यापार तथा भुक्तानी सम्झौता १९७४,

(३) सन् १९७७ मा व्यापार सम्झौता,

(४) नेपाल-चीन अन्तरसरकारी आर्थिक तथा व्यापारिक समिति (IGETC) अक्टोबर १९८२,

(५) नेपाल-चीन ट्रान्सपोर्टेसन् सम्झौता १९९४,

(६) नेपाल-चीन स्वशासित क्षेत्र तिब्बत र अन्य सरोकार सम्झौता जुलाई २००२,

(७) औद्योगिक उत्पादन सहकार्य, निर्देशन सम्झौता २००५,

(८) नेपाल-चीन स्वशासित क्षेत्र तिब्बत व्यापार सहजीकरण समिति २००५,

(९) पारवहन  तथा यातायात सम्झौता (Transit and Transpoprt) मार्च २०१६,

(१०) एसिया पूर्वाधार लगानी बैंक (AIIB) को संस्थापक सदस्य २०१५,

(११) बेल्ट एण्ड रोड इनिसियटिभ (बीआरआई), २०१७,

चीनसँगको परम्परागत व्यापारिक सम्झौताबाट नेपाल पछिल्लो चरणमा माथि उठेर आफ्नो व्यापार तथा आर्थिक सम्बन्धलाई फराकिलो बनाउन चीनसँग विविध प्रकारका सन्धिहरूमार्फत व्यापारलाई व्यवस्थित गर्दै लगिरहेको छ । मुख्य गरेर एसियाली पूर्वाधार तथा लगानी बैंकको संस्थापक सदस्य, बीआरआई परियोजनामा सहभागी हुन गरेको सम्झौता, ऐतिहासिक व्यापार तथा पारवहन सम्झौता जस्ता सम्झौताका आधारमा नेपालले आफ्नो विकास तथा पूर्वाधार निर्माणमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने देखिन्छ । दीर्घकालीन रूपमा नेपालको आर्थिक विकासमा चीनको सहयोग र लगानी जुटाउन सक्ने अवसर नेपालले प्राप्त गरेको छ । चीनसँग गरिएका सन्धि सम्झौताका आधारमा नेपालले अन्तर्राष्ट्रिय व्यापारमा बैकल्पिक मार्गको रूपमा तेस्रो मुलुकसम्म स्वतन्त्ररूपमा व्यापार विस्तार गर्न पाउने अवसर प्राप्त गरेको छ । पूर्वाधार विकास, यातायात, सञ्चार, कृषि, जलस्रोत, ग्रामीण विकास, वातावरण संरक्षण, ऊर्जा, जलविद्युत् जस्ता क्षेत्रमा चीनको सहयोग जुटाउनका लागि, नेपालले चीनसँगको सम्झौताबाट मार्ग प्रशस्त गरेको छ (शाक्य, २०१७; पृ. २४८) ।

सन् १९५६ अक्टोबरमा नेपाल र चीनबिच आर्थिक सहयोग सम्झौता सम्पन्न भयो । जसअनुसार, १९८२ मा चीन सरकारले आर्थिक तथा प्राविधिक सहयोग गर्दै आइरहेको र जस अन्तर्गत चीन सरकारले नेपाललाई निम्नानुसारका सहयोग गर्दै आएको छः (१) आर्थिक सहयोग, (२) ब्याज नलाग्ने ऋण, (३) सहुलियत पूर्ण ऋण । जसमध्ये आर्थिक सहयोग र ब्याज नलाग्ने ऋण चाइना स्टेट फाइनान्सबाट प्राप्त हुने गर्दछ भने सहुलियतपूर्ण ऋण चीनको आयात निर्यात बैंकमार्फत चीन सरकारको अर्थ मन्त्रालय जिम्मेवार रहने गरी प्रदान गरिन्छ । चीन सरकारले नेपालको पूर्वाधार निर्माण, उद्योग, मानव संसाधन विकास, खेलकुद जस्ता क्षेत्रमा लगानी गर्दै आइरहेको छ (शाक्य, २०१७; पृ. २३६) । चीनले नेपालको विकासका लागि गर्ने आर्थिक सहयोगसँगै दुई देशबिचको व्यापार अर्को महत्त्वपूर्ण पाटो रहेको छ । नेपाल र चीनबिचको व्यापार प्रत्येक वर्ष वृद्धि हुँदै गइरहेको छ । खासगरी सन् २००९ मा नेपाल चीनबिच द्विपक्षीय व्यापार प्रवर्द्धन, लगानी प्रवर्द्धन, तथा सहमति पत्रमा हस्ताक्षर भएसँगै चीनसँगको नेपालको व्यापार २००९ मा ११ प्रतिशतबाट बढेर सन् २०१२ मा १९.५ प्रतिशतमा वृद्धि भएको थियो (Campbell, 2012, p.5) । नेपाल र चीनबिच परम्परादेखि भेडा, च्याङ्ग्रा, सुन, नुन आदि नेपाल आउने गर्दथे भने नेपालबाट जडीबुटी तरकारी, चामललगायतका सामानहरू तिब्बत जाने गर्दथे । मल्ल कालमा तिब्बतको बजारमा नेपालमा टकमरी गरिएका नेपाली

मुद्राहरू प्रचलनमा थिए । नेपाल एकीकरणको अवधिमा नेपाल युद्धमा केन्द्रित रहनु परेको हुनाले तिब्बतसँगको व्यापारमा ध्यान गएको देखिँदैन ।

खासगरी १९५० को दशकमा नेपालमा प्रजातन्त्रको स्थापनासँगै चीन-तिब्बतसँगको व्यापारमा वृद्धि भएको पाइन्छ । हाल नेपालबाट चीनमा निम्नानुसारका सामानहरू आयात-निर्यात हुने गरेका छन् । उपर्युक्त तालिकाअनुसार नेपालले निर्यात गर्ने सामानहरूको सङ्ख्या न्यून र आयात गर्ने वस्तुहरूका सङ्ख्या ठुलो देखिन्छ । यसबाट नेपाल चीनबिचको व्यापार असन्तुलन छ भन्ने कुरा स्पष्ट हुन्छ । यही व्यापार असन्तुलनका कारण नेपाल निरन्तर रूपमा व्यापार घाटाबाट गुज्रिरहेको छ । निर्यात गरिने भन्दा आयात गरिने सामानको भारी वृद्धिका कारण नेपाल बढ्दो व्यापार घाटा सहन विवश छ । नेपाल र चीनबिच प्रत्येक वर्ष व्यापार वृद्धि हुँदै गइरहेको छ तर व्यापार वृद्धिसँगै नेपालको व्यापार घाटा फराकिलो बन्दै गइरहेको माथिको तथ्यले पुष्टी गर्दछ । चीनसँगको व्यापार घाटालाई मध्य नजर राखेर, नेपालले उत्पादन गरेर निर्यात गर्ने वस्तुहरूमा चीनले भन्सार छुट दिने व्यवस्था गरेको छ । यसका लागि नेपाल र चीन दुवै राष्ट्रले सन् २०१२ मा लेटर अफ एक्सचेन्जमा हस्ताक्षर गरेका छन्, जसअनुसार चीनले ८,०३० प्रकारका सामानहरूमा भन्सार छुट दिएको छ ।

**तालिका ५.४ आयात निर्यातका वस्तुहरू**

| **निर्यातजन्य वस्तुहरू** | **आयातजन्य वस्तुहरू** |
|---|---|
| अलैँची, लेन्टिलस, स्वास्थ्य सामग्री, हर्बल, अदुवा, चाउचाउ, पेस्ता, खानेतेल, मह, फलाम, स्पात, तथा स्पातजन्य उत्पादनहरू, उन तथा पस्मिना, नेपाली हातेकागज, तथा कागजबाट बनेका सामानहरू, नक्कली गरगहना, काठबाट बनेका सामान, धातुका मूर्ति, घिऊ, मैदाजन्य सामग्री, खुर्सानी छाला छालाजन्य सामग्री, सुर्ती, चामल, मैनबत्ती, बहुमूल्य पत्थर, गेडागुडी, साबुन आदि । | सुन, फलाम, इस्पातजन्य उत्पादन, तामा, आल्मुनियमका सामग्री, मेसिनरी तथा यसका पार्टपुर्जा, विद्युतीय सामग्री, विद्युतीय मेसिन, गाडी तथा यातायातका साधन, यसका पार्टपुर्जा, सञ्चार सामग्री, यसका पार्टपुर्जा, हवाई जहाज, यसका पार्टपुर्जा, रबर, सुती कपडा, सेन्थेटिक, पोलिस्टरका सामग्री, उन तथा उनी कपडा, पेट्रोलियम पदार्थ, केमिकल, सिमेन्ट, सिमेन्ट किलिङ्कर, फर्टिलाइजर, प्लास्टिकका सामग्रीहरू, औद्योगिक, कार्बन्डअक्साईड, फ्याटी एसिड र जुत्ता चप्पल । |

(स्रोतः वाणिज्य तथा आपूर्ति मन्त्रालय, २०१८) ।

सन् २०१० जुलाई १देखि नेपालले शुन्य भन्सार दर सुविधा पाएको र यो २०१३ सम्म आइपुग्दा ९७ प्रतिशत भन्सार छुटमा वृद्धि हुँदा पनि नेपालले चीनले दिएको यो सुविधाबाट फाइदा लिन सकेको देखिँदैन । चीनले दिएको यो सुविधालाई उपयोग गर्न नसक्नुको प्रमुख

कारण नेपालको आफ्नो उत्पादित वस्तु अत्यन्तै न्यून हुनु र उत्पादित वस्तुहरूले पनि चिनियाँ बजारमा प्रतिस्पर्धा गर्न नसक्ने भएकाले नेपालले चीनले दिएको सुविधाबाट तुलनात्मक रूपमा लाभ लिन सकिरहेको छैन जसका कारण, नेपाल ठुलो व्यापार घाटा बेहोर्न बाध्य छ । कृषि प्रधान देश नेपालमा औद्योगिक कच्चा पदार्थको नाममा उद्योगहरूलाई करछुटको सुविधा दिइएकाले अनियन्त्रीत रूपमा विदेशबाट कृषिजन्य सामग्रीको आयात बढिरहेको छ, जसले गर्दा नेपालको कृषिक्षेत्र नै धराशायी बन्दै छ । आर्थिक वर्ष ०७४/०७५ मा १.५० अरबको कृषिजन्य वस्तुहरू आयात गरिनु र ०७५/०७६ मा यस्तो आयातमा थप वृद्धि हुनुले व्यापार घाटा थप फराकिलो बन्दै गइरहेको छ । यसलाई न्युनीकरण गर्नको लागि मुलुकको आवश्यकतालाई हेरेर मात्रा सामानहरू आयात गर्न दिनुपर्दछ । नेपाली उद्योगलाई आवश्यक पर्ने सामग्रीमा राजश्व छुट दिने नीति लिनु पर्दछ । विलाशिताका अनावश्यक उपभोग्य सामग्रीहरू आयातमा नियन्त्रण गर्नुपर्दछ । नेपाली वस्तुहरूको उत्पादन क्षमता तथा गुणस्तरमा वृद्धि गरी चिनियाँ बजारमा प्रतिस्पर्धा गर्न सक्ने बनाउन सरकारले उत्पादनमा अनुदान, ढुवानीमा अनुदान, करछुटलगायतका सुविधा दिन सक्नुपर्दछ । आयातलाई नियन्त्रण गर्न, के कस्ता सामानहरू, के कति परिमाणमा आयात गर्ने त्यसको स्पष्ट खाका तयार गरिनु पर्दछ । यसरी मात्र व्यापार घाटालाई कम गर्न सकिन्छ (भन्सार स्मारिका, २०७५) ।

नेपाल राष्ट्र बैंकको अनुसन्धान विभागद्वारा जारी गरेको प्रतिवेदन, २०७६ मा उल्लेख भएअनुसार, नेपालको वैदेशिक व्यापार, दिनप्रतिदिन बढ्दो छ । २०४६/०४७मा कुल ग्रार्हस्थ्य उत्पादनको अनुमानित २२.७ प्रतिशत रहेकोमा २०७५/०७६ मा ४३.०८ प्रतिशत पुगेको छ । तथापि व्यापार घाटा भने बढ्दो छ । २०४६/०४७ मा १२.७ प्रतिशत व्यापार घाटा थियो भने, २०७५/०७६ मा बढेर ३८.०१ प्रतिशत पुगेको छ । व्यापार घाटालाई न्युनीकरण गर्नका लागि, संरचनागत सुधार, प्रतिस्पर्धात्मक क्षमतामा विकास, तथा आन्तरिक उत्पादनमा वृद्धि गर्दै बाह्य क्षेत्रमा स्थायित्व कायम गर्ने प्रयास गर्नु पर्दछ नेपाल राष्ट्रबैंक २०७६) । नेपाल र चीनबिच व्यापार सम्बन्धमा सुधार ल्याउनका लागि, भौतिक पूर्वाधारलगायतका समस्याहरूलाई निराकरण गर्न सक्नुपर्दछ । दुई देशबिचको व्यापारलाई सरल र सुगम बनाउन, चीनसँग जोडिएका व्यापारिक मार्गहरू जस्तै काठमाडौँ-बाह्रबिसे-तातोपानी, काठमाडौँ-रसुवागढी, केरुङ जस्ता मुख्य नाकाहरूका सडकहरूलाई सुविधा सम्पन्न बनाउन आवश्यक छ ।

चीनसँग जोडिएका सीमानामा हाल ९ वटा भन्सार नाकाहरू सञ्चालनमा रहेका छन् । सन् २०१२, जनवरी १४ मा नेपाल चीनबिचको सीमाक्षेत्रमा बन्दरगाहको व्यवस्था गर्ने सम्बन्धित सम्झौता बमोजिम हुम्लाका यारी, युलान तिब्बत, मुस्ताङको नेचुङ-लिजी तिब्बत,

रसुवा-लिजङ केरुङ तिब्बत नाकाहरूले अन्तर्राष्ट्रिय व्यापार विन्दुको मान्यता पाएका छन् । सो सम्झौताले कोदारी सिन्धुपाल्चोक र झ्याङ्मु तिब्बत, किमाथान्का, सङ्खुभासभा–छेन्ताङ्ग तिब्बत, ओलाङचुङगोला ताप्लेजुङ-सिबु तिब्बत नाकाहरूलाई द्विपक्षीय व्यापार विन्दु मानिएको छ । नेपालतर्फका उल्लेखित स्थानहरूका अतिरिक्त मुगु, लार्के (गोरखा) र लामाबगर ( दोलखा)मा पनि मुल भन्सार कार्यालयहरू स्थापित छन् । चीनसँगको उल्लेखित नाकाहरूमध्ये रसुवागढी भन्सार नाकाबाट सबैभन्दा बढी व्यापार हुने गर्दछ । विगतमा तातोपानी भन्सार नाकाबाट उल्लेखित व्यापार हुने गरेकोमा ०७२ को महाभूकम्पपछि, उक्त नाका चीनले बन्द गरेर रसुवागढी भन्सार नाका सञ्चालनमा (चीनले) जोड दिँदै आएकाले तातोपानी नाका खासै सञ्चालनमा छैन । यसबाट नेपालीहरूले प्राप्त गर्ने सुविधामा निकै कटौती भएको छ र सीमापार व्यापारमा समेत अवरोध देखा परेको छ ।

### ५.९.४ नेपाल-चीनबिच व्यापार समस्या

नेपाल-चीनबिच हुने व्यापार तथा भन्सार प्रक्रियाहरूमा आइपर्ने समस्या समाधान गर्न, दुई देशबिचका भन्सार प्रशासकबिच एक संयन्त्र निर्माण गरिएको छ । बोर्डर कस्टम मिटिङ्गको नाममा बर्सेनी, आलोपालो गरी भ्रमण बैठक हुने गर्दछन् । यस संयन्त्रमा गृहमन्त्रालय, परराष्ट्र मन्त्रालय, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय यस संयन्त्रमा रहने व्यवस्था छ । चीनसँगको व्यापारमा मुख्यतः उच्च पहाडी र हिमाली क्षेत्रमा रहेका भन्सार नाकाहरू र त्यहाँ सम्म पुग्ने सडक यातायातहरू पर्याप्त पूर्वाधार विहीन र कमजोर अवस्थामा रहेका छन् । चीन तर्फका भन्सार कार्यालय तथा सडकहरू, आधुनिक र पूर्वाधार सम्पन्न रहे पनि, नेपालतर्फको अवस्था अत्यन्तै कमजोर रहेको छ । नेपालले सबै भन्सार नाकाहरूलाई सुविधासम्पन्न बनाउने र त्यस स्थानमा पुग्ने सडकहरूलाई आधुनिक र पूर्वाधार मैत्री बनाउन तत्काल पहल गर्नु पर्दछ । यसका लागि नेपालले चीनको बीआरआई परियोजना अन्तर्गत परियोजनामार्फत निर्माण कार्यलाई अगाडि बढाउनुपर्दछ । चीनका सीमानासँग जोडिएका पूर्वाधार निर्माणका कामलाई केन्द्रमा राखेर अयोजनाहरू छनौटगरी अगाडि बढाउनुपर्दछ जसले चीनसँगको व्यापारलाई सुगमता प्रदान गर्न सकोस् (भन्सार स्मारिका, २०७५) ।

चीन सरकारले नेपाललाई भन्सार छुट दिएका ८३० वटा वस्तुहरूलाई अझै नेपालले चिनियाँ बजारमा पठाउन सकिरहको छैन । पठाइएका केही वस्तुहरूमा पनि उत्पादन प्रमाणपत्र विना पठाउने गरिएकाले विश्वसनीयताको समस्या उत्पन्न हुने गरेको छ । त्यस्ता सामानहरूको

ल्याब परीक्षण गर्न नेपालले आफ्नो भन्सार कार्यालयसँगै ल्याब तथा क्वारेन्टाइनको व्यवस्था गर्न नसक्दा नेपालबाट पठाइने कृषिजन्य उत्पादनहरूमा विश्वसनीयताको अभाव देखिन्छ । त्यसका लागि नेपाल सरकारले तुरुन्तै क्वारेन्टाइनको व्यवस्था गरी वस्तुहरूको गुणस्तर निर्धारण गरेर मात्रै निर्यात गर्ने गर्नुपर्दछ । दुई देशबिच व्यापार वृद्धि भइरहेको अवस्थामा व्यापारीहरूले भुक्तानीको समस्या बेहोर्न परिरहेको अवस्थामा त्यसलाई सहज बनाउनका लागि दुई देशबिचको संयुक्त लगानीमा बैङ्क स्थापना गरी दुई देशबिचको कारोबारलाई सहज गराउन आवश्यक छ । काठमाडौँ साङ्घाई र बेइजिङ सिधा हवाई उडानहरूको कमी भएकाले केही एयरलाइनहरूले एकाधिकार गरेको देखिन्छ । त्यसलाई अन्त्य गर्नका लागि हवाई सेवा थप गरी व्यापार र व्यापारीहरूलाई सहज बनाउनु पर्दछ । सीमानाका भन्सार नाकाहरूमा सडकको पहुँच तथा पर्याप्त गोदामको व्यवस्था नहुँदा यातायात तथा सामान भण्डारणको समस्या रहेको छ भने अर्कोतर्फ पर्याप्त पार्किङको व्यवस्था नहुँदा ठुला ठुला मालबाहक सवारी साधनहरू सडकमै पार्किङ गर्नुपर्ने अवस्था विद्यमान रहँदा आवागमनमा अवरोध भइरहेको छ । पूर्वाधार विनाको भन्सार कार्यालयका कारण, भन्सार कार्यालयमार्फत गैर कानुनी कारोबारलाई रोक्न कडाई गर्नु पर्दछ । नेपालबाट चीन जाने सामानको पूर्व जानकारी विना लैजान खोज्दा चीनले त्यस्ता सामान भन्सारमा रोकिदिने र नेपाली व्यापारीहरूलाई मर्का पर्ने भएकाले त्यस्ता सामानबारे पूर्व जानकारी गराएर मात्र भन्सार जाँच गराउन आवश्यक छ ।

नेपाली व्यापारीहरूलाई चीन प्रवेशका लागि भिसा सहज हुन नसक्दा समस्या पैदा भएको देखिन्छ । चिनियाँ व्यापारी र नागरिकलाई नेपाल सरकारले निःशुल्क भिसाको व्यवस्था गरेको छ । तर नेपाली नागरिकलाई भने चीनले उक्त सुविधा दिएको छैन । चीन सरकारको परिवर्तित भन्सार नीति, नेपालका व्यापारीलाई थाहा नहुँदा, नेपाली व्यापारीले समस्या झेल्नु परिरहेको छ । नेपाली सामानको गुणस्तरीयता र ढुवानी सेवाको जाँच एकद्वार प्रणालीमार्फत गरिनु पर्दछ । नेपाल चीनबिचको व्यापारमा देखिएका उल्लेखित समस्स्यहरूलाई हल गरेर चीनसँगको व्यापारलाई सहज बनाउँदै, व्यापार घाटालाई न्युनीकरण गर्न नेपाल सरकारले चीनसँग आपसी विश्वास र सहकार्यलाई अगाडि बढाउनु पर्दछ । चीनले नेपालको पूर्वाधार विकास र कनेक्टिभिटीमा जोड दिएको हुनाले भन्सार नाका तथा त्यहाँसम्म पुग्ने बाटाहरूलाई व्यवस्थित गरी व्यापारलाई सहज बनाउन नेपाल सरकारले चीन सरकारलाई अनुरोध गर्नुपर्दछ । चीनको राष्ट्रिय सुरक्षाको दृष्टिले संबेदनशील क्षेत्र तिब्बतसँग सीधा जोडिएका भन्सार नाका तथा नेपालको भूराजनीतिक अवस्था दुवै चीनका लागि संवेदनशील छन् । चीन यसबारेमा सँधै गम्भीर देखिन्छ । त्यसैले भन्सारको व्यवस्थापन र बाटाहरूको आधुनिकिकरण तथा सुरक्षाको

व्यवस्था समेतलाई सुधार गरेर चीनसँगको व्यापारमा सुधार गरी नेपालको व्यापार घाटालाई सन्तुलनमा ल्याउन प्रयत्न गर्नुपर्दछ ।

### ५.१० नेपाल र चीनको रणनीतिक साझेदारी

रणनीतिक साझेदारी भन्नाले विशेष सम्बन्ध, एकता सहकार्य भन्ने बुझिन्छ । आधुनिक कूटनीतिमा यसको अर्थ र परिभाषा ठोस नभए पनि ऐतिहासिक सम्बन्धका आधारमा गरिने विशेष सम्बन्ध हो भन्न सकिन्छ । रणनीतिक साझेदारीको अर्थ राजनीतिको शास्त्रको साहित्यमा राज्यहरूबिचको विशेष सम्बन्ध वा आर्थिक सहकार्य भन्ने बुझिन्छ । खासगरी लामो समयसम्मको सहकार्यमा सकारात्मक प्रभाव परेसँगै आपसी विश्वास र समझदारी सृजना हुने गर्दछ र यही विश्वासको सम्बन्धलाई रणनीतिक उद्देश्य पूरा गर्ने विशेष सम्बन्धको सुरुवात हो भन्ने बुझिन्छ (https//www.repjytorium.umkpl/bisteam/handle/itm/1889.dpf) । यसैगरी क्याम्ब्रिज अङ्ग्रेजी शब्दकोषकाअनुसार ‘एक-अर्कालाई सहयोग गर्ने वा साथै काम गर्ने, अपेक्षित कुराहरू प्राप्त गर्न एक-अर्कालाई सहयोग गर्ने उद्देश्यले दुई कम्पनी वासङ्गठनकाबिच भएको व्यवस्थापन भन्ने उल्लेख गरिएको छ ।’ त्यसैगरी Bizbluent शब्दकोषकाअनुसार भौतिक र वौद्धिक संसाधन उपयोग गर्नका लागि दुई कम्पनीबिच भएको सहमति, त्यस्तो सहमतिको उद्देश्य दुवै पक्षलाई फाइदा हुने प्रकारको हुन्छ ।

उल्लेखित परिभाषाअनुसार रणनीति भन्नाले दुई पक्षबिच वृहत्तर हित र फाइदाका लागि गरिने सहकार्य हो भन्ने बुझिन्छ र नेपाल चीनबिचको रणनीतिक साझेदारी पनि यसै अर्थमा बुझ्न सकिन्छ । इतिहासका विभिन्न कालखण्डमा शताब्दीयौ पुरानो नेपाल चीन सम्बन्ध पनि विभिन्न दुःखद घटनासहित अनेक आरोह-अवरोह पार गर्दै आइरहेको छ । खासगरी नेपालको गणतन्त्र स्थापनापछि नेपाली राजनीतिमा युगान्तकारी परिवर्तनको सुरुवात भएको पाइन्छ । गणतन्त्र स्थापनासँगै नेपाल-चीन सम्बन्धमा पनि नयाँ आयामहरू थपिँदै आएका छन् । भारतसँगको परम्परागत लामो सम्बन्ध र नेपाली अर्थतन्त्रको भारतमाथिको निर्भरताको कारण, नेपालले स्वतन्त्र सार्वभौम राष्ट्रको हैसियतले आफ्नो आन्तरिक मामलामा गर्ने निर्णयमा समेत बेलाबखत भारतीय हस्तक्षेप र दबाबको सामना गर्नु परिरहेको छ (शर्मा, २०१६ मार्च २२) । यसको प्रत्यक्ष उदाहरण गणतन्त्र स्थापनासँगै नेपालको संविधान सभाबाट जारी गरिएको नयाँ संविधानमा भारतले गम्भीर असहमति राख्दै नेपाल विरुद्ध सन् २०१५ सेप्टेम्बरदेखि २०१६ फेब्रुअरीसम्म अघोषित नाकाबन्दी गर्नु हो । भारतको उक्त नाकाबन्दीको नेपाली जनता र राष्ट्रले आफ्नो आन्तरिक मामलामा भएको हस्तक्षेपको रूपमा बुझी राष्ट्रिय स्वाधीनताका लागि

प्रतिवादसहित सामना गरे । यस परिस्थितिकाबिच नेपालले उत्तरी छिमेकी चीनसँग व्यापार पारवहन सन्धि गरी भारतमाथिको निर्भरतालाई हटाउन विकल्प खोज्ने आँट गऱ्यो । नेपालका तत्काली प्रधानमन्त्री के.पी. शर्मा ओलीले सन् २०१६ मार्च २०-२७ मा चीनको औपचारिक भ्रमणको क्रममा २२ मार्च २०१६ मा नेपाल र चीनबिच व्यापार तथा पारवहन सम्झौता गरे ( शर्मा, २०१६ मार्च २२) ।

उक्त सम्झौतासँगै नेपालको इतिहासमा एउटा नयाँ आयाम थपियो भने नेपाल चीन सम्बन्धले नयाँ युगमा प्रवेश गरेको पनि छ । चीनसँगको पारवहन सन्धिसँगै नेपाल र चीनबिच उच्च स्तरीय राजनीतिक भ्रमणहरू सम्पन्न हुँदै आएका छन् । यसै क्रममा सन् २०१९ अक्टोबर १२-१३ अर्थात् २०७६ असोज २५-२६ का दिन चीनका राष्ट्रपति सी जिनपिङले नेपालको भ्रमण गरे । चीनका तत्कालीन राष्ट्रपति देङ सियाओपिङको नेपाल भ्रमण सम्पन्न भएको २३ वर्षपछि चीनका वर्तमान राष्ट्रपतिले नेपाल भ्रमण गरेका हुन् । यस भ्रमणको अवसरमा राष्ट्रपति सी जिनपिङले 'नेपाल र चीनबिच सम्मस्या नरहेको मित्रता मात्रै रहेको र नेपाल अबदेखि भूपरिवेष्टितबाट भुजडित राष्ट्र हुने छ र त्यसमा चीनले सहयोग गर्नेछ भन्ने उद्घोष गरे' ( सुवेदी, २० अक्टोबर २०१९) । उक्त भ्रमणमा दुई देशबिच २० वटा सहमति र समझदारी पत्रमा हस्ताक्षर भएका थिए भने चौध बुँदे संयुक्त विज्ञप्ति जारी गरिएको थियो । उक्त विज्ञप्तिमा रणनीतिक साझेदारी शब्द उल्लेख गर्दै, नेपाल चीनबिचको सम्बन्ध विगतको तुलनामा बहुआयामिक सम्बन्धबाट माथि उठेर सन् २०१९ बाट रणनीतिक साझेदारीको रूपमा अगाडि बढ्ने निश्चित छ  (सुवेदी, २० अक्टोबर २०१९) । नेपाल र चीनबिच के के विषयमा रणनीतिक साझेदारी भएको हो ? प्रर्याप्त गृहकार्यविना राष्ट्रपतिको भ्रमणमा नेपालले चीनसँग गरेको रणनीतिक साझेदारीले नेपाललाई भूराजनीतिक जोखिममा धकेल्न सक्ने छ भन्ने आकलन गर्नेहरूको तर्क रहेको छ । तर नेपाल चीनबिच भएको रणनीतिक साझेदारी सैनिक र सामरिक तहमा नभएर विशुद्ध विकास निर्माणका लागि भएको सहकार्य हो । चीनसँग यसप्रकारका साझेदारी कायम गर्ने दक्षिण एसियाली देशहरू श्रीलङ्का, पाकिस्तान, बंगलादेश तथा युरोपेली युनियन रुस रहेका छन् । यसको अर्थ मुलुकअनुसार फरक फरक हुन सक्दछ । नेपालको हकमा कनेक्टिभिटीको बहुपक्षीय योजना र कार्यक्रम भनेको रणनीतिक साझेदारी हो । रणनीतिक साझेदारी शब्द नेपाल र चीनबिचको सम्बन्धलाई परिभाषित गर्ने एउटा शब्दमात्र हो (प्रदीप ज्ञवाली, कान्तिपुर दैनिक, २०१९ अक्टोबर १४) ।

आलोचकहरूकाअनुसार रणनीतिक साझेदारीकै कारण पाकिस्तान र श्रीलङ्कामा चीनको आर्थिक मामिलामा सघन उपस्थितिदेखिन्छ । चीन र पाकिस्तानबिचको रणनीतिक

साझेदारी सैनिक तहमा पनि सघन रूपमा विस्तार भएको देखिन्छ । श्रीलङ्कामा चिनियाँ लगानीमा सम्पन्न हम्बनटोटा बन्दरगाह ९९ सय वर्षसम्मका लागि चीनकै जिम्मा लगाइएको छ (विश्वकर्मा, २०८०; पृ. ३० - ३१) । रणनीतिक साझेदारीमा मुख्यतः साझा लक्ष्य हासिल गर्न दीर्घकालीन सम्झौता गरिएको हुन्छ । आपसी स्वार्थ मिल्ने देशहरूकाबिचमा यस्तो सम्बन्ध स्थापना भएको हुन्छ । दुई देशहरूबिच क्षेत्रीय स्थायित्व, आर्थिक विकास तथा राष्ट्रि सुरक्षाका पेचिलो विषयलाई सम्बोधन गर्न संयुक्त प्रयास अगाडि बढाउने उद्देश्यले रणनीतिक साझेदारी गरेका हुन्छन् (विश्वकर्मा, २०८० पृ. ३० र ३१) । यसरी हेर्दा नेपाल चीनबिचको रणनीतिक साझेदारी आर्थिक विकासलाई केन्द्रमा राखेर गरिएको प्रस्ट हुन्छ । चीनका राष्ट्रपति सी जिनपिङको नेपाल भ्रमणको अवसरमा जारी संयुक्त वक्तव्यमा विकास साझेदारीलाई जोड दिँदै नेपाल चीनबिचको सम्बन्ध नयाँ चरणमा प्रवेश गरेको उल्लेख गरिएको छ । पञ्चशीलको सिद्धान्त स्वअस्तित्व, संयुक्त राष्ट्र सङ्घको बडापत्र तथा असल छिमेकीपनको सिद्धान्तका आधारमा नेपाल चीनबिच रहेको पुस्तौँ लामो बृहत् साझेदारीलाई विकास र समृद्धिका लागि राणनीतिक साझेदारीमा विकास गर्ने निर्णय गरिएको उल्लेख गरेका छन् ।

राष्ट्रपति सीको भ्रमणसँगै भएका सम्झौतामा केरुङ-रसुवा-काठमाडौँ रेलमार्ग सम्भाव्यता अध्ययन, काठमाडौँ-पोखरा-लुम्बिनी रेलमार्ग सम्भाव्यता अध्ययन, सडक पूर्वाधार विकास, कोसी कोरिडोर, गण्डकी कोरिडोर र कर्णाली कोरिडोरको निर्माण चिनियाँ बन्दरगाहहरू नेपालले उपयोग गर्न पाउने उल्लेख हुनुलाई नेपाल चीनबिचको सम्बन्धको नयाँ आयाम हो भन्न सकिन्छ । यो ऐतिहासिक सम्झौतासँगै, नेपाल नयाँ युगमा प्रवेश गरेको छ भने नेपाल चीनसम्बन्धको निरन्तरताले नयाँ उचाइ हासिल गरेको छ । विश्व राजनीतिक शक्ति सन्तुलनमा आएको व्यापक परिवर्तनसँगै राष्ट्रहरूबिचको रणनीतिक स्वार्थमा पनि परिवर्तन आएको छ । यसै सन्दर्भमा नेपाल चीन सम्बन्धमा समेत व्यापक परिवर्तन आएको देखिन्छ । नेपाल चीनबिचको विकसित रणनीतिक साझेदार सम्बन्धलाई भारत र चीन जस्ता शक्ति राष्ट्रले सहज रूपमा लिन सकिरहेका छैनन् जबकि चीनको रणनीतिक सम्बन्ध अमेरिका भारत, रुस, ब्राजिललगायत पचास देशसँग रहेको छ (Subedi, Rising Nepal, 2019 October 20) । सन् २०१६ मा चीन भ्रमणमा रहेका बेला चीनद्वारा गरिएको रणनीतिक साझेदारीको प्रस्तावलाई नेपालका प्रधानमन्त्री के.पी. शर्मा ओलीले अस्वीकार गरेका थिए । तथापि चिनियाँ राष्ट्रपतिको नेपाल भ्रमणसँगै नेपालले चीनको उक्त रणनीतिक साझेदारीको प्रस्तावलाई स्वीकार गरेको थियो । प्रधानमन्त्री ओली र नेपाल सरकारका सरोकारवाला व्यक्तिहरूले यो रणनीतिक साझेदारीको सम्बन्धलाई सैनिक रणनीति नभएको र यस्तो साझेदारी भारतसँग पनि गर्न

सकिने बताउँदै आएका छन् । चीनसँग सीमालगायत कैयौँ रणनीतिक स्वार्थका कारण विवादमा रहेको भारतले पनि सन् २००५ मा चीनसँग शान्ति र समृद्धिका लागि रणनीतिक सहकार्य गर्दै आएको छ । नेपालसँग जस्तै, चीनले भारतसँग पनि संयुक्त सैन्य अभ्यास गर्दै आएको छ ( ध्रुवकुमार, कान्तिपुर, २०७६, भदौ २) ।

चीनसँग रणनीतिक साझेदारी गर्दा नेपालले चीनबाट के के फाइदा लिने हो स्पष्ट हुनुपर्दछ । चीनसँगको रणनीतिक साझेदारी वा गहिरो सम्बन्धले नेपाल र भारतबिचको सम्बन्धलाई कस्तो असर पर्ला ? चीनसँगको रणनीतिक सम्बन्धसँगै नेपालले शक्तिराष्ट्रको चासो र चिन्तालाई पनि सन्तुलितढङ्गबाट पूरागर्न सक्नुपर्दछ । नेपाल चीनसँगको रणनीतिक साझेदारीसहित अगाडि बढ्ने भएपछि नेपालमा आपसी प्रतिस्पर्धामा रहेका चीन र भारत तथा आफ्नै स्वार्थका कारण नेपालमाथि विशेष चासो राख्दै आएको अमेरिकाबिच त्रिपक्षीय प्रतिस्पर्धा भइरहेको छ । चीनको विश्व प्रभावलाई रोक्न र खासगरी बीआरआई परियोजनालाई रोक्न अमेरिका भारत, जापान, कोरिया, अष्ट्रेलिया,सहितका राष्ट्रहरू इण्डोप्यासिफिक रणनीति ( आइपिएस)मार्फत सक्रिय भइरहेका छन् । यसै रणनीतिमा चीनसँग सीमा जोडिएको नेपाललाई समेत सामेल गराउन अमेरिकाले जोडबल गरिरहेको छ । अमेरिकाद्वारा प्रस्तावित मिलेनियम च्यालेन्ज कोअपरेशन (एमसीसी) लाई यसरी नै हेर्न सकिन्छ (ध्रुकुमार, कान्तिपुर, २०७६, कार्तिक २८) । चीनले आफ्नो राष्ट्रको उदय विश्वयुद्धमा जर्मन वा जापानलगायतका देशहरूले गरे जस्तो हिंसात्मक नभएर शान्तिपूर्ण भएको बताउने गरेको छ । यसका लागि चीनले बीआरआईमार्फत समग्र विश्वलाई नै समेट्नेगरी कार्यक्रम अगाडि बढाइरहेको छ । चीनको यो कार्य विश्व महाशक्तिका रूपमा रहेको अमेरिकालाई मन परिरहेको छैन । अमेरिकालाई हरेक क्षेत्रबाट चुनौती दिने राष्ट्र पनि चीन हो । चीनको विश्वशक्ति बन्ने चाहनालाई चीनविरोधी शक्तिराष्ट्रहरूले सहजरूपमा लिन सकिरहेका छैनन् । विगत ४०० वर्षदेखि विश्वको नेता बनिरहेका अमेरिका र युरोपलाई चीनको उदयसँगै आफ्नो प्रभूत्व गुम्ने चिन्ताले सताइरहेको छ । भूराजनीतिक सन्तुलनमा आएको हेरफेर, आर्थिक वृद्धि र विज्ञान प्रविधिमा आएको तीव्र विकास आदिका कारण पनि विश्वको केन्द्र बन्ने निश्चित छ । यस्तो शक्तिशाली छिमेकीसँग भएको नेपालको रणनीतिक साझेदारीलाई यही रूपमा हेरिनुपर्दछ ।

नेपालसँग चीनको सुरक्षा चासो प्रमुख रहेको देखिन्छ, भने पनि, चीनले नेपालसँगको सम्बन्धलाई बहुआयामिक रूपमा उपयोग गर्न खोजेको देखिन्छ । बीआरआईमार्फत दक्षिण एसियाली देशहरू हुँदै विश्वबजारमा प्रवेशगर्ने रणनीतिक योजनाका कारण नेपालतिरका नाकाहरू खोल्दै अगाडि नीतिमा चीन प्रवेश गरेको देखिन्छ । नेपालसँगको आर्थिक विकासमा

चीनले जोड दिँदै आउनु र सम्बन्धलाई विशेष प्राथमिकता दिनुलाई यही रूपमा लिन सकिन्छ । यसैले बदलिँदो परिस्थितिअनुसार नेपाल चीन सम्बन्धका प्राथमिकताहरू पनि बदलिँदै आएका छन् । चीनले आफ्ना छिमेकीसँगको सम्बन्धलाई सहअस्तित्व र मित्रतापूर्ण ढङ्गबाट अगाडि बढाउन चाहन्छ । नेपालका लागि चिनियाँ राजदूत सियाओ लिङले भनेका थिए: चीन अर्काको आन्तरिक मामलामा हस्तक्षेप गर्दैन, तर आफ्नो राष्ट्रिय सुरक्षाप्रति सचेत छ । चीनले स्वाधीन, शान्त, आत्मनिर्भरतामा आधारित परराष्ट्रनीति अङ्गीकार गर्दछ । नेपालको प्रसङ्गमा उनले भनेका छन्, नेपाली जनताको कुनै पनि समस्या र दुःखलाई हामी हाम्रै दुःखका रूपमा लिन्छौँ (सियाओ लिङ, नेपाल मासिक, २०६४ जेष्ठ २७) । 'चीनले नेपालसँगको सम्बन्धलाई विशेष महत्त्व दिएकै कारण दुई देशबिचको सम्बन्ध रणनीतिक साझेदारीको रूपमा विकसित हुँदै छ । नेपालमा चिनियाँ प्रभाव बढ्यो भने भारतलगायत दक्षिण एसियामा नै उसको प्रभाव विस्तार हुने देखेर चीन विरुद्ध भारत र अमेरिका निरन्तर लागिरहेका छन्' (भण्डारी, २०७९; पृ. ३१७) । अमेरिकाले जापान र भारतलाई साथ लिएर चीनविरुद्ध एसिया प्रशान्त क्षेत्रमा रणनीतिक रूपमा अगाडि बढिरहेको छ । नेपालजस्तो अन्त्यन्तै संवेदनशील भूराजनीतिक क्षेत्रमा चिनियाँ प्रभावलाई अमेरिका र भारतले पचाउन सकिरहेका छैनन् । (भण्डारी, २०६९; पृ. ४२९) । नेपाल र चीनबिचको सम्बन्ध रणनीतिक रूपमा अगाडि बढ्ने भएपछि नेपालमा चीनविरोधी शक्तिकेन्द्रहरूको चलखेल बढिरहेको छ र नेपाल थप चनाखो हुनुपर्ने देखिन्छ । चीनसँगको रणनीतिक साझेदारीको विषयलाई लिएर नेपालमाथि अनावश्यक दबाब आउने गरेका पनि छन् ।

सन् १९४७ मा अङ्ग्रेजबाट स्वतन्त्र भएपछि नेपालको जस्तै आर्थिक र राजनीतिक कमजोर रहेको भारतले तत्कालीन अवस्थामा आफ्नो आर्थिक स्थितिमा सुधार ल्याउनका लागि विश्वको एकमात्र समाजवादी राष्ट्र सोभियत सङ्घसँग रणनीतिक साझेदारीका साथ अगाडि बढ्ने निर्णय गरेको थियो । रुस र भारतबिच कूटनीतिक सम्बन्ध स्थापना भएको ७२ वर्ष पूरा भइसकेको छ । यसबिचमा भारत रुसको प्राविधिक र आर्थिक सहयोगबाट एसियाको उदाउँदो शक्तिराष्ट्रको रूपमा विकसित हुन सफल भएको छ । रुससँग कूटनीतिक सम्बन्ध स्थापना भएको ७० औं वार्षिकोत्सवका अवसरमा मस्कोस्थित भारतीय दूतावासले सन् २०१८ मा वक्तव्य प्रकाशित गर्दै रुसले भारतको उद्योग, ऊर्जा, उत्पादन, इस्पात र ठुला मेसिनरी उद्योगलगायत विभिन्न प्राविधिक र आर्थिक लगानी तथा ऋणका कारण भारतले आर्थिक, वैज्ञानिक, प्राविधिक तथा सैन्य प्रविधिमा रुससँग सहकार्य गरेको उल्लेख गरेको छ । खासगरी आणविक र ऊर्जाका बारेमा भारत र रुसको सहकार्य महत्त्वपूर्ण रहेको छ । भारतले

रुसलगायतका संसारका कैयौँ राष्ट्रसँग आफ्नो राष्ट्रिय स्वार्थलाई केन्द्रमा राखेर कूटनीतिलगायतका अनेकौँ सम्बन्ध कायम गरेको छ । एउटा स्वतन्त्र राष्ट्रको हैसियतले नेपालले चीन भारतलगायतका संसारका जुनसुकै देशसँग पनि सम्बन्ध कायम राख्दै आएको छ ।

पछिल्लो चरणमा चीनसँग नेपालले गरेको रणनीतिक साझेदारी भारत वा अमेरिकालगायत कुनै अन्य राष्ट्रका विरुद्ध नभई नेपालको आफ्नै राष्ट्रिय स्वार्थका लागि हो । नेपालले जस्तै भारतले पनि सन् २००५ मा चीनसँग रणनीतिक साझेदारी गरेर अगाडि बढेको छ । चीन र भारतबिच कूटनीतिक सम्बन्ध स्थापना भएको ७० वर्ष पूरा भइसकेको छ । यसबिचमा दुवै देश शान्ति र समृद्धिका लागि रणनीतिक साझेदारी गरेर अगाडि बढिरहेका छन् । भारतको सबैभन्दा ठुलोप्रतिद्वन्द्वी राष्ट्रको रूपमा रहेको पाकिस्तानको आर्थिक र रणनीतिक साझेदार राष्ट्र चीनसँग भारतका सीमा विवादलगायत अन्य अनेकौँ विवादहरू रहेका छन्, जसका कारण पटक-पटक सीमामा सैनिक झडपहरूसमेत हुने गरेका छन् । यसका बावजुद पनि चीन र भारत रणनीतिक साझेदारको रूपमा अगाडि बढ्ने निर्णय गरेका छन् (https//www.mallikajoseph.ipcs.org/comm-select.php article No 1711)। नेपाल र चीनबिच भएको रणनीतिक साझेदारीलाई आफ्ना विरुद्धमा वा आफ्नो प्रभाव कमजोर बनाउन गरिएको षड्यन्त्रको रूपमा नबुझी दुई स्वतन्त्र राष्ट्रबिचको सहकार्यको रूपमा बुझ्नु बुझाउनु जरुरी हुन्छ । चीन र भारतबिचको रणनीतिक साझेदारी अमेरिका, पाकिस्तान र रुस आदिका विरुद्धमा नभए जस्तै नेपालको चीनसँगको रणनीतिक साझेदारी पनि भारत, अमेरिका वा अन्य कसैको विरुद्धमा नभई नेपालको आर्थिक विकास र समृद्धिका लागि चीनसँगको सहकार्यको रूपमा भएको हो । यसलाई नेपालमा चिनियाँ प्रभावका रूपमा व्याख्या गरिनु गलत हुन्छ । यस प्रकारको रणनीतिक साझेदारी भारतसँग पनि गर्न सकिने कुरा नेपाल सरकारले सार्वजनिक गरिसकेको छ । यस सन्दर्भमा नेपाल दुवै छिमेकी मित्रसँग रणनीतिक साझेदारीकासाथ अगाडि बढी दुवै देशको विकास र समृद्धिबाट फाइदा लिन अग्रसर छ ।

### ५.१०.१ नेपाल चीनबिच सैन्य सहकार्य

नेपाल र चीनबिच बहुआयामिक क्षेत्रहरूमा सहकार्य हुँदै आइरहेका छन्, जसमा सुरक्षा सहकार्य दुई देशकै लागि महत्त्वपूर्ण पक्ष मानिन्छ र नेपाली सेना र चिनियाँ जनमुक्ति सेनाबिचको सगरमाथा मित्रताका नामबाट सैन्य सहकार्य नेपाल-चीन सम्बन्धको महत्त्वपूर्ण र प्रमुख आयाम हो । विशेष गरी निकै ठुलो सङ्ख्यामा उच्चस्तरका लडाकु विमान रहेको,

शक्तिशाली न्युक्लियर र ब्लास्टिक क्षेप्यास्त्र क्षमता भएको, एन्टी सेटेलाइट तथा बढ्दो अन्तरिक्ष युद्ध क्षमता भएको चिनियाँ सेनासँग नेपालले सहकार्य गर्नु महत्त्वपूर्ण कुरा मानिन्छ (Fisher, 2010) । त्यस्ता कुराहरूलाई समावेश नेपाल र चीनका सुरक्षा निकायबिच निरन्तर रूपमा भ्रमणहरू आदान-प्रदान हुने गरेका छन् । सेना तथा सुरक्षाकर्मीहरू दुई देशबिचको सीमारक्षामा रहने भएकाले पनि उनीहरूबिचको सम्बन्ध नजिक हुने गरेको पाइन्छ जसका कारण दुवै देशका सुरक्षा निकायबिच मित्रता तथा सहकार्यका लागि मैत्रीपूर्ण भ्रमणहरू हुने गरेका छन् । यस प्रकारका भ्रमणहरूले दुवै देशका सेनाका बिचमा मित्रता र सहकार्य अभिवृद्धि हुने र दुवै देशका सेनाहरूको अनुभव तथा सीप आदान-प्रदान गर्ने कार्य अभिवृद्धि भइरहेको छ । चीनले आर्थिक र प्राविधिक सहयोगमार्फत नेपालको सुरक्षा निकायलाई सबल र सक्षम बनाउन जोड दिएको पाइन्छ ।

नेपाल र चीनले सन् २०१७ को मार्चदेखि संयुक्त सैन्य अभ्यास गर्दै आएका छन् । यसले नेपाल र चीनबिचको रणनीतिक सम्बन्ध विकास गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ । आफ्ना सेनालाई विपत व्यवस्थापन र प्रतिआतङ्कका लागि संयुक्त सैन्य अभ्यासका लागि नेपाल र चीन सहमत भएका छन् । 'सगरमाथा मित्रता-२०१७' नाममा यो सैन्य अभ्यास सञ्चालन हुँदै आएको छ । यस किसिमको संयुक्त सैन्य अभ्यासले भविष्यमा नेपाल र चीनबिच सुरक्षा सहकार्यका निम्ति महत्त्वपूर्ण भूमिका खेल्ने छ । नेपाली सेनाले यसअघि भारत र अमेरिकी सेनासँग मात्र सैन्य संयुक्त सैन्य अभ्यास गर्दै आएको थियो (वल्फ, २०१८) । नेपाल र चीनबिच सीमारक्षाका लागि खटिने नेपालको सशस्त्र प्रहरी फौजमा चीनको ध्यान केन्द्रित हुन थालेको छ । नेपालको सीमा सुरक्षाको जिम्मा पाएको सशस्त्र प्रहरी बल त्यति दक्ष नभएकोले चीनले उत्तरी सीमामा नेपाली सेनाको उपस्थिति खोजेको छ । त्यसका लागि चीन भौतिक पूर्वाधार निर्माणदेखि आवश्यक पर्ने सबै सहयोग गर्न तयार रहेको छ (अधिकारी, २०६९; पृ. १०१) । यसरी चीनले आफ्नो सीमाक्षेत्रमा नेपाल सरकारले सुरक्षा संवेदनशीलतालाई हेक्का राखोस् भन्ने चाहेको देखिन्छ ।

नेपालले आफ्नो सार्वभौम सत्ता तथा राजनीतिक स्वतन्त्रता वा तथस्टतामा जोडदिँदै, गरे तापनि भारतले नेपालको सुरक्षा परिस्थितिलाई आफ्नो सुरक्षाप्रणालीको अधीनमा राख्ने प्रयाश गर्दै आइरहेको छ । चीनले विगतमा नेपालको सन्दर्भमा अवलम्बन गर्दै आएको सरकारी स्तरको सम्बन्धका बदलामा जनता जनताबिचको सम्बन्ध, सेना सेनाबिचको सम्बन्धलाई फराकिलो र बलियो बनाउने दिशामा अगाडि बढिरहेको छ । यसरी अगाडि बढ्नु नेपालको लागिमात्र नभई चीनको सुरक्षा रणनीतिक चासोको सम्बोधनका निम्ति पनि आवश्यक छ (

वाङचुङ, २००५; पृ. २) । सन् २०३० देखि २०३५ सम्म चीन विश्वको महाशक्ति राष्ट्र भइसक्ने प्रक्ष्यपण गरिएको छ । यसलाई रोक्न अमेरिका र भारतलाई पाँच सात वर्ष (सन् २०१७-२२) सम्म चीनलाई कमजोर पारिसक्नुपर्ने बाध्यता छ । चीन महाशक्ति बन्दै गर्दा र दलाइ लामा जीवित रहँदै तिब्बतमा विद्रोह गराउने उनीहरूको रणनीति छ । तिब्बतमा विद्रोह गराई अमेरिका र भारतको रणनीति विगत ५० वर्षदेखि जारी छ, तर उनीहरू असफल भइरहेका छन् । सन् १९७५-०७६ तिर नेपालको मुस्ताङ्ग जिल्लामा चीन विरुद्ध खम्पा विद्रोह गराए तर यसमा अमेरिका र भारत असफल भए । नेपालको भूमि प्रयोग गरी चीनलाई टुक्र्याउने रणनीतिमा भारत र अमेरिका निरन्तर लागिरहेका छन् (भण्डारी, २०६९ ;पृ. २९) ।

अमेरिका र भारतको चीनमा विद्रोह मच्चाउने र तिब्बतलाई फुटाउने रणनीति असफल पार्नका लागि उनीहरूले नेपाली भूमिको प्रयोग गर्न सक्ने भएकाले नेपालको सुरक्षा निकायलाई बढी सक्षम र साधनस्रोत सम्पन्न बनाउनका लागि चीनले नेपाल सरकारलाई सुरक्षा क्षेत्रमा विशेष सहयोग गर्दै आइरहेको छ । तिब्बतलाई टुक्रयाउन सफल हुने हो भने भारतलाई दुईवटा कुराको फाइदा हुने छ । एउटा शक्तिशाली चीन उसको सीमानामा रहने छैन जसले गर्दा चीनसँगको सीमा विवादमा आफूले दाबी गरेको भू-भाग भारतले सजिलै फिर्ता लिनसक्ने छ । दोस्रो तिब्बतबाट बहने नदीको पानी भारतका लागि उपयोग गर्न सहज हुने छ । यसको अर्थ हिमालय क्षेत्रमा भारतको एकाधिकार हुने सम्भावना रहन्छ । यही अभीष्ट पूरा गराउन भारत स्वतन्त्र तिब्बतको अभियानमा लागिरहेको छ । तर अमेरिका र भारतलाई अहिले चीनसँगको लडाई फलामको चिउरा साबित हुँदै छ किनभने अहिले विश्व महाशक्ति अमेरिकाको अर्थतन्त्र चीनको हातमा जाँदै छ । चीन कमजोर नहुने हो भने संसारभर अमेरिकी वर्चस्व कायम रहन सक्दैन । त्यसैले तिब्बत विरुद्धको अभियानलाई सक्रिय बनाउन भारतको सिक्किम र कास्मिरमा भन्दा नेपालबाट सहज हुने भारतको रअ (RAW) र अमेरिकी सिआइए (CIA) को ठहर छ । त्यसैले उनीहरू चीनविरोधी गतिविधि नेपालमै केन्द्रित गरिरहेको छ (भण्डारी, २०६९; पृ. ४३०-४३९) ।

चीनविरोधी शक्तिको यही रणनीतिलाई बुझेर चीन सरकारले नेपाल सरकारलाई नेपालको सुरक्षा निकायसँग सहकार्य गर्दै एक-अर्काको अनुभव साटासाट गर्ने र चिनियाँ सुरक्षा निकायको अनुभव र ज्ञान-सीप नेपालको सुरक्षा निकायसँग आदानप्रदान गर्दै, नेपाली सुरक्षा निकायलाई सबल र दक्ष बनाउन नेपाल सरकारसँग सहकार्य गरिरहेको छ । गणतन्त्र स्थापना पछि चीनले नेपालको सुरक्षाको क्षेत्रमा उल्लेखनीय विकास गरेको छ । नेपाली सेना चिनियाँ जनमुक्ति सेनाबिच संयुक्त सैन्य अभ्यास सुरु भएको छ । यसअघि नेपाली सेना र भारतीय

सेनाबिच विभिन्न क्षेत्रमा सैन्य सहकार्य र सैन्य अभ्यास हुँदै आएको थियो । नेपालमा तिब्बती शरणार्थीहरूको गतिविधि बढ्नुमा नेपालको राजनीतिक अस्थिरता नै हो भन्ने बुझेको चीनले नेपालमा स्थायी सरकार होस् भन्ने चाहन्छ । मुख्यतः कम्युनिष्ट पार्टीहरूबिचको एकता बलियो होस् भन्ने चाहना राखेको चीनका लागि पछिल्लो समय सोचे जस्तै भएको छ । अहिले नेपालमा दुई तिहाई नजिकको कम्युनिष्ट पार्टीको सरकार छ । त्यस्तै चीनका लागि नेपालमा भारतीय प्रभाव कमजोर पार्ने उपयुक्त अवसर पनि यतिबेला नै जुटेको छ । सन् २०१५ मा भएको भारतीय नाकाबन्दीले नेपालमा बढ्दो भारतविरोधी भावनासँगै नेपालमा चिनियाँ प्रभाव विस्तार हुँदैछ । यतिमात्रै होइन गणतन्त्र स्थापनासँगै चीनले नेपालमा उल्लेख्य मात्रामा आर्थिक लगानी वृद्धि गरेको छ । जलविद्युत्, सिमेन्ट उद्योग, एअरपोर्ट, रेलवे, सञ्चार, कृषिलगायतका क्षेत्रमा ५० प्रतिशतभन्दा बढीका दरले प्रमुख क्षेत्रमा लगानी वृद्धि गरिरहेको छ ।

सन् २०१७ को जुलाईसम्म त्यस आर्थिक वर्षको दश महिनामा नेपालमा आएको कुल वैदेशिक लगानीमध्ये चीनको हिस्सा ८७ प्रतिशत रहेको छ । सिन्ह्वा समाचार एजेन्सीकाअनुसार ४२.२२ अरब नेपाली रुपियाँको लगानी चीनले मात्रै गरेको छ । यसतै चीनले नेपालका व्यापारिक समूहसँग पनि मिलेर काम गरिरहेको छ भने नेपाली विद्यार्थीका लागि छात्रवृत्तिमा समेत वृद्धि गर्दै आमसञ्चारका क्षेत्रमा उल्लेख्य सहयोग गरेर चीनले बिआरआइ आयोजनासहित चीनको पक्षमा व्यापक जनमत जुटाउने प्रयास गरिरहेको छ । चीनले नेपाललगायतका दक्षिण एसियाली देशमा आफ्नो राष्ट्रिय सुरक्षालाई ध्यानमा राखेर लगानी अभिवृद्धि गरिरहेको छ; राजतन्त्रको अन्त्यसँगै नेपालमा चिनियाँ लगानी, उसको प्रभाव र सक्रियता बढ्दै छ (भट्टराई, २०१८; पृ. २९) ।

## ५.११ सामाजिक तथा सांस्कृतिक सम्बन्ध

नेपाल-चीनबिचको सम्बन्ध प्राग् ऐतिहासिक कालदेखि नै रहँदै आएको छ । यस सम्बन्धको प्रमुख आधार बुद्धधर्म रहँदै आएको छ । बुद्धधर्मकै कारण चिनियाँ बौद्धभिक्षु (सुपासा), महामञ्जुश्री नेपाल आएका थिए । तिनै बौद्धभिक्षु मञ्जुश्रीले चोभारको डाँडा खोलेर तालको रूपमा रहेको काठमाडौँ उपत्यकाको पानीलाई बाहिर पठाई काठमाडौँ उपत्यकालाई मानव बस्न योग्य बनाएको भन्ने ऐतिहासिक किम्बदन्ती रहीआएको छ । बुद्ध दर्शन नै नेपाल चीनको सम्बन्धको आधार हो । इतिहासमा यी दुई देशबिचको सम्बन्धको आधार अन्तर सांस्कृतिक सम्बन्ध पनि हो भन्ने कुरा स्पष्ट छ । बुद्धको जन्मभूमि, बुद्धधर्मको प्रचार प्रसारको नाताले प्रारम्भमा नेपाल चीनबिचको सम्बन्ध जोडिन आएको हो । यसमा सबैभन्दा पहिले

बौद्धधर्मालम्बी चिनियाँ यात्रीको नेपालको तराईमा रहेको बुद्धजन्मस्थल लुम्बिनीमा भएको आगमन र उनले गरेको नेपालसम्बन्धी विवरणले नेपालको परिचय चीनमा पुऱ्याएको थियो ।

विक्रमको सातौँ शताब्दीमा तिब्बतका शासक स्रङ-चङ गम्पोको उदय भयो जसले तिब्बतलाई एकीकरण गरेका थिए । त्यसपछि, स्रङचङ गम्पोसँग नेपाली राजकुमारी भृकुटीको वैवाहिक सम्बन्ध, बौद्धधर्मको प्रचार र आर्थिक कारोबारले गर्दा नेपालसँग सीमा जोडिएको तिब्बतराज्यको घनिष्ट सम्बन्ध कायम हुन आयो । यसबाट चिनियाँ यात्री, प्रतिनिधिमण्डल, पश्चिमको बाटोभन्दा तिब्बतको बाटोभई नेपाल र भारत आउनलाई निकै छोटो हुने भएकाले यही बाटो आउन थाले । यसैले वर्तमान चीनसँग नेपालको सम्बन्धलाई तिब्बतबाट अलग गरेर हेर्न सकिँदैन । प्राचीन इतिहासकालदेखि हालसम्म पनि धार्मिक, आर्थिक र सामाजिक रूपमा सम्बन्ध जोडिँदै आएको छ । प्रारम्भमा धार्मिक, सामाजिक सम्बन्धले सुरु भएको नेपाल चीन सम्बन्धपछि आर्थिक र राजनीतिक रूपमा विस्तार र विकसित हुँदै गएको छ (नेपाल, २०७३; पृ. १४९) ।

### ५.११.१ सांस्कृतिक सम्झौता

आधुनिक राज्यको निर्माणसँगै नेपाल र चीनबिच सन् १९५५ अगष्ट १ तारिखका दिन नेपाल-चीन औपचारिक रूपमा कूटनीतिक सम्बन्ध औपचारिक रूपमा स्थापना हुन गयो । औपचारिक रूपमा कूटनीतिक सम्बन्ध स्थापनासँगै पाँचौ शताब्दीदेखि दुई देशबिच रहँदै आएको जनस्तरको सांस्कृतिक र धार्मिक सम्बन्ध औपचारिक रूपमा संस्थागत हुन गयो । नेपाल चीन औपचारिक सम्बन्ध सुरु भएको आज ६५ वर्ष पार गर्दै, दुई देशबिचको सम्बन्ध विश्वासिलो र बलियो रही अगाडि बढिरहेको छ । दुई भिन्न राजनीतिक व्यवस्था अपनाएका यी दुई मुलुकबिचको सम्बन्धलाई विश्वमा उदाहरणीय रूपमा हेरिन्छ । कूटनीतिक सम्बन्ध स्थापना भएसँगै सन् १९५६ मा नेपालको पहिलो पटक सांस्कृतिक प्रतिनिधि मण्डलले चीनको भ्रमण गऱ्यो । सन् १९५६ मा नै तत्कालीन प्रधानमन्त्री टङ्कप्रसाद आचार्यले चीनको औपचारिक भ्रमण गरे र सन् १९५७ मा चीनका तत्कालीन प्रधानमन्त्री चाउ एनलाईले नेपाल भ्रमण गरी परम्परागत मैत्री सम्बन्धलाई विस्तार गरे । यसैका आधारमा सन् १९६४ मा नेपाल चीनबिच सांस्कृतिक सम्झौता सम्पन्न भयो । यो सम्झौतासँगै नेपाल र चीनबिच औपचारिक रूपमा सांस्कृतिक आदान-प्रदानको सुरुवात हुन गयो । यसै सम्झौताका आधारमा चिनियाँ पर्यटकहरूलाई नेपाल सरकारले निःशुल्क भिसाको व्यवस्था गरेको छ । त्यसैगरी पर्यटक र

व्यापारीका लागि चिनियाँ मुद्रा युआनलाई नेपालमा विनिमय मुद्राको रूपमा मान्यता दिएको छ (शिवाकोटी, २०७३; पृ. ४९-७५) ।

समाजका गतिविधिहरूलाई जीवन्तता दिन सांस्कृतिक आदान प्रदान महत्त्वपूर्ण हुन्छन् । सांस्कृतिक सम्बन्धलाई सुदृढ बनाउन नेपाल र चीन दुई देशबिच विभिन्न सांस्कृतिक महोत्सव तथा सांस्कृतिक आदान-प्रदानका कार्यक्रमहरू सम्पन्न हुँदै आएका छन् । सन् २०१८ सेप्टेम्बर ८ देखि ११ मा सम्पन्न चाइना तिब्बत टुरिजम एण्ड कल्चर एक्स्पोमा नेपालको तर्फबाट तत्कालीन सभामुख कृष्णबहादुर महराले भाग लिएका थिए । सन् २०१६ डिसेम्बरमा नेपालको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र नेपालस्थित चिनियाँ दूतावासले आयोजना गरेको सातौ चिनियाँ महोत्सवमा चिनियाँ कम्युनिष्ट पार्टीका पोलिटव्युरो सदस्य तथा केन्द्रीय प्रचार-विभाग प्रमुख लिउ बाओले भाग लिएका थिए । सन् २०१८ नोभेम्बर १२-१५ मा नेपालमा आयोजना गरिएको आठौं चाईना फेस्टिबल तथा चिनियाँ संस्कृति शताब्दीका चिनियाँ सृजनात्मक उत्पादनको प्रदर्शनीमा भाग लिन चीनका पर्यटन तथा संस्कृतिमन्त्री लिओ सुगाङले नेपालका तात्कालिक पर्यटनमन्त्री रवीन्द्र अधिकारीसँग द्विपक्षीय वार्ता गरेका थिए (नेपाल सरकार, परराष्ट्र मन्त्रालय २०७५) ।

### ५.११.२ नरम शक्तिका रूपमा संस्कृति

नेपाल र चीनबिचको सम्बन्ध सुदृढ गर्नका लागि दुईदेशबिच विभिन्न सरकारी संयन्त्रका निर्माण, तथा जनस्तरको सम्बन्धमा आकर्षण गर्न विभिन्न व्यापार मेला, प्रदर्शनी, सांस्कृतिक कार्यशाला, चिनियाँ पर्यटकको नेपाल प्रतीको आकर्षण, तिब्बतको मानसरोबर र नेपालको लुम्बिनीप्रति दुई देशका जनताको धार्मिक आस्था र आकर्षण आदिका कारण नेपाल चीनबिचको सांस्कृतिक तथा जनस्तरको सम्बन्ध बलियो बन्दै गइरहेको छ । नेपालसँग मात्रै होइन, उदाउँदो शक्ति राष्ट्रको रूपमा चीनले आफ्नो संस्कृति, कला र साहित्यलाई कूटनीतिमा नरम शक्तिको रूपमा प्रयोग गरी संसारभर आफ्नो प्रभाव विस्तार गरिरहेको छ । सांस्कृतिक सम्बन्धको मुख्य उद्देश्य, आपसी सम्बन्धलाई वृद्धि गर्नु हो (Jacques, 2009) । कलाकार, लेखक, सांस्कृतिक प्रतिनिधिमण्डलको भ्रमण, आदानप्रदान आदिले दुई देशबिचको सम्बन्धलाई बलियो बनाउँदै आएका छन् । संस्कृति, कला, साहित्य, प्रेस, प्रकाशन, शिक्षा, खेलकुद जस्ता सम्बन्धबाट चीनले कूटनीतिको दोस्रो पाटोलाई प्रभावकारी ढङ्गले आफ्नो सम्बन्धलाई जनस्तरसम्म विस्तार गर्न सफल भएको छ जसका कारण दुवै देशका अध्येता र विज्ञहरूमा समेत प्रभाव परेको छ । चीनको नेपालको सरकारी तहमा मात्रै नभएर गैर सरकारी तथा नीजी क्षेत्रलगायत, राजनीतिक

नेता, पत्रकार, बौद्धिक व्यक्तित्वलाई समेत प्रोत्साहन गरेर जनकूटनीतिलाई अगाडि बढाएको छ ।

प्राचीन कालदेखि नै चीन सांस्कृतिक रूपमा धनी देश हो । समकालीन अवस्थामा चीनले नेपालमा मात्रै होइन, संसारका विभिन्न भागहरूमा आफ्नो कूटनीतिमा नरम शक्तिका रूपमा विस्तार गर्दै आइरहेको छ । People's Daily (January, 15, 2010)cg';f/ सन् २००४ मा चीनले छैटौँ एसियाली कला महोत्वसवको आयोजना गऱ्यो । उक्त महोत्सवमा १७ एसियाली देशहरूबाट एक हजार कलाकर्मीलगायत, करिब पाँच लाख दर्शकहरू सहभागी भएका थिए । चीनको सँस्कृतिको प्रभाव सँसारभरी विस्तार गर्न कन्फुसियस संस्थाले महत्त्वपूर्ण भूमिका खेलेको छ । चिनियाँ भाषालाई आफ्नो कूटनीतिमा नरमशक्तिको रूपमा प्रयोग गर्दै आएको चीनले सन् २००७ मा नेपालमा कन्फुसियस संस्थाको स्थापना गरी चिनियाँ भाषा, संस्कृति, शिक्षा, पर्यटनको प्रवर्द्धनमा जोड दिँदै भाषामार्फत जनता-जनताबिच बलियो सम्बन्ध स्थापना गर्ने उद्देश्य लिएको छ (चिनियाँ दूतावास, नेपाल) । नेपालमा कन्फुसियस संस्थाबाहेक नेपालमा त्रिभुवन विश्वविद्यालय, विश्वभाषा क्याम्पसमा स्नातक तह स्तरको चिनियाँ भाषा शिक्षण सञ्चालन सुरु भएको छ । चीनसँगको भाषा सांस्कृतिको विकासमा चीन अध्ययन केन्द्रले समेत महत्त्वपूर्ण भूमिका खेलेको छ । जसले गर्दा नेपालमा युवा विद्यार्थी उद्यमीहरूको चिनियाँ भाषा र चिनियाँ विश्वविद्यालयप्रति आकर्षण बढ्न गएको छ । २०२९-३० सालदेखि नेपाल-चीन सांस्कृति आदान-प्रदान कार्यक्रम अन्तर्गत नेपाली विद्यार्थीहरूरूचीन मा इन्जिनियरिङ्ग, मेडिकल जस्ता प्राविधिक विषयहरूमा छात्रवृत्ति कार्यक्रम अन्तर्गत पढ्न जाने र चिनियाँ विद्यार्थीहरू नेपाली (भाषा) विषय पढ्न त्रि.वि. अन्तर्गत नेपाली विभागमा पढ्न आउने परम्परा रहेको धेरैपछि मात्र चिनियाँ विद्यार्थीहरूरूे विश्वभाषा क्याम्पसमा पढ्न थाले । यसै कार्यक्रम अन्तर्गत सत्यमोहन जोशी, गोविन्द भट्ट, ऋषिकेश उपाध्याय, वल्लमणि दाहाल, नेत्र एटम लगायतका नेपाली भाषा पढाउन चिनियाँ विश्वविद्यालयहरूरूा गएका थिए ।

चीन सरकारले नेपाली विद्यार्थीहरूका लागि विभिन्न विषयमा प्रत्येक वर्ष ठुलो सङ्ख्यामा छात्रवृत्ति प्रदान गर्दै आएको छ । खासगरी चिकित्साशास्त्र, इन्जिनियरिङ्ग, चिनियाँ भाषा, विभिन्न शोधकार्य, विद्यावारिधिलगायतका क्षेत्रमा प्रदान गरिएको छात्रवृत्तिमा नेपाली विद्यार्थी तथा शोधकर्ताहरूले अवसर पाउँदै आएका छन् । चिनियाँ संस्कृति र कलाले विश्वलाई नै आकर्षित गरिरहेको छ । चिनियाँ साहित्य, कला, चलचित्र, फेसन, मार्सल आर्ट, चिनियाँ परिकारहरूले चीनलाई विश्वमा लोकप्रिय बनाउँदै लगेका छन् । चीनको सांस्कृतिक कूटनीतिमा चिनियाँ कलाकार, लेखक, चलचित्र निर्माता, कला-डिजाईनरहरू, परम्परागत चिनियाँ संस्कृति र कलाको

शैलीमा आधुनिकता थपेर नयाँ मिठास पस्किरहेका छन् । चिनियाँ साहित्यको विश्वव्यापी लोकप्रियतासँगै सन् २००० मा चिनियाँ साहित्यकार गाओसिङ झिङले साहित्यमा नोबल पुरस्कार पाउन सफल भएका छन् । चीनले आफ्नो विदेशनीतिमा जहिले पनि शान्ति र स्थायित्वमा जोड दिँदै आएको छ । चिनियाँ जनमुक्ति सेनाले त्यसलाई सहयोग र समर्थन गर्दै आइरहेको छ (Jacques, 2009, p. 561) । समकालीन चीनको विदेशनीतिको एउटा महत्त्वपूर्ण पाटो नरमशक्ति हो, जसको  प्रयोगमार्फत संसारभरिका छिमेकीसँग शान्ति स्थायित्व र आर्थिक विकासका लागि चीनले असल सम्बन्ध कायम राख्दै, अगाडि बढ्ने चीनका तत्कालिक राष्ट्रपति हु जिन्ताओले बताएका थिए (जिनपिङ, २०१६) ।

### ५.११.३ सञ्चार सम्बन्ध

नेपाल चीन सम्बन्धलाई बलियो बनाउन सञ्चारको महत्त्वपूर्ण भूमिका रहँदै आएको छ । दुईबिचका सञ्चार माध्यम र सञ्चार गृहबिचको सम्बन्ध तथा सहकार्यले दुई देशबिचका ऐतिहासिक सम्बन्धलाई जनस्तरसम्म पुऱ्याउनका लागि महत्त्वपूर्ण भूमिका खेलेका छन् । मिडियाका कारण आजको विश्व एउटा गाउँमा साँघुरिएको छ । सूचना र सञ्चारको विकाससँगै, संसार प्रत्येक व्यक्तिको हातमा अट्न सफल भएको छ । स्मार्टफोन, कम्प्युटर, इन्टरनेट, फेसबुक, गुगल, इन्स्टाग्राम, टिकटक, आदिको विकाससँगै हरेक व्यक्ति, विश्वको हरेक क्षेत्रको जानकारी लिन र आफ्ना परिवार भाइसाथीसँग सजिलै सम्पर्क गर्न सक्ने भएको छ । मिडियाले दिनानुदिनको मानव जीवनमा गहिरो प्रभाव पारेको छ । मिडियाबिना, संसारको कल्पनासमेत गर्न सकिने अवस्था छैन । मिडियाकै कारण, विचार-निर्माण गर्ने, धारणा बनाउने, विश्वमा के भइरहेको छ, त्यसको जानकारी लिने कुरा सम्भव भएको छ । मिडियाले राजनीतिक, व्यापार, आर्थिक, सामाजिक, शैक्षिक, सांस्कृतिक तथा दुई देशबिचको सम्बन्धमा समेत प्रभावकारी भूमिका खेलेको हुन्छ । कुनै पनि देशको सम्बन्ध विगार्ने वा सपार्ने भन्ने कुरामा राजनेताले भन्दा मिडियाले प्रमुख भूमिका खेलेको देखिन्छ । झुटा पूर्वाग्रही समाचारका कारण आम नागरिकमा गलत सन्देश प्रवाह गरेर कुनै देशविरुद्ध जनमत सृजना गर्ने काममा बेला बखत मिडियाको प्रयोग भएको पाइन्छ (Jacques, 2009, P. 565) ।

एक्काइसौँ शताब्दीको सुरुवातसँगै कुनै पनि देशको विदेशनीतिको एउटा प्रमुख साधनको रूपमा मिडिया रहँदै आएको छ । राज्य होस् वा गैर राज्य जसले मिडियाको प्रयोगमार्फत देश विदेशमा जनमत निर्माण गर्ने गर्दछ । अन्तर्राष्ट्रिय सम्बन्धमा आएका विवादहरूलाई मिडियाले महत्त्वपूर्ण भूमिका खेल्न सक्ने भएकाले पत्रकारले अन्तर्राष्ट्रिय

सहजकर्ताको रूपमा विवाद हल गर्न कूटनीतिज्ञको भूमिका निर्वाह गर्न सक्दछ (https//www.tandfonilne.com/doi/pdf/10:1080/09592290108406220)। अन्तर्राष्ट्रिय सञ्चार माध्यमहरूले अन्तर्राष्ट्रिय सम्बन्धमा महत्त्वपूर्ण भूमिका खेल्न सक्दछन् । धेरैजसो नीति-निर्माताहरूले, सिएनएन, विविसि, सिसिटिभि, रसिया-टुडे, फ्रान्स २४, जस्ता सञ्चार माध्यममा प्रसारण हुने समाचारका आधारमा आफ्नो धारणा बनाएका हुन्छन् । यी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मिडियाकै कारण राज्यहरूबिच सार्वजनिक कूटनीति निर्माणमा महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ (Chinadaily, 2014)।

मिडियाको दृष्टिकोणबाट नेपाल र चीनबिचको सम्बन्धलाई बलियो र प्रभावकारी बनाउन तथा यी दुई देशबिचका गतिविधिहरूलाई जनस्तरसम्म लैजानका लागि मिडियाले महत्त्वपूर्ण भूमिका खेलेको छ । चीन र नेपालका सञ्चारकर्मीहरू, विशुद्ध पेसाकर्मीको रूपमा मात्र नभएर दुई देशबिचको सम्बन्धमा विकास गर्ने पात्रको रूपमा महत्त्वपूर्ण भूमिका खेलेका छन् । चीनको राष्ट्रिय समाचार एजेन्सी सिन्ह्वाले सन् १९६०, काठमाडौँमा आफ्नो व्युरो अफिस स्थापना गरी सञ्चालन गर्दै आइरहेको छ। नेपाल राष्ट्रिय समाचार समिति र सिन्ह्वा न्युज एजेन्सिबिच सन् २०६८ मा दुई संस्थाबिच समाचार तथा जानकारीहरू आदान-प्रदान गर्न सम्झौता भएको छ। सन् १९७५ मा चिनियाँ अन्तर्राष्ट्रिय रेडियोले नेपाली भाषामा समाचार प्रसारण गर्न थाल्यो । सन् २०१३ मा चाइना समाचार सर्भिस (CNS) ले आफ्नो कार्यालय काठमाडौँमा स्थापना गरेको छ । चाइना मिडिया फोरम, अरनिको पत्रकार समाज जस्ता संस्थाले नेपाल र चीनबिचका मिडिया सम्बन्धमा महत्त्वपूर्ण भूमिका खेलेका छन् । नेपाल पत्रकार महासङ्घ, सम्पादक समाज र चीनको अल चाइना जर्नालिस्ट एसोसिएसन्बिच भ्रमण आदान-प्रदान हुने गरेको छ । चाइना इन्टरनेशनल रेडियो नेपाली भाषामा समाचार प्रसारण गर्न सुरु गरेपछि यसले भुटान, भारतलगायत विश्वभरिका नेपाली भाषीहरूमा प्रभाव पर्न गएको छ । दैनिक चार घण्टा प्रसारण हुने यस कार्यक्रममार्फत विश्वभरी नेपाली भाषीहरूबिच सम्बन्ध कायम गर्न सन् २०१३ देखि चिनियाँ अन्तर्राष्ट्रिय रेडियोले मितेरी पुल नामक नेपाली भाषाको पत्रिका प्रकाशन गर्दै आइरहेको छ । यो नै चीनमा प्रकाशन हुने नेपाली भाषाको पहिलो प्रकाशन हो (गोरखापत्र, २०७४ असार २६)।

सिआरआईको नेपाली सेवा काठमाडौँको क्यापिटल एफएम, मेट्रो एफएम, मितेरी एफएमसँग समेत सहकार्य गरी नियमिति प्रसारण गरेको छ। नेपाल पत्रकार सङ्घ, (NJA) र अखिल चीन पत्रकार सङ्घ (ACJA) बिच सन् १९८० देखि प्रतिनिधि मण्डलको आदान-प्रदान हुने गरेका छन् । नेपाल पत्रकार महासङ्घले चीनका विभिन्न मिडियाहरू (संस्था)सँग सम्बन्ध

कायम गर्दै दुई देशबिचको सम्बन्धलाई बलियो बनाउन महत्त्वपूर्ण भूमिका खेलेको छ । सन् २०१३ मा गठन भएका नेपाल चीन मिडिया फोरम र अरनिको पत्रकार सङ्घ जस्ता संस्थाले नेपाल र चीनबिचको सम्बन्ध सुधार गर्न भूमिका खेलेका छन् (गोरखापत्र, २०७० असोज २२) । यसरी मिडियाको विकाससँगै दुई देशबिचको पब्लिक डिप्लोमेसी निर्माणमा सञ्चार माध्यमहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् ।

चीनले आर्थिक सहयोगमार्फत नेपाललगायत दक्षिण एसियामै आफ्नो प्रभाव विस्तार गरिरहेको देखिन्छ । आफ्नो परराष्ट्रनीतिको प्रभावकारी कार्यान्वयनको लागि जनकूटनीतिमा विशेष जोड दिएको देखिन्छ । छिमेकीसँगको सुरक्षा सहकार्यमा विस्तार गर्ने, छिमेकी देशलाई मित्र र साझेदारको व्यवहार गर्ने, उनीहरूलाई सुरक्षित महसुस गराउने, छिमेकी मुलुकको आर्थिक विकासको चाहनालाई सहयोग गर्ने चीनको नीतिदेखिन्छ । पछिल्लो चरणमा चीनले सुरक्षा र आर्थिक सहकार्यलाई एकीकृत ढङ्गले अगाडि लैजान खोजेको देखिन्छ । जनसङ्ख्याको ठुलो हिस्सालाई जन कूटनीतिबाट आन्तरिक राजनीतिमा हस्तक्षेप नगरी विकासको साझेदारी बनाउने छवि चीनले बनाएको छ (भट्टराई, अन्नपूर्ण, २०७६ भाद्र ९) । नेपालसँग सीमा जोडिएका कारणले पनि चीनले निरन्तर रूपमा जनता जनताबिच सांस्कृतिक सम्बन्ध कायम राख्दै र आर्थिक विकासमा जोड दिँदै आएको छ । नेपालसँगको दीपक्षीय सम्बन्धलाई जोड दिँदै जनस्तरको सम्बन्धमा क्रियाशील रहनुलाई चीनको सुरक्षा चासोको रूपमा हेरिन्छ । चीन र नेपाल दुवै रणनीतिक साझेदारको रूपमा एक-अर्काका सहयात्री भएकाले दुवै राष्ट्रले राष्ट्रिय, विश्व शान्ति तथा समृद्धिका लागि प्रतिबद्धता जनाएका छन् । यी दुवै देशबिच रहेको युगौ लामो सांस्कृतिक सम्बन्धलाई कूटनीतिक तहमा विकास गरेसँगै दुई देशबिचको सम्बन्ध संसारमै व्यावहारिक तथा अनुकरणीय बन्दै आएको छ ।

नेपाल चीनबिचको प्रचीनकालदेखि नै सम्बन्ध रहँदै आएको छ । धार्मिक, सांस्कृतिक, आर्थिक, राजनीतिक रूपमा दुई देशबिच रहँदै आएकोमा सन् १९५५ मा औपचारिक रूपमा कूटनीतिक सम्बन्ध स्थापना हुन पुग्यो । पञ्चशीलको सिद्धान्तमा विश्वास राख्ने नेपाल र चीन दुवै देशले यसै सिद्धान्तका आधारमा आपसी सम्बन्धलाई अगाडि बढाउँदै आएका छन् । भूराजनीतिक रूपमा अत्यन्त संवेदनशील स्थानमा रहेको नेपाल भारतसँग खुला सीमाना तथा कमजोर राज्य संयन्त्रका कारण नेपाली भूमि चीन विरोधी शक्तिले आफ्ना विरुद्ध प्रयोग गर्न नपाओस् भन्ने कुरामा चीन संवेदनशील देखिन्छ । गणतन्त्रपश्चात्का नेपाल-चीन सम्बन्ध उपर्युक्त मूल्यहरूमा आधारित हुन पुगेको छ । यसमा नयाँ आयामहरू थपिँदै आएका छन् ।

# अध्याय - छ

# बेल्ट एण्ड रोड इनिसियटिभ, चीन र नेपाल

## ६.१ विषयपरिचय

चीनको प्रस्तावित बेल्ट एन्ड रोड इनिसियटिभ र नेपाल शीर्षकको यस छैटौँ अध्यायमा बेल्ट एन्ड रोड इनिसिएसन सम्बन्धी प्रस्तावित कार्यक्रमबाट नेपाल चीनबिचको कूटनीतिक सम्बन्धमा देखापरेका नयाँ आयामहरूका बारेमा विवेचना गपरएको छ । यस क्रममा बीआरआईको पिरचय र यसका आधारभूत प्रस्थापनाहरूको परिचय, यसका ृद्देश्यहरू, यसमा संलग्न संस्थाहरू, यसका अन्तर्वस्तु, संयुक्त राष्ट्र सङ्घ र बीआरआईको सम्बन्ध, बीआरआईका कार्ययोजना, यसबारे अमेरिका, युरोप र भारतीय दृष्टिकोण, बीआरआईका कारण नेपालमा देखिएको भूराजनीतिक स्वार्थको टकराव लगायतका पक्षहरूबारे विवेचना गरिएको छ । बीआरआईका प्रस्तावबाट नेपाल चीन कूटनीतिक सम्बन्धमा नयाँ आयाम प्रवेश गरेको आधुनिक सन्दर्भहरूबारे स्पष्ट पारीएको छ ।

## ६.२ बेल्ट एन्ड रोड इनिसिएसनको परिचय र यसका आधारभूत प्रस्तावना

बेल्ट एण्ड रोड इनिसियटिभलाई एककाइसौँ शताब्दीको रेसममार्ग भनिन्छ । सन् २०१३ मा चीनका राष्ट्रपनि सी जिनपिङद्वारा प्रस्तावित यस परियोजनालाई चिनियाँ सपनाको रूपमा समेत व्याख्या गरिन्छ । यो विश्वको सबैभन्दा ठुलो र महत्त्वकाङ्क्षी आयोजना हो । यस परियोजनालाई चीनको आर्थिक कूटनीतिको माध्यमको रूपमा पनि लिने गरिन्छ । प्राचीन कालीन सिल्क रोडलाई समकालीन नक्सामा पुनःनिर्माण गरेर विश्वलाई स्थल र जल मार्गबाट व्यापारिक, निर्माण तथा कनेक्टिभिटीमार्फत जोड्ने उद्देश्यले अगाडि बढाइएको चिनियाँ परियोजना चिनियाँ कूटनीतिको एक आधार हो । उदारवादी अर्थनीतिमा आधारित यस परियोजनामा सहभागी सदस्य राष्ट्रहरूको आर्थिक र सामाजिक विकासका लागि आर्थिक सहकार्य गर्ने चिनियाँ नीति रहेको छ । हाल यस आयोजनामा एसिया, अफ्रिका र युरोपका करिब १२५ वटा देशहरू सामेल भएका छन् । यस आयोजनाले विश्वको जनसङ्ख्याको झण्डै आधा जनसङ्ख्या र विश्वको कुल गार्हस्थ्य उत्पादनको एक चौथाईलाई समेट्न सफल भएको छ । बीआरआई आधुनिक चीनको विदेशनीतिको प्रमुख आधारको रूपमा पनि रहेको छ । खासगरी वर्तमान राष्ट्रपति सी जिनपिङ सत्तामा आएपछि उनले सन् २०१३ मा चीनको परम्परागत रेसममार्गलाई पुनःस्थापित गरेर बेल्ट एण्ड रोडको नामाकरण गरेको पाइन्छ

(सिवाकोटी, २०७३; पृ. १९३) । बीआरआई चीनद्वारा अगाडि सारिएको अन्तर्राष्ट्रिय स्तरको परियोजना हो जसको उद्देश्य आर्थिक समृद्धि तथा बृहत् सीमा पार कनेक्टिभीटि रहेको छ । चीनले यस परियोजनालाई नरम शक्ति (soft power) कूटनीतिको रूपमा अगाडि बढाएको देखिन्छ । कतिपय आलोचकहरूले यस परियोजनालाई चीनले आफ्नो प्रभाव विस्तार गर्न अगाडि सारेको परियोजनाको रूपमा अर्थ्याएको पाइन्छ । तथापि चीनले यस परियोजनाको उद्देश्य एसिया, युरोप, अफ्रिकामा जमिन, समुद्र दुवै क्षेत्रबाट रेललगायत यातायात र कनेक्टिभिटीलाई अगाडि बढाउने र त्यसका लागि आर्थिक तथा निर्माणमा जोड दिँदै आफ्नो भूमिबाट बाहिर निस्कने चिनियाँ मोडेलको आर्थिक विकास लागु गर्न यस परियोजना अगाडि बढाएको दाबी गरेको छ (Kondapali & Xiaowen, 2017, p. 73) । प्राचीन चीनले रेसममार्ग अन्तर्गत एसिया र युरोपलाई जोड्ने गर्दथ्यो । यसै सिल्करोडलाई बीआरआई नामाकरण गरेर विश्वलाई जल र थलमार्गमार्फत जोडी आर्थिक विकासको मार्ग खोल्ने महत्त्वकाङ्क्षी लक्ष्यसहित चीनले यस परियोजनालाई अगाडि सारेको हो । यसै परियोजनामार्फत विश्वमा शान्ति र समृद्धि स्थापना गर्न सकिने चीनको दाबी रहेको छ । चीनको विदेशनीति अन्तर्गत गरिने वैदेशिक लगानी तथा आर्थिक सहयोग यसै परियोजनामार्फत गरिरहेको छ । नेपाल र चीनबिच सन् २०१७ मा सम्पन्न भएको पारवहनलगायत दशबुँदे सहमति तथा रेलसेवालगायत कनेक्टिभिटीका कार्यक्रम यसै बीआरआई परियोजनाकै आधारमा भएका हुन् (सिवाकोटी, २०७३; पृ. १९३-९५) ।

एसिया र युरोपका राज्यहरूको भ्रमणको क्रममा प्रधानमन्त्री ली खछ्याङले पनि यसलाई प्रचार गरेका थिए र यो सन् २०१६ मा पिपुल्स डेलीमा सबैभन्दा बढी उल्लेख गरिएको अवधारणा थियो । विगत तीन वर्षमा मुख्यतया पूर्वाधार लगानी, निर्माण सामग्री, रेलमार्ग र राजमार्ग, अटोमोबाइल, घरजग्गा, पावर ग्रिड, फलाम र इस्पात (Islam, Safiqul & Tang, 2016) । यस बीआरआई परियोजनाको मुख्य उद्देश्य, चीनलाई विश्वका विभिन्न भाग एसिया, अफ्रिका युरोपसँग जोड्दै, मुख्यतः क्षेत्रिय सहकार्य, व्यापार, लगानी तथा आर्थिक सहयोग गर्नु हो । यस आयोजनामा युरोपेली राष्ट्रहरू इटली, बेलायत, जर्मनी, फ्रान्स आदि बीआइआरप्रति सकारात्मक देखिएका छन् । त्यसमा पनि इटली यस आयोजनामा सहभागी भइसकेको छ । यस आयोजना अन्तर्गत सन् २०१७ मा चीनबाट लन्डन रेल पुग्न सफल भयो । यसरी यस आयोजनाले रेलमार्गमार्फत एसियालाई युरोपसँग सिल्करोडमार्फत जोड्न सफल भयो । बीआरआई अन्तर्गत नै चीनको पँहेलो समुद्रबाट चीन र रसियाको पिटर्सवर्ग सामुद्रिक बन्दरगाह जोड्ने मोटरबाटो बन्दै गइरहेको छ । करिब पाँचहजार दुईसय पैंतालिस माइल दुरी भएको

उक्त सामुद्रि सडकमार्ग सम्पन्न हुँदा पैंतालिस दिन लाग्ने यात्रा अब दश दिनमा पूरा गर्न सकिने छ (समकालीन चिनियाँ राजनीतिक तथा आर्थिक रणनीति, सन् २०१८; पृ. ६०) ।

२१ सय वर्ष भन्दा पहिले चीनको हान वंश (२२० इ.पू.) को समयमा एकजना चिनियाँ दूत चाङ छियानलाई शान्ति र मित्रता सन्धि नियोगमा दुईपटक एसियामा पठाइएको थियो । उनको उक्त यात्राले मध्यएसियाका देशहरूसँग मित्रताको ढोका खोलेको थियो । पूर्व-पश्चिम एसिया तथा युरोपलाई जोड्ने रेसममार्गको सुरुवात यसै प्रसङ्गबाट भयो । चीनका राष्ट्रपति सी जिनपिङ आफ्नो स्मरणमा लेख्नुहुन्छ, "मेरो गृहप्रान्त सान सि प्राचीन रेसममार्गको प्रारम्ब विन्दु हो । हजारौ वर्षभरी रेसममार्ग वरिपरि रहेका विभिन्न देशका मानिसहरूले मित्रताको एउटा अध्याय लेखेर दृढताकासाथ अवलम्बन गरी मानव समाजमा उन्नयन गरेका छन् जो आजको दिनसम्म हस्तान्तरित भइसकेको छ" (जीनपिङ, २०१६; पृ. ३१८) । दुई हजार वर्षभन्दा पनि पहिलाको आदान-प्रदानले के प्रमाणित गरेको छ भने एकता र पारस्परिक विश्वास नै समग्र समाजको उन्नतिको बाटो हो । 'समानता, समावेशिता, पारस्परिक सिकाई, एकअर्कामा सहयोग रहने आधारमा विभिन्न जाति तथा संस्कृतिमा विश्वास भएका देशहरूबिच शान्ति र विकासको हिस्सेदारी विकास गर्न पूर्णतया सक्षम छन् । प्राचीन रेसममार्गबाट हामिले प्राप्त गरेको यो नै मूल्यवान प्रेरणा हो' (जीनपिङ, २०१६; पृ. ३२३) ।

बीआरआई परियोजना चीनका राष्ट्रपतिको विदेशनीतिको एउटा अङ्ग हो । यो परियोजनालाई सी जिनपिङ विचारधारा र चिनियाँ विशेषतासहितको समाजवादको एउटा अङ्गको रूपमा चीनले अगाडि बढाएको देखिन्छ । यस आयोजनामार्फत विश्व महाशक्तिको रूपमा उदाउँदै गरेको चीनले सडक, रेल, बन्दरगाह, पाईपलाइन, व्यापारिक मार्गलगायत विभिन्न ढङ्गबाट विश्वसँगको सम्बन्धलाई अगाडि बढाउन खोजेको देखिन्छ । बेल्ट एण्ड रोड घोषणा भएको चारवर्ष सन् २०१७ सम्म यस परियोजनामा करीब एकसय देश सहभागी भइसकेका छन् र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूले समर्थन गरिसकेका छन् (सिवाकोटी, २०७३; पृ. १९४) । यस परियोजनालाई संयुक्त राष्ट्रसङ्घको साधारण सभा र सुरक्षा परिषदले समेत समर्थन गरेका छन् । सन् २०१४ देखि २०१६ सम्म चीनले यस परियोजनामा सङ्लग्न राष्ट्रहरूसँग तीन ट्रिलियन अमेरिकी डलर बराबरको व्यापार गऱ्यो भने ५० बिलियन डलर ती राष्ट्रहरूमा लगानीसमेत गरिसकेको छ । चीनले बीसवटा देशका ६० वटा आर्थिक सहकार्यका क्षेत्रहरू तोकेको छ । त्यस्ता क्षेत्रहरूबाट उसले एक विलियन डलर कर मात्रै उठाउने छ भने एक लाख असी हजारलाई रोजगारी दिने छ (Acharya & Gautam, 2016) । चीनले बीआरआईलाई आफ्नो प्रमुख एजेण्डाको रूपमा विश्वसामु प्रस्तुत गरेको छ । चीनले आफ्नो

प्रभाव सक्रिय रूपमा विस्तार गर्नका लागि उसले सिल्क रोडको माध्यमबाट आर्थिक र प्राविधिक सहयोगसहित बीआरआईलाई सफल बनाउन आफ्नो शक्ति प्रदर्शन गरिरहेको छ ( कुमेर, २०१७) । चीनले बीआरआईमार्फत विश्वमा शान्ति र स्थायित्व कायम राख्न प्राविधिक, आर्थिक, पूर्वाधार विकास, व्यापार लगानी र उर्जा विकासको लागि जोड दिएको पाइन्छ ।

सिल्क रोड पहिलो पटक हान राजवंश (२०६ ई.पू.) को समयमा २,१०० भन्दा बढी वर्ष पहिले चीनको शाही राजदूत झांग कियानले मध्य एसियाको दुई पटक भ्रमण गरेपछि प्रारम्भ भएको थियो । यसले पूर्व र पश्चिम जोड्ने पुलको रूपमा काम गर्दछ र मध्य एसिया र चीनभित्र व्यापार र संलग्नता फस्टाउन महत्त्वपूर्ण भूमिका खेलेको छ । लगभग दुई सहस्राब्दीदेखि मानिसहरूबिचको अनन्त मित्रताको अनगिन्ती कथाहरू यस पूरातन नेटवर्कमा बुनेका छन् । बेल्ट एण्ड रोड इनिसियटिभ (बीआरआई) चीनले अगाडि सारेको दीर्घकालीन र ठुला स्तरको विकास परियोजना हो । उच्च गतिको रेलमार्ग (बुलेट ट्रेन), सुपर हाइवे, अन्तर्राष्ट्रिय विद्युतीय प्रसारण लाइन (ग्रिड), पाइपलाइन र भण्डारण, जलविद्युत्, प्रविधि आदान - प्रदान, क्रस बोर्डर इकोनोमिक जोन, लगानी, सीमापार उद्यम, सुक्खा बन्दरगाह, बन्दरगाह, जलमार्ग र पर्यटन यसअन्तर्गत रहेका छन् ।

७ सेप्टेम्बर २०१३ मा काजकिस्तानको नजरबायेभ विश्वविद्यालयमा आयोजित भाषणमा चिनियाँ राष्ट्रपति सी जिनपिङले युरेसियाली आर्थिक सहयोग विस्तार गर्न नयाँ सिल्करोड इकोनोमिक बेल्ट निर्माण गर्ने प्रस्ताव राखेका थिए । उनले नीतिगत समन्वय, सडक सम्पर्क, निर्बाध व्यापार, मुद्रा परिवर्तनीयता र जनताबिचको घनिष्ठ सम्बन्धलाई प्रवर्द्धन गर्ने बीआरआईका पाँचवटा विषयवस्तुलाई जोड दिएका छन् । बीआरआई एक अन्तरमहाद्विपीय दीर्घकालीन नीति र लगानी कार्यक्रम हो जसको उद्देश्य पूर्वाधार विकास र गति ऐतिहासिक सिल्क रोडको मार्गमा रहेका देशहरूको आर्थिक एकीकरण । यस पहललाई सन् २०१३ मा चीनका राष्ट्रपति सी जिनपिङले अनावरण गरेका थिए र सन् २०१६ सम्म यसलाई ओबीओआर (वान बेल्ट वान रोड) भनेर चिनिन्थ्यो । २० मार्च २०१५ मा राष्ट्रिय विकास र सुधार आयोग (NDRC), परराष्ट्र मन्त्रालय (MOFA) र जन गणतन्त्रको वाणिज्य मन्त्रालय (MOFCOM) द्वारा बेल्ट एण्ड रोड इनिसिएटिभका लागि चीनको राज्य प्राधिकरणको साथै राज्य परिषद्को प्राधिकरणसँग आधिकारिक रूपरेखा जारी गरिएको थियो ।

बीआरआई चीनद्वारा अगि सारिएको भौतिक पूर्वाधार सम्बन्धी बृहत् परियोजना हो जसको उद्देश्य आर्थिक समृद्धि तथा बृहत् सीमापार कनेक्टिभिटी रहेको छ । चीनले यस

परियोजनलाई (सफ्ट पावर डिप्लोमेसी) नरम शक्ति कूटनीतिका रूपमा अगाडि बढाएको देखिन्छ । अध्येताहरूले यस परियोजनालाई चीनले अन्तर्राष्ट्रिय रूपमा आफ्नो प्रभाव विस्तार गर्न अगाडि बढाएको परियोजनाको रूपमा उल्लेख गरेका छन् । यस परियोजनाको मुख्य उद्देश्य एसिया, युरोप, अफ्रिकामा जमिन र समुद्र दुवै क्षेत्रबाट रेललगायत यातायात तथा कनेक्टिभिटीलाई अगाडि बढाउने त्यसका लागि आर्थिक तथा निर्माणमा जोड दिने गरेको छ । चीनले आफ्नो भूमिबाट बाहिरी दुनियाँमा प्रवेश गर्ने रणनीतिका रूपमा चिनियाँ मोडेलको आर्थिक विकासको नीतिलाई लागु गर्न बीआरआई परियोजना अगाडि बढाएको छ (Condapali & Xiaowen, 2017)।

चीनले OBOR अवधारणालाई विकसित गर्दै सन् २०१६ मा बीआरआई शब्दको प्रयोग गरेको हो । चीनले क्षेत्रिय सम्पर्क र समृद्धिका लागि एउटा उज्ज्वल भविष्य अङ्गाल्ने कार्यका रूपमा यस परियोजनालाई व्याख्या गरेको छ । भूराजनीतिक विज्ञहरूले बीआरआईलाई चीनको व्यापारिक सञ्जालमार्फत विश्वव्यापी प्रभुत्वका रूपमा हेरेका छन् । यस परियोजनामार्फत चीनले आफ्नो विश्वव्यापी ठुलो बजार विस्तारमा पारस्पारिक समझदारी र विकासको वातावरण निर्माण गर्दै पुँजी र प्रविधिको अधिकतम प्रयोग गर्दै विश्वको आविस्कार र प्रविधिलाई युग सुहाँउदो ढाँचामा प्रयोग गर्ने लक्ष्य लिएको छ (भण्डारी भानु, २०७९, भुराजनीति पृ. २३७) ।

नेपाल बीआरआईमा औपचारिक रूपमा सन् २०१७ बाट सहभागी भयो । नेपाल र चीन दुवै मुलुकले १२ मे २०१७ मा पाँच बुँदे सहमतिपत्रमा हस्ताक्षर गरे सो निम्नानुसार रहेको छः

१) आर्थिक विकासका लागि नीतिगत समन्वय गर्ने ।

२) सडक रेलवे जस्ता कनेक्टिभिटीलाई सुविधायुक्त बनाउने ।

३) सीमा क्षेत्रमा आर्थिक क्षेत्र, औद्योगिक पार्क, सुक्खा बन्दरगाह निर्माण तथा बलियो व्यापार पारवहन कनेक्टिभिटी ।

४) वित्तीय एकीकरणका लागि चिनियाँ बैङ्कको शाखा खोल्ने तथा चिनियाँ र नेपाली मुद्रामा भुक्तन गर्ने ।

५) जनस्तरको सम्बन्धलाई सुदृढ गर्ने, सञ्चार सम्बन्धमा विस्तार गर्ने, सांसद, सरकार तथा सरकारी अधिकारी र निजिक्षेत्रसँग सम्बन्ध विस्तार गर्ने (Tamang, 2021)।

यस सम्झौतासँगै औपचारिक रूपमा नेपाल बीआरआईमा सहभागी भए तापनि यस परियोजनालाई कार्यान्वयन गर्न नेपालले लामो समयसम्म कार्यान्वयनका लागि ठोस परियोजना

समेत चीनसँग प्रस्ताव गर्न सकेन । २०७२ सालमा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली चीन भ्रमण गएका बेला बीआरआई परियोजन अन्तर्गत नेपालले ३५ वटा प्रस्ताव चीनसमक्ष पेस गऱ्यो । नेपालको उक्त प्रस्तावमाथि चीनले असहमति जाहेर गर्दै नेपाललाई प्राथमिकताका आधारमा एक अङ्कमा घटाई परियोजना छनोट गरी पेस गर्न सुझाव दिइयो । चीनको सुझावअनुसार नेपालले निम्न ९ ओटा परियोजना चीनसमक्ष पेस गरेको छः

(१) रसुवागढी काठमाडौँ सडक स्तरोन्नति

(२) किमाथाशनका दिने सडक निर्माण

(३) दीपायलदेखि चीनको नाकासम्म जाने सडक निर्माण

(४) टोखा-विदुर (टनेलसहित) सडक निर्माण

(५) गल्छी-रसुवागढी-केरुङ ४०० के.भि. ट्रान्समिसन लाइन निर्माण

(६) केरुङ-काठमाडौँ रेल निर्माण सम्भाव्यता अध्ययन

(७) तमोर हाइड्रो परियोजना निर्माण

(८) फुकोट कर्णाली ४२६ के.भी. विद्युत् निर्माण

(९) मदन भण्डारी विश्वविद्यालय निर्माण

चीनसँग प्रस्ताव गरिएका उल्लेखित परियोजनाहरू हालसम्म पनि कार्यान्वयनमा ल्याउन ढिलासुस्ती भइरहेको छ । बीआरआई अन्तर्गतका परियोजनामात्र होइन । २०१६ मा नेपाल चीनबिच सम्पन्न व्यापार पारवहन सन्धिसमेत कार्यान्वयनमा आउन सकेको छैन । यसबारे नेपालले चीनलाई स्पष्ट जवाफ दिन सकेको देखिँदैन । यसको प्रमुख कारण भूराजनीतिक प्रभाव र दबाब हो भन्ने बुझ्न सकिन्छ www.ratopati.com/story/372455 ।

सन् २०१९ अक्टोबर १२-१३ चीनका राष्ट्रपति सी जिनपिङले नेपाल भ्रमण गरे । उक्त अवसरमा राष्ट्रपतिले बीआरआई कार्यान्वयनमा जोड दिएका थिए । तर उक्त परियोजन कार्यान्वयनमा ढिलासुस्ती भइरहेको देखिन्छ । मुख्यतः भूराजनीतिक दबाबका कारण नेपाल सरकार बीआरआई परियोजनालाई कार्यान्वयन गर्न ईच्छुक नदेखिएको हो कि भन्न सकिन्छ । परियोजनाहरू छनोट गर्दा राष्ट्रिय वहस नहुनु ऋण र अनुदान के हो प्रस्ट नहुनु र चीनले बीआरआईअन्तर्गतका परियोजनहरूलाई अनुदान नदिनु जस्ता कारणले गर्दा पनि ढिलासुस्ती भएको देखिन्छ । नेपालले आफ्नो आर्थिक पक्षलाई बेवास्ता गरी परियोजना छनोट गर्नु, ऋण लिएर परियोजना सञ्चालन गर्न नेपाल तयार नहुनु र चिनियाँ खराब ऋणले श्रीलङ्का जस्तो

बन्न सकिन्छ भन्ने भाष्यबाट नेपाल सरकार प्रभावित हुनुले पनि बीआरआई परियोजना कार्यान्वयनमा ढिलासुस्ती भएको देखिन्छ ।

**चित्र ६.१ विश्व संयन्त्रमा बीआरआई**




पूर्वाधार विकास अभियानको रूपमा बीआरआईको संरचनामा विश्वबजारमा अरबौ मानिसहरू आर्थिक रूपमा लाभान्वित हुने छन् । यसले विश्व राजनीति, सुरक्षा र अर्थतन्त्रमा गंभीर प्रभाव पार्ने छ । चीनको असाधारण आर्थिक वृद्धिका कारण चीनले विश्व व्यवस्थामा नै असर पार्ने देखिन्छ र बीआरआईमा सङ्लग्न राष्ट्रहरूलाई चीनले विशेष प्रभावमा पार्ने नै छ (Huffingtion Post, Jun 9, 2017) । बेल्ट एण्ड रोड इनिसियटिभ चीनद्वारा प्रस्तावित विश्वव्यापी परियोजना हो । नेपाल यसको सदस्य राष्ट्र भएको हुनाले सन् २०१७ मे १४-१५ मा यसको प्रथम अन्तर्राष्ट्रिय सम्मेलनमा नेपालले भाग लिएको थियो । उक्त सम्मेलनमा २९ जना राष्ट्रप्रमुख र ७० वटा अन्तर्राष्ट्रिय सङ्घ संस्थाहरूले भाग लिएका थिए । यसैगरी यसको दोस्रो अन्तर्राष्ट्रिय सम्मेलन अप्रिल २६-२७, २०१९ मा बेइजिङमा आयोजना गरिएको थियो । उक्त सम्मेलनमा चीनका राष्ट्रपति सी जिनपिङको निमन्त्रणामा नेपालका राष्ट्रपति विद्यादेवी भण्डारीले भाग लिएकी थिइन् । द राइजिङ नेपाल पत्रिकाकाअनुसार उक्त सम्मेलनमा १५० देशका ३७ राष्ट्रप्रमुख र ५०० जना प्रतिनिधिहरूले भाग लिएका थिए नेपाल-चीनका दुई राष्ट्रप्रमुखहरूबिच दुई पक्षीय हितका बारेमा विशेष कुराकानी भएको थियो र सम्मेलनको

समापनपछि जारी गरिएको १४ बुँदे घोषणापत्रमा नेपालको विकास तथा उन्नतिलाई उच्च प्राथमितामा राखिएको थियो (www.beltandroadforum.org) ।'

व्यक्तिगत परियोजनाहरूबाट सुरु गरी मौलिक सहकारीको दृष्टिकोणलाई प्रवर्द्धन गर्न ठुल ठुला क्षेत्रिय सहकारीलाई प्रोत्साहन गर्ने अपेक्षासहित बेल्ट एण्ड रोड इनिसियटिभको रूपरेखा प्रस्तुत गरिएको थियो । राष्ट्रपति सीले २०१३ अक्टोबर ३ (स्लाम, सफिकुंग र तांग, २०१६) मा इण्डोनेसियाको संसद्मा सम्बोधन गर्दै २१ औँ शताब्दीको सामुद्रिक सिल्क रोड संयुक्त रूपमा निर्माण गर्ने प्रस्ताव गरेका थिए । बीआरआई अमेरिकी मार्सल प्लानपछि विश्वको सबैभन्दा ठुलो र महत्त्वाकाङ्क्षी कार्यक्रम हो (अमेरिकाले दोस्रो विश्वयुद्धपछि युरोपेली देशहरूको पुनरुत्थान र पुनःनिर्माणका लागि मार्सल योजना खारेज गरेको थियो) ।

दोस्रो विश्वयुद्धले गम्भीर क्षति पुगेका युरोपियन देशहरूका औद्योगिक तथा सांस्कृतिक सहरहरूको पुनःनिर्माणका लागि अमेरिकाले सन् १९४८ अप्रिल ३ तारिखका दिन तत्कालीन अमेरिकन राष्ट्रपति ह्यारी ट्रमन (Harry Truman) ले मार्सल प्लानमा हस्ताक्षर गरेका थिए । हस्ताक्षरसँगै अमेरिकाले युरोपियन देशहरूको पुनःनिर्माणका लागि १५ बिलियन अमेरिकन डलर छुट्याई ४ वर्ष भित्र उक्त रकम लगानी गरी दोस्रो विश्वयुद्धले ध्वस्त बनाएका युरोपियन देशहरूको पुनःनिर्माण गरेको थियो । मुख्यतः यातायात पूवार्धार निर्माणः रेल, विद्युत्, सडक, पुल, विमानस्थल निर्माणमा विशेष जोड दिएको थियो । यो पुननिर्माणको लगानी र नेतृत्व अमेरिका स्वयम्ले गरेकाले अर्को शक्ति राष्ट्र रुसलाई युरोपियन राष्ट्रको पुनःनिर्माणमा सहभागी हुनबाट बञ्चित गरिएको थियो । अमेरिकन विदेश मन्त्रालयका तत्कालीन सचिव जर्ज सि मार्सल (George C Marshal) यस परियोजनाका परिकल्पनाकार भएकाले उनकै नामबाट यो परियोजना अमेरिकाले अगाडि बढाएको थियो । www.history.com/world-second/marshall-plan-1

चीनद्वारा अगाडि बढाइएको बीआरआई परियोजनाको उद्देश्य र लक्ष्य मार्सल प्लानको ठिक विपरीत रहेको देखिन्छ । सन् २०१३ मा अगाडि सारिएको बेल्ट एन्ड रोडको उद्देश्य आर्थिक समृद्धि तथा बृहत् सीमापार कनेक्टिभिटी रहेको छ । चीनले यस परियोजनालाई (सफ्ट पावर डिप्लोमेसी) नरम शक्ति कूटनीतिका रूपमा अगाडि बडाएको देखिन्छ । अध्येताहरूले यस परियोजनालाई चीनले अन्तर्राष्ट्रिय रूपमा आफ्नो प्रभाव विस्तार गर्न अगाडि बढाएको परियोजनाको रूपमा उल्लेख गरेका छन् । यस परियोजनाको मुख्य उद्देश्य एसिया, युरोप, अफ्रिकामा जमिन र समुद्र दुवै क्षेत्रबाट रेललगायत यातायात तथा कनेक्टिभिटीलाई अगाडि

बढाउने, त्यसका लागि आर्थिक तथा निर्माणमा जोड दिने रहेको छ । चीनले आफ्नो भूमिबाट बाहिरी दुनियाँमा प्रवेश गर्ने रणनीतिका रूपमा चिनियाँ मोडेलको आर्थिक विकासको नीतिलाई लागु गर्न बीआरआई परियोजना अगाडि बढाएको छ (Condapali & Xiaowen, 2017)।

अमेरिकाको मार्सल प्लान दोस्रो विश्वयुद्धद्वारा ध्वस्त गरिएका युरोपियन देशहरूका पुनःनिर्माणमा केन्द्रित थियो भने चीनले अगाडि सारेको बीआरआई परियोजना मुख्यतः भौतिक पूर्वाधार र आर्थिक विकासका सहकार्यमा केन्द्रित भएको देखिन्छ । सन् २००६-८ सम्मको आर्थिक मन्दी र त्यसले विश्वव्यापी रूपमा सिर्जना गरेका सङ्कटलाई टार्नका लागि चीनले बीआरआई परियोजना अगाडि बढाएको देखिन्छ । अमेरिकी मार्सल प्लान युद्धले ध्वस्त बनाएका देशहरूलाई आर्थिक अनुदान दिएर पुनःनिर्माणमा खर्च गरिएको थियो भने चीनद्वारा अगाडि बढाइएको बीआरआई परियोजना विश्वव्यापी रूपमा चिनियाँ ऋणमा सञ्चालित परियोजना हो । बीआरआई अन्तर्गतका परियोजनाहरू चिनियाँ ऋणमा सञ्चालित छन् । बीआरआई लागु गरेका कतिपय देशहरू मुख्यतः श्रीलङ्का, पाकिस्तान जस्ता देशहरूमा देखिएका समस्याहरूलाई चिनियाँ खराब ऋणको परिणाम भनेर आलोचना पनि गर्ने गरिन्छ । नेपालमा बीआरआई परियोजना लागु गर्न ढिलासुस्ती हुनुमा पनि यसतै मनोविज्ञानले काम गरेको देखिन्छ । मार्सल प्लान र बीआरआई फरक परियोजना र फरक उद्देश्यका साथ अगाडि बढाइएका परियोजना हुन् । बीआरआईलाई चीनले औद्योगीकरण सहरीकरण, व्यापार लगानीमा सहजीकरण, आर्थिक समृद्धिमा सहजीकरण गर्ने चिनियाँ नीति रहेको छ भने मार्सल प्लान दोस्रो विश्वयुद्धले क्षति पुऱ्याएका राष्ट्रहरूको पुनःनिर्माणमा केन्द्रित परियोजना थियो जसले युरोपमा अमेरिकी प्रभावलाई कयम राख्न सफल भयो । it.com/content/29dedffe-gatc-11e8-88de-49c908bif264

बीआरआई र मार्सल प्लानबिच आधारभूत भिन्नता रहे तापनि कतिपय उद्देश्यहरूमा निम्नानुसारका समान तापनिदेखिन्छः

### (१) निर्यात बढाउने

दोस्रो विश्वयुद्धमा विजयी अमेरिकाको औद्योगिक विकास बलियो बन्यो । मार्सल प्लानमार्फत अमेरिकाले युरोपको पुनःनिर्माण गऱ्यो भने अमेरिकी उत्पादनलाई निर्यात गर्ने तथा युद्धग्रस्त क्षेत्रहरूमा अमेरिकी लगानी वृद्धि गऱ्यो । चीनले सन् २००६-८ मा देखा परेको विश्वव्यापी आर्थिक मन्दी र त्यसले सिर्जना गरेका वित्तीय सङ्कटलाई समाधान गर्न चिनियाँ

बजारलाई विस्तार गर्न बीआरआईमार्फत विश्वव्यापी व्यापारिक मार्ग निर्माण गरी आफ्नो प्रभाव विस्तार गर्ने उद्देश्य लिएको देखिन्छ ।

### (२) मुद्राको निर्यात

मार्सल प्लानमार्फत युरोपमा निर्यात गरिएकार सम्पूर्ण अमेरिकन सामानहरू अमेरिकन डलरमा खरिद गर्दा अनुदानको व्यवस्था गरी आफ्नो डलरको प्रभाव बढाउने योजना अमेरिकाको देखिन्छ भने बीआरआईमार्फत चिनियाँ मुद्रा आरएमबिको प्रयोग बढाएर अन्तर्राष्ट्रिय रूपमा डलरलाई चुनौती दिन खोजेको देखिन्छ ।

### (३) प्रतिद्वन्द्विता

अमेरिकाले युरोपमा मार्सल प्लानमार्फत पुँजीवादको श्रेष्ठता स्थापित गर्न कोसिस गऱ्यो । त्यसका लागि उसले साम्यवादी चेतनालाई रोक्न तत्कालीन सोभियत सङ्घलाई युरोपको पुनःनिर्माणमा राख्यो । यसतैगरी चीनले बीआरआईमार्फत आन्तर्राष्ट्रिय रूपमा अमेरिकासँग प्रतिस्पर्धा गर्न खोजेको छ । त्यसका लागि उसले एसिया प्यासिफिक क्षेत्रमा आफुलाई केन्द्रित गर्दै छ ।

### (४) रणनीतिक विभाजन

अमेरिकाले जर्मनीलाई सोभियत ब्लकमा नजाओस् भनी मर्सल प्लानमार्फत रोक्ने कोसिस गऱ्यो तर त्यो सम्भव भएन । अन्ततः अमेरिकाकै कारण जर्मन पूर्वी र पश्चिम जर्मनमा विभाजित हुन पुग्यो । यसैगरी बीआरआईमार्फत चीनले अमेरिका र जापानको नेतृत्वमा रहेको एपेक राष्ट्रहरूको सङ्गठनलाई विभाजित गर्न त्यसमा संलग्न राष्ट्रहरूसँग एकता र साझेदारी अगाडि बढाई एपेकको महत्त्वलाई कमजोर बनाउन खोजेको देखिन्छ । www.nature.com/articles/s41599-018-007=9

यसरी तुलनात्मक रूपमा हेर्दा मार्सल प्लान युरोपको पुनःनिर्माणमा केन्द्रित थियो भने चीनको बीआरआई परियोजना विश्वव्यापी बिशाल बजार निर्माणका लागि सहज पहुँच तथा प्रविधि केन्द्रित व्यापारिक सञ्जाल निर्माण गरी विश्वव्यापी रूपमा आफ्नो प्रभूत्व विस्तार गर्नु चिनियाँ उद्देश्य रहेको देखिन्छ ।

BRI ले BRI क्षेत्रका देशहरूसँग मिलेर समृद्ध सिल्क रोड इकोनोमिक बेल्ट र २१ औँ शताब्दीको सामुद्रिक सिल्क रोड निर्माण गर्ने लक्ष्य राखेको छ । यस पहलमा अहिले लगभग

४.६ बिलियन (विश्व जनसङ्ख्याको ६२ प्रतिशत), विश्वव्यापी भूमिक्षेत्रको (४० प्रतिशत) र कुल ३१ प्रतिशत जनसङ्ख्या भएका १४६ देशहरू समावेश छन् । चीनले नीति, पूर्वाधार, व्यापार, वित्तीय र जनता-जनताबिच सम्पर्क हासिल गर्ने आशा राखेको छ । कनेक्टिभिटीका लागि मुख्य च्यानलहरू र प्रमुख परियोजनाहरूमा ध्यान केन्द्रित गर्ने गरी पूर्वाधार, उत्पादन क्षमता, व्यापार र वित्त, ऊर्जा र वातावरण र गरिबी न्यूनीकरणलगायतका क्षेत्रमा व्यापक मानकीकरण सहयोग गर्ने; मानकीकरण रणनीति, नीति, उपाय र परियोजनाहरूको समन्वय प्रवर्द्धन गर्ने; मानकीकरण अनुसन्धान, विकास, आदान-प्रदान, अन्तर अनुवाद प्रवर्द्धन पारस्परिक मान्यता, सामञ्जस्य र पदोन्नति गर्ने; विभिन्न देशहरूका मापदण्डहरूबिच अनुकुलता प्राप्त गर्न प्रयास गर्ने र बेल्ट एण्ड रोड इनिसिएटिभ निर्माणका लागि संयुक्त प्रयाससहित चिनियाँ मानकीकरणको नयाँ छवि स्थापित गर्ने हो ।

बेल्ट एण्ड रोड इनिसियटिभ (बीआरआई) चीनले अगाडि सारेको लामो र बृहत् विकास परियोजना हो । सन् २०४९ मा चिनियाँ कम्युनिष्ट पार्टीले चीनमा १०० वर्ष शासन गर्दा यो चक्र पूरा हुने छ । यसलाई चिनियाँ सपना (Chinese Dream) पनि भनिन्छ । बीआरआईका मुलतत्वहरू हाई स्पिड रेलवे (बुलेट ट्रेन), सुपर हाइवे, अन्तर्राष्ट्रिय विद्युतीय प्रसारण लाइन (ग्रिड), पाइपलाइन र भण्डारण जलविद्युत्, प्रविधि आदान-प्रदान, क्रस बोर्डर इकोनोमिक जोन, लगानी, सीमापार उद्यम, सुक्खा बन्दरगाह हुन । समुद्री बन्दरगाह, जलमार्ग र पर्यटन प्रवर्द्धन यसको रूपरेखा अन्तर्गत पर्दछन् । बीआरआईले चीनको बढ्दो उत्सर्जन, आर्थिक विकास र समृद्धि मात्र होइन महाशक्तिमा परिणत हुने सङ्केत पनि गर्दछ (गिरी, २०२२) । आधिकारिक जानकारीअनुसार सन् २०२२ को मार्च महिनामा १४९ देश र ३२ अन्तर्राष्ट्रिय संस्थाहरूले २०२२ भित्र बीआरआईका लागि सहयोग सम्झौतामा हस्ताक्षर गरेका थिए । देश र संस्थाहरूलाई बीआरआईमा सामेल हुनका लागि चीन र सम्बन्धित देश वा संस्थाहरूले समझदारी पत्र (एमओयु) मा हस्ताक्षर गरेका थिए । आधिकारिक चिनियाँ मिडिया (www.yidaiyilu.gov.cn) मा सूचीबद्ध धेरै देशहरू छन्, जसले बेल्ट एण्ड रोड इनिसिएटिभ ढाँचा अन्तर्गत सहयोगका लागि पूर्ण समभ्दारीपत्र (एमओयु) मा हस्ताक्षर गरेको पुष्टि गरेन ।

## ६.३ बीआरआई र संलग्न संस्थाहरू

अनुमानित अमेरिकी ४देखि ८ ट्रिलियन डलरको बीआरआई परियोजनाको कुल रकम पूर्ण रूपमा लगानी गर्न बीआरआई बन्ड, निजी पुँजी लगानी र सार्वजनिक निजी साझेदारी (PPP) जस्ता विविध कोषका माध्यमहरूबाट यसमा सफलता प्राप्त हुने अपेक्षा गरिएको छ । राज्यको स्वामित्वमा रहेको उद्यम (SOE) को लगानी पनि यस कार्यमा अति महत्त्वपूर्ण हुनेछ । यसका लागि निम्नअनुसारको पहलको कोष रहने छ र बेल्ट एण्ड रोड इनिसिएटिभको कोषलाई विभिन्न संस्थागत संयन्त्रहरूद्वारा सुरक्षित गरिने छ । जस्तैः

**(१) नीति बैङ्कहरू**

चीनको कृषि विकास बैङ्क (ADBC)

चाइना डेभलपमेन्ट बैङ्क (CDB)

चीनको निर्यात आयात बैङ्क (CHEXIMB)

**(२) राज्यको स्वामित्वमा रहेका बैङ्कहरू**

चीनको कृषि बैङ्क (ABC)

बैङ्क अफ चाइना (BOC)

चाइना कन्स्ट्रक्सन् बैङ्क (CCB)

चीनको औद्योगिक तथा वाणिज्य बैङ्क (ICBC)

**(३) राज्य स्वामित्व कोष (SOF)**

चाइना इन्भेस्टमेन्ट कर्पोरेसन (CIC)

सिल्करोड कोष (SRF)

**(४) अन्तर्राष्ट्रिय वित्तीय संस्था (IMF)**

एसियाली विकास बैङ्क (ADB)

एसियाली पूर्वाधार लगानी बैङ्क (AIIB)

नयाँ विकास बैङ्क (NDB)

परराष्ट्रमन्त्री प्रदीप ज्ञवाली (सन् २०१९) काअनुसार बेइजिङमा राष्ट्रपति भण्डारीको उपस्थितिमा नेपाल र चीनबिच व्यापार तथा पारवहन सम्बन्धी प्रोटोकलमा हस्ताक्षर भएको

हो । दुवै एक-अर्कासँग जोडिएका छन् । यातायातको संयन्त्रको विकास र विस्तार विना व्यवहारमा प्रोटोकलहरू लागु गर्न सकिँदैन र प्रोटोकल विना सुक्खा बन्दरगाह र बन्दरगाहको अधिकार सुनिश्चित गर्न सकिँदैन । हिमालयन क्रस बोर्डर कोअपरेसन नेपालको प्रस्ताव थियो र यसको ढाँचामा ६ प्रमुख मुद्दाहरू समावेश छन्: (१) क्रस बोर्डर रेलवे (२) क्रस बोर्डर रोडवे (३) उड्डयन (४) सूचना प्रणाली (अप्टिकल फाइबरसहित) (५) बन्दरगाह सुक्खा बन्दरगाहसहित) र (६) जनतासँगको सम्बन्धको विकास । एमओयुमा गल्छी (धादिङ) देखि तिब्बतको सीमाना रसुवागढीसम्म विद्युत् प्रसारण लाइन विस्तारको आयोजना पनि समावेश छ ।

नेपालको सम्दर्भमा, बीआरआई फ्रेमवर्क प्याकृजमा नेपाल चीन रेलवे, अन्तरदेशीय विद्युत् प्रसारण लाइन, इन्धन पाइपलाइन, सीमापार आर्थिक क्षेत्र, प्रविधि हस्तान्तरण, कृषि, आाधुनिकीकरण, पर्यटक  प्रवर्द्धन, डिजिटल कनेक्टिभिटी (दुरसञ्चार, इन्टरनेट) जस्ता कुराहरू समावेश छन् । यद्यपि नेपालमा बीआरआईलाई सामान्यतया चीनसँगको कनेक्टिभिटी भनेर बुझिन्छ । विशेषगरी गरी बीआरआई नेपालदेखि चीन तिब्बत स्वायत्त क्षेत्रसम्मको रेलवे जडानसँग जोडिएको छ किनभने त्यहाँ पहिले नै नेपाललाई चीनसँग जोड्ने सडकमार्गहरू छन् । बीआरआईले चीनसँगमात्रै नभई त्यसभन्दा बाहिर पनि बीआरआई ग्लोबल नेटवर्कमार्फत फराकिलो विश्वलाई जोड्ने नेपालको प्रमुख चासो रहेको छ । बीआरआई आर्थिक वृद्धि र विकासको वैकल्पिक स्रोत हो किनभने चीन र भारत अर्को विश्वव्यापी शक्ति बन्न उदाइरहेका छन् । भारत प्रतिको एकतर्फी निर्भरता र व्यापारको विविधीकरणका कारण नेपाल बीआरआईसँग जोडिएको छ । यसका विपरीत उनीहरूले भारतविना बीआरआई नेपालका लागि कम फाइदाजनक हुने कुरामा सहमति जनाए (गिरी, २०२२) ।  बेइजिङमा राष्ट्रपति भण्डारी र उहाँका चिनियाँ समकक्षी सी चीनफिङबिच ग्रेट हल अफ द पिपुलमा प्रतिनिधि मण्डलस्तरीय वार्तापछि पारवहन तथा यातायातसम्बन्धी सम्झौता कार्यान्वयन गर्ने  सम्बन्धी प्रोटोकल र अन्य छवटा सम्झौतामा हस्ताक्षर भएको हो । सम्झौतामा नेपालका तर्फबाट परराष्ट्रमन्त्री प्रदीप ज्ञवाली र चीनका यातायातमन्त्री ली सियाओ पेङले हस्ताक्षर गरेका छन् ।

उक्त प्रोटोकलमा हस्ताक्षरभएपछि नेपालले तेस्रो देशको आयातका लागि चारवटा चिनियाँ बन्दरगाहहरूमध्ये तियान्जिन, सेन्जेन, ल्यानयुङगाङ र झान्जियाङसमेतका तीनवटा भूमि बन्दरगाहहरू (लान्झाउ, ल्हाला र  सिगात्से) प्रयोग गर्न सम्भव बनाउँछ । यसले नेपाल र चीनबिच ओलाङचुङगोला, किमाथान्का, तातोपानी (कोदारी), रसुवागढी, नेचुङ (कोरला), हिल्सा (गिरी, २०१९) जस्ता  छवटा ट्रान्जिट प्वाइन्टबाट नेपाललाई निर्यात गर्न अनुमति दिएको छ ।

परराष्ट्रमन्त्री प्रदीप ज्ञवाली (सन् २०१९) काअनुसार बेइजिङमा राष्ट्रपति भण्डारीको उपस्थितिमा नेपाल र चीनबिच व्यापार र तथा पारवहनसम्बन्धी प्रोटोकलमा हस्ताक्षर भएको हो । नेपाल र चीन दुवै एक-अर्कासँग जोडिएका छन् । यातायात संयन्त्रको विकास र विस्तार विना व्यवहारमा प्रोटोकलहरू लागु गर्न सकिँदैन र प्रोटोकलविना, सुक्खा बन्दरगाह र बन्दरगाहको अधिकार सुनिश्चित गर्न सकिँदैन । हिमालयन क्रस बोर्डर कोअपरेसन् नेपालको प्रस्ताव थियो र यसको ढाँचामा ६ प्रमुख मुद्दाहरू समावेश छन्: (१) क्रस बोर्डर रेलवे, (२) क्रस बोर्डर रोडवे, (३) उड्डयन, (४) सूचना प्रणाली (अप्टिकल फाइबरसहित), (५) बन्दरगाह सुक्खा बन्दरगाहसहित) र (६) जनतासँगको सम्बन्धको विकास । समझदारी पत्रमा गल्छी ( धादिङ) देखि तिब्बतको सीमाना रसुवागढीसम्म विद्युत् प्रसारण लाइन विस्तारको आयोजना पनि समावेश छ । नेपालको सन्दर्भमा बीआरआई फ्रेमवर्क प्याकेजमा नेपाल चीन रेलवे, अन्तरदेशीय विद्युत् प्रसारण लाइन, इन्धन, पाइप लाइन, सीमापार आर्थिक क्षेत्र, प्रविधि हस्तान्तरण, कृषि आधुनिकिकरण, पर्यटन प्रवर्द्धन, डिजिटल कनेन्टिभिटी (दूरसञ्चार, इन्टरनेट) जस्ता कुराहरू समावेश छन् । यद्यपि नेपालमा बीआरआईलाई सामान्यतया चीनसँगको कनेक्टिभिटी भनेर बुझिन्छ । विशेषगरी बीआरआई नेपालदेखि चीन (तिब्बत स्वायत्त क्षेत्र) सम्मको रेलवे जडानसँग जोडिएको छ किनभने त्यहाँ पहिले नै नेपाललाई चीनसँग जोड्ने सडकमार्गहरू विद्यमान छन् ।

नेपालका पाँचवटा राष्ट्रिय राजनीतिक दलबिच बीआरआईबारे फरक फरक समझदारी भए तापनि बीआरआईले चीन र भारतलाई जोड्ने हो भने नेपालका लागि फाइदाजनक हुने उनीहरूको साझा धारणा छ । नेपालको कनेक्टिभिटी, आर्थिक वृद्धि, विकास, स्वयत्तता र भूराजनीतिक वाधाहरू विरुद्ध लचिलोपनको आवश्यकता पूरा गर्न बीआरआईलाई श्रेय दिईएको छ । बीआरआई चीनसँगमात्रै नभई त्यसभन्दा बाहिर पनि बीआरआईको ग्लोबल नेटवर्कमार्फत फराकिलो विश्वलाई जोड्ने नेपालको प्रमुख चासो रहेको छ । बीआरआई आर्थिक वृद्धि र विकासको वैकल्पिक स्रोत हो किनभने चीन र भारत अर्को विश्वव्यापी शक्तिमन रूपमा उदाइरहेका छन् । भारत प्रतिको एकतर्फी निर्भरता र व्यापारको विविधीकरणका कारण नेपाल बीआरआईसँग जोडिएको छ । यसका विपरीत उनीहरूले भारतविना बीआरआई नेपालकालागि कम फाइदाजनक हुने कुरामा सहमति जनाए (गिरी, २०२२) । चीनले अघि सारेको बेल्ट एण्ड रोड इनिसियटिभ (बीआरआई) परियोजना नेपालको विकास र समृद्धिको लागि वैकल्पिक स्रोत हुनसक्ने बुझाइ नेपालका मुख्य राजनीतिक दलहरूको छ । भारतसँग मात्र निर्भर नेपालको अर्थतन्त्रलाई अझ फराकिलो बनाउँदै चीनभएर नेपालले आफ्नो व्यापारिक पहुँच मध्यपूर्वदेखि

पूर्वी एसियासम्म फैलिन सक्छ भन्ने बुझाइकासाथ नेपालका राजनीतिक दलहरूले बीआरआइलाई सैद्धान्तिक रूपमा स्वीकार गरेका हुन् ।

सैद्धान्तिक रूपमा बीआरआईलाई प्रायः सबै राष्ट्रिय राजनीतिक दलहरूले स्वीकार गरेको अवस्था छ । त्यसमा पनि तत्कालीन नेकपा (अहिले एमाले र माओवादी केन्द्र) र अन्य वामपन्थी दलहरू बीआरआईप्रति बढी सकारात्क शक्तिहरू हुन् । यद्यपि बीआरआईभित्रका केही विषयवस्तुहरूमा भने आलोचनात्मक मत राख्ने राजनीतिक दल र अरू समूह पनि छन् । बीआरआइमा फरक मत राख्ने वा समर्थन गर्ने दलहरू दुवैको साझा बुझाइ के छ भने चीन र भारत दुवैलाई जोड्न सक्ने अर्थात् नेपाललाई 'ट्रान्जिट प्वाइन्ट' बनाउने गरी त्रिदेशीय साझेदारीको आधार निर्माण हुने रेलमार्ग वा कोरिडोरहरू नेपालको लागि लाभदायक छन् (Giri, 2022) । नेपालमा बीआरआई भनेको यातायातको सञ्जाललाई मात्र बढी मात्रामा बुझियो । अझ त्यसमा पनि नेपालभित्र बीआरआई भन्ने बित्तिकै केरुङ-काठमाडौँ-पोखरा-लुम्बिनी रेलमार्ग मात्र हो भन्ने जसरी बहस हुने गरेको छ । धेरैजसो बहस केरुङ-काठमाडौँ रेलमार्गको विषयलाई केन्द्रमा राखेर भएका छन् । तर बीआरआईको फ्रेमवर्कभित्र यति धेरै विषयवस्तुहरू छन् कि जसमा बहस हुन बाँकी नैदेखिन्छ ।

## ६.४ बीआरआईका अन्तर्वस्तु

बीआरआइको फ्रेमवर्कभित्र पाँचवटा सैद्धान्तिक सहकार्यका क्षेत्रहरू समावेश छन् । पहिलो बुँदामा नीतिगत आदान-प्रदान, दोस्रोमा पूर्वाधारहरूको अन्तरसञ्जाल, तेस्रोमा व्यापार अन्तरसञ्जाल, चौथोमा वित्तीय संयोजन र पाँचौमा जनस्तरमा सम्पर्क छन् । यस फ्रेमअन्तर्गत सीमापार रेलमार्ग, सडकमार्ग, अन्तरदेशीय पेट्रोलियम पाइपलाइन, उर्जा सञ्जाल, सीमापार विद्युतीय ट्रान्समिसन लाइन, हाइड्रो पावर, सीमापार इकोनोमिक जोन, औद्योगिक पार्क, सेज, कृषिको आधुनिकीकरण, उड्डयन, भन्सार सहजीकरण, भन्सारमा संयुक्त जाँच चौकी, क्वारेन्टाइन, स्वतन्त्र व्यापार जस्ता क्षेत्रहरू पर्दछन् । त्यति मात्र होइन बीआरआइको फ्रेमभित्र लगानी, पर्यटन, राष्ट्रिय मुद्राको प्रयोग, सांस्कृतिक आदान-प्रदान, सहरहरूबिचको भगिनी सम्बन्ध स्थापना, सञ्चार माध्यम, शिक्षा, स्वास्थ्य, संस्कृति, कला, जैविक विधिता संरक्षण, गरिबी निवारण, जनकल्याण जस्ता सहकार्यका क्षेत्रहरूलाई समेत समावेश गरिएको छ । विकासका संयुक्त योजना निर्माण, आर्थिक तथा प्राविधिक आदान-प्रदान र सहयोगका साथै ज्ञानको साझेदारी, संयुक्त अनुसन्धान, तालिम, कर्मचारी आदान-प्रदान, सूचना साझादारीको लागि विभिन्न तहमा साझा मञ्चको स्थापना, पारदर्शिता अभिवृद्धिजस्ता बुँदाहरू यसमा

अटाएका छन् । हुँदा-हुँदा दुईपक्षीय राजनीतिक भ्रमणहरूलाई समेत बीआरआईको फ्रेमभित्र राखिएको छ । नेपालभित्र प्राथकितामा रेलमार्ग वा सडकमार्ग भन्ने दुई थरी विचारधारामा केन्द्रित भएर बहस हुने गरेको छ । अझ केरुङ-काठमाडौं रेलमार्गमा चिनियाँ सफ्ट लोन ल्याउने कि नल्याउने भनेर बहस पनि हुने गरेको छ ।

२०७४ साल पुष ४ गते ताजा जनादेशबाट प्रमुख राजनीतिक दलको हैसियतमा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले चीनको सीमानाका रसुवागढी पुगेर भनेका थिए: “यहीँबाट रेल गुड्छ ।” करिब दुई तिहाइ सिट जितेको वाम गठबन्धनका तर्फबाट चाँडै सरकारको नेतृत्व गर्ने तयारीमा रहेका ओलीले आफ्नो रेलमार्गलाई प्राथमिकता दिने विचारधाराअनुसार प्राथमिकता सूचीको पहिलो नम्बरमा नेपालमा रेल भित्र्याउने योजनालाई राखेका थिए । तर चिनियाँ राष्ट्रपति सी जिनपिङको नेपाल भ्रमणको अवसरमा भने तत्कालीन प्रधानमन्त्री ओलीले रेलमार्गलाई भन्दा सडकमार्गलाई प्राथमिकतामा राखेर वार्ता गरे । नेकपाको गठनसँगै २०७५ सालमा तयार गरिएकोप्रतिवेदनमा बीआआइलाई अमेरिका र युरोपबाट पावर एसियातिर सिफ्ट गराउने परियोजनाको रूपमा व्याख्या गरिएको छ । नेपालले चीनसँगको व्यापारघाटा कम गर्न उत्पादन बढाउने र चिनियाँ पर्यटक धान्न सक्ने पूर्वाधार बनाउने हो भने केरुङ-काठमाडौं रेलमार्ग घाटामा पनि जाँदैन । बरु यो रेलमार्गले नेपालका लागि मध्यपूर्वदेखि पूर्वीएसियासम्म ढोका खोल्ने छ । रेलमार्ग वातावरणमैत्री पनि भएकोले यो विकास र समृद्धिको कोसेढुङ्गा हो भन्ने बुझाइ यो विचारधारा राख्नेहरूको छ । यसका साथै नेपाल-चीनलाई जोड्ने सडकमार्गलाई प्राथमिकता दिने विचारधारा राख्ने राजनीतिक दलहरू र बुद्धिजीवीहरू रेलमार्गले भूराजनीतिक जोखिम मोल्ने ठान्छन् । एक छिमेकीसँग सहकार्य गर्दा अर्को छिमेकीसँगको सम्बन्धमा सन्तुलन बिग्रिनुहुँदैन (पौडेल, व्यक्तिगत कुराकानी, साउन ६, २०७९) ।

भारतको सुरक्षा चिन्तालाई ख्याल गर्दै उसको कम चासो भएका सडकसञ्जाल, चिनियाँ लगानी तथा ऊर्जा सञ्जाललाई प्राथमिकतामा राख्दा नेपालको हित हुन्छ भन्ने यो विचारधारा मान्नेहरूको छ । यसमा पनि केहीको मतभिन्नता छ छँदै छ । जो बीआरआइ परियोजना नेपालमा ल्याउनु हुँदैन भन्नेहरू पनि छन् । तर त्यो सङ्ख्या एकदमै सानो घेरामा सीमित छ ( मास्के, व्यक्तिगत कुराकानी, साउन १३, २०७९) । भारतको सहभागिता वा सहमतिमा बन्ने बीआरआइ परियोजनाले मात्र नेपाललाई ‘ट्रान्जिट प्वाइन्ट’ बनाउन सक्ने यो विचारधारा मान्नेहरूमा पाइन्छ । अर्कातिर जटिल भूगोल, भूकम्पीय दृष्टिकोणबाट जोखिम रहेको हिमालय वारपार रेलमार्ग प्राविधिक रूपमा बनाउन सकिने वा नसकिने भन्ने कुराको निर्धारण रेलमार्गको डीपीआरपछि मात्र चर्चा गर्नु उपयुक्त हुन्छ । अहिले नै त्यसमा बहसमा अलमल गर्नुहुँदैन भन्ने

मत पनि छ । यो विचारधारा मान्नेहरू बीआरआई ऋणको पासो बन्ने, परियोजनामा पारदर्शिता नहुने, दिगो विकास नहुने, आर्थिकभन्दा पनि राजनीति र सामरिक उद्देश्य बढीदेखिने, नेपाललाई चीनको औपनेविशक राष्ट्र बनाउने, नेपालको चीनसँग व्यापार घाटा बढ्ने, नेपाल झन् चीनसँग निर्भर हुँदै जाने जस्ता अमेरिका, भारत, जापान र कतिपय युरोपेली देशहरूले उठाउँदै आएका प्रश्नहरूमा सहमत देखिन्छन् ।

सङ्ग्रौला (२०७९ साउन ८ गते लिइएको अन्तर्वार्ता) का विचारमा दक्षिण एसियामा पाकिस्तान र भारतबिच झगडा कायमै छ । झगडाकै बिच उनीहरू जन्मेका हुन् । चीन र भारतकोबिचमा पनि झगडा छ । चीनले नेपालबाट तिब्बतविरोधी गतिविधि हुन्छ कि भन्ने सोचेको छ भने भारतले नेपाल हुँदै इस्लामिक आतङ्ककारी आउने हुनकि भन्ने चिन्ता गरेको पाइन्छ । उहाँकाअनुसार 'श्रीलङ्कामा आर्थिक राजनीतिक सङ्कट छ । त्यसैले दक्षिण एसियाको परिस्थिति त्यति अनुकुल छैन । भूगोल परिवर्तन गर्न सक्दैनौँ । भारत, अफगानिस्तान र पाकिस्तान हामी सबै यहीँ रहने हो । दक्षिण एसिया अनिश्चित परिस्थितिमा छ ।' त्यस्तै जयसवालसँग २०७९ साउन ७ गते लिइएको अन्तर्वातामा उनले भनेका छन्:

'भूराजनीति नेपालको लागि प्रमुख चुनौती हो । नेपालमा चीनको बढ्दो सक्रियतामा भारत बढी सशङ्कित हुन्छ । भारत र अमेरिका नेपालमा चीनको सक्रियतालाई रुचाउँदैनन् । त्यसैले नेपालले भारतलाई आश्वस्त पारेर चीनको सहयोग लिन आवश्यक छ ।' उनी अझै जोड दिन्छन्: अमेरिकालाई चीनसँग नेपालको सम्बन्ध केवल आर्थिक सम्बन्धमा केन्द्रित छ, राजनीतिक रूपमा नेपाल प्रजातान्त्रिक देश हो भन्ने स्पष्ट पार्नु आवश्यक छ । चीन कम्युनिष्ट देश हो । त्यसैले नेपालको सम्बन्ध आर्थिक क्षेत्रमा मात्र हो भन्ने विश्वास अमेरिकालाई दिलाउन सक्नुपर्दछ । यो भूराजनीतिक समस्यालाई ध्यानमा राखेर नेपालले आफूलाई अगाडि बढाउनुपर्दछ ।

यस योजनाअनुसार बीआरआई विश्वको सबैभन्दा लामो आर्थिक करिडोर बन्ने छ र पूर्वको एसिया प्रशान्त क्षेत्रलाई पश्चिममा विकसित युरोपेली अर्थतन्त्रसँग जोड्ने सम्भावित सबैभन्दा गतिशील हुने छ । ठुला ठुला क्षेत्रिय सहकारी विकासलाई प्रोत्साहन गर्ने अपेक्षा गरिएका व्यक्तिगत परियोजनाहरूबाट सुरु गरी मौलिक सहकारी दृष्टिकोणको रूपरेखा निर्माण गरिएको थियो । राष्ट्रपति सीले नीतिगत समन्वय, सडक सञ्जाल, निर्बाध व्यापार, मुद्रा परिवर्तनीयता प्रवर्द्धन गर्दै बीआरआईका पाँचवटा विषयहरू प्रस्तुत गरेका छन् । सिल्क रोड इकोनोमिक बेल्टलाई नयाँ परराष्ट्रनीतिको पहलको रूपमा पुनर्जीवित गर्ने विचारले युरेसियाभरि

अन्तर्राष्ट्रिय सहयोग र संयुक्त विकासलाई बढावा दिने लक्ष्य राखेको छ । त्यसपछि चिनियाँ प्रधानमन्त्री ली खछ्याङले सन्‌ २०१३ मा सम्पन्न एसिया प्रशान्त आर्थिक सहयोग शिखर सम्मेलन र पूर्वी एसिया शिखर सम्मेलनमा सोही पहल दोहोऱ्याएका थिए । त्यसबेलादेखि आधुनिक भूभाग र २१ औँ शताब्दीको सामुद्रिक सिल्क रुटको स्थापना चिनियाँ कम्युनिष्ट पार्टीद्वारा अनुमोदित विदेशनीतिको प्रमुख हिस्सा बनेको छ ।

## ६.५ राष्ट्रसङ्घ र बीआरआई

नयाँ युरेसियन ल्याण्ड ब्रिज, चीन-मंगोलिया-रसिया, चीन-मध्य एसिया-पश्चिम एसिया, इन्डो-चीन प्रायःद्वीप, चीन-पाकिस्तान आर्थिक करिडोर (CPEC) र बङ्गलादेश-चीन-भारत-सहित छवटा प्रमुख आर्थिक करिडोरको विकास म्यानमार (BCIM) र ट्रान्स-हिमालय बहुआयामिक कनेक्टिभिटीसहित रेलवे जसलाई चीन-नेपाल-भारत आर्थिक करिडोर (CNIEC) को रूपमा परिभाषित गर्न सकिन्छ । यसले भारतको सबैभन्दा धेरै जनसङ्ख्या भएका राज्यहरू जस्तै बिहार र उत्तर प्रदेशलाई नेपाल हुँदै जोड्छ । क्षेत्रिय पूर्वाधार तथा संरचनाको विकासमार्फत विश्वमा समझदारी तथा आपसी सद्भाव विकास गराउने बीआरआई चीनद्वारा प्रस्तावित विश्वको सबैभन्दा ठुलो आयोजना हो । यस आयोजनालाई राष्ट्रसङ्घले राष्ट्रसङ्घीय विकास आयोजनाको रूपमा समेत अनुमोदन गरेको छ । बीआरआई र राष्ट्रसङ्घीय परियोजनाबिच सहकार्य गरी अगाडि बढ्नका लागि सन् २०१६ सेप्टेम्बरमा राष्ट्रसङ्घीय विकास आयोजना र जनवादी गणतन्त्र चीन सरकारबिच समझदारीपत्रमा हस्ताक्षर भएको थियो । यस समझदारीसँगै बीआरआई आयोजनाले सन् २०३० सम्मका लागि राष्ट्रसङ्घद्वारा घोषणा गरिएको सहस्राब्दी दिगो विकास कार्यक्रमलाई यसको एक महत्त्वपूर्ण अङ्गका रूपमा सहयोग पुऱ्याउने छ । बीआरआई र राष्ट्रसङ्घीय विकास नियोगबिच सन् २०१७ को मे मा विस्तृत कार्य योजना तयार भएको छ (सङ्ग्रौला, २०१८) । 'अमेरिका-चीनबिचको विकसित सम्बन्धले एकातिर विश्वव्यापी आर्थिक मन्दीको सृजना गरेको छ भने अर्कातिर नयाँ शीतयुद्धको वातावरण तयार गरेको छ । यस्तो रणनीतिक प्रतिस्पर्धाले दुई महाशक्तिबिच स्थायी शत्रुताको विकास हुने छ र विश्व समुदायका लागि खतराको सङ्केत हुने छ' (भण्डारी, २०७९; पृ.३४१) ।

यसैगरी सन् २०१७ मे १४-१५ मा चीनमा आयोजना गरिएको बेल्टएण्ड रोड फोरम ( बिआरएफ) मा १०० देशका प्रतिनिधि र २९ देशका सरकार प्रमुखहरू सहभागी भएका थिए । उक्त फोरममा संयुक्त राष्ट्र सङ्घका महासचिव आन्तोनियो गुटरेस, विश्व बैंकका अध्यक्ष योङ्ग किङ्ग, अन्तर्राष्ट्रिय मुद्राकोषका निर्देशक क्रिस्टिना लागरेसको सहभागिता रहेको थियो ।

चीनका राष्ट्रपति सी जिनपिङले बिआरएफ विश्वको उदाउँदो अग्रगामी दृष्टिकोणसहितको अन्तर्राष्ट्रिय मञ्च हो भनी घोषणा गरेका थिए (पुडासैनी, २०१६; पृ. २०१) । यसरी चीनको परराष्ट्रनीतिको एक अभिन्न अङ्गका रूपमा अगाडि बढाइएको बीआरआई परियोजना राष्ट्रसङ्घीय विकास नियोगको एक अङ्गका रूपमा अगाडि बढाउन चीन सफल भएको छ । यस आयोजनामार्फत विश्वमा विकास र समृद्धि पुऱ्याउने चिनियाँ लक्ष्यलाई राष्ट्रसङ्घको अनुमोदनसँगै चीन थप प्रोत्साहित रहेको देखिन्छ (पौडेल, मास्के, भट्टराई र जयसवालसँगका अन्तर्वार्ता, २०७९) । पूर्वाधार विकासको सञ्चालनमार्फत विश्वका विभिन्न राष्ट्रहरूलाई जोडेर चिनियाँ लगानी तथा व्यापार प्रवर्द्धन गराउने परियोजना बेल्ट एण्ड रोड इनिसियटिभ चीनको कूटनीतिक मामिलाको एक नयाँ अवधारणा हो । छिमेकी राष्ट्रहरूलाई पूर्वाधारको विकासबाट जोडेर आर्थिक, सामाजिक तथा सांस्कृतिक उन्नयनका लागि सहयोग तथा समर्थन गर्नु यस आयोजनाको प्रमुख लक्ष्य हो ।

राज्यहरूलाई पूर्वाधारमार्फत जोडेर विकासका क्रियाकलाप तथा आर्थिक प्रवर्द्धनका कार्यहरूमा प्रोत्साहन गर्ने यो परियोजना राष्ट्रहरूको सहकार्य तथा सहसमन्वयका लागि अति नै महत्त्वपूर्ण आयोजना हो । यसले आर्थिक प्रवर्द्धनका अतिरिक्त मानवीय मूल्य, मान्यतालाई विकासको उच्चतम तहमा समृद्ध बनाउने समेत प्रयत्न गरिरहेको छ । हरेक देशमा विद्यमान संस्कार तथा संस्कृतिहरूको आदान प्रदानबाट मानवमूल्यलाई खँदिलो बनाउने सुसंस्कृत समाज निर्माणको आधारस्तम्भको रूपमा समेत यस आयोजनालाई लिन सकिन्छ । मावन सभ्यतालाई खँदिलो बनाउन र आपसी भाइचाराको विकास गर्नमा यस आयोजनाको भूमिका महत्त्वपूर्ण रहेको छ ।

### ६.६ बीआरआईको कार्ययोजना

चीनले बीआरआईलाई बहुराष्ट्रिय स्तरमा पूर्वाधार, व्यापार लगानीको लागि सहकार्य र कनेक्टिभिटीमा जोड दिएको छ । यस परियोजनालाई सफल बनाउनका लागि चीनले सुलभ दरमा आर्थिक स्रोतहरू प्रवाह गर्ने र बजारलाई एकीकृत गर्ने, बीआरआईमा सहभागी राष्ट्रहरूलाई यसका आर्थिक नीतिहरूबाट फाइदा लिनका लागि प्रोत्साहन गर्ने, उच्च तहमा क्षेत्रिय सहकार्य गर्दै, सहभागितामूलक र सन्तुलित क्षेत्रिय अर्थतन्त्रको विकासमा जोड दिने लगायतका कामहरू गर्नुपर्छ । बीआरआईको प्रमुख उद्देश्य भनेको यातायात, पूर्वाधार निर्माण, सडक सञ्जाल कनेक्टिभिटी आयोजना, सामुद्रिक यातायातका लागि बन्दरगाहहरूको निर्माण, सामुद्रिक र स्थलगत दुवैबाट यातायातका सबै संयन्त्रहरूको सञ्चालन, आधुनिक

बन्दरगाहको सञ्चालन, सुरक्षित उर्जा र पूर्वाधारको निर्माण, ग्याँस पाईपलाइन, विद्युत् ग्रिड संयन्त्रको पूर्वाधार निर्माण गर्दै, राष्ट्रिय र अन्तर्राष्ट्रिय तहमा प्रभावकारी कनेक्टिभिटी र सूचना संयन्त्रको निर्माण गर्नु हो (तामाङ्ग, २०२१; पृ. २४१) । त्यसका लागि चीनले बीआरआईलाई प्रभावकारी ढङ्गबाट कार्यान्वयन गर्न सहभागी देशहरूलाई समेट्दै, विश्वलाई छवटा करिडोरमा विभाजन गरेको छः

(१) नयाँ युरोएसिया ब्रीज करिडोर,

(२) चीन मङ्गोलिया रसिया करिडोर,

(३) चीन मध्यएसिया, पश्चिमएसिया करिडोर,

(४) चीन-इण्डोनेशिया सामुद्रिक करिडोर,

(५) चीन-पाकिस्तान, करिडोर

(६) चीन-बङ्गलादेश-भारत-म्यानमार करिडोर

आधिकारिक बेल्ट एण्ड रोड इनिसिएटिभ रूपरेखाले बीआरआईमा संलग्न देशहरूबिच अन्तरराष्ट्रिय वा क्षेत्रिय सहयोगलाई अगाडि बढाउन विकास योजना र उपायहरूको संयुक्त रूपरेखालाई बढावा दिन्छ । यसमा अन्तरसरकारी सहयोग र बहुस्तरीय बृहत् नीति आदान - प्रदान, सञ्चार संयन्त्र र ठुला परियोजनाहरूको कार्यान्वयनका लागि नैतिक समर्थन र मौद्रिक नीतिमा समन्वय (बेल्ट) समावेश छन् । बेल्ट एण्ड रोड इनिसिएटिभको रूपरेखामा पाँचवटा सहयोगका क्षेत्रहरू निम्नानुसारका प्रमुख प्राथमिकतामा आधारित छन् (तामाङ्ग, २०२१; पृ. २४३):

(१) नीति समन्वयः अन्तरसरकारी सहयोगको प्रवर्द्धन, बहुस्तरीय अन्तरसरकारी बृहत् नीति आदानप्रदान र सञ्चार संयन्त्र

(२) सुविधा जडानः पूर्वाधार निर्माण योजना र प्राविधिक मानक प्रणालीको जडानमा सुधार

(३) निर्वाध व्यापारः लगानी र व्यापार अवरोधको कमी, क्षेत्रिय आर्थिक एकीकरणको प्रवर्द्धन तथा आर्थिक एकीकरण

(४) वित्तीय एकीकरणः मौद्रिक नीतिमा समन्वय र सहयोग, वित्तीय संस्थाहरूको स्थापना

(५) जनतास्तरको सम्बन्धः सांस्कृतिक र शैक्षिक आदानप्रदान र संवाद, मिडिया सहयोग

हमाल (२०६९ साउन ९, अन्तर्वार्ता) मा भन्नुहुन्छ, "जब चीनले आर्थिक, अन्तर्राष्ट्रिय सम्बन्ध तथा सामरिक क्षेत्रमा उसले गरेको विकासले अमेरिका र चीनबिच प्रतिस्पर्धा देखापर्न थाल्यो । त्यससँगै रुसले पनि आर्थिक सामरिक क्षेत्रमा पुनः विकास गर्न थाल्यो र उसले पनि विश्व व्यवस्थामा आफ्नो स्थान खोजिरहेको छ ।" यसको कारण विभिन्न शक्तिकाबिच तनाव देखा परिरहेका छन् । उहाँ थप्नुहुन्छ, 'चीनले बीआरआईमार्फत विश्वव्यापी सञ्जाल खडा गर्ने सोंच बनाउँदा अमेरिकाले त्यसलाई रणनीतिक रूपमा रोक्न खोजिरहेको छ । त्यसको परिणाम इण्डोप्यासेफिक स्टाटेजी, क्वाड अकुस जस्ता रणनीतिक योजना प्रस्तुत गरेको छ जसका कारण उनीहरूबिचमा तनाव सृजना भएको छ ।' बीआरआईलाई सम्पूर्ण रूपमा सफल बनाउन चीनले प्रभावकारी कार्ययोजना बनाएर अगाडि बढेको देखिन्छ । एक्काइसौँ शताब्दीमा भू-मार्ग र जलमार्गमार्फत विश्वलाई जोड्ने चिनियाँ सपना प्रभावकारी रूपमा साकार बनाउन सहभागी राष्ट्रहरूबिचको आपसी सम्बन्धमा भर पर्दछ । चीनका सी जिनपिङको शब्दमा सडक सम्बन्धलाई सुधार गर्नुपर्ने छ । युरोएसियाली आर्थिक समुदाय (Euro-Asian Economic Community) ले यातायात सहजीकरण सम्बन्धी सम्झौतामाथि काम गरिरहेका छन् । यसमा हुने छिटो हस्ताक्षर र कार्यान्वयनले प्यासिफिक र वाल्टिक क्षेत्रलाई जोड्ने यातायातका लागि मुख्य बाटो खुल्ला गर्ने छ । यसका आधारमा हामीले अन्तरदेशीय यातायात संरचनामा सुधारका सोत्तम तरिकाबारे छलफल गर्न सक्ने छौँ ।

पूर्वी एसिया, पश्चिम एसिया र दक्षिण एसियालाई जोड्ने यातायात सञ्जालबारे काम गर्न सक्नेछौँ । यसबाट यस क्षेत्रको आर्थिक विकास र यात्राको सहजीकरण हुनेछ (जिन पिङ्, २०१६; पृ. ३२६) । बेल्ट एण्ड रोडको प्रमुख उद्देश्य आपसी हित र साझा विकास, समृद्धि र शान्ति, मित्रताको बाटोबाट आपसी विश्वास, दीपक्षीय हितको आदान-प्रदान गर्ने रहेको छ । चीन सरकार सधैँ शान्ति र सहकार्यका लागि वकालत गर्दै आइरहेको छ । खुल्ला र सहभागितामूलक द्विपक्षीय अध्ययन र फाइदाका लागि चीनले जोड दिँदै आइरहेको छ । चीन सरकारले सबै क्षेत्रमा व्यावहारिक सहकार्यका लागि प्रोत्साहन गर्दै, आपसी राजनीतिक विश्वास, आर्थिक सहभागितामूलक संस्कृति, आपसी हित र चाहनाका आधारमा समुदायका लागि काम गर्ने कुरामा जोड दिँदै आएको छ (जिनपिङ, २०१६; पृ.३२८) । बीआरआई परियोजना संयुक्त राष्ट्रसङ्घको बडापत्रमा उल्लेखित पञ्चशीलको सिद्धान्तमा आधारित भएर प्रस्ताव गरिएको हो । शान्तिपूर्ण सहअस्तित्व, एकअर्काको आन्तरिक मामलामा अहस्तक्षेप, समानता, आपसी लाभ, एकअर्काको सार्वभौमिकता र भौगोलिक अखण्डताको रक्षा गर्ने यस आयोजनाको मुल लक्ष्य रहेको कारण पनि यसमा संलग्न राष्ट्रहरूले एकअर्काको आत्मसम्मान तथा स्वतन्त्र अस्तित्वलाई

सम्मान गर्नेमा स्पष्ट पनि छन् । चीन सरकारको आधिकारिक सञ्चारअनुसार, 'कार्ययोजनालाई दृढतापूर्वक कार्यान्वयन गर्न सकेमा राष्ट्रहरूको लक्ष्य तथा गन्तव्यमा पुग्न समेत सहज हुने छ, हरेक देशका नागरिकहरूले मानवीय मूल्यको महत्त्व बुझ्ने छन् भने नागरिकहरूले विशाल संसारमा सहज यातायात तथा सञ्चारलगायतका सुविधा पाउन सक्ने छन् ।' कार्की (२०७९ साउन ५ गते, अन्तर्वार्ता) भन्नुहुन्छ, "चिनियाँहरूले नेपालले जो कोही राष्ट्रसँग आफ्नो विकासका लागि सहकार्य गर्न सक्दछ तर एक चीन नीतिमा नेपाल दृढ भएर उभियोस्, तिब्बतलाई असर गर्ने अवाञ्छित गतिविधि नहोस भन्नेबारे नेपाललाई भनिरहेको छ र नेपालले भारतको जायज चासो र चिन्तालाई पनि सम्बोधन गर्नुपर्दछ ।" उहाँ नेपालले चीन र भारतको विवाद र झगडाबाट होइन कि उनीहरूबिचको एकता र मित्रताबाट हाम्रा दिनहरू देख्न सक्नुपर्दछ भन्नेमा जोड दिनुहुन्छ ।'

**चित्र ६.२ बीआरआइको कार्ययोजना**




(स्रोत: लामा, २०२१; पृ.२४१)

बेल्ट एण्ड रोड इनिसियटिभको निरीक्षण गर्ने निकाय राष्ट्रिय विकास र सुधार आयोग (NDRC) अन्तर्गत रहेको बेल्ट एण्ड रोड इनिसिएटिभ्सको कार्यान्वयन प्रवर्द्धन गर्ने अग्रणी समूहको कार्यालय हो । अग्रणी समूहले पहलसँग सम्बन्धित कामको निर्देशन र समन्वय गर्ने

जिम्मा लिन्छ । प्रमुख समूहका अध्यक्ष हान भ्रेङ राज्य परिषद्का कार्यकारी उपाध्यक्ष हुन र उनी पहलसम्बन्धी कार्यको निर्देशन र समन्वय गर्ने जिम्मेवारीमा छन् । प्रमुख समूहका उपप्रमुख हु चुनहुवा, राज्य परिषद्का उपप्रधानमन्त्री हुन् । BRI को कार्यान्वयनमा चीनको नयाँ राज्य अन्तर्राष्ट्रिय विकास सहयोग एजेन्सी (SIDCA) ले महत्त्वपूर्ण भूमिका खेल्दछ । १८ अप्रिल २०१८ मा अनावरण गरिएको एजेन्सी विदेशी सहायतामा रणनीतिक दिशानिर्देश र नीतिहरूका लागि जिम्मेवार हुनेछ । चीनको नयाँ राज्य अन्तर्राष्ट्रिय विकास सहयोग एजेन्सी-(SIDCA) राज्य परिषद्प्रति जवाफदेही हुनेछ । राज्य परिषद्काअनुसार "देशको विश्वव्यापी रणनीति र बेल्ट एण्ड रोड इनिसिएटिभ निर्माण गर्न राम्रोसँग सेवा गर्ने छ ।'

## ६.७ बीआरआई र दक्षिण एसिया

चीन र दक्षिण एसियाबिच प्राचीन कालदेखि नै धार्मिक र सांस्कृतिक सम्बन्धहरू रहँदै आएका छन् । त्यसकै आधारमा दुई देशबिच आतवजावत गर्नका लागि कैयौँ रेसममार्गहरू बनेका थिए । तिनै रेसममार्गहरूलाई बेल्ट एण्ड रोड इनिसियटिभमार्फत विकास गरी इतिहासको पुनःरुत्थान गर्न खोजिएको छ । दक्षिण एसिया प्राचीन कालदेखि नै सांस्कृतिक रूपमा सम्पन्न क्षेत्र हो । यस क्षेत्रको चीनसँगको सम्बन्ध प्राग्ऐतिहासिक कालदेखि नै रहनुको मुख्य कारण यहाँका बहुआयामिक सांस्कृतिक तथा धार्मिक सम्पदाहरू हुन् (Lee, 2018, p. 56) । नेपालका काठमाडौँ, पाटन, जनकपुर, लुम्बिनी, भारतको कलकत्ता, दिल्ली, मथुरा, जस्ता सांस्कृतिक सहरहरू चीनको हान साम्राज्यदेखि नै रेसममार्गद्वारा जोडिएका थिए । चिनियाँ धार्मिकयात्रीहरू यसै रोडमार्फत यस क्षेत्रमा यात्रा गर्ने गर्दथे । चीनका राष्ट्रपति सी जिनपिङले रेसममार्गलाई सन् २०१३ मा बीआरआई परियोजनाको रूपमा प्रस्ताव गर्नुको कारण पनि यही ऐतिहासिक तथ्य नै हो (Miller, 2017, p. 267) । कार्की भन्छन्: "चीनसँगको हाम्रो सम्बन्ध चीनमा आएको परिवर्तनलाई हामीले पनि स्वीकार गरेपछि सुरु भएको हो । सन् १९५५ मा चीनसँगको सम्बन्ध बनाउँदा हाम्रो भारतस्थित आवसीय राजदूतले चीन पनि हेर्ने गर्दथे । सन् १९७१ पछि नेपालले चीनमा आवासीय राजदूत राख्न सुरु गऱ्यो" (कार्की, अन्तर्वार्ता, २०७९ साउन ५ गते) ।

उनी भन्छन्: "सन् १९७० मा चीनसँगको शान्ति तथा मैत्री सन्धिकै आधारमा टेक्दै खासगरी माधव नेपालको चीन भ्रमणको क्रममा त्यसलाई बृहत् सहकार्य कम्प्रिहेन्सिभ पार्टनरसिप अफ को-अपरेसन फर इभर लास्टिङ फ्रेन्डसिपको तहमा सम्झौता गरियो । त्यसलाई रणनीतिक पार्टनरसिप नभनेको मात्र हो ।" ओलीको पालामा चीनका राष्ट्रपति सी

नेपाल आउँदा रणनीतिक साझेदारी सहकार्य भन्दै चीनसँगको सम्बन्धलाई परिभाषित गरियो । रणनीतिक सहकार्य भनेको दीर्घकालीन र व्यावहारिक हुन् भन्ने अर्थमा परिभाषित गरिएको छ । दिनेश भट्टराई (२०७९ साउन ६ गते अन्तर्वार्ता) "युवा जनशक्ति भारतमा धेरै रहने र चीनमा वृद्धहरूको सङ्ख्या बढ्ने भएकाले भारत अगाडि बढ्न सक्दछ । भारतसँग खुल्ला सीमानाका छ र यसको फाइदा उठाएर चीन विरोधी गतिविधि नेपालमा हुन सक्दछ । दक्षिण एसियालाई भारतले आफ्नो प्रभावक्षेत्र मान्दछ' भन्नु हुन्छ । उहाँले जोड दिनुहुन्छः

> ...तर यस क्षेत्रको गरिबी बेरोजगारी हटाउने विकास निर्माणमा भारतको ध्यान छैन । साधन स्रोतका हिसाबले पनि भारतले त्यो गर्न सम्भव छैन । उसले आफैँलाई चाहिने साधन स्रोत बाहिरबाट ल्याउन बाध्य छ । नेपाल जस्ता मुलुकले आफ्नो विकासका लागि चीनसँग सहयोग लिनुपर्ने बाध्यता छ । त्यसो गर्दा पश्चिमाले चीन विरोधी भाष्य बनाइरहने, कतिपय बुद्धिजीवीहरू जो पश्चिममा पढेर आएका छन् तिनीहरूले पनि त्यसरी नै व्याख्या गर्ने, भारतले पनि चीनलाई चुनौती ठानेको अवस्थामा, नेपाललाई चीन विरुद्ध प्रयोग भएको चाहँदैन । यस्तो अवस्थाबाट जोगिएर नेपालले चीनबाट निरन्तर सहयोग लिएर अगाडि बढ्नुपर्ने अवस्था छ (२०७९ साउन ६ गते अन्तर्वार्ता) ।

भटराईकाअनुसार "दक्षिण एसियामा पाकिस्तान र भारतबिच झगडा कायमै छ । झगडाकैबिच उनीहरू जन्मेका हुन् । चीन र भारतकोबिचमा पनि झगडा छ ।" उनकाअनुसार "चीनले नेपालबाट तिब्बत विरोधी गतिविधि हुन्छ कि भन्ने सोचेको छ भने भारतले नेपाल हुँदै इस्लामिक आतङ्ककारी आउने हुन् कि भन्ने चिन्ता गरेको पाइन्छ । श्रीलङ्कामा आर्थिक राजनीतिक सङ्कट छ । त्यसैले दक्षिण एसियाको परिस्थिति त्यति अनुकुल छैन ।" भूगोल परिवर्तन गर्न नसकिने भएका कारण भारत, अफगानिस्तान र पाकिस्तान हामी सबै यहीँ रहने हो । दक्षिण एसिया अनिश्चित परिस्थितिमा छ ।'

एसिया, युरोप र अफ्रिकाबिच कनेक्टिभिटी, व्यापार लगानी, प्राविधिक, आर्थिक सम्बन्धलगायत जनस्तरको सम्बन्ध कायम गर्ने उद्देश्यसहित चीनले बीआरआई परियोजनालाई दृढताका साथ अगाडि बढाएको छ । दक्षिण एसियाका पाँचवटा राष्ट्रसँग चीनको पाँचहजार किलोमिटर सीमा जोडिएको छ । नेपाल, भारत, पाकिस्तान, भुटान, अफगानिस्तान जस्ता देशहरूमा चीनको प्राचीनकालदेखि नै कला, सांस्कृतिक र धार्मिक सम्बन्ध रहँदै आएको छ । हाल बीआरआईमार्फत् यी राष्ट्रहरूको पूर्वाधार विकास र कनेक्टिभिटीमा चीनले जोड दिइरहको छ । चीन पाकिस्तान इकोनोमिक कोरिडोर (CPEC), बङ्गलादेश-चीन-भारत-म्यानमार

(BCIM) तथा केरुङ, काठमाडौँ, पोखरा, लुम्बिनी यस क्षेत्रमा बीआरआईका महत्त्वपूर्ण आयोजनाहरू हुन् । यसले दक्षिण एसिया र चीनबिच आर्थिक सम्बन्धलाई जोडेको छ (The RisingNepal.org/news/2060)। बीआरआई ठुलो आयोजना भएको हुनाले यसले एसिया क्षेत्रमा बहुआयामिक प्रभाव पारेको छ । भू-अर्थतन्त्र भूराजनीतिक दृष्टिबाट समेत स्वाभाविक रूपमा यस क्षेत्रमा यस आयोजनाले क्षेत्रिय सन्तुलन र पूर्वाधार लगानीको क्षेत्रमा महत्त्वपूर्ण प्रभाव पारेको छ । स्थल र समुद्र दुवै मार्गमार्फत कनेक्टिभिटीलाई जोड दिए तापनि एसियाका भूपरिवेष्टित देशहरूलाई कनेक्टिभिटीमार्फत यस आयोजनामा जोडिने छ (जिनपिङ, २०२१; पृ. ५६५) । विश्वका प्रमुख भूभागहरूलाई छवटा प्रमुख आर्थिक करिडोरका माध्यमबाट जोडेर विकास निर्माणका कार्यहरूलाई खँदिलो बनाएर जनस्तरको सम्बन्ध विस्तार गर्नेमा यो परियोजना अति महत्त्वपूर्ण रहेको छ । 'म्यानमार र ट्रान्स-हिमालय बहु-आयामिक कनेक्टिभिटीसहित रेलवे, चीन-नेपाल-भारत आर्थिक कोरिडोर (CNIEC) को रूपमा परिभाषित गर्न सकिने यस परियोजनाले बिहार र उत्तर प्रदेश जस्ता भारतका धेरै जनसङ्ख्या भएको राज्यहरूलाई समेत जोड्दछ' (गिरी, २०१६) ।

दक्षिण एसियाका विभिन्न देशहरूलाई पूर्वाधारमार्फत जोडेर सामाजिक, आर्थिक, सांस्कृतिक तथा धार्मिक र प्राकृतिक सम्पदाहरूको विकास तथा परिचालनबाट आम नागरिकहरूको बृहत् हितलाई अभिवृद्धि गराउने यस आयोजनाबाट नागरिकहरूले आफ्नो सम्भाव्यता तथा क्षमताको प्रदर्शन गर्न सक्ने छन् । सामाजिक उन्नयनका क्रियाकलापहरूबाट समाजका नागरिकहरूले विभिन्न रूपमा मानव समाजको सेवा गर्ने क्षमता राख्ने छन् । लीलामणि पौडेलसँग २०७९ साउन ६ गते लिइएको अन्तर्वार्तामा स्पष्ट पार्नुहुन्छः "आर्थिक क्षेत्रमा चीनले १९९० पछि जसरी विकास गर्दै गयो, सन् १९९०देखि २००० सम्म आइपुग्दा अमेरिकाको अर्थतन्त्रको आकार र दोस्रो ठुलो जापानको भन्दा बलियो थियो र धेरै फरक थियो । चीनको द्रुत आर्थिक विकासले अमेरिकासँग चीन समकक्षी बन्न पुग्यो ।" जिडिपीका हिसाबले चीन अमेरिकाभन्दा अगाडि रहेको छ । आर्थिक शक्तिसँगै सामरिक शक्तिको पनि विकास हुँदै गएको छ ।

तीव्र औद्योगिकीकरणमा अभ्यसत चीनले आफ्ना छिमेकी राष्ट्रहरूलाई समेत विकासको तिव्रतम उचाइमा डोऱ्याउनका लागि दक्षिण एसियाका राष्ट्रहरूका लागि यस परियोजनाले जोड्न खोजेको छ ।

बीआरआई परियोजना लागु गरिएका दक्षिण एसियाली राष्ट्रहरू पाकिस्तान र श्रीलङ्काको आर्थिक अवस्था कमजोर बन्दै जानुमा चिनियाँ चर्को ब्याजको ऋण रहेको पश्चिमा अर्थशास्त्रीहरूको दाबी रहेको छ । ४० अरब अमेरिकन डलरको चीन पाकिस्तान करिडोर (CPEC) परियोजना पाकिस्तानको गेम चेन्जर परियोजनाको रूपमा अर्थ्याइए पनि यसको लगानी पाकिस्तानका लागि सेतो हात्ती साबित हुँदैछ । बीआरआई अन्तर्गत चिनियाँ ऋण लगानीमा निर्माण गरिएको श्रीलङ्काको हाम्बनटोटा बन्दरगाह निर्माण सम्पन्न भएसँगै सन् २०२१ देखि चीनले ९९ सय वर्षकालागि आफैँ भाडामा लिएको छ । चर्को ब्याज र ठुलो ऋण लगानीका कारण श्रीलङ्काले चिनियाँ ऋणको ब्याज भुक्तानी गर्न नसकेपछि बन्दरगाहलाई नै लिजमा दिन बाध्य भएको हो । चीनको मनोमानी सर्तअनुसार बीआरआई अन्तर्गतको ऋण लिने देशहरू बिस्तारै चिनियाँ ऋणकै जालोमा फस्दै गएको अन्तर्राष्ट्रिय मामिलाका जानकारहरूले आलोचना गर्ने गरेका छन् । english pardafas.com/bri-nepal-mirror-shreelanka-and-pakistan-economic-collapse-or-choice-itali-path/

चीनले अन्तर्राष्ट्रिय रूपमा रणनीतिक महत्त्वका देशहरूमा महँगो ब्याजमा ऋण लगानी गर्ने र ऋण लिने देशले ऋण तिर्न सक्षम नभएपछि उनीहरूको सम्पत्तिमाथि नियन्त्रण गर्ने गर्दछ । श्रीलङ्काको हाम्बनटोटा बन्दरगाह यसको उदाहरण हो । https://archives.kdischool.ac.kr/bitstream/11125/44731/1/China%20in%20Sri%20Lanka.pdf

बीआरआई परियोजना लागुभएका देशहरूले चिनियाँ खराब ऋणका कारण तीव्र वित्तीय समस्या, भुक्तानी सन्तुलनको सङ्कट, विदेशी मुद्राको सञ्चितिमा गिरावटका कारण ती देशहरूले वित्तीय सङ्कटको सामना गर्नु परिरहेको छ । चिनियाँ लगानीका परियोजनाहरूका कारण पाकिस्तान आर्थिक करिडोर श्रीलङ्का, मालदिभ्स र मलेसियामा सङ्कट देखा परेको भन्दै आलोचकहरूले बढी उचालेको पाइन्छ । आफ्नो लाभ उठाउनका लागि चीनले ऋणलाई एक अस्त्रका रूपमा प्रयोग गरेको उनीहरूको दाबी छ । श्रीलङ्काको हम्बनटाटा बन्दरगाह, इन्डोनेसियाको जकार्ता बाङडुङ रेल परियोजनामा भएको ढिलासुस्ती र लागतमा वृद्धिले चिनियाँ बीआरआई परियोजनाका बारेमा प्रश्न खडा गरेको छ । यद्यपि बीआरआई परियोजनाहरूको लगानी कतिपय देशहरूमा जोखिममा परेकाले चीनलाई समेत समस्या पर्नेदेखिएको छ जसले गर्दा २०१७ पछि चीनले ऋण लगानी गर्ने कुरामा कडाई गर्न थालेको छ । अमेरिकालगायत विश्वका विभिन्न तहबाट चिनियाँ ऋणका बारेमा हुने गरेको आलोचनाले चीनलाई सतर्क बनाएको देखिन्छ । जसले गर्दा चीनले परियोजनाहरू परिणाममुखी भन्दा पनि गुणात्मक हुनुपर्नेमा जोड दिँदै आएको छ । त्यसो त बीआरआई लागु भएका धेरै देशहरू त्यहाँका भ्रष्ट अधिकारीहरूका कारण

आयोजनाहरूको लगानी वृद्धि हुन गई ऋणमा पारदर्शिताका कारण आर्थिक सङ्कट देखापर्ने गरेको छ । https://thediplomat.com/2021/10/how-bri-debt-puts-china-at-risk/

## ६.८ बीआरआई सम्बन्धी दृष्टिकोणहरू

बीआरआईमार्फत विश्मा शान्ति र समृद्धिको सपना देखेको चीनको यो विश्वव्यापी प्रभावकारी आयोजनालाई चीनले संयुक्त राष्ट्र सङ्घको बडापत्रको सिद्धान्तमा आधारित चीनको परराष्ट्रनीतिको एक अङ्गका रूपमा अगाडि बढाएको दाबी गरे तापनि यसका आलोचकहरूले बिआरआइलाई विश्वमा चीनले आफ्नो आर्थिक साम्राज्य कायम गर्ने एउटा साधनको रूपमा व्याख्या गरेका छन् (Giri, 20122) । उनीहरूकाअनुसार चीनले साना र गरिब देशहरूमा अनुचित आर्थिक लगानी गरेको छ, जसको रणनीतिक उद्देश्य यस परियोजनामा सहभागी राष्ट्रहरूमा आफ्नो सेनाको विस्तार गर्नु हो । बीआरआईसँग सम्बन्धित प्रायः बन्दरगाह र यातायात पूर्वाधारहरू आर्थिक र सैन्य रणनीतिका साथ निर्माण गरिएका छन् । अमेरिकाले वासिङ्गटन डिसि स्थित ग्लोबल डेभलपमेन्टका थिङ्कटचाङ्क (विज्ञहरू) काअनुसार बिआइआरमार्फत ऋण लिएका देशहरूले गम्भीर चुनौतीको सामना गरिरहेका छन् । चीनले आफूले प्रवाह गर्ने ऋण रणनीतिक उद्देश्यकासाथ त्यस्ता विपन्न राष्ट्रहरूलाई पासोमा पार्ने कूटनीतिको रूपमा उपयोग गरेको पाइन्छ, जसबाट ती राष्ट्रहरू उम्कन सकिरहेका छैनन् ( घिमिरे, व्यक्तिगत कुराकानी, साउन ४, २०७९) । आलोचकहरूले मुख्यतः श्रीलङ्काको सन्दर्भलाई आधार बनाएर चिनियाँ आयोजनाको आलोचना गर्ने गरेका छन् । बीआरआई विश्वको सबैभन्दा ठुलो र लाभदायी परियोजना हो । यससम्बन्धमा विभिन्न राष्ट्रहरूका दृष्टिकोणहरू निम्नानुसार रहेका छन्:

### ६.८.१ बीआरआईबारे अमेरिकी दृष्टिकोण

चिनियाँ विद्वान्हरूले बीआरआई पूर्वाधार निर्माण, विकासोन्मुख र अविकसित देशहरूको अर्थतन्त्रलाई बढावा दिने उद्देश्यका लागि पहल गरिएको याजनाका रूपमा दाबी गरेका छन् । तर केही अमेरिकी र पश्चिमी विद्वान्हरूले के तर्क गर्छन् भने चीनले एसिया, अफ्रिका र युरोपमा आफ्नो रणनीतिक, भूराजनीतिक र आर्थिक प्रभाव स्थापित गर्न पूरातन सिल्क रोडलाई फरक रूपमा पुनःर्जीवित गर्न खोजेको छ । अमेरिकी व्याख्याकाअनुसार बीआरआई ऋण ट्र्यापको स्रोत हो । यो राष्ट्रिय सार्वभौमसत्ताको क्षय, पारदर्शिताको अभाव, दिगो वित्तीय बोझ, स्थानीय आर्थिक आवश्यकताहरूबाट विमुखता, भूराजनीतिक जोखिम, नकारात्मक वातावरणीय प्रभाव, भ्रष्टाचारको महत्त्वपूर्ण सम्भावनाको स्रोत हो (Kliman, Doshi, Lee & Cooper,

2019) । यो परियोजना दोस्रो विश्वयुद्धपछि युद्धले ध्वस्त भएको युरोप पुनर्निर्माणका लागि अमेरिकाले अगाडि सारेका मार्सल प्लान जस्तै हो । यस आयोजनामा चीनले एक ट्रिलियन डलर पूर्वाधार निर्माणमा लगानी गर्ने प्रतिबद्धता जनाएको छ । यस्तो लगानी आपसी तथा बृहत्तर हितका लागि प्रयोग गरिनेछ ।

बीआरआई परियोजना पूर्वाधार निर्माणका लागि मात्रै होइन, चीनको भूराजनीतिक उद्देश्य परिपूर्तिका लागि सहयोगी परियोजना पनि हो । यस अर्थमा बीआरआईले चीनको रणनीतिक तयारीलाई निर्देशित गर्दछ । खास गरेर, मध्य एसिया, पश्चिम एसिया, दक्षिण एसिया र प्यासिफिक क्षेत्रमा मुख्य शक्तिहरूबिचको प्रतिस्पर्धामा चीन उभिँदै आएको छ (समकालीन चीन, पृ. ५१८) । चीनले बीआरआईमार्फत आफ्नो रणनीतिक उद्देश्य पूरागर्न यसमा सहभागी सबै राष्ट्रहरूको बृहत्तर हितका लागि काम गर्ने तयारी गरिरहेको छ । २१ औं शताब्दीको सबैभन्दा ठुलो आयोजना भएको हुनाले यसलाई सफल बनाई चिनियाँ सपना पूरा गर्न ठुलो आर्थिक तयारी गरेको देखिन्छ । यस परियोजनामा विश्वका विभिन्न छिमेकी राज्यहरूमा पूर्वाधारहरूमा लगानी तथा साझेदारी अभिवृद्धि गरी आपसी सम्बन्धलाई व्यवस्थित र प्रगाढ बनाउने चीनको लक्ष्य रहेको छ । बीआरआईलाई अमेरिकी, भारतीय र युरोपेली दृष्टिकोणबाट विश्लेषण गर्नु आवश्यक हुन्छ । अमेरिकी परिप्रेक्ष्यमा जापान र अष्ट्रेलिया जस्ता राष्ट्रहरूको दृष्टिकोण पनि केही हदसम्म मिल्दोजुल्दो छ, तिनीहरू बीआरआईको सन्दर्भमा रचनात्मक भन्दा बढी आलोचनात्मक छन् । यसबाहेक युरोपेली परिप्रेक्ष्यमा द्विपक्षीय स्थितिको रूपमा परिभाषित गर्न सकिन्छ भने अन्तमा सबैभन्दा महत्त्वपूर्ण कुरा बीआरआईमा भारतको सहभागिता होइन स्पर्धा रहेको स्पष्ट नै हुन्छ ।

### ६.८.२ भारतीय अडान तथा दृष्टिकोण

पर्याप्त विवरणको अभाव, ठुलो व्यापारिक हार, सुरक्षा र रणनीतिक चासोका कारण भारतले आधिकारिक रूपमा बीआरआईमा खासै चासो देखाएको छैन । विवादित क्षेत्रहरूमा विशेष गरी चीन-पाकिस्तान आर्थिक करिडोर (सीपीईसी) मा केही पूर्वाधार परियोजनाहरू विकास गर्ने क्रममा बीआरआईका सम्बन्धमा भारतको गम्भीर आशङ्का छ । CEPC गिलगिट-बाल्टिस्तान, पाकिस्तान प्रशासित कस्मिर (पीओके) हुँदै जान्छ, भारतले त्यस क्षेत्रलाई भारतका लागि क्षेत्रिय अखण्डता र सार्वभौमसत्ताको मुद्दा बनाएर दाबी गर्दछ । CPEC मार्फत पाकिस्तानमा चिनियाँ लगानीप्रति भारत बढी गम्भीर छ (Jacob, 2019) । आजसम्म बीआरआईमा असहमति भए पनि बीआरआईको फ्रेमभित्र हेर्दा भारत बीआरआईको एक अंश हो

। एसियाली पूर्वाधार लगानी बैङ्क (AIIB) बीआरआई परियोजनाहरूलाई समर्थन गर्न स्थापना गरिएको थियो; भारत AIIB मा दोस्रो ठुलो (७.५%) शेयरधारक हो । यसको क्षेत्रिय कार्यालय दिल्लीमा राख्न भारत सहमत भएको छ । AIIB बाट भारतले ३५ परियोजनाहरूका लागि ४.५ बिलियन डलर ऋण लिएको छ । AIIB द्वारा स्वीकृत कुल ऋणको २५ प्रतिशत साझेदारी गर्ने सबैभन्दा ठुलो उद्धारकर्ता भारत हो (Belt and Road News, 2020)।

बीआरआईले बङ्गलादेश-चीन-भारत-म्यानमार (BCIM) करिडोर, चाइना-इन्डोचीन-पेनिन्सुला (ICP) करिडोर, चाइना-सेन्ट्रल-वेस्ट (CAWA) करिडोर, नयाँ युरेसियन ल्यान्ड ब्रिजलगायत थुप्रै आर्थिक करिडोरहरूको भविष्यवाणी गरेको छः (NELB), चीन-मंगोलिया-रसिया (CRM) करिडोर, चीन-पाकिस्तान आर्थिक करिडोर (CPEC) र समुद्री सिल्क रुट ( MSR) । BCIM, ICP, CPEC र MSR। यीमध्ये कम्तीमा चारको निर्माणबाट भारत प्रत्यक्ष रूपमा प्रभावित हुने छ (Kondapalli & Xiaowen, 2019) । नीतिगत समन्वयमा भारत र चीनबिच अहिलेसम्म कुनै सहकार्य हुन सकेको छैन । बेइजिङमा भएको पहिलो (मे, २०१७) र दोस्रो बीआरआई शिखर सम्मेलन (अप्रिल, २०१९) मा भारत सरकारले भाग लिएन । BCIM क्षेत्रिय कोरिडोरमार्फत क्षेत्रिय सहयोगका लागि चार देशहरूबिचको व्यापार र लगानीको बृहत्तर एकीकरणको उद्देश्यले स्थापित एसियाली राष्ट्रहरूको उपक्षेत्रिय सङ्गठन तथा मञ्च हो । BCIM को अवधारणा भारतद्वारा सन् १९९८ मा सुरु गरिएको थियो । यो छवटा प्रमुख कोरिडोर मध्ये एक महत्त्वपूर्ण कोरिडोर हो । यद्यपि यो भारतको उत्तरपूर्वी राज्यहरूको सुरक्षा चिन्ताको कारण निर्माणाधीन छैन । प्राविधिक रूपमा भारत बीसीआईएमको हिस्सा भए तापनि बीसीआईएमलाई चिनियाँ पहलका रूपमा हेरिन्छ र भारतले CPEC मा विपक्षी भूमिका खेलिरहेको छ ।  CNIEC (चीन-नेपाल-भारत आर्थिक करिडोर) मा मौन स्थिति र BCIM मा आबद्ध छ । त्यसैले चीन र भारतको भर्चुअल कनेक्टिभिटी सफ्ट कनेक्टिभिटी फ्रेम (IBID) मार्फत गहिरो रहेको छ। भारत र चीन विश्वव्यापी परिप्रेक्ष्यमा ठुलो व्यापार साझेदारहरू हुन्। सन् १९९० को दशकमा भारत-चीन व्यापारको मात्रा ४ करोड मात्रै थियो, सन् २०१९ सम्ममा ९६ अर्ब पुगेको थियो । तर सन् २०१९ मा चीनसँग भारतको व्यापार घाटा ५६.८ बिलियन डलर थियो । यो घाटा भारतको कुल दीपक्षीय व्यापारको करिब ६०प्रतिशत ओगटेको थियो (www. globaltimes.com) । तर ८०% व्यापार भारत र चीनबिचको सामुद्रिक व्यापारमार्फत हुन्छ ।

भारतले बीआरआईको वास्ता नगरी व्यापार प्रवर्द्धन भइरहेको छ भन्न मन पराउँछ । भारत ब्राजिल, रुस, भारत, चीन र दक्षिण अफ्रिका (ब्रिक्स) जस्ता पाँच प्रमुख उदीयमान

राष्ट्रिय अर्थतन्त्रहरूसँग आबद्ध छ । उनीहरूले व्यापार र क्षेत्रिय मुद्राका लागि सम्झौतामा हस्ताक्षर गरेका छन् । यसको अर्थ RMB र भारतीय मुद्रा आदान-प्रदान भइरहेका छन् तर हालसम्म धेरै कारोबार भएको छैन । बीआरआईका बावजुद सन् २०१८ मा नौ लाख चिनियाँहरूले भारत भ्रमण गरेका थिए । त्यसैगरी २४ लाख भारतीयहरूले एकै समयमा चीनको भ्रमण गरे भने तीन हजारभन्दा बढी चिनियाँ भाषाका शिक्षक भारतमा स्वेच्छिक रूपमा कार्यरत रहेका छन् । Jacob (2019) भन्छन्: "भारतले बीआरआइलाई बढी रणनीतिक र राजनीतिक परियोजना ठानेको छ । बीआरआई बढी राजनीतिक, कम आर्थिक र विकासमुखी परियोजना भएको निस्कर्ष निकाल्दै औपचारिक रूपमा बीआरआइमा सहभागी बनेको छैन ।" चीन-पाकिस्तान इकोनोमिक कोरिडोर(सीपेक) पाकिस्तान अधीनस्थ कस्मिरी क्षेत्र(पोक) अर्थात् गिलगिट-बलतिस्तान भएर जान्छ । सो भूभागलाई भारतले दाबी गरेको हुनाले सार्वभौमसत्ता र राष्ट्रियताको प्रश्न उठाएर भारत बीआरआइमा सहभागी भएको छैन । चीनसँगका निकै ठुलो सीमा विवाद, ठुलो व्यापार घाटा र सुरक्षाको विषय पनि बीआरआइमा सहभागी नहुन भारतका लागि आधार बनेको छ । बीआरआईको एक महत्त्वपूर्ण कोरिडोर बीसीआइएम (बङ्गलादेश, चीन, भारत र म्यान्मार) को प्रस्तावक नै भारत हो । बीआरआईका लागि लगानी जुटाउन स्थापना गरिएको एसियाली पूर्वाधार लगानी बैङ्क (एआइआइबी) का संस्थापकमध्ये एक भारत हो ।

एआइआइबीमा ८ प्रतिशतसहित चीनपछिको दोस्रो लगानी कर्ता भारतले सो बैङ्कबाट पाँच अर्ब डलर ऋण समेत लिइसकेको छ । "भारत र चीनबिच डिजिटल कनेक्टिभिटीमा पनि सहकार्य भइरहेको छ । दुई पक्षीय व्यापार झण्डै सय अर्ब डलरको हाराहारीमा पुगिसकेको छ । सन् २०१८ मा २४ लाख भारतीयले चीनको भ्रमण गर्दा ९ लाख चिनियाँले भारत प्रवेश गरे" (Jacob, 2019) । सांस्कृतिक सम्बन्धलाई बलियो बनाउनका लागि तीन हजारभन्दा बढी चिनियाँ भाषका शिक्षकहरू भारतमा क्रियाशील रहेका छन् । यी तथ्यले बीआरआइको नाम नलिइकनै भारत चीनसँग सहकार्य गरिरहेको पुष्टि गर्छन् । भारत बीसीआइएममा आफै सहभागी भएको छ । चीन-नेपाल-भारत आर्थिक कोरिडोर (सीएनआइइसी) मा औपचारिक रूपमा मौन छ । तर नेपाल भएर चीन र भारत जोड्ने यो मार्ग सञ्चालनमा आएमा चीनसँगको व्यापार घाटा थप बढ्ने भारतीय चिन्तादेखिन्छ । नेपालमा आफ्नो प्रभाव घट्ने, सुरक्षा चिन्ता बढ्ने, नेपालको हैसियत मजबुत हुने र दक्षिण एसियामा झन् चिनियाँ प्रभाव विस्तार हुने भयले भारत त्रिदेशीय साझेदारीको विपक्षमा उभिएको स्पष्ट हुन्छ ।

### ६.८.३ नेपालको रेलमार्गमा दिल्लीको चासो

दिल्लीका नेपालविज्ञहरू एसडी मुनि, निहार नायक, महेन्द्र पी लामा, भारतीय सेनाबाट अवकाश प्राप्त मेजर जनरल अशोक मेहता, सेन्टर फर चाइना स्टडी एण्ड स्ट्राटेजीका प्रमुख जयादेव रानदे, 'वान बेल्ट वान रोड' पुस्तकका लेखक तथा जवहरलाल नेहरू विश्वविद्यालयका श्रीकान्त कोन्डापाली, जेएनयुकै सवारन सिंहहरूसँगको अन्तरक्रियाबाट भारतको केरुङ-काठमाडौं रेलमार्गमा सुरक्षा चासो र चिन्ता रहेको देखिन्छ । सन् १९६० को दशकमा अरनिको राजमार्ग (कोदारी) चिनियाँ सहयोगमा बन्दै गर्दा दिल्लीमा नेपाल-चीन जोड्ने सडकमार्गमा जुन सुरक्षा चासो थियो त्यो दिल्लीको चासो सडकमार्ग कम हुँदै रेलमार्गतिर सरेको देखिन्छ । बेल्ट एण्ड रोड इमिटेटिभ (बीआरआई) चीनले अगाडि सारेको लामो समय र ठुला स्तरको विकास परियोजना हो । उच्च गतिको रेलमार्ग (बुलेट ट्रेन), सुपर हाइवे, अन्तर्राष्ट्रिय विद्युतीय प्रसारण लाइन (ग्रिड), पाइपलाइन र भण्डारण जलविद्युत्, प्रविधि आदान-प्रदान, क्रस बोर्डर इकोनोमिक जोन, लगानी, सीमापार उद्यम, सुक्खा बन्दरगाह, बन्दरगाह, जलमार्ग र पर्यटन अन्तर्गत रहेका छन् । योजनाअनुसार बीआरआई विश्वको सबैभन्दा लामो आर्थिक करिडोर बन्नेछ । पूर्वको एसिया-प्रशान्त क्षेत्रलाई पश्चिममा विकसित युरोपेली अर्थतन्त्रहरूसँग जोड्ने सम्भावित सबैभन्दा गतिशील परियोजना हुनेछ । ठुलाठुला क्षेत्रिय सहकारी विकासलाई प्रोत्साहन गर्ने अपेक्षा गरिएको व्यक्तिगत परियोजनाहरूबाट सुरु गरी मौलिक सहकारी दृष्टिकोणलाई रूपरेखा गरिएको थियो ।

राष्ट्रपति सीले नीतिगत समन्वय, सडक सञ्जाल, निर्बाध व्यापार, मुद्रा परिवर्तनीयता र जनताबिचको घनिष्ठ सम्बन्धलाई प्रवर्द्धन गर्ने गरी बीआरआईका पाँचवटा विषयहरू प्रस्तुत गरेका थिए । चीनले "सिल्क रोड इकोनोमिक बेल्ट" लाई नयाँ परराष्ट्रनीतिको पहलको रूपमा पुनर्जीवित गर्ने विचारले युरेसियाभरि अन्तर्राष्ट्रिय सहयोग र संयुक्त विकासलाई बढावा दिने लक्ष्य राखेको छ । त्यसपछि चिनियाँ प्रधानमन्त्री ली खछ्याङले सन् २०१३ मा सम्पन्न एसिया प्रशान्त आर्थिक सहयोग शिखर सम्मेलन र पूर्वी एसिया शिखर सम्मेलनमा सोही पहल दोहोऱ्याएका थिए । त्यसबेलादेखि आधुनिक ओभरल्याण्ड, २१ औं शताब्दीको सामुद्रिक सिल्क रुटको स्थापना, चिनियाँ विदेशनीतिको प्रमुख हिस्सा बनेको छ जसलाई चिनियाँ कम्युनिष्ट पार्टी र नेशनल पिपुल्स काङ्ग्रेसले अनुमोदन गरेको छ । अहिले फेरि एकपटक विश्वव्यापी मञ्चमा चिनियाँ प्रमुखताको पुनः उदयसँगै आधुनिक समयमा बीआरआईलाई "चिनियाँ महिमाको पुनरुत्थान" को साधनको रूपमा आकाङ्क्षालाई फेरि पुनर्जीवित गरिएको छ । यो धारणा एसियाली सभ्यताको संवाद (CDAC) को सम्मेलनको उद्घाटन समारोहमा सीको मुख्य भाषणमा

स्पष्ट रूपमा प्रतिबिम्बित भएको छ । "हामी शताब्दीको परियोजना बेल्ट एण्ड रोड इनिसिएटिभलाई पछ्याउन योगदान गर्ने छौँ । यसले विश्वभरका मानिसहरूलाई फाइदा पुऱ्याउँछ । सिल्क रोड मानव सभ्यता को आत्मा, शान्ति र सहयोगको एक महान विरासत भएको छ" (सी, २०१९) ।

संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रम र जनवादी गणतन्त्र चीनले सेप्टेम्बर २९, २०१६ मा प्रधानमन्त्री ली खछ्याङको भ्रमणको क्रममा ७१ औँ संयुक्त राष्ट्र महासभाको हाराहारीमा बीआरआईमा सहयोग गर्ने समझदारी पत्र (MOU) मा हस्ताक्षर गरे । १४६ देशले विकास कार्यमा सहकार्य गरेको यस परियोजनामा संयुक्त राष्ट्र सङ्घका महासचिव एन्टोनियो गुटेर्रेसले चीनको बीआरआई र दिगो विकास लक्ष्यहरूबिचको तुलना गरेर दुवै विश्वव्यापी विकासका लागि साझा दृष्टिकोणका आधाहरू रहेको बताए (UNDP, 2016) ।

### ६.८.४ बीआरआईमा युरोपेली सङ्घको दृष्टिकोण

युरोपेली सङ्घ आधिकारिक रूपमा बीआरआईमा सहभागी भएको छैन । तर यस परियोजनामा सहभागिताका बारेमा तथा यसको फइदा बेफाइदा बारे युरोपेली राष्ट्रहरूबिच बहस जारी छ । मध्य युरोप र पूर्वी युरोपका धेरै देशहरूले बीआरआईको आर्थिक परियोजनलाई स्वीकार गरिसकेका छन् । पश्चिमी युरोपका राष्ट्रहरू जस्ते इटाली, लग्जम्बर्ग र पोर्चुगलले बीआरआई परियोजनासँग सम्झौता गरिसकेका छन् । उनीहरू चिनियाँ लगानीको सम्भाव्यताका बारेमा छलफल गरिरहेका छन् (Chazky & McBridge, 2020) । बीआरआई परियोजनाबारे अमेरिकी आलोचनाका बावजुद मध्य युरोपेली देशहरू चिनियाँ परियोजनामा सहभागी छन् । पश्चिमी युरोपेली देशहरूले बीआरआईको विरोध गरेको पाइँदैन । मध्य युरोपेली देशहरूले बीआरआईलाई शङ्का गर्दै चिनियाँ उपस्थितिबाट डराइरहेका छन् (Goulard, 2021, p. 72)।

युरोपेली देशहरू BRI का हिस्सा भए तापनि EU को BRI मा केही विवादास्पद विचारहरू रहेका छन् । विशेष गरी जापानले BRI परियोजनाहरूमा गुणस्तरीय विकास नभएको दाबी गरेअनुसार युरोपेली सङ्घले समेत बेल्ट एण्ड रोड इनिसियटिभलाई दिगो विकास नभएको भन्दै आवाज उठाइरहेको छ (गिरी, २०२२, पृ. ३१) । बीआरआई विश्वको सबैभन्दा ठुलो बहुराष्ट्रिय परियोजना हो । यस परियोजनालाई पूर्णता दिनका लागि चीनले बहुराष्ट्रिय वित्तीय संस्था स्थापना गरेको छ, जसबाट बिआरआइ अन्तर्गतका योजनाहरूमा लगानी गरिने छ र आवश्यक संरचनाहरूको विकास गरिने छ । त्यसका लागि सिल्क रोड कोष (Silk Road

Fund) र एसियाली पूर्वाधार तथा लगानी बैङ्क (AIIB) मुख्य स्रोतको रूपमा रहेका छन् (Goulard, 2021, p. 265) । पूर्वाधारको विकासबाट छिमेकीहरूलाई समेत जोडेर सामाजिक, आर्थिक, सांस्कृतिक तथा भौतिक विकासका कार्यमा सहयोगी भूमिका खेल्ने यस परियोजनाबाट विश्व मानव समुदायले ठुलो लाभ उठाउन सक्ने देखिन्छ । विकासको उच्चतम तहमा पुगेका राज्यहरूसँगसँगै पिछडिएका राज्यलाई समेत मूलधारमा ल्याउन यस आयोजनाको भूमिका उल्लेखनीय र प्रभावकारी हुनेमा दृढ विश्वास गर्न सकिन्छ ।

## ६.९ भूराजनीतिक स्वार्थको टकरावमा नेपाल

अन्तर्राष्ट्रिय सम्बन्ध र राजनीतिमा भूगोलको कारणले पर्न सक्ने प्रभावको अध्ययनलाई भूराजनीति भनिन्छ । यो राजनीतिक भूगोलको एउटा सिद्धान्त हो । भूराजनीति अध्ययन विधिले मुलुकको भूगोल विशेषको कारणले अन्तर्राष्ट्रिय राजनीतिक सम्बन्ध, विदेशनीति, सङ्गठनात्मक अन्तर्सम्बन्धको बारेमा व्याख्या, विश्लेषण र पूर्वानुमान गरिन्छ । भूगोल बदलिँदैन तर अर्थ-राजनीतिमा भने परिवर्तन आइरहन्छ । चीन र भारत दुवै मुलुक विश्वमा आर्थिक र सामरिक दृष्टिकोणले उदाउँदा शक्ति राष्ट्रहरू हुन् । यी दुईका बिचमा नेपाल जस्तो विविधताले भरिपूर्ण भएको सुन्दर मुलुक छ । एक हिसाबले दुई उदाउँदा शक्ति राष्ट्रहरूकाबिचमा नेपालको भूगोल रणनीतिक महत्त्वको रूपमा रहेको छ । पृथ्वीनारायण शाहले नेपालको यो अवस्थितिलाई दुई ढुङ्गाबिचको तरुलको रूपमा अर्थ्याए भने कसैले दुई देशबिचको गतिशील पुलको रूपमा परिभाषित गरेका छन् (केशव खतिवडा, www.onlinekhabar.com/2021/11/1040023? fbclid)।

आरोप, प्रत्यारोप र आशङ्काले सन्तुलित विदेशनीति निर्माण र कार्यान्वयन हुन सक्दैन । पछिल्लो चरणमा चीनले नेतृत्व र सञ्चालन गरेको बेल्ट एण्ड रोड इनिसियटिभ कार्यक्रममा नेपाल सहभागी हुनु, भारत नहुनु र अमेरिकाको इण्डोप्यासिफिक स्ट्राटेजीमा भारत सहभागी हुनु र नेपालले पनि ठुलो विवादकाबिच एमसीसीलाई संसद्बाट अनुमोदन गरी सहभागी भएपछि हालसम्म ठोस निर्णय गर्न नसक्नुले नेपालको भूराजनीतिक अवस्थितिलाई जटिलतातर्फ लैजान सक्ने सङ्केतहरू समेत देखा पर्न थालेका छन् । भौगोलिक हिसाबले चीनतर्फको नेपालको सीमाना उच्च हिमाली क्षेत्र रहेको, नेपाल र चीनकोबिचमा भिसा प्रणाली लागु भएको हुँदा खुला आवतजावत र व्यापार तुलनात्मक रूपमा केही कठिन छ भने भारततर्फको सीमाना समतल भूभाग रहेको, खुला सीमाना र आवतजावत हुने व्यापारिक नाकाहरू धेरै रहेको, रोजगारीका लागि दुवै देशतर्फ श्रमिकहरूको आवागमन हुने गरेको, धर्म, संस्कृति र राजनीतिक

प्रणालीमा समेत धेरै हदसम्म समानता रहेको र भूगोलको सामीप्यता राष्ट्र निर्माण भएदेखि नै रहिआएको छ (Dahal, 1989, p. )।

यो सामीप्यता भित्र त्रिदेशीय भूराजनीति र अर्थ-राजनीतिले विभिन्न ऐतिहासिक कालखण्डमा एकता, सङ्घर्ष, सहकार्य र प्रतिस्पर्धाका चरणहरू राजनीति, कूटनीतिक र व्यापारिक आयामहरूमा पार गर्दै आएका छन् । तर हाल बीआरआई र आईपीएस जस्ता रणनीतिक महत्त्वका कार्यक्रम र यसमा सहभागिता र साझेदारीको सवालले यो सम्बन्धलाई थप जटिल बनाउँदै लगेको देखिन्छ । आईपीएसमा भारत सहभागी हुनु चीन नहुनु, बीआरआईमा नेपाल सहभागी हुनु, भारत नहुनु, एआईआई बैङ्कमा नेपाल र भारत सहभागी हुनु, ब्रिक्स भारत, चीन, रुस सहभागी हुनु, भारत र चीनकोबिचमा रहेको नथुला पास नाका सञ्चालनमा आउनु, दक्षिण चीन समुद्र र हिन्द महासागरमा चीनको निर्वाध आवागमनप्रति अमेरिकाको भित्री चासो रहनु, कतिपय सवालमा अमेरिकाले भारतलाई आफूसँगै राखेर रोक्ने नीति (कन्टेनमेन्ट बाई इन्गेजमेन्ट) अपनाउनु जस्तो जटिल भूराजनीतिक अवस्थामा नेपालले चीन, भारत र अमेरिका तथा बीआरआई र आईपीएसबाट बढीभन्दा बढी लाभ कसरी प्राप्त गर्न सकिन्छ भन्ने विषयमा व्यापक विमर्श भई तार्किक निष्कर्षमा पुग्नु भूराजनीतिको प्रमुख उद्देश्य हुनुपर्दछ (भण्डारी, २०७९; पृ.५७-५८) ।

सन् २०१३ मा चीनद्वारा सुरु गरिएको युरोप एसिया अफ्रिकाका अधिकांश राष्ट्रहरू संलग्न रहेको चीनको बीआरआई परियोजना लागु भएमा चीनको साख बढ्ने र आफ्नो साख घट्ने चिन्ताले नै इन्डोप्यासिफिक रणनीतिक योजना तयार गरिएको हो भन्ने कुरा अमेरिकाको दि डिपार्टमेन्ट अफ डिफेन्स् इन्डोप्यासिफिक रणनीतिक प्रतिवेदनमा स्पष्ट रूपमा उल्लेख भएको छ । दक्षिण एसियाको शक्ति राष्ट्रको रूपमा रहेको भारत बीआरआईमा संलग्न हुन रुचाएन । शक्ति, क्षमता र क्षेत्रिय प्रतिस्पर्धा, आर्थिक वृद्धिको स्तर मापन गरेर भारतलाई दक्षिण एसियाली राष्ट्रहरूको मियो बनाएर इन्डोप्यासिफिक रणनीति अख्तियार गर्न अमेरिकाले सुरु गऱ्यो । चीनसँग आफूलाई दाँजेर हेर्न रुचाउने भारतीय जनता पार्टी भारतको राजनीतिक नेतृत्वमा आएपछि अमेरिकाले आफ्नो रणनीति लागु गर्ने उचित अवसर पायो । सन् २०२० मा चीन र भारतबिच सीमा विवाद र झडपपछि एसिया प्यासिफिक क्षेत्रमा नयाँ रणनीतिहरू बन्न थाले । त्यसका लागि खुलेर चीनको विरोध गर्ने अमेरिका, बेलायत र अष्ट्रेलिया मिलेर अकुस (AUKUS) १५ सेप्टेम्बर २०२१ मा अस्तित्वमा ल्याए । यो नितान्त सैन्य रणनीतिसँग जोडिएको कोर ग्रुप हो (रोका, २०७९; पृ.८४-८५) ।

यसैगरी चीनको विरुद्धमा अष्ट्रेलिया, अमेरिका, जापान, भारतलगायतका राष्ट्रहरूले संयुक्त रूपमा क्वाड (QUAD) लाई अस्तित्वमा ल्याए । यसलाई एसिया भर्सनको नाटो (NATO) को रूपमा पनि लिइएको छ । भारतको सक्रिय सहकार्यपछि क्वाडको आँखा नेपाल र इन्डोनेसियातर्फ केन्द्रित छ । इन्डोनेसिया प्यासिफिकको ढोका हो भने नेपाल चीन र भारतबिच अत्यन्त संवेदनशील ठाउँमा छ । एमसीसी इन्डोप्यासिफिक रणनीतिलाई सफल पार्न अगाडि सारिएको आर्थिक सहकार्यको पाटो हो जसमा अमेरिकालगायतका पश्चिमा पुँजीवादी मुलुकहरूको सामरिक तथा राजनीतिक रूपमा सरोकार रहेको छ । इन्डोप्यासिफिक रणनीति चीनलाई घेराबन्दी गर्ने उद्देश्यले तयार पारिएको प्रतिनिधिमूलक संस्था हो भनेर किटान नगरिए तापनि परोक्ष रूपले यसकोप्रतिवेदनमा चीन रुस र उत्तर कोरियाका विरुद्ध स्पष्ट उल्लेख छ । नेपाललाई समेत यसमा जोड्ने योजनाकासाथ अमेरिका एमसीसीमार्फत नेपाल आएको छ । तर नेपालका केही विद्वान्हरूले चीनको बीआरआई स्वीकार गर्न हुने तर अमेरिकाको एमसीसी किन स्वीकार नगर्ने भन्ने तर्क गर्दछन् । चीनले स्पष्ट पारेको छ बीआरआई बिशुद्ध पूर्वाधार तथा आर्थिक विकासको कार्यक्रम हो । यो सैन्य रणनीतिसँग जोडेर कहीँ पनि सञ्चालन गरिएको छैन । सैन्य रणनीतिसँग नजोडिएकै कारणले गर्दा नेपाल यसमा सहभागी भएको हो । अमेरिकन परियोजना एमसीसी प्रत्यक्ष रूपमा सैन्य रणनीतिसँग जोडिएको हो भन्ने कुरा दक्षिण एसियाका लागि अमेरिकी एक्टिङ डिपुटी सेक्रेटरी डेभिड जे रान्चले एमसीसी कार्यक्रम अमेरिकाको इन्डोप्यासिफिक स्ट्राटेजिको पार्ट भएको कुरा २०१९ मे १३-१५ मा भएको नेपाल भ्रमणमा बताएका थिए (रोका, २०७८; पृ. ८४-८५) ।

आजको विश्व व्यवस्था अमेरिकन नीति र नेतृत्वका आधारमा सञ्चालित हुँदै आएको छ । विश्व पुँजीवादको नेतृत्व गरेको अमेरिका विगतमा विश्वमै आफ्नो वर्चस्व कायम राख्दै आएको थियो । शीतयुद्धको अन्त्यसँगै विश्वमा एकछत्र प्रभाव कायम राख्न सफल अमेरिकाका निम्ति पछिल्लो चरणमा चीनको उदयले  ठुलो चुनौती थपेको छ । चीनको आर्थिक विकासको हालको गति कायम रहेमा चीन विश्वको सबैभन्दा ठुलो आर्थिक शक्ति बन्ने प्रक्षेपण सर्वजनिक भएको छ । चीनले आफ्नो विकासको गतिसँगै अन्तर्राष्ट्रिय सम्बन्ध र सामरिक क्षमतामा गुणात्मक फड्को मारेको छ । त्यसकारण आजको विश्व अमेरिकी आर्थिक क्षमता र वर्चस्वमा ह्रास आउँदै गरेको र चीन द्रुतगतिमा उदय हुँदै गरेका कारण नयाँ विश्वव्यवस्था र संरचनातर्फ उन्मुख छ (प्रसाईं, २०७९; पृ. ५२-५४) ।

इतिहास साक्षी छ, पुरानो वर्चस्ववाला शक्तिले आफ्नो वर्चस्व कायम राख्न खोज्ने र नयाँ उदियमान शक्तिले आफ्नो प्रभाव विस्तार गर्दै पुरानो शक्तिलाई कमजोर बनाउन खोज्ने प्रक्रियालाई सामान्य प्रतिस्पर्धा मात्र होइन युद्ध नै निम्त्याउने खतरा रहन्छ । खास गरी अमेरिकी सुरक्षा रणनीति रप्रतिरक्षा रणनीति नै नाटोको बिस्तार प्रयत्न क्वाड, औकस र इन्डोप्यासिफिक सामरिक रणनीति यीमध्ये नेपाल प्रत्यक्ष रूपमा इन्डोप्यासिफिक रणनीतिबाट प्रभावित रहेको छ । इन्डोप्यासिफिक रणनीतिप्रतिवेदन सन् २०१९ मा चीनलाई हालको शक्ति सन्तुलन बिगार्न खोज्ने रिभिजनिष्ट शक्ति रसिया र उत्तर कोरियालाई दुष्ट पात्र मान्दै यस क्षेत्रमा चीनलाई नियन्त्रण गर्ने र अमेरिकन वर्चस्वलाई कायम राख्ने स्पष्ट नीनि अख्तियार गरिएको छ । इन्डोप्यासिफिक रणनीति अमेरिका र यस क्षेत्रका आफ्ना गठबन्धनमा रहेका मित्रहरूको युद्ध क्षमता बढाउने र अमेरिकन वर्चस्वलाई सामरिक शक्ति बनाई राख्ने नीति लिइएको छ । अमेरिकाले चीनको आन्तरिक मामिलामा समेत हस्तक्षेप गर्ने नियतले तिब्बत र सिनजियाङ्ग प्रान्तका बिगुर मुसलमान बारे कानुन नै बनाएर चीनलाई दबाब दिन थाल्यो । आफ्नो खस्किँदो विश्व प्रभुत्वका कारण चीनसँगको सामरिक द्वन्द्व रूपमा इन्डोप्यासिफिक रणनीतिक योजनालाई अगाडि सारेका छन् । भूराजनीतिक दबाव र व्यापक वादविवादकाबिच नेपालको संसद्बाट यसलाई अनुमोदन गरियो । एमसीसीकै कारण नेपालको राजनीति अस्थिर बन्न पुग्यो, शक्तिपृथकीकरणको सिद्धान्तको व्यावहारिकतामाथि विवाद सुरु भयो र नेकपा विभाजित समेत हुन पुग्यो । भूराजनीतिक जटिलतामा रहेको नेपालका लागि यस प्रकारका योजनाहरू संवेदनशील रहेका छन् ।

नेपाल जस्ता विकासशील राष्ट्रहरूमा विभिन्न सहयोग तथा राहतका कार्यक्रमहरू मार्फत छिमेकी राष्ट्रहरूले समग्र राज्यको ध्यान केन्द्रित गराउँदै आएका छन् । विविध समस्याहरूसँग जुध्नु परिरहेको राज्यका सामु कुनै समस्या समाधानमा सहयोगी बन्ने सवालमा छिमेकी राष्ट्रहरूले स्वार्थको द्वन्द्वलाई अभिप्रेरित गरिरहँदा समाजको विकासमा सहयोगी बन्ने तथा सहकार्यलाई प्रवर्द्धन गर्ने सवालमा सहकार्यको रणनीति अवलम्वन गर्दै नेपालमा आफ्नो प्रभाव विस्तार गर्न खोज्ने छिमेकीको पनि कमी छैन । नेपाली समाजको संरचनात्मक परिवर्तनका नाउँमा आफ्नो समाजमा स्थापित मूल्य तथा मान्यता र संस्कारगत क्रियाकलापहरूको अनुसरण गराउन पहल गर्नेसम्मका छिमेकी नेपालका रहेका छन् (मास्के, अन्तर्वार्ता, २०७९ साउन २३) । नेपालका राजनीतिकर्मीहरूको अपरिपक्वता, सुझबुझको कमी तथा स्वार्थको राजनीतिका कारण कतिपय विकसित राष्ट्रको भूमिका नै उनीहरूलाई प्रभावमा पारेर आफू अनुकुल प्रयोग गर्न अभ्यस्त रहने रणनीति अवलम्वन गरेको आभास समेत पाउन

सकिन्छ । 'अदूरदर्शी तथा स्वार्थी सोचका राजनीतिक नेतृत्वबाट कुनै पनि राज्यले महत्त्वपूर्ण उपलब्धि हासिल गर्न सक्दैन र यस प्रवृत्तिका कारण नोक्सानको सूचक अभिवृद्धि भएको हुन्छ नै । राज्यको सन्तुलित विकासमा सुझबुझपूर्ण नेतृत्व सबैभन्दा अपरिहार्य र महत्त्वपूर्ण सवाल पनि हुने गर्दछ' (भण्डारी, २०७९; पृ. ५६) ।

पौडेल (२०७९ साउन ६ गते, अन्तर्वार्ता) युवा जनशक्ति भारतमा धेरै रहने र चीनमा वृद्धहरूको सङ्ख्या बढ्ने भएकाले भारत अगाडि बढ्न सक्दछ र साधन स्रोतका हिसाबले पनि भारतले त्यो गर्न सम्भव छैन भन्दै भारतीय भूमिकालाई स्पष्ट पार्ने क्रममा उनी जोड दिन्छन्:

> उसले आँफैलाई चाहिने साधन स्रोत बाहिरबाट ल्याउन बाध्य छ । नेपाल जस्ता मुलुकले आफ्नो विकासका लागि चीनसँग सहयोग लिनुपर्ने बाध्यता छ । त्यसो गर्दा पश्चिमाले चीन विरोधी भाष्य बनाइरहने, कतिपय बुद्धिजीवी जो पश्चिममा पढेर आएका छन् तिनीहरूले पनि त्यसरी नै व्याख्या गर्ने, भारतले पनि चीनलाई चुनौती ठानेको अवस्था, नेपाललाई चीन विरुद्ध प्रयोग चाहँदैन । यस्तो अवस्थाबाट जोगिएर नेपालले चीनबाट निरन्तर सहयोग लिएर अगाडि बढ्नुपर्ने अवस्था छ ।

असल छिमेकीको काम सहकर्मीहरूलाई आवश्यक पर्दा सहयोग र सहजीकरण गर्नु हो । अरूका समस्यामा रमाउन खोज्ने र आफू अनुकुल वातावरण तयार गर्न खोज्ने काम असल छिमेकीबाट अपेक्षा समेत गर्न सकिँदैन । कतिपय नेपालका छिमेकी राष्ट्रहरूका शासक वर्गको सोच तथा नियत नै विकास निर्माणका कामहरूमा सहजकिरण गर्ने बहानामा आफ्नो विशेष प्रभूत्व कायम गराउनमा अभ्यस्त रहने नै हो कि भन्ने छनक पनि पाउन सकिन्छ । नेपालका प्राकृतिक स्रोत साधनहरूलाई उपयोग गरेर नागरिकको सेवामा समर्पित गराउनका लागि सक्रिय कतिपयका गतिविधि यस प्रकृतिका ज्वलन्त उदाहरणहरू हुन् । प्राकृतिक सम्पदाको उचित उपयोगको रणनीतिको अभावका कारण नेपालमा समानुपातिक विकास तथा क्षेत्रिय सन्तुलनको अभाव खट्किँदो छ । आफ्ना स्वार्थको परिपूर्तिका लागि विकासे कार्यक्रको नाउँमा नेपालका नेतृत्वमा रहने स्वार्थी झुण्डलाई सजिलै प्रयोग गर्ने छिमेकीहरूको रणनीतिका कारण अधिकाँश राजनीतिक दलका नेतृत्वको चीन्तन, विचार तथा व्यवहारमा सन्तुलनको अभाव देखिन्छ । चिनियाँ जनता र त्यहाँको नेतृत्वले गरेको अथक परिश्रमको कारण नै चीनले विश्वमा आफ्नो प्रभूत्व जमाउन सक्ने क्षमताको प्रदर्शन गरेको छ जुन असामान्य कदापि पनि होइन । अरूको प्रगतिमा प्रोत्साहन गर्नु र त्यसबाट शिक्षा लिनु असल छिमेककीको काम तथा कर्तव्य

हुन्छ । "बेल्ट एण्ड रोड आयोजनामा सकारात्मक भूमिका खेल्नुको सट्टा छिमेकीको बदख्वाइँ गर्ने र अनावश्यक अवरोध सिर्जना गर्ने रणनीतिको एक जबर्जस्त कदम पश्चिमाहरूसहित भारतीय शासक वर्गको रहेको आभास हुन गएको छ" (भण्डारी, २०७९; पृ. १२९) ।

नेपाली समाज विकास तथा समृद्धिका सवालमा विशेष तरङ्गित हुने गर्दछ । विकास तथा अन्वेषणका क्षेत्रमा पिछडिएको कारण पनि विकासे कार्यक्रमको लोभमा नेपालका स्वार्थी तत्वहरूको विशेष गठजोड हुने निश्चित परिवेशहरू पनि सहमाजमा विद्यमान नै छन् । हाल नेपाली समाजमा फैलाइएको विकासे भ्रमका तरङ्गहरू सहस्राब्दी चुनौती निगम Millenuium Challenge Corporation-MCC र State Partnership Project-SPP हुन् । नेपालमा विकासका साथै समृद्धि आकासिने् भ्रम फैलाउन माहिर कतिपय जिम्मेवार राजनीतिक दल र तिनका कार्यकर्ताले जनतालाई शब्दजालमा फसाउन खुबै मेहेनत गरेका छन् भने कतिपय राजनीतिक दलका नेता तथा कार्यकर्ताहरूले यस जालका विरुद्धमा स्पष्ट बोले तर कतिपय सत्ता साझेदारहरूले भने मौसमी आवाज गुन्जाउन थाले । नेपालको सरकारमा संलग्न राजनीतिक दलहरूले उल्लिखित परियोजनाहरू के कति कारणबाट नेपालको हितमा छन् भन्नेसम्म हिम्मत गरेनन् । तिनीहरूले एकोहोरो संसद्बाट अनुमोदन गर्नुपर्छ मात्र भन्ने रटान गरिरहे । भारत र अमेरिकी इन्डोप्यासिफिक रणनीतिमार्फत चीनलाई घेरा हाल्ने लक्ष्यमा केन्द्रित छन् । नेपालमा लागु गर्न खोजिएको चिनियाँ परियोजना BRI को विरोधमा छन् । उनीहरू जसरी पनि विभिन्ना अमेरिकी परियोजनाहरू लागु गर्न चाहन्छन् । अन्तर्राष्ट्रिय शक्तिहरूको स्वार्थको टकरावले नेपालको राजनीतिक स्थायित्व र सार्वभौमिकतामा खतराको बादल मडारिँदै छ (भण्डारी, २०७९; पृ. ३७२) । जयसवाल (२०६९ श्रावण २३ गते शोधार्थीले लिएको अन्तर्वार्ता) भन्दछन्: 'इन्डोप्यासेफिक स्ट्राटेजी अमेरिकाको ठुलो योजना हो । संसारभरि चीनको प्रभूत्वलाई रोक्न यो योजना अमेरिकाले अगाडि बढाएको छ । अमेरिकाले यो योजना चीन विरुद्धको सैनिक योजना होइन भने तापनि चीन विरुद्ध यो भएको तथ्य एमसीसी र एसपीपीका डकुमेन्टहरूले स्पष्ट गर्दछन् ।' अमेरिकाको डकुमेन्टले नेपाल इन्डोप्यासिफिकको अङ्ग हो भनेर देखाएको छ । भूराजनीतिक प्रतिस्पर्धामा नेपाल परिसकेको छ र एमसीसी र एसपीपी एउटा परिदृश्य हो भन्दै त्यही अन्तर्वातामा उनी भन्छन्:

> ...आउने दिनमा अझ बढी चर्किने देखिन्छ । उदाहरणको लागि जब भारतले क्वाड नेशनको सदस्य भएको कारण, क्वाड इन्डोप्यासिफिक स्ट्राटेजीको अङ्ग हो । यो अगाडि बढ्दा भारतको बोर्डर जस्तै दोक्लाम, सिक्किम गलवान भ्याली, अरूणाञ्चल र पानसुलेनमा आक्रमण गर्न थाल्यो । यदि भारत आइपीएसमार्फत अगाडि बढेर चीनको

आर्थिक राजनीतिक स्वार्थमा असर पार्ने काम गर्ने हो भने म तिम्रो हिमाली क्षेत्रमा असर गर्छु जहाँ भारतको सुरक्षा संवेदनशील छ । त्यस्तो गतिविधि चीनले गरिरहेको छ । पटक पटक त्यस्ता गतिविधि देखा पर्दछन् । यसको असर नेपालमा पर्न सक्दछ । भारतलाई असर गर्ने नेपालको कुनै संवेदनशील भू-भाग छ भने चीनले त्यस्ता ठाउँमा भारत विरोधी गतिविधि गर्न सक्दछ । यो नेपाल विरुद्ध नभएर भारत विरुद्ध हुन सक्दछ ।

त्यस्तै दिनेश भट्टराई (२०७९ साउन ६ गते शोधार्थीद्वारा लिइएको अन्तर्वार्ता) "भारतसँग खुल्ला सीमानाका छ । यसको फाइदा उठाएर चीन विरोधी गतिविधि नेपालमा हुन सक्दछ । दक्षिण एसियालाई भारतले आफ्नो प्रभावक्षेत्र मान्दछ । तर यस क्षेत्रको गरिबी बेरोजगारी हटाउने विकास निर्माणमा भारतको ध्यान छैन' भन्दछन् । भारतले आफैँलाई चाहिने साधन स्रोत बाहिरबाट ल्याउन बाध्य छ । नेपाल जस्ता मुलुकले आफ्नो विकासका लागि चीनसँग सहयोग लिनुपर्ने बाध्यता छ । त्यसो गर्दा पश्चिमाले चीन विरोधी भाष्य बनाइरहने र व्याख्या गर्ने गरेको पनि देखिन्छ । यद्यपि, नेपाली नागरिकहरू भने एमसीसी र एसपीपी परियोजनामा राष्ट्रघात भएको र सरोकारवालाहरूलाई सम्बन्धित शक्तिकेन्द्रले आर्थिक तथा अन्य संवेदनशील सवालमा चुनौती दिएकोमा नेपालमा विभिन्ना दलमा संलग्न रहेर दलाली गर्नेहरू छिटै आकर्षित बनी यी परियोजनाहरू नेपालको सार्वभौम संसद्बाट पारित गर्न तयार रहेकोमा स्पष्ट छन् (भण्डारी, २०७९; पृ. २१३) । यो परियोजनामा सुशासन तथा पारदर्शिताको खुबै व्याख्यान गरिए तापनि नेपालको सार्वभौमसत्तालाई कमजोर तथा निकम्मा बनाउन भरपर्दो पात्रको खोजी गरी राज्यको शक्तिलाई आफूअनुकुल प्रयोग गराउने छिमेकीको रणनीतिको रूपमा बुझ्न सकिन्छ । नेपालको सरकारमा संलग्न रहेका दलहरूका जिम्मेवार नेताहरू पहिले यी परियोजना राष्ट्रघाती हुन् भन्दै कुर्लन्थे तर संसद्बाट पारित गर्ने बेलामा तैं चुप मैं चुप गर्दै संसदीय व्याख्याको नाटक गर्न समेत अग्रसर रहे (सहभागी अवलोकन, २०७८ मङ्सिरदेखि २०७९ कार्तिक) । परन्तु संसद्मा सांसद्हरू प्रेम सुवाल (नेमकिपा), डा. भीम रावल (एमाले), गिरीराजमणि पोखरेल (नेकपा, माओवादी) र दुर्गा पौडेल (राजमो नेपाल) ले उक्त परियोजना राष्ट्रघाती भएकोमा खुलेर विरोध गरेका थिए (hr.parliament.gov.np) । यो छिमेकीले गरेको असल तथा उद्दात्त सहयोगलाई अवरुद्ध गराउने र दुरुत्साहनका कार्यलाई प्रोत्साहित गराउन थालिएको एक अवधारणा हो । यस प्रकरणलाई  अरूको काँधमा हतियार बोकाएर प्रतिफलमा मोज गर्ने, मुखमा राम राम र बगलीमा छुराको रणनीति अवलम्बन गर्ने भारतीयसहित पश्चिमा राष्ट्रहरूको चीन नेपाल नीति हो भन्न सकिन्छ (मास्के, २०७९, अन्तर्वार्ता) ।

एसियाली युगमा चीन र भारत विश्वको ठुलो अर्थतन्त्र हुँदा नेपाल पनि धनी देश थियो । लिच्छवि र मल्लकालमा हामी धनी भएको प्रमाण त्यतिबेलाको कला-कौशल र वैभवले पुष्टि गरिसकेको छ । नेपाल धनी हुनुको प्रमुख कारण चीन र भारतकाबिचमा नेपाल 'ट्रान्जिट प्वाइन्ट' थियो । चीन र भारतको पुनःउदय हुँदै गर्दा नेपाल पनि त्यसबाट अछुतो हुन सक्दैन । भारत र चीनको बिचमा नेपाल 'गतिशील पुल' बन्न सक्छ भन्ने मान्यतालाई स्थापित गर्न बीआरआइले ठाउँ दिएको छ । तर यसको मतलव के हो भने एसियाली युगमा जस्तै भारतसँग जोडिने वा भारत सहमत भएको अवस्थामा मात्र नेपालमा बीआरआई सर्वस्वीकार्य रहेको स्पष्ट हुन्छ । नेपाल बीआरआइमा सैद्धान्तिक सहमति भए पनि बीआरआइको विषयवस्तुमा फरक-फरक बुझाइ र मतहरू रहेका छन् । काठमाडौँ-केरुङ-पोखरा-लुम्बिनी रेलमार्गमा मात्र बहस केन्दित भएको छ । यो रेलमार्गको मोडालिटि र लागत नेपालले लगानी गर्न सक्दैन । त्यसैले चीनले अनुदानमा रेलमार्ग बनाइदिनु पर्दछ भन्ने बहस हुन थालेको छ । बीआरआइको रूपरेखामा शतप्रतिशत अनुदान हुँदैन । रेलमार्ग बाहेकका बीआरआईका अन्य परियोजनाहरू तथा विषयवस्तुहरूमा नेपालमा घनीभूत रूपमा बहस बाँकी नै छ । बीआरआईमार्फत नेपाल भुपरिवेष्टितबाट भुजडित हुँदै चीन र भारतकोबिचमा गतिशील पुल बन्न सक्छ भन्ने बलियो मत रहेको छ । सन् २०१७ मा चीनको बेइजिङमा भएको पहिलो बीआरआई सम्मेलनमा तत्कालीन उपप्रधान तथा अर्थमन्त्री कृष्णबहादुर महराको नेतृत्वमा नेपाली टोलीको सहभागिता रहेको थियो ।

राष्ट्रपति विद्यादेवी भण्डारीको बेइजिङ भ्रमणका क्रममा गत अप्रिल २९ मा नेपाल र चीनबिच पारवहन प्रोटोकलमा हस्ताक्षर भएको थियो । बेइजिङमा राष्ट्रपनि भण्डारी र उहाँका चिनियाँ समकक्षी सी जिनपिङबिच ग्रेट हल अफ दि पिपुलमा प्रतिनिधि मण्डल स्तरीय वार्तापछि पारवहन तथा यातायात सम्बन्धी सम्झौता र त्यसको कार्यान्वयन सम्बन्धी प्रोटोकल र अन्य छवटा सम्झौतामा हस्ताक्षर भएको थियो । सम्झौतामा नेपालका तर्फबाट परराष्ट्रमन्त्री प्रदीप ज्ञवाली र चीनका यातायातमन्त्री ली सियाओपेङले हस्ताक्षर गरेका थिए । उक्त प्रोटोकलमा हस्ताक्षरले नेपालले तेस्रो देशको आयातका लागि चारवटा चिनियाँ बन्दरगाहहरू- तियान्जिन, सेन्जेन, र सिगात्से प्रयोग गर्न सम्भव छ । यसले नेपाल र चीनबिच ओलाङ्चुङगोला, किमाथान्का, तातोपानी (कोदारी), रसुवागढी, नेचुङ (कोरला), हिल्सा (गिरि, २०१९) जस्ता छवटा डेडिकेटेड ट्रान्जिट प्वाइन्टबाट नेपाललाई निर्यात गर्न पाउने । परराष्ट्रमन्त्री प्रदीप ज्ञवाली (सन् २०१९) काअनुसार बेइजिङमा राष्ट्रपति भण्डारीको उपस्थितिमा नेपाल र चीनबिच व्यापार तथा पारवहनसम्बन्धी प्रोटोकलमा हस्ताक्षर भएको हो ।

हामी दुवै एक-अर्कासँग जोडिएका छौँ । यातायात संयन्त्रको विकास र विस्तार बिना व्यवहारमा प्रोटोकलहरू लागु गर्न सकिँदैन र प्रोटोकल बिना, सुक्खा बन्दरगाह र बन्दरगाहको अधिकार सुनिश्चित गर्न सकिँदैन । हिमालयन क्रस बोर्डर कोअपरेसन् नेपालको प्रस्ताव थियो र यसको ढाँचामा ६ प्रमुख मुद्दाहरू समावेश छन् । १() क्रस बोर्डर रेलवे, (२) क्रस बोर्डर रोडवे, (३) उड्डयन, (४) सूचना प्रणाली (अप्टिकल फाइबरसहित), (५) बन्दरगाह (सुक्खा बन्दरगाहसहित) र (६) जनतासँगको सम्बन्धको विकास । एमओयुमा गल्छी (धादिङ) देखि तिब्बतको सीमाना रसुवागढीसम्म विद्युत् प्रसारण लाइन विस्तारको आयोजना पनि समावेश गरिएको छ । नेपालको सन्दर्भमा बीआरआई फ्रेमवर्क, प्याकेजमा नेपाल चीन रेलवे, अन्तरदेशीय विद्युत् प्रसारण लाइन, इन्धन, पाइपलाइन, सीमापार आर्थिक क्षेत्र, प्रविधि हस्तान्तरण, कृषि आधुनिकीकरण, पर्यटन प्रवर्द्धन, डिजिटल कनेक्टिभिटी (दुरसञ्चार, इन्टरनेट) जस्ता कुराहरू समावेश छन् । यद्यपि, नेपालमा बीआरआईलाई सामान्यतया चीनसँगको कनेक्टिभिटी भनेर बुझिन्छ । विशेष गरी, बीआरआई नेपालदेखि चीन (तिब्बत स्वायत्त क्षेत्र) सम्मको रेलवे जडानसँग जोडिएको छ किनभने त्यहाँ पहिले नै नेपाललाई चीनसँग जोड्ने पुराना रेसममार्गहरू थिए ।

"आन्तरिक स्रोतसाधनलाई उपयोग गर्न नसकेका र आफ्नो आन्तरिक सक्षमतालाई बुझ्न र परिचालन गर्न नसकेका राज्यहरू पनि छिमेकीको आशा भरोसामा नै दिन विताउने गरिरहेका हुन्छन्" (भण्डारी, २०७९; पृ. २६९) । सङ्ग्रौला (२०७९ साउन ८ गते शोधार्थीले लिएको अन्तर्वार्ता) भारतसँगको नेपालको सम्बन्ध सांस्कृतिक छ तर भिन्न छ । यसको प्रभाव बढी परराष्ट्रनीतिमा पर्दछ । यदि नेपालको राजनीतिक शक्तिले अहिलेको अवस्थालाई बुझेर राष्ट्रलाई एक गरी राजनीतिलाई केन्द्रित गरी अगाडि बढे ठिक होला । तर अहिले जे देखिएको छ यही बाटोमा जाने हो भने अहिले परराष्ट्रमा आएको प्रभाव केही वर्षमा राजनीतिक प्रभावमा परिणत हुन्छ । उनी भन्छन्, राजनीतिक प्रभावपछि क्रमशः आर्थिक प्रभावमा परिणत हुने छ । यसलाई ख्याल नगर्ने हो भने आर्थिक रूपमा असरहरू देख्न थालिने छ । 'बीआरआई पूर्ण रूपमा पराजित भएको अवस्था, एमसीसी पास गर्न राजनीतिक दलहरूले सम्पूर्ण राष्ट्रलाई झुट बोल्न परेको अवस्थामा एमसीसी पास हुँदा साथ एसपीपीको छलफल र एसपीपी बारे सरकारले अमेरिकालाई पत्र लेख्न नसक्ने अवस्थाबाट नेपालको राजनीतिमा सङ्क्रमण भइसकेको छ ।' उनी थप्छन्: "यसका कारण चीनबाट आउने लगानी प्रभावित हुने र भारतले पनि यी राजनीतिक दललाई चुनाव लड्न दिने खर्चबाहेक विकासका लागि आउने सहयोग प्रभावित हुनेवाला छ । यो प्राथमिक चरणमा छ । यसको असर प्रत्यक्ष अर्थतन्त्रमा पर्ने निश्चित छ ।"

आत्मनिर्भर बन्न प्रयत्न नगर्ने राज्यहरूमा छिमेकीहरूको खुल्लम खुला खेल चल्दछ र तिनीहरूले राज्यका सञ्चालकहरूलाई आफू अनुकुल प्रयोग गर्न हदैसम्मको प्रयत्न गरिरहेका हुन्छन् । मास्के (२०७९ साउन २३ गते शोधार्थीले लिएको अन्तर्वार्ता) मा भन्दछन्: “चीन र अमेरिकाबिच तनाव सृजना भएका छन् । उनीहरूले एक आपसमा सहकार्य नगर्ने सम्म भनेका छन् । चीनले मेजर पावर रिलेसन् मान्छ । यसको अर्थ शक्ति राष्ट्र चीन अमेरिका, भारत अमेरिका, भारत चीनबिच एकता र सङ्घर्षको अवस्था छ ।” चीन अमेरिकी टकरावका सन्दर्भमा सोही अन्तर्वाताका क्रममा उनी भन्छन्:

> यी राष्ट्रहरू सिधै युद्धमा जाने स्थिति छैन । जस्तो युक्रेनमा अमेरिका र रुस लडिरहे तर त्यहाँ प्रत्यक्ष लडाइँ छैन । अर्काको काँधमा बन्दुक राखेर लडाइँ भइरहेको छ । चीन त्यस्तो युद्धमा सहभागी हुन्छ कि हुँदैन भन्ने सवाल प्रमुख रूपमा रहेको छ । अमेरिकाले एसिया प्यासिफिकबाट इन्डो प्यासेफिक छाड्नेवाला छैनौं भनिरहेको छ । उसको ध्यान त्यतातिर छ । रुस युक्रेन युद्धमा अमेरिकाको केही शक्ति खर्च भइरहेको छ । यो युद्ध सकिए लगत्तै अमेरिका एसिया प्यासेफिकमा केन्द्रित हुने सम्भावना देखिन्छ ।

राज्यका आन्तरिक स्रोतसाधनहरूको उचित परिचालन तथा उपयोग विना नेपाललाई आर्थिक, प्राविधिक तथा सांस्कृतिक रूपमा खँदिलो बनाउन निकै कठिन हुन्छ । राज्यका समग्र स्रोत साधनहरूको उपयोग तथा परिचालन विना राज्य आत्मनिर्भर बन्न सक्दैन । यसका लागि नागरिकहरूमा एकमनको एकता र नेतृत्वमा गम्भीर सुझबुझ हुन जरुरी हुन्छ । अवसरवादी र बोली फेरुवा नेतृत्व हरेक राज्यका लागि अभिशाप नै हुन्छ । जनताप्रति वफादार नेपालका राजनीतिक दल, प्राज्ञिक व्यक्तित्वहरू तथा सार्वभौम चेत भएका सबै सचेत नागरिकहरूले राष्ट्रको सार्वभौमिक अखण्डतालाई मजबुत बनाउन संवेदनशील हुँदै सुझबुझपूर्ण रूपमा आआफ्नो क्षेत्रमा जिम्मेवारीपूर्वक सक्रिय रहनु जस्ता कार्यले मात्र नेपालको बृहत्तर हितलाई सम्बोधन गर्ने छ । यसका लागि अरूलाई दोष दिएरमात्र कोही पनि उम्किन सक्ने स्थिति रहँदैन, सबै नागरिकहरूले आआफ्नो योग्यता र क्षमताले देश र जनताको हितमा आवश्यक सुझबुझपूर्ण पहल चाल्न जरुरी हुन्छ ।

मास्के (२०६९ साउन २३ गते, अन्तर्वार्ता) ‘बीआरआई चीनको आर्थिक कूटनीति हो । चीनले बाओफोरमको लास्ट मे मा ग्लोबल सेक्युरिटी इनिसियटिभ गऱ्यो । चीनले त्यसमा सहभागी बन भने नेपालले स्वीकार गर्न हुँदैन । त्यसैले चीन र भारत इन्डोप्यासेफिकका कारण

नेपाल केन्द्रमा रहेको छ' भन्दछन् । नेपालमा अमेरिकीहरूको बाक्लो भिजिट भएको छ । अमेरिकीहरू तिब्बती शरणार्थी क्याम्पमा समेत पुगेका छन् । उनको विचारमा:

> ...नेपालको परराष्ट्र मन्त्रीले थाहा छैन भन्छन् । हामीले हाम्रो तटस्थ परराष्ट्रनीति अवलम्बन नगरे नेपाल चीनबिचमा समस्या समस्या आउन सक्दछन् । चीनसँग मुख्यतः सुरक्षा, बीआरआईबारे हाम्रो नीति के हो ? चीनले ऋण दिएर पासोमा पार्दछ भन्ने गलत हल्ला फैलाइएको छ । चीनसँग हामीले ऋण कतिमा लिने ? सरकारले प्रस्ट राख्न पऱ्यो । चीन मानेन भने जनताले बुझ्दछन्, तर अमेरिकाको पछि लागेर बीआरआईको बारेमा अनावश्यक कुरा भइरहेको छ (२०७९ साउन २३ गते, अन्तर्वार्ता) ।

नेपालीहरूले आफ्ना असल नेतृत्व, छिमेकीहरू र जनहितका सवालहरूमा गम्भीर बनी सार्वभौमसत्तालाई अक्षुण राख्न सधैँ चनाखो रहेर हितकारी मित्रहरूसँगको सम्बन्धलाई अझ मजबुत बनाउन सक्षम पेसागत कूटनीतिलाई अवलम्बन गर्नु जरुरी छ । यसबाट नेपाली नागरिकहरूले छिमेकीहरूका असल कार्यहरूबाट लाभ लिने छन् । यस सम्बन्धमा हमाल ( २०७९ साउन ९ गते, अन्तर्वार्ता) मा भन्छन्: "जब चीनले आर्थिक, अन्तर्राष्ट्रिय सम्बन्ध तथा सामरिक क्षेत्रमा उसले गरेको विकासले अमेरिका र चीनबिच प्रतिस्पर्धा देखापर्न थाल्यो । यससँगै रुसले पनि आर्थिक सामरिक क्षेत्रमा पुनः विकास गर्न थाल्यो र उसले पनि विश्व व्यवस्थामा आफ्नो स्थान खोजिरहेको छ ।" यस स्पर्धाका कारण विभिन्न शक्तिका बिच तनाव देखा परिरहेको छ । उनी स्पष्ट पार्दछन्: "चीनले बीआरआईमार्फत विश्वव्यापी सञ्जाल खडा गर्ने सोंच बनाए अमेरिकाले त्यसलाई रणनीतिक रूपमा रोक्न खोजिरहेको छ । त्यसको परिणाम इण्डोप्यासेफिक स्ट्राटेजी, क्वाड, अकुस जस्ता रणनीतिक योजना प्रस्तुत गरेको छ जसका कारण उनीहरूबिचमा तनाव सृजना भएको छ ।"

नेपालको संवेदनशील भूराजनीतिक अवस्थितिका कारण पछिल्लो चरणमा नेपालमा चीन, भारत र अमेरिकाको त्रिकोणात्मक भूराजनीतिक प्रतिस्पर्धा देखिन्छ । भारत र अमेरिकाको संयुक्त गठजोडले नेपालमा चिनियाँ प्रभावलाई कमजोर बनाउँन र बीआरआईको कार्यान्वयनमा पनि प्रभाव परिरहेको देखिन्छ । सन् २०१७ मा औपचारिक रूपमा बीआरआईमा संलग्न भएको नेपालले अहिलेसम्म एउटा पनि परियोजना अगाडि बढाउन सकिरहेको छैन । यसका पछाडि नेपाल सरकारको अकर्मण्यता र कर्मचारीतन्त्रको पुरानो मानसिकता जति जिम्मेवार देखिन्छ त्यो भन्दा बढी भूराजनीतिक प्रभाव देखिएको छ । सन् २०१६ मा नेपाल र चीनबिच सम्पन्न व्यापार र पारवहन सन्धिका कारण भारत नेपालसँग थप सशङ्कित बन्न थाल्यो भने अमेरिकाले

थप चासो देखाउन थाल्यो । एमसीसीमार्फत नेपालमा बढ्दो चिनियाँ प्रभावलाई कम गर्ने र त्यसका लागि नेपाललाई इन्डोप्यासिफिक रणनीतिमा सहभागी बनाउने नीति अमेरिकाले प्रत्यक्ष रूपमा अवलम्बन गरिरहेको छ । अन्तर्राष्ट्रिय रूपमा आफूसँग प्रत्यक्ष प्रतिस्पर्धा गरिरहेको अमेरिका एमसीसीमार्फत नेपालमा सक्रिय हुन खोजेको कुरा चीनलाई मन परेको छैन जसका कारण एमसीसीलाई नेपालको संसद्बाट पारित हुन नदिन चीनले नेपालमा देखिने गरी कूटनीतिक मर्यादालाई बिर्सेर विभिन्न प्रकारका दबाब सिर्जना गरेको थियो । नेपालका लागि तत्कालीन चिनियाँ राजदूत होउ यान्छीले एमसीसी नेपालको संसद्बाट पारित हुन नदिन खुल्ला रूपमा राजनीतिक सक्रियता देखाउँदै विभिन्न दलका नेता तथा मिडियाकर्मीहरूलाई प्रत्यक्ष दबाब दिनुलाई नेपालको आन्तरिक मामिलालाई खुल्ला हस्तक्षेपका रूपमा लिन सकिन्छ भन्ने मत विभिन्न राष्ट्रिय मिडिया र कूटनीतिक क्षेत्रका विज्ञहरूले व्यक्त गरेको पाइन्छ । यो सत्य हो कि एमसीसी सही वा गलत के हो ? यसलाई लागु गर्ने वा नगर्ने भन्ने सवाल नेपालको आन्तरिक मामिला हो भन्ने बुझेर पनि चीन नेपालको आन्तरिक मामिलामा चासो देखाई नेपालबारे थप सक्रिय हुन खोजेको देखिन्छ । चीनको सक्रियताका बाबजुद पनि बाह्रबुँदे व्याख्यात्मक टिप्पणीसहित संसद्बाट एमसीसी पास भएसँगै चिनियाँ प्रयास असफल सवित हुन पुग्यो । अर्को तर्फ निरन्तर एमसीसीका विरुद्ध सडकमा रहेको नेकपा माओवादी केन्द्र एकाएक एमसीसीको पक्षमा उभिन पुग्यो र उसले एमसीसी पास गर्न निर्णायक भूमिका खेल्यो । अन्तर्राष्ट्रिय शक्तिकेन्द्रको प्रतिस्पर्धालाई नेपाली घरेलु राजनीतिले थेग्न नसकेर बीआरआई वा एमसीसी दुवै परियोजना विभिन्न विवादका बावजुद पनि नेपाल यसलाई लागु गर्न बाध्य भएको छ । यतिबेला नेपालले अमेरिका, चीन वा भारत जो कसैको पनि दबाब र प्रभावमा नपरी आफ्नो स्वतन्त्र निर्णय गर्न सक्ने क्षमताको विकास गर्नुपर्दछ ।

# अध्याय - सात

# सारांश र निष्कर्ष

## ७.१ विषयपरिचय

सारंश र निष्कर्ष शीर्षकको प्रस्तुत अध्यायमा यस शोध प्रबन्धको सारांश र निष्कर्ष प्रस्तुत गरिएको छ । यस क्रममा सारांश अन्तर्गत यसअगिका अध्यायमा विवेचना गरिएका विषयवस्तुको सारांश प्रस्तुत गरिएको छ भने निष्कर्ष अन्तर्गत सम्बद्ध विषयको विवेचनाबाट प्राप्त हुन आएका निचोडहरू प्रस्तुत गरिएका छन् । त्यसैले यो अध्याय यस शोधप्रबन्धको सङ्क्षिप्त एवम् उपलब्धिपूर्ण अध्यायका रूपमा रहेको छ ।

## ७.२ सारांश

प्रस्तुत शोधकार्यको प्रमुख उद्देश्य गणतन्त्र स्थापनापश्चात् नेपाल र चीनबिचको ऐतिहासिक सम्बन्ध र नयाँ आयामबारे चर्चा गर्दै बदलिएको परिस्थितिमा दुई देशबिचको सम्बन्ध कस्तो रहनुपर्ला भनी विश्लेषण गर्नु रहेको छ । परिवर्तित राजनीतिक परिस्थितिसँगै नेपाल चीनबिचको सम्बन्ध रणनीतिक रूपमा कसरी नयाँ दिशामा अगाडि बढिरहेको छ भन्नेबारे अगिल्ला अध्यायमा चर्चा भइसकेको छ । विश्वको उदाउँदो शक्ति राष्ट्र चीन विश्व राजनीतिको प्रमुख शक्ति हो । नेपालसँगको चीनको चासो र सरकारलाई नेपालले आफ्नो राष्ट्रिय स्वार्थमा असर नपर्ने गरी कसरी सम्बोधन गर्न सक्ला ? एसियाका दुई उदाउँदा शक्ति राष्ट्रकाबिचमा रहेको नेपालले चीनसँगको रणनीतिक साझेदारीसहितको सहकार्यलाई कसरी अगाडि बढाउन सक्ला ? यस परिस्थितिमा नेपाल र चीनबिचको सम्बन्धमा विकसित नयाँ आयाम बारेमा खोज गर्नु यस शोधकार्यको प्रमुख उद्देश्य रहेको छ । यस शोधकार्यको मुख्य उद्देश्य निम्नानुसार रहेका छन्:

(१) नेपाल चीनबिच सम्बन्धका ऐतिहासिक तथ्यहरूको अध्ययन गर्नु ।

(२) गणतन्त्र स्थापनापश्चात् नेपाल चीन सम्बन्धमा विकसित नयाँ आयामहरूको विश्लेषण गर्नु ।

(३) बदलिँदो परिस्थितिमा नेपाल चीन सम्बन्धको मूल्याङ्कन गर्नु ।

नेपालमा गणतन्त्र स्थापनापश्चात् नेपाल चीनबिच विकास भएको नयाँ सम्बन्ध रणनीतिक साझेदारीका तहमा पुगेको छ । ऐतिहासिक सम्बन्धको मूल्याङ्कन तथा कूटनीतिक व्यवहार तथा प्रयोगबारे क्रोनोलोजिकल अर्डरमा दुई देशबिचको सम्बन्धको नयाँ आयामहरूका

बारेमा प्रथम र द्वितीय स्रोतका आधारमा मूल्याङ्कन गरिएको छ । नेपाल चीनबिचको सम्बन्धका नयाँ आयामहरूका बारेमा नेपालको समग्र कूटनीतिक क्षेत्र, राजनीतिज्ञ, नीति निर्माता, अनुसन्धान कर्ता, सुरक्षा विज्ञलगायत सबै सरोकारवालाहरूले नयाँ उचाइबाट अध्ययन अनुसन्धान तथा बहस गर्नु जरुरी छ । गणतन्त्र स्थापनाभन्दा पहिले नेपाल चीन सम्बन्धका बारेमा गरिएका अध्ययन अनुसन्धान तथा लेखिएका सामग्रीहरूले परिवर्तित सन्दर्भको खाँचोलाई प्रभावकारी ढङ्गबाट पूरा गर्न सक्दैनन् । त्यसैले नयाँ विकसित सम्बन्धका आयामहरूका बारेमा नयाँ आधारमा अध्ययन अनुसन्धान तथा व्याख्या-विश्लेषण जरुरी छ । यही खाँचोलाई यस शोधकार्यले सहयोग पुगेको छ भन्ने विश्वास लिइएको छ ।

गणतन्त्र स्थापनापश्चात् नेपाल चीन सम्बन्धमा विकसित नयाँ आयामहरूलाई नेपाल चीन सम्बन्धको ऐतिहासिक मूल्याङ्कन तथा कूटनीतिको व्यावहारिक प्रयोग बारेमा सैद्धान्तिक एवं व्यावहारिक पक्षबाट यसमा विश्लेषण गरिएको छ । मुख्यतः गणतन्त्र स्थापनासँगै नेपाल चीन सम्बन्धका सीमाहरू तथा नेपालका नीति निर्माता, राजनीतिज्ञ, सचेत बौद्धिक समुदाय, अन्तर्राष्ट्रिय सम्बन्धका अध्येता तथा विज्ञ, इतिहास तथा राजनीति सुरक्षा विज्ञहरूका समेत धारणाले नेपाल चीन सम्बन्धको समग्र कूटनीतिमा प्रभाव पारेको देखिन्छ । नेपाल चीनबिचको मैत्रीपूर्ण सम्बन्धको इतिहास धेरै लामो छ । इतिहासविद्हरूको भनाइमा दुई देशबिचको सम्बन्ध नेपालबाट बुद्धधर्म चीनमा प्रवेश गरेको समयदेखि नै प्रगाढ बन्दै गइरहेको छ । इसाको पहिलो शताब्दीदेखि नै चीनमा बुद्धधर्मको प्रचार-प्रसार हुन थालेको थियो । त्यहि समयदेखि नै चीनका बौद्ध भिक्षुहरू बुद्धको जन्मभूमि नेपाल आउन थाले र बुद्धधर्म र दर्शनका बारेमा अध्ययन गरी त्यसको प्रचार प्रसार चीनमा गर्न थाले । यस समयसँगै नेपाल चीनबिचको सम्बन्ध प्रगाढ बन्दै गएको पाइन्छ ।

नेपाल एसियाका दुई ठुला उदीयमान शक्तिराष्ट्रहरूका बिचमा रहेको विकासोन्मुख देश हो । दुई विशाल छिमेकीसँग कस्तो कूटनीतिक सम्बन्ध रहनुपर्दछ भन्ने सम्बन्धमा नेपाल सदा सचेत रहँदै आएको पाइन्छ । नेपालको भूराजनीतिक अवस्थिति ऐतिहासिक अनुभव, सामाजिक तथा सांस्कृतिक पृष्ठभूमि, आर्थिक अवस्था, राष्ट्रिय, अन्तर्राष्ट्रिय परिस्थिति र आन्तरिक राष्ट्रिय राजनीतिक परिस्थिति समेतका आधारमा नेपालको परराष्ट्रनीतिको विकास भएको पाइन्छ । आधुनिक नेपालको निर्माणसँगै नेपालको परराष्ट्रनीति तथा वैदेशिक सम्बन्ध नयाँ ढङ्गले विकसित भएको छ । तत्कालीन परिस्थितिमा नेपालको उत्तरी क्षेत्र हिमालको काखमा रहेको तिब्बतमा चीनको प्रभावकारी उपस्थिति र दक्षिणी भारतमा बेलायती साम्राज्यको उपनिवेश रहेको अवस्थामा नेपालले दुवै शक्तिसँग सतर्कतापूर्वक आफ्नो अस्तित्व रक्षाका लागि समदुरीको

सम्बन्ध कायम राख्दै आएको पाइन्छ । खासगरी नेपाल एकीकरणका नायक पृथ्वीनारायण शाहले समदुरीको नीतिलाई सुरुवात गरे तापनि राणाशासनको उदयसँगै राणा प्रधानमन्त्री जङ्गबहादुर राणाले यस नीतिका विरुद्ध भारतस्थित अङ्ग्रेजहरूको पक्षपोषण गर्ने नीति अवलम्बन गर्न पुगे । अङ्ग्रेजलाई खुसी पारी शासनसत्ता सञ्चालन गर्ने जङ्गबहादुरको नीतिले नेपालले अवलम्बन गर्दै आएको असंलग्न नीति संलग्नतामा बदलिन गई नेपाल अन्तर्राष्ट्रिय जगत्बाट अलग्गिन पुग्यो ।

राणाहरूको अलगाववादी नीतिका कारण नेपाल लामो समयसम्म सन्तुलित अन्तर्राष्ट्रिय सम्बन्धबाट वञ्चित भयो । सन् १९४७ मा अङ्ग्रेजको उपनिवेशबाट भारत स्वतन्त्र भएपछि नेपालले चीनसँग टुटेको सम्बन्धलाई जोड्ने कोसिस गऱ्यो । सन् १९४६ मा नेपालले चीनसँगको सम्बन्धलाई पुनः सुचारू गर्न एउटा प्रतिनिधि मण्डल चीन पठायो । यसका साथै अमेरिका र पश्चिमा मुलुकसँगको सम्बन्धमा विकास गर्दै संयुक्त राष्ट्रसङ्घमा सहभागी भई अगाडि बढ्ने नीति लिन थाल्यो । अङ्ग्रेजको उपनिवेशबाट भारत मुक्त भएसँगै अङ्ग्रेजको आड भरोसामा नेपालको सत्तामा टिकेका राणाहरू पनि कमजोर बन्दै गए । कमजोर राणाहरूका विरुद्धमा नेपालमा लोकतन्त्रका पक्षमा आन्दोलन सुरु भई २००७ सालको क्रान्तिले नेपालमा १०४ वर्षे लामो जहानियाँ राणाशासनको अन्त्य भयो र नेपालमा संसद्वादी व्यवस्थाको प्रारम्भ भयो । २००७ सालमा नेपालमा सम्पन्न क्रान्तिबाट जनताद्वारा चुनिएका प्रतिनिधिमार्फत शासन सञ्चालन गर्ने लोकतान्त्रिक व्यवस्थासँगै नेपालले स्वतन्त्र असंलग्न परराष्ट्रनीतिको सुरुवात गऱ्यो र लोकतन्त्रको उदयसँगै उत्तरी छिमेकी चीनसँगको नेपालको सम्बन्ध विकसित हुँदै गयो । चीनसँगको नेपालको बढ्दो सम्बन्धलाई दक्षिणी छिमेकी भारतले सहज रूपमा लिएन । अङ्ग्रेजको उपनिवेशबाट स्वतन्त्र भएको भारतले छिमेकी देशको स्वतन्त्रता र राष्ट्रिय स्वाधीनतालाई सम्मान गर्न सकेन जसका कारण भारतले नेपाल, सिक्किम, भुटान, काश्मीरजस्ता राष्ट्रहरूलाई आफ्नो नियन्त्रणमा राखी तिब्बतविरुद्ध घेराबन्दी गर्ने नीति अवलम्बन गर्न थाल्यो । भारतको यो नीति बुझेको चीनले नेपालसँगको सम्बन्धलाई पञ्चशीलको सिद्धान्तका आधारमा बलियो र सुमधुर बनाउँदै लैजाने नीति लियो ।

नेपालमा गणतन्त्रको स्थापनासँगै नेपालको बदलिदो राजनीतिक अवस्थामा छिमेकीहरूको स्वार्थ थप बलियो हुँदै आएको छ । यसबाट नेपालको सन्तुलित परराष्ट्र नीतिमाथि प्रभाव पार्ने खतरातर्फ पनि सचेत रहनुपर्दछ । दक्षिण एसियामा विद्यमान भाषिक, सांस्कृतिक र धार्मिक सम्बन्ध भारतसँग मिल्दोजुल्दो रहेकाले दक्षिण एसियाली राष्ट्रहरूको सम्बन्ध आफूसँग हुनुपर्दछ भन्ने भारतीय शासकीय मानसिकता बलियो देखिन्छ । सन् १९५५

अगष्ट १ तारिखका दिन नेपाल र चीनबिच औपचारिक रूपमा कूटनीतिक सम्बन्ध स्थापना भएसँगै नेपाल र चीनबिच आर्थिक, सुरक्षालगायत समग्र कूटनीति थप विकसित र बलियो हुँदै गएको छ । दलाइ लामाको स्वतन्त्र तिब्बतको अभियानलाई खुल्ला रूपमा साथ दिँदै आएको भारतले, तिब्बतविरोधी गतिविधिलगायत अन्तर्राष्ट्रिय दाउपेचलाई बढावा दिने नीतिको प्रभाव नेपालमा पनि पर्ने गरेको छ भन्ने कुरा चीनले राम्रोसँग बुझ्केकाले नेपाली भूमि चीनका विरुद्ध प्रयोग हुन नपाओस् भन्ने सम्बन्धमा चीन सदा सचेत रहेको छ । दलाइ लामाको स्वतन्त्र तिब्बत आन्दोलनका गतिविधिहरू नेपाल र चीनबिचको सीमाक्षेत्रमा मात्र नभई नेपालका अन्य भागहरूमा पनि यदाकदा हुने गरेकाले चीनले आफ्नो कूटनीति तथा उच्च स्तरीय भ्रमणमार्फत नेपाललाई सचेत गराउँदै आएको छ । नेपालको भूराजनीतिक अवस्थालाई उपयोग गरेर तिब्बत विरुद्धको गतिविधि नहोस् भन्नेमा चीन गम्भीर देखिन्छ ।

सन् १९७४ मा नेपालको भूमि उपयोग गर्दै चीनसँग सीमाना जोडिएका मुस्ताङलगायतका हिमाली जिल्लाहरूमा तिब्बत विरुद्ध खम्पाहरूले विद्रोह गरेका थिए र उक्त विद्रोहलाई नेपालले सेना प्रयोग गरी निर्मुल गरेको थियो । यस घटनाबाट नेपाल र चीन दुवै राष्ट्रले शिक्षा लिएर अगाडि बढ्नुपर्ने देखिन्छ । नेपालको भू-संवेदनशीलतालाई ध्यानमा राखेर चीनका राष्ट्रपति सी जिनपिङ्गले नेपालको नवौँ गणतन्त्र दिवसको अवसरमा शुभकामना सन्देश पठाउँदै "नेपाल चीनबिचको सम्बन्ध ओठ र दाँतको जस्तो रहेको" उल्लेख गरेका थिए । राष्ट्रपति सीको यो सन्देशले नेपाल र चीनबिचको सम्बन्ध नङ्ग र मासुको जस्तो रहेको देखिन्छ । दुई देशबिचको यस प्रकारको सम्बन्ध गणतन्त्र स्थापनासँगै रणनीतिक सम्बन्धमा विकास भएको छ । सन् २०१९ अक्टुबर १२ र १३ मा नेपालका राष्ट्रपति विद्यादेवी भण्डारीको निमन्त्रणामा चिनियाँ राष्ट्रपति सी जिनपिङले गरेको दुईदिने राजकीय भ्रमणको अवसरमा दुई देशबिच भएको २० बुँदे सम्झौतामा नेपाल र चीनबिच रणनीतिक सम्बन्ध कायम गरेर जाने उल्लेख गरिएको छ । गणतन्त्र स्थापनापश्चात् नेपाल चीनको भूराजनीतिक अवस्थिति दुई ठुला शक्तिशाली छिमेकीसँगका अन्तरसम्बन्धित विषयहरू र नेपालको परराष्ट्रनीतिमा पार्ने असरका सम्बन्धमा यो केन्द्रित रहेको छ ।

प्रस्तुत शोधप्रबन्धमा चीनसँगको नेपालको विकसित कूटनीतिक सम्बन्ध र नेपालमा नेपालसम्बन्धी चीनको सक्रिय नीतिका कारण यसले क्षेत्रिय स्तर र नेपालको समग्र कूटनीतिमा पार्ने प्रभावका बारेमा विभिन्न स्रोत र तथ्यहरूलाई आधार बनाएर विश्लेषण गरिएको छ । गणतन्त्र स्थापनापश्चात् नेपाल चीन सम्बन्धमा चीनको नेपाल नीतिमा तटस्थतादेखिन्छ । नेपालको आन्तरिक मामलामा हस्तक्षेप नगरी नेपालको आन्तरिक विवादबाट टाढा रहँदै आएको

चीनले नेपालबाट २४० वर्ष पुरानो राजतन्त्रको अन्त्यसँगै सुरु भएको सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई स्वागत गर्दै, नेपालसँगको सम्बन्धलाई थप गतिशील र सक्रिय बनाएको पाइन्छ। चीनको नेपालसँगको कूटनीतिक सम्बन्धको प्रमुख चासो र सरोकार भनेको सुरक्षा हो जसका कारण चीनले नेपालमा सुरक्षा क्षेत्रमा विशेष चासो व्यक्त गर्दै आएको पनि छ। नेपालको समग्र विकाससहित सुरक्षाक्षेत्रमा वृद्धि भएको चिनियाँ सहयोग र लगानीलाई यसै दृष्टिकोणबाट हेर्न सकिन्छ। सन् २०१९ पछि दुई देशबिचको सम्बन्ध रणनीतिक रूपमा अगाडि बढाउने निर्णय भएसँगै दुई देशबिचको सम्बन्धमा नयाँ आयाम थपिएको छ। गणतन्त्र स्थापनासँगै नेपालमा चीनले गरेको आर्थिक भौतिक सहयोगलाई लिएर चीनविरोधी शक्ति राष्ट्रहरूले नेपालमा चिनियाँ प्रभावको रूपमा अर्थ लगाउने गरेका छन्। खासगरी भारतले नेपालको चीनसँगको बढ्दो सम्बन्धलाई रुचाएको छैन। भारतले निरन्तर रूपमा नेपालसँगको रोटीबेटीको सम्बन्ध विशेष प्रकारको रहेकाले नेपाल भारतसँग बढी निर्भर रहोस् भन्ने चाहना देखाउँदै आएको छ। अर्कोतर्फ चीनले नेपालमा आफ्ना विरुद्धमा गतिविधि नहोउन् र नेपालले एक चीन नीति दृढतापूर्वक कार्यान्वयन गरोस् भन्ने चाहना राखेको छ।

चीनले आफ्नो कूटनीतिको एउटा अङ्गका रूपमा रहेको चिनियाँ सपना बेल्ट एण्ड रोड इनिसियटिभ (बीआरआई) परियोजनामा नेपालले सहभागिता जनाइसकेको छ। यस परियोजना अन्तर्गत चीनले नेपालको आर्थिक विकास, भौतिक पूर्वाधार तथा कनेक्टिभिटीमा विशेष जोड दिँदै आएको छ। पछिल्लो चरणमा दुई देशबिचको भ्रमण कूटनीतिमा वृद्धि हुँदै आएको छ। यसप्रकारको भ्रमण कूटनीतिमा मुख्यतः राजनीति र सुरक्षाक्षेत्रले प्रमुखता पाएको देखिन्छ। गणतन्त्र स्थापनापश्चात् नेपालको चीनसँगको सम्बन्ध रणनीतिक रूपमा विकास भइसकेकोले नेपालको समग्र कूटनीतिमा नयाँ तरङ्ग र चुनौतीहरू सृजना भएका छन्। खासगरी भारतले नेपाल-चीन सम्बन्धमा विकसित भएको रणनीतिक सम्बन्धका बारेमा व्यक्त गरेका चिन्ता र चासोले भारतले नेपालको आन्तरिक मामलामा अहिले पनि चलखेल गरिरहेको पुष्टि भएको छ। इतिहासका विभिन्न कालखण्डमा नेपाल र चीनबिचको कूटनीतिक सम्बन्धमा विभिन्न उतार चढाव आए तापनि औपचारिक रूपमा कूटनीतिक सम्बन्ध स्थापना भएपश्चात् दुई देशबिचको सम्बन्ध विवादरहित रहँदै आएको देखिन्छ। गणतन्त्र स्थापनापश्चात् नेपाल चीनबिचको कूटनीतिक सम्बन्ध रणनीतिक सम्बन्धको रूपमा विकास भएको छ। सन् २०१९ अक्टोबर १२ र १३ गते भएको चीनका राष्ट्रपति सी जिनपिङको दुईदिने नेपालको राजकीय भ्रमणका क्रममा दुई देशबिच २० बुँदे सम्झौता पत्रमा हस्ताक्षर भयो। उक्त सम्झौतामा नेपाल चीनबिचको कूटनीतिक सम्बन्ध रणनीतिक रूपमा अगाडि बढाउने उल्लेख छ। नेपाल चीनबिचको

कूटनीतिक सम्बन्ध असंलग्न परराष्ट्रनीति र पञ्चशीलको सिद्धान्तका आधारमा राष्ट्रिय स्वार्थ र सुरक्षालाई केन्द्रमा राखेर अगाडि बढेको छ । नेपालले आफ्नो कूटनीतिक अभ्यास गर्दा आफ्ना दुवै छिमेकी चीन र भारतसँग सन्तुलित र समदुरीका आधारमा गर्ने प्रयास गरेको पाइन्छ । फरक विचार दर्शनमा आधारित शासनव्यवस्था सञ्चालन गरेका दुई छिमेकीहरूसँग होसियारीपूर्वक सन्तुलित सम्बन्ध कायम राख्न नसक्दा र उनीहरूको चासोलाई ख्याल नगर्दा कूटनीतिक सम्बन्धमा समस्या आउन सक्दछ । नेपालले चीनको कूटनीतिको प्रमुख एजेण्डामध्ये चिनियाँ सपनाको रूपमा रहेर अगाडि बढेको बेल्ट एण्ड रोड इनिसिएटिभ परियोजनामा सन् २०१७ मार्चमा सहभागिता जनाएको छ । सन् २०१६ मा नेपालका प्रधानमन्त्री के.पी.ओलीले चीनको भ्रमण गरी दुई देशबिच व्यापार तथा पारवहन सन्धिमा हस्ताक्षर गरे । उक्त सन्धिसँगै नेपाल भूपरिवेष्टित राष्ट्रबाट भुजडित राष्ट्रमा रूपान्तरित भएको थियो ।

गणतन्त्र स्थापनासँगै नेपाल र चीनबिच भ्रमण कूटनीति सक्रिय रूपमा अगाडि बढेको छ । दुई देशबिच भएका उच्चस्तरीय भ्रमणहरूले दुई देशबिचको सम्बन्धलाई थप सुदृढ बनाउन बल पुगेको छ । चीनका राष्ट्रपति सि जिनपिङ र नेपालका राष्ट्रपति विद्यादेवी भण्डारीले एकअर्काका मुलुकको भ्रमण गरी दुई देशबिचको सम्बन्धमा नयाँ आयामहरू थप्ने काम गरेका छन् । दुई देशबिच भएका उच्चस्तरीय भ्रमणबाट नेपालमा चिनियाँ लगानी तथा सहयोग उल्लेखनीय रूपमा अभिवृद्धि भएको पाइन्छ । यसलाई नेपालमा चिनियाँ प्रभावको रूपमा अर्थ लगाउने गरेको पनि पाइन्छ । सन् २०१५ मा भारतले नेपाल विरुद्ध गरेको अघोषित नाकाबन्दीका कारण नेपालको समग्र आर्थिक क्षेत्रमा गम्भीर असर पर्नुका साथै नेपाली जनताको दैनिक जीवन सङ्कटपूर्ण बन्दै गयो । यस्तो सङ्कटपूर्ण स्थितिमा मित्रराष्ट्र चीनले नेपालमाथि परेको समस्या समाधान गर्न विविध प्रकारको आर्थिक तथा भौतिक सहयोग गरी असल छिमेकीको व्यवहार प्रदर्शन गरेको थियो । नेपाल चीनको गम्भीर सुरक्षा चासोप्रति संवेदनशील छ । एक चीन नीतिप्रति अडिग नेपालले चीन विरुद्ध आफ्नो भूमि प्रयोग हुन नदिने प्रतिबद्धता जाहेर गरेको छ र चीनविरोधी गतिविधिलाई निस्तेज पार्दै आइरहेको छ ।

नेपालको विकास र समृद्धिका नाममा चीन विरोधी शक्तिकेन्द्रहरूले नेपालमा नरम शक्तिको प्रयोगमार्फत तिब्बतविरोधी गतिविधि गर्न नपाऊन् भन्नेमा चीन सचेत देखिन्छ र नेपाल चीनको यो चिन्ता र चासोप्रति संवेदनशील रहेको छ । नेपालले आफ्नो भौगोलिक अवस्थिति र पछौटे आर्थिक अवस्थाका कारण वैदेशिक लगानी आकर्षित गर्न सकिरहेको छैन । गणतन्त्र स्थापनापश्चात् नेपालको छिटो विकास गर्ने चाहना र त्यसका लागि वैदेशिक लगानी भित्र्याउने सरकारी नीतिका कारण चीनले नेपालमा आर्थिक लगानी वृद्धि गरिरहेको छ ।

खासगरी भौतिक पूर्वाधार निर्माण, औद्योगिक उत्पादन, जलविद्युत्लगायतका क्षेत्रमा अन्य देशको तुलनामा चिनियाँ लगानी बढिरहेको छ । नेपाल असंलग्न परराष्ट्रनीति अवलम्बन गरेको राष्ट्र हो तर नेपालको आन्तरिक राजनीतिमा भारतीय दबाबका कारण नेपालको सन्तुलित नीतिमा परिवर्तन आउने हो कि भन्नेबारे चीनको चासो रहेको देखिन्छ ।

नेपाल र चीनबिच सुरक्षा कूटनीतिमा भएको विकास अर्को महत्त्वपूर्ण आयाम हो । नेपालले परम्परागत रूपमा भारत र अमेरिकासँग सैनिक सहकार्य गर्दै आएको थियो । यी राष्ट्रहरूसँग नेपाली सेनाको संयुक्त सैन्य अभ्यासं हुँदै आएकोमा सन् १९१७ मार्चदेखि चिनियाँ जनमुक्ति सेना र नेपाली सेनाबिच "सगरमाथा मित्रता २०१७" का नाममा संयुक्त सैन्य अभ्यास सुरु भएको छ । यसका साथै दुई देशबिच सुरक्षा भ्रमण समेत हुने गरेका छन् । जसले गर्दा दुई देशबिचको सुरक्षा संयन्त्र थप बलियो हुँदै गएको पाइन्छ । नेपाल र चीनबिच सुरु भएको सैन्य अभ्यासले सुरक्षा सहकार्य र अनुभवहरू आदान-प्रदान गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ । चीनले आफ्नो सीमा क्षेत्रमा नेपालको सुरक्षा निकायलाई बढी प्रभावकारी र साधनस्रोत सम्पन्न बनाउन विशेष सहयोग गरिरहेको छ । नेपाल र चीनबिचका सहकार्यात्मक गतिविधिहरूबाट निम्नअनुसार भूमिका खेलेको देखिन्छः

(१) नेपालको भूराजनीतिक स्थिति र ऐतिहासिक अनुभवका साथै सामाजिक, सांस्कृतिक पृष्ठभूमि र आफ्नै राजनीतिक आर्थिक परिस्थितिका बिचबाट नेपालले आफ्नो परराष्ट्रनीति तथा कूटनीतिक सम्बन्धको विकास गर्दै आएको छ । आधुनिक नेपाल निर्माणसँगै यो थप परिस्कृत हुदै आएको छ । तत्कालीन परिस्थितिमा उत्तर भोट ( तिब्बत) चीनको प्रभावकारी उपस्थिति दक्षिण भारतमा अङ्ग्रेजहरूको बलियो उपस्थिति रहेको अवस्थामा नेपालले सतर्कतापूर्वक दुवै शक्तिसँग सम्बन्ध राख्न सफल भएको थियो । खासगरी नेपाल एकीकरण प्रक्रिया सँगसँगै उत्तरी र दक्षिणी छिमेकी शक्तिसँग समदुरीको सम्बन्ध कायम राख्दै अगाडि बढ्ने पृथ्वीनारायण शाहको वस्तुवादी नीतिलाई पृथ्वीनारायण शाहको शेषपछि उनकै वंशज र उत्तराधिकारीहरूबाट परिवर्तन गर्ने काम भयो जसका कारण भारतस्थित अङ्ग्रेजहरूसँग सम्बन्ध र विश्वास आर्जन गर्ने कार्यको सुरुवात भयो । अङ्गेजहरूको आशा र विश्वासका कारण तिब्बतसँग युद्ध गर्ने तत्कालीन शासकहरूले गलत निर्णय गर्न पुगे । अङ्ग्रेजहरूका असहयोगका कारण तिब्बतसँगको युद्धमा नेपाल पराजित हुन पुग्यो जसका कारण नेपालले तिब्बतको हैकम स्वीकार गर्नुपर्ने बाध्यात्मक परिस्थिति बन्यो । तिब्बतसँग भएका सन्धिका आधारमा तिब्बतले नेपाललाई सहयोग गर्ला र युद्ध जितौँला भन्ने मानसिकताले अङ्गेजहरूको

आक्रमणका विरुद्ध नेपाल युद्ध मैदानमा उत्रियो । तिब्बतको असहयोगका कारण नेपाल अङ्ग्रेजसँगको सन् १८१४-१६ को युद्धमा पराजित हुन पुग्यो । यस युद्धमा पराजित भएसँगै नेपालले आफ्नो एक तिहाई भूमि गुमाउँदै सुगौली सन्धि गर्न बाध्य भयो । सुगौली सन्धिसँगै नेपालको एकीकरण अभियान रोकियो । अब नेपालको सीमासमेत निश्चित भयो ।

(२) सुगौली सन्धिपश्चात् नेपाललाई अङ्ग्रेजसँगको हारको पीडाले लामो समयसम्म सताई रह्यो । प्रधानमन्त्री भीमसेन थापाले अङ्ग्रेजविरुद्ध साझा मोर्चा निर्माण गर्ने प्रयास गरे । चीनको असहयोग र अङ्गेजहरूका प्रभुत्वकाबिच आफ्नो देशको स्तन्त्रता जोगाई राख्न प्रयासरत भीमसेन थापाको अवसानपछि नेपालले अङ्ग्रेजपरस्त नीति अवलम्बन गर्न पुग्यो । राणाशासनको उदयसँगै राणाहरूले यस नीतिलाई थप प्रभावकारी बनाउँदै लगे, अङ्ग्रेजपरस्त राणाकालीन नीतिका कारण नेपाल ओझेलमा पर्दै गयो । अङ्ग्रेजलाई विशेष सहयोग गरी उनीहरूको विश्वास जित्न सफल जङ्गबहादुर राणाले सुगौली सन्धिमा गुमेको केही भु-भाग (बाँके, बर्दिया, कैलाली र कञ्चनपुर आदि) फिर्ता लिन सफल भए । अङ्ग्रेजहरूलाई थप गुन लगाउन आफ्ना नागरिकहरूलाई अङ्ग्रेजहरूको सेनामा भर्ती गर्ने (गोर्खा भर्ती) अनुमति दिए । अङ्ग्रेजहरू भारतबाट फिर्ता भएसँगै सन् १९४७ मा नेपाल, भारत र अङ्ग्रेजबिच त्रिपक्षीय गोर्खा भर्ती सम्झौता सम्पन्न भयो जो अहिले पनि कायमै छ । यो सम्झौता नेपालको असंलग्न परराष्ट्रनीतिको विरुद्धमा छ ।

(३) भारतबाट अङ्ग्रेज उपनिवेश फिर्ता भएसँगै राणा प्रधानमन्त्री मोहन शमशेरले भारतलाई खुसी बनाई सत्तामा टिकिरहने नियतका साथ १९५० को शान्ति तथा मैत्री सन्धि नामक अपमानजनक सन्धि गर्न पुगे जजसले नेपाललाई अहिलेसम्म भारतीय हैकममुनी राख्न प्रयत्न गरेको छ । यही सन्धिलाई खारेज गर्न निरन्तर आवाज उठ्दै आयो जसको परिणाम भारत र नेपालबिच प्रबुद्ध समूह (ईपीजी) गठन गरी अध्ययनप्रतिवेदन तयार भयो । तर भारतले योप्रतिवेदन अहिलेसम्म पनि बुझ्न तयार नभएकालेप्रतिवेदन कोमामा पुगेको छ । सन् १९५१ मा नेपालमा भएको प्रजातान्त्रिक आन्दोलनले १०४ वर्षे राणाशासनको अन्त्य गर्न सफल भयो । परिवर्तनपछि पनि भारतपरस्त राणाकालीन नीति कायमै रहेको छ जसका कारण भारतले नेपालको उत्तरी सीमामा आफ्ना सैनिक चेकपोष्टहरू राख्न सफल भयो । राजा त्रिभुवनको भारतपरस्त नीतिले गर्दा नेपालको आन्तरिक मामिला र व्यवस्थापनमा भारत सक्रिय हुन थाल्यो ।

नेपालको परराष्ट्र, रक्षा र आन्तरिक मामिलामा भारतीय प्रभूत्वका कारण भारतसँगको विशेष सम्बन्धको अर्थ लगाउन थालियो जसका कारण नेपाल अन्तर्राष्ट्रिय रूपमा ओझेलमा पर्दै गयो ।

(४) सन् १९५५ मार्चमा राजा त्रिभुवनको निधन भएपछि उनका छोरा महेन्द्रको राज्यारोहण भयो । राजा महेन्द्रले आफ्नो शासनको सुरुवातसँगै भारतसँगको विशेष सम्बन्धलाई परिवर्तन गरी चीन र भारत दुवै मित्र राष्ट्रसँग समदुरी सम्बन्ध विस्तार गर्ने नीति लिए । यसका साथै उनले विश्वका अन्य मुलुकहरूसँग सम्बन्ध विस्तार गर्ने नीति लिए । सन् १९५५ मा चीनसँग कूटनीतिक सम्बन्ध स्थापना गरे । यही समयमा नेपाल संयुक्त राष्ट्र सङ्घको सदस्य बन्न सफल भयो । उत्तरी सीमानामा राखिएका भारतीय सैनिक चेकपोष्टहरूलाई हटाउने काम भयो । विश्वका विभिन्न मित्रराष्टहरूसँग सम्बन्ध विस्तारका लागि भ्रमण कूटनीतिलाई अगाडि बढाउन थालियो । प्रधानमन्त्री टंकप्रसाद आचार्य नेतृत्वको सरकार नेपालको विदेशनीतिलाई प्रभावकारी ढङ्गले अगाडि बढाउन सफल भयो । प्रथम जन निर्वाचित प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइराला नेतृत्वको सरकारले चीनसँगको सम्बन्धलाई प्राथमिकता दियो । सन् १९६० मा प्रधामन्त्री कोइरालाले चीनको भ्रमण गरी चीनसँग सीमासन्धि गर्दै चीनबाट आर्थिक सहयोग प्राप्त गरे । कोइरालाकै पालामा चीनका प्रधानमन्त्री चाउएन लाइले नेपाल भ्रमण गरे । यस भ्रमणसँगै नेपाल चीनबिचको सम्बन्ध थप बलियो र विस्वासिलो बन्दै गयो । सन् १९६० डिसेम्बर १५ मा राजा महेन्द्रले संसद्वादी शासन व्यवस्था भङ्ग गरी सम्पूर्ण शासन सत्ता आफ्नो हातमा लिए । आफ्नो प्रत्यक्ष शासन सुरु गरेका राजा महेन्द्रले चीनसँगको सम्बन्धलाई विशेष महत्त्व दिए । सन् १९६२ मा चीन र भारतबिचको युद्धमा नेपाल तथस्ट बस्ने नीति लियो । चीन भारतबिचको दुश्मनीपूर्ण सम्बन्धको फाइदा उठाउँदै राजा महेन्द्रले चीनको भ्रमण गरी कोदारी राजमार्ग निर्माण गर्न चीनसँग सम्झौता गरे । आफ्नो पालामा राजा महेन्द्रले नेपालको विदेश सम्बन्धलाई विविधिकरण गर्दै असंलग्न परराष्ट्रनीति अवलम्बन गरे । राजा महेन्द्रको यही नीतिका कारण नेपालले अन्तर्राष्ट्रिय मञ्चमा स्वतन्त्र पहिचान बनाउन सफल भयो ।

(५) सन् १९७२ मा राजा महेन्द्रको निधन हुन गयो । महेन्द्रको निधनसँगै उनका छोरा वीरेन्द्र नेपालको राजा बने । वीरेन्द्रले आफ्नो शासनको सुरुवातसँगै आफ्ना बाबुको विदेशनीतिलाई नै निरन्तरता दिए । तत्कालीन अवस्थामा दक्षिण एसियामा राजनीतिक उतारचढावहरू बढ्दै जाँदा स्वाधीन मुलुकको अस्तित्व नष्ट हुने र नयाँ राज्य जन्मिने

क्रम सुरु भयो । सन् १९४७ मा सिक्किम भारतमा विलय भयो । सन् १९४७ मा तिब्बती खम्पाहरूले नेपाली भूभाग प्रयोग गरी चीनविरुद्ध हिंसात्मक आन्दोलन सुरु गरे । नेपालका मुस्ताङलगायतका हिमाली जिल्लाहरूमा खम्पा विद्रोह सुरु भयो । पाकिस्तानको विभाजन भई बङ्लादेशको जन्म हुन गयो । छिमेकमा भएको यस्तो जटिल राजनीतिक परिस्थितिकाबिच नेपालको स्वाधीनता र स्वतन्त्रतामा आँच नआओस् भनी सन् १९७५ फेब्रुअरी २५ का दिन राजा वीरेन्द्रले नेपाललाई शान्तिक्षेत्र घोषणा गरियोस् भनी अन्तर्राष्ट्रिय स्तरमा प्रस्ताव गरेका थिए । राजा वीरेन्द्रको शासनकालको विदेशनीतिको एक आधारको रूपमा प्रस्तुत गरिएको शान्तिक्षेत्रको प्रस्तावलाई भारतबाहेक चीनसहित विश्वका ११६ राष्ट्रहरूले समर्थन गरिसकेका थिए । सन् १९९० मा बहुदलीय व्यवस्थाको स्थापनासँगै भारतले नरुचाएको शान्तिक्षेत्रको प्रस्ताव ओझेलमा पर्दै गयो ।

(६) सैनिक कूटनीतिमार्फत नेपालले समग्र कूटनीतिलाई सहयोग पुऱ्याउँदै आएको छ । नेपाल विशाल सैन्य शक्ति र आणविक हितयारयुक्त दुई शक्तिशाली छिमेकीकोबिचमा रहेको सानो राष्ट्र हो । चीन र भारत जस्ता विशाल सैन्य शक्ति भएका राष्ट्रसँग संयुक्त सैन्य अभ्यासले उनीहरूसँगको अनुभव र मित्रतामार्फत नेपाली सेनाले नेपालको कूटनीतिमा महत्त्वपूर्ण भूमिका खेल्न सक्दछ । संयुक्त राष्ट्र सङ्घ अन्तर्गत रही नेपाली सेनाले शान्ति सेनामार्फत विश्वमा शान्ति स्थापना गर्न खेलेको महत्त्वपूर्ण भूमिकालाई विश्वले प्रशंसा गरेको छ । नेपाली सेनामार्फत अन्तर्राष्ट्रिय जगत्मा नेपालले आफ्नो परिचय र प्रभावलाई विस्तार गर्न सफल भएको छ ।

(७) नेपालको चीनसँगको कूटनीतिक सम्बन्ध यथार्थवाद र उदारवादी सिद्धान्तका आधारमा कायम भएको देखिन्छ । चीनले यथार्थवाद र उदारवादी नीतिलाईसँगै अगाडि बढाएको छ भने नेपाल उदारवादी राजनीतिबाट अगाडि बढेको छ । त्यसैले नेपालले यसै आधारमा चीनसँगको सम्बन्धलाई कायम राख्नुपर्दछ ।

(८) नेपालको भूराजनीतिक अवस्थितिका कारण चीन दक्षिण एसियामा प्रवेश गर्नका लागि नेपाल प्रमुख द्वार बन्न सक्दछ भने चीन र भारत जस्ता विशाल मुलुकलाई जोड्ने पुल बन्न सक्दछ । आपसी प्रतिस्पर्धामा रहेका चीन र भारत जस्ता एसियाका उदीयमान शक्ति राष्ट्रहरूबिच नेपालले जीवन्त पुलको भूमिका निर्वाह गरेर फाइदा लिन सक्दछ ।

(९) नेपालमा माओवादी विद्रोह हुँदा भारतले नेपाल सरकारलाई विभिन्न सैनिक सहायता गर्दै आएको थियो भने माओवादी नेताहरू लामो समयसम्म भारतीय भूमिमा बस्दै आएका

थिए । राज्यद्वारा आतङ्ककारी घोषणा गरिएका माओवादी नेताहरू आफ्नो भूमिमा रहँदै आएको कुरा भारतलाई थाहा नहुने कुरो भएन तर उसले थाहा नपाए जस्तो गरी दोहोरो चरित्र देखाएको थियो भने चीनले माओवादी विद्रोहलाई नेपालको आन्तरिक मामिला भनेर पन्छिएको थियो । विद्रोह उत्कर्षमा पुग्ने बेलामा नेपालका माओवादीले आफ्नो नेता माओको बदनाम गरेको भन्दै आलोचना गरेको थियो ।

(१०) गणतन्त्र स्थापनापछि सम्पन्न भएको पहिलो निर्वाचनमार्फत पहिलो पार्टी बनी माओवादीले सरकार सञ्चालन गर्ने अवसर प्राप्त गऱ्यो । गणतन्त्र स्थापनापश्चात् पहिलो प्रधानमन्त्री बनेका माओवादीका अध्यक्ष प्रचण्डले प्रधानमन्त्री बनेपछि सुरुमा भारत भ्रमण जाने नेपाली परम्परालाई तोडेर चीन भ्रमणमा निस्के जसलाई भारतले रुचाएको थिएन । सन् २००९ मा नेपाली सेनाका प्रधान सेनापतिलाई प्रचण्ड नेतृत्वको सरकारले हटाउने निर्णय गऱ्यो । त्यसलाई राष्ट्रपति रामवरण यादवले उल्टाएर सेनापतिलाई पुनःर्बहाली गरिदियो । भारत राष्ट्रको निर्णयको पक्षमा उभियो । प्रधानमन्त्री प्रचण्डले नागरिक सरकारले गरेको निर्णय लागु नभएको भन्दै प्रधानमन्त्री पदबाट राजीनामा दिए ।

(११) गणतन्त्र स्थापनासँगै चीनले नेपालमा आफ्नो गतिविधिलाई विगतमा भन्दा सक्रिय बनाउँदै लगेको देखिन्छ । खासगरी नेपाली भूमि प्रयोग गरेर चीनविरोधी गतिविधि नहोस् भन्ने कुरामा चीन चिन्तितदेखिन्छ । नेपालले एक चीन नीतिलाई दृढतापूर्वक व्यवहारमै कार्यान्वयन गरोस् भन्ने कुरामा चीनले नेपाललाई निरन्तर सचेत गराउँदै आइरहेको छ । नेपालको राजनीतिक स्थायित्व, शान्ति र आर्थिक समृद्धि भएपछि मात्र चीनको सुरक्षामा पनि सहयोग पुग्ने मान्यतासहित नेपाललाई चीनले आर्थिक विकास, पूर्वाधार निर्माण र सुरक्षा क्षेत्रमा निरन्तर रूपमा सहयोग गर्दै आइरहेको छ । यस्तो सहयोग विगतको तुलनामा वृद्धि भइरहेको छ ।

(१२) नेपालमा एउटा स्थायी मित्रशक्ति खोज्ने चीनको रणनीतिक चासो हो । विगतमा राजसंस्था रहेसम्म उसले राजसंस्थालाई नै स्थायी शक्तिको रूपमा मानेको थियो । गणतन्त्र स्थापनापश्चात् नेपालमा स्थायी शक्तिको खोजीमा रहेको चीनले नेपालका सबै राजनीतिक दलहरूसँग सम्बन्ध विकास गरेको पाइन्छ ।

(१३) नेपालको राजनैति, प्रशासनिक र सुरक्षा कमजोरीका कारण नेपालमा जो कोही पनि घुसपैठ गर्न सक्ने र त्यसले चीनको सुरक्षामा असर पर्ने चिनियाँहरूको आकलन रहेको छ । भारतमा निर्वासित दलाइ लामालाई माध्यम बनाएर चीन विरोधी शक्तिहरूले

नेपाललाई आश्रयस्थल बनाउन सक्छन् भन्ने चीनको आशङ्कादेखिन्छ । फ्री तिब्बत अभियान बढाउन सक्ने देखेकाले चिनियाँहरूले नेपालमा चासो बढाएका छन् । चीनमा तिब्बती सुरक्षा संवेदनशीलता जत्ति बढ्दै जान्छ, चीनको चासो नेपालमा त्यत्ति नै बढ्दै जान्छ । तिब्बतको सुरक्षा संवेनदशीलतालाई लिएर चीनले पछिल्लो चरणमा आफ्नो सुरक्षा रणनीतिमा समेत परिवर्तन गरेको छ ।

(१४) अन्तर्राष्ट्रिय जगत्मा राजनीतिक विश्वास जित्नका लागि नेपालको आफैभित्रको राजनीतिक स्थायित्व आवश्यक हुन्छ । नेपालले जबसम्म राजनीतिक स्थायित्व हासिल गर्न सक्दैन, तबसम्म वैदेशिक सहयोग र सम्बन्धहरू कमजोर हुँदै जान्छन् । यसले नेपालको आर्थिक विकासमा दुरगामी असर पार्दछ । चीन र भारत क्षेत्रिय शक्तिका रूपमा मात्रै उदाएका छैनन्, अन्तर्राष्ट्रिय सम्बन्धका हरेक पक्षमा जटिल प्रतिस्पर्धामा छन् । परमाणु शक्तिको रूपमा स्थापित उनीहरूको सम्बन्ध र प्रतिस्पर्धाले नेपाललाई गम्भीर असर पार्ने देखिन्छ । उनीहरूको राजनीतिक, सांस्कृतिक संरचना र चाहना फरक छन् र नेपाललाई उनीहरूले एकले अर्का विरुद्ध प्रयोग गर्न सक्ने खतरा रहेकाले उनीहरूका गोप्य कूटनीतिप्रति नेपाल सदा सचेत रहनुपर्दछ ।

(१५) नेपालको आन्तरिक मामलामा तटस्थ बस्दै आएको चीन गणतन्त्र स्थापनासँगै नेपालको आन्तरिक राजनीतिक गतिविधिमा चाख देखाउन थालेको छ । संविधान निर्माण शान्ति प्रक्रियामा चीनले देखाएको चासो तथा चीनका उच्च तहका प्रतिनिधि मण्डलको नेपाल भ्रमणमा नेपालका शीर्ष राजनीतिक नेता, उच्च पदस्थ कर्मचारी तथा सुरक्षा निकायका प्रमुखहरूसँग भेटी चिनियाँ चासो व्यक्त गरेको पाइन्छ ।

(१६) नेपालमा भारतको जस्तै आफ्नो पनि सबल उपस्थिति चाहेको चीनले नेपाल सम्बन्धी सक्रिय नीति अवलम्बन गरेको पाइन्छ । गणतन्त्र स्थापनाभन्दा पहिला भारतको भन्दा आफ्नो कमजोर उपस्थिति महसुस गरेको चीनले नेपाललाई हेर्ने आफ्नो दृष्टिकोण बदल्दै नेपालमा सक्रिय चासो व्यक्त गरिरहेको छ ।

(१७) आर्थिक र सामरिक दुवैतर्फको तीव्र विकासको कारणले विश्वका अन्य शक्तिकेन्द्रहरू चीनको बढ्दो प्रभावलाई नियन्त्रण गर्न चाहन्छन् । तर चीन आफ्नै शक्तिका आधारमा आफ्नो प्रभाव विस्तारमा लागिरहेको छ । यतिबेलाको विश्व राजनीतिक मञ्चमा चीनको अग्रपङ्तिको उपस्थितिले गर्दा चीनविरोधी शक्तिहरू चीनको विकासलाई रोक्न अनेकौं दाउपेचहरू गरिरहेका छन् ।

(१८) चीन र भारतबिच व्यापारिक सम्बन्ध भए तापनि राजनीतिक रूपमा असमझदारी जारी छ । चीन र भारतबिचको प्रतिस्पर्धाले दक्षिण एसियामा खतराको वादल मडारिइरहेको छ । भारत र अमेरिकाबिच भएको सामरिक र आणविक सम्झौताले चीन भारतसँग सतर्कदेखिन्छ भने त्यसको प्रभावबाट नेपाल अछुतो रहन सक्दैन ।

(१९) चीनविरुद्ध अमेरिकालगायतका शक्तिराष्ट्रहरूले विभिन्न गतिविधि सञ्चालन गर्नु चीनको बढ्दो अन्तर्राष्ट्रिय प्रभावलाई कमजोर बनाउनु हो । दक्षिण एसियामा भारतले अमेरिकासँग सहकार्य गरेर चीनलाई घेरा हाल्ने नीति अगाडि बढाएको छ । नेपालमा बहुचर्चित अमेरिकी परियोजना एमसीसी (MCC) लाई यसैको पछिल्लो कडीको रूपमा विश्लेषण गरेको पाइन्छ ।

(२०) नेपाललगायत दक्षिण एसियामा चिनियाँ प्रभावलाई रोकेर आफ्नो प्रभाव विस्तार गर्न भारत, जापान र अस्ट्रेलियासँग मिलेर अमेरिकाले क्वार्ड निर्माण गरी अगाडि बढ्दै छ ।

(२१) चिनियाँ प्रभुत्व नेपालमा अलिकति पनि पर्न नदिन भारतले नेपालका केही राजनीतिक नेताहरूलाई हातमा लिएर चीनले नेपालमा बनाइदिएका विकास निर्माणका परियोजना तथा उद्योगहरूलाई आफ्नो हातमा पार्ने वा निजीकरण गर्ने नीतिले नेपालको अर्थतन्त्र कमजोर हुँदै गएको छ, जसलाई चीनले सहज रूपमा लिएको छैन ।

(२२) सन् २०१५ मा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको चीन भ्रमणको अवसर पारेर भारत र चीनले लिपुलेक भन्ज्याङलाई प्रयोग गरेर दोहोरो आगमनसहित व्यापार प्रवर्द्धन गर्ने सहमतिसहित चीन र भारतले संयुक्त वक्तव्य जारी गरे । नेपालको सहमति बेगर दुवै मित्र राष्ट्रहरूले लिपुलेकलाई उपयोग गर्ने सहमति गर्नुले नेपालको भूमि माथिको अधिकार हनन् भयो भनी नेपालले विरोधपत्र बुझाइ दुवै राष्ट्रसँग असन्तुष्टि व्यक्त गरेको छ । लिपुलेक त्रिदेशीय विन्दुमा रहेकाले यसको उपयोग तीनवटै देशको सहमतिबाट हुनुपर्ने नेपालको दाबीलाई चीन र भारतले सकारात्मक रूपमा लिएको देखिँदैन । यो सम्झौतामा हस्ताक्षर गरेर चीनले नेपालसँगको असल मित्रतामा शङ्काको वातावरण सृजना गरेको छ ।

(२३) नेपालको आन्तरिक मामलाबाट टाढा रहने नाममा नेपालको युगान्तकारी राजनीतिक परिवर्तनको बाधकको रूपमा रहेको राजाको अधीनायकवादी कदमलाई निरन्तरताका साथ दिइरह्यो । राजा ज्ञानेन्द्रद्वारा चालिएको २०६१ साल माघ १९ गतेको प्रतिगमनकारी कदमप्रति चीनको समर्थन रहनु गणतन्त्रका लागि भएको आन्दोलनलाई

विश्वभरका लोकतान्त्रिक राष्ट्रले समर्थन गरिरहेको बेलामा चीनले शाही सत्तालाई हितयार दिएर सहयोग गर्नु एउटा समाजवादी राष्ट्रका लागि सुहाउने कुरा थिएन ।

(२४) नेपाल एसियाका दुई विशाल राष्ट्र चीन र भारतकोबिचमा रहेको छ । प्राचीन कालदेखि नै नेपालले यी दुवै मुलुकहरूसँग सन्तुलित मैत्रीपूर्ण सम्बन्ध कायम गर्ने रणनीति अँगाल्दै आएको छ । १९ औं शताब्दीको मध्यतिर नेपालको दक्षिणतिर बेलायती उपनिवेशको खतराबाट मुलुकको अस्तित्व रक्षाका लागि अङ्ग्रेज शासकहरूलाई नियन्त्रण र सन्तुलनमा राख्न नेपालले उत्तरी छिमेकी चीनसँगको सम्बन्धलाई जोड दिएको पाइन्छ ।

(२५) सन् २०५५ मा औपचारिक रूपमा कूटनीतिक सम्बन्ध स्थापना भएपछि नेपाल र चीन दुवै राष्ट्रले आपसी सम्बन्धलाई शान्ति, स्थायित्व, एकआर्काको सार्वभौमसत्ताको सम्मान, आन्तरिक मामिलामा अहस्तक्षेपको सिद्धान्तका आधारमा अगाडि बढाउँदै आएका छन् । नेपालमा गणतन्त्रको स्थापनासँगै दुई देशबिच रहँदै आएको मित्रवत सम्बन्धलाई रणनीतिक साझेदारीका रूपमा अगाडि बढाउन दुवै मुलुकले सहमति गरेका छन् । २०१९ अक्टोबर १२ र १३ गते चीनका राष्ट्रपति सी जिङ पिङको नेपाल भ्रमणका अवसरमा उक्त निर्णय गरिएको थियो ।

(२६) नेपालमा गणतन्त्र स्थापना भएसँगै नेपाल र चीनबिचको व्यापार तथा पारवहन सन्धि, बीआरआई सम्झौता, दुई देशबिच संयुक्त सैन्य अभ्यासका लागि भएका सम्झौताले नेपाल चीन सम्बन्धमा नयाँ आयाम थपेको छ । नेपालको आन्तरिक मामिलामा अहस्तक्षेपको नीति लिएको चीनले गणतन्त्र स्थापनासँगै आफ्नो विगतको नीतिमा पविर्तन गर्दै सक्रिय नीति अवलम्बन गरेको देखिन्छ ।

## ७.३ निष्कर्ष

प्रस्तुत शोधकार्यको मुख्य उद्देश्य गणतन्त्र स्थापनापश्चात् नेपाल चीन सम्बन्ध रहेकाले यसबिचमा दुई देशबिच राजनीतिक, आर्थिक, कूटनीतिक, सुरक्षालगायत समग्र सम्बन्धमा नयाँ आयाम थपिएका छन् । सन् २०१९ अक्टोबर १२-१३ मा चीनका राष्ट्रपति सी जिनपिङको नेपाल भ्रमणका अवसरमा दुई देशबिचको आपसी सम्बन्ध र सहकार्यलाई रणनीतिक साझेदारीका रूपमा अगाडि बढाउने निर्णयसँगै नेपाल चीन सम्बन्ध थप विकसित भएको छ । अर्थात् निरन्तर रहिआएको सम्बन्धमा क्रमभङ्ग हुन पुगेको छ । नेपाल र चीनले

रणनीतिक साझेदारीका रूपमा अगाडि बढ्ने निर्णय गरेसँगै कैंयौ कूटनीतिज्ञ, नीति निर्माता, राजनीतिज्ञ, बुद्धिजीवी, लेखक, पत्रकारहरूले यो निर्णयलाई आलोचना गरेको पाइन्छ । उनीहरूका अनुसार  रणनीतक साझेदारी भनेको के हो ? कुन कुन विषयमा रणनीतिक साझेदारी गरिएको हो ? यसप्रकारको साझेदारी सैनिक साझेदारीसँग सम्बन्धित छ कि छैन ? छ भने यसले नेपाललाई दीर्घकालीन रूपमा कस्तो असर पार्ला ? यसप्रकारको सम्बन्ध नेपालको असंलग्न परराष्ट्रनीति अनुरूप छ ? आदि विषयहरूमा गम्भीर प्रश्न उठाइएको पाइन्छ । आलोचकहरूले चीनसँग यसप्रकारको गम्भीर निर्णय गर्दा संसद् वा सार्वजनिक रूपमा बहस नगर्नु सरकारको गम्भीर गल्ती हो । यस भनाईलाई खण्डन गर्दै तत्कालीन परराष्ट्रमन्त्रि प्रदीपकुमार ज्ञवालीले २०१९ अक्टोबर १४ को कान्तिपुर दैनिकमा अन्तर्वार्ता दिँदै नेपालले चीनसँग रणनीतिक साझेदारीसहित अगाडि बढ्ने निर्णय मित्रताको नयाँ शब्दावली भएको र यो कनेक्टिभिटी विकास निर्माण र आर्थिक सहकार्य मात्र भएको बताएका थिए ।

नेपाल र चीनका विदेशनीतिहरूमा कैंयौ भिन्नताहरू रहेका छन् । विश्वराजनीतिक मञ्चमा शक्तिराष्ट्रका रूपमा उदाउँदै गरेको चीनले आफ्नो प्रभाव विस्तार गर्न राजनीतिक, आर्थिक, कूटनीतिक र सैनिक रणनीतिकासाथ सक्रिय रूपमा अगाडि बढेको पाइन्छ भने नेपालले असंलग्न र शान्त कूटनीतिका साथ अगाडि बढेको पाइन्छ । नेपालले आफ्ना दुई निकटतम् विशाल छिमेकी राष्ट्रलगायत सबै मित्रराष्ट्रसँग असंलग्नताका आधारमा सम्बन्ध कायम राख्दै आएको छ । त्यसैले चीनसँग  मात्र रणनीतिक साझेदारी गरेर अगाडि बढ्दा अर्को छिमेकी राष्ट्र भारतसहित चीनसँग प्रतिस्पर्धामा रहेका अमेरिकालगायतका शक्तिराष्ट्रहरूको सक्रियता नेपालमा थप बढेको देखिन्छ ।

नेपालले आज आफ्नो परराष्ट्रनीति बनाउँदा विगतको अनुभव वर्तमानको यथार्थको धरातलमा टेकेर एक्काइसौं शताब्दीको चुनौतीलाई सामना गर्न सक्ने गरी बनाउन सक्नुपर्दछ । परराष्ट्रनीतिलाई निर्धारण गर्ने तत्वहरूमा मुख्यतः भाषा, धर्म, संस्कृति, अर्थतन्त्र, व्यापार, सैन्यशक्ति, बदलिँदो अन्तर्राष्ट्रिय परिस्थिति रहेका छन् । नेपालमा पृथ्वीनारायण शाह, जङ्गबहादुर राणा, राजा महेन्द्र, वि.पी. कोइराला, राजा वीरेन्द्रहरूले यसै आधारमा विदेशनीति तय गरी मुलुकलाई अगाडि बढाएको पाइन्छ ।

नेपालको परराष्ट्रनीतिको पहिलो उद्देश्य आफ्नो राष्ट्रिय हितलाई सर्वोपरि राखी त्यसलाई प्रवर्द्धन गर्नु, आफ्नो मुलुकको स्वतन्त्रता, सार्वभौम सत्ता र भौगोलिक अखण्डताको संरक्षण गर्नु हो । दोस्रो उद्देश्य नेपाललाई आर्थिक रूपमा सवल र समृद्ध बनाउने रहेको छ । नेपालको

भूराजनीतिक अवस्थाका कारणले पनि आफ्नो आर्थिक विकास र समृद्धिका लागि चीन र भारतसँग विश्वासिलो सम्बन्ध कायम राखी उनीहरूका सहयोग र सद्भाव लिनु आवश्यक छ । त्यसका लागि जायज चासोलाई समेत नेपालले सम्बोधन गर्न सक्नुपर्दछ । नेपालले चीन र भारतसँगको सम्बन्धलाई पहिलो प्रथमिकतामा राख्दै आएको छ । आपसी हितका आधारमा सम्बन्ध कायम गर्न जोड दिँदै आएको नेपालले राष्ट्र ठुला हुन वा साना सार्वभौम सत्ताका दृष्टिले सबै समान हुन्छन् भन्ने मान्यतासहित यथार्थवादी सिद्धान्तका आधारमा आफ्नो सम्बन्धलाई बढाउँदै आएको छ । उदारवादी राजनीति र अर्थतन्त्रलाई अवलम्बन गरेको नेपालले यथार्थवादलाइ कडाइका साथ लागु गरेको चीनसँग सम्बन्धलाई सुमधुर बनाउँदै रणनीतिक साझेदारीका साथ अगाडि बढ्ने निर्णय गरेको छ ।

बदलिएको परिस्थितिमा खासगरी सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनापश्चात् आफ्ना दुई छिमेकी मुलुकसँगको सम्बन्धलाई बलियो बनाउँदै अन्तर्राष्ट्रिय जगत्मा प्रभावकारी कूटनीतिक सम्बन्धको विकास गर्नु जरुरी छ । यसका लागि नेपाली कूटनीतिमा ‘नेपाल दुई ढुङ्गाबिचको तरुल हो भन्ने पृथ्वीनारायण शाहकालीन मानसिकतालाई बदली नेपाल चीन र भारत जस्ता दुई विशाल सभ्यता र संस्कृति भएको मुलुकलाई जोड्ने पुल बन्न सक्दछ र दुवै देशको विकास र समृद्धिबाट नेपालले फाइदा लिन सक्दछ भन्ने सोचको विकास कूटनीतिक क्षेत्रमा हुनु अत्यावश्यक छ ।

चीन र भारतजस्ता दुई विशाल मुलुकको कूटनीतिक शैली आ-आफ्नै प्रकारका छन् । हाम्रो कूटनीतिक व्यवहार र पदचाप दुई छिमेकीको भन्दा फरक रहँदै आएको छ । दुई विशाल छिमेकीको भूराजनीतिक चपेटामा रहेको नेपालको अन्तर्राष्ट्रिय क्षेत्रमा चीन र भारतको भन्दा बढी कुरा सुनिने गरेको तथ्य नेपालको कूटनीतिमा ताजै छ । नेपालको प्रधानमन्त्रीको हैसियतले जङ्गबहादुर राणाले बेलायतको भ्रमण गर्दा छिमेकी भारतको स्वतन्त्र अस्तित्व नै थिएन । दक्षिण एसियामा नेपाल बाहेक सबै मुलुक बेलायती उपनिवेशको गर्भमा थिए । नेपालले अमेरिकासँग सन् १९४७ मा कूटनीतिक सम्बन्ध कायम राखेर अगाडि बढ्दा होओस् वा नेपाल संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषदको अस्थायी सदस्यको हैसियतले अन्तर्राष्ट्रिय क्षेत्रमा भूमिका निर्वाह गर्दा उत्तरी चीन विश्व राजनीतिमा घुलमिल नै भएको थिएन । सन् १९७० तिर संयुक्त राष्ट्र सङ्घ सुरक्षा परिषद्को अस्थायी सदस्यमा नेपालले जापानलाई हराएर इतिहास रचेको गर्व गर्नलायक नेपालको कूटनीतिक अभ्यासको इतिहासबाट अहिलेको पुस्ताले शिक्षा लिएको देखिँदैन । नेपालको कूटनीतिलाई प्रभावकारी बनाउन नसक्दा समकालीन विश्व राजनीतिमा नेपाललाई कम सुनिने गरेको अनुभुति हुन्छ । नेपालको संवेदनशील भूराजनीतिक अवस्थाका कारण यसले

लिने गरेको सन्तुलित परराष्ट्रनीतिले नेपालको सार्वभौम सत्ता, भौगोलिक अखण्डताको रक्षा र स्थायित्वका लागि महत्त्वपूर्ण भूमिका खेलेको छ । आफ्नो राष्ट्रिय हितलाई केन्द्रमा राखी छिमेकीसँगको सम्बन्धलाई सन्तुलित रूपमा अगाडि बढाउन सकेमात्र उनीहरूको विश्वास जितेर विकासबाट फाइदा लिन सकिन्छ । त्यसैले नेपालले आफ्नो भूराजनीतिक यथार्थका आधारमा आफ्नो रणनीतिक र कूटनीतिक सामर्थ्यलाई विकास गर्नुपर्दछ ।

नेपालको भूराजनीतिक अवस्थिति चीन र भारतका लागि राणनैतिक रूपमा महत्त्वपूर्ण रहेको छ । चीन र भारतलाई रुचिका साथ हेरिरहेका अमेरिका, रुस र युरोपेली युनियनका लागि पनि नेपाल सरोकारको विषय बनिरहेको छ । यसप्रति सगज हुँदै नेपालले आफ्नो राष्ट्रिय स्वाधीनता र स्वाभिमानलाई असर नपर्ने गरी चीन, भारत र अन्य शक्ति राष्ट्रहरूका उचित चिन्ता र चासोलाई सम्बोधन गरी उनीहरूलाई नेपालको आर्थिक विकासमा सहभागी बनाउन सक्ने गरी कूटनीतिक अभ्यास गर्नुपर्दछ । नेपाल र भारतको सम्बन्धमा बेला बखत सृजना हुने खटपट र भारतले नेपालमाथि गर्ने हैकमवादी व्यवहारले नेपाललाई बाध्य भएर वैकल्पिक शक्तिको सहारा लिनुपर्ने अवस्था सृजना भएको देखिन्छ । त्यस्तो वैकल्पिक शक्ति उत्तरी छिमेकी चीन विश्वासिलो मित्रशक्तिको रूपमा रहँदै आएको छ ।

नेपालमाथि भारतले सन् २०१५ मा लगाएको आर्थिक नाकाबन्दी र यसले नेपाल र नेपाली जनताको जीवन स्तरमा पारेको गम्भीर प्रभावका कारण नेपालले भारतमाथिको आर्थिक परनिर्भरताबाट मुक्त हुने उपाय अवलम्बन गर्न बाध्य भयो जसका कारण सन् २०१६ मा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारले चीनसँग व्यापार तथा पारवहन सन्धि गऱ्यो । सन् २०१७ मा तत्कालीन प्रधानमन्त्रि पुष्पकमल दाहाल नेतृत्वको सरकारले चीनद्वारा अगाडि सारिएको अन्तर्राष्ट्रिय परियोजना बीआरआईमा औपचारिक रूपमा सहभागी हुने निर्णय गऱ्यो । यसैगरी अमेरिका र भारतसँग रहँदै आएको नेपाली सेनाको संयुक्त सैन्य अभ्यास सगरमाथा फ्रेण्डसिपका नाममा चिनियाँ सेनासँग संयुक्त सैन्य अभ्यास हुने सम्झौता भएको छ ।

चीनसँगको नेपालको निकटतालाई भारतले आफ्नो विरुद्ध चिनियाँ कार्डको रूपमा अर्थ लगाउँदै नेपालमा चिनियाँ प्रभावको रूपमा प्रचार गरेको पाइन्छ । नेपालको संवेदनशील भूराजनीतिक अवस्थितिका कारण कहिलेकाहीँ भारत नेपाल नजिक हुँदा चीन तर्सने, चीन र नेपाल नजिक हुँदा भारत तर्सने त्यस्तै चीन र भारत मिल्दा नेपालले एक्लो महसुस गर्ने

परिस्थिति सृजना हुने गरेका छन् । यस्तो परिस्थितिलाई मध्यनजर गरी नेपालले दुवै छिमेकीसँग समदुरीको सम्बन्धको नीतिलाई निरन्तरता दिनु उपयुक्त हुन्छ ।

सुरक्षाका दृष्टिले विशाल सैन्य संरचना र आणविक हितयारसहितका छिमेकी चीन र भारतकोबिचमा रहेको नेपालले सार्वभौमसत्ता समानताका आधारमा आफ्नो सम्बन्ध र कूटनीतिलाई अगाडि बढाउन सक्नुपर्दछ । सानो र कमजोर शक्ति भए तापनि नेपालले संयुक्त राष्ट्रसङ्घमार्फत शान्ति सेनामा सहभागी भएर विश्व शान्तिका लागि खेलेको उल्लेखनीय भूमिकालाई विश्वले प्रशंसा गरेको छ । त्यसैले सैन्य कूटनीतिमार्फत नेपालले विश्वमा आफ्नो सम्बन्ध र प्रभावलाई विस्तार गर्दै आइरहेको छ । गणतन्त्र स्थापनापश्चात् नेपालको सैन्य कूटनीतिमा परिवर्तन आएको छ । परम्परागत रूपमा भारत र अमेरिकी सेना र नेपाली सेनाबिच विभिन्न क्षेत्रमा सैन्य सहकार्य र संयुक्त सैन्य अभ्यास हुँदै आएको थियो । यो निरन्तरतामा क्रमभङ्ग गर्दै सन् २०१७ को मार्चदेखि नेपाली सेना र चिनियाँ जनमुक्ति सेनाकाबिच “सगरमाथा फ्रेण्डसिप-२०१७” का नाममा नेपाल र चीनबिच संयुक्त सैन्य अभ्यास सुरु भएको छ । यसका साथै चीन र नेपालका सुरक्षा निकायबिच उच्चस्तरीय भ्रमण आदान-प्रदान अनुभव साटासाट तथा सहकार्यको सुरुवात भएको छ । नेपालको सुरक्षा निकायलाई थप सबल र सशक्तीकरण गर्न तथा उसको स्तरोन्नतिका लागि चीनले विशेष सहयोग गर्दै आएको छ । नेपालको सुरक्षा निकायको स्तरोन्नति, भौतिक पूर्वाधार निर्माण तथा आवश्यक सैन्य सामग्रीको सहयोगमा चीनले विशेष चासो देखाउँदै आएको छ । चीन र नेपालबिचको सीमानामा खटिने सुरक्षाकर्मीहरूका बारेमा चीनले संवेदनशीलता देखाउँदै आएको छ ।

सन् २०१५ मा भारतले नेपालका विरुद्ध अघोषित रूपमा नाकाबन्दी गऱ्यो जसका कारण नेपालको समग्र आर्थिक अवस्था र जनजीवनमा गम्भीर असर पऱ्यो । भारतको उक्त अन्यायपूर्ण कदमका विरुद्ध नेपालले उत्तरी छिमेकी चीनसँग सन् २०१६ मार्चमा व्यापार तथा पारवहन सन्धि गरी भारतको विकल्प खोज्न पुग्यो । यो सन्धिसँगै नेपाल भूपरिवेष्टित राष्ट्रबाट भुजडित राष्ट्रको रूपमा चिनिन थाल्यो । यस सन्धिले नेपाललाई भारत भएर तेस्रो राष्ट्रसम्म पुग्नुपर्ने बाध्यताको अन्त्य गरी एउटा स्वतन्त्र र स्वाधीन मुलुकको रूपमा तेस्रो मुलुकसम्म पुग्न विकल्पको रूपमा चिनियाँ भूमिको उपयोग गर्न पाउने भयो । यसका लागि चीनले नेपाललाई सामुद्रिक र सुक्खा गरी सातवटा वन्दरगाहहरू प्रयोग गर्न दिने भयो । सामुद्रिक वन्दरगाहहरूमा तेन्जिन, सेन्जेन, ल्याङपोङ, झ्याङझिङ पर्दछन् भने सुक्खा बन्दरगाहामा लान्जु, ल्हासा र सिगात्से रहेका छन् । यसबाहेक नेपालले अहिलेसम्म उपयोग गर्दै आएका नाका बाहेक थप हुम्लाको हिल्सा, सङ्खुभासभाको किमाथान्का र मुस्ताङको कोरोला नाका प्रयोगमा ल्याउने

सम्झौता भएको छ । यसैगरी नेपाल र चीनबिच रेलसेवा सञ्चालन गर्ने र कनेक्टिभिटीका अन्य कार्यहरूलाई अगाडि बढाउने सम्झौताले नेपालले उत्तरतर्फका आर्थिक नाकाहरू खोल्ने अवसर प्राप्त गरेको छ । नेपाल र चीनबिच सन् २०१६ मा सम्पन्न व्यापार तथा पारवहन सन्धिसँगै नेपालले उत्तरी छिमेकी चीनसँग यातायात सम्बन्धलाई थप सुदृढ र मजबुत बनाउन जोड दिएको छ । चीनसँग जोडिएका सडक तथा निर्माणाधीन सडकहरू जटिल पहाडी भूवनोटका कारण बाढी पहिरोले क्षतविक्षत हुने गरेका छन् जसका कारण दुई देशबिचको यातायात सम्बन्ध लामो समयसम्म विच्छेद हुने पुनःनिर्माण पनि खर्चिलो हुने भएकाले दुवै देशले रेल सेवालाई प्राथमिकतामा राखेका छन् । चीनले आफ्नो रेलसेवा तिब्बतको सिगात्सेसम्म पुऱ्याएकाले त्यसलाई काठमाडौं, पोखरा हुँदै लुम्बिनीसम्म पुऱ्याउने लक्ष्यसहित दुवै देशहरू रेल सेवा सञ्चालनका लागि विस्तृत कार्ययोजना (डीपीआर) तयारी गरिरहेका छन् । नेपाल र चीन दुवै देशले चिनियाँ रेल नेपाल ल्याउनका लागि प्राथमिकता दिएका छन् । यो रेल सेवालाई नेपाल हुँदै दक्षिण एसिया जोड्ने चिनियाँ सोचले नेपालको आर्थिक विकास र समृद्धिका लागि सम्भावनाको ढोका खोल्ने छ ।

नेपाललाई चीनले विविध क्षेत्रमा आर्थिक सहयोग गर्ने घोषणा गरेको छ । तर चिनियाँ खराब ऋणको डर देखाएर बीआरआई अन्तर्गतका परियोजनाहरू नेपालले ऋण लिएर सञ्चालन गर्ने हो भने नेपाल पनि श्रीलङ्का बन्ने खतरा रहन्छ भन्ने आलोचकहरूको भनाइबाट नेपाल सरकार त्रसित बनेको देखिन्छ जसका कारण बीआरआई अन्तर्गतका परियोजनाहरू कार्यान्वयनमा आउन सकेका छैनन् । यी परियोजनाहरूमा चीन सरकारले चासो नदेखाउँदा पनि ढिलासुस्ती हुन पुगेको देखिन्छ ।

यस सम्झौताले नेपालको भारतमाथिको परनिर्भरताको अन्त्य गरी चीनसँगको आर्थिक सहकार्य गर्ने ऐतिहासिक ढोका खुलेको छ । नेपालले आर्थिक विकासका लागि दुवै छिमेकीसँग समान रूपमा स्वतन्त्र राष्ट्रको हैसियतमा व्यापारिक सम्बन्ध कायम राख्न सक्ने हैसियत निर्माण गरेको छ । नेपालको स्वाधीनता, राष्ट्रिय एकता तथा आर्थिक समृद्धिप्रति चीनले निरन्तर चासो दिँदै आएको छ । चीन र नेपाल दुवै राष्ट्रले आफ्ना साझा सरोकारका विषयहरूलाई मित्रवत् रूपमा हल गर्दै आएका छन् । आफ्ना साझा सरोकारका मुद्दाहरूलाई दुवै राष्ट्रले संयुक्त राष्ट्र सङ्घलगायत अन्तर्राष्ट्रिय फोरम र क्षेत्रिय मञ्चहरूमा समान धारणासहित उपस्थित हुने गरेका छन् । नेपालले आफ्नो कूटनीतिमार्फत दुई पक्षीय र बहुपक्षीय क्षेत्रमा खेलेको भूमिकाबाट चीनलगायतका राष्ट्रहरू खुसी देखिन्छन् । नेपालले चीनसँगको सहकार्य र रणनीति तय गर्दा

उच्चस्तरीय रूपमा खुल्ला छलफल र संवादमार्फत सम्बन्धलाई अगाडि बढाउँदै आएको छ । आर्थिक रूपमा कमजोर नेपाल भूराजनीतिक रूपमा अत्यन्तै महत्त्वपूर्ण स्थानमा रहेको छ । नेपालमा गणतन्त्र स्थापनापश्चात् नेपालको भूराजनीतिक अवस्थितिलाई ध्यानमा राखेर चीनले आफ्नो नीतिमा परिवर्तन गरी नेपालप्रति सक्रिय नीति अवलम्बन गरेको पाइन्छ । त्यसका लागि चीनले नेपालको आर्थिक विकासमा जोड दिंदै आएको छ । प्रत्येक वर्ष नेपालको समग्र विकासमा हुँदै आएको चिनियाँ सहयोगमा अभिवृद्धि भइरहेको छ । भौतिक पूर्वाधार तथा सुरक्षालगायतका क्षेत्रमा चीनले देखाएको चासोको कारण नेपालमा चिनियाँ सक्रियताको रूपमा लिएको देखिन्छ । त्यसो त नेपाल मात्र होइन, भारतबाहेक दक्षिण एसियाका राष्ट्रहरूमा चिनियाँ प्रभाव बढ्दै गएको भारतको निष्कर्ष रहेको छ । नेपाललगायत छिमेकी राष्ट्रमा बढ्दो चिनियाँ प्रभावलाई रोक्नको लागि भारतले विभिन्न प्रयत्न गरे तापनि भारत आफ्नै आन्तरिक मामलामा अल्झिएको पाइन्छ ।

नेपालमा पछिल्लो चरणमा आर्थिक र सुरक्षाका क्षेत्रमा चिनियाँ सक्रियता बढ्दै गएको पाइन्छ । नेपालमा शान्ति, स्थिरता र विकास भएमा मात्र तिब्बतको सुरक्षा संवेदनशीलताको सुनिश्चितता हुने चिनियाँ बुझाईदेखिन्छ । नेपालको गरिबीबाट फाइदा उठाएर नेपाली भूमि प्रयोग गरी तिब्बतविरुद्ध गतिविधि नहुन भन्ने सोचकासाथ चीनले नेपालको आर्थिक समृद्धिका लागि आर्थिक लगानी वृद्धि गर्दै गएको देखिन्छ ।

चीनले नेपालको रणनीतिक महत्त्वलाई बुझेर नेपाल सम्बन्धि उसको नीतिमा परिवर्तन ल्याएको देखिन्छ । तिब्बतसँग सीमाना जोडिएको नेपालसँग चीनको सम्बन्ध मुख्यतः सुरक्षा र सामरिक दृष्टिले रणनीतिक प्रकारको रहन गएको छ । चीन विरोधी शक्तिहरूले नेपालको अस्थिर राजनीति, कमजोर आर्थिक तथा सुरक्षा अवस्थाबाट फाइदा उठाएर विभिन्न उपायहरूमार्फत तिब्बत विरुद्ध गतिविधि गर्न नपाउन् भन्नेमा चीन सचेतदेखिन्छ । चीनले नेपाललाई सामरिक रूपमा उच्च प्राथमिकतामा राख्दै आएको छ । सुरक्षा र सामरिक दृष्टिले समेत संवेदनशील सम्बन्ध भएको चीनसँग कूटनीतिक सम्बन्ध सञ्चालन गर्ने नेपालको परराष्ट्र मन्त्रालय र बेइजिङस्थिति नेपाली दूतावासमा चिनियाँ भाषा र सांस्कृतिको ज्ञान भएका दक्ष कर्मचारी र कूटनीतिज्ञहरूको अभावले गर्दा दुई पक्षीय वार्ता (सम्वादसहित) प्रभावकारी कूटनीति सञ्चालनमा नेपाल सरकारले ध्यान दिन जरुरी छ ।

नेपालको भूराजनीतिक संवेदनशीलताका कारण चीन, भारत, अमेरिकालगायत शक्ति राष्ट्रहरूको आ-आफ्नै स्वार्थ नेपालमाथि आकर्षित भइरहेका छन् । ती स्वार्थहरू आपसमा

बाझिँदा नेपालको आन्तरिक राजनीतिको शक्ति सन्तुलनमा गम्भीर असर पर्ने गरेको छ । विदेशीहरूको स्वार्थ र दबाबको कारण सामरिक महŒव बढ्दै गएको नेपालको परिस्थितिमा सोभियत रुसको विघटनसँगै अमेरिकाको एकछत्र प्रभावलाई चुनौती दिन चीन यतिबेला प्रमुख चुनौतीको रूपमा आएको छ । चीनको यस्तो उदाउँदो शक्तिलाई नियन्त्रण गर्न अमेरिका र भारत लागिपरेका छन् ।

यसको प्रत्यक्ष उदाहरण बीआरआई र एमसीसी परियोजनामा चीन र भारत नेपालमा प्रत्यक्ष शक्तिसङ्घर्षमा उत्रिएको अनुभुति हुन्छ । चीनको महत्त्वाकाङ्क्षी परियोजना बीआरआईको सदस्य राष्ट्र नेपालले अमेरिकाको सुरक्षा रणनीतिसँग जोडिएको भनिएको एमसीसी परियोजना नेपालको संसदबाट पारित गर्न अमेरिकाले नेपालमाथि दिएको राजनीतिक तथा कूटनीतिक दबाब र यसलाई रोक्न चीनले दिएको राजनीतिक तथा कूटनीतिक दबाब दुवै नेपालको आन्तरिक मामिलामा खुल्ला हस्तक्षेप थिए ।

यसको मुल कारण तिब्बतसँग सीमाना जोडिएको भु-रणनीतिक दाउपेच हो भन्ने विश्लेषण गरिन्छ । दक्षिण एसियामा सबैभन्दा धेरै प्रभाव विस्तार गरेका कारणले पनि चीन विरुद्धका शक्तिहरू नेपाललाई केन्द्र बनाई, चीनलाई घेराबन्दी गर्न लागिरहेको पाइन्छ । नेपाल यतिबेला इतिहासमै सबैभन्दा बढी संवेदनशील भूराजनीतिक र सामरिक दाउपेचको रूपमा रहेको छ । त्यसैले नेपालले आफ्नो विदेशनीति प्रष्ट र सन्तुलित बनाउनु आवश्यक छ ।

नेपालको कूटनीतिक इतिहासमा भारतसँगको विशेष सम्बन्ध (रोटी र बेटीको सम्बन्ध) का नाममा नेपालको भारतमाथिको निर्भरता र नेपालको आन्तरिक मामिलामा भारतको सुक्ष्म व्यवस्थापन गर्ने परिपाटीलाई नेपालले बिस्तारै परिमार्जन गर्दै आइरहेको छ । चीनसँगको व्यापार तथा पारवहन सन्धि तथा बेल्ट एण्ड रोड इनिसियटिभ परियोजनामा सहभागितालाई यसैको कडीको रूपमा व्याख्या गरिन्छ । भारतमाथिको निर्भरताबाट मुक्त हुनका लागि चीनलगायतका अन्य राष्ट्रहरूसँग सम्बन्ध विस्तार गरी उनीहरूलाई नेपालको आर्थिक विकासमा सहभागी बनाउने नेपालको नीति रहेको देखिन्छ । चीन र भारत जस्ता ठुला छिमेकीकोबिचमा रहेको कमजोर राष्ट्र नेपालले उनीहरूसँग प्रतिस्पर्धा गर्न सक्ने र उनीहरूबिच युद्ध भएमा त्यसलाई थेग्ने सामरिक हैसियत पनि राख्दैन । यस्तो संवेदनशील भूराजनीतिक अवस्थामा रहेको नेपालले आफ्नो स्वतन्त्रताको रक्षाको लागि दुवै छिमेकीसँग समदुरीको सम्बन्ध अवलम्बन गर्ने र सफ्टपावर डिप्लोमेसीलाई प्रभावकारी रूपमा अवलम्बन गरी नेपालले छिमेकीलगायत अन्तर्राष्ट्रिय क्षेत्रमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्दछ । संयुक्त

राष्ट्रसङ्घमार्फत नेपालले अन्तर्राष्ट्रिय क्षेत्रमा खेलेको रचनात्मक भूमिका सफ्टपावर डिप्लोमेसीको परिणाम हो । चीन र भारतबिच हुने विभिन्न टकरावलाई कम गर्नका लागि उनीहरूकोबिचमा सन्तुलित सम्बन्धका आधारमा संयोजनकारी भूमिका खेल्न सक्दछ । स्वीटजरल्याण्ड जस्ता साना राष्ट्रहरूले पनि सफ्टपावर डिप्लोमेसीमार्फत अन्तर्राष्ट्रिय समस्याहरूलाई समाधान गर्न खेलेको भूमिकाबाट नेपालले शिक्षा लिन जरुरी छ। त्यसका लागि नजिकका दुई छिमेकीसँगको सम्बन्धलाई विशेष महत्त्वका साथ सन्तुलित र सुदृढ बनाउन नेपालको परराष्ट्रनीतिको पहिलो प्राथमिकता हो ।

चीन विश्वमा आर्थिक र सैन्य शक्तिका हिसाबले विश्वको दोस्रो शक्ति राष्ट्र हो । यसको प्रभाव नेपालमा मात्रै होइन दक्षिण एसिया, दक्षिण-पूर्वी एसिया, अफ्रिका, अरब, ल्याटिन अमेरिका, युरोप, भारत, उत्तर अमेरिकालगायत संसारभरि नै परिरहेको छ । लामो समयदेखि भारतीय प्रभावमा रहेको नेपालमा चिनियाँ प्रभाव र नेपाल चीनबिचको निकटताका कारण भारत बढी चिन्तित देखिन्छ । नेपालले भारतको यो चिन्ता र चासोलाई आपसी विश्वासका आधारमा सम्बोधन गर्ने प्रयत्न गर्नुपर्दछ । नेपालले आफ्नो विकास र समृद्धिका लागि चीनसँग सहकार्य गर्नु कुनै पनि छिमेकीका विरुद्ध हुन सक्दैन । चीन र भारत जस्ता दुई महाशक्ति राष्ट्रहरू आपसमा मिल्दा होस् वा विवाद गर्दा होस् त्यसको प्रत्यक्ष प्रभाव नेपालमा पर्ने गरेको छ । सन् २०१५ मा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको चीन भ्रमणको अवसरमा चीन र भारतले नेपालको लिपुलेक नाकाबाट आवत जावतसहित व्यापार प्रवर्द्धन गर्ने गरी संयुक्त वक्तव्य जारी गरे । नेपालको सहमति बेगर लिपुलेकलाई चीन र भारतले उपयोग गर्ने नीतिका विरुद्ध नेपालले दुवै देशलाई कूटनीतिक नोट मार्फत आफ्नो असहमति जाहेर गर्नुले प्रभावकारी विदेशनीति अवलम्बन गरेका अनुपम उदाहरणहरू छन् ।

चीन र भारत मिल्दा नेपालमा पर्ने प्रत्यक्ष प्रभावको उदाहरणका रूपमा यसलाई लिन सकिन्छ। अर्कोतर्फ भुटान र चीनको सीमा दोक्लाम र चीन र भारतको सीमा लद्दाखमा चीन र भारत प्रत्यक्ष मुठभेडमा उत्रँदा पनि त्यसको प्रत्यक्ष प्रभाव नेपालमा पर्न गएको थियो । यसरी चीन र भारतको शक्तिसङ्घर्षबाट नेपालसहित समग्र दक्षिण एसिया नै प्रभावित बन्दै गइरहेको छ । पछिल्लो चरणमा चीनविरुद्ध अमेरिका, भारत, जापान र अस्ट्रेलिया मिलेर क्वार्ड नेसनको रूपमा एसिया-प्रशान्त क्षेत्रमा संयुक्त रूपमा अगाडि बढ्नुले पनि यो क्षेत्र तनावग्रस्त बन्ने निश्चित छ । त्यसैले नेपाल जस्तो सानो राष्ट्रले आफ्नो स्वाधीनताको रक्षाको लागि चनाखो बनी सन्तुलित रूपमा अगाडि बढ्ने नीति अवलम्बन गर्नुपर्दछ । नेपाल र चीनबिचको कूटनीतिक सम्बन्धको महत्त्वपूर्ण पाटोको रूपमा बेल्ट एण्ड रोड इनिसियटिभ (बीआरआई)

रहेको छ । चिनियाँ सपनाको रूपमा चीनको कूटनीतिको प्रमुख आधारको रूपमा रहेको यस परियोजनामा नेपालले सन् २०१७ मे १२ मा हस्ताक्षर गरी सहभागिता जनाएको छ । संयुक्त राष्ट्र सङ्घको बडापत्रमा उल्लिखित सिद्धान्तका आधारमा सञ्चालित हुने यो परियोजनालाई सन् २०१६ सेप्टेम्बेरमा संयुक्त राष्ट्र सङ्घले अनुमोदन गरी राष्ट्रसङ्घीय विकास परियोजनामा सम्मिलित गरी अगाडि बढाएको छ । यस परियोजनाबाट नेपालले आर्थिक रूपमा महत्त्वपूर्ण फाइदा लिने विश्वास गरिएको छ । खासगरी रेल, रोड कनेक्टिभिटी, पूर्वाधार निर्माण, व्यापार लगानी र सहकार्यमार्फत, नेपालले आर्थिक विकासको ढोका खोल्न सक्ने सम्भावना रहेको छ । तर नेपालले यस परियोजना अन्तर्गत सञ्चालन हुने स्पष्ट आयोजनाहरू प्रस्ताव गर्न नसक्दा कार्यान्वयनको क्षेत्रमा ढिलासुस्ती हुन गएको छ । सन् २०१६ मार्चमा नेपाल र चीनबिच सम्पन्न व्यापार तथा पारवहन सन्धिले नेपाल र चीनबिचको सम्बन्धमा नयाँ आयाम थपेको छ । यो सन्धिसँगै नेपालको परिभाषा नै भूपरिवेष्टितबाट भूजडित राष्ट्रमा बदलिएको छ । चिनियाँ राष्ट्रपतिले आफ्नो नेपाल भ्रमणका क्रममा यो कुराको उद्घोष गरेका थिए ।

यस सन्धिलाई व्यवहारतः कार्यान्वयन गर्ने कुरामा नेपाल पक्षबाट देखाइएको ढिलासुस्तीले नेपालको आर्थिक विकासमा चिनियाँ सहयोग आउने कुरालाई अवरोध पुऱ्याएको छ । अर्कोतिर सम्झौतामा हस्ताक्षर गर्ने तर त्यसको कार्यान्वयमा तत्परता नदेखाउने नेपालको व्यवहारप्रति चीनले असन्तुष्टि व्यक्त गर्दै आएको देखिन्छ । बीआरआई परियोजना लागु हुनुमा ढिलासुस्तीको कारण भूराजनीतिक प्रभाव र दवाबलाई मान्न सकिन्छ । बीआरआई परियोजना कार्यान्वयन हुँदा अमेरिकाकाको साख घट्ने चिन्ताले अमेरिकाले MCC परियोजना अघि बढाएको र भारतले समेत आफूलाई चीनसँग दाँजेर हेर्ने गरेको छ । सन् २०२० को भारत चीनबिचको सीमा विवादपछि अमेरिका, भारत, अष्टेलिया र जापान मिलेर क्वाड निर्माण गरे जसको आँखा नेपाल र इण्डोनेसियामा केन्द्रित छ । चीन, भारत र अमेरिकाको प्रतिस्पर्धा रहेको नेपालजस्तो देशमा अमेरिकी MCC परियोजना नेपालको संसद्ले पारित गरिसकेको अवस्थामा BRI परियोजना अगाडि बढ्नुमा भूराजनीतिक प्रभाव प्रमुख रूपमा देखिन्छ । नेपाल र चीनबिचको सम्बन्ध विवादरहित ढङ्गबाट अगाडि बढिरहेको छ । प्राचीन कालीन सम्बन्ध सन् १९५५ मा औपचारिक रूपमा सुरुवात भएसँगै सन् २०१९ अक्टोबर १२-१३ मा चीनका राष्ट्रपति सी जिनपिङको नेपाल भ्रमणको अवसरमा दुवै देशले नेपाल र चीनको सम्बन्धलाई रणनीतिक साझेदारीको रूपमा अगाडि बढाउन सहमत भई संयुक्त वक्तव्य जारी गरेसँगै नेपाल र चीनबिचको सम्बन्ध नयाँ युगमा प्रवेश गरेको छ । समकालीन विश्व राजनीतिको शक्ति सन्तुलनमा आएको व्यापक परिवर्तनसँगै विश्वशक्ति राष्ट्रहरूको सम्बन्ध र रणनीतिक स्वार्थमा

परिवर्तन आएको छ । यस सन्दर्भमा नेपाल चीनबिचको सम्बन्धमा पनि थप विकसित हुनु अन्यथा हुदैन । दक्षिण एसियामा शक्तिराष्ट्रहरूबिचको प्रतिस्पर्धा र त्यसले नेपालमा पार्ने प्रभावक ाबिच नेपाल चीन सम्बन्धलाई रणनीतिक साझेदारीका रूपमा अगाडि बढाउने निर्णयलाई नेपालको भूराजनीतिक परिस्थितिको उपजको रूपमा लिन सकिन्छ ।

नेपाल र चीनबिचको रणनीतिक साझेदारी गर्ने निर्णयलाई भारत र अमेरिकाले सकारात्मक रूपमा लिन सकिरहेका छैनन् । चीनले स्वयम् भारतलगायत रुस ब्राजिलसहित संसारका ५० भन्दा बढी राष्ट्रहरूसँग रणनीतिक साझेदारी गरेको छ । यसप्रकारको रणनीतिक साझेदारी भारत र चीनबिच सन् २००३ बाट सुरु भएको पाइन्छ । नेपाल र चीनबिचको रणनीतिक साझेदारी सैनिक रणनीति नभएको भनी नेपाल सरकारले प्रस्ट पार्दै यस प्रकारको सम्बन्ध भारतसँग पनि गर्न सकिने भनी स्पष्ट पारिसकेको छ । चीनसँगको रणनीतिक साझेदारीसहित अगाडि बढ्ने नेपालको निर्णयले नेपालले चीनबाट के के फाइदा लिन सक्दछ भन्ने स्पष्ट हुनुपर्दछ । रणनीतिक साझेदारीसहितको गहिरो सम्बन्धले नेपाल र चीनबिचको सम्बन्ध र नेपाल र भारतबिचको सम्बन्धमा विकास र समृद्धिका लागि के कस्ता सम्भावनाहरू रहन्छन्, स्पष्ट हुनुपर्दछ । यसका लागि नेपालले अन्य शक्ति राष्ट्रहरूका चिन्ता र चासोलाई पनि सन्तुलित ढङ्गले सम्बोधन गर्नुपर्दछ । नेपालको चीनसँग रणनीतिक साझेदारीसहित अगाडि बढ्ने निर्णयबाट आपसी प्रतिस्पर्धामा रहेका चीन र भारत तथा आफ्नै स्वार्थका कारण नेपालमाथि विशेष चासो राख्दै आएको अमेरिकाको साझा चासो नेपालमाथि देखापर्न थालेको छ । खासगरी अमेरिका र भारत चीनलाई कमजोर बनाउने, उसलाई घेराबन्दी गर्ने र चीनद्वारा प्रस्तावित बेल्ट एण्ड रोड परियोजना लागु गर्न नदिने रणनीतिसहित अमेरिका र भारत क्वार्ड नेसनका रूपमा ईण्डो प्यासिफिक रणनीति (आईपिएस) मार्फत सक्रिय हुँदैछन् । यस रणनीतिमा नेपाललाई समेत सामेल गर्न अमेरिकी परियोजना मिलिनियम च्यालेन्ज कर्पोरेशन ( एमसीसी) लाई नेपालमा संसद्बाट पारित गरिएको छ ।

राष्ट्रको स्वाधीनता र स्वतन्त्र अस्तित्वका लागि हरेक राष्ट्र कटिबद्ध हुन्छन् । नेपाल चीन सम्बन्ध यही यथार्थवादी सिद्धान्तमा आधारित छ । प्राचीनकालदेखि नै गहिरो र आत्मीय सम्बन्ध रहँदै आएका यी दुई मुलुकबिच एकअर्काको आन्तरिक मामिलामा अहस्तक्षेपको नीतिमा कटिबद्ध छन् । चीनले आफ्ना विरुद्ध  नेपालको भूमिमा कसैले पनि विगतको खम्पा विद्रोह जस्तो गरी गतिविधि नगरोस् भन्नेमा सचेत देखिन्छ । नेपालमा गणतन्त्र स्थापनापछि चीनले सुरक्षा चासोसहित नेपाल नीतिमा थप सक्रियता बढाउँदै लगेको पाइन्छ । नेपालको विकास र समृद्धिका लागि विविध क्षेत्रमा आर्थिक सहयोग गर्दै आएको चीनले बीआरआई, व्यापार तथा

पारवहन सन्धिलगायत अन्य सहमति र समझदारीहरूलाई व्यवहारमै लागु गर्न जो दिँदै आएको छ । विश्व शक्तिराष्ट्रका रूपमा उदाउँदो चीनले नेपालको स्थायित्व र शान्तिका लागि विशेष जोड दिँदै आएको पाइन्छ । नेपालले चीन र भारत दुवै देशसँग समदुरीको सम्बन्ध कायम राख्दै आर्थिक समृद्धि, स्थायित्व र स्वाधीनता रक्षाका लागि सबै मित्रराष्ट्रसँग कूटनीतिक सम्बन्धमार्फत जोड दिँदै आएको छ । नेपालमा गणतन्त्र स्थापनासँगै बदलिँदो भूराजनीतिक आयामका कारण नेपाललाई विगतमा खासै चासो र महत्त्व नदिएका शक्तिराष्ट्रहरू पनि नेपाललाई महत्त्व दिँदै थप सक्रिय हुन थालेका छन् । यसको प्रमुख कारण नेपाल भूराजनीतिको केन्द्र बन्नु हो । विगतमा नेपालको आन्तरिक राजनीतिक व्यवस्थापनमा बढी चासो दिँदै आएको भारतसँगै पछिल्लो चरणमा चीन र अमेरिकासमेत बढी सक्रिय बन्न थालेका छन् । भारत, अमेरिका र युरोपियनहरूले तिब्बत स्वतन्त्रताको मुद्दालाई उठाउँदै तिब्बतविरोधी शक्तिलाई संरक्षण दिएर भारत र अमेरिकाले चीनलाई चिढाइरहेका छन् । विगतमा नेपालको भूमि प्रयोग गरेर तिब्बत विरुद्ध खम्पा विद्रोह भएको थियो । पुनः यस्तै घटना दोहोरिन सक्ने सम्भावनाका कारण नेपालमा चीनको सक्रियता बढ्दै गएको देखिन्छ । चीनका लागि नेपाल भूरणनीतिक दृष्टिले महत्त्वपूर्ण रहेको हुँदा चीन नेपालप्रति सदा सचेत देखिन्छ । विश्वका उदीयमान दुई ठुला अर्थतन्त्र भएका छिमेकी मुलुकका बिचमा रहेको नेपालले उनीहरूको आर्थिक विकास र समृद्धिबाट फाइदा लिने उद्देश्यसहित दुवै छिमेकी राष्ट्रसँग सन्तुलित सम्बन्ध कायम राख्नुको विकल्प छैन । यसो गर्दा नै नेपाल आफ्नो स्वाधीनताको रक्षा गर्दै समृद्धिको दिशामा अगाडि बढ्न सक्छ । यस नीतिबाट दायाँबायाँ गर्दा वा कोल्टे कूटनीति अपनाउँदा नेपालले विभिन्न झमेला बेहोर्नपरेको विगतको इतिहास ताजै छ । चीन, भारत वा विश्वका जुनसुकै मित्रराष्ट्रहरूसँगको सम्बन्धमा कतै गरम र कतै नरम वा वैमनस्यता राखेर नेपाल कदापि अगाडि बढ्न सक्दैन । आर्थिक र सामरिक दृष्टिले विश्वशक्ति बन्ने होडबाजीमा लागेको चीन नेपाललगायत दक्षिण एसियामा आफ्नो प्रभाव विस्तारमा सक्रिय देखिन्छ । दक्षिण एसियामा आफ्नो बजार र प्रभाव विस्तारका लागि चीनले उत्तरतिरका जटिल हिमालय क्षेत्रबाट यातायात रेललगायत कनेक्टिभिटीलाई जोड दिएको पाइन्छ । त्यसका लागि चीनले बीआरआई परियोजनामा विशेष जोड दिँदै आइरहेको छ । चीनको यस नीतिका विरुद्ध अमेरिका र भारतले इन्डोप्यासिफिक रणनीतिलाई अगाडि सारेका छन् । चीन र भारत अमेरिकाबिचको शक्तिसङ्घर्षको प्रभाव प्रत्यक्ष रूपमा नेपालमा परिरहेको छ । यस्तो विशिष्ट परिस्थितिमा नेपालले आफ्नो परराष्ट्र तथा कूटनीतिक सम्बन्ध अगाडि बढाउँदा चीन, भारत र अमेरिका

तीनवटै देशसँग सन्तुलित र तटस्थ सम्बन्ध कायम राख्न सकेमा नै नेपालको हित हुने देखिन्छ ।

नेपालले निरन्तर रूपमा असंलग्न परराष्ट्रनीति र दुई छिमेकीसँग समदुरीको सम्बन्ध अवलम्बन गर्दै आएको छ । आफ्ना दुई ठुला छिमेकीका बिच सृजना हुने तनावलाई हल गर्न सहयोगी भूमिका खेल्दै दुवै छिमेकीसँग समदुरीको सम्बन्ध कायम राख्दै आएको छ । नेपालको आर्थिक विकास र समृद्धिका लागि दुई छिमेकीसहित विश्वका सबै मित्रराष्ट्रहरूसँग नेपालले आफ्ना सहयोगी हातहरू बढाएको छ । नेपालमा प्रचुर मात्रामा प्राकृतिक साधन स्रोत हुँदाहुँदै पनि विकास हुन नसक्नुमा नेपालको अस्थिर राजनीतिक परिस्थिति हो भन्ने उत्तरी छिमेकी चीनको बुझाइ रहेको छ । त्यसैले नेपालले राजनीतिक स्थायित्वसहित विकास गर्न सकोस् भन्ने चिनियाँ चाहना देखिन्छ । यसै कारणले गणतन्त्र स्थापनासँगै चीनले नेपाललाई खुलेर आर्थिक सहयोग गर्दै आइरहेको छ । नेपालमा वैदेशिक लगानी गर्ने राष्ट्रहरूमध्ये चीन पहिलो स्थानमा रहेको छ । नेपालको आर्थिक विकास र समृद्धिमा जोड दिएको चीनले पछिल्लो चरणमा नेपाल मामिलामा सक्रिय नीति अवलम्बन गर्दै आएको छ । यसबाट गणतन्त्रपछिको नेपाल चीन सम्बन्ध सुमधुर एवम् चुनौतीपूर्ण समेत रहन पुगेको स्पष्ट देखिन्छ ।

# परिशिष्ट १ : प्रश्नावली

'गणतन्त्र स्थापना पश्चात नेपाल-चीन सम्बन्ध' शीर्षकमा त्रि.वि.,मानविकी तथा सामाजिकशास्त्र संकाय अर्न्तगत राजनीतिशास्त्र विषयमा विद्यावारिधि तहको अनुसन्धान प्रक्रियामा सम्बन्धित केही महत्वपूर्ण सवाल-जवाफहरुमा यहाँको दृष्टिकोण, धारणा र अनुभवहरु आवश्यक महसुस गरिएकोले निम्न प्रश्नहरुको उत्तरमा सहभागी भई सहयोग प्रदान गरिदिनु हुन हार्दिक अनुरोध गर्दछु ।

प्रश्नहरु

१. यहाँको विचारमा वर्तमान विश्वशक्ति सम्बन्धको अवस्था कस्तो छ ?

२. बदलिंदो विश्वशक्ति सम्बन्धको असर नेपालजस्ता देशलाई कसरी पर्न सक्छ ?

३. यहाँको दृष्टिकोणमा दक्षिण एशिया र सम्पूर्ण एशियामा क्षेत्रीयशक्ति सम्बन्ध कसरी विकसित भइरहेको छ ?

४. वर्तमान विश्व-क्षेत्रीय शक्ति सम्बन्धको बदलावले नेपाल-चीन सम्बन्धमा के कस्ता अवसर पर्नसक्छन् ?

५. नेपाल-चीन सम्बन्धका असर र चुनौतीबारे यहाँको धारणा कस्तो छ ?

अन्त्यमा, अनुसन्धान प्रक्रियामा सहभागी भई दिनु भएकोमा हार्दिक आभार व्यक्त गर्दछु ।

अनुसन्धानकर्ता

कृष्ण बहादुर के.सी.
त्रि.वि. विद्यावारिधी शोधार्थी
फोन नं.९८५१०११३९७

# परिशिष्ट २ : बीआरआइको सहमति पत्र

© khabarhub.com

**Memorandum of Understanding (MOU)**
**between the Government of Nepal and**
**the Government of the People's Republic of China**
**on Cooperation under the Belt and Road Initiative**

Being cognizant of importance of cooperation between the Government of Nepal and the Government of the People's Republic of China (hereinafter collectively referred to as "the two sides") to promote mutually beneficial cooperation with full respect to each other's sovereignty and laws;

Being desirous to promote cooperation on mutually beneficial areas between the two countries under the principles of proposed framework of the Silk Road Economic Belt and the 21st Century Maritime Silk Road Initiative (hereinafter referred to as "the Belt and Road Initiative") to realize equitable sharing of benefits from integration of goods, technology, capital and human resources;

Realizing that sharing of experiences between the two sides in formulating development strategies, enhanced policy dialogue for mutually beneficial cooperation on fields such as economy, environment, technology and culture will help contribute to rapid development and economic prosperity of both countries;

Hereby the consensus has been reached as follows:

**Article I: Objectives of Cooperation and Guiding Principles**

